श्री इष्टदेवताचरणकमलेभ्यो नमः ।


सैंतालीसौं वर्ष (अर्थात् सम्वत् १९४४) देखि जलिआएको पुरानु
राजा पजीर साईं सरदार बूढ़ा पुराना दाजुभाई द्वारा सहनी गरिएको एकमात्र

एकमौरिया:—सुब्बा होलनाथ उपाध्याय कृत

अनेक लाख प्रति छापिएको

रामायण रामाक्ष्मौधकनाथक

रहिलाको आकवनाथक



अस्मा रामायणका सप्त सरका सबै पात्रहरूको र रावणको
वंश परिचय समेत छ ।

यसमा छापिएका क्षेपक कथा, श्लोक, विरामको फूल या कुनै पनि स्टाइलको
नकल गर्नेहरू माथी ऐनको प्रतिबन्ध छ ।

प्रकाशक र विक्रेता :—
डा० नरेन्द्रकुमार शर्मा खतिबड़ा
प्रकाशित—सुब्बा होलनाथ केदारनाथ, हितौंडा कलेजको,
पो० वा० नं० १०८१, रामकटोरा रोड, वाराणसी-१

प्रकाशक :

[illegible]

मुद्रक : [illegible]

[illegible], [illegible]

[illegible], [illegible] - [illegible]

प्रथम संस्करण

[illegible]

मूल्य - ५५०/-

[illegible]

[illegible], [illegible]

इष्टदेवताचरणकमलेभ्यो नमः ।

॥ रामायण आठकाण्डको विषय सूची ॥

विषय	पृष्ट
महाकवि भानुभक्तको जीवनचरित	७

रामायण उपोद्घात काण्ड

प्रयागराज-महिमा, भारद्वाज याज्ञवल्क्य सम्वाद	१
सती परिचय, शिव विवाह, सती राम सम्वाद	३
शिव-विरक्ति, सती मरण र पार्वती जन्म	८
शिव वैराग्य पार्वती तपस्या	९
तारकासुरको कथा र कामदेव भस्म	१०
शिव पार्वती विवाह	१३
स्कन्धकुमारको उत्पत्ति र तारकासुर वध	१४
शिव पार्वती सम्वाद र रामावतारको कारण	१५
जालन्धरको कथा	१६
नारद मोह	१८
राजा भानु प्रताप को कथा	२२
रावण इति-वृत्त र दिग्विजय	३०
रावण दशशिर जन्मेको	३२
रावणलाई नन्दीबाट शाप र दशरुद्रबाट वरदान	३३
रावणलाई शिव-पार्वती दर्शन	३६
रावणको रक्ष संस्कृति स्थापना	३९
रावणको अन्तको आयोजन	४१

रामायण बालकाण्ड

नारद ब्रह्मा सम्वाद रामायण महात्म्य	४३
शिव पार्वती सम्वाद	४७
सीताजीले हनुमानजीलाई तत्व ज्ञान दिएको	४९
शिवजीबाट रामचरित्रको वर्णन	५०

विषय	पृष्ट
पुत्रेष्टि यज्ञ, रामजन्म कथा	५१
भरत लक्ष्मण र शत्रुघ्न को जन्म	५६
विश्वामित्र राम लक्ष्मणलाई जनकपुर गएको	५७
सुबाहु ताड़का बध	५९
राजा जनक वंश परिचय	६४
सीता रामको प्रथम मिलन वर्णन	६५
धनुष भङ्ग, चारै भाईको विवाह वर्णन	६९
सीताजीको जन्म कथा	७३
लक्ष्मण परशुराम वाद विवाद	७५
रामचन्द्रजीको अयोध्यागमन	८४

रामायण अयोध्याकाण्ड

राम-नारद सम्वाद	८६
राम राजतिलक आयोजन	८७
मन्थरा कैकेयी सम्वाद	८९
राम बन जाने कारण, कैकेइ वंश परिचय	९५
सीताराम र लक्ष्मण बन गमन	१०२
भारद्वाज र बाल्मीकि संग रामको भेट	१०५
राजा दशरथको प्राणत्याग	१०६
भरतजीले राम मनाउनलाई बन जानू	११०
भरत र रामजीको भेट	११२
कैकेयी पश्चात्ताप	११६
रामजी र अत्री ऋषि को मिलन	११७
अनुसूयाजीको स्त्री धर्म उपदेश	११८

विषय	पृष्ट
रामायण आरण्यकाण्ड	
विराध राक्षस वध	१२०
राक्षसको उत्पति वर्णन	१२२
राम र जटायुको भेट	१२५
शूर्पनखाको नाक कटनु	१२६
खर दूषण र त्रिशिर वध	१२७
रावण सूर्पनखा सम्वाद	१३१
मारीच वध	१३२
सीताहरण जटायु मरण	१३७
राम मिलाप, जटायु मुक्ति	१४२
कबन्ध वध, शवरी राम भेट	१४३
रामायण किष्किन्धाकाण्ड	
हनुमान राम मिलन र परिचय	१४८
राम सुग्रीव मित्यारी र बाली वध	१५२
तारालाई ज्ञानोपदेश	१५९
सुग्रीव राजगद्दी	१६३
सीताजीको खोजमा बानरहरूले जानु	१६५
हनुमान आदिको सम्पाती संग भेट	१७१
हनुमानजी सीताजीको खोजमा समुद्र तर्नु	१७४
रामायण सुन्दरकाण्ड	
सुरसा हनुमान भेट, सिंहिका वध	१७६
हनुमानजीको लङ्का प्रवेश	१८०
सीता दर्शन र हनुमान सीता सम्वाद	१८२
त्रिजटाको स्वप्न वर्णन	१८५
सीताको ताप र हनुमान सन्मुख उपस्थित हुनु	१८६
जयन्त कागको कथा	१९०
अशोक वाटिकाको नाश	१९२

विषय	पृष्ट
रावण हनुमान सम्वाद	१९५
लङ्का दहन	१९९
हनुमान फर्कि अङ्गदादिलाई भेट गर्नु	२०२
हनुमानजीले श्रीराममा समाचार दिनु	२०३
रामायण युद्धकाण्ड	
हनुमान् द्वारा लङ्का वर्णन	२०७
रामको लङ्का विजय यात्रा	२०९
रामको सभासदहरूले युद्ध गर्ने सलाह दिनु	२११
कुम्भकर्ण रावण सम्वाद	२१२
विभीषणको अति सुनी उनलाई निकाली दिएको	२१३
रावणको शुक द्वारा चेतावनी	२१८
सागरका प्रति रामको क्रोध	२२०
सेतुवन्ध रामेश्वर स्थापना, लङ्का प्रवेश	२२१
रावण अङ्गद सम्वाद	२२२
रामको लङ्का परिदर्शन	२३०
राम रावण युद्ध आरम्भ सेनापतिको युद्ध	२३२
लक्ष्मण मूर्छा र हनुमान द्रोणाचल लिन जानु	२३७
कालनेमि राक्षस वध	२३८
भरत र हनुमानको भेट; हनुमानले सूर्यलाई काखी च्याप्ने कथा	२४२
रावणको त्रास	२४३
रावणले कुम्भकर्णलाई युद्धमा पठाउनु	२४४
कुम्भकर्ण वध	२४८
इन्द्रजित वध	२५०
सती सुलोचना सम्वाद	२५६
मैरावण वध र मयध्वजको कथा	२६५
नारान्तक वध	२६८
रावणले होम गर्नु	२८०
मन्दोदरीको रावणलाई उपदेश	२८१
अक्षय (विजय) रथको वर्णन, रावण वध,	२८५
विभीषण राज्याभिषेक	२९५
दशरथजी सीता राम लक्ष्मणको भेट	२९९
श्रीराम अयोध्या फर्कनु	३००

विषय	पृष्ट
भारद्वाज आश्रममा विश्राम र भरतलाई समाचार पठाउनु	३०१
श्रीराम राज्याभिषेक	३०२

रामायण उत्तरकाण्ड

हनुमानका हृदयमा राम पंचायतनको दर्शन	३१०
अंगदलाई बाप बैरी साधने वरदान	३११
श्रीरामको राज्य शासन	३१३
रावण आदिको उत्पति वर्णन	३१५
रावणको लङ्का समेत त्रैलोक्य विजय	३२२
रामको विराट रुपको स्तुति	३२५
बाली सुग्रीव जन्म कथा	३२७
माता सीताजीलाई रावणले हर्न्या कारण	३२९
रावणले श्वेतद्वीपका स्त्रीहरुद्वारा लांछित	३३१
रामचन्द्रजीको शासन विधान	३३२
श्रीरामको स्वर्गारोहण हुने आयोजन	३३४
सीताजीको पुनः वनागमन र वाल्मिकी आश्रममा बसनु	३३५
श्रीराम गीता प्रारम्भ	३३६
लवणासुर वध	३४१
संक्षिप्त लवकुश चरित्र	३४३
लवकुशलाई वाल्मिकी द्वारा तत्वज्ञान दिनु	३४४
सीताजीले पृथ्वीमा अन्तर्धान हुनु	३४६
श्रीरामको कौशल्यादि मातालाई ज्ञानोपदेश	३४८
भरत पुत्र पुष्कल र लक्ष्मण पुत्र अङ्गद लाई राज्य प्राप्ति	३५०
श्रीरामको काल सँग भेट स्वर्गजानलाई बिन्ती गर्नु	३५१
लक्ष्मणको स्वर्गारोहण	३५२
प्रजा समेत श्रीरामको स्वर्गारोहण	३५४

रामायण राजाश्वमेधकाण्ड

शेष र वात्स्यायन ऋषिको संवाद	३५८

विषय	पृष्ट
रावणको जीवन चरित्र वर्णन	३६०
अश्वगंध यज्ञको वर्णन	३६३
चारै आश्रमको धर्मको वर्णन	३६८
अश्वमेधको घोडाको वर्णन र शत्रुघ्न सेनापति हुनु	३७२
भरतका पुत्र पुष्कल को साहस	३७५
धेरै देशका राजाहरुको आत्म समर्पण गर्नु	३८१
सुमद राजाले पनि घोड़ा रक्षक भई जानु	३९०
च्यवन ऋषिको जीवनी वर्णन	३९२
राजा सर्यातिको वर्णन	३९९
च्यवन ऋषिको अयोध्या गमन	४००
नीलमणि पर्वतको महात्म्य	४०३
दमन र पुष्कलको युद्ध	४१८
राजा सुबाहुको र हनुमान आदिको युद्ध	४३५
राजा सुबाहुको आत्म समर्पण	४३७
ऋतम्भर राजाको जीवन चरित्र	४३८
विद्युतजाली राक्षस बध	४४१
अरण्यक ऋषिको अयोध्यागमन	४४८
रेवा नदी भित्रका नारीहरुले घोड़ा हर्नु	४५१
राजा वीरमणिको उपाख्यान	४५९
राजा वीरमणि तिरबाट शिव अवतरण	४६५
हनुमानजीले द्रोणाचलंमा औषधि लिनजानु	४६९
युद्ध भूमिमा रामचन्द्रको आगमन	४७२
राजा सुरथको र शत्रुघ्नको युद्ध	४७४
लवजीले यज्ञको घोडा हर्नु	४८५
सीताजीको पूर्व वृत्तान्त	४८६
भरतदादि भाईहरुले बुझाउनु	४९१
लक्ष्मणजी ले सीतालाई वनमा ले जानु	४९५
लक्ष्मणजीले सीतालाई वाल्मिकीका आश्रमनेर छोडेर फर्कनु	४९९
लव कुशको जन्म कथा	५०५
लव कुशका युद्ध शत्रुघ्न विजय	५०७
सीताजीको शोक कुशजीको प्रतिज्ञा	५२०
लवको युद्ध शत्रुघ्नको पराजय र मूर्छा	५२८

विषय	पृष्ठ
सीताजीले ससैन्य शत्रुघ्नलाई चैतन्य गर्नु	५३०
अश्व रक्षाका निमित्त भएका युद्धहरू को वर्णन	५३३
बाल्मीकि द्वारा लवकुशको परिचय	५३६
सीता न फर्केकोले रामको पश्चाताप	५४१
सीताजीको अयोध्या फर्कनु	५४४
रामजीबाट गुरू र महर्षिहरूको पूजन	५४५
राम प्रताप वर्णन र रामाश्वमेधको समाप्ती	५४७

विषय	पृष्ठ
रामायण उपसंहारकाण्ड	
काकभुशुण्डी गरुड़को सवाद	५५०
काकभुशुण्डी गरुड़ सम्वाद काकभुशुण्डी तीन जन्मको कथा	५५६
काकभुशुण्डी गरुड़ सम्वाद सात प्रश्नोत्तर	५६१

असली मात्र र पुस्तक पाइने एक मात्र ठेगाना—

सुब्बा होमनाथ केदारनाथ, हितैषी कम्पनी

पो० बा० नं० १०८१, रामकटोरा रोड, वाराणसी—१

महाकवि भानुभक्त आचार्य का संक्षिप्त जीवन चरित्र

हाड़, छाला, मासु, रगत इत्यादि वाट बनेको जीउ नाश हुन्छ । आफ्ले गरेको कीर्ति चाहि कहिले मर्दैन । हुन त विदेश तिर मरेको लाशलाई पनि ओखती द्वारा ज्यों का त्यों पारेर हजारौं वर्ष सम्म पनि राख्तछन्, तर त्यो अर्के कुरा हो । हामीहरूले त अहिले कीर्ति तिरै ध्यान दिनुपर्छ । वास्तवमा जसको यश दुनियाँमा गाइन्छ उही बाँचेको हो । शरीर जरानो भएर माटीमा मिल्दा पनि अमर बनेका नेपालीहरू मध्ये (संस्कृत अध्यात्म रामायण सात काण्डको भाषा श्लोकबद्ध गरी लेख्ने) भानुभक्त आचार्यको नाम महाकाली देखि मैंची सम्म प्रख्यात छ । त्यसको मुख्य कारण उनले गरेको मातृभाषाको सेवा हो । चारैतिर हेर्‍यौं भने अहिले उनको जस न गुनगुनाउने घर पाउन मुश्किल पर्छ, बालक र आईमाईहरू समेत उनको रसिलो र सजिलो श्लोकमा मक्ख पर्छन् ।



महाकवि भानुभक्त आचार्य

त्यउ ताकमा कविहरू त अरू पनि थिए (आदिकवि) रघुनाथले भापापनि सुन्दरकाण्डको अनुवाद गरेका थिए । वसन्त, यदुनाथ, पतञ्जलिहरूका कविता पाइन्छन्, तर यिनकै श्लोकहरूले दुनियाँलाई किन खिच्यो भन्ने शंका उठ्न सक्छ, यसमा इनको शैलीले नै जवाफ दिन्छ । जस्तो सुकै गाह्रो विषय भए पनि उनले कलम चलाउना साथ एकदम बुझ्न सकिने भइ हाल्छ । एउटा सानो दृष्टान्त देऔं । रामगीता कति गाह्रो कुरा हो, तर उनले हदसे हद सजिलो पारेका छन्, उनले आफ्नो आशयलाई छर्लंग देखाएका छन्, कहा न बुझीने छैन, न त एउटा कुरा लेख्ने आँटिकोमा अर्को कुरा बुझिएको छ । संस्कृत रामायणको कथा मात्र लिएर उनले रामायणको अनुवाद गरेका हुनन् वास्तवमा यिनको रचना आफ्नो छ, मिठास उसकै छ, सरलता उस्तिकै छ, सौन्दर्य पनि ठाउँमा प्रशस्त छ । सब भन्दा मुख्य कुरा के हो भने नेपालीपन प्रशस्त मात्रामा पाइन्छ । यो सबै कुरा बुझ्न भानुभक्तको रामायण नै आदि देखि अन्त्य सम्म पढनु पर्छ ।

होमर भन्ने कविले इलियड भन्ने महाकाव्य लेखेका छन् । यसलाई अर्को भाषामा उतार्न सकिदैन भन्ने पश्चिमी विद्वानहरूको भनाइ छ । भानुभक्त रामायण पनि त्यस्तै छ । उसलाई कुनै भाषामा अनुवाद गर्न हाम्रो सक्तैनौं । कथा आउँदैन भनेको होईन, किन्तु भानुभक्तको शैली केही गरे पनि उदैन । हुन पनि मिश्रीको मिठास अन्त कतारी पाउनु ? यिनका मौलिक कविताहरू अरू पनि प्रशस्त पाइन्छन् । सब भन्दा पहिले धाँसीले ईनलाई कवितामा प्रवृत्त गराएको हो भन्दछन् । चिट्ठी बिन्ती पत्रहरू लेख्ता पनि यिनी श्लोकनै व्यवहार गर्थे । त्यति ठूला विद्वान न भए तापनि संस्कृतमा यिनको निकै दखल थियो । कविता-बाट पनि तीक्षाराधा होलान् जस्ता देखिन्छन् । उपदेश दिएर दुनियाँलाइ सपान यिनको प्रवृत्ति थियो । तारापतिको प्राप्तीको र बुहारीको झगडा देखी आइ-माईहरूलाई यस किसिमको उपदेश दिनुपर्छ भनेर उनले बधूशिक्षा लेखेका हुन, प्रश्नोत्तरी र भक्तमालाबाट पनि हामि निकै लाभ उठाउन पाउँछौं । प्रकृति तर्फ र भावको गहिराई तिर यिनले दृष्टि दिएका छन् । ठाउँ ठाउँमा संस्कृत शब्दलाई पनि कन्याकुमक्क पारेर यिनले आफ्ना लयदार छन्दमा मिलाएका छन् ।

विक्रम संवत् १८६९ मा जनहुँका चुँदी बेनीको रंगा गाउँमा यीनी जन्मेका हुन् । बाजे श्री कृष्ण पण्डितले यिनलाई निकै प्यारो गर्थे । गाउँभन्दा बाहिर प्यारो भन्ने उखानलाई उनले सत्यको साक्षात्मा

पुऱ्याएका थिए । बाबु धनञ्जयबाट भन्दा बाजे बाटनै इनले राम्रो शिक्षा पाएका हुन् । १८९.८ मा कोरा किसिमबाट बालकाण्ड तयार पारिसकेका थिए । त्यसलाई पछि फेरी शुध्याये । १९०६ मा यिनी नेपाल आये । त्यसै वखतमा काठमाडौं बस्ता यिनलाई रमाहलों लागेछ र शहरको वयान श्लोकमा नै गरेका छन् । १९०७ मा जागिरे भई यिनी मधेशतिर गए । तर १९०९ मा नै यिनी खोरिए । पछि आम्दानी खर्चको स्याहा बुझाउँदा सरकारी वाँकी लाग्यो र पाँच गहिना सम्म कुमारीचोकमा थुनिए । त्यसै वखतमा अयोध्याकाण्ड, आरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्ड, तयार पारे । त्यसपछि फारम पाई छोरा रमानाथको व्रतबन्ध गर्न घर आए । १९१० मा गानुगक्त फेरि नेपाल आए, अनि फुर्सद फुर्सदमा बसेर युद्धकाण्ड र उत्तरकाण्ड पनि पूरा गरे । १९२५ मा विशेष काम आइपर्दा यिनी फेरि घर गए । उहाँ पुगे पछि उनलाई कालज्वर आयो । त्यसैले इति श्री पनि गरायो ।

घरको देलीबाट बाहिर पाइला राख्न मुश्किल भएका आईमाईहरूका र गोठालाहरूको सुक्खा हृदयमा समेत भक्तिरस छर्केर भानुभक्तले ठूलो सत्कर्म गरे इनले जति मातृभाषाको सेवा गरेका थिए उति उनको नाउ पनि अमर भयो ।

प्रकृतिलें नेपालको रूप लिएर कम से कम हजार वसन्तको विहार गरिसक्यो होला । यसमा कम्तो पनि दशहजार विद्वानहरूका मुखबाट नेपालको उच्चारण भएको होला । त्यसो भए पनि सम्वत् १८०० भन्दा अगिका नेपाली कविता खोई भन्ने शंका उठनु मुनासिब हो । तर बोल्ने भाषा, जतिसुकै भएता पनि लेख्ने भाषा एउटै हुनुपर्छ भन्ने विचार उस वखतका विद्वानहरूका मनमा परेको थियो । यसले जुनसुकै विद्वान पनि संस्कृतमा लेख्दथे । त्यो विचार बिलकुल अमिल्दो हो भन्न पनि हुँदैन । कति ज्यादै उन्नत देशहरूमा पनि त्यही चलन देखिन्थ्यो । प्रान्तमा भिन्न-भिन्न भाषा बोलिए तापनि लेख्ने भाषा जहाँ तहीं एउटै हुनुपर्छ भन्ने कतिको विचार आज सुनिदैछ । तिनताकका विद्वान् हरूलाई कसैले मातृभाषा द्रोही भनेर दोष पनि लगाएका छन् । त्यो कुरामा कति मात्रामा सत्यता छ, त्यसलाई इतिहासका धुरन्धरहरूले याद गर्नु पर्छ ।

भाषाका सेवक गुमानी कविले पनि बल्लतल्ल क्रियापद सम्म भाषा राखी कविता गर्न साहस गरेका हुन् । यता यसो हुँदा उता बङ्गालतिर कृति बासा रामायण र मध्यदेशतिर तुलसीकृत रामायणको प्रचार बढ्यो त्यो हावा नेपालमा पनि आइपुग्यो । त्यसले भानुभक्त जस्ता कविहरूले भाषामा कलम चलाए ।

तेसको रामनवमीका दिन श्री रामचन्द्र जन्मेका हुनाले ठूलो भक्तिका साथ घरघरमा पूजा हुन्छ । आदि देखी अन्त्य सम्म रामायणको पाठ पनि भक्तहरू गर्दछन् ।

यसबाट बाबू, आमा, दाज्यू पतिलाई यसरी मान्नु पर्ने रहेछ, आदर्श चरित्र यो रहेछ अन्यायको परिणाम तीतो र न्यायको फल भविष्यमा मीठो हुँदो रहेछ, इत्यादि धेर कुराको ज्ञान हुन्छ । पहाड़तिर विवाहहरुमा श्लोक भन्ने चलन छ । जसले राम्रो संग भन्न सक्यो उसको मान निकै बढ्दछ । अरू फुर्सदका वखतमा पनि रामायणको पाठ गर्दछन् । भानुभक्त रामायणले नेपाललाई शान्तिको पाठ र दुष्टहरूलाई बहादुरी साथ बिताएर न्यायको स्थापना गर्नु पर्छ भन्ने सिकाएको छ ।

भाषालाई तयारी गराउँदै नेपालका कुन्ना काप्चा सम्म श्री रामचन्द्रको आदर्श चरित्र पुऱ्याएको हुनाले कवि भानुभक्तलाई हामीले धन्यवाद दिनैपर्छ । हामी त के उन पनि फेरि नेपाली भएर जन्मेका आफुलाई आफैं धन्यवाद दिनेछन् ।

—सहायक प्रवेशिका वाट उद्धृत

॥ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॥

सुब्बा होममाथात्मज पं० केदारनाथजी र रामजी उपाध्याय कृत



अथ रामायण-उपोद्घातकाण्ड

मंगलाचरण

गौरीपुत्र गणेशको मन महाँ * अत्यन्त भक्ती गरी
रामायण महिमा पढुन् सब भनी * लेख्छू म त्यो यो घरी
सीताराम चरित्ररूपी बनका * हुन् मुख्य यात्री जउन्
प्रख्यात श्रीहनुमान् र बाल्मकीजिको * गर्छु म साथै स्तवन् १

प्रयागराज-महिमा, भारद्वाज-याज्ञवल्क्य सम्वाद।

श्री रामका चरणारविन्दयुगको * मन्मा ठुलो ध्यान् धरी
भारद्वाज ऋषी प्रयाग तटमा * बस्थ्या तपस्या गरी
मेला लाग्छ प्रयागमा अति ठुलो * हरसाल माघ् मासमा
स्नान्दान् पूजनको अपार छ महिमा * यो तीर्थको शास्त्रमा २
सोही कारणले प्रयाग् कन सबै * हुन् तीर्थराज् भन्दछन्
स्नान् गर्नाकन याज्ञवल्क्य मुनिजी * आया त्यहीं एक दिन्
भारद्वाजजिले ति पूज्य मुनिको * आतिथ्य सत्कार् गरी
सोध्या श्री रघुनाथको शुभ कथा * मन्न् राम् चरणमा धरी ३

उपोद्घात
१

प्रयाग तीर्थमा महर्षि याज्ञवल्क्य मुनिले श्रीभारद्वाज मुनिलाई रामायणको कथा भनेको ।

२ अगस्त्यऋषिजीकहाँ शिवजी र सती देवीले रामायण सुन्न आएको ।

३ सतीदेवी र शिवजीको सम्वाद सतीले वनमा गएका रामचन्द्रलाई छल्ने आज्ञा मागेको ।

४ सीताजीका विरहमा रामले वनका वृक्षलतालाई अंगालो हाल्दा सतीले सीतारूपमा त्यहाँ आएको

हे ब्रह्मन् ! सब शास्त्र वेद र पुराण * वेदान्त औ दर्शन
श्री रामको महिमा अपार छ भनी * मन्छन् स्वै दिनदिन
सर्वैश्वर्य अनादि शंकर स्वयं * काशी वसी हरघरी
श्री रामको जप गर्नु हुन्छ मनमा * अत्यन्त मक्ती गरी ४
सोही कारणले मनुष्य अथवा * कीटादि जो जीव छन्
काशीमा मइ मृत्यु अन्त्य घडिमा * मोक्ष समेत पाउँछन्
काशीमै बसी शम्भुले सदुपदेश * श्री रामचरित्को दिंदा
मुक्तीक्षेत्र भनी प्रसिद्ध हुनगो * यो विश्वभरमा सदा ५
ती हुन् के ? दशरथ्जिका सुत जउन् * जन्म्या अयोध्या महाँ
पितृवाक्य महाँ रह्या दृढ़ सदा * मर्यादा थामी यहाँ
सीताको विरही भएर जसले * वनमा ठुलो दुख् सह्या
रावण् मारि उतारि भार भूमिको * संकष्ट सबको हर्‍या ६
सोही राम् परब्रह्म इष्ट शिव हुन् * वा छन् कि अर्का पनि
आज्ञा गर्नुहवस् ऋषे ! मकन त्यो * ऐल्हे बुझुन् ई भनी
यसतो प्रश्न ति याज्ञवल्क्य ऋषिले * सुन्नू भएथ्यो जब
भारद्वाजजिलाइ सान्त्वन दिंदै * भन्नू भयो यो तब ७
जानी जानि पनी ऋषे हजुरले * श्री रामको जीवनी
संसारको शुभका निमित्त अहिले * सोध्नू भयो यो भनी
साहै गुप्त रहस्य यो छ त पनी * इच्छा हजुरको हुँदा
भन्छु श्री रघुनाथको शुभ कथा * सम्पूर्ण मुक्ती प्रदा ८
शङ्क यै अघि दक्षपुत्रि सतिका * मन्मा उठेथ्यो जब
भन्नूभो शिवले त्यहाँ जुन कुरो * बिस्तार् पूर्वक् सब
सम्वाद सोहि सती र शंकरजिको * भन्छु म ऐले यहाँ
सुन्नूहोस् मुनिराज ! यो शुभकथा * एकाग्रभै मन्महाँ ९

सती परिचय, शिव सती विवाह, राम परीक्षा, सती राम सम्वाद ।

ब्रह्मा मानस सुत् सनन्दन गरी * दश् जन् महर्षीहरु
अङ्गीरा र वशिष्ठ, अत्रि, मरिची * पूलस्त्य, रौद्रै अरु
नारद्, श्री पुलहै र दक्षजि भया * प्रख्यात सन्तान् यहाँ
छोरी फेर् तहिं दक्षका पनि भया * शाठी जना जो तहाँ १
तिन्मा तेह्रवटी मरीचि सुत श्री * कश्यप्जिलाई अनी
सत्ताइस्वटि चन्द्रमा कन तथा * दश् धर्मलाई पनि
द्वी द्वीटी भृगु, तार्क्ष्यमा र शिवमा * जेठी सतीजी दिया
मार्या ती सति पाइ शंकर सदा * कैलाश वासी भया २
इच्छा एक् दिन् राम् चरित्र सुनन्या * मार्या सतीले गरी
शंकर् पाल्नु भयो अगस्ति ऋषिका * आश्रम् विषे त्यै घरी
पूजा गर्नु भयो अगस्ति मुनिले * ती दम्पतीको तहाँ
आज्ञाले शिवको सुनाउनु भयो * रामायणै तिन् महाँ ३
रामको त्यो महिमा सुनेर शिवजी * अत्यन्त हर्षित् भई
गान् गर्य्या सब त्यो चरित्र दिन दिन् * कैलाश् पुरीमा गई
त्रेतामा जब भार हर्न हरिले * औतार रामको लिया
आज्ञाले दशरथ्जिका वन पसी * लीला अनेकौं गर्‍या ४
देखी त्यो घटना बुझी शिवजिका * मन्मा भयो चिन्तन
कुन् रितले गरि रामको गई गरौं * प्रत्यक्ष यो दर्शन
लीला गर्न भनेर रामरूपले * औतार ऐल्हे भयी
वास्तव् रूप प्रकट् हुनेछ म गया * होवस् रिसानी कहीं ५
मौका चुक्न गया पनी त पछितो * होला कि मन्मा मनी
सारै क्षुब्ध भएर शंकर तहाँ * बस्त्या यही सब् सुनी
चिन्तामग्न भई बस्या शिव यता * श्री रामजीले उता
पैल्हे दण्डक वन्महाँ वध गर्‍या * मारीचलाई तदा ६

रावणले पनि सोहि औसरमहाँ * माता सितालाजी हर्‍यो
पत्नीका विरहाग्निले प्रभु महाँ * संकष्ट साहै पर्‍यो
जङ्गलमा पिरले उही रघुपती * मानू मनुष्यै सरी
एक् एक् वृक्ष लगाइ झांति बिचमा * झुल्थ्या विलाप् खुब्गरी ७
यसतो दृश्य ति रामको शिवजिले * देखी लियाथ्या जसै
श्री रामको जय होस् भनी दुखि हुँदै * आँसू गिराया तसै
लीला राघवको र दुःख शिवको * देखी सतीले पनि
माया रूप् नर रामलाइ नचिन्हीं * यो बात् सुध्याइन् अनी ८
हे स्वामी ! जुन रामलाइ प्रभुले * ईश्वर् इनै हुन् भनी
मन्नू भो, विष्णु राम हून् इनि किवा * छन् राम अर्का पनि ?
बिन्ती त्यो सतिको सुनेर शिवले * मन्नू भयो यो तब
मेरा ब्रह्म यि राम हुन् फगत एक् * क्वै छैन अर्को बुझ ९
रमछन् योगीहरू सदैव जसमा * व्युत्पत्ति सोही हुँदा
नाम् भो सार्थक राम जान इनको * संसार मुक्ति प्रदा
यसतो निश्चय वाणि शंकरजिको * देवी सतीले सुनी
शंका केहि मएर भित्र मनमा * यो बात् सुध्याइन् अनि १०
ईश्वर् भै किन राम पत्नि पिरले * संसारि जन्झका सरी
वृक्षै गुल्म लतादिलाइ अहिले * हाल्छन् अँगालो धरी
साहै कामुक बुझ्छु यस् चलनले * यी रामलाई पनि
ठिक् हो ब्रह्म र भक्त हो हजुर द्वै * एकै किसिमका भनी ११
लागिन् हाँस्न सती र फेरि शिवले * मन्नू भयो यो तहाँ
लीला हो सब यो फगत् प्रभुजिको * बुझ्छन् अनाडी कहाँ
इन्लाई बुझ ब्रह्म निश्चय गरी * सब् तर्क छाडी कन
आज्ञा त्यो शिवको सुनेर सतिजी * जिस्क्याइ मन्किन्पुनः १२

शंका तै पनि हुन्छ हे शिव ! अर्भै * राम् ब्रह्म हुन् ई मनी
छलूछू गै नसके झकाउन भन्या * मान्ने छु ईश्वर् अनी
सुन्दा त्यो सतिको कुरा शिवजिले * आज्ञा गरे यो पुनः
व्यर्थैमा प्रभुलाइ छलूदछु मनी * इच्छा गऱ्यौ योकिन ? १३
जिद्दी तैपनि धेर् गरिन् र सतिले * आफ्नो नदेखी भर
झकीं भन्नु भयो सदाशिवजिले * जाऊ परीक्षा गर
आज्ञा शंकरको सुनेर ति सती * सीता स्वरूपकी बनिन्
तत्काल् दण्डक वन् विषे प्रकट भै * रामका अगाडि पुगिन् १४
चिन्हूँ भैकन ती सती नजरले * हेर्दैं नहेरी तहाँ
हा सीते ! यति मात्र बोली मुखले * राम् डुल्दथ्या वन् महाँ
देखी ती सति जानकी स्वरूपकी * भ्रम्मै ति लक्ष्मण् कन
भन्छन् नाथ ! सिताजि आउनुभयो * फेर् शोक यस्तो किन ? १५
लक्ष्मणको सुनिबिन्ति त्यो प्रभुजिले * मन्नू भयो यो तहाँ
गर्छौं माई भई अनर्गल कुरा * के सम्झि यस्तो यहाँ
सुन्दा राघवको कुरा जनकजा * देखेर सन्मुख् उहैं
आश्चर्यैं भइ माइ लक्ष्मण तहाँ * चिंतित् भयाथ्या निकै १६
श्री रामलाइ असह्य भो विरहले * उन्मादि पाऱ्यो अब
तस्मात् जानकिले स्वयं इनिकनै * सम्झाउने छन् सब
यस्तो बात विचारि लक्ष्मणजिले * मौनावलम्बन् लिया
द्यौताले ति सिताजी देखी वनमा * आश्चर्य मान्दा भया १७
रावण् देखि छुटेर जानकि यहाँ * आइन् कसोरी भनी
मोहित् खुब् हुनुभो रहस्य नबुझी * ब्रह्माजि आफैं पनि
मायाका पति रामले कुन कुरा * ज्ञानी नसक्नू थियो
थाहा क्यै नभए सरी प्रभुजिको * लीलाफगत् त्यो थियो १८

सीतारूपि सती तहाँ अघि सरी * छल्न्या इरादा गरी
रामको हात धरी मनिन् हजुरको * देखेर चाल् यो घरी
ज्यादै दुःखित छ यहाँ म अहिले * व्याकुल् छ मेरो मन
हेर्नु होस् प्रभु ! लौ सरोज सरिको * आँखा उठाई कन १९
हे राम् ! हे करुणानिधान् ! हजुरको * जो ज्ञान पैले थियो
मेरो क्यै दिनको वियोग भइ के * त्यो सब् हराई गयो
फेरी ई प्रिय बाबु लक्ष्मणजिको * हित् बात उल्टो बुझी
मेरो नाम फगत् रटी बिजनमा * राजहुन्छ व्यर्थै कती २०
जाऊँ पञ्चवटी मनेर सतिले * मन्दी भईथिन् जब
हाँसदै केहि मुसुक्क राम प्रभुले * मन्नू भयो यो तब
हे मातर् ! सति ! दण्डवत् चरणमा * पैले हजुरको गरी
यौटा बिन्ति म गर्दछु सदय मै * सुन्नूहवस् यो घरी २१
सेवक् हूँ शिवको तथा हजुरको * सीता स्वरूप् ली यहाँ
इच्छा छलून भयो मलाइ किन फेर् * आएर यो वन् महाँ
यस्तो कोमल बाणि त्यो सतिजिले * रामको सुनीथिन् जब
आफ्नो रूप लिई मनिन् प्रभुजिका * पश्री चरणमा तब २२
आलिङ्गन् गरि वृक्ष गुल्महरुको * कामुक् सरी ठिक् यहाँ
हुलन्या देखि मनुष्य अल्पमति भैं * शङ्का उठी मन् महाँ
मायाका बसले लिला न बुझि क्यै * सीता स्वरूपको बनी
आयाँ यो वनमा परीक्षण गरूँ * ऐल्हे हजुरको भनी २३
सोही बात लिई घमण्ड शिवमा * मैले गर्‍याकों मई
मेरो स्त्री हठ दूर गर्न शिवले * आज्ञा अनिच्छुक् दिई
आयाँ सत्य रहेछ यो रघुपते ! * प्रत्यक्ष थाहा भयो
शङ्काओ अभिमान जो अघि थियो * मेरो सबै त्यो गयो २४

यो आज्ञा गरि दुःखले सति वसिन् * अत्यन्त लज्जित् भई
भन्नू भो तब तत्व खोलि प्रभूले * तिनलाइ सान्त्वन् दिई
हे मातर् ! इ हजूरका वरिपरी * छन् वृक्ष जो वन् महाँ
बुझ्नूहोस् सब हुन् महर्षिहरू ई * पैल्हा जनमका यहाँ २५
कर्मैको फल त्याग् गरेर इ सबै * निष्काम भक्ती गरी
मेरो निश्चय हुन्छ दर्शन भनी * विश्वास मनमा धरी
त्यागी सब् अभिमान पूर्णरूपले * आशा गरी मुक्तिको
बस्छन् वृक्ष लता भएर अहिले * मानेर ज्यादै निको २६
सीताको निहुँपारि खोज्दछु इनै- * लाई म जङ्गल महाँ
इच्छा पूर्ण हवस् भनेर सबको * हालछु अँगालो यहाँ
साँचो सम्झनु होस् भने जति कुरा * मैले यहाँ यो सब
झूटो हुन्न कदापि निश्चय पनी * बुझ्नन् फगत् श्रीशिव २७

शिव विरक्ति, सती मरण र पार्वती जन्म र तपस्या ।

आज्ञा त्यो सुनि रामको सतिजिको * अज्ञान नाश् भो अनी
वीदा मागी नमन् गरेर खुशि भै * कैलाश फर्किन् तिनी
कैलाशमा पुगि शम्भुलाइ सतिले * ध्यानमग्न देख्तीं भइन्
तत्काल गैकन स्वामिका चरणमा * पश्चेर ढोगी दिइन् १
शंकरले पनि देखि तिनकन तहाँ * केही नबोली कन
ध्यानैमा रहनू भएर मनमा * गम्नूभयो यो पुनः
मेरा इष्ट उपास्य देव गुरुका * नाङ्मा अहो ! छल् गरी
ठूलो पाप गरिन् इ देवि सतिले * जानी बुझी यस् घरी २
सीताको प्रतिरूप धारण गरिन् * झूटै भएता पनि
मेरा निम्ति सिताजिकै सरि भइन् * ऐल्हे इ पूज्या भनी
तस्मात् इनसँग गर्नु हुँन सहवास् * भन्ने मनैमा धरी
मातृभाव लिएर शंकर स्वयं * बस्नू भयो त्यस् घरी ३

शंकरको बुझि भाव त्यो सतिजिले * मन् क्षुब्ध साहै गरिन्
आफ्नु त्यो सतिदेह त्यागछु म भनी * संकल्प गर्दी भइन्
सोही कारण दक्ष यज्ञ बिचमा * हाम्फालि आगो महाँ
स्वामी श्रीशिवको जपेर शुभनाम् * त्यागदी भइन् प्राण् तहाँ ४
मृत्यू त्यो सतिको भने शिवजिमा * नारद् सुनीले जब
बोकी लाश् सतिको पिठ्यूँ बिचमहाँ * हिंड्नू भयो श्री शिव
सारा अङ्ग गलेर फेरि सतिका * एक् एक टुका झरी
एकाउन्न ति शक्ति पीठहरू बने * सम्पूर्ण भारत भरी ५

यस् रितले सतिको वियोग् हुनगई * वैरागि शम्भू भए
राम्नाम्को जप गर्न जङ्गल पसी * कैलाश त्यागी दिए
पत्नी श्री हिम्वान्जिकी तहिं कुनै * नाम् मेनका की थिइन्
तिन्मा ता सति पार्वती स्वरूपले * अर्को जनम् फेर् लिइन् १
संसार्को सुखलाई केहि नगनी * ती पार्वतीजी पनि
पाऊँ शंकरलाइ नै पति भनी * तप् गर्न लागिन् अनी
देखी त्यो दुख शम्भुको सतिजिको * अर्को जनम् भो जब
सम्मुखमा गइ भन्नु हुन्छ भगवान् * श्री रामरूपले तब २
हे शम्भो ! म उपर् भया हजुरको * श्रद्धा अलिक् क्यै पनि
पत्नी गर्नु हवस् सती स्वरूपकी * हुन् पार्वतीजी भनी
अन्तर्ध्यान् हुनुभो जसै रघुपती * सम्झाइ यो बात् तहाँ
सप्तर्षीकन भन्नुभो शिवजिले * डाकेर सामुने महाँ ३
ब्रह्मन् हो ! हिमवानका घर गई * मेरा निमित्तै भनी
कन्या पार्वति माग्नुहोस् सकलले * दिन्छन् खुशीले तिनी
यस्तो वात सुनी अरून्धति सहित * सप्तर्षिहेरू तहाँ
आकाश् मार्ग गरी गया सब जना * हीमाल पर्वत महाँ ४

साक्षात् ती सति पार्वती स्वरूपकी * कन्या अती सुन्दरी
बढ्ने दिन्दिन देखि आफ्नु घरमा * हीमालले त्यो घरी
विष्णुलाइ म दिन्छु छोरि इ भनी * मन्मा विचार् गर्दथ्या
कन्यार्थी भइ शम्भुका ति ऋषिगण् * सोही घरीमा पुग्या ५
सत्कार् धेर् गरि ती हिमालयजिले * समाचार् सुध्याया जसै
आज्ञा शंकरको सुनाइ ऋषि सब् * मन्दा भया यो तसै
हे राजन् शिवकी सती अघि थिइन् * श्री दक्ष-पुत्री जउन्
सोही नै यस जन्ममा हजुरकी * ई पार्वती पुत्रि हुन् ६
मन्सुब् शंकरको बुझेर अहिले * आयौं इ हामी सब
मागौंला शंकरलाइ नै हजुरकी * पुत्री दिनूहोस् अब
यस्तो बात सुनी हिमालय पनी * अत्यन्त हर्षित् भया
दिन्छु शंकरलाइ पार्वती भनी * तिन्मा सुनाई दिया ७

तारकासुरको कथा र कामदेव भस्म हुनु।

सोही कालविषे कुनै असुर एक् * नाम् तारकासुर् भनी
प्रख्यात् भैकन गर्दथ्यो तप ठुलो * ब्रह्माजिको त्यो अनि
त्यसको त्यो तप देखि हर्षित भई * ब्रह्माजि पाल्नू भयो
सामुनै तारकको गएर खुशिले * 'वर्माग' भन्नू भयो १
'के मागूँ अब वर्' भनेर मनमा * त्यो दैत्य गुन्दै थियो
योगी छन् शिवजी सती मरणले * भन्ने त सम्झी लियो
हुन्नन् सन्तति कवै सदाशिवजिमा * भन्ने विचारी अनी
मागदो भो वरदान त्यस् असुरले * ब्रह्माजिका सङ् भनी २
हे ब्रह्मन्! हुनुहुन्छ तुष्ट त ममा * 'वरदान' यो गर्नु होस्
मेरो श्री शिवपुत्र बाहिक कुनै * जन्बाट मृत्यू नहोस्
ब्रह्मा पाल्नु भयो 'तथास्तु' भनि त्यै * 'वरदान' दिई त्यसकन
पाई त्यो वर दैत्यले गरिलियो * वशमा तिनै लोकहरुन ३

दुःखित मै तब देवता सकलले * ब्रह्माजिका सङ्ग महाँ
मृत्यू तारकको हुनेछ कसरी * भन्ने सुध्याया तहाँ
आज्ञा भो विधिको ति देवहरुमा * जन्मी सतीले सुन
गर्छिन् पार्वती रूपले तप मिलुन् * शंकरजि स्वामी पुनः ४
आज्ञा भै शिवको उमाकन उनै * सप्तर्षिहरू गई
माग्दामा हिमवानले दिइसके * अत्यन्त हर्षित् भई
फेरी के बुझि हो परन्तु शिव ता * बस्नू भयो ध्यान् महाँ
तस्मात् हे सुर हो ! तपाई हरु गै * शंकरजिको तप् तहाँ ५
गर्नू भङ्ग र पार्वतीसंग अनी * होला विवाहै जब
जन्मी स्कन्धजि शम्भु-पुत्र तिनले * यो दैत्य मार्लान् तब
ब्रह्माको सुनी अर्ति त्यो अमरगण् * अत्यन्त हर्षित् भया
शंकरको तप भङ्ग गर्न मनि फेर् * कन्दर्प, वसन्त गया ६
आफ्नो शक्तिप्रयोग् गरी शिवजिमा * शर् छोड्न लाग्या जब
संसारको स्थिति नै विचित्र हुनगो * सोही घरीमा तब
तेश्रो नेत्र उघार्नु भो शिवजिले * विघ्नै हुँदा तप् महाँ
ज्वाला निस्कि खरानि भै हुनगया * कन्दर्प तत्क्षण् तहाँ ७
तिन्की पत्नि रती गएर शिवमा * बिन्ती चढाइन् अनि
आज्ञाले विधिका प्रभो ! सदनले * यो काम् गर्याको मनी
त्यो बिन्ती रतिको सुनेर शिवले * सम्झाइ भन्नू भयो
द्यौताको उपकार् निमित्त इनको * ज्यान् व्यर्थमा नै गयो ८
तस्मात् दुःख नमान हे रति ! तिमी * वरदान् म दिन्छु अब
बस्नेछन् इ अनंग मै सबमहाँ * होला ठुलो गौरव
फेरी द्वापरमा हुनेछ हरिको * औतार पृथ्वी महाँ
मिल्लान् ई तिमिलाइ कृष्ण-सुतमै * प्रद्युम्न नामले तहाँ ९



१ पार्वतीको तपस्या देखि सन्तुष्ट भै शिवजीले दर्शन दिएको ।

२ शिवजीको तपस्या भंग गर्न जाँदा कामदेव स्वयं भस्म भएको ।

३ पार्वतीजीको कन्यादान लिन शिवजी जन्तिका साथ हिमालय पर्वतमा गएको ।

४ पार्वतीजीले शिवजी सँग रामचरित सुनाउने प्रार्थना गरेको ।

बसनू गै तिमि सम्बरासुरकहाँ * मायावती नाम् धरी
बिस्तार् को अरु बात नारदजिले * भन्नन् सबै त्यस् घरी
आज्ञा त्यो सुनि शंभुको रतिफिरिन् * हर्षित् भई घर् महाँ
मर्जी राघवको पनी स्मरण भो * फेर् शम्भुलाई तहाँ १०

शिव पार्वती विवाह ।

दिन्छु दर्शन पार्वतीकन भनी * मन्मा बिचारी कन
यौटा षोडश वर्षको बटु भई * तिन्को परीक्षा लिन
वन्मा गैकन पार्वतीकन तहाँ * श्री शम्भुले भन्नुभो
इच्छा कुन् मनमा लिएर तिमि यो * गछ्यौं तपस्या अहो ! १
रूपको निम्ति भनौं भने तिमि स्वयं * अत्यन्त छौ सुन्दरी
फेरी औघड़ शम्भुको किन फगत् * नाम् जपूतछ्यौं हर्घरी
शंकर् ता घसि भस्म अंग भरिमा * मत्ता दिगम्बर् भई
खाई माङ्र र धतूर पागल समान् * घुम्छन् जहाँ औ तहीं २
हात्तीको चमड़ा लगाइ तनमा * बस्छन् श्मशान्मा सदा
फेरी भूत पिशाच प्रेत सँगमा * राख्छन् तिनी सर्वदा
तस्मात् तौं शिवको न राख मनमा * इच्छा तिमी यस् घरी
तिम्रो लायकता खड़ा म छु यहाँ * मन्सुब् बरणको गरी ३
निन्दा त्यो शिवको सुनीकन उमा * श्राप् गर्न आँटिन् जब
शम्भूले निजरूप धारण गरी * मन्नू भयो यो तब
हे गौरी ! तिमिले हिमालय विषे * यो बात् बताऊ गयी
आऊँछ म विवाह गर्न बरियाँत् * लीएर चाँडो तहीं ४
यस्तो बात सुनेर शंकरजिको * गौरी फिरिन् घर् महाँ
आमा बाबू र मान्यजन् सब महाँ * बिस्तार् बताइन् तहाँ
छोरीको सुनी बात हिमालय गिरी * अत्यन्त हर्षित् भया
फेर् कैलाश् तिर शंभूगण् सकलले * बरियाँत् सजाई लिया ५

जन्ती ती शिवका हिंडे चहुँ दिशा * ज्यादै उडाई धुलो
मंगल् वाद्य बज्यो अनेक् तरहको * उत्सव् भयो खुब् ठुलो
नाच्थे भूत पिशाच डाँकिनीहरु * उन्मत्त ज्यादै बनी
गर्थे वर्षण पुष्पको अमरगण् * आकाश देखी अनी ६
डर् लाग्दा शिव जन्ति त्यस् किसिमले * पौंच्या हिमाचल् जब
बालकूहेरु डराइ दौडि घरमा * गै लुक्न थाल्या सब
ज्वाई हेर्न ति मेनका पनि तहाँ * आइन् अटाली महाँ
देखी भूत पिशाच मात्र शिवका * सङ्गमा रहेका तहाँ ७
दुःखित् मैकन छोरिलाइ उनले * लीएर काखमा अनी
थालिन् आँसु गिराउनाकन तहाँ * वर्‌याँतको हाल् भनी
त्यो हाल् ती महतारिको नजर मै * श्री पार्वतीले तब
लागिन् मन्न बुझाइ चित्त तिन्को * शंका मिटाई सब ८
हे मातर् ! सब प्राणि पूर्वजुनिको * फल् भोग्छ केवल् सदा
शोक् छाड्नोस् यसमा पनीछ उसको * तार्‌तम्यको भृङ्खला
छोरीको सुनि बात् त्यस् किसिमको * चित्तै बुझाई लिइन्
चाँडै ने अनि मेनका वरणिको * काम् गर्न लाग्दी भइन् ९
फेरी लग्न र दिन् घड़ी पल सबै * राम्रो बिचारी कन
आफ्नी पुत्रि दिया हिमालयजिले * लोकेश शंकर् कन
शंकर् पार्वतिको विवाह जब भो * न्यौता सबै खुस् भया
फेरी श्री शिव पार्वती त्यसपछी * कैलाशमा गै रह्यो १०

स्कन्धकुमारको उत्पत्ती र तारकासुर वध ।

धेरै काल बित्यो परन्तु शिवको * सन्तान् भयानन् जब
चिन्तामग्न भई सुरेन्द्रहरुले * सम्मत् मिलाए तब
सम्मत् मैकन बिन्ति गर्न उहि बात् * श्री अग्नी लाई पनि
सेवामा शिवका खटन् गरि लिया * कैलाश जाउन् भनी

संभोग गर्न भनेर शङ्कर उमा * लाग्नू मएका घरी
सम्मुख अग्निजि ती सरासरि पुगी * बाधा सुरतमा परी
खुम्चीन् लज्जित भै ति पार्वती लुकिन् * शंकरजी क्रोधित भई
आफ्नो वीर्य निकालि अग्नि मुखमा * हाली दिनू भो गई २
अग्नीलाइ असह्य कष्ट हुनगो * त्यो वीर्य थाम्नै जब
गङ्गामा लगि शम्भु वीर्यकन त्यो * तिन्ले उकेल्या तब
यौटा बालक दीव्यरूप बनिगो * त्यो वीर्य देखी तहाँ
सेनाकापति स्कन्ध कार्तिक मनी * प्रख्यात भया ती यहाँ ३
मारे तारक दैत्यलाई तिनले * द्यौता सबै खुश भया
स्वामी कार्तिकलाई आशिष दिई * फेर् स्वर्ग लोकमा गया
एकदिन् पूर्वकथा सितापतिजिको * सम्झी उमाले पनि
हात् जोरीकन स्वामी श्री शिवजिमा * बिन्ती गरिन् यो अनि ४

शिव पार्वती सम्वाद र रुमावतारको कारण।

हे स्वामी ! जगदीश राम प्रभुको * नाम् कीर्तनादि सब
विस्तारपूर्वकले भलाई पनि लौ * मन्जूरवस् त्यो अब
बिन्ती पार्वतिको सुनेर खुशिमै * श्री शम्भुले त्यस् घरी
आज्ञा भो सब त्यो बुझाइ क्रमले * रामचन्द्रको ध्यान् धरी १
अज्ञानी र अधर्मिदानव बढी * अन्याय होला जब
द्यौता ब्राह्मण गाइ आदि सबमा * संकष्ट होला तब
पूजा पाठ र धर्म कर्महरुको * होला विनाश् फेर् जसै
भूमार् हर्न भनेर हुन्छ प्रभुको * प्रत्यक्ष औतार् तसै २
वैदिक् धर्म अटल् रहोस् जगतमा * भन्ने विचारले गरी
राजा श्री दशरथ्जिका सुत भई * जन्म्या जगन्नाथ् हरी
औतार् राघवको हुने जगतमा * कारण् त्य अर्को पनि
सो कारण् पनि भन्दछु सुन उमे ! * एकाग्र मनकी बनी ३

पार्षद् श्री हरिकाथिया जय विजय * श्री विष्णुका द्वारमा
आएका हरि दर्शनार्थ ऋषि पाँच * सनत्कादि रोकी लिंदा
पाए श्राप् 'तिन जन्मसम्म हरिले * मार्नन् अरी मैं गर्नी'
त्यै श्रापले ति हिरण्यकश्यप, हिरण्या- * क्ष भयाथ्या अनी १
वाराहै र नृसिंह मै प्रभुजिले * एक् जन्म तिन्को हन्या
फेरी रावण कुम्भकर्ण भइ ती * दोश्रो जनम् यो धन्या
रामको यो अवतार भएर ति हुवै * यस् जन्ममा मार्दछन्
द्वापरमा हरि दन्तवक्र-शिशुपाल् * मार्छन् र श्राप् टार्दछन् २
जुन्रित् रावण कुम्भकर्ण हुइमा * अंशांश आफ्नू दियी
जालन्धर् शिवगण् हरु बसि लिंदा * ती द्वी भया दुर्जयी
पैल्हे त्यो सुनि बुझ्दछयौ सब कुरा * भर्लाङ्ग ऐल्हे भनी
भन्छ त्योसुन एक चित्त भई लौ * दौटै कथा त्यो पनि ३
कोही एक् दिन इन्द्रजी गुरु समेत् * द्यौतादि जम्मा भए
कैलाशमा शिव दर्शनार्थ मन भै * हुलो रवाफ्ले गए
देखी इन्द्रजिको घमण्ड शिवले * त्यो दूर गर्छ भनी
ढोकामा गई द्वारपाल रूपले * आफैं बसेथे अनी ४
पुग्दा इन्द्रजी द्वारमा शिवजिको * त्यो रूप् नचिन्ही कन
सोध्छन् छन् शिवजी कहाँ भनि तहाँ * देखाइ हुलोपन
त्यसको उत्तर क्यै न दी चुप रहे * शंकरजि फेरी पनि
सोधे इन्द्रजीले रवाफि स्वरले * श्रीशम्भूजी खै भनी ५
चुपलागे उसमा पनि शिव र त्यो * सम्झी अनादर् निज
हाने वज्र उठाई क्रोध सितले * श्री इन्द्रजीले तब
बज्यो वज्र गएर गर्धन महाँ * शंकरजीको त्यो अनी
नीलोकण्ठ भएर कष्ट अति भो * शंकरजी लाई पनि ६

सोही कारण नीलकण्ठ भगवान् * शङ्करजिको नाम् भयो
त्यसको फल् पनि चन्द्रमा जति मिल्यो * मन्छ कथा सोहि यो
साहै क्रोध बढेर प्रज्वलित भो * गाथ् शम्भुजीको तव
तेश्रो नेत्र खुलेर अग्नि निकल्यो * श्री इन्द्र डढ्नन् अव ७
भन्ने भै गुरु श्री बृहस्पति स्वयं * श्री शम्भू सन्मुख् मया
साहै नम्र भएर प्रार्थना गरी * त्यो क्रोध टारी दिया
तत्काल् रक्षण इन्द्रको गरुँ भनी * हातमा समाई लिई
टाढा फ्याँकनु भयो उज्वाल शिवले * साहै दयालु भई ८
गंगासागर साँधमा गिरि उ ज्वाल् * क्वै बाल रूपको भयो
आफ्ना रोदनले समस्त त्रिभुवन् * कम्पित् गराई दियो
के हो यो भनि हड़बड़ाईकन खुब् * ब्रह्माजि ताहीं पुग्या
त्यै बेला शिशु त्यो लगी जलधिले * काखमा विधीका दिया ९
ब्रह्माका बसि काखमा उ शिशुले * खैंचेर दाही महाँ
साहै कष्ट दिएर आँसु झरिगो * ब्रह्माजिको धेर् तहाँ
सोही आँशु कुलो सरि बगि भइन् * फेर् कर्मनाशा नदी
मानिसको शुभ कर्म भ्रष्ट जल त्यो * छुँदा हुने भो भनी १०
क्रोधित् भैकन जन्म जसुसित भयो * तेरो उसैले यहाँ
मार्नेछन् भनि श्राप् दिएर विधिले * फ्याँके शिशू त्यो तहाँ
जालन्धर् भनि नाम भो शिवजिको * त्यो पुत्र हुलो भई
शक्तीले भई खुब् अजेय सरिको * त्रैलोक्य जीत्यो गई ११
द्यौताको अरि जन्म कारण भई * त्यो जन्मना नै थियो
इन्द्रादीहरु सब् जितेर बलले * तेसले वशैमा लियो
सोही कारण त्रस्त देवहरुको * संकष्ट टार्यौं भनी
विष्णूले शिवको गरे स्तुति तहाँ * त्यसलाई मार्ने भनी १२

वृन्दा थिन् सति स्त्री जलन्धरजिकी * तिन्का प्रभावले गरी
त्यो मर्ने नभई सतित्व तिनको * भंगे भएका घरी
मर्ने हो भनि शम्भुले कहनु भो * छलूले जलंधर बनी
वृन्दाको सत भङ्ग गर्दिनु भयो * जाई हरीले अनी १३
मार्नूभो शिवले जलन्धर तहाँ * त्यै कारणैले गरी
विष्णु-द्वेषिभई जलन्धर स्वयं * अंशांश आफ्नै धरी
रावणमा बल आफ्नु दीकन बस्यो * रामलाई माछे भनी
कारण् त्यो पनि मै अजेय बलमा * रावण् भएथ्यो अनी १४

नारद मोह विश्वविमोहिनीको कथा।

ब्रह्मा मानस पुत्र नारद ऋषि * पैल्हा जनमका थिया
सप्तर्षी उपदेशले तिनी पछी * ब्रह्मर्षी प्रख्यात् भया
ब्रह्मर्षी पद यो अटल् गरूँ यहाँ * कस्ता प्रकारले भनी
चिन्ति जाई सनत्कुमारसँग गाच्या * नारद् ऋषीले अनी १
नारद् मार्था सनत्कुमार ऋषिले * राखी दया यो भने
कीर्तन् रामचरित्रको गरि फगत् * मिल्नेछ यो फल् ऋषे!
आज्ञाले ति सनत्कुमार ऋषिको * नारदजी बद्री गई
गर्थ्या कीर्तन राम नाम निशिदिन् * एकाग्र मनका मई २
तिनको सोही अखण्ड कीर्तन हुँदा * ब्रह्माण्ड काँपी गयो
इन्द्रासन् पनि जान्छ कि अब भनी * डर् इन्द्रलाई भयो
सोही कारण भङ्ग गर्न तप त्यो * फेर् इन्द्रजीले तहाँ
डाके मित्र मदन् पुगे अशरि ती * फेर् सोहि ठाँउमहाँ ३
साथमा स्वर्गिक अप्सराहरु दिई * श्री इन्द्रजीले अनी
कीर्तन भङ्ग गराई आउन भन्न्या * कन्दर्प लाई पनि
आज्ञा पाई अनंग वायु रूपले * सब् अप्सरादी लियी
गर्थ्या नारदजी अखण्ड प्रभुको * कीर्तन् पुग्या ती तहीं ४

नारदलाई भुलाउनाकन ऋतू * छायो बसन्तै अनी
नक्कल् धेर् गरि अप्सराहरु तहाँ * नाँच्थ्या गरौं बेस् भनी
त्यसको केहि प्रभाव नारद विषे * पर्दैन पर्दा महाँ
माफी मागि पर्‍या चरण् कमलमा * डर्ले अनङ्ग तहाँ ५
कीर्तन् पूर्ण भई जित्याँ सहजमा * मैले अनङ्ग भनी
माफी बक्सि अनङ्गलाइ खुशिले * निस्क्या ति नारद् अनी
कैलाशमा पुगि श्री सदाशिवजिका * सन्मुख् ति हाजिर् भया
जीतें यस रितले अनंग मयिंले * मन्न्या सुनाई दिया ६
नारदलाई अहं भयो मनि बुझी * आज्ञा भयो शम्भूको
विष्णूलाई नमन्नु यो मनि लिए * दुख् पाउने छौ ठूलो
ईर्षाले शिव मन्दछन् यहि कुरो * मन्ने विचारी कन
नारदूले गई विष्णुमा उहि कथा * सारा सुनाए पुनः ७
बिन्ती नारदको सुनेर हरिको * आज्ञा भया यो तहाँ
धन्यै छौ तिमि भैंजितेन्द्रिय ऋषे! * क्वै छैन संसार् महाँ
मुक्लें एति भनी ति नारदजिको * त्यो दम्भ तोड्छु भनी
बीदा तिन्कन दी स्वयं प्रभुजिले * माया रचे एक अनी ८
जान्थ्या नारद सोहि मार्ग बिचमा * बैकुण्ठ तुल्यै यहाँ
योटा राज्य खड़ा भयो शिलनिधी * राजा थिया त्यस महाँ
तिन्की सुन्दरि पुत्रि एक् तहिं थिइन् * तिन्को स्वयंवर् हुने
उत्सव् भारि नजर् गरेर मुनि ती * दर्बार नेरै पुगे ९
संयोगले ऋषि ती पुगी नृपतिले * स्वोपीविषे ली गया
छोरीको ग्रह दिन् दशा वुझुँ भनी * तिन्मा सुध्याई लिया
'बत्तीस लक्षण-युक्त ती नृप सुता * वर्ने पुरुष निश्चय
होला पूज्य र श्रेष्ठ विष्णु सरिको * देखेर लक्षण सब' १०

कन्या 'विश्वविमोहिनी' तिनि बुझी * नारदजि विह्वल भया
मार्या कुन्रित्लें म इन्कन गरौं * मन्न्या कुतर्कै लिया
शान्ती स्वस्ति बताइ क्यैदिन तलक् * टारी स्वयंवर् कन
आफू नारद व्यग्र भैकन पुगे * विष्णू भयामा पुनः ११
सुन्दर् स्वस्थ मलाई गर्दिनु हवस् * आफ्नै समान्को भनी
बिन्ती नारदले गरे उहि बखत् * श्री विष्णुजीमा पनि
नारद्को मनसाय जानि हरिले * तिन्को शरिर्को सकल्
आफ्नै तुल्य बनाइ, बाँदर सरी * मुख् गर्दिनुभो फगत् १२
मायाले नबुझी प्रपञ्च हरिको * नारद् स्वयंबर् महाँ
फर्की आइ पुगे अनेक् नृपहरू * थीए बसेका जहाँ
बर्निन् 'विश्वविमोहिनी' मकन नै * मन्न्या भई नारद
यज्ञै मण्डप मध्यमा गइ बसे * सब्का अगाडी तब १३
देखुनिन् सुन्दरिले कउन्रित मनी * नारद्जी फेरी पनि
चेष्टा रङ्रङ्का गरीकन बसे * गर्दन् उठाई अनी
हेर्नै मन्सुबले स्वयंवर उहीं * श्री शम्भूगण् द्वि-जना
बस्थे ब्राह्मण रूपले सब चरित् * देख्थे मुनीको तहाँ १५
नारदको सब चाल हेरि ति दुवै * हाँसेर भन्थे पनि
बर्निन् निश्चयनै इनैकन फगत् * राजपुत्रिजीले मनी
आइन् 'विश्वविमोहिनी' नृप सुता * मण्डप्विषे जुन् घरी
नारद् भन् अघि गै बसे सरिसरी * मण्टो उठाई चरी १५
देखी नारदको चलन् नृपसुता * हाँस्दै अगाडी बढिन्
सन्मुख् क्वै नृपका पुगेर उनले * 'वर्माल' लाई दिइन्
लक्ष्मी छद्मस्वरूपि थिन् नृप-सुता * विष्णू स्वयं नै तहाँ
मायाले नर रूप लीकन गई * आफैं बसेको महाँ १६

वरमाल लाई दिइन् हरीकन जसै * राज् पुत्रिले गैकन
बोलाहा सरी क्रोधले हुन गया * नारद् ऋषीजी पुनः
नारद्को विहाल देखि दुई जन् * शम्भू गणैले पनि
आई सन्मुखमा भने जल विषे * मुखहेर आफ्नू भनी १७
तिन्को बात सुनेर नारदजीले * जाई तलाऊ विषे
हेर्दामा मुख आफ्नु बाँदर सरी * देखेर क्रोधित बने
त्यस् बेला शिवगण् दुवै तहिं बसी * हाँसी रहेका थिए
तिन्लाई तिमि होउ राक्षस भनी * क्रोधले सरापी दिए १८
श्रापी तिन्कन विष्णुजी सँगगई * मेटछु म ऐल्हे भनी
नारद् क्षीर समुद्रका तट महाँ * पुग्दा भयाथ्या अनी
ताहीं 'विश्वविमोहिनी' सँग हरी * शोभ्मा बस्याका थिया
देखी नारदले बुझी छल सबै * क्रोधित् भई यो कह्या १९
'सागर् मन्थनमा सुरासुर मिली * ठूलो परिश्रम् गरी
पाएको चिज बीच मुख्य जुन हो * श्री लक्ष्मी आफैं हरी
घोता दानव फेर् विशिष्ठ जनमा * गौ हात्ति घोड़ा रुख
बाँड्यौ, शम्भू जगत्पिता कन छल्यौ * विष्कालकूट् दी तब २०
सोही रिसित छल् गरेर अहिले * जोल्ल्याइ ती सब् सरी
पाउन्नौ सुख भोग्न निश्चय बुझे * ईच्छित स्त्री मेरी हरी
दिन्छु श्राप जउन् स्वरूप धरि यो * जुन् स्त्री हर्‍यौ यो घरी
त्यै रूपले उहि स्त्री वियोग सहनू * नर् जन्म भूमा धरी २१
फेरी जुन् रूपदि छल्यौ मकन त्यै * बाँदर् र भालू तहाँ
तिम्रा मित्र तथा सहायक हउन् * स्त्रीलाइ खोज्दा महाँ
त्यो श्राप् नारदको सहर्ष हरिले * स्वीकार पैल्हे गरी
माया आफ्नु हटाइ मिष्ट स्वरले * आज्ञा भयो त्यै घरी २२

स्वायंभुव मनुले र श्री शतरूपा-*ले पुत्र / होऊ भनी
माग्ने बर् र दियाँ निमित्त उसका *यो श्राप पाऱ्याँ पनि
फेरी दुर्जय रावणादिहरुको *बध् गर्नु पर्ने भई
सेना बाँदर भालुको छ गरनु *लंकापुरीमा गई २३
कारण् भै उहि श्राप पर्न यति यो *माया रचेको बुझ
जाऊ खुशि छु दोष छैन तिमिमा *केही पनी नारद !
माया हट्न गई सुनी हरि वचन् *मन्छन् ति नारद् तब
दुर्वाच्यै मयिले अनेक् कहिलिएँ *ज्यादै घमण्ड सँग २४
त्यो पाप् छुट्छ कसोरी हे प्रभु! यहाँ *आज्ञा हवस् यस् घरी
मन्दै नारद छाँदहाली / हरिका *पस्नै चरणमा परि
त्यसतो बिन्ति सुनेर नारदजिको *मन्छन् हरी यो तब
छुट्ला पाप् सहज् फगत् शिवजिको *हजार नाऊँ जप २५
आज्ञा विष्णुजिको भई शिवजिको *नाम् जप् गरी त्यो घरी
फिर्थ्या नारदजी पुगी ति शिवगण् *मन्छन् चरणमा परी
ब्राह्मणको रूप ली ऋषे ! हजुरको *ठुलो अनादर् गऱ्यौं
शंकरका गण हौं नजानि अपराध् *हामी डुबैले गऱ्यौं २६
तिनको बिन्ति सुनेर नारदजिले *माफी दिई तिन् महाँ
मुक्ती त्यस् जुनिमा हुनेछ *हरिका हातले मनेथे तहाँ
सो कारण् ति डुबै पनी पछि तहाँ *अंशांश रावण् भया
मार्नू भो रघुनाथले र ति डुबै *फेर शम्भूलोक्मागया२७

रामावतार हुने अर्को कारण राजा भानुप्रतापको कथा।

भारद्वाज ऋषे ! म भन्छु अहिले *अर्को कथा एक् सुन
तेसले रावणको अजेयि हुनको *बुझ्छौं कुरा सब् पुनः
पैल्हे श्री शिवले पनी यहि कथा *श्री पार्वतीमा भनी
श्रीरामको अवतार हुन्या कहनु भो *कारण् छ यो एक् पनि १

कोही कैकय देशमा नृप भया * भानूप्रताप् नामक
थीया वेद विधानले तिनि सदा * रैयतहरू पालक
तिन्का माई थिया उनैसरि सुधी * श्री शत्रुमर्दन् मनी
राजाका हितु मन्त्रि धर्मरुचिनाम् * धार्मिक् थिया खुप्तिनी २
दिग्जय् गर्न मनेर भानु नृपले * सेना सजाई लिया
क्रमले पृथ्वि अधिन् गरी नृप अनेक् * वस्मा गर्याका थिया
फेरी वैदिक यज्ञ याग जति छन् * धेरै प्रकारका गरी
बापी कूप तलाउ धेर् खनिलिया * तिन्ले सबै राज् भरी ३
ब्राह्मण् सन्त सुरादिको रिपु ठूलो * एक् केतु दानव् थियो
तेस्ले त्राहि गरेर त्यस् बखतमा * सङ्कष्ट लोक्मा दियो
आफ्ना दिग्जय्मा जित्या उहिपनी * मानूप्रताप्ले जब
खोज्थ्यो छिद्र नरेन्द्र मानुकन वश् * गर्नै भनी त्यो तब ४
अर्को कुनै नृप दुष्ट दुर्जय भनी * कपटी थियो एक अघी
तेस्लाई पनि भानुले वश गर्‍या * सब् राज्य तेस्को जिती
सोही दुर्जय शक्ति हीन हुन गै * वन्मा पसेको थियो
ताहीं दानव केतुका सँग महाँ * तेस्को मित्यारी भयो ५
सम्मत् ती दुइले गरे त्यसपछी * कौनै प्रकारले पनि
राजा भानुप्रतापको कुल समेत् * विध्वंश पार्नौं भनी
त्यस्तो मत्गरि केतुले बँदेल रूप् * आफ्नू गरेको थियो
दुर्जयले कपटी ऋषी रुप धरी * आश्रम् बनाई लियो ६
वस्थ्यो औसर खोजि दुर्जय समेत् * केतू जहाँ ती ढुकी
आया त्यै स्थलमा कुनैदिन पछी * खेल्दै शिकार् भानुजी
धेरै चित्तल मिर्ग मारि वनमा * घुम्थ्या ति भानू जहाँ
देख्या केतू बँदेल रूप बलियो * त्यै ठाउँ सम्मुख् महाँ ७

देखी तेस्कन मार्नको मन गरी * घोड़ा बढ़ाया जब
खेदेको नृपले बुझेर डरले * भाग्यो बँदेल त्यो तब
सैनिक साथि छुटे सबै ति नृपका * एक्लो हुँदामा पनि
भाग्थ्यो त्यो जति बढ्दथे उति उती * मार्छ बँदेल यो भनी ८
छलूदै त्यस रितले घना विपिनमा * कपटी कुटिका नजिक
आई गुप्त भयो बँदेल रूपको * त्यो केतु दानव त्वरित
केतूले नृप मानुलाइ त्यसरी * एक्लो गराई लियो
दुर्जयले कपटी मुनी स्वरूपले * सोही बखत्मा छल्यो ९
रात्री त्यै घरिमा पऱ्यो र नृपले * बास् क्वै नपाई कहीं
सोही दुर्जय कपटिका कुटि विषे * पस्ता भयाथ्या गई
देख्यो ति नृप मानुलाई त्यसरी * आफ्ना कन्यापमा जब
सोह खुशि भएर स्वागत गरी * भन्दो भयो दुर्जय १०
को हौ हे परदेशि ! साँझ बिचमा * आयौ कसोरी यहाँ
सोध्दामा गरि गुप्त नाम नृपले * आफ्नो बताया तहाँ
हे ब्राह्मण ! म हुँ मन्त्रि मानु नृपको * बाटो बिराई कन
एक् रात् बास बसौं भनी हजुरको * आयाँ शरण् यो लिन ११
पुग्नेछु घरमा कुनै जन यदी * बाटो बताई दिन्या
पाए बेस हुने थियो भनि तहाँ * मानूप्रताप्ले भन्या
हे बाबू ! सुन भन्छु एक् हित कुरो * रात्री परी यो घरी
मानिस् छैन कुनै कसो गरि तिमी * जान्छौ अघोर वन्तरी १२
एकसौ सत्तरि कोस् छ कैकय शहर् * खुब् जान्दछ त्यो सब
पुग्नू सम्भव छैन क्यै दुख सही * एक् रात यहाँहीं बस
दुर्जयले पनि नम्र आग्रह गरी * पैल्हे बसाई लियो
चर्चा शास्त्र विशेषको गरि तहाँ * धाक् आफ्नु पारी दियो १३

ठानी सिद्ध महर्षि भानु नृपले * त्यो कपटि दुर्जय सँग
सोधे फेर गुरू ! नाम् र ग्राम् हजुरको * भो जान्न इच्छा अब
प्रश्नै त्यो सुनि भानुको कपटिले * पाखण्ड हल्लो गरी
मन्दो भो नृपलाइ बातहरू अनेक * छलूछामको त्योंघरी १४
हे यात्री ! म त छु विरागि बहुतै * संसार देखी सुन
गूप्तै बस्छु कत्रै म गर्दिन कतै * खास्पस् कसैका सँग
जानी मक्त तिमी विषे सब कुरा * मन्छू नहोंटी कन
आफैं सृष्टि हुँदा जनम् लिन गयाँ * नाम् एकतनु ली पुनः १५
ब्रह्मा, विष्णु, महेशकै बुझ्क तिमी * औतार मैले लियाँ
संसारको सब हाल जान्दछु सहज् * ध्यान् दृष्टि मैले दिया
हे राजन् ! तिमिले छुपाई अहिले * नाम् वंश आफ्नू यहाँ
खूशी पारिलियौ मलाइ बहुतै * नीति छ ये लोकमहाँ १६
एक्लै काँही परेर आपत हुँदा * नाम् ग्राम् छुपाई कन
आफ्नू काम निकालि लिन्छ जसले * हो बुद्धिमान् त्यै जन
तिम्रो भानुप्रताप नाम पनि हो * बिख्यात् छ त्यो मान्दछु
धार्मिक् दिग्जयि हौ समस्त भुमिका * सम्राट् भनी जान्दछु १७
तिम्रो ज्ञान र धर्म नीति सुधि सब् * देखेर भानू ! सुन्
साहैं छु म प्रसन्न माग वरदान् * इच्छा छ जुन् चिज् लिन
तेसूतो बात सुनेर भानु नृपती * खूशी भई मन्दछन्
हे सर्वज्ञ ! दया ममाथि गुरुको * देख्दामयो खूशिमन् १८
मागछु यो वरदान हे गुरु ! ममा * बाँकिसन्छ साँचै भन्या
वृद्धत्वै अनि कालको दुखमहाँ * पर्दैं नपर्नै हुन्या
एक् कल्पै तक धर्मपूर्वक रही * यो राज्य मैले गरूँ
शत्रू कोहि नहुन् जगत् भर महाँ * इच्छा छ यै एक् अरू १९

हे राजन्! सुन खूब कठोर 'वरदान्' * मागी लियौ तैपनि
दिन्छु खुशि भई भनी कपटिले * बोल्यो 'तथास्तु' भनी
ब्राह्मणको कुललाइ छोडि बुझिल्यौ * हे भूप! सारा अरू
तिम्रो चाकरि गर्दछन् सुर असुर * दिक्पाल मानिस् हरू २०
ब्राह्मणको नपरे सराप तिमिमा * राजन्! अरू क्यै गरी
तिम्रो नाश हुँदैन निश्चय बुझे * कल्पान्त तक् यो घरी
तेसूतो बात सुनेर भानु नृपती * अत्यन्त खूशी भई
हात् जोड़ीकन बिन्ति यो गरि लिए * ढोगी नगीच्मा गई २१
हे सर्वज्ञ ऋषे! कृपा हजुरको * यत्नो हुनाले अहो!
कल्पान्तैतक राज्य यो अटलले * भोग् गर्न सामर्थ्य मो
केवल् बाँकि रह्यो सलाई अब एक् * ब्राह्मणहरूको डर
तेसूको सोचि उपाय गर्दिनु हवस् * नाथ्मै म छु निर्भर २२
तेसूतो बिन्ति सुनेर भानु नृपको * मौका पऱ्यो बेश् भनी
भन्दो भो मुनि भेषको कपटिले * गम्भीर ज्यादै बनी
ब्राह्मणलाई अधीन गर्नु छ कठिन् * यौटा उपायै सुन
मेरै हातमहाँ छ त्यो तर कुरा * मुश्किल् छ केही हुन २३
अर्काको घरमा र क्वै शहरमा * राजन्! म कैले पनि
जाँदै जान्न र बस्छु यस् विजनमा * आफ्नो नियम् हो भनी
तिम्रो कार्य निमित्त भानु नृपति! * मैले शहरमा गई
बसूनू पर्दछ भो फसाद बुझिल्यौ * यै बर्त मेरो भई २४

भानूप्रतापूजी दुख मानि फेरी
मन्छन् त्यहाँ कपटि तरफ ति हेरी
हे विप्र! आश्रितहरूको सहारा
हुन्छन् बडानै भनि जानि सारा २५

आफ्नू मलाई शरणार्थि जानी
उद्धार गर्नोंस् हुख क्यै नमानी
भानू प्रतापको सुनि त्यो पुकार
त्यो कपटि बोल्यो बनि खुब उदार २६
राजन् ! तिमीले गइ राज्य माहाँ
गर्नू निमन्त्रण सब विप्र काहाँ
एक् लाख ब्राह्मण् परिवार साथ
एक् वर्ष भोजन् दिनुपर्छ नित्य २७
मेष् आफ्नु बदली म वहीं गएर
भोजन् तयार् गर्दछु सब् बसेर
बाँड्नू तिमीले उहि विप्रलाई
हुन्छन् सदा वश् ति उ अन्न खाई २८
फेर् प्रोहित सरि मेष् बनाइ जुन दिन् * एकान्त तिम्रो सँग
गर्नेछु म गएर भानु नृपतीं ! * चिन्हुँ तिमीले तब
तिम्रो काम सकेर गुप्त रितले * एक् वर्ष ताहीं रही
यो 'वर्दान्' जब पूर्ण हुन्छ अनिता * फिर्छे म फेरी यहीं २९
योगबलले गरि आज रात्रि बीचमै * घरमा तिमी पुग्दछौ
वास्तवमा तिमिले उसै बखतमा * योगको प्रभाव बुझ्दछौ
घेरै रात बित्यो गइ शयनमा * अराम लेऊ भनी
निद्रामा जब भानु ती परिगए * त्यो कपटि निस्क्यो अनी ३०
केतूका सँगमा गई कपटिले * त्यो बात सारा भनी
भानूबाट गराइ भोज द्विजको * तेसूमा कपटले अनी
ब्राह्मणवाट दिलाई श्राप नृपको * निर्वंश गर्न्या तहाँ
निश्चित भैकन कार्यक्रम् रिपु हुवै * तत्पर् भया त्यस् महाँ ३१

बात निश्चित भइ केतुले उसघरी * माया फिंजाई लियो
निद्रित भानु र अश्व वायु रुपले * तिन्का घरैमा लग्यो
खोपीमा नृपलाइ राखि हय फेर् * बाँधी तबेला महाँ
प्रोहितलाई लग्यो हरेर नृपको * तेस् केतुले फेर् तहाँ ३२
फेरी कपटि स्वयं पुरोहत स्वरूपले * ती भानुका घर् गई
तिन्का साथ बस्यो गुरू सरि बनी * खुब् मन्त्रदाता भई
साह्राहा वनमा मये जती मन्यो * त्यो कपटिले फेर् जब
मानूले खुशि मै निमन्त्रण गऱ्या * ब्राह्मण हरूमा तब ३३

ल्यायाँ खसीको मनी मासु ल्याई
त्यो कपटिले फेर् नर-मांस लाई
मान्सासहाँ गरि तयार् पकावन लायो
घेरै पदार्थहरू ठीक गराई लियो ३४
त्यै मासु छयासमिस गरेर सबै पदार्थ
ठीक् भो मनी कन दियो समचार् झटट
आयेर ब्राह्मण सब बस्न लागे
भानू खुशीसँकन बाँड्न थाले ३५
बाँडीसके त्यो द्विजहरू माहाँ
भो देव वाणी उहि बीच ताहाँ
हे विप्र हो ! त्यो सब चीज् नखाउ
नर् मांस हो त्यो भनि चाल पाऊ ३६
त्यो देव वाँणी जब सुन्न पाये
क्रोधित् भई ब्राह्मण भन्न लागे
एक् वर्ष भित्रै सब वंश साथ
राक्षस् भएस् जा नृप ! भो सराप ३७

ब्राह्मणहरूले जब श्राप दीए
केतु र कपटी लुकि ताहिं थिए
तिन्को मनोरथ् जब पूर्ण भो फेर्
गुप्तै भए हृष्ट ति ताहिं सत्वर् ३८
फेर् झट् भयों देवकि वाणि ताहाँ
दोष् छैन यस्को नृप् भानु माहाँ
छलमा परी हृष्ट, भयो यति यो
दियौ अनाहक् नृपमा सराप्-यो ३९
सूनेर फेरी उहिं देव वाणी
मन्दा भए ब्राह्मण दुःख मानी
निर्दोषि हे भानुप्रताप ! याहाँ
व्यर्थै दियौं श्राप् परि मूलमाहाँ ४०
ब्राह्मणहरूको सुनि बात फेरी
आँखा भरी आँशु गराइ हेरी
जोडी हुवै हात रुँदै भुपाल
साफ् भागदछन् सब् कहि पूर्वहाल ४१

राजा भानुप्रतापको सुनिसकी * वृत्तान्त सारा तहाँ
मन्छन् ब्राह्मणहरु सब् दुख गरी * सान्त्वन् दिई तिन्समहाँ
निर्दोषी तिमि माथि श्राप अहिले * यो व्यर्थैमा ने परी
राक्षस् योनि त हुन्छ निश्चय पनी * हाम्रा वचनले गरी ४२
तेस् योनी बिचमा पनी तप गरी * ब्रह्मा महेश्वर हरू
खुशी पारि अजेय भै हरि स्वयं * मार्नन् र मुक्ति हुनू
यस्तो आशिष दी गए द्विजहरू * फर्केर सारा जब
शोकले व्याकुल भै ति भानु नृपती * मूर्छा पऱ्याथ्या तब ४३

सेवाले गरि होस मो पछि अलिक * भानूप्रतापमा जब
मन्त्रीले कहिं ज्ञान धर्मकि कथा * क्यै शान्ति पाऱ्या तब
अर्कातर्फ तिं कपटि दुर्जय तथा * केतू दुवै खुश थिया
आपले श्रीहत भानु मार्न उ बखत * मौका बहुत बेस् बुझ्या ४४
चाँडो फौजहरू थियो निज जती * जम्मा गराई लिई
श्रीहत् भानुप्रतापको सहजमै * निर्वंश पाऱ्या गई
आपले ब्राह्मणका कुलै सहितले * भानुप्रताप् ती अनी
रावणमा दिइ अंश जन्मन गए * फेर् शत्रुमर्दन् पनि ४५
जन्मे भाई भएर अंश निज दी * ती कुम्भकर्ण महाँ
मन्त्री धर्मरुचि विभीषण भए * निज् अंशले फेर् तहाँ
दाजू भाई र रैति भानु नृपका * राक्षस् सबै जन् भए
लंकामा पछि जन्मि राक्षस समाज् * तिन्ले बढाई लिए ४६
यस्रितले हरि गण् विजय् र जयले * सन्कादिको आप् परी
फेर् शम्भू गणलाइ आप हुन गो * नारद् ऋषीले गरी
जालन्धर् शिव-पुत्रलाइ पनि फेर् * आप् श्री विधीको पऱ्यो
ब्राह्मणको परि आप भानु नृपमा * निर्वंश तिन्को गऱ्यो ४७
चारै ती थरि आपका वश परी * अंशांश रावण् भया
जो ब्रह्मा शिवको गरेर तप धेर् * वर्ले अजेयी थिया
मुक्ती राक्षस योनिबाट उनको * श्री विष्णुका हात् हुने
कारण मैकन मार्नलाई हरिले * औतार रामको लिए ४८

रावण कुल र इतिवृत्त वर्णन ।

भारद्वाजजिले सुनी यति कथा * खूशी भई मन्महाँ
रावणको 'कुल' याज्ञवल्क्य ऋषिमा * फेरी सुध्याया तहाँ
संतान् रावण हो कउन् पुरुषको * कुन् वंशमा त्यो भयो
ब्रह्मा औ शिवको गरी तप कउन् * तेसूले रिझाई लियो १

द्यौता दानव यक्ष दैत्य अरु नाग् * देखी नमर्ने भई
फेर् विद्यादिक शक्ति दश् शरिरमा * तेस्का बस्याथ्या गर्ह
अष्टौसिद्धि र नौ-निधीहरू समेत् * बाहै प्रयोग् वश् भयो
दश् रुद्रादिकले कउन् तप भई * 'बर्दान्' अमोघ् दश्दिया २
भाषा संस्कृतको उ पण्डित भयो * धेर् ग्रन्थ तेसले रच्यो
वेद्को भाष्य' समेत् गरी कसरि फेर् * राक्षस् मतीको बन्यो
सुन्छ दश् शिरको भयो शिर उपर् * गर्दम् स्वरूप् एक् थियो
संचित् अग्नित नाभिमा पनि गई * तेस्को कसौरी रह्यो ३
तेस्तो भो कसरी, भई पनि त्यती * ईश्वर् विमुख् भो किन ?
सुन्छ मार्नु पर्‍यो हरी, शिव, विधी * द्यौता मिली सब् पुनः
यो प्रश्नै सुनि भारद्वाज मुनिको * श्री याज्ञवल्क्यैजिले
रावणको 'कुल-ईतिवृत्त' क्रमले * भन्नू भयो प्रेमले ४
ब्रह्माका सुत हुन् पुलस्त्य उनका * छोरा भए विश्रवा
तिन्की दानवराज् सुमालि दुहिता * श्री—कैकसी गर्भमा
जन्म्यो रावण आर्य-दानव दुवै * रक्तांशको मै युती
ब्रह्माको पनि मै पनाति हुनगो * मेधावि औ हिक्मती ५
वैदिक संस्कृति आद्य-देव भगवान् * ब्रह्मा हुँदामा निज
क्रमले पुत्र पुलस्त्य नाति उनका * मै विश्रवा वैदिक
घर् अन्धालयमा पितासँग बसी * बालख् अवस्था महाँ
रावणले सब वेद दर्शन समेत् * जोतिष् पढेथ्यो तहाँ ६
तेस्ले जोतिष् सांख्य दर्शनहरू * षड्शास्त्र माथी अनी
लेख्यो ग्रन्थहरू अनेकन तथा * उपनीषदैमा पनि
'वेदको भाष्य' समेत् गरी उसबखत् * खुब् मान्य विद्वान् भयो
भन्छू लौ सुन जन्म भो जसरि फेर् * तेस्ले तपस्या गर्‍यो ७

रावण दशशिर भएर जन्मेको र मरेको कारण।

लिन्छू गै रतिदान् भनी ऋतुमती * मै कैकसी एकदिन् जाई सांसुख विश्रवा मुनिजिका * ती उस्मिएकी थिइन् दश् सैन्हातक देव ध्यान बिचमा * बस्दा हुँदी विश्रवा दश् चोटि ऋतुमै पनी खडि रहिन् * ती कैकसीजी तदा १ देखी कैकसिलाइ तेस् किसिमले * दश् मास् ऋतूको गई हत्या दश् भ्रुण नाशको निज उपर् * लाग्ने छ भन्ने भई ध्यान् विष्णुविधिशम्भुको गरिलिए * ती विश्रवाले अनी गर्भाधान गरे प्रथम् शिशु हवस् * दश् शिर भएको भनी १ ध्यान् गर्दा हुँदिनै त्रिदेव दश शिर् * तेस्मा बसेका भई जन्म्यो रावण त्यो भएर दश् शिर् * अद्भुत् किसिमले गई विष्णूको शिर-एकको सत र रज् * शिर् चार् विधीको तथा पाँच शिरको तम शम्भुको गुणसमेत् * रावण् विषे गै रह्या २ 'सत्वै, रज्, तम्' आदि तिन्गुण इनै * रूप् हुन् अहंकारि पो मृत्यू हो दशवौं 'दशा' उहि भई * फेर् मृत्यू रूपको थियो सोही कारण त्यो समग्र जगको * मृत्यू स्वरूपी भयो ४ दशको 'अङ्क' विषेत्र एक जुन हो * त्यों ईश्वरै हो भनी तेसूलाइ भिकि शून्य वाँकि रहने * त्यै हो मृतक् रूप पनि सोही कारण 'एक अङ्क' रूपका * ईश्वर् विमुख मै कम् दशमा वाँकि रहेर शून्य सरि मै * रावण् मरेको बुझ ५

रावणले ब्रह्माजीबाट वरदान पाएको।

आफ्नू तिन् गुण जन्मना भई "हुलो * हूने" अहंकार् लिई रावणले पढि वेद् स-स्वर् तप गऱ्यो * ब्रह्माजिको मन् दिई दश् हजार वर्ष गऱ्यो तप अघोर् * प्रत्येक शिर् होम् गरी

क्रमले दश शिर होम पूर्ण जबभो * भक्ती विधीको धरी १
गोकर्णेश्वरमा खुशी भइ विधी * आएर दर्शन दिया
ज्यूँकात्यूँगरि शिर सबै उस बखत * 'वर माग' भन्दा भया
आफूमा करुणा बुझेर विधिको * रावण अगाडी बढी
माग्दो भो 'वरदान' पाउँछु भने * होऊँ 'अजेयी सरी' २
धौता दानव दैत्य यक्ष अरु नाग * सबै देखि मनें न डूँ
नर बाँदरहरु मच्च हुन् यति भया * चाहिन्न फेरी कछु
'होवस् रक्षक वैदिकी संस्कृतिको * तेस्को बुझी योग्यता
मागेका अनुसार सब 'वर दिए' * खुश् भै विधीले तदा ३

रावणलाई नन्दीजीबाट: नर बांदरबाट मारिने श्राप।

ब्रह्माबाट मिलेर 'वर' त्यति ठुलो * आफ्ना अहंले अनी
दश विद्यादिक शक्ति साथ शिवको * श्री आत्मलिङ्गे पनि
गर्छू प्राप्त भनेर शंकरजिको * तप गर्न दृढ मन् लियो
सोही कारण फेर् हिमालय तरफ् * रावण गएको थियो १
शक्ती तौलन आफ्नु मन् गरिलियो * कैलाश् उठाऊँ भनी
नन्दीले शिवको बुझेर अपमान् * तेसलाइ रोक्दा पनि
तिन्को बात नटेरि बल् सित तहाँ * कैलाश बोक्यो जब
देखी त्यो रिस नन्दिको बढिन गै * तेसलाइ श्रापे तब २
तेसो बुद्धि नदेखि मानिस तथा * बाँदर सरीको पनि
'मर्नेछस् तिनिबाट नै' भनि तहाँ * गुप्तै भयाथ्या तिनी
तेस श्रापलाइ पनि नटेरिकन क्यै * तेस रावणैले तहाँ
दुष्कर शंकरको गऱ्यो तप बसी * सोही हिमाल बिच्महाँ ३

रावणले शिवका दश खड्ग बाट दश महाविद्या अष्टसिद्धि नवनिधि बाहु प्रयोग साथ वरदान पाएको।

तेस आफ्ना तप कालमा प्रथम शिर * काटेर तेसले तब
वीणा-मूल बनाइ त्यस तरफको * काटी शरीरै सब

बीणाको पनि पृष्ट भाग, पयरले * भाग् अग्र तेसको गऱ्यो
गोडाको अँगुली हरूकन तहाँ * खूँटी बनाई धऱ्यो १
आन्द्रा छन् जति पेटका सब झिकी * तेसको हजारौं तहाँ
बीणाका सब तारहरु रचना * गर्दो भयो तेस् महाँ
यस रितले रचि त्यो अपूर्व रितको * बीणा बजाई खुब
शंकर् स्तोत्र कथी अनेक किसिमले * तेसले गऱ्यो धेर् स्तव २
वैदिक् दानवि संस्कृतीकन हवस् * रक्तक् 'सुधारक्' भनी
'महांकाल' स्वरूप रुद्र पहिला * शंकर् स्वयं गै अनी
'महांकालि' स्वरूपि शक्ति प्रथमा * आफ्नी दिई तेस् महाँ
'महांकाल सरी भएस् रण महाँ' * मन्यादिया 'वर्' तहाँ ३
फेरी रावणको शरीर शिर त्यो * पैल्हे सरीको गरी
'माहांकाल' तुरुन्त अन्तरहिता * हूनू भयो तेस् घरी
फेरी रावणले द्वितीय निज शिर् * तेस् तर्फका देहको
बीणा पारि तयारी त्यै किसिमले * शंकर्जिको स्तव गऱ्यो ४
दोश्रा 'तार' स्वरूपि रुद्र रूपले * तेसका नजिकमा गया
संसार्को सब भोग् सुलभ् तँकन होस् * वरदान् तुरुन्तै दिया
'तारा' शक्ति वसाई आफ्नु द्वितिया * पैल्हो किसिमले गरी
दोश्रो शिर् र शरिर् तुरुन्त उसको * गर्न् भयो तेस् घरी ५
फेर् तेश्रो चउथो र पंचम अंनी * छैटौं र सातौं तथा
आठौं नौवम फेर् दशौं शिर शरिर् * काटेर तेसले यथा
पूर्वै मैं, गरि त्यो तयारि अघि मैं * बीणा बजाई तब
कम्ले दृढ् मनले गरी तप खुशी * पार्दो भयो श्री शिव ६
तेश्रा 'बाल्-भुवनेश' रुद्र रूपले * आएर संमुख् अनी
'बाला-श्री भुवनेशि' शक्ति तृतीया * दीएर आफ्नी पनि

तेश्रो रावणको शरीर शिर फेर्‌ * पैले सरी ठिक् गरी
'इच्छित् रूपकन धर्न सक्नु तयिंले * वरदान्' दिया त्यो घरी७
'षोडशश्रीविद्येश' चतुर्थ रुद्ररूपले * आई अगाडी तब
'श्री विद्या-युत-षोडशी' चउथवीं * शक्ती बसाई निज
'श्री सम्पन्न भएस्' भनेर 'वरदान्' * दिएर फेरी तहाँ
तेस्को शिर र शरिर् दुरुस्त चउथो * गर्दामया क्षण् महाँ ८
पाँचौं 'भैरव' रुद्र रूप भइ फेर् * तेस्का अगाडी गई
'इच्छित् वस्तु हुनेछ प्राप्त' भनि यो * 'वरदान' पैल्हे दिई
पंचम्'भैरवि' शक्ति आफ्नि अनि दी * फेरी पनी त्यै घरी
तेस्को पंचम शिर् शरिर् पनि गर्‍या * पैल्हे भया झैं घरी ९
'छिन्नै मस्तक' रुद्र रूप छटवाँ * शंकरजि आफैं गई
शक्ती आफ्नु बसाइ छैटविं तहाँ * 'श्री छिन्नमस्ता' दिई
रावणको छटवौं शरिर् शीर समेत् * पैल्हे सरीको गरी
'हात्को बस्तु नउम्कने वर दिया' * फेरी पनि तेस् घरी १०
सातौं 'श्री धूमवान' रूद्र रूपले * पाल्नू भई फेर् तहाँ
सातौं शक्ति निजी 'धुमावति' दिई * तेस्का शरीरै महाँ
सातौं रावणको शरीर शिर फेर् * पैल्हे दुरुस्तै गरी
'होलास्लौप्रतिछन्दिशून्य' भनिफेर् * 'वरदान्' दिया तेस् घरी ११
फेर् 'बगुला मुख' रुद्र आठउँ भई * तेस्का अगाडी गया
'श्रीबगुलामुखि' शक्ति आठउँ निजी * तेस्का शरीरमा दिया
आठौं रावणको शरीर शिर फेर् * पैल्हे सरीको गरी
'अष्टैसिद्धि सदा हउन् वश महाँ * 'वरदान् दिया' त्यो घरी १२
नौवौं फेरि 'मतङ्ग' रुद्र रूपले * तेस्का नजिकमा गयी
'मातङ्गी नवमाँ दि शक्ति जिनकी * अत्यन्त खुशी भयी

वशमा बाह्र प्रयोग हरु पनि हउन् * 'वरदान' फेरी दिया
नौवौं शिर र शरिर दुरुस्त चणमा * तेस्को गरेको थिया १३
फेरी रुद्र 'कमल' स्वरूप दशवौं * आएर संमुख अनी
शक्ती आफ्नुदशौं सवाणिकमला' * तेस्मा बसाए पनि
वरदान्'फेरि गरे मिलुन्'नऊनिधि * इच्छा हुँदैमा' यहाँ
रावणको दशवौं शरिर शिर पनी * पाऱ्या दुरुस्त तहाँ १४
तेतीसम्म मई पनि शिवाजिको * प्रत्यक्ष दर्शन् यहाँ
सैले पाइन गर्दछु भनी अटोट * लीएर रावण् तहाँ
आफ्ना दश मुखले स्तवन् गरितहाँ * ताण्डव् गरी खुब् सँग
हज्जार वर्ष भरी गरी तप अधिक् * तेस्ले रिझायो शिव १५

रावणकाई शिव पार्वतीजीको प्रत्यक्ष दर्शन् र पार्वती समेत आत्मलिङ्ग मिलेको ।

गौरी शंकर फेर् 'वरंब्रुहि' भनी * प्रत्यक्ष सामने हुँदा
देखि पार्वति सुन्दरी स्वरुपकी * मो मुग्ध रावण् तदा
तेस्ले नम्र भएर शंकरजिमा * बिन्ती चढाई लियो
मेरा निम्ति अप्राप्य छैन अब क्यै * केवल् कृपालु प्रभो ! १
पूजन् नित्य गरोस् भनेर दिनुहोस् * श्री आत्मलिङ्ग अनी
'पत्नी छैन सुहाउँदी सकन होस् * बक्सिस्स' इ देवी पनि
पाए एति कृतार्थछु जब भन्यो * तेस् रावणैले तहाँ
शंकरले बुझि नाश तेस् अधमको * गम्नु भयो मनमहाँ २
यस्ले स्त्री-रुप मोहमा परि दिए * संकष्ट साध्वीकन
दश विद्यादिक शक्तिले तजि दिनन् * वर नष्ट होला पुनः
'मर्ला सोहि बखत' भनी प्रकटमा * गौरी र लिङ्ग दियी
'राक्षस् जुन् स्थलमा तँ इन्कन तहीं' * बस्लान् प्रतिष्ठित मयी ३
मन्दै यो शिवजी बिलुप्त हुनु भो * फेर् रावणैले तहाँ
गौरी औ शिवलिङ्ग त्यो लिई हिड्यो * खूशी भई मनमहाँ ४

यो बार्ता त्रिभुवन् भरी फिंजि गयो * सुनेर सोही कुरो
बिस्मात् विष्णु विधि र देवऋषिमा * अत्यन्त ठूलो पऱ्यो
माता पार्वतिलाई तेसूसित गई * उद्धार गर्नै मनी
नारदूलाइ खटाइ बक्सनु भयो * चाँडो हरीले पनि ५

रावणले नारदजीबाट फकीएर पार्वती र आत्मलिंग त्याग्नु र तिन्को प्रतिष्ठा ।

भेटे रावणलाइ नारदजिले * गोकर्ण तीर्थै महाँ
देखी ती ऋषिलाइ दम्भ सितले * फेर् मन्छ रावण् तहाँ
ब्रह्मा औ शिवको जउन् रित गरी * तेसले तपस्या गऱ्यो
जुन् रित् दानव,देव,यक्ष अरु नाग् * देखी त्यसनै भयो १
दश् विद्यादिक शक्ति वर् सहितले * जस्ता किसिमले मिल्यो
गौरी औ शिवलिङ्ग प्राप्त जसरी * भो सब् क्रमैले कह्यो
रावणको सब बात दम्भसितको * सुनेर नारद् तहाँ
प्यारो खुब् गरि मन्दछन् यति ठूलो * तेरो तपस्या महाँ २
झुक्यायाएर तँलाई शम्भु विधिले * माग्नलि 'वरदान्' दिए
गौरी औ शिवलिंग नक्कलि दिई * तप् व्यर्थ तेरो लिए
तेत्रो दुष्कर तप् गरी अमर या * मृत्युञ्जयीथ्यो हुनू
मन्छ् गूढ कुरो तँ गर् यहि गरे * होलास् तँ तेस्तो बरु ३
मेरा दाजू पुलस्त्यको तँ बुझिले * नाती भएछे हुँदा
मेरो नाति पनी तँ होस् र अहिले * यो मन्छु खुसी कुरा
'आफ्नी छोरि सरस्वतीसँग गरुन् * गर्ने लिंदा मन्सुब'
शंकरको भइ श्राप खण्डित भयो * पंचम् विधीको शिर ४
गर्दाको रुपको भयो शिर उही * ब्रह्माजिको त्यो अनी
गर्दाछन् तप शम्भुको 'जुनि गधा' * आफ्नु छुटोस् यो भनी
'स्पर्शै मै मम श्रेष्ठ भक्त करले' * यो रूप् छुट्ला तब
ब्रह्मालाइ वचन् छ फेर् शिवजिको * सोही हुनाले निज ५

गर्दभ् रूप लिएर मानसरमा * वस्छन् विधाता गयी
तस्मात् कारणले नअल्मलि कतै * पुग्नू छिटो गै तहीं
तेरो स्पर्श भएर गर्दभ जुनी * छुट्ने विधीको हुँदा
तैंले गैकन अंकमाल् गरिलिनु * ऐल्हे सरासर् तदा ६
तेरो स्पर्श भएर लुप्तछ हुने * गर्दभ् शरिर् त्यो तर
हातको वस्तु नउम्कने तँकन भै * श्री छिन्नमस्तक् वर
हातमानै रहनेछ शिर् विधिजिको * गर्दभ् स्वरुप् त्यो जब
आफ्ना मस्तकमा धरेस् मुकुट भैं * तेस्लाइ तैंले तब ७

सहश्रदलकमल् नै आसनी हो विधीको
स्थित छ उ त सदा नै सिंधूमा अमृतैको
विधि शिर-उहिं तैंले माथमा आफ्नु धर्लास्
कमल उहिं उ शिरको आसनी रूप देख्लास् ८
कमल स्थित हुने भै फेर् सुधा-सिन्धु माहाँ
कमल मनि रहन्छन् सिंधु आफैं ति ताहाँ
यसरी बसि सुधा त्यो माथमा जाई तेरा
प्रतिदिन तैं सुधाको पाउलास् एक थोपा ९

संचित् भैकन नाभिमा गइ बसे * एक् बुन्द अमृत् नित
हुनेछस् तैं अमर् त्रिलोक बिचमा * मृत्युञ्जयी निश्चित
बार्ता सब् अति लोभनीय सुनि त्यो * रावण् विकल् खुब् भयो
गौरी औ शिवलिंग फ्याँकि तहिं नै * फर्की हिमाल्मा गयो १०
श्री गौरी शिवलिंग तेस् अधमले * फ्याँकेर फर्क्यो जब
ब्रह्मा विष्णु महेश देव ऋषि सब् * तेस ठाउँ आए तब
तेस् गोकर्णविषे उही घरि छिटो * तिन्को प्रतिष्ठा गरे
खुसी भैकन फेर् त्रिदेव सँग ती * द्योतादि सारा फिरे ११

रावणले गर्दभ विधिजीको मस्तक धारण गर्दा नाभीमा अमृत पुगेको कथा।

रावण त्यो पुगि मानसर् नजिकमा * देख्यो गधा रूप् विधी
तेसूले जाइ गऱ्यो तुरुन्त उ बखत् * तिन्को अंगालो धरी
नारदूका कथनानुसार् शरिर त्यो * गर्दभ् विधिको तदा
लुप्तै भो तर शिर् रह्यो करविषे * तेस् रावणैको खड़ा १
तेसूले गर्दभ शिर् धऱ्यो शिर उपर् * शिर् स्थापना भो जब
पौंऱ्या आसनि रूप् कमल उसमनी * अमृत् समुद्रै तब
तालूबाट रसाइ नाल पथले * थोपा सुधाको पनि
नाभीमा दिनहुँ पुगी अमर त्यो * मृत्युञ्जयी भो अनी २
पैल्हे इन्द्रिय दश् गरेर् नशमा * ब्रह्माजिको शम्भुको
गर्दामा तप सिद्धि प्राप्त हुनगो * तेसूलाइ तेत्रो ठूलो
कामुक् भै गदहा जुनी विधिजिको * त्यो भै दिएका सरी
तेसूको इन्द्रिय दश् भयो च्युत पछी * मस्तक् गधाको धरी ३

रावणको जगतलाई एकाम्म गरने प्रयत्न र "रक्ष" संस्कृति स्थापना।

यस् रितूले विधि शम्भुको 'वर' हुँदा * गर्दभ् स्वभाव् फेर् लिई
तेसूले दिग्जय गर्न निश्चय गऱ्यो * ब्रह्माण्ड सारा गई
दश् विद्यादिक शक्ति अमृत समेत * संचित् भई नाभिको
उसूमाथी शिरमा वसेर गदहा * मन्पर्दि गर्ने भयो १
मामाहेरु प्रहस्त आदि अति विर् * तेसूका एघारै थिया
एघारैतिर पृथिवमा खटन भै * खुब् भाँडभैलो गऱ्या
दक्षिण् भारतका समुद्र तिरका * सब् द्वीप् वशमा गऱ्यो
दाजू यक्ष कुबेर् विमातृसँग फेर् * बलूजफ्ति लंका हऱ्यो २
फेर् मन्दोदरि दैत्यराज् मयसुता * तेसूले विवाहा गरी
तेसूका उन्तिरबाट पुत्र अति वीर् * पैदा भया तेस् घरी
जेठो मेघ समान गर्जन गरी * पैदा भएथ्यो गई
तेसको नाम् पनि मेघनाद् हुनगो * साहै बलीयो भई ३

किष्किन्धा पति बालि बाँदर तथा * वीर् कीर्तवीर्यार्जुन
पातालका असुरेन्द्र श्रीबलिजिको * बल्ले नमेटीकन
मैत्रीलाइ बली दुहित्रि वृषम * ज्वालाजिका सङ् महाँ
साख्वैमाइ ति कुम्भकर्ण सितको * लग्नै गरायो तहाँ ४
गन्धर्वाधिप सैलुषै कि दुहिता * सरमाजिका सङ् अनि
कान्छा माइ थिया बिभिषणाजिको * लग्नै गरायो पनि
फेरी वासुकि नाग पुत्री सँगमा * वीर् मेघनादको तहाँ
गर्दा लग्न सुलोचनाकन गऱ्यो * आफ्नी बुहारी यहाँ ५
विद्युद्जिह्व मनेर दानव-पती * पातालको क्वै थियो
बैन्ही सूर्पनखा दिएर उसले * ज्वाँयी बनाई लियो
खर्दूषण् र त्रिशिर् मनेर उसका * सौतेनी भाई थिया
दक्षिण् भारतका अनेक स्थलमा * तिन्लाइ तैनाथ् दिया ६
उत्तर भारतसम्म आई उसले * आफ्नू खलंगा धरयो
मारिच् फेरि सुबाहु सैन्यसँग दीं * तैनाथि तिन्को गऱ्यो
मैं रावण अहिरावणादि अति वीर् * छोरा नरान्तक् भए
मूल् पर्दा निज राज्य आर्जन गरी * तेस्का सहायक् थिए
यसरिछले गरि ठूल्-ठूलासँग तहाँ * सम्बन्ध मैत्री गऱ्यो
आफ्नू बलकन बृद्धि पारि जग यो * वश्मा म गर्छू मन्यो ७
फेरी दानव दैत्य यक्ष नर नाग् * गन्धर्व जगका जिती
इक्ष्वाकू कुलका अरण्यक समेत् * तेस्ले जित्यो भूपति
फेरी इन्द्र वरुण् र यम् सहितले * दिक्पाल हेरू तहाँ
जाई स्वर्गविषे जिती सहजमा * वश्मा गरायो यहाँ ८
वैदिक् संस्कृति, देव आर्य नरको * फेर् आसुरी दानवी
बाँदर् नाग र यक्ष दैत्य सबको * आफ्नो थियो संस्कृति
तेस्मा आसुरी दैत्य दानवि समेत् * जो संस्कृती ती भया

संरक्षक शिवलाइ मानि सबले * ईश्वर बुझेका थिया ६
द्यौता आर्य र यक्ष नाग नरको * बाँदर अरु जो भए
संरक्षक विधिजी र विष्णु भगवान् * ती संस्कृतीका थिए
तेस बेला जति सबै ति संस्कृति थिए * तिनको विरोधी बनी
रावण रक्षाक मै स्वयंभु जगको * ईश्वर मनायो पनि १०
संरक्षक त्रिभुवनपती हरिहर * ब्रह्मा नटेरी अनी
मनपर्दी मत 'रक्ष' संस्कृति नयाँ * तेसले चलायो पनि
ईश्वरबाट विमुख भएर यसरी * गर्दा अनर्गल अती
संज्ञा 'राक्षस'को दियो जगतले * त्यो धेर हुँदा दुर्मती ११
तेसले संस्कृति सबै मिटाइ जगको * एकाम्म गर्छु भन्यो
कार्यैले पनि गर्न तत्पर भई * तेसमा प्रवृत्त बन्यो
हलो सानु नमै नृ-वंश भरि सब * हुन् एक जातका भनी
तोड्नु वर्ण विभेद मनेर सबमा * उदाँ फिजायो पनि १२
मोग्या हुन् सब नारि भूमिसरिनै * संतान स्वातिर हुँदा
कन्या वा विधवा हउन् कि सधवा * रास्नै चलायो प्रथा
द्यौताको सब भाग हरण गरिलियो * मोग्थ्यो बलैले लिई
वैदिक यज्ञ र याग महर्षिहरुको * विध्वंस पार्थ्यो गई १३

रावणका अन्तको आयोजना।

तेसले विश्व सबै प्रकम्पित भई * द्यौता ऋषी जो थिया
नाश हुन् इ भनि फेर त्रिदेव पदमा * जाई शरण गै लिया
देखी रावणको कुकृत्य ति तिनै * अत्यन्त क्रोधित भई
मन्थन संमुख देव आर्य ऋषिका * आएर सांत्वन दिई १
हे द्यौता ऋषि हो! न मान डर क्यै * यस रावणैको अब
अत्याचार गरेर पुण्य निजको * तेसले गुमायो सब
मर्ने यो छ अवश्य ने अब बुझे * शङ्कर वचनले गरी

गर्दा पार्वतिमा कुदृष्टि यसले * साध्वी सिताजी हरी २
सोही कारण रामभुको वचन त्यो * सार्थक गराऊँ भनी
दश विद्यादिक शक्ति रुद्र दशको * वर नष्ट पारी अनी
एघारौं शिव रुद्र रूप हनुमान् * बाँदर् हुनन् भू महाँ
रावण मार्नमहाँ सहायक हुनन् * यी मुख्य रूपले तहाँ ३
मस्तक फेर् विधिको बले सँग लियो * गर्दभ् स्वरूपको भनी
आफ्न तेस् रितको भएर अपमान् * छन् क्रुद्ध साह्रै तिनी
उक्त्साथी पनि भै पनाति उनको * रादास् मतीको मयी
मार्नामा उसका सहायक हुनन् * भै जाम्बवान् रूप विधि४
विष्णुले पनि रामभुको वचनको * पालन् निमित्तक् महाँ
आद्या लक्ष्मि सिताजिका स्वरूपले * गै मोह पार्निन् तहाँ
रावणकि बहिन छोरि जन्मि बढनिन् * राजा जनक् घर् विषे
ब्रह्मा गर्दभ छोरिमा गमनका * हेतु हुनाले ऋषे ! ५
आफ्नै छोरि सिता हरी गमनको * इच्छा गरेको भई
रावण् मारिये हुन्छ मुक्ति विधिको * गर्दभ् भनी त्यो गई
नन्दीको पनि श्राप सार्थक गरी * श्री विष्णुजीले सुन
मार्नन् रावण आदि रादास सबै * नर् रूपले गै कन ६
चौताहेरू सबै यहाँ इ जति छन् * गै बाँनराही बनी
सहायै उनको गरुन् सहजमा * मर्नेछ रावण् भनी
आज्ञा एति गरी त्रिदेव तहिं ने * गुप्तै हुनू भो जब
राम् रूपले भई विष्णुजी अवतरित * मार्नू भयो रावण ७

श्री याज्ञवल्क्य ऋषिले यति सब् सुनाई
फेर् भारद्वाज सुनिलाइ भन्या बुझाई
भन्नू भयो शिवजिले अघि गौरिलाई
भन्छु म राम् चरित त्यो सुन मन् लगाई ८

❀ श्रीइष्टदेवताचरणाकमलेभ्यो नमः ❀

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र रामजी उपाध्याय कृत क्षेपक समेतको



महाकवि भानुभक्तको

रामायण-बालकाण्ड

अथ रामायण माहात्म्य, नारदपूर्व वृत्तान्त, नारद ब्रह्मा सम्वाद ।

(ब्रह्मा मानस पुत्र नारद मुनी * पैल्हा जनम्का थिया
फेरी दक्षप्रजेशका सुत इनी * दोस्रा जनम्मा भया
दासी पुत्र भया महर्षिहरूका * तेस्रा जनम्मा जब
सप्तर्षी उपदेशले इनि भया * ब्रह्मर्षि प्रख्यात तब)

एक्दिन् नारद सत्यलोक् पुगि गया * लोक्को गरुँ हित् भनी
ब्रह्मा ताहिं थिया पन्या चरणमा * खूशी गराया पनि
क्या सोध्छौ तिमि सोध भन्छु म भनी * मर्जी भएथ्यो जसै
ब्रह्माको करुणा बुझेर ऋषिले * बिन्ती गऱ्या यो तसै ।
हे ब्रह्मन् ! जति हुन् शुभाशुभ सबै * सुनी रह्याछ कछू
बाँकी छैन तथापि सुन्न अहिले * इच्छा म यो गर्दछू
आऊला जब यो कली बखतमा * प्राणी दुराचार् भई
गर्न्याछन् सब पाप् अनेक् तरहका * नीच्का मतीमा गई ।

साँचो बात गरैन कोहि अल्के * गर्नन् ति निन्दा पनि
अर्काको धन खानलाइ अभिलाष * गर्नन् असल् हो भनी
कोही जन्न् त परस्त्रीमा रत हुनन् * कोही त हिंसा महाँ
देहैलाइ त आत्म जानी रहनन् * नास्तिक् पशू झैं यहाँ ३
कामुकका चाकर झैं भएर रहनन् * स्त्रीलाइ चौता सरी
मान्नन् पितृ र मातृलाई बुझि खुब् * शत्रू सरीका गरी
ब्राह्मण् भैकन वेद बेचि रहनन् * कोही पढुन् ता पनि
धन् ठूलो छ भनी मन्या सहज धन् * आर्जन् गरौंला भनी ४
जाती धर्म रहैन चान्हरुमा * जो छन् इ नीचाहरु
शूद्रादी त तपस्वी होइ रहनन् * ब्राह्मण् सरीका बरु
स्त्री घेर् भ्रष्ट हुनन् पती र सशुरा-* को द्रोह ठूलो गरी
यस्तुता हुष्ट कसोरि मुक्त त हुनन् * संसार सागर तरी ५
यो चिन्ता मनमा भयो र अहिले * सोधूँ उपायै भनी
आयाको छु दयानिधान ! कसरी * तर्नन् सहज् ती पनि
यस्तालाइ उपाय तर्न सजिलो * कुन् हो उ आज्ञा गरी
मेरो चित्त बुझाइ बक्सनुहवस् * क्यालेइ जान्कन् तरी ६
नारदले दुनियाँ उपर गरि दया * बिन्ती गऱ्या यो जसै
ब्रह्माजी पनि खुब् प्रसन्न हुनुभै * मर्जी भयो यो तसै
हे नारद् ! सब पाप हर्नकन ता * रामायणैका सरी
अर्को मुख्य उपाय छैन सबको * हित् यै छ अमृत् सरी ७
शम्भूदेखि सुनेर तत्व सब यो * गान् पार्वती गर्दथिन्
रामको नाम अपार जानि बहुतै * आनन्दमा पर्दथिन्
जस्ले गान्कन गर्दछन् ति त सहज् * संसार पार् तर्दछन्
कालैको पनि ताप् हुँ दैन भय ताप् * तिन्का सहज् छुट्दछन् ८

यो सब् शास्त्र विषे बड़ो छ रघुनाथ् * को रूप् जनाई दिन्या
जो छन् सब् इ पुराणहेरु सबमा * यै मुख्य जानी लिन्या
गर्छन् कीर्तन सुन्दछन् पनि भन्याँ * पाउँदछन् फल् भनी
तिन्को पुण्य बखान गर्न त सबै * सक्तीन मैंले पनि ९
सुन्याथ्याँ शिवदेखि यो त महिमा * एक् श्लोक् पढुन् ता पछि
भक्तीले यदि यो पढ्यो पनि भन्या * पाप् छुट्छ सारा भनी
जो एकचित्त गरेर पाठ खुशिमै * गर्छन् सदा यै भन्या
जीवन्-मुक्त तिनै त हुन् नर भई * ईश्वर् सरीकै बन्या १०
पूजा पुस्तकको गऱ्यो पनि त फल् * एक् अश्वमेधको सरी
पाउँछन् मुनि यो कहीं पनी भन्या * पाप् छुट्तछन् त्यै घरी
जो ता पुस्तकको नजिक् गइ प्रणाम् * मात्रै फगत् गर्दछन्
त्यसूता जन् सब देवता पुजि हुन्या * फल्भोगमा पर्दछन् ११
चारै वेद पढेर शास्त्रहरुको * व्याख्यान गर्दा भनी
पाईदैन उ फल् त पाउँछ सहज् * पुस्तक् दिनाले पनि
भक्तीले कहिं भक्तको घर गयी * एकादशीमा कहीं
चौबिश् पल्ट पुरश्चरण गरिहुन्या * गायत्रिको फल् भयो १२
जसले रामनवमी उपासि खुशिले * जाग्राम् समेतै गरी
यो रामायण पाठ् गरोस् कित सुनोस् * तन्मन् यसैमा धरी
त्यसले तीर्थ पिछे तुलापुरुष दान् * सूर्य ग्रहणमा गऱ्यो
यसमा संसय छैन जान्नु सबले * आनन्दमा त्यो पऱ्यो १३
रामायणकन गाउन्या पुरुषको * आज्ञा त इन्द्रै पनि
मान्छन्, श्री रघुनाथका प्रिय इ हुन् * मान्न्या इनै हुन् भनी
दिन्दिन् यसकन पाठ् गरेर जसले * सत्कर्म गर्छन् जती
कोटीगुण फल बढ्ति मिल्छ सबको * घट्तैन तिन्को स्ती १४

यस्मा राम् हृदयेछ पाप् हरिलिन्या * क्वै ब्रह्मघाती पनि
शुद्धात्मा बनिजान्छ दिन्दिन पढ्या * गर्छन् कृपा राम् धनी
रोज्रोज्तीनपटक् अगाडि हनुमान् * राखेर पाठ् गर्छ जो
जस्तो भोग्कन गर्न खोज्दछ उ भोग् * सम्पूर्ण पाउँछ सो १५
जो यो पाठ् तुलसी पिपल् वरिपरी * गर्छन् प्रदक्षिण गरी
तिन्को पाप् सब जन्मको जति त छन् * छुट्छन् ति सोही घरी
तिन्को राम गिता छ भन् अति ठुलो * जस्को महात्म्यै पनि
सब् जान्या शिवमात्र छन् अरुत क्वै * जान्दैन यस्तो मनी १६
आधा पार्वती जान्दछिन् मत्त अर्मै * चौथाइ पो जान्दछ
गीता पाठ गरेर नाश नहुन्या * पाप् छैन यो मान्दछ
रामले वेद मंथन् गरीकन भिक्या * गीता र अमृत् सरी
लक्ष्मणलाइ दिया तहाँ पढिलिया * जाइन्छ संसार् तरी १७
माछे निश्चय कार्तवीर्य भनि खुब् * ठूलो इरादा धरी
पढ्न्या श्री शिवथ्यैं गई परशुराम् * दिन्दिन् चरणमा परी
पढ्थिन् पार्वति रामगिता तहिंसुनी * पाठ् गर्न लागी गया
रामगीता तहिं देखि पाठ् गरिलिया * नारायणै ती भया १८
मैन्हादिन् यहि रामगिता पढिलिया * सब् ब्रह्महत्या हरू
छुट्छन् ता अरू छुट्तछन् सकलपाप् * भन्या बयान् क्यागरूँ
शालिग्राम् तुलसी पिपल् कित वड़ा * संन्यासिथ्यैं जो गई
रामगीताकन पाठ्गऱ्यो यदिभन्या * ठूलो माहात्मा भई १९
जुन् फलछन् मुखले भनी नसकिन्या * सो फल् त भोग् गर्दछन्
कोही श्राद्ध विषे पढुन् त तिनका * पितृ सबै तर्दछन्
पैल्हे खूब नियम् गरी दशमिमा * एकादशीमा पनि
आसन् बाँधि अगरित वृत्तमनि पाठ् * गर्छ म गीता भनी २०

रामगीताकन पाठ् गरीकन बहुत् * श्रद्धा गरी पढ्छ जो
तेसलाई त नमन्नु मानिस भनी * रामै सरीको छ त्यो
दान् ध्यान् तीर्थ कदापि केहि नगरी * यो रामगीता पढी
बस्छन् जो ति अनन्तका पदविमा * जान्छन् सहज्पार् तरी १
धेरै बात गरेर हुन्छ अब क्या * रामायणै हो जबर्
पाप् हर्नाकन छैन केहि बुझ यो * एसै सरीको अवर्
जान्छन् स्तोत्र पुराण् श्रुतीस्मृतिहुता * सोहै कलामा पनि
पुग्दैनन् त बखान् कहाँतक गरू * हो फेरि हल्को भनी २३
यो रामायणको माहात्म्य विधिले * नारदजिलाई कही
लाग्या फेर् पनि भन्न यस तरहले * ब्रह्माजि खुशी भयी
पाठ्गर्छन् कित सुन्दछन् यदि भन्या * यो येति सुन्दा पनि
जान्छन् सब् उहि विष्णुका पुरिमहाँ * खुब् पूज्य सबका बनी २३

अथ शिव पार्वती सम्वाद।

कैलाशमा भगवान् सदाशिव थिया * ध्यानमा बहुत मन् दिई
बामकाखमा बहुते पियारि हितकी * श्री पार्वतीजी लिई
एकदिन् पार्वतिले पनि शिवजिथ्यैं * सोधिन् चरणमा परी
आफू तां सब जान्दथिन् तर दया * सम्पूर्ण लोकमा गरी १
हे नाथ् ! बिन्ति म गर्दछु हजुरमा * राम् हुन् जगत्का पति
रामदेखी अरु कोहि छैन जनको * संसार तर्न्या गति
जसको भक्ति गर्‍योभन्या अतिगँभीर * संसार सागर महाँ
नौका मैं तरिजान्छ झट्पट गरी * देहै उ जनको तहाँ २
यस्ता रामकन् लोकमा जनहरू * एक् ईश्वरै मन्दछन्
केही तत्त्व नपाई मूर्खहरु ता * मानिस् सरी गन्दछन्
भन्छन् कोहि त राम ईश्वर भया * शोक् क्यान तिन्ले गरया
सीता रावणले जसै हरि दियो * हल्ला विपत्मा पर्‍या ३

ईश्वरलाइ त शोक हुँदैन त भनूँ * हुँदैन अज्ञान पनि
इन्मा यो सब देखियो त कसरी * जानूँ म ईश्वर भनी
लोक यस्तोपनिभन्छकोहि भगवान्! * यसमा विचार खुब गरी
यसतो हो सब यो बताउनु हवस * सन्देह मेरो हरी ४
यसतो प्रश्न सुनेर पार्वतिजिको * खुशी पनी खुब भया
राम यसता प्रश्नु हुन् भनेर शिवले * सब तत्व ताहीं कह्या
सून्यौ पार्वति! राम अनादि परमे * श्वर हुन् ति आकाश सरी
सब ढाकीकन बस्तछन् अघि विराट * सम्पूर्ण सृष्टी गरी ५
जस्तै चुम्बकका नगिच् परिगया * तान्छन् इ लोहा पनि
त्यसतै जसकन पाइ नाच्दछ जगत् * नाना प्रकारका बनी
यसतो तत्व न जानि मानिस विचार * रामलाई जो गर्दछन्
संसारका इ अनन्त तापहरु तिनै * लाई सदा पर्दछन् ६
बादलले भूमि ढाक्छ ढाक्छ कहिंक्या * श्री सूर्यलाई पनि
लोक्ता भन्छ उठ्यो र बादल हुलो * सब सूर्य ढाक्यो भनी
तेसतै तत्व न जानि बोल्छ जन जो * सो भन्छ मानिस् पनि
योगी ज्ञानि त चिन्दछन् इ रघुनाथ् * त्रैलोक्यका नाथ् भनी ७
जसलाई रिङ्टा छ भन्छ उ फगत * घुम्छन् इ पर्वत् भनी
घुम्दैनन् ति त घुम्छ तेहि रिङ्टा * जान्दैन कोही पनि
अज्ञान हुन् रिङ्टा हुन्या जनहरू * भन्छन् छि मानिस् भनी
राम ता हुन् परमेश्वरै सकल यो * चौधैभुवनका धनी ८
सूर्यैमा पनि अन्धकार छ कहिंक्या * तेसतै इ राममा पनि
शोक अज्ञान् रतिकैन जान्नु सबले * आत्मा इनै हुन् भनी
अर्को गोप्य रहस्य भन्छ सुन यो * सम्बाद् सीतारामको
भूभार हर्न त काम थियो जब हर्‍या * छिनछान् भयो कामको ९

सीताजीले हनुमानजीलाई तत्वज्ञान दिएको।

भूमीको सब भार् हरेर रघुनाथ् * राज् गर्न लाग्या जस्ले
देख्या श्री हनुमानलाई र दया * आयो प्रभूमा तस्ले
सीतालाई हुकुम् तहाँ दिनुभयो * सीते ! हनूमान् बड़ा
हाम्रा भक्त भया इ तत्व लिनको * खातिर् यहाँ छन् खड़ा १
इनूलाइ तिमी तत्व देउ भनि यो * आज्ञा भएथ्यो जस्ले
सीताले हनुमानलाई दिनुभो * छन् तत्व हो सब् तस्ले
आर्को तत्व त केहिछैन हनुमान् ! * छन् आज अर्को कहूँ
रामूहुन् ब्रह्म इनै कि शक्ति बलियो * माया भन्याको म हूँ २
रामको सन्निधि पाई गर्छु सब् काम् * सृष्टी र पालन् पनि
आरोप् रामविषे गरिन्छ सब यो * गर्न्या इनै हुन् भनी
यो निर्मल् रघुवंशमा प्रभुजिले * जो जन्म ऐल्हे लिया
विश्वामित्र निमित्त यज्ञहरुको * राखी दया मन् दीया ३
जो पाप् गौतम पत्निको हरिदिया * जो माँचि दीया धनू
जो मैलाइ बिहा गर्न्या सब कुरा * यसूता कहाँ तक् भनूँ
जस्ले गर्व हर्न्याति वीर् परशुराम् * को, जो अयोध्या बस्या
बाह्रै बर्ष बिहा गर्न्या पछि बसी * जो ता बलैमा पर्स्या ४
यसूता ई जतिकाम् भन्याति सबकाम् * गर्न्या मू हूँ ता पनि
भन्छन् लोक त रामलाइ सबका * कर्ता इनै हुन् भनी
अन्तर्यामि अनादि शक्ति त हुन् * कर्ता कहाँ ती थिया
मेरो गूण लिंदा त लोकहरुले * कर्ता भनी पो दिया ५
एती ताहिं सिताजिबाट उपदेश् * पाई सक्याथ्या जसै
आफैं राम् प्रभूले पनी दिनुभयो * फेर् तत्वको ज्ञान् तसै
यसूतो हुन्छ परात्म जान यहि हो * यै हो अनात्मा भनी
आत्मा औं परमात्मलाई बुझिंदा * पाइन्छ मुक्ती पनि ६

आत्माको र परात्मको छ कति फेर * ती एक जानी लिनु
छुन्छुन् चीज अनात्म हुन् उतझुटो * जानेर छाड़ी दिनु
आत्माको र परात्मको गरि बिचार * एक् तत्व जान्यो जसै
अज्ञान् सब् छुटि जान्छ त्यो पुरुषको * मै तुल्य हुन्छन् तसै ७
यो मेरो हृदयै त हो प्रिय छ यो * खुब् गुप्त राख्नू पनि
तत्वैज्ञान् भनि यै कहिन्छ बुझिलयौ * सून्यौ हनूमान् ! भनी
तत्वैज्ञान् हनुमानलाइ रघुनाथ्-* ले यै दिनूभो तहाँ
सोही ज्ञान् तिमिथ्यैं कहीं सब् सक्यौं * सम्पूर्ण मैंले यहाँ ८
सुन्यौ पार्वति ! रामको हृदय यो * जो-जो त पाठ् गर्दछन्
जो छन् जन्म सहस्रको सकल पाप् * तिन्को सबै टर्दछन्
जोता भ्रष्ट अधम् हवस् त पनिलौ * यसलाइ खुब् पाठ् गरी
रामको ध्यान पनि गऱ्यो यदि मन्या * त्यो जान्छ संसार् तरी ९

शिवजीबाट रामचरित्र वर्णन।

सूनिन् पार्वतिले अपार महिमा * यो रामजीको जसै
फेर् विस्तार् गरि सुन्नलाइ मन् भो * ती पार्वतीको तसै
बिन्ती फेर् शिवथ्यैं गरिन् पनि तहाँ * हे नाथ् ! सबै रामको
लीला सुन्न मलाइ मन् हुन गयो * एही बुझ्याँ कामको १
सुनोस् रामलीला मनेर म उपर् * माया बहूतै घरी
सब् लीलाहरु फेर् बताउनु हवस् * जो छन् ति बिस्तार् गरी
यो प्रेम् पार्वतिको सुनेर शिवले * खुब् प्रेम राखिन् मनी
जो जो हुन् सब रामचरित्र शिवले * ताहाँ बताया पनि २
ई भूसीकन रावणादिहरूले * भारी बनाई दिया
भारी भै ति रुँदै गइन् उहि जहाँ * ब्रह्मा बस्याका थिया
पापी धेर् भइ भार् भयो भुवन तो * यो भार् छुटोस् लौ भनी
आयौं आज दयानिधान् ! चरणमा * यो बिन्ति पारिन् अनि ३

यसतो बिन्ती सुनी दया पनि उठ्यो * ती भूमि माथी तहाँ
दौड़ी क्षीरसमुद्रका तिर गया * बिष्णू रहन्थ्या जहाँ
इन्द्रादीहरु साथमा लिइ स्तुति * ताहीं गर्‍याथ्या जसै
सर्वात्मा भगवान् प्रसन्न हुनु भै * दर्शन् दिनुभो तसै ४
देख्दा सुन्दर रूप् जसै प्रभुजिको * ब्रह्मा चरणमा पर्‍या
भक्तीले स्तुति खुब् गरेर खुशि भै * हातजोरि बिन्ति गर्‍या
हेनाथ! रावण दुष्ट भै सकल लोक- * लाई बिपत्ती दियो
इन्द्रादीहरुको त तेज् सहजमा * खैंचेर तेसले लियो ५
यसलाई अब मारि बक्सनु हवस् * मानिस् सरिको बनी
मानिस् देखि मरेस् भनेर 'वरदान्' * दीई स्वाछ भनी
ब्रह्माको यति बिन्ति सूनि भगवान् * को यो हुकुम् भो पनि
रावणलाइ म मारुँला सहजमा * मानिस् सरीको बनी ६
माया मेरि सिता भएर रहिनिन् * छोरी जनकुकी भई
छोरा भैकन जन्मुला म दशरथ्- * जीका घरैमा गई
सीतालाई लिएर पूर्ण गरुँला * बिन्ती म तिम्रो भनी
अन्तर्ध्यान् भगवान् तहाँ हुनु भयो * त्रैलोक्यकानाथ् पनि ७
अन्तर्ध्यान् भगवान् जसै हुनुभयो * इन्द्रादि लाई पनि
ब्रह्माले खुशि भै अहाउनु भयो * भूलोक जाऊ भनी
मानिस् मै भगवान् जती ति रहन्नन् * तेस् पृथ्वि तलमा गई
बानर् मै तिमिहेरु सब् पनि रह्या * साहाय जस्ता भई ८

ब्रह्माजी पनि सत्यलोक् गइगया * एती अह्राई बरी
इन्द्रादी पनि बानरै भइ रह्या * सब् पृथ्वि लोकमा झरी
(ब्रह्मा मानस पुत्र कश्यपजिका * तेह्रौटी पत्नी सँग
चौता, दैत्य, मनुष्य, जीवहरु सब् * जन्मी बढ्यो यो भव ९

कश्यप पुत्र मरीच सूर्यजि तथा * श्री सूर्य पुत्रै मर्‍ह
इक्ष्वाकु भर्‍ह सूर्यकौ कुल चल्यो * सोही कुलैमा गर्‍ह
राजा श्री रघु जन्मि वंश रघुको * प्रख्यात भएथ्यो यहाँ)
त्यै कुलमा दशरथ बड़ा विर भया * राजा अयोध्या महाँ २
तिन्‌को बृद्ध उमेर भयो त पनि एक * छोरा भयानक मनी
ताप्‌ले पूर्ण भर्‍ह गुरूसित गई * सोध्या उपायै पनि
हे सर्वज्ञ मुने ! कसोगरि हुनन् * छोरा मलाई अहो !
(छोरो एक् नभएर व्यर्थ अहिले * यो जन्म मेरो भयो ३
ब्रह्माका सुत ती वशिष्ठ गुरु हुन् * पैला जनम्‌का तिनी
इक्ष्वाकू सुत मैथिलेश निमिको * पाएर श्रापै अनि
जन्मे उर्वशि गर्भदेखि पछि ई * मित्रावरुण वीर्यले
कर्दम् पुत्रि अरुन्धती सँग भयो * इन्‌को बिवाहै बुझे ४
इक्ष्वाकू नृपले इनैकन गुरू * कुल्‌का बनाई लिया
तत्पश्चात् रघुवंशका कुल-गुरू * स्थायी वशिष्ठै थिया)
यस्‌कामले फल मिल्छ यो भनि सबै * जान्न्या वशिष्ठै थिया
त्यस्‌तो बिन्ति सुनी वशिष्ठ गुरुले * युक्ती बताई दिया ५
हुन्छन् पुत्र अवश्य जल्दि महराज् ! * एक् यज्ञ ऐल्हे गर्‍या
शान्ताकापति ऋष्यश्रृङ्ग ऋषिलन् * ती डाक्नु ऐल्हे पर्‍या
(जेठी पुत्रि हजूरकी अघि थिइन् * शान्ता भन्याकी जऊन्
छोरी पोष्य भएर अङ्ग नृपका * घरमा ति बढ्दी भइन् ६
ऋष्यश्रृङ्ग विभाण्डपुत्र सँगमा * तिन्‌को विवाहै भयो
ब्रह्माका वरले ति ऋष्यश्रृङ्गमा * यौटा ठुलो गुण थियो
सक्छन् पुत्र दिनै अपुत्रकन ती * पुत्रेष्टि यज्ञै गरी
थाहा त्यो सब मै मलाइ नृपते ! * भन्छ यहाँ यो घरी) ७

ती हामी बसि यज्ञ एक हजुरका * खातिर् गरौंला जसै
चार् छोरा अति वीर् हुनन् हजुरका * सन्ताप छुट्नन् तसै
यस्तो अर्ति वशिष्ठको जब सुन्या * राजा बहुत् खुश् भया
शान्ताका पतिलाई डाकिकन खुब् * याग् गर्न लागी गया ८
ऋष्यशृङ्ग वशिष्ठ द्वइ ऋषिले * होम् गर्न लाग्या जसै
पायस्को थलिया लिईकन तहाँ * आया ति अग्नी तसै
यस् पायस्कन आजलेउ महाराज! * छोरा हुन्याछन् भनी
राजालाइ दिया र पायस तहाँ * लूक्या ति अग्नी पनि ९
राजा खुशि भया र पायस तहाँ * कोमल् चरणमा परी
कौशिल्या र ति कैकयीकन दिया * पायस् द्वबै भाग् गरी
(स्वायम्भुव् मनु फेरि श्री शतरुपा * सन्तान् विधीका थिया
छोरा विष्णुजि पाउने मन गरी * तप् गर्न लाग्दा भया १०
तिन्को त्यो तपले प्रसन्न हुनुभै * सम्मुख् प्रकट् भै हरी
इच्छा कुन् वरको छ दिन्छु मयिंले * भन्नू भयो त्यस् घरी
भन्छन् दम्पति ती प्रभो ! हजुरनै * सन्तान हाम्रो बनी
धोको मेटि दिनोस् अकिञ्चन हुबै * हुन् भक्त मेरा भनी ११
यस्तो बिन्ति सुनेर फेरि हरिको * आज्ञा भयो यो तहाँ
त्रेतामा गइ "राम" पुत्र हुइको * हुँला अयोध्या महाँ
यस्तो वरकन पाइ दम्पति हुबै * फर्केर घरमा गया
कौशल्या दशरथ् भई पछि उनै * यस पृथ्विमा जन्मिया १२
दक्षिण् कोशलराजकी शतरुपा * जन्मिन् भई कन्याता
रावणले निज काल ठानि शिशुमै * हर्दोमयो ती सुता
सुम्प्यो राघव मत्स्यलाइ विधिले * त्यो चाल पाई तहाँ
मारी राघव मत्स्य त्यो शिशु दिया * फेरी सुमन्त्रै महाँ १३

बिहा भो दशरथजिका सँग पत्नी * इनको विधानले गरी
कौशल्या सुत प्राप्ति पायस मिलो * खुशी भइन् त्यो घरी
खानू बाँकि थियो उसै बखतमा * आइन् सुमित्रा पनि
कौशल्या र ति कैकयी सित मनिन् * ल्वै भाग मेरो भनी १४
डुबेले दुइ भाग देखि भिकि भाग् * तिनको पुऱ्याई दिया
तिन् रानी मिलि सोही पायस तहाँ * सम्पूर्ण खाई लिया
तीनै रानि ति गर्भिणी पनि भया * तेज् देवताका सरी
देखीयो सब रानिको सकल लोक् * खुशी भया त्यस् घरी १५
कौशल्या जननी गराइ भगवान * 'श्री राम' पैदा भया
देखिन् श्री प्रभुको चतुर्भुज स्वरूप् * सब् माइका ताप् गया
हात् जोरी बहुते स्तुती पनि गरिन् * ईश्वर् इनै हुन् भनी
जान्याँ नाथ ! हजुरलाइ सबव * ब्रह्मा स्वरूपी पनि १६
यो ब्रह्माण्ड पनी सहज् उदरमा * लीन्याँ त आफैं थियौ
मेरा आज उदर् विषे बसि यहाँ * यो जन्म ऐल्हे लियौ
देख्याँ भक्त उपर् दया हजुरको * हे नाथ् शरणमा पऱ्याँ
यै मूर्ती प्रभुको सदा मनमहाँ * झल्कोस् पुकारा गऱ्याँ १७
यस्तो दिव्य शरीर् लुकाइकन फेर् * बालक् स्वरूपको बनी
दर्शन् देउ मलाइ हेर्छु भगवान् ! * फेर् बाललीला पनि
तेही बालक मूर्तिलाइ म यहाँ * अङ्गनादी गरी
सब् पापू नष्ट गराउँला र करुणा * होला र जाँला तरी १८
यो बिन्ती महतारिको सुनि हुकुम् * यो भो प्रभूको तहाँ
मातर् ! जुनछ हजूरको हित कुरो * होवस् सबै थोक् यहाँ
डुबे स्त्री पुरुषै भई अघि हुलो * मेरो तपस्या गऱ्यौ
तीमीलाइ म पुत्र पाउँ भनि खुब् * इच्छा यसैमा धऱ्यौ १९



१ दशरथजीले ऋषी सँग पुत्रेष्ठि यज्ञ गर्न आज्ञा पाएको ।

२ अग्नि भगवान् मै दशरथजी- लाई पायस दियेको ।

३ राजा दशरथको रानीहरु लाई पायस दान दियेको ।

४ राजा दशरथको जेठी रानी कौशिल्याजीका गर्भ बाट भगवान् रामचन्द्रजीको जन्म ।

५ दशरथका ३ रानी मध्ये कौशल्या द्वारा राम, कैकेयी द्वारा भरत र सुमित्रा द्वारा लक्ष्मण र शत्रुघ्नको जन्म ।

६ महर्षि विश्वामित्रले चारै जना बालक लाई, धनु विद्या सिकाएको ।

हुँला पुत्र मनेर वर् पनि दिया * सोही कुरालै यहाँ
तिम्रो पुत्र भएर जन्मन गयाँ * व्यर्थै म गर्ग्या कहाँ
कौशल्यासित बात् पनी यति गरी * बालक् सरीका बनी
चेष्टा बालकको लिया प्रभुजिले * खुब् रुनलाग्या पनि २०

राम भरत लक्ष्मण-शत्रुघ्न जन्म।

याहा मो दशरथ्जिलाइ र गया * दर्शन् गर्न्याथ्या जसै
देख्दैमा परिपूर्ण मन् हुनगयो * आनन्द पाया तसै
तत्क्षणमा तहिं जातकर्म पनि भो * सब् काम् शुरुले गर्न्या
कैकेयीतिर ता 'भरत' हुनगया * आनन्दमा सब् पर्न्या १
जन्मल्याहा दुइ पुत्र पाउँदि भइन् * ताहाँ सुमित्रा पनि
जेठा 'लक्ष्मणजी' भया ति दुइमा * 'शत्रुघ्न' कान्छा बनी
तिन् रानीतिर चार पुत्र सुकुमार् * जन्मी सक्याथ्या जसै
भूमी, रत्न, सुवर्ण, वस्त्रहरुको * भारी भयो दान् तसै २
कौशल्या सुतको वशिष्ठ गुरुले * नाम् 'राम' भन्नू भनी
राख्या, कैकेयिपुत्रको 'भरत' नाम् * जम्ल्याहाको नाम् अनी
जेठाको शुभ नाम 'लक्ष्मण' गरी * जुन् चाहिं कान्छा थिया
तिन्को नाम्पनि काम मांफिक असल् * 'शत्रुघ्न' राखी दिया ३
लक्ष्मण् राम्सित खेल्दथ्या भरतथ्यैं * शत्रुघ्न खेल्दा भया
पायसुकै अनुसारले हुन् गयी * प्रीती त बढ्दै गया
बालस्वकाल् बितिगै गयो प्रभुजिको * सब् बाललीला गरी
चारैको व्रतबन्ध भो पढि सक्या * सब् शास्त्रको बोध् गरी ४
खेल्दा क्यै दिनमा शिकार बनमा * साँचा शिकारी बनी
राज्काज् गर्नु जती थियो सकल त्यो * राज्काज् चलाया पनि
राम् हुन् परात्मा ति कहाँ विकारी
यस् लोकमा हुन् नरुप धारी

काम् गर्न लाग्या ति नरै सरीको
लीला अपार् छन् भगवान् हरीको ५

विश्वामित्र परिचय र विश्वामित्रजीले रामलाई जनकपुर लैजेको कथा।

राम् नारायण हुन् मनेर मनले * जानेर मेटूछ मनी
विश्वामित्र ऋषी बहुत् खुशि हुँदै * आया अयोध्या पनि
(सूर्यका सुत श्राद्धदेव मनु एक् * पैल्हे मयाका थिया
तिन्का पुत्र सुद्युम्न भै पछि इला * नाम्का ति नारी मया १
देखी तिन्कन चन्द्रपुत्र बुधले * गर्भै गराई दिया
चन्द्रवंशि पुरूरवा क्षितिपती * तिन्बाट पैदा मया
तिन्का वंशज गाधिपुत्र क्षपती * कौशिक् मयाथ्या इनी
तिन्ले एकदिन श्री बशिष्ठ मुनिको * देख्दा मया नन्दिनी २
हुन्छ ती गउलाई आज म भनी * मन्मा लि कौशिकजिले
पौंच्या आश्रममा र तिन्कन तहाँ * देख्दा बशिष्ठैजिले
हुलो युद्ध भयो बशिष्ठ सँगमा * इन्को भयो हार् अनि
ब्राह्मणबल् बुझि श्रेष्ठ तपगरी पुग्या * ब्रह्मर्षि पद्मा इनी ३
देख्या श्री दशरथ्जिले र बहुते * आदर् ऋषीको गरी
सोध्या काम् किन आज आउनुभयो * मन्दै बहुत् प्रेम् धरी
आदर् पूर्वकको सुन्या प्रिय बचन् * यसतो ऋषीले जसै
आफ्नू दर्द जउन् थियो मनमहाँ * सोही बताया तसै ४
हे राजन् ! सब पर्व पर्वहरुमा * ईश्वर् विषे मन् धरी
गर्छौ कामहरु कर्म, त्यस् बखतमा * आएर होम् नाश् गरी
मारिचले र सुबाहुले बहुत दिक् * गर्छन् र पापी मनी
डुबैलाइ मराउनाकन उठ्यो * रिस् आज मेरो पनि ५
सोही बिन्ति गरूँ मनेर अहिले * आयाँ हजुरमा यहाँ
जेठा पुत्र मलाई बक्सनुहवस् * लैजान्छु ऐल्हे तहाँ

लक्ष्मणसाथ् गरि रामलाइ अधिराज् * ऐल्हे हजुरले दिया
मारिच्लाइं सुबाहुलाइ सहजै * मान्र्या इनैले थिया ६
यसमा अर्ति वशिष्ठको लिनुहवस् * दीना नदीना महाँ
भन्छन् दीनु त बक्सनु पनि हवस् * यै काम आयाँ यहाँ
विश्वामित्रजिको सुनी वचन त्यो * राजा सकसमा पऱ्या
दीऊँ कौं नदिऊँ यही मनमहाँ * चिन्ता बह्नतै गऱ्या ७
सोध्या ताहिं वशिष्ठथ्यैं पनि गुरू ! * यसतो परयो क्या गरूँ
कल्याण हुन्छ कसो गरेर अहिले * अर्ती मिलोस् एक् बरू
रामलाई म नदेखि वाँच्छु कसरी * एक् यै कठिन् भो अनी
इन्लाई नदिया शराप् पनि दिनन् * की लाग्छ यसतो पनि ८
यसमा श्रेय यसो छ यो गर भनौ * पाऊँछु आज्ञा जसो
सोही काम म गर्दछु हित हुन्या * कुन् पाठ् छ गर्नू कसो
यो बिन्ती दशरथ्जिको जब सुन्या * ताहीं गुरूले पनि
रामको गुह्य कुरा सबै भनि दिया * यसता इ राम् हुन् भनी ९
हे राजन् ! तिमि रामलाइ अहिले * हुन् पुत्र मेरा भनी
भन्छौ पुत्र ति हुन् तथापि इ त हुन् * चौधै भुवनका धनी
भूभार् हर्न निमित्त आज भगवान् * यस् पृथिवतलमा भऱ्या
कौशल्या तिर जन्मनू पनि थियो * यो सत्य ऐल्हे गऱ्या १०
कौशल्या दशरथ् हुवै तिमिहरू * कश्यप् अदीती थियौ
ईश्वरलाइ म पुत्र पाउँ भनि तप् * गर्दै समाधी लियौ
खुशी भै वरदान् दिया प्रभुजिले * छोरो म हुँला भनी
सोही सत्य गराउनाकन यहाँ * जन्म्या प्रभुजी पनि ११
शेष् हुन् लक्ष्मण, शङ्ख हुन् भरतजी * शत्रुघ्न चक्रावतार्
हुन् को जान्दछु तत्व यो बुझ तिमी * लीला प्रभूको अपार्

मूलशक्ती प्रभुकी अनन्त गुणकी * सो दिव्य मूर्ती बनी
छोरी भै ति बसेकि छन् जनककी * सीता छ नाऊँ पनि १२
सीताराम् दुइको विवाह विधिले * संयोग् गराऊँ मनी
विश्वामित्रजिको भयो र मनमा * आई रह्याछन् पनि
दीनै योग्य म मान्दछू भनि दिया * अर्ती गुरुले जसै
खूशीभै दशरथ्जिले पनि दिया * लक्ष्मण् सहित् राम् तसै १३
राम् लक्ष्मण्कन पाउँदा ऋषि पनि * अत्यन्त खूशी भया
आशिर्वाद् दशरथ्जिलाइ दिइ राम् * लक्ष्मण् लिई ती गया
केही दूर् गइ रामलाइ ऋषिले * विद्या सिकाई दिया
छन् विद्या पढि भोक प्यास कहिल्यै * लाग्दैन यस्ता थिया १४

मारीच सुबाहु ताड़का परिचय र सुबाहु ताड़का वध।

गङ्गाका तिरमा बड़े वन थियो * पूग्या जसै ती तहाँ
विश्वामित्रजिले कह्या प्रभुजिथ्यैं * राम् ! ताडका छे यहाँ
(छोरी यक्ष सुकेतुकी अघि थिई * क्वै ताडका यक्षिणी
सुन्दै नामक यक्षका सँग भयो * त्यस्को बिवाहै पछी १
मारीच् फेरि सुबाहु नामक दुई * त्यस्का त छोरा थिया
क्यैकारणं परि श्राप् अगस्ति मुनिको * तीं सुन्द मर्दा भया
सोही रीस् लिइ ताडका वनमहाँ * घुम्थी सदा सर्वदा
पूजा पाठ र यज्ञमा त ऋषिका * दिन्थी बहुत् दुख् तदा २
हेतु त्यै भइ श्राप् परेर ऋषिको * राक्षस् जुनी त्यो भई
जो भेट्यो त्यसलाइ वध् गरिलिने * आफ्नो स्वभावै लिई)
सोही राक्षसि कामरूपि छ बहुत् * लोकलाइ बाधा पनि
दिन्छे त्यस्कन मारिवक्सनुहवस् * यो पापिनी हो भनी ३
विश्वामित्रजिको बचन्कन सुनी * श्री रामजीले पनि
टङ्कार् खुप् धनुको गर्‍या सुनि यहाँ * त्यो जल्दि आवस् भनी

बालकाण्ड

१ विश्वामित्रले राजा दशरथसित राम-लक्ष्मण काई मागेको

२ श्रीरामले मारीच र सुबाहु-लाई मारेको

३ राम र लक्ष्मण-के ताडकालाई मारेको

४ विश्वामित्र श्रीरामलक्ष्मण लगेको

५ राम लक्ष्मण जनकपुर गएको

त्यो टंकार् सुनि ताडका पनि तहाँ * दौड़ेर आई जसै
हान्या बाण् प्रभुले गऱ्यो हृदयमा * त्यो बाण् मरी त्यो तसै ४
यज्ञी थी अघिको शराप् परि तहाँ * तेस्ती भयाकी थिई
रामले मारिदिंदा त शाप् पनि छुट्यो * फेर् यक्षिको रूप् लिई
श्री रामचन्द्रजिका वरीपरि घुमी * प्रेमले नमस्कार् गरी
स्वर्गमा गइ रामका वचनले * बेश्एक् विमानमा चढी ५
विश्वामित्र ऋषी बहुत् खुशि भया * त्यो कार्य देख्या जसै
जो सब् शास्त्र रहस्य हो कहि दिया * श्री रामलाई तसै
कामाश्रम् रमणीयस्थल् तहिं थियो * एकरात् तहाँ बास् गरी
फेर् सिद्धाश्रममा अनेक् ऋषिथिया * सबैलाइ मंगल् गरी ६
तेस् सिद्धाश्रममा अनेक् ऋषिथिया * पूजा सबैले गऱ्या
मारिच् फेक्न सुबाहु मार्नकन राम् * ताहीं अगाड़ी सऱ्या
विश्वामित्रजिलाइ भन्नु पनि भो * मारिच् सुबाहू कहाँ
बस्छन् यज्ञ हुलो गरी लिनुभया * ती आउँथ्या की यहाँ ७
मेटौं आज भएन मार्नु कसरी * यो मर्जि सूऱ्या जसै
विश्वामित्र ऋषी अरू ऋषि मई * होम् गर्नलाग्या तसै
दिन् मध्यान्ह भयो उसै बखतमा * आया ति राक्षस् पनि
मऱ्या कालकन चाल् नपाइ अघिमैं * होम्नाश् गरौंला भनी ८
काँही हाड खसाउँछन् कहिं रगत * यसले प्रकारले गरी
आया ती जब यज्ञमा प्रभुजिले * हान्या अगाड़ी सरी
मारिचलाइ त बाणले जलधिका * तीरमा पुऱ्याई दिया
अग्नीबाण धरी सुबाहुकन ता * भस्मै गराई लिया ९
तिन्काफौज्पनि ताहिं लक्ष्मणजिले * मारी सक्यौथ्या जसै
खुशी भैकन पुष्प वर्षण गऱ्या * सब् देवताले तसै

विश्वामित्र बहुत् प्रसन्न हुनगै * रामलाई कास्वमा लिया
भोजन् गर्न निमित्त रामकन तहाँ * मीठा फलादी दिया १०
तीनदिन् ताहिं मुकाम् गऱ्या प्रभुजिले * वार्ता कथाको गरी
चौथादिन् ऋषिले गरया बिनती एक् * रामका अगाड़ी सरी
हे राम्! जाउँ जनकजिका पुरिमहाँ * राजा जनक् छन् बड़ा
ती खुब् आदर भक्तिले हजुरका * सामने हुन्याछन् खड़ा ११
ताहीं एक् शिवको धनुष् पनिछ बेश् * देखीयला त्यो पनि
यो बिन्ती ऋषिको सुनेर रघुनाथ् * खूशी भया बेश् भनी
विश्वामित्र र माइ लक्ष्मण लिई * श्रीराम् हिंड्याथ्या जसै
आश्रम् गौतमको परयो नजरमा * गङ्गा किनारमा तसै १२
आश्रमका नगिचै असल् फल सहित् * फुलको बगैंचा थियो
जन्तु नाम थिएन कोहि त पनि * संहार् बिनै त्यो जियो
मालुम् रामकन क्या कहीं कमिथियो * जो ता जगत्का धनी
सोध्या तैपनि यो असल् छ किन हो * रित्तो बगैंचा पनि १३
विश्वामित्र थिया सबै गुण निपुण् * विस्तार् सुनाया पनि
गौतमको अघि बस्तिहो अब भन्या * छैनन् यहाँ क्वै भनी
भार्या गौतमकी समान गुणको * भक्ति अहिल्या थिइन्
ब्रह्माकी ति तपुत्रि हुन् गुणि हुँदा * सब् खुश् गराई लिइन् १४
गौतम् कार्य निमित्त दूर जब गया * रूप् गौतमैको धरी
पौंच्या गौतम पत्निका नजिकमा * इन्द्रै अगाडी सरी
इन्द्रै भोग विलाश् गरेर खुशि भै * फर्की गयाथ्या जसै
देख्या गौतमलाइ गौतमजिले * आश्चर्य मान्या तसै १५
आफ्नू रूप दुरुस्त देखिकन खूब् * गौतम् रिसाया पनि
सोध्या होस् तँ कउन् बता नतर ता * हेर भस्म गर्छु भनी

ब्रह्मन् ! इन्द्र 'म' हुँ भनेर डरले * बिन्ती गऱ्याथ्या जसै
गौतम्ले पनि रीसमा परि दिया * यस्तो शराप् पो तसै १६
योनीमा अति लुब्ध आज भइछस् * यत्रो बडो मै पनि
तेरो येहि शरीरमा अब हुनन् * हज्जार योनी भनी
पाया एति शरापूर इन्द्र पनि फेर् * आफ्ना स्थलैमा गया
पत्नीलाई शराप् दिएर ऋषिले * पत्थर् बनाई दिया १७
जन्तु कुल् न हुनन् यहाँ अब उपर् * पत्थर् भई तैं रहेस्
जैल्हे ता रघुनाथ् चरण् धरिदिनन् * तैले तँ मुक्ति भएस्
यस्तो सत्य शराप् परयोर पतिको * ताहीं अहिल्या पनि
पृथ्वीमा परि गैगइन् अचल भै * पत्थर् स्वरुपकी बनी १८
पादस्पर्श ति खोज्दछिन् हजुरको * पाप् मुक्त होला भनी
तिन्लाई करुणा गरी हजुरले * कुल्ची दिन्या हो पनि
यस्तो बिन्ति सुन्या जसै ति ऋषिको * श्री राम् तुरुन्तै गया
देख्या पत्थर एक् ढ्लो र रघुनाथ् * ज्यूले तकुल्ची दिया १९
सुन्दर् मूर्ति भई खडी भइ गइन् * ताहीं अहिल्या पनि
श्री रामचन्द्रजिले प्रणाम् पनि गरया * ई ब्राह्मणी हुन् भनी
देखिन् श्री रघुनाथलाइ र तहाँ * खूशी अहिल्या भइन्
पूजा पाठ गरेर रामसित बिदा * मागी पतीथ्यैं गइन् २०
ताहाँ देखि चल्या र जल्दि रघुनाथ् * गंगाजिका तीर् झरया
तर्नाको प्रभुले जसै मन गरया * माझी चरणमा परया
स्वामित्का दुई पाउको अति असल् * धूलो जसै ता परयो
पत्थर् हो त पनी मनुष्य सरिको * सुन्दर् स्वरूप् पो धरयो २१
तेस्तै पाठ यहाँ भयो पनि भन्या * ढुंगा स्वरूप् धर्दछन्
ढुंगाले पनि रूप्धरयो यदि भन्या * हाम्रा जहान् मर्दछन्

तस्मात् पाउ पखालि वारि तिरमा * हाम्रा शिरोपर् छरी
पाल्नुहोस् अहिले हजुरहरु यहाँ * गंगाजिका पार् तरी २२
यसतो बिन्ति सुनी तहाँ प्रभुजिले * पाऊ अगाडी दिया
मात्मीले जलले पखालि उहिजल् * आफ्ना शिरोपर् लिया
यसता रीतसित नाउमा चढ़ि सहज् * गंगाजिका पार् गया
श्याम् सुन्दर् रघुनाथ् बहुत खुशि हुँदै * दाखिल जनकपुर् भया २३

राजा जनक धनु परिच्छय।

विश्वामित्र ऋषी बहुत् खुशि हुँदै * दूवै कुमार् साथ् गरी
आया यस् पुरिमा भनी जब सुन्या * दौड्या जनक् त्यस् घरी
(इक्वाकू-सुत सूर्यवंशि निमिजी * क्वै एक् भयाथ्या नृप
तिन्ले स्वर्ग सदेह जान्नु भनि मख् * गर्ने लिदामा हठ १
आफ्ना प्रोहित श्री वशिष्ठ सँगमा * तिन्ले लडायीं गरया
श्राप् पर्दा मुनिको विदेह हुनगै * राजा निमी तीं मरया
सोही लाश् निमिको मथन् गरिलिया * सारा महर्षी गई
मन्थनले गरि एक् शिशू उसबखत् * उत्पन्न ताहीं भई २
जन्मी मन्थनले विदेह र मिथी * नाम् त्यस् कुलैको चल्यो
तिन्कै वंशज हुन् जनक् नृपति ई * सीरध्वजै नाम् थियो)
पूगी प्रश्न गरया सबै कुशलको * पाऊ महाँ शिर् धरी
देख्या सुन्दर रोज कुमार् जनकले * पूज्या ति ईश्वर् सरी ३
पक्का गर्न निमित्त फेर् जनकले * सोध्या ऋषीथ्यें पनि
जान्याँ जाहा त चित्तले त भगवान् * विष्णु हुनै हुन् भनी
ब्रह्मन् ! पुत्र इ हुन् कउन् पुरुषका * बिस्तार् हवस् बेश् गरी
क्लेशको लेश नराखि यस् बखतमा * मेरो लग्या मन् हरी ४
विश्वामित्रजिले सुन्या बिनति यो * राजा जनकको जसै
यसता हुन् इ भनेर सब् ति ऋषिले * बिस्तार् बताया तसै

हे राजन्! दशरथ्जिका इ सुत हुन् * नाम् रामलक्ष्मण् भनी
मन्छन् मानिसले गरी नसकिन्या * गर्छन् पराक्रम् पनि ५
मारिचलाइ सुबाहुलाइ अरु ता * को जिल सक्न्या थिया
रामले मारिचलाइ फ्याँकि सहजै * सूबाहु मारी दिया
पत्थर् मै कति वर्ष सम्म रहँदी * गौतम्कि नारी थिइन्
पाऊले तहिं कुलचिंदा उठिगइन् * जस्ताकि तस्ती भइन् ६
सोही श्री रघुनाथको म अहिले * धेरै बयान् क्या गरूँ
रूपमा शीलमहाँ पराक्रममहाँ * छैनन् इ जस्ता अरू
विश्वामित्रजिको सुनेर सब बात् * राजा जनकले तहाँ
राख्या ती ऋषिका सहित् दुइ कुमार् * उत्तम् कुनै घर् महाँ

श्री सुब्बा होमनाथात्मज पं० केदारनाथ कृत सीता र रामको प्रथम मिलन।

(सेवा गर्नु उचित् थियो ति सबको * जस्ता प्रकारले गरी
त्यो सब् पूर्ण गरी गया महलमा * रात्री भयाका घरी १
विश्वामित्र पनी सुतौं भनि गया * आफ्ना पलङ्मा जसै
पाऊ दाबि लिनू भयो खुशि भई * रामचन्द्रजीले तसै
निद्रामा जब ती ऋषीश्वर पर्‍या * फेरी उसै बीचमहाँ
माईलाइ लिएर क्यै घरि तलक् * सुत्नू भयो राम् तहाँ २
भोली पल्ट उठी नुहाइ पहिले * फुल् टिप्नलाई भनी
राम् लक्ष्मण् दुइ माइलाइ ऋषिले * खुशीमै पठाया पनि
फुलवारी नजिकै थियो अति असल् * राजा जनकको तहाँ
पौंच्या ती दुइ भाइहरु गई फेर् * सोही बगैंचा महाँ ३
मन्दिर् पार्वतिको थियो तहिं असल् * दिनदिन् सिताजी गई
गर्थिन् पूजन ती जगत् जननिको * ठूलो नियममा रही
नित्यैका सरि धेर् लिएर सँगिनी * फेरी उसै बीचमहाँ
हंसैका सरि मन्द मन्द गतिले * आइन् सिताजी तहाँ ४

मंगल् बाद्य बजाइ पार्वतिजिको * पूजा विधान्ले गरी
जो आफ्ना मनमा थियो वर पनि * माग्दी भइन् त्यो घरी
एक्लै क्यै सँगिनी ती जानकिजिको * फुलवारि माहाँ गइन्
राम् लक्ष्मण् दुइ माइलाई उसले * देखेर फिर्दी भइन् ५
तेस् बेला बहुतै प्रसन्न थिइ त्यो * तेसूलाइ देखी लिई
सीताका सँगिनी अरु अति थिया * तिन्ले सुध्याया गई
हे प्यारी ! तिमिलाइ खुब् खुशि हुन्या * देख्छौं सबैले किन ?
त्यसको कारण कुन्छ त्यो कहु यहाँ * चाँडो नढाँटीकन ६
यो प्रश्नै सँगिनीहरू सकलको * सुनेर खुशी भई
मन्छिन् ती सँगमा तहाँ सब कुरा * साम्ने सिताका रही
देख्याँ राजकुमार सुन्दर दुई * मैले बर्घैचा महाँ
यौटा नील् मणिले र एक सुनले * मानू मढ्याका तहाँ ७
देखून्या नेत्र भया कुरा गरिलिन्या * जिब्रो मयो यो घरी
जिब्राले मयिंले बयान् गरिलिनू * कस्ता प्रकारले गरी
हेरी ती दुइको मनोहर स्वरूप * नेत्रै सुफल् यो गऱ्याँ
सुन्दरता ति समान् नमानि अरुको * आनन्द साहै पऱ्याँ ८
तेसूको तेसरितको कुरा सुनिलिई * सब् ती प्रसन्नै भई
मन्को भाव सिताजिको पनि तहाँ * सम्पूर्ण जानी लिई
यौटी क्वै सँगिनी ति जानकिजिको * फेरी उसै बीच्महाँ
लागी भन्न ई बात जानकिजिको * हेरेर सुक्ष्मा तहाँ ९
विश्वामित्रजिले हिजो दुइ कुमार् * ल्याई रह्याकन् जउन्
जानें निश्चय राजकुमार ति दुबै * श्री रामलक्ष्मणजी हुन्
देखी सुन्दरता ति भाई दुइको * मोहित् सबै जन् भई
गर्छन् वर्णन त्यो फगत् यस बखत् * घर् घर् सबैका गई १०

दर्शन् ती हुइ भाइको गरिलिनू * योग्यै छ ऐल्हे भनी
दर्शन् ये अउसर्महाँ गरिलिऊँ * हामी सबैले पनि
सुनिन् तेसरितको कुरा सँगिनीको * श्री जानकीले जसै
लाग्यो बग्न तहाँ हुबै नयनमा * हर्षाश्रुधारा तसै ११
संकेतले गरिफेर् तँ हिड् अघि भनी * तेसको पछाडी मयी
लागिन् जान सिताजि फुल् रघुपती * जुन् ठाउँ टिप्न्या रही
फेरी ती सँगिनी सबै जति थिया * लाग्या पछाड़ी महाँ
छम् छम् नुपुरको मनोहर अवाज् * उठ्तो भयो खुब् तहाँ १२
आफ्नू हुन्छ विवाह रामसित भनी * जानीलिनाले गरी
लागिन् हेर्न सिताजि रामकन तहाँ * चौतर्फमा त्यो घरी
मन्को बात सिताजिको उस बखत् * जान्दैनथ्या क्वै पनि
ठान्थ्ये मात्र ई देख्नलाई अहिले * आइन् यसोरी भनी १३
क्यै दूर्बाट हुबै ति माइकन फेर् * देखेर सोही घरी
देखाया सँगिनीहरू अघि सरी * हातले इशारा गरी
सुन्दर् श्यामस्वरूप् जसै प्रभुजिको * देखिन् सिताले तहाँ
उसमै मग्न भएर सब् अरु कुरा * बिर्सिन् उसै बीचमहाँ १४
खैंची सोहि स्वरूप् तहाँ प्रभुजिको * आफ्ना नयनले गरी
ध्यान् राखी मनमा उसै स्वरूपको * चिम्लिन् नयन् त्यै घरी
देख्याथ्या सँगिनीहरू सकलले * त्यो हाल् सिताको जसै
सङ्कोच् मानिलिया तथापि मुखले * बोल्नै सक्यानन् तसै १५
सीताका सँगिनीहरू पनि सबै * मोहित् हुनाले गरी
लाग्या हेर्न घुमी घुमी प्रभुजिको * सुन्दर् स्वरूप् त्यो घरी
छमछम् नुपुरको उठ्यो मधुर स्वर् * जुन् तर्फ देखीं तहाँ
तेसतर्फै रघुनाथको पनि पर्‍यो * दृष्टी उसैबिच्महाँ १६

शोभा जो छ सिताजिको सकल त्यो * देखीलिनाले गरी
मन् मन्मा बहुतै प्रसन्न हुनुभो * रामचन्द्रजी त्यो घरी
ब्रह्माले सब दिव्यतम् चिजहरू * जो हुन् निकाली लिया
साँचोमा धरि मानु जानकिजिको * त्यो देह ढाली दिया १७
जस्तै बत्ति बलेर झाड़हरुको * भन् बढ्छ शोभा यहाँ
बढ्थ्यो सुन्दरता सिताजि हुनगै * सबको उसै रित् महाँ
यस्तरीतकी ति सिताजिलाई प्रभुले * देख्नू भएथ्यो जसै
आज्ञा भो इ कुरा मधुर् वचनले * लक्ष्मणजिलाई तसै १८
हे भाई! बुझिल्यौ सिताजि इनि हुन् * इन्लाइ देख्ता महाँ
मेरो इन्सित प्रेम हुन्छ किन लौ * जानुन् विधातै यहाँ
हेर्नू छैन कुदृष्टिले गरि यहाँ * क्वै नारिलाई भनी
हेर्न्याको कहिल्यै थिएन बुझिल्यौ * स्वप्ना हुँदामा पनि १९
भाग्न्या छैन लड़ायिं छोडिकन जो * युद्धै भयाका घरी
जो जन् हुन्न विकल् जनानि अरुको * देखीलिनाले गरी
माग्न्या जन्हरुलाइ केहि नदिई * फेर्दैन जस्ले यहाँ
तेस्तै जन्हरुलाई मात्र तिमिले * धन्यै बुझ्या मन्महाँ २०
पैदा यो रघुवंशका कुलमहाँ * हामीहरूको भई
लान्छन् लाउनु योग्य ठान्दिन यहाँ * यस्ता प्रकार्ले रही
पैल्हे एति भनेर भाइकन फेर् * लीएर साथ्मा तहाँ
निस्की त्यो फुलवारि देखि रघुनाथ् * पाल्नूभयो वास्महाँ २१
ध्यान्मामग्न सिताजि तेस्घरि थिइन् * क्वै एक् सखीले गई
बाहु पक्रि सिताजिलाइ इ कुरा * त्यो भन्न लाग्दी भई
हे राज्-पुत्रि ! अबेर भो अब छिटो * जाऊँ सबै घर् महाँ
पाल्नूभो रघुनाथ ध्यान् यसरि यो * कस्को गर्न्याको यहाँ २२

पाल्नूभो रघुनाथ् मनेर उसको * त्यो बोलि कान्मा परी
खोलिन् नेत्र छुटेर ध्यान सब त्यो * सीताजिले त्यै घरी
आफ्नू त्यो सब् बात् बुझ्या सँगिनिले * मन्न्या बिचारी तहाँ
लाज्मानी बहुते सिताजि पनि फेर् * फिर्दी भइन् घरमहाँ२३

पिनाक धनुष परिचय र धनुषभङ्ग, सीता स्वयंवर र चारै भाईको विवाह ।

विश्वामित्रजिले सकेर् सब काम् * त्यो प्रातकालको तहाँ
सङ्मा राजकुमार् दुबै लिइ गया * राजा जनक् छन् जहाँ
सत्कार पाइ जनक्जिदेखि बहुते * खूशी तिनै जन् भया
विश्वामित्रजिले जनक्सित तहाँ * फेर् भन्न लागी गया १
हे राजन्! शिवको धनूष छ अहिले * तिम्रा सँगैमा भनी
सुन्दा त्यो धनु हेर्न खातिर यहाँ * आया दुबै ई पनि
चाँड़ो त्यो धनुलाइ ल्याउ तिमिले * यो रङ्गभूमी महाँ
तिम्रो जो मतलब छ त्यो पनि बुझ्या * सिद्धै हुन्या सब् यहाँ २
विश्वामित्रजिको इ बात् सुनिलिया * राजा जनक्ले जसै
मन्त्रीलाई हुकुम् दिया धनु यहाँ * ल्यौ ल्याउ भन्न्या तसै
(शारङ्ग र पिनाक नाम् दुई धनू * श्री विश्वकर्माजिले
आफ्नो शक्यनुसार विश्वभरमा * प्रख्यात् गराई रचे ३
पैल्हो विष्णुजीले लिए धनुष त्यो * शारंग नाम्को छ जो
दोश्रो सोहि पिनाक् लिई त्रिपुर बध् * श्री शम्भूले गर्नु भो
पूजा गर्न पिनाक् धनूकन उही * शङ्करजि देखी तहाँ
माग्दा देव समस्तले खुशि भई * राख्या जनकपुर महाँ ४
त्यसको पूजन गर्दथ्या जनकजी * अत्यन्त भक्ती गरी
स्नान् गर्नै नदिमा गया नृपति ती * एक् दिन् र सोही घरी
हजारौं जनले उचाल्न धनु जो * सक्तैनथ्या त्यो तहीं
सीताले फुलभैं उचालि धनु त्यो * लिपपोत् गरीथिन्गयी५


बालकाण्ड
१
विश्वामित्रले राजा जनकसँग राम-लक्ष्मणको परिचय गराएको
२ धनुष भङ्ग
३
दशरथ र जनकको भेंट ।
४
सीताजीले रामलाई वरण गरेको ।
५
राम लक्ष्मण परशु-राम सम्वाद ।

त्यो लोकोत्तर शक्ति बाल-वयमै * देख्दी सीताको पनि
धौताखाङ्ग गराइ साचि नृपले * यस्तो गर्‍या प्रण अनि
ताँदो यो धनुको उठाइ कसले * खींच्नेछ जो वीर जन
सीता लायक वर हुनेछ त्यहिनै * गर्छु म ऐले प्रण) ६
त्यो सम्झी खुशिमै मन्या जनकले * रामले उचालुन् धनू
सीता छोरी म दिन्छु रामकन गरुन् * बीहा बहुत क्या मनू
साँचो बाणि सुन्या र सोहिरितका * बातचीत गर्‍याथ्या जसै
पाँच हज्जार बिरले उचालि बलले * ल्याया धनू त्यो तसै ७
ताहीं श्री रघुनाथ उठेर नजिकै * सोही धनूथ्यें गया
बामहातमा सहजै उचालि धनुत्यो * रामले त तींदा भया
ताँदो जल्दि चढाइ खैंचनु भयो * ताहाँ धनुको जसै
टुका तीन भई गिर्‍यो धनुष त्यो * खूशी भया सब तसै ८
हर्षै हर्ष भयो उसै बखतमा * सारा जनकपुर भरी
आदर खूब प्रभुको गर्‍या जनकले * आलिंगनादि गरी
सीताले पनि रामका सिर उपर * माला कनकको धरी
छम्छम् पाउ गरी फिरिन् घरमहाँ * मङ्गल भयो तेस् घरी ९
मालिकहुन् दशरथ् खबर् दिनु पर्‍यो * ती छन् अयोध्या महाँ
जाउन् पत्र लिएर मानिसहरू * चाँडो ति आउन् यहाँ
यस्तो बिन्ति जनकजिले गरिताहाँ * एक पत्र लेखी दिया
सोंही पत्र लिएर दूतहरू पनी * चाँडै अयोध्या गया १०
त्यो बिस्तार दशरथजिले जब सुन्या * आनन्दमा ती पर्‍या
सबले जानु पर्‍यो जनकपुर महाँ * मन्त्रा हुकुम झट गर्‍या
जम्मा लश्कर भैगयो क्षणमहाँ * जल्दी जनकपुर पुग्यो
क्या वर्णन् मिडकोगरूँ उसबखत् * खाली अयोध्या भयो ११

यस्तो रितसित सबगया जतिथिया * सेना जनकपुर महाँ
दाखिल भो दशरथजिका हुकुमले * हर्षै बढ्यो खुब तहाँ
ताहाँ श्री दशरथजिका जनकले * आदर बहुते गऱ्या
लक्ष्मणले सँग राम पनी तहिं पिता * जीका चरणमा परया १२
बसनालाइ हवेलि सुन्दर जनक * जीले खटाया तहाँ
खुशी भै दशरथ पनी गइ बस्या * तेसै हवेली महाँ
सुन्दर लऊन खटन गरया जनकले * मङ्गल शहरमा चल्यो
नाचकीर्तनहरुमै प्रकाश अतिहुन्या * रातभाचिरागखुबबल्यो १३
मण्डप जो छ विवाहको उस उपर * झुम्का हिराका खुल्या
मूगा, मोति, जुहार जनकपुरमहाँ * घरघर सबैका झुल्या
यस्तो रितगरि सब विवाह विधिमो * चारै जना माइको
हर्षैले परिपूर्ण मन हुनगयो * सीताजिकी माइको १४
राम लक्ष्मण हुइलाइ ता जनकले * आफ्ना ति छोरी दिया
माईका त भरतजिलाइ अनि फेर * शत्रुघ्नलाई दिया
सीता पत्नि भइन रमापतिकि ता * लक्ष्मणजिकी उर्मिला
पत्नी हुन माण्डवी ता भरतकी * श्रुतकीर्ति शत्रुघ्नकी १५
(राजा श्री कुशकेतु जो जनकका * हुन् भाई तिन्की सुता
हुन् ई माण्डवि, तज, पुस्कर पछी * इन्का भया पुत्रता
साकल्याधिप क्वै कुशध्वज मनी * माई जनक्का थिया
तिन्की श्री श्रुतकीर्ति पुत्रिकन ता * शत्रुघ्नलाई दिया १६
तिन्के पुत्र सुबाहु फेर हुनगया * श्री युपकेतू पनि
बढ्दैगो यहि रीत रघूकुलविषे * सन्तानको जीवनी)
जस्तै आफु थिया अनन्त गुणका * चौधे भुवनका धनी
अभ्यन्तर मनले बिचार-गरदा * उस्तै ति पत्नी पनि १७

विश्वामित्र वशिष्ठ दुइ ऋषियर्यो * यसतो सिता हुन् भनी
उत्पत्ती अधिको सबै जनकले * बिस्तार बताया अनि
(लंका खोसिलियो कुबेर संगको * त्यो रावणले जब
जीती कौड़ी लियो सुरासुर समेत * त्रैलोक्य देखी तब १
माग्यो वर ऋषिहरुका सँग पनी * बलजफ्ति तेसले गरी
कर रूपले निज देह रक्त ऋषिले * सुम्पी दिया तेसु घरी
इच्छा कोरि म पाउँ एक मनि अघी * ब्रह्मर्षि कचै, लक्ष्मिको
आवाहन गरि हाँडिमा नित चरू * राख्थे नियमले ठुलो २
सोहि हाँडिविषे ऋषी सकलको * त्यो रक्त जम्मा गऱ्यो
फेर मन्दोदरिमा सुरक्षित गरी * राख्नू भनी गै दियो
सीताको चिन्ह मानि डाह मनमा * मन्दोदरीले लिइन्
खाइन् सोहि चरू रगत् सहितको * झट् गर्भिणी ती भइन् ३
आवाहन् ऋषिले हुँदा चरूविषे * लक्ष्मी बसिन् गर्भमा
रावणदेखि लुकी लुहाई भुण त्यो * राखिन् उसै हाँडिमा
गर्भैको भुण हाँडिमा बढन गै * त्यो बल्न थाल्यो अनी
हातमा रावणले लियो किन भयो * यसतो यहाँ यो भनी ४
नारदजी सँग गै अनी असुरले * कारण सुध्यायो गयी
हे रावण ! यस हाँडिबाट जुन स्त्री * उत्पन्न होलिन् उही
कारण मै कुल राज्य श्री धन सबै * नास् हुन्छ तेरो यहाँ
यसतो वाक्य सुनेर नारदजिको * रावण डरायो तहाँ ५
आफ्नूकालस्वरूपि हाँडिलिइ त्यो * फाल्ने इरादा लियो
घरै स्थान घुमि यस् जनकपुरिमहाँ * आएर गाडी गयो
जान्थ्यौं भूमि पवित्र गर्न भनि एक * कचै यज्ञ गर्दा महाँ
जोत्दामा त सिताजि निस्किन गइन् * त्यै हाँडि देखी तहाँ ६

फाली जो हलको छ तेस्कन सबै * सीता कहन्छन् मनी
फालीत्यै धाँसि खेतबाट निसाकिन् * त्यै हाँडिदेखी तिनी
पायाँ छोरि मनेर नाम् पनि असल् * सीताजि राखी दियाँ
गर्थिन् बालकसा अनेक् तरहको * लीला म खूशी थियाँ ७
ती कन्याकन छोरि मैं घरमहाँ * पालन् गरेछा थियाँ
एक् दिन् नारद पाल्नु भो र सब भेद् * तेस्को सहज्ले बुझ्यौं
राम्नाम्ले दशरथ्जिका सुत भई * खेल्छन् अयोध्या महाँ
तिम्री पुत्रि सिता उनै प्रभुजिकी * माया ति आइन् यहाँ ८
यो लीला छ बुझी सिताकन तिनै * राम्लाइ दीया मनी
नारदूजी उठि गैगया उहि सुनी * यादूभो मलाई पनि
बुझ्न् रितले अब रामलाइ म सिता * पारू विचार्मा पर्न्यौं
थीयो यो शिवको धनुष् यहि उसै * मा यो प्रतीज्ञा गर्न्यौं ९
ताँदो यस् धनुको चढ़ाउन जउन् * वीर्ले त सक्ला यहाँ
सीताछोरि दिन्याछु तेस्कन फिका * होवैन यस् बात् महाँ
जान्छन् सब् विरले भनीकन गरयौं * यस्तो प्रतिज्ञा जसै
यो सूनीकन देशका विरहरू * आया तुरुन्तै तसै १०
को सक्थ्यो धनु त्यो उठाउन बिना * श्री राम् अगाड़ी सरी
हिम्मत् हारि सबै घरै फिरिगया * दर्शन् धनूको गरी
रामले पूर्ण गराई बक्सनुभयो * मेरो प्रतिज्ञा पनि
यो जान्यौं पनि सब् कृपा चरणले * गर्दा भयाको मनी ११
विश्वामित्रजिथ्यैं मनेर इ कुरा * फेरी अगाड़ी सरी
सीतानाथ् रघुनाथको स्तुति गरया * आनन्दमा ती परी
दाईजो सय कोटि दौलथ सहित * बेसबेस् अयुत् रथ् दिया
घोड़ा तिन्शय लाख्दिया बसयता * खुब् मत्त हात्ती दिया १२

पैदलू लश्कर एक लाखू र सय तिन् * केटी दियाथ्या जस्ले
पूजा ताहिं वशिष्ठको पनि भयो * सारी डबलले तस्ले
पूजा ताहिं भरतजिको पनि भयो * लक्ष्मणहरुको पनि
इच्छा भो रघुनाथको अब फिर्यौं * जाऊँ अयोध्या भनी १३
जानाको मतलब् बुझी जनकजी * रामूका चरणमा पर्‍या
राजी मन् सबको गराइ बहुतै * बीदा जनकले गर्‍या
सीताजी महतारिका अघि गई * आलिंगनादी गरी
लागिन् रून र त्यो सुनेर सबका * आँसू खस्या बर्बरी १४
सीताजीकन अति यो पनि दिया * सासू ससुरा सरी
अर्को छैन बडो यही बुझि गर्‍या * तिन्को टहल् वेस् गरी
स्त्रीको धर्म पतिव्रता हुनु हुलो * जानेर हुनू भनी
एती अति दिया र तेस् बखतमा * बीदा भया तौ पनि १५
यै बिचमा नगरा बज्यो प्रभुजिको * भेरी मृदङ्ग पनि
स्वर्गैमा पनि हर्ष भो प्रभु गया * फेरी अयोध्या भनी
रामूको लश्कर बाहकोश् जनकपुर * देखी जस्ै ता गयो
सबूको चित्तमहाँ बडो भय दिन्या * उल्का बहुतै भयो १६

सुध्या होमनाथात्मज पं० केदारनाथ कृत लक्ष्मण परशुराम सम्वाद, परशुराम कार्तवीर्य परिचय।

(सीताजीलाई हरन्या मनसुब् गर्‍याका

जो जो थिया अरु तहाँ नृपगण् गयाका
श्रीरामचन्द्रसित लड्न ति जम्मजमाया
त्यो रंगभूमि सब घेरि लिएर आया १
पैल्हे सदाशिवजिले भुजमा लियाको
जो हो पीनाक धनु त्यो उहि माँचियाको
श्री परशुराम ऋषिले पनि चाल पाया
सोही जनकपुर उसै घरि दौड़ि आया २

बाबा श्री जमदग्नि औ जननी हुन् * श्री रेणुका तिन् महाँ
जन्म्या ती हरिको लिएर अवतार् * श्री परशुरामजी तहाँ
एकदिन् भूपति कार्तवीर्य तिनका * पौंचेर आश्रम् महाँ
गाई नन्दिनिलाइ देखि तिनले * हर्दामया भद् तहाँ ३
बाबू श्री कृतवीर्य औ जननि हुन् * एकावली तिन् महाँ
जन्म्या हैहयराज् सहस्रकर ती * श्री कार्तवीर्य तहाँ
सत्या नामकि पत्निबाट इनका * हज्जार छोरा भया
बैनी हुन् इनि रेणुका कि जसका * सुत परशुरामजि थिया ४
गर्थे शासन नर्मदा तटबिषे * माहिष्मती राज्यमा
अन्तिमकाल हुँदा गयो मन पनी * ती नन्दिनी चोर्नमा
आफ्नी गाइ नदेखि क्रुद्ध अति भै * माहिष्मतीपुर महाँ
आई इनकन मारि गौ लिइ फिऱ्या * श्री परशुराम फेर् तहाँ ५
सोही रीस् लिइ कार्तवीर्य नृपका * छोराहरुले पनि
चोरमैं गै जमदग्निलाइ छलले * मारीदिया, यो सुनी
बाबू मारी दिया भनेर रिसले * श्री परशुरामले तहाँ
एक्काईस पटक् धराकन गऱ्या * क्षत्रीय हीन् क्षणमहाँ ६

गोरो छ वर्ण उस माथि विशुत् घस्याको
भारी जटाजुट छ माथ उपर् गऱ्याको
टेढ़ा दुवै भृकुटि लाल नजर् गऱ्याका
साहै ठुलो परशु काँधविषे धऱ्याका ७
देख्तै महाँ ति बुझिन्या भइ क्रोध मूर्ति
छोड्या सबै नृपतिले तहिं आफ्नु फूर्ति
लुक्छन् चरा जसरि बाज् गइ झम्टँदामा
यम्तै मया नृपतिहेरु ति आउँदामा ८

राजा जनक् उस बखत् बहुतै डराई
सीता र राम हुइलाइ लिएर आई
पाऊ महाँ ति ऋषिका तहिं पर्नलाया
आशिष् हुवैकन तहाँ ऋषिको दिलाया ९
श्री रामको अधिक सुन्दर रूप देखी
छुट्यो सहज् मदनको पनि जो छ शेखी
श्री रामको उहि अपार स्वरूपलाई
हेरीलिया ति ऋषिले मन खुब् लगाई १०
क्रोधित् हुनै गइ नजानिलिन्या समान
सोधछन् जनकजिकन फेरि ति परशुराम
राजन्! बताउ किन भूपति सब् इ आया
यो बात् सुनी जनकले बिनती चढ़ाया ११
सीताजिको भई स्वयंबर ई तपोधन्!
जम्मा भया नृपति आइ यहाँ सबै जन्
त्यो बात् सुनी ति ऋषिले चउतर्फ हेरी
मन्छन् रिसाइ ति जनकूतिर फर्कि फेरी १२
माँच्यो त्यस् धनुलाइ कुन् पुरुषले * कारण् यहाँ कुन् परी
हे नीच भूपति! लौ बता मकन् त्यो * सम्पूर्ण बिस्तार् गरी
मन्दैनस् ति कुरा मन्या तँअहिले * तेरो छ यो राज् जति
उलूटाई म दिन्याछु पृथ्वितलमा * क्रोधित् हुनाले अति १३
मन्थ्या यै रितको कठोर् वचन धेर् * श्री परशुरामजी तहाँ
त्यसको उत्तर दिन्थ्या जनकजी * डर् पसून गै मनमहाँ
हुष्टै भूपति त्यस् स्वयंवरमहाँ * जो जो गयाका थिया
त्यो हाल् देखिलिंदा तहाँ ति सबले * खुब् हर्ष मानी लिया १४

के होला अब लौ भनेर डरले * एक्एक् क्षणौ त्यो घरी
लागिन् साह्रा तहाँ जनक्कि हुहिता * मानू छ मैन्हा सरी
सारा काम बनेर बिग्रन गयो * हासीहस्को मनी
लागे खलबल् गर्न दुःखित भई * सब् पौरजन्ले पनि १५
त्यसतो हल्चल देखि बक्सनुभयो * श्री रामजीले जसै
हात् जोड़ेर ति परशुराम्कन तहाँ * भन्नू भयो यो तसै
हे ब्रह्मन् ! धनु माँचन्या हजुरको * होला कुनै दास त्यो
आज्ञाहोस् मयिं गर्छु गर्नु परन्या * त्यसको जती काम हो १६
श्री राम्को इ कुरा सुन्या तर पनी * क्रोधित् हुनाले तहाँ
लाग्या भन्न ति परशुरामजि इ बात् * फेरी उसै बिच् महाँ
दासको काम् जति गर्दछन् जगतमा * केवल् उनै दास हुन्
शत्रुको गरि काम् म दासहुँ मनी * तेसलाइ दास्मान्दकुन् १७
माँचेतो मो धनुलाइ आइ जसले * मेरा गुरुको यहाँ
हे राम् ! मान्दछु तेसलाइ मयिंले * शत्रू हुलो मन्महाँ
तस्मात् छोड़िसमूह यो अलग होस् * त्यो दुष्ट एसै घरी
मन्यार्छन् नहिंता इ सब् जनहरू * मेरा प्रहारले गरी १८
यो बात् श्री रघुनाथजीसित गरया * श्री परशुरामले जसै
लाग्या लक्ष्मण हाँसि भन्न इ कुरा * तिन्का सँगैमा तसै
माँच्यौं धेर् धनु हामिले अघि ति सब् * माँची लिएको महाँ
क्यै रीस् गर्नु हुँदैनथ्यो किन मयो * ऐल्हे रिसानी यहाँ १९
मन्कन् लक्ष्मणलाइ फेर् ति ऋषिले * हे दुष्ट ! नाश् मै मति
बोल्छस् धेर् किन मर्नलाइ तँ यहाँ * स्यालै नराखि रति
दुखो यो धनु हो सदाशिवजिको * प्रख्यात् छ संसार् महाँ
छुद्रा सब् धनुमैं तँ यो धनु पनी * मान्दो भइस् के यहाँ २०

भन्छन् लक्ष्मणजि हाँसी धनुहरु जतिछन् एक् सरीनै सबै हुन् जीर्णमै भाँचियो ता यहि धनु अहिले हानिसो लाभ भो कुन् श्री रामले ठान्नूभै त्यो जबर धनु ऋषे ! हेर्न पक्कीलिनू भो छूँदैमा भाँचियो त्यो कसुर कउन फेर् रामले गर्नु भो त्यो २१ भन्छन् फेर् परशुरामजी परशु गरि खड़ा हेरि लक्ष्मणजिलाई हे मूढ ! सामान्य ब्राह्मण मनिकन त यहाँ मान्दछस् के मलाई हज्जार् बाहु भयाको नरपति पहिले कार्तवीर्य थियो जो तेस्को सब् हात काट्यौं परशुलिइ यही प्राणहिन्को भयो त्यो २२ जो जो सब् क्षत्रि थीया पृथिविभरि अघी धेर् पटक् मारिलीयाँ कश्यपूजीलाइ मैले सकल पृथिवि यो खुस् भई दान दीयाँ बालक् भै सोहि मेरा अघि सरि यसरी बोल्दछस् जो तँ ऐले त्यै बात्ले आफ्नु आफैं यहि बखतमहाँ डाक्दछस् काल तैंले २३ भन्छन् लक्ष्मणजि हाँसि हजुरकन बुझ्याँ खुब् घमण्डी मयिंले देखाई बारबार् त्यो परशु मकन लौ मार्न आँट्ने अहिले पर्वतलाई उडाइ लिन मन गरन्या फुक्नु भैं मानिलिन्छ त्यै कारण हे द्विजोत्तम् ! हजुरकन जवाफ् यो यहाँ आज दिन्छु २४ लज्जालू हामि हैनौं रघुकुल मणिभैं हौं मनी हामि मान्छौं बम्केको यो बतास्ले उहि सरि कसरी हामि बैलाइ जान्छौं ब्राह्मण् जानी जनै फेर् उस उपर महाँ देखि काँध्मा धर्याको सब् बात् हामी सहन्छौं यस बखत महाँ त्यो हजुर्ले गर्याको २५ जस्लाई मारदा पाप् जस्सित रणमा हारिंदा दुन्छ दुर्नाम् ब्राह्मण् सोही हजुर्का सँग लड़ि अहिले बन्छ हाम्रो कउन् काम् चाहे मारीलिनूहोस् त पनि हजुरका पर्दछौं पाउमाहाँ बाक्यै ठूलो छ नाथ्को अरु लिनु हतियार् मान्दछौंव्यर्थ याहाँ २६

लक्ष्मणको त्यस् प्रकारको वचन जब सुन्या परशुराम् घेर जान्या
विश्वामित्रैजिलाई नजर गरि तहाँ यो कुरा मन्न लाग्या
ऋषे ! हेर यो मूढकन तिमि अहिले गर्छ कसूतो प्रलाप
यसूलाई चुप् गराऊ मनिकन तिमिले जो छ मेरो प्रताप २७
नाहीं मान्यांछु मैंले परशु शिर उपर् आज यसको बजारी
पाउन्जौ दोष् मलाई दिन तिमिहरु बचै दोष यसूके विचारी
लक्ष्मणले यस् प्रकारको वचन जब सुन्या फेरि त्यै बीचमाहाँ
क्यैहाँसी मन्नलाग्या नजर गरिलिई परशुरामूलाई ताहाँ २८

ऋषे ! आफ्नू आफैं गुणहरू बयान् गर्नु सब भो
हजुरको गुण सोही कहन अरु चाहिन्छ अब को
अरु केही मन्न्या हजुरकन मन्सुब् छ त अति
बयान् आफ्नू आफैं गरिलिनुहवस् गर्नु छ जति २९

न बोली मुखले क्यै कटु वचन शत्रूकन यहाँ
प्रकट् गर्छन् शूरवीरहरु सब पराक्रम् रणमहाँ
चमण्डै गर्छन् जो हजुरसरि काम् सिद्ध नामर्द
अवश्यै मन्यांछन् समर गरनैलाइ ति गर्द ३०

अहो ! मेरो कालै लिइ हजुर आया सरि गरी
मलाई गाली खुब् किन दिनुभयाको यस घरी
म ता शूर वीर् पो हुँ सुनि हजुरको हपुकि मर्यिलो
कसोरी मानूँला डर हजुरको लौ म अहिले ३१

जसै लक्ष्मणको त्यो वचन ऋषिले सब् सुनिलिया
तँलाई माछे हेर् भनि परशु हातमा धरिलिया
नजर् भै त्यो चाला रघुपतिजिले गै बिचमहाँ
पछाड़ी पार्नू भो उहि बखत लक्ष्मण कन तहाँ ३२

लक्ष्मण आहुति अग्निमैं ऋषि थिया * श्री राम जस्तै मई
बिन्ती गर्नु ति परशुराम्सित भयो * यो बात् तुरुन्तै गई
हे ब्रह्मर्षि ! अजान बालक हुँदा * यो भाई मेरो अति
कुन् बात् कस्को न मन्नुपर्छ ति कुरा * जान्दैन ऐल्हे रति ३३
कुन् कस्तो गुणिहो नजानि सकिने * जैल्हे तलक् जन् यहाँ
सबका साथ् गरिलिन्छ मन्परि कुरा * तैल्हे तलक् लोक्महाँ
बालकनै जन त्यो ठहर्छ उसले * ये ठीक् कुनै बात् गरी
गर्दैनन् गुणिहेरु क्रोध रतिमर् * तेस्का उपर् त्यो घरी ३४
गर्छन् बालकहेरु मैकन यहाँ * अज्ञानको बात् जति
आमा बाबु गुरुहरू उसमहाँ * हुन्छन् प्रसन्ने अति
आफ्नै बालक शिष्य मानिलिनु मै * त्यै ठिक् हजुरले यहाँ
माफी यस्तैन बक्सिनै उचित हो * राखी दया मन्महाँ ३५
ज्ञानी धार्मिक धीर छैन अरु कवै * जस्का समान् यो घरी
तेस्तो मैकन हे मुने ! हजुरले * साह्रै अबुझ्का सरी
बालक् माथि यसोरि क्रोध् गरिलिनू * वादा बिवादै महाँ
देख्तामा अहिले मलाइ बहुतै * आश्चर्य लाग्यो यहाँ ३६
त्यस्माथी धनु माँचन्या पनि म हुँ * क्यै दोष् मया तेस् महाँ
दोषी ता म भयाँ इ लक्ष्मणजिको * क्यै छैन दोषै यहाँ
बिन्ती गर्नुभयो यसोरि बहुतै * राम्चन्द्रजीले जसै
लाग्या मन्न रिसाइ तैपनि तहाँ * श्री परशुराम्जी तसै ३७
हे राम्! सक्तिन हेर्न भन्न धनु त्यो * आफ्ना गुरुको यहाँ
निन्दा लक्ष्मणले मलाई बहुतै * त्यस्माथि गर्दा महाँ
दोषी खुब् हुइ भाइ हो तिमिहरू * मन्न्या बुझी यो घरी
बध् गर्छ तिमिहेरुलाई म यहाँ * काटेर टुक्टुक् गरी ३८

माँच्यौ फेर् तिमिहेरुले धनु जउन् * मेरा गुरुको यहाँ
तेसैले तिमिहेरूलाइ मयिंले * मारीलिएको महाँ
आफ्ना तीगुरुदेखि हुन्छु म उऋण * त्यो कारणैले गरी
धर्मै हो तिमिहेरुलाइ मयिंले * मारीलिनू यो घरी ३९
श्री रामजीकन परशुराम इ कुरा * मन्दै थिया त्यो घरी
लाग्यालक्ष्मण भन्न तिन्कनइबात् * हाँसेर ठट्टा गरी
ब्रह्मर्षे ! यदि हेर्न सक्नु नभया * त्यो माँचियाको धनु
आँखा चिम्लनुहोस पर्छ किन फेर् * त्यस्बातमा ताप् लिनु ४०
लागेको छ हजूरलाइ ऋण जो * आफ्ना गुरुको यहाँ
आज्ञाहोस् उसको हिसाब जति हो * मेरा अगाडी महाँ
त्यो सब् ब्याजसमेत यस् घरि तलक् * होला हिसाबले जति
तिर्दिन्छु म सबै हजुर् नलिनुहोस् * तेस्को पनि ताप् रति ४१
लक्ष्मणका इ कुरा सुन्या जब तहाँ * अत्यन्त क्रुद्ध भई
लाग्या भन्न ति परशुराम रघुनाथ्-* जीका नगिच्मा गई
हे राम! दुर्जनहोस् तँ खुब् बुझिलियौं * तेरा मतैले गरी
निन्दा लक्ष्मणले मलाइ बहुतै * गर्दो भयो यो घरी ४२
तस्मात् गर्दछु वध् तुबै तिमिहरू-* लाई म ये विच्महाँ
लड्नैलाइ तिमिहरू दुइ पनी * चाँडो तयार् हौं यहाँ
मुखले एति भनी तयार् भइगया * ती लड्नलाई जसै
हात् जोडीकन भन्नुभो यसरि फेर् * रामचन्द्रजीले तसै ४३
हे ब्रह्मर्षि ! सुरासुरै सहितका * राजाहरू छन् जति
आया लड्न भन्या पनी म कहिले * मान्दीन डर् एकरति
क्षत्री भै पनि युद्ध गर्न जति जन् * डर् मान्दछन् मनमहाँ
त्यस्तै जनहरूलाइ सब् इ दुनियाँ * मान्छन् कुलाङ्गार यहाँ ४४

सोही कारणले म देखि बलवान् * चाहे कुनै जन्म हउन्
चाहे पाश लिएर आइ यमराज् * मेरा अगाडी रहुन्
आफ्नू क्षत्रिय धर्म पालन यहाँ * सब् गर्नलाई मनी
क्षत्री सैकन जातुपर्छ मरिले * लड्नै अवश्यै पनि ४५
शिर् हुन् ब्राह्मण बाहु क्षत्रिहरु हुन् * त्यै कारणै गरी
हुन्छन् रक्षित बाहु डर् ति शिरको * आफ्ना मनैमा धरी
त्यो सब् बात बुझेर लड्न म यहाँ * सकुमर् पक्षी सदृश
लड्नू तैपनि भन्नुहुन्छ त भन्या * त्यो सब् पुरा गर्दछु ४६
धर्मै सङ्गत गूढ् मधुर् वचन त्यो * रामचन्द्रजीको सुनी
अज्ञानको परदा खुलेर इ कुरा * फेर् भन्न लाग्या मुनि
हे राम्! यो धनु लेउ लक्ष्मिपतिको * खैंचिलिया यो यहाँ
जानूँला तिमिलाई निश्चय पनी * नारायणै मन्महाँ ४७
पैल्हे एति भनेर आफ्नु धनु फेर् * लाग्या दिने ती जसै
आफैं त्यो धनु हातमा गइ गयो * रामचन्द्रजीको तसै
त्यो देखेर ति परशुरामजि तहाँ * आश्चर्य साहे भया
सारा शोक्ति हुट्यो पुकार् ति प्रभुको * झट् गर्न लागी गया ४८

हे राम्! घमण्डहरुको सब शेखि हर्न्या
नित्यै दया सकल सज्जन माथि गर्न्या
हुन् नाथको छ सब यो महिमा अपार
गर्छन् प्रणाम उहि नाथकन बारबार ४९

सुन्दर् स्वरूप हजुरले अहिले धर्न्याको
देख्तामहाँ मदन तक् छ फिका पर्न्याको
गर्वन् सुरासुर सबै जसको पुकार
गर्छ प्रणाम उहि नाथकन बारबार ५०

जसको भजन् गरिलिया भइ ज्ञान-बोध
छुट्न्या छ निश्चय पनी भ्रम मोह क्रोध
गर्ब्बन् स्वरूप जसको शिव तक् बिचार
गर्छ प्रणाम उहि नाथ्कन बारबार ५१
मैले हजुर्कन गरयाँ अनुचित् कुरा जो
गर्‍यां कहाँ गरिलियाँ अनजानले यो
माफ् राखिबक्सनु हक्स् भनि फेरि ताहाँ
बिन्ती गरया ति ऋषिले उहि बीचमाहाँ ५२
पापी भो अति कार्तवीर्य अब ता * यसलाई मार्छु भनी
बालस् पो म थियाँ गर्‍याँ हजुरको * ठुलो तपस्या पनि
यस्तो वर् खुशि भै मलाई दिनुभो * शक्ती समेतै दिई
इच्छा पूर्ण हुन्याछ जाउ अब क्यै * शक्ति समेतै लिई ५३
पैल्हे मारि ति कार्तवीर्यकन फेर् * सब् क्षत्रिको नाश् पनि
एक्काईस बखत् गरयाँ प्रसुजिको * हुकुम् छ यस्तै भनी
क्षत्री शून्य भयाकि पृथ्वि मयिंले * कश्यप्जिलाई दियाँ
एती कर्म गरी सकेर अधिको * शोखी पुरयाई लियाँ ५४
त्रेतामा अवतार् लिन्याछु नरमा * राम्नाम् जगत्मा धरी
भेट्होला तिमिथ्यैं उहीं म लिउँला * यो शक्ति मेरी हरी
ताहाँ देखि तपै गरेर रहनू * ब्रह्माजिको दिन्भरी
एती अर्ति मलाइ दीकन गया * वैकुण्ठ धाम्मा हरि ५५
मैले काम् पनि सो सबै गरिसक्यौं * राम्लाइ भेट्यौं पनि
मेरो शक्ति हजुरले हरिलिंदा * चीन्ह्यौं प्रभू हुन् भनी
मेरो जन्म सुफल् भयो सहजमा * पायौं परात्मा पनि
बूझ्यौं तत्त्व सबै पनी हजुरको * पात्रै कृपाको बनी ५६

जो छन् भक्त हजूरका ति सँगमा * सत्सङ्ग मेरो हवस्
यो भक्ती दृढ मै प्रभू हजुरको * एही चरणमा रहोस्
एती बिन्ती तहाँ गरी सकल पाप् * पुण्यै समर्पण् गऱ्या
इच्छित वर् प्रभुले दिदा परशुराम् * आनन्दमा खुब् पऱ्या५७
ताहीं श्री रघुनाथका वरिपरी * घूमी नमस्कार् गरी
मर्जीले ति गया महेन्द्र गिरिमा * मन् रामचरणमा धरी
देख्या तेज् दशरथजिले र सुतको * हर्षाश्रुधारा झरी
प्रेमका सागरमा तहाँ डुबिगया * आलिङ्गनादी गरी ५८

श्री रामचन्द्रजीको अयोध्या पुनरागमन ।

एती काम् गरी राम् गया सहजमा * पूग्या अयोध्या महाँ
सीतालाइ लिएर राज्यसुख भोग् * रामले गऱ्या क्यै तहाँ
क्यै दिन् मानिजहुन् भरतकन यहाँ * ल्याऊँ घरैमा भनी
मानिजलाइ लिना निमित्त खुशिले * आया युधाजित् पनि १
बीदा श्री दशरथजिले पनि दिया * बीदा मिलेथ्यो जसै
सँग् शत्रुघ्न लिई भरतजि त गया * मामा कहाँ पो तसै
आया राम बिहा गरेर पुरिमा * जस्सै उठ्यो यो खबर्
सारा रैयतको प्रसन्न मन भो * हुन्थ्यो खुशी क्या अबर् २
सीताराम् अघि तपगरिन् र त यहाँ * छोरा बुहारी भया
कौशल्याकन ता मिल्यो अदितिको * शोभा सबै ताप् गया
सीताराम् पनि लोकमा सकलको * आनन्द मङ्गल् गरी
चेष्टा मानिसको गरीकन रह्या * लक्ष्मी र विष्णू सरी ३

इति मुन्वा होमनाथात्मज पं० केदारनाथजी तनयेन पं० रामजी उपाध्याय कृत क्षेपक समेतको
महाकवि भानुभक्ताचार्य कृत रामायण बालकाण्ड समाप्त ।

❀ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ❀

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र. रामजी उपाध्याय कृत क्षेपक समेतको



महाकवि
गोस्वामी तुलसीदासको

रामायण-अयोध्याकाण्ड

श्री राम-नारद-सम्वाद ।

एकान्तस्थलमा सितापति थिया * सीता हजुरमा रही
हातमा चामर लीं प्रभूकन्न तहाँ * हाँक्थिन् समिपमा गई
आकाश मार्ग गरी बहुत खुशिहुँदै * नारदजि ताहीं गया
नारदजीकन दण्डवत् गरि प्रभु * यो बिन्ति गर्दाभया १
संसारी म थियाँ बड़ो हुनगयाँ * दर्शन् मिल्यो यो जसै
यो भाग्योदय हो बुझ्याँ पनि यहाँ * दर्शन् मिल्याको उसै
भैले गर्नु छ काम् कउन् हजुरको * चाँड़ो उ आज्ञा हवस्
त्यो काम् सिद्ध गराउँला हजुरको * आनन्द मन्मा रहोस् २
यस्तो बात् प्रभुको सुनेर खुशिमै * सब् शुद्ध खोली दिया
नारदले बहुतै गऱ्या स्तुति तहाँ * रामलाइ मन्मा लिया
बिन्ती गर्नु कुरा थियो मनविषे * बिन्ती गऱ्या यो पनि
ब्रह्माको बिनती लिई हजुरमा * आई रहाछु मनी ३

भूको भार म हुष्ट मारि हरुँला * जान्छु अयोध्या महाँ
मन्त्या एति वचन् गरिकन हजुर् * पाल्नू भएथ्यो यहाँ
यस्तो हो तर गादि दीन् दशरथ् * राजाज्ञिको मन् भयो
स्वामितले अब राज्यमा भुलिदिया * मारहर्नु कामता रह्यो ४
नारदका इ कुरा सुनेर खुशि भै * उत्तर् प्रभूले पनि
जल्दी बक्सनुभो म राज्य नगरी * वन् जान्छु भोली भनी
स्वामितका इ वचन् सुनेर बहुतै * नारदजि खुशी भया
तिन् फेरा प्रभुको प्रदक्षिण गरी * आकाश् गतीले गया ५

राम राज्य तिलकको मायोजन ।

सन्तोषले दशरथजिका मनविषे * आनन्द मङ्गल् भयो
रामलाई अब राज्य धुँ भनि तहाँ * मन् यस् लहडमा गयो
यस्तो मन् हुनगो र डाकि गुरुका * सङ्मा हुकुम्मो पनि
भोली राज्य तिलक् दिन्याछु मयिंले * रामचन्द्रलाई भनी १
मन्त्री डाकि हुकुम् भयो उहिबखत् * जो जो कहन्छन् गुरू
सो सो चीज् झटपट् तयारगर तिमी * सब् काम छोड़ी अरू
मन्त्रीले पनि यो हुकुम् सुनि तहाँ * साथ्मा गुरुका रह्या
चाहिन्छन् जति चीज् ति खोज्न गुरुले * खोलेर सब् चिज् कह्या २
मन्त्रीलाइ अहाइ राघवजिका * साथ्मा वशिष्ठै गया
पैल्हे श्री रघुनाथले गुरु भनी * सन्मान गर्दा भया
साहै खुशि भई वशिष्ठ गुरुले * फेरी उसै बिचमहाँ
श्री रामचन्द्रजिका अगाडि इ कुरा * बिन्ती चढ़ाया तहाँ ३
हे त्रैलोक्यपते ! गुरू हुन म हूँ * तिम्रो म हूँ क्या गुरू
इनका हुन् इ गुरू भनेर इ सबै * भन्छन् भनुन् लौ अरू
तिम्रो दर्शन पाउँला भनि यहाँ * प्रोहित् भयाको म हूँ
गुह्यै खुलुक्क भनेर डर् हुनगयो * धेरै कुरा क्या कहूँ ४

खोलून्या छैन म शुद्ध चूप रहुँला * सब् जान्दछ ता पनि
जानि जानि म बिन्ति गर्न अहिले * आयाँ हजुरमा भनी
भोली हुन्छ तिलक् हजुरकन यहाँ * सामग्रि जम्मा भयो
पृथ्वीमा सुकला हक्स् हजुरको * सब् शास्त्रले भन्छ यो ५
सब् इन्द्रीय जितेर आज उपवास् * गर्नू सिताले सँगै
आज्ञा पाउ म जान्छु काम छ बहुत् * सब् काम् बिचारुछु म गै
फक्र्या एति भनी वसिष्ठजि जसै * रामचन्द्रजीले पनि
आज्ञा लक्ष्मणलाइ भो तिमि गऱ्या * यो राज्यको काम् भनी ६
छैनन् माइ भरत् ति आज उनका * खातिर् छ मेरो दया
लक्ष्मणका सँग यो कुरा गरि प्रभू * माता भयामा गया
मातालाई भन्या जसै प्रभुजिले * सम्पूर्ण त्यो बात् गई
लागिन् माइ विचार् गर्न मनले * अत्यन्त खूशी भई ७
राजाले त विचार् गऱ्या दिन भनी * क्या गर्दछिन् कैकई
यसमा विघ्न कदापि पर्न नदिउन् * लक्ष्मी र दुर्गा भई
कौशल्या पनि यो विचार् गरि तहाँ * गर्थिन् पुजा देविको
द्यौताको मनमा मने ठहरियो * काम बिघ्न गर्नू निको ८

सुम्बा होमनाथात्मज पं० केदारनाथ उपाध्याय कृत मन्थरा कैकेयी संम्वाद ।

(मनले एति विचार् गरेर पहिले * फेरी उसै बिचमहाँ
लाग्या भन्न सरस्वतीकन गई * द्यौताहरुले तहाँ
हे मातर् ! रघुनाथ् गएर वनमा * मूमार चाँड़ो हुन्
यसको केहि उपाय गर्दिनुहवस् * आनन्दमा सब् परुन् १
यसतो बिन्ति सुनी सरस्वतिजिले * द्यौताहरुको तहाँ
त्यो काम् गर्न कबोल् खुशीसित गरी * पौंचिन् अयोध्या महाँ
दासी एक् थिइ मन्थरा भनि तहाँ * कैकेइजीकी कुनै
मनमा गै उसका पसिन्ति पहिले * बुद्धी बिगारी दिनै २

बुद्धी नाश गरिन् सरस्वतिजिले * त्यो मन्थराको जसै
रामको राज्यतिलक् हुन्याँ बुझि तहाँ * ताप् मात्र लागी तसै
विघ्नै गर्छु मनेर त्यो मरतकी * माता मयाका गई
अश्रूपूर्ण नयन् गराई नखरा * पारेर रुँदी भई ३
सामने तेस्कन देखि तेस् तरहले * रोई रह्याकी तहाँ
क्यै हाँसेर ति रानि भन्न इ कुरा * लागिन् उसै बीच्महाँ
रुन्केस् क्यान तँ आज भन् ति सब बात् * आफ्नू छ मन्सा जति
ठान्छ लक्ष्मणले तँलाइ अहिले * शिक्षा दिया हुन् अति ४
बारम्बार ति रानि यै तरहले * सोधिथन् तथापि पनि
त्यस्ले मन्दिनथि म रुन्छु अहिले * यस्ता कुराले भनी
सोही कारण मन्थराकन् तहाँ * हेरेर फेरी पनि
लागिन् सोध्न छ कुन् कुरो यसरि यो * तैंले रुनाको मनी ५
श्री रामचन्द्र र भूपती भरतजी * शत्रुघ्न लक्ष्मणहरू
ठान्छु फेरि सबै कुशल् तब रुन्या * कुन् बात् छ यस्तो अरू
यस्तो बात ति रानिको सुनि तहाँ * त्यो मन्थराले जसै
रामको नाम् लिनु त्यो सुनेर पहिले * झन् डाह मानी तसै ६
लामू स्वास गरेर नेत्र दुईमा * आँसू बहुतै धरी
लागी कैकइलाइ भन्न इ कुरा * त्यो मन्थरा त्यै घरी
भोली राज्यतिलक् हुन्याछ जसको * यो राजगद्दी महाँ
सोही राम सिवाय कौन अरुको * होला कुशल् लौ यहाँ ७
कौशल्या सरि भाग्यमानि मयिंले * मान्दीन कोही पनि
गर्छिन् आफ्नु बढ़ाई ती म सरिको * क्वै छैन रानी भनी
हेर्नु गै किन हुन्न यस् वखतमा * तिन्को छ शोभा जति
तिन्को चक्चकि सोहि देखि मनमा * ताप् हुन्छ मेरो अति ८

छैनन् पुत्र हजूरका घरमहाँ * याद् छैन केही पनि
मान्नू हुन्छ हजूरले नृपति छन् * मेरा वशैमा भनी
निद्रा खुप् छ सजी सजाउ सइया * पाया यहाँ मै गयो
जान्नू हुन्न कपट् कुरो नृपतिको * कुन् हाल् हुन्या यो भयो ९
त्यसतो बात ति रानिले सुनिलिइन् * त्यो मन्थराको जसै
तेसको त्यो मनको कुभाव् बुझि सबै * हप्काइ भन्छिन् तसै
घरमा फूट हुन्या कुरा यसरि यो * बोलीस् भन्या फेर् यहाँ
जिब्रो काटि निकालि दिन्छु मयिंले * पेक्रर गर्धन् महाँ १०
कानी कूबरि होस् कुचाल बहुतै * देख्छु म तेरो यहाँ
उस्मायी पनि दासिहोस् कसरि बुझ् * योग्यै कुरा मन्महाँ
जेठाको सब राज्य हुन्छ अरु सब् * भाईहरू छन् जति
तिन्ले चाकरी गर्नुपर्छ उसको * ये राज्यको हो गति ११
उस्मायी पनि रामचन्द्र अहिले * भाईहरू छन् जति
मान् राख्छन् सबको बराबर यहाँ * भेद् छैन तिन्मा रति
मैमायी छ विशेष प्रेम तिनको * जान्यौं परीक्षा गरी
प्यारो गर्छु म सोहि कारण बहुत् * रामलाइ प्राणै सरी १२
अर्को जन्म दिया मलाइ विधिले * गर्छू पुकार् यो पनि
मेरै पुत्र बुहारि मैकन यहाँ * जन्मुन् सिताराम् भनी
मोली राज्यतिलक् भयो यदि भन्या * मेरा उनै रामको
पाऊँ केस् तँ इनाम् मदेखि बुझिले * एकसौ ठुलो ग्रामको १३
जसको सज्जनता स्वभाव गुण रूप * देखी लिनाले गरी
जसदेखी खुशीछन् तिनै भुवनका * प्राणीहरू यो घरी
सोही श्री रघुनाथको किन ठुलो * गर्छेस् तँ डाहा यहाँ
त्यसको कारण कुन् छ त्यो सब बता * मेरा अगाडी महाँ १४

यो बात् सुन्दा मन्थरा ताहिं फेरी
लागी मन्नै कैकयीलाइ हेरी
एकै बेरमा पाइ घर् फोर्नि नाऊँ
आफ्नू जिभ्रो के म बोली कटाऊँ १५
बोल्छन् झूठो बात जस्ले बनाई
प्यारा हुन्छन् सोही जन्हेरु आई
तेस्तै मालिकलाइ खूशी म पार्छु
नाहीं मौने आजदेखी म धार्छु १६
जस्तो पूर्वै जन्ममा कर्म थीयो
दासी तेस्तै रूपको पारिदीयो
राजा क्वै हुन् कुन् मलाई छ हानी
दासी छोडी हुन्न कैल्हे म रानी १७
देख्यौं हजुरको घटिया र ऐल्हे
बिन्ती गर्‍यौं आफ्नु विचार मैले
मेरो भया चुक् यहि बात माहाँ
माफ् बक्सियोस् हे पटरानि! याहाँ १८
त्यो मन्थरा तरफ देखि यसोरि हाँसी
फेरी सरस्वति स्वयम् पसि बुद्धि नाशी
मोहित् जसै गरिलिइन् तब सोहि रानी
लागिन् सुध्याउन ठुलो पतियार मानी १९
रामको तिलक् भइ कउन् घटिया छ ऐल्हे
जान्दीन यो सकल सोचि बिचारी मैले
हे मन्थरे! मकन त्यो सब प्रष्ट खोली
चाँडो बता यसरि व्यङ्ग कुरा नबोली २०

यो आज्ञा सुनि रानिको जब तहाँ * त्यो मन्थरा खुश भई
साढ़ेसाति समान मै अवधको * फेर् भन्न लागी गई
राजाकैं मनराख्न प्रेम् हजुरको * राम्चन्द्र गर्थ्या यहाँ
प्रेम् गर्वन् अब रामले हजुरको * कुन काम खातिरमहाँ २१
सूर्यैदेखि अघी बढ़ेर बहुतै * सूर्यै कमल् छन् जति
सोही सूर्यजिदेखि शोषण भई * वैलाउँछन् फेर् अति
त्यसतै प्रेम् अघि रामको हजुरको * साँचै थियो ता पनि
ती दिन् बित्न गया दिनै फिरि यहाँ * छुट्छन् सबै प्रेम् भनी २२
राजालाइ हजूरका मनमहाँ * देखी लिनाले गरी
कौशल्याजि हजूरको वशामहाँ * रीस् गर्दथिन् हरघरी
मौका पाइ भरत्जिलाई परदेश् * तिन्ले पठाई दिइन्
राजा राम हउन् भनी सकल काम् * आफ्नू सह्यारी लिइन् २३
राजा राम भया पछी हजुरले * पुत्रै सहित् मै यहाँ
कौशल्याकन गर्नु पर्दछ टहल् * रात्दिन् रही सँग् महाँ
सेवा गर्नु भएन तिन्कन भन्या * दूधको भिंगा मैं भई
पर्ला वस्नू हजूरले अब यहाँ * साहै ठुलो भार् सही २४
रेखा खैंचि म भन्दछु अब यहाँ * कैदी भरत्जी हुनन्
मंत्री भैंकन रामको सकल काम् * लक्ष्मण् अवश्यै लिनन्
कद्रूले विनताजिलाई पहिले * जो दुख् दिईथिन् यहाँ
कौशल्याजि हजूरलाइ उहि ठिक् * छोड्छिन्नदुख्दीकहाँ २५
यै रित्का अरु धेर् कुरा सुनिलिइन् * त्यो मंथराको जसै
मन्मा ताप् बहुतै प्रकट् हुनगयो * कैकेयीलाई तसै
छुट्तो भो पसीना शरीर् भरि बहुत् * कामेर थर्थर् तहाँ
लाग्छिन् भन्न ति मंथराकन इ बात् * फेरी उसै विच्महाँ २६


१
राजा दशरथले वशिष्ठजी सँग रामलाई राज दिने सल्लाह गरेको ।
२
मन्थराले कैकेयी सँग भरतलाई राजा बनाउने सल्लाह दिएको ।
३
मन्थराले कैकेयीलाई दुइटा पहिलेको वरको सम्झना गराएको ।
४
कोपभवनमा कैकेयी सँग दशरथले उनको इच्छा सोधेको ।
५
कैकेयीले आफ्नो दुइटा नाशो वर मध्ये रामलाई १४ वर्ष वनवास र भरतलाई राज्य मागेको ।

आफ्ना माइतिमा गएर म बस्‌ * बस्‌न्याछु जन्मै भरी
सेवा सौतिनिको म गर्दिन कसै * भन्न्या बुझेस्‌ यो घरी
सुखूले एति भनेर कैकई बहुत्‌ * ताप्‌ गर्न लागिन्‌ जसै
लागी फेर्‌ पनि भन्नलाइ इ कुरा * त्यो मंथराले तसै २७
ऐल्हे हे पटरानि ! ताप किन यो * गर्नू भएको अति
मैले भन्छु जउन्‌ गऱ्या हजुरले * पर्दैन यो दुख्‌ रति
थाती छन्‌ दुई वर्‌ अघी नृपतिले * दिन्छु भन्याको तहाँ
आजै ती वरदान माँगिलिनुहोस्‌ * राजाज़िका सङ्‌महाँ २८
वन्‌मा गैकन चौध वर्षतक राम्‌ * योगी समान्‌ भेष्‌ धरुन्‌
राजा भैकन राज्यको सकल काम्‌ * छोरा हजुरका गरुन्‌
सत्यैका वशमा परी नृपतिले * त्यो पर्छ गर्नै यहाँ
बन्‌ला कामहरू सबै हजुरको * एही उपायै महाँ २९
यो बात्‌ कैकइले तहाँ सुनिलिइन्‌ * त्यो मन्थराको जसै
मन्छिन्‌ चित्त बुझेर फेरि इ कुरा * तेस्‌का सँगैमा तसै
मेरो यो सब्‌ काम्‌ बन्यो यदि भन्या * एही उपायै महाँ
आँखाकी पुतली समान मर्यिले * राख्छ तँलाई यहाँ ३०
यै रित्‌ले अघि मंथराकन खुशी * ती रानि गर्दी भइन्‌
त्यो दुष्टाकन झट्‌ बिदा दिइ तहाँ * एकान्त ठाउँ गइन्‌
कुन्‌ रित्‌ले अधिराजलाइ मर्यिले * पार्नू वशैमा भनी
मन्‌मा तर्क-वितर्क धेर्‌ गरि तहाँ * क्रोध्‌ गर्न लागिन्‌ पनि ३१
सुन्दर वस्त्र निकालि फालि कपड़ा * मैला शरीर्‌मा धरिन्‌
आभूषणकन फ्याँकि खूब्‌ रिसले * खाली जमिन्‌मा परिन्‌
सज्जन्‌ वेस्‌ सुमती पनी कुमतिका * सङ्‌ले त बिग्री गयो
मन्छिन्‌ जो दुनिया उलच्चण यहाँ * ठिक्‌ कैकईमा भयो ३२

(कोही कैकय देशमा नृप थिया * ठूला यशस्वी गुणी
नाऊँ कैकयराज् थियो तिनिमहाँ * जन्मिन् इ छोरी पनि
वंशैको अनुसार कैकइ भनी * इन्को त नाऊँ रह्यो
राजा श्री दशरथ्जिका सँग पछी * इन्को विवाहै भयो १
द्यौता दानवको भयो रण ठूलो * एक् पल्ट स्वर्ग महाँ
कैकेई सँग ली गया नृपती ती * डाकृता सुरैले तहाँ
द्यौताको गरि ओर ती नृपतिले * ठूलो लडायीं गऱ्या
त्यै बेला रथको धुरा टुटिगयो * साहै सकसमा पऱ्या २
रानी कैकइले सहास् गरि धुरा * हातको बनाई लिइन्
युद्धै त्यो हुनुसम्म रथ् नृपतिको * रणमा अड्याई रहिन्
सोही कारण खुश् भएर नृपले * आज्ञा गरेथे तहाँ
हे प्यारी ! वरदान दिन्छु दुइटा * लौ माँग चाँडो यहाँ ३
यस्तो बात सुनेर आफ्नु पतिको * थाती रहोस् यो मनी
राखीथिन् उहि माग्न औसर बुझी * त्यो स्वाङ् रचाइन् पनि)
कैकेईकन खोपिमा नृपतिले * देख्दा भयानन् जसै
सोध्या रानि कता गइन् भनि तहाँ * सब् केटिलाई तसै ४
यो आज्ञा नृपराजको जब सुनी * केटी तहाँ जो थिई
हात् जोड़ी उसले खड़ा भइ तहाँ * बिन्ती चढ़ाई लिई
क्रोधागारबिषे गया कि त बुझ्यौं * कारण् छ कुन् कत्तिको
बूझ्याको पनि छैन गै हजुरले * बुझ्नू हवस् क्यान हो ५
केटीका इ वचन् सुनेर डरले * राजा नगिचमा गया
कैकेई किन यो ठुलो रिस गऱ्यौ * बात् खोल भन्दा भया

जो भन्छयौ म पुऱ्याउँला भनि तहाँ * खाया सफथ् धेर् जसै
लागिन् मन्न खुशी भएर इ कुरा * ती कैकईले तसै ६
पैल्हे जो दुइ वर् मलाइ दिनको * आज्ञा हजुरको थियो
पायाको अझतक् थिएन मयिंले * थाती हजुरमै रह्यो
एक् वरले गरि रामचन्द्र वनमा * चौधै वरष् तक् रहुन्
अर्को जो वर हो भरतजि उसले * राजा यहाँका हउन् ७
भोली एति कुरा भएन त भन्या * मन्यांछु विष् पान् गरी
भन्न्या बात् सुनि रानिको गिरिगया * राजाजि मूर्छा परी
त्यो रात् वर्ष समान् बित्यो ति दशरथ् * त्यो खोपि भित्रै रह्या
सब् सामग्री तयार् गरीकन बिहान् * मंत्री हजूरमा गया ८
देख्या हाल् र तहाँ बिचार् हुनगयो * सोध्या पऱ्यो क्या भनी
बिस्तार् पाइ सुमंत्र राम् लिनगया * आया तहाँ राम् पनि
भन्छिन् कैकई रामलाइ बुझ यो * आज्ञा पिताके यहाँ
सौंपी राज्य भरतजिलाइ तिमिले * जानू परयो बन्महाँ ९
यसतो बात् सुनि बात् गरया प्रभुजिले * धेरै कुरा क्या गरूँ
राजा भाइ भया समान् म खुशिको * मान्दीन क्यै बात् अरू
गाह्रो कत्ति न मानि जान्छु वनमा * राजा त बोलुन् भनी
बोलेको प्रभुको बचन् सुनि तहाँ * बोल्छन् तिराजा पनि १०
हे रामचन्द्र ! मलाइ आज तिमिले * बाँधेर राज्यै गरी
झुट्टादेखि बचाउ पाप रतिभर् * लाग्दैन यसतो गरी
राजा एति भनेर फेर् पनि बिलाप् * खुब् गर्न लाग्दा भया
राजाको बुझियो र आशय तहाँ * रामचन्द्र घरमा गया ११
कौशल्या पनि भक्तिले प्रभुजिका * ध्यानमा रह्याकी थिइन्
रामजीलाई नदेखि खुब् दृढ़ भई * ताना हरीमा दिइन् १२

सुमित्राले भन्दा पछि पलक तिम्को खुलिगयो
प्रभूलाई देख्ता अलिक मन संतोष् पनि भयो
खुशीले काख्मा लीकन जब भनिन् खाउ तिमिले
सुनी राम्ज्यू भन्छन्अब त कति खालाँनि मयिंले १३
गयो खान्या बेला मकन त मिल्यो राज्य वनको
भरतले राज् पाया यहिं बसि गरुन् राज्य जनको
बिदा बक्स्या जावस् खुशिसित म जानेछु वनमा
म चाँडै फिर्न्याछु बिरह् न हवस् कत्ति मनमा १४
वचन् सुन्दा मूर्छा परिकन उठेकी छँदी तहाँ
भनिन् कौशल्याले तिमिकन म छोड्छु अब कहाँ
भन्या राजाले ता तर म अहिले रोक्दछु यहाँ
कि साथै लैजाऊ मकन तिमि जान्छौ अब जहाँ १५
तिमीलाई बीदा दिई कसरि यो दुःख सहुँला
बरू प्राणै त्यागी यमपुरीमहाँ जाइ रहुँला
बिलाप् कौशल्याको यति सुनी दयाले भरिगयो
तहाँ लक्ष्मणको मन् तबअरु उपर् रीस्ले भरिगयो १६
नजर् दी राम्ज्यूमा अरुसित उठ्याको रिस बढ़ी
गऱ्या बिन्ती राम्थ्यैं अब भरत सित् लिन्छु म लडी
हजुरको राज् हर्न्या जति जति ति छन् मार्दछु यहाँ
पितै मार्छु पैल्हे तब म अरु फेर् छोड्दछु कहाँ १७
चढ्या जावस्गादी सकल रिपुको नाश् म गरुँला
यसै काम्ले माईहरु इ दुइको शोक हरुँला
सुन्या लक्ष्मणजीको वचन इ जसै राम् खुशि भया
बुझाया विस्तारले पनि तहिं ठुलो लीकन दया १८

सुन्यौ भाई ! लोकमा शरिर अति कच्चा छ जनको
शरीर् कच्चा जानी नगर तिमि रीस् कत्ति मनको
सबै बोल्छन् चल्छन् बिछुलि सरि एकछिन् नरहन्या
बिचार् यसूतो राखी सह तिमि बड़ो हुन्छ सहन्या १९
भ्यात्को खाँ भनि खोज्छ डाँस् मुखविषे * साँपले धड्याको पानि
एसूतै भोग गरुँला मनेर मनले * मन्छन् दुनीयाँ भनी
क्याको रिस्छ यहाँ विचार मनले * काल् सर्पका मुख् परी
क्या होला बन जाउँला इ सबमा * आनन्द राखुन् हरी २०
देशदेशका बाटुलिन्छन् बुझ तिमि मनले बाटका पाटि माहाँ
बातचित् गर्दै रहन्छन् खुशिसित मनले बन्धु भै राति ताहाँ
प्रातःकाल्मो ज़सैता उठीकन ति सबै दश्दिशा लागि जान्छन्
बन्धूको सङ्ग यसूतै बुझिकन गुणिले दुःख सुख् एक मान्छन् २१
छाया तुल्य छ लक्ष्मी यौवन भया * मेलै सरीको मनी
भन्छन् स्त्री सुखलाइस्वप्न सरिको * साँचो कुरा हो पनि
यसूतो जानि पनी मनुष्य हरु सब् * संसारमा झुल्दछन्
झुल्नैका वशले अनेक् दुख सही * संसारि मै डुल्दछन् २२
जुन् यो देह निमित्त यो रिसगर्‍यौ * चिन्छौ कि कस्तोछ यो
हाड् मासू र रगत् नसा यति कुरा * जम्मा भई बन्छ यो
बिष्ठा हुन्छ कि भष्म हुन्छ पछितक् * बाँच्तैन यो ता कसै
यसूका खातिर क्रोधगर्‍यौ पनि भन्या * पाप्मात्र मिल्ला उसै २३
क्रोधै हो यमराज् सबै इ जनको * वैतर्णि भन्न्या पनि
तृष्णा हो भनि यो बुझेर तिमिले * कैल्हे नविर्स्या अनी
सन्तोषै बुझ कामधेनु सरिको * सन्तोष मनले रह
रिस् गर्नु बढ़िया हुँदैन वनमा * जानू असल् हो सह २४

यस्तै हो सुन कर्मका वश हुँदा * बस्तैन एक ठाम् रही
कस्तै कोहि हवस् अवश्य करले * जानू छ जाहाँ गई
कर्मैको फल भोग गर्छ दुनियाँ * यै बात जानी लिनू
आमाले पनि एहि बात बुझि यहाँ * बीदा उचित् हो दिनू २५
यो बिन्ती गरि पाउमा जब पर्‍या * बीदा दिइन् माइले
आँशू थाम्न कठिन् भयो सब शरीर् * निश्चक्क मो आँशुले
आशिर्वाद् रबिदा समेत् जब मिल्यो * खुश् मन् भयो रामको
लक्ष्मणले पनि साथ जान्छु म भनी * बिन्ती गर्‍या जानको २६
लक्ष्मणलाइ सँगै लिएर रघुनाथ् * सीता भयामा गया
विस्तार् पूर्वक सब कुरा प्रभुजिले * खोलेर भन्दा भया
पङ्खा छत्र चमर् रहित् प्रभु तहाँ * देखेर दुःखित् भइन्
आज्ञा हुन्छ मलाइ क्या अब भनी * साम्ने खडा भै रहिन् २७
शंकित् जानकिलाइ देखि प्रभुले * आज्ञा भयो यो पनि
सासूको टहलै गरी घर रह्नु * चौधै बरष् तक् भनी
बाबाको बचनै लिई शिर उपर् * जानै पर्‍यो वन् महाँ
चौधै बर्ष बिताइ निश्चय पनी * फिर्न्याछु फेरी यहाँ २८
यस्तो बात् प्रभुको सुनिकन तहाँ * सीताजि मूर्छा परिन्
पैल्हे ज्योतिषिको कुरा सब कही * छोड्दीन सेवा भनिन्
सीताको यति बात् सुनेर खुशि भै * साथै सिताजी लिया
ब्राह्मण् खुशी सदा रहुन् भनि तहाँ * दौलत् बहुतै दिया २९
कौशल्याजि जहाँ थिइन् तहिं गई * लक्ष्मणजिले फेर् तहाँ
माता मेरि पिछा भइन् अब भनी * सौंप्या उसै बिच्महाँ
एती काम् गरि रामका हुकुमले * लक्ष्मण् तयारी भया
सीता लक्ष्मण साथमा लि रघुनाथ् * राजा भयामा गया ३०

बीदा हुन पिताजिथ्यैं जब सिता * लक्ष्मणलि रामज्यू गया
यस्तो देखि असह्य भो र हुनियाँ * सब् शोक गर्दा मया
सीतारामकन दुःख यो हुन गयो * कैकेयि दुष्टै मह
सीता आज कसोरि दुःख सहानिन् * घोर् जंगलैमा गई ३१
यो अन्याय भयो यहाँ त नबसौं * जाऊँ प्रभूका सँगै
रामजी छोड़ि यहाँ कसोगरि बसौं * बुझ्दैन मन् ता नगै
यस्तो बात् गरि लोकले पनि बहुत् * शोक् गर्नलाग्या मनी
सब् बिस्तार् गरि वामदेव ऋषिले * त्यो बात् बुझाया पनि ३२
हे लोक हो ! कति गर्दछौ सकल शोक * त्यो शोक्ले ता छाडिद्यौ
साक्षात् विष्णु इ हुन् भनेर मनले * श्री रामजी जानिल्यौ
पृथ्वीको सब भार् हरेर रघुनाथ् * फिर्दैन् इ जान्कन् कहाँ
साँचा हुन् इ कुरा अवश्य किन यो * खेद्मानि लिन्छौ यहाँ ३३
यस् बातले ऋषिले मनुष्य हरुको * खुब मन् बुझाई दिया
पौंच्या राम् पनि कैकई र दशरथ् * जाहाँ बस्याका थिया
हे मातर् ! वन जानलाइ अब ता * आयौं जना तीन् चली
बीदा जान मिलोस् म जान्छु वनमा * रिस्राग् कसैमा नली ३४
आज्ञा जान पिताजिको पनि मिलोस् * जान्छु बहुत् खुश म हुँ
दुख्भोग्नन्कि भनी पिताजिकनशोक् * मन्मा नलागोस् कहिं
कैकेई यति बात् सुनेर खुशि भै * वस्त्रै पुराना दिइन्
लाया श्री रघुनाथले ति कपड़ा * सीताजिले ता लिइन् ३५
यस्तो वस्त्र म लाउँ आज कसरी * मन्न्या मनैमा धरी
सीताले रघुनाथका मुखविषे * हेरिन् कटाक्षै गरी
श्री रामले मुदुरा गरी ति कपड़ा * हातमा जसै ता लिया,
त्यो देखीकन राजपरिहरु सब् * रोया तहाँ जो थिया ३६

१
दशरथले रामलाई
वन जाने आज्ञा
गरेको ।

२
लक्ष्मणले प्रार्थनाका
संग वन जान प्रस्थान
गरेको ।

३
राम र लक्ष्मणलाई
कौशल्या र सुमित्रा
आशीर्वाद दिएको

४
राम वन जाँदा
प्रजाको शोक ।

हुष्टे !आज सिताजिलाइ किन यो * बस्तर पुराना दियो
यस कामले जतिछन् यहाँ ति सबको * प्राण खैंचि ऐल्हे लियो
कैकेईसित बात् बशिष्ठ गुरुले * एती गऱ्याथ्या जसै
बीदा भै रघुनाथ् चढ्या रथ विषे * सम्पूर्ण रोया तसै ३७

सीता राम र लक्ष्मण वन गमन।

सीता राम् वनमा गया रथ चढी * लक्ष्मण् गया साथमा
वृक्षैका तलमा रह्या रघुपती * घर् छाड़ी तेस् रातमा
सुन्दर् एक् तमसा नदी तहिं थिइन् * तिन्का ढुवै तीर् भरी
आई लश्कर रामका सँग बस्यो * खाली अयोध्या गरी १
फिर्नन् ता रघुनाथ सँगै फिरियला * जानन् चलौंला सँगै
रामजी छोडि यहाँ कसो गरी बसौं * काहाँ बसौंला नगै
यस्तो सुर् प्रभुले बुझीकन तहाँ * युक्ती गऱ्या छल्नको
प्रातःकाल भयो उठेर झट्पट् * मन्सुब् गऱ्या चल्नको २
फर्की फेरि शहर गया झर्यि गरी * बाटो छली राम् गया
फक्र्याछन् रघुनाथ मनेर दुनियाँ * सम्पूर्ण फिर्दा भया
यस् रितले दुनियाँ फिराइ शहरै * श्री राम बन्मा गया
गंगाका तिरमा पुगेर अब ता * रथ् थाम भन्दा भया ३
सुन्दर वृक्ष थियो ठुलो तिरविषे * एक शिंशपाको तहाँ
दौश्रो वास् रघुनाथको तहिं भयो * त्यै वृक्षका तल् महाँ
फल् फुल् लीकन मेट्नलाई शुहजी * आया बड़ा हर्षले
निर्मल् देह भयो उसै बख्तमा * श्री रामका स्पर्शले ४
(शृंगैबेर् पुरका तिनी शुह मनी * राजा अनार्यै थिया
तिन्ले श्री दशरथ्जिका सँगमहाँ * मैत्री लगाई लिया
पूर्वै जन्ममहाँ थिया इनि पनी * व्याधा भयाका अघी
रामका भक्त भया, कठोर् तप गरी * श्री शम्भुजीको पछी) ५

मेरो आज पवित्र घर् पनि हवस् * स्वामित् ! गर्‍याँ बिन्तियो
सेवक् हुँ करुणानिधान् ! मक्कन होस् * माया र मर्जी छ जो
यो बिन्ती सुनि मन्दछन् प्रभु तहाँ * सून्यौ सखे ! आज ता
वन्मा जान चल्याँ म जान्न घरमा * याहीं रहन्छ म ता ६
कौनै फल् फुल खान्नु छैन अरुले * केही दिउन् ता पनि
भन्न्या यो मनमा छ थाम्नु मनको * आफ्नो प्रतीज्ञा भनी
मेरै हो तिमि राज्य जो छ उ पनी * मेरै छ भन्दा भया
बरको दूध घसी जटा मुकुट भैं * पारेर बाँधदा भया ७
जल्पान् मात्र गरी सिता र रघुनाथ् * कुश् आसनैमा गया
लक्ष्मणका सँगमा गई गुह पनी * रातभर् खड़ा भै रह्या
सीता राम फगत् कुशासन विषे * देख्या सुत्याका तहाँ
साह्रै ग्लानि भई तहाँ गुहजिको * शोक् पर्‍यो मन्महाँ ८
भन्छन् लक्ष्मणलाइ भाइ ! फजिती * खुप् कैकईले दिइन्
राजाजीकन बश् गरेर बहुते * हुर्मत् प्रभूको लिइन्
लक्ष्मण बात् सुनी भन्द छन् गुहजिकले * दिल् भित्र ठण्डा गरी
लाग्या सुन्न पनी तहाँ गुहजिले * तन्मन् उसैमा धरी ९
दाताको छ यहाँ इ दुःख सुखको * फल् मिल्छ सब् कर्मको
अर्को भन्नु कुबुद्धि हो न भन यो * नाश् हुन्छ सत्कर्मको
कर्ता हूँ पनि भन्नु छैन अभिमान् * जन्ले नगर्नू कहीं
कर्मैको फल भोग मिल्छ तिमिले * बुझ्नू इ जाहीं तहीं १०
धीरा भै रहनू विपत्ति सहनू * कसूतै परोस् ता पनि
कैल्हे मोह विषे नपर्नु जनले * माया छ संसार् भनी
यस्तो बात् सुनि रात् वित्यो गुहजिको * रामका नजिक्मा रही
गंगा तर्न हुकुम् भयो प्रभुजिको * ताहाँ उज्यालो भई ११

१ पुत्र वियोगले राजा दशरथको मृत्यु ।

२ निषादले राम लक्ष्मण र सीता को पाऊ धुन लागेको ।

३ भरत र शत्रुघ्न मामाका घरबाट फर्केको ।

४ शत्रुघ्नले दुष्ट मन्थरालाई कुटेको ।

५ भरत र शत्रुघ्नले बनमा गई विन्ती गर्दा राम न फर्केकाले भरतले खराऊं ल्याई पुजी राज गरेका ।

गङ्गे ! आज म जान्छु घोर बनमा * केवल् नमस्कार् गरी
फिर्दामा म पुजा अवश्य गर्नुला * सामग्रि ढुलो गरी
यसतो बिन्तिगरी सिता प्रभुजिका * साथै चलिन् पार् तरी
आज्ञा ली घरमा फिऱ्या गुह पनी * भक्ती मनैमा धरी १२

गङ्गा पार् तरि मिर्ग मारि पकुवा * तारेर खाया तहाँ
तेश्रो वास् रघुनाथको तहिं भयो * एक् वृक्षका तल्महाँ
चौथा वास् रघुनाथको हुनगयो * आश्रम् भरद्वाजको
राम्ज्यूको ऋषिलेगऱ्या स्तुतिअनेक् * सुर् जानी काम् काजको १
(इन्का बाबु थिया बृहस्पतिजि जो * हुन् देवताका गुरू
माता हुन् ममता, बृहस्पतिजिको * जो थिन् अघी भाउज्यू)
पाँचौदिन् ऋषिका कुमार् सँगलिया * बाटो बताउन् भनी २
राम्लाई जमुनाजि तारि ति कुमार् * साँझमा त फर्क्या पनि
सीताराम् पनि चित्रकूट् पुगिगया * बाल्मीकि बस्थ्या जहाँ
बाल्मीकी कन दण्डवत्गरि बहुत् * आनन्द मान्या तहाँ
(भाषा संस्कृतका इ आदिकवि हुन् * ब्याधा थिया ई अघी
उल्टो पारि 'मरामरा' भनि जप्या * राम्नाम् इनले पछी ३
सप्तर्षीहरूको मिलेर उपदेश् * त्यसकै प्रभावले गरी
रामायण् रचना गरी इनी भया * प्रख्यात संसार् भरी)
बाल्मीकीकन भन्दछन् रघुपती * क्यै दिन् रहन्छु यहाँ
कुन् जग्गा बढ़िया छ सब् तरहले * होला सुबिस्ता कहाँ ४
सुन्या बाल्मिकिले मनुष्य सरिभै * राम्ले गऱ्याको कुरा
सोही माफिक बिन्ति बात् पनि गरया * बाल्मीकि छन् भनेपुरा
जान्दैनन् महिमा बड़ा ऋषि पनी * जस्को त एक् नामको
यस्तो हौ रघुनाथ! हजुरकन यहाँ * के काम् असल् ठामको ५

सज्जनको हृदयै छ घर हजुरको * अर्को बताऊँ कहाँ
बिस्तार् यो सुनी बक्सनू पनि हवस् * बिन्ती म गर्छु यहाँ
व्याधा हूँ अधिको म सप्तऋषिका * निर्मल् कृपाले गरी
वाल्मीकी भनि नाम् चल्यो जब जपें * राम् नाम उल्टो गरी ६
उल्टै नाम जपे त यो छ महिमा * बिस्तार् धेर् क्या कहूँ
गङ्गाको र इ चित्रकूट गिरिको * बीचूका जगामा रहूँ
वाल्मीकी ऋषिको वचन् सुनि बहुत् * खुश् भै जगन्नाथ् गया
गङ्गाको र ति चित्रकूट गिरिको * बीचूपारि बस्ता भया ७
गंगादेखि सुमन्त्र फर्कि दशरथ् * जाहाँ बस्याका थिया
ताहीं जल्दि गएर जो छ समचार् * बिलकुल् सुनाई दिया
वरको दूध घसी जटा मुकुट मैं * बाँध्या दुबै माइले
फर्कीं जा भनि यो हुकुम् तहिं दिया * रामले सिता माइले ८
गंगा पार् रघुनाथ् गया नजरले * हेर्दा कठिन् भो तहाँ
छोडयाँ देख्न जसै रुँदै रथ लिई * दौड़ेर आयाँ यहाँ ९

राजा दशरथको प्राणत्याग, श्रवणकुमार चरित्र र भरतले क्रुद्ध हुन्छ।

सेवा बिन्ती गरेस् भनी हुकुम् भो * लुदमण सितारामको
हाम्रो शोक् रतिमर् कदापि नगरुन् * हूँदैन शोक् कामको
यसतै बात् गरि राम् गया वन भनी * बिस्तार् सुनाया जसै
कौशल्या दशरथ् जिलाइ रिसले * बाक्बाण् बजारिन् तसै १
बाक्शरले अतिताप् भएर दशरथ् * मन्छन् मलाई कति
मन्छयौ मर्न बखत् यसै हुनगयो * छोड्यो शरीरले गति
ऐलहे मर्छु शराप् पनी छ तिमिले * खुब् पुत्र शोकले गरी
जसले हामि मरयौं यसै गरी मरया * हुलो बिपत्ती परी २
एती एक तपस्विले अघि शराप् * जो दी गयाथ्या मरी
तिनको तेहि शरापको फल मिल्यो * ठीक् आज उसले गरी

(एकदिन् फौज लिई गयाँ म वनमा * आखेट खेल्नै भनी
अन्धा क्वै ऋषि दम्पती कुटिमहाँ * बस्थ्या वनैमा तिनी ३
यौटामात्र श्रवणकुमार् सुत थिया * तिन्का सदा साथमा
माग्दा पानि पिताजिले त्यसघरी * गाग्रो लिई हातमा
पानी ल्याऊँ भनी गया नदिमहाँ * साँझका बखत्मा जसै
झट्पट् पानि भर्यौं मनेर तिनले * गाग्रो डुबाया तसै ४
गुड्गुड् शब्द भयो सुनेर मयिंले * गाढान्धकारै भई
हात्तीको भ्रम मै प्रहार् गरि लियाँ * बाण् शब्दमेदी गई
छातीमा गई रोपियो शर जसै * 'ऐय्या मर्याँ' लौ भनी
रोया बालक ती र दौडि म गयाँ * तिन्का अगाडी अनि ५
देखी त्यो घटना अचम्भ हुनगै * मैले पनि फेर् तहाँ
बालक् औ जलल्याइ लीकन गयाँ * ती दम्पती छन् जहाँ
आफ्नो भूल सबै ऋषीश्वरजिका * सङ्मा मन्याथ्याँ जसै
सुन्दा त्यो सबबात् ति दम्पति दुबै * लोट्या जमीन्मा तसै ६
छातीको शरलाइ फेरि शिशुको * मैले झिक्याथ्याँ जब
पानी ख्वाइ पिताजिलाइ ति गया * तत्काल् परम्धाम् तब
व्यँझी क्यै घरिमा ति अन्धमुनिले * सर्वत्र छाम्छुम् गरी
पुत्रैको गति देखि दुःखित भई * यो श्राप् दिया त्यो घरी ७
हे राजन् ! जसरी मर्याँ म अहिले * यो पुत्र शोकमा परी
सोही रीत् सित पुत्रकै विरहमा * जान् तिमीले मरी)
यो बिस्तार शरापको कही सकी * हाराम् ! सिताराम् ! गरी
प्राणै त्याग् दशरथ्जिले जब गरया * खलबल् परयो तेस् घरी ८
प्रातःकाल भयो वशिष्ठ गुरु झट् * मन्त्री लि दर्वार् गया
तेल्मा श्री दशरथ्जिलाइ धरि फेर् * ल्होरा झिकाई लिया


१ अयोध्याका राजा दशरथले तीनै रानीहरूको साथ श्रवणकुमार मर्ने र ऋषिले आपदिने कथा भनेका ।
२ श्रवणकुमारले पानी भर्न जाँदा दशरथले; मृग भनी शब्दभेदी बाण हानेको ।
३ दशरथको बाण लाग्दा श्रवणकुमारको मृत्यु ।
४ दशरथजीले श्रवणकुमारलाई उनका पिता-माता कहाँ त्याउदा अंधमुनिले पुत्रको वियोगमा तिनिले पनि मर्नु परोस् भनेको ।
५ राजा दशरथले आफनो आपंको हाल दिंदा गर्दा गुरु वशिष्ठले उनलाई सम्झाएको ।

छाँड़ो आउनको वशिष्ठ गुरुको * आज्ञा छ मन्त्र्या सुनी
दूतैको सँग लागि भाइ कन'ली * आया भरतजी पनि ९
कैकेईसित भेट् भयो भरतको * सोध्या पिता छन् कहाँ
सब् बृतान्त गरी भरतकन भनिन् * ती कैकईले तहाँ
सून्या शोक् मनमा पर्‍यो भरतको * क्रोधले भन्यो यो पनि
पापी हौ तिमि कुम्भिपाक् नरकमा * भोगगर्न जाऊ भनी १०
कैकेई कन गालि दीकन तहाँ * दुखी बहुतै भया
कौशल्याजि जहाँ थिइन् तहिं हुँदै * फेरी भरतजी गया
हे मातर् ! मनमा कदापि न परोस् * मेरो कुनै सम्मति
पाप् लागोस् गुरुलाइ मार्नु सरिको * यसमा मया मत् रति ११
बिन्ती यै गरि दुःखमा परि विलाप् * गर्‍यो भरतजी जहाँ
मंत्रीवर्ग समेत वशिष्ठ गुरुजी * पौंच्या नजीकमा तहाँ
देख्या शोक भरतजिको र गुरुले * मन्दाभया यो पनि
शोकगर्नु बढ़िया तछैन किन शोक् * गर्छौं महाराज् ! भनी १२
नाना तत्व कही तहाँ भरतको * सब् शोक् गुरुले हर्‍या
फेर् आज्ञा गुरुको लिई भरतले * काम्काज् पिताको गर्‍या
राजाको किरिया जसै गरिसक्या * दान्को असंख्यै गरी
त्यै बिचमा मनले विचार् भरतले * राख्या बहुत् ताप् धरी १३
माता मेरि इ राक्षसी सरि भइन् * इन्का नगीचमा यहाँ
बस्नू योग्य अवश्य छैन अब ता * जान्छ प्रभू छन् जहाँ
यसतो चित्त लिया तहाँ भरतले * इन्को छ यो मन् पनि
मालुम् ता गुरुमा थियो तर पनी * भन्नन् उचित् हो भनी १४
राजाको छ हुकुम यहाँ भरतले * राज् गर्नु रामले गई
चौधैं वर्ष तलक् बसुन् बनविषे * मानू मुनीश्वर् भई

सीताराम् यहि बातले वन गया * यांहाँ हजुरले पनि
गादी चढ्नुहवस् हुकुम् दिनुहवस् * यो राज्य मेरो भनी १५
यस्तो विन्ति गरी वशिष्ठ गुरु चुप् * जस्सै रहेथे तहाँ
उत्तर् जल्दि दिया तहाँ भरतले * के गर्छु यो राज् यहाँ
कीर्तीमा अंपकीर्ति पारि कसरी * राज् गर्नु मैले बसी
दाज्यूको टहलै गरी सँग रह्या * लक्ष्मण् रह्याझन् जसी १६
गया जहाँ सीतापति म पनि जान्छु अब तहाँ
फगत् कैकेई एक् यहिं बसि रहुन् छोड्दछु यहाँ
फलाहारी हुन्छु शिरभरि जटाधारि बनमा
म भोली जान्याछु हिंड्दिकन विचार् यै छ मनमा १७

भरतजी रामको दर्शन लाई वन जानु ।

प्रभूको गादी हो प्रभूकन फिराएर घरमा
म गादी सुम्पन्छु किन म गरुंला राज्य करमा
भरत्को यस्तो बात् सुनिकन सबै खुश् अति भया
भरत् भोली बेरै उठिकन सबेरै चलिगया १
सबै माता भ्राता गुरु सहित सब् फौज् पनि लिई
फगत् सीताराम्का चरण तलमा चित्त पनि दी
भरत् गङ्गा पौंच्या गुहजिकन शङ्का हुनगयो
ठुलो लश्कर् देख्या नबुझिकन तानै डर भयो २
लड्ँला नाव् खैंची भरत कपटी हुन् यदि भन्या
भनी मन् मन् लश्करहरुकन तयार् हौ पनि भन्या
ठुलो भित्री मत्लव् गरिकन गया बुझ्दछु भनी
तहाँ भेटी राखी नजरतिर हेर्‍या कछु पनि ३
जसै देख्या आँसू गह भरि धरी शोक् पनि गरी
कहाँ मिल्छन् सीतापति म कन भन्दै घरिघरी

तसै शिर् पाउमा धरि तिनुहले ढोग् पनि दिया
भरतले अङ्कमाल् गरुँ भनि उठाईकन लिया ४
भरतजीले सोध्या गुह सित सिताकापति यहाँ
सुतेको स्थल् कुन् हो मकन कहु जान्छु अब तहाँ
गया विस्तार् पाई रघुपति सुतेका शयनमा
भरतले खेद् मान्या कुश शयन देखेर मनमा ५
अहो ! मेरा खातिर् वनवन सिताजी पतिसँगै
कुशासन्मा सुत्छिन् न त यसरि सुत्थीन् अघि कतै
अहो ! धिक्कार् मेरो जनम जननीं कैकइ भइन्
इनैले गर्दामा पतिसँग सिताजी वन गइन् ६
कहाँ छन् सीतानाथ् कति पर गया भेट्दछु कहाँ
छ केही मालुम् ता कहु मकन जान्छु अब तहाँ
बताया याहाँ छन् भनी ति गुहले रामकन पनि
गुहैका समाचारले खुशि पनि भया भेट्दछु भनी ७
सब् बिस्तार सुनाइ ताहिं गुहले * गङ्गाजि तारी दिया
ताहीं देखि भरत् चली पुगिगया * जाहाँ भरद्वाज् थिया
एकदिन् ताहिं मुकाम् गऱ्या भरतले * सम्मान् ऋषिले गऱ्या
बिलकुल् सैन्य जतीथिया भरतका * मेजमानिले छक् पऱ्या १
भोलीपल्ट सबेर लश्कर लिई * बीदा ऋषीमा भया
कैल्हे, पुग्दछु चित्रकूट गिरिमा * भन्दै भरतजी गया
खुश् भै लश्कर चित्रकूट गिरिको * पौंच्यो नगीचमा जसै
खोज्या ताहिं भरतजीले अघि गई * डेरा प्रभूको तसै ६
डेरा देखी भरतजी तहिं नजिक गया पाउका छाप देख्या
श्री रामका पाउका छाप् चिह्नकन खुशिले माथले ताहिं टेक्या

भन्छन् धन्यै रह्याछु यहि घरी म यहाँ पाउका छाप देख्यौं
ब्रह्मालाई न मिल्न्या छ त पनि सहजै माथले आज टेक्यौं १०

भरतजी र रामचन्द्रजीको भेट र सम्वाद ।

यसतो बोल्दै प्रभूको चरण धुलिविषे भक्तिले लट्पटीदै
कैलहे पुग्छ कहाँ छन् भनिकन मनले दशदिशा दृष्टि दीदै
जान्न्या ताहिं भरतले प्रभुजिकन जसै नेत्रले देख्नपाया
स्वामितलाई त पायाँ भनिकन खुशिले पाउमा पर्न धाया १
देख्या पाऊ पऱ्याको गहभरि बहँदा अश्रु धारा झऱ्याको
सब राज्यै तृण बरोबर् गरिकन बहुतै आफुमा मन् गऱ्याको
यसतो देखी कृपाले भरत कन तहाँ काखमा राखिलिया
जसतो मन्हो भरत्को बुझि रघुपतिले खुब् कृपा दृष्टि दिया २
माईका परि पाउमा रघुपति * भन्छन् कहाँ छन् पिता
मैले लौ किन आज देख्तिन यहाँ * के गर्दछन् ती कता
भन्दै खोजि गऱ्या पिताकन तहाँ * श्री रामजीले जसै
सब बिस्तार् गुरु देखि पाइ रघुनाथ् * शोक् गर्न लाग्या तसै ३
गङ्गा स्नान गरी तिलाञ्जलि दिया * फेर् पिण्डै दानै पनि
फल् फुलले रघुनाथले तहिं दिया * पाउन् पिताले भनी
त्यस् दिनमा उपवास् गऱ्या जब बित्यो * रात् फेरी गङ्गा गया
गङ्गास्नान् गरि फेर् फिरेर मढ़िमा * आएर बस्ता भया ४
तहाँ सीता रामका चरणतलमा शिर् पनि धरी
अयोध्या लैजान्छु भनिकन ठुलो मन्सुब गरी
भरत् बिन्ती गर्छन् किन रघुपते ! आज वनमा
हजुरले आयाको मकन अति ताप् हुन्छ मनमा ५
स्वामित् ! हजुरको म त दास पो हूँ
यो राज्य गर्नाकन योग्य को हूँ

यो गादि ता याँहि हजूरको हो
मैले त सेवा गरी बस्नु पो हो ६
छोरा हुनन् यज्ञ बहुत गरीनन्
सम्पूर्ण लोकको पनि ताप् हरीनन्
तब् पो ति छोराकन राज्य छाडि
जानू असल् हो त छँदैछ झाडी ७
बेला त यो होइन जान वन्मा
मेरो त यै निश्चय हुन्छ मन्मा
लौ जाऊँ घर् फर्कि सवारी जावस्
मेरो इ मातासित रीस् नआवस् ८
यस्तै प्रकारले अति बिन्ति गर्दै
आँखा भरी आँसु बहुत धर्दै
रोया भरतले जब पाउमा गै
बोल्या प्रभूले पनि खुशि मन् भै ९
हे भाई ! गर्छौं किन आज जिद्दी
फिर्नू असल् होइन् काम् नासिद्धी
जान्छ म वन्मा तिमि फर्कि जाऊ
सब् राज्यको काम् तिमिले चलाऊ १०
रामले वनै गै मुनि भेष् धर्नू
याहीं भरतले बसि राज्य गर्नू
भन्न्याँ पिताको जब सुन्न पायाँ
आज्ञा म मानी वन जान आयाँ ११
इ बात् भरतले जब सुन्न पाया
फेरी चरणमा परि बिन्ति लाया

हे नाथ् ! पिता हुन् मतिहीन् भयाका
स्त्रीका त साहै वशमा पऱ्याका १२
उन्ले भन्याथ्या मनि राज्य छाडी
जानू असल् होइन आज झाडी
स्वामित् ! सदा बिन्ति छ फर्कि जाऊँ
फर्कन्न भन्यौं म जवाफ् न पाऊँ १३
यस्तो भरतले जब जिद्दी लीया
उत्तर् प्रभूले पनि फेरि दीया
फर्कन्न भैया ! तिमी फर्किजाऊ
पिताजिलाई पनि दोष् नलाऊ १४
खुब् सत्यवादी त पिताजी थीया
साँचो हुनाले वरदान दीया
सो पूर्ण गर्नाकन जान्छु वनमा
साँचो कुरा हो बुझिलेउ मनमा १५
उत्तर् प्रभूको सुनि कष्ट पायक
फेरी चरणमा परि बिन्ति लाया
फिर्नू हक्स् स्वामित ! बिन्ति गर्छ
यस् दण्डकारण्य विषे म जान्छु १६
यस्तो वचन् सुनि भरतजिलाई
फेरी हुकुम् भो तिमि फर्क माई
यो राज्य साट्या पनि हुन्छ झूटो
हे माइ ! गर्यौं किन आज भूटो १७
हुकुम् सुनी एती भरत पनि रामका चरणमा
परी बिन्ती गर्छन् म त रघुपते ! छु शरणमा

हजुर बाहेक एकछिन् रहन पनि ताप् हुन्छ मनमा
नफर्क्या स्वामितका ! पछिपछि म ता जान्छु वनमा १८
न ता फर्की जान्या न त सक्कन लान्या सँग पनि
भन्या मर्छू स्वामित ! अब अरु कुरा केहि नभनी
भनी आसन् बाँधी जब मरणमा निश्चय धर्‍या
खुशी भै श्रीरामले पनि अति दयालु मन गर्‍या १९
दिया सूक्ष्म समले गुरुलाइ बुझाऊ तिमि भनी
गुरुले एकान्तै लगीकन भरतजीकन पनि
बुझाया बात् खोलीकन सुन इ जो हुन् रघुपति
जगन्नाथ् साक्षात् हुन् त्रिभुवन भरीका अधिपति २०
अघी ब्रह्माजीले सकल भुमिको भार् हर भनी
स्तुती गर्दा खुश् भै सुन म हरूला भार् अब भनी
भन्याका हूनाले उहि वचन पालन् गर्‍हुँ भनी
प्रभु जान्छन् वनमा पछि त सुन फिर्छन् घर पनि २१
प्रभुकै इच्छा हो न त इ कसरी कैकई पनि
बनै जाऊ भन्थिन् प्रभुकन यहाँ केहि नगनी
कुरा यस्तो जानी नगर तिमी यो आग्रह यहाँ
भुमीको भार् टारीकन पछि त जान्छन् प्रभु कहाँ २२
रावण मारि उतारि भारि भुमिको * फिर्छन् जगन्नाथ् भनी
यस्ता हुन् रघुनाथ् भनेर गुरुले * खोलेर गुह्यै पनि
सब् बिस्तार गरीदिया र गुरुको * वाणी सुनी खुश् भया
फर्कन्नन् रघुनाथ् भनी मन बुझी * रामका नगिच्मा गया २३
हे नाथ् ! तत्त्व सुन्या म फिर्छु अबता * जान्छु अयोध्या महाँ
पूजा गर्ने दिनूहवस् हजुरको * एक् जोर् खराऊँ यहाँ

यसतो बिन्ति गरी प्रणाम् पनि गरी * घुमुदै प्रदक्षिण् गरया
रामले आफ्नु खराउँदी उहि बखत् * सबृताप् भरतको हरयार२॥
फेरी बिन्ति गरया तहाँ भरतले * लौ फिर्दछु फिर्न ता
चौधे वर्ष समाप्ति पारि नफिरया * मन्यार्छु साँचै म ता
यों बिन्ति सुनि हुन्छ लौ भनि हुकुम् * रामको भयो त्यो घरी
लागिन् कैकइ मन्न फेरि इ कुरा * रामका चरणमा परी २५

कैकेईको पश्चाताप र रामको उपदेश, भरत अयोध्या फर्कनु।

हे नाथ् ! दुर्बुद्धि आई अति फजिति दियाँ राज्यको घात् गराई
मायाले मोह पार्दा मन पनि भुलिगो बुद्धि मेरो हराई
क्यारू नाथ् ! आज हुन्छ बिपति परिँ ठुलो आज यो चेत पायाँ
कठ्पुत्ली मैं जगत् यो वशागरि रहन्या धन्यछन् तिम्रा माया १
मेरो माया छ छोरा जन धनहरुमा यो सबै खैंचिदेऊ
दुर्बुद्धी हो पछी ता शरण परि भनी खुब् कृपा राखिलेऊ
कैकेई एही पाठ्ले स्तुति गरि हरिमा बारबार् शोक् धारिन्
हे नाथ् ! आई शरणमा परि भनि करुणा राख यो बिन्ति पारिन् २
हाँसी सीतापतीले पनि अभय दिया जो मलाई मन्यौ सो
दोष् तिम्रो छैन यस्मा बुझ तिमि मनले मन् त मेरै थियो यो
मनुमा सन्तोष लेऊ मकन दिनदिनै सम्झँदै दिन् बिताऊ
छुट्नन् सब् कर्म तिम्रा रतिभर मनमा शोक् नराख्नेर जाऊ ३
कैकई करुणा बुझी खुशि भई * बीदा प्रभूमा भइन्
श्री रामको चरणारबिन्द मनले * भज्दै अयोध्या गइन्
सब् लश्करहरू ली भरत् पनि बिदा * भै फेर् अयोध्या गया
सारा लश्करलाइ राखि घरमा * आफ्नु फरक् भै रह्या ४
नन्दीग्राममा सरयाका भुमिशयन गरी रोज् फलाहार् गरयाका
गादी माथी खराऊँ धरिकन शिरमा खुप् जटाजुट् धरयाका

गथ्यो सब् राज्यको काम् तरपनि सब बात् गादिमा बिन्ति गर्दै
चौधै वर्षै बिताया यहिं भरतजिले राममा चित्त धर्दै ५

श्रीरामचन्द्रजीको अत्री ऋषीसँग भेंट ।

केही दिन् चित्रकूटमा बसिकन रघुनाथ् बाल्मिकीय्यैं विदाभै
जान्छु बनमा म फिर्छु भनिकन खुशीले अत्रिका आश्रमै गै
अत्रीका पाउ माहाँ शिर धरिमं त हूँ राम् भनी नाम् बताया
श्री रामको बाणि सुन्दा मन अति खुशि भै अत्रिले हर्ष पाया १
(ब्रह्माका सुत हुन् इ अत्रिजि पनी * सप्तर्षिमा मुख्य हुन्
कर्दम् पुत्रि त अन्सुयाजि इनकी * हुन् पत्नी प्रख्यात छिन्
दुर्वाषा ऋषि, चन्द्रमा र भगवान् * दत्तात्रयैजी गरी
छोरा तीन भया इनै दुइजहाँ * प्रख्यात पृथ्वी भरी) २
पूजा सीतापतीको गरिकन ऋषिले पाउमा बिन्ति लाया
बृद्धा छन् पत्नि मेरी सकल विषयमा एक् रत्ती छैन माया
भित्रैछन् आज दर्शन् दिन भडुलि विषे भित्र सीताजि जाउन्
सीताजीलाई पाई अब त तिं बुढिले जन्मको सार पाउन् ३
अत्रीको बिन्ती सूनी हुकुम् पनि दिया लौ सिता भित्र जाऊ
अत्रीकी पत्नी भेटीकन अब तिमिले जल्दि फर्केर आऊ
आफ्ना नाथ्को हुकुम् यो सुनिकन खुशिमै भित्र सीताजिलाई
भेटिन् वृद्धा बहुत् मैकन बसि रहन्या अत्रिकी पत्निलाई ४
सीताले पाउमाहाँ शिर धरि बहुतै प्रेम् बुढिमा बढाइन्
जोर्जोर् कुण्डल् र सारी दिइकन बुढिले अङ्गराग् धेर् चढाइन्
यस्ले शोभा निरन्तर् दृढ पनि रहला यो पनि बिन्ति लाइन्
सीताजीलाइ आशिष् दिइकन बुढियाले बहुत् हर्ष पाइन् ५

श्रीरामचन्द्रजीको अत्री ऋषि सँग भेंट, अनुसूयाजिको, स्त्री धर्मको उपदेश ।

(अर्ति त्यस् घरिमा गरिन् अनुसुया * जीले स्त्री धर्म विषे आमा बाबु र दाजु भाइहरु हुन् * स्त्री जात् विषे सुख् दिने दाता हुन् सुखका हुला पति फगत् * मुख्यै बुझी त्यो यहाँ सेवा जो गरिलिन्न हुन् अधम ती * नारी बुझे मन्महाँ १ धैर्य धर्म र मित्र, पत्निहरुको * आपत् परेका घरी चारै ई जनको परीक्षण बुझे * हुन्छन् सदा लोक् भरी स्वामी बृद्ध र रोगग्रस्त धनहिन् * होस् मूर्ख अन्धो बधिर् क्रोधी वा दुखि वा अधम् किन नहोस् * कोढी समेत्को हवस् २ तेस्को क्यै पनि नारि जो बुझिबुझी * अपमानना गर्दछन् जाई नर्कविषे ठुलो दुख तिनै * नारीहरू पाउँछन् गर्नू प्रेम् दुइ पाऊको पतिजिको * मन्ले बचन् कार्यले स्त्रीको धर्म यही छ मुख्य बुझिल्यौ * भन्छन् सबै शास्त्रले ३ उत्तम् मध्यम नीच औ लघु पनी * छन् चार लक्षण् स्त्रीका तिन्को वर्णन गर्दछु सुन यहाँ * एक् एक् गरी त्यो सफा स्वप्नामा पनि स्वामि बाहिक कुनै * अर्का पुरुष् छन् भनी ज्यान्दैनन् जति नारिहरू सब ती * हुन् नारि उत्तम् अनी ४ अर्का स्त्री जनका पतीकन सदा * बाबू र भाई भनी मान्ने स्त्री जनलाइमात्र बुझिल्यौ * हुन् मध्यमा स्त्री अनी होला धर्म विनष्ट दोष कुलमा * लाग्नेछ भन्ने भई बाँच्ने नारिहरू यहाँ बुझिलिए * हुन् नीच श्रेणी उही ५ मौका केहि न पाइ वा भय गरी * कर्ले गरी जो यहाँ बाँच्छन् नारि महाअधम् लघु भनी * जानी लिए मन् महाँ

जो आफ्ना पतिलाई छल् गरीलिई * यार् गर्दछन् सुख् बुझी
तेसलाइ स्त्री सयकल्प जन्मतक तीं * दुख् पाउने हुन् अती ६
नारी स्वामि विरोधि छन् जति सबै * वैधव्य भोगछन् तिनी
जो स्त्री छन् पति धर्ममा दृढ सदा * पुग्छन् परम्पद् उनी
हुन्छन् स्त्री अपवित्र जान अहिले * जन्मै स्वभावले गरी
हुन्छन् मुक्त तिता फगत् धरिलिया * पातिव्रते यो घरी ७)

सीता र लक्ष्मण सहित् अनि रामलाई
भोजन् म दिन्छु भनि खुब्सित चित्तलाई
भोजन् गराइ रघुनाथ्जिकि जानि माया
राम्को सपत्नि ति हुईले भइ कीर्ति गाया ८

इति सुब्बा होमनाथात्मज पं० केदारनाथजी तनूजेन पं० रामजी उपाध्याय कृत दीपक समेतको महाकवि भानुभक्ताचार्य कृत रामायण अयोध्याकाण्ड समाप्त ।



यावत् माल मगाउने ठेगाना—
सुब्बा होमनाथ केदारनाथ,
हितैषी कम्पनी, पो० बा० नं० १०८१, रामकटोरा रोड,
वाराणसी-२२१००१

॥ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॥

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र
रामजी उपाध्याय कृत क्षेपक समेतको



महाकवि भानुभक्तको

रामायण-आरण्यकाण्ड

विराध राक्षस वध, शरभङ्ग ऋषिको स्वर्ग गमन ।

अत्रीका आश्रममा बसि रघुपतिले प्रेमले दिन् बिताई
दोश्रा दिनमा सबैरै उठिकन बनमा जान मन्सुब् चिताई
अत्रीलाई भन्या गै यही घरि अबता जान्छु बीदा म पाऊँ
रस्ता यो जाति होला भनिकन कहन्या एक् अगुवा खटाऊ १
सीतारामको हुकुम् यो सुनिकन ऋषिले भन्दछन् क्या पठाऊँ
सबको रस्ता त देख्न्या यहिं हजुर भन्या कुन् अगुवा खटाऊँ
चिन्छु लीला हजुरको तर पनि अगुवा याहिं अस्सल् खटाई
यो मर्जी पूर्ण गर्नाकन भनि अगुवा आज दिन्छु पठाई २
अत्रीले चिन्ति एतीं गरिकन अगुवा शिष्य धेरै खटाया
केही रस्ता त आफैं पनि पछिपछि गै रामलाई पठाया
एक् कोशतक् पौंचदामा वडि नदि वहँने नाउले तर्नु पर्न्यो
भेटिन्थ्यो तारि फर्के मढितिर ऋषिका शिष्य सब् फिर्नु पर्न्यो ३

सीताराम् बनमा पुग्या बन थियो * साहै खजित्को तहाँ
बाघ् भालू अरु दुष्ट राक्षसहरू * डुल्छन् निरन्तर् जहाँ
ताहाँ पौंचि हुकुम् भयो प्रभुजिको * भाई ! तयारी भई
सीताका म अगाडि हिंड्छु तिमिले * हिंड्नू पछाडी रही ४
यसूतो बात् गरि राम लक्ष्मण तहाँ * हिड्थ्या तयारी भई
एक् सुन्दर् वनमा तलाउ मिलिगो * ठूलो छ कोश् वन् गई
ठण्डा जल् तहिं पान् गरेर रघुनाथ् * छाया बस्याथ्या जसै
आई ताहिं बिराध राक्षस ठुलो * बात् बोल्न लाग्यो तसै ५
को हौ स्त्री पनि साथमा छ किनयो * आयौ बड़ा वन्महाँ
कसूतो सुर् मनमा छ फेर् अब उपर् * जान्या छ इच्छा कहाँ
मैले सुन्दर गाँस् बनाउन असल् * मानेर सोध्याँ यहाँ
सब् नाम् काम समेत् बताउ तिमिले * जुन्काम्छ जान्छौ जहाँ ६
तेस्को उत्तर रामले दिनुभयो * फेर् मन्छ राक्षस् पनि
बाँच्ने मन् छ भने सिता र हतियार् * छोडेर जाऊ भनी
यसूतो बोलि सिताजिलाइ लिनसुर् * बाँधेर दौड्यो जसै
काट्या हात् रघुनाथले सहजमा * तेस् राक्षसैको तसै ७
जस्सै हात गिऱ्यो तसै त रिसले * खाँ रामलाई भनी
दौड्यो त्यो मुखबाई फेर् प्रभुजिले * काट्या ति गोडा पनि
हात् गोडा नहुँदा त सर्पसरिको * पस्ऱ्यो भूमीमा जसै
रीसले पूर्ण भई सितापति तरफ् * घस्रेर आयो तसै ८
घस्री-घस्री उ सर्दथ्यो प्रभुजिले * काट्या तहाँ शिर् पनि
विद्याधर् गण हो छुटोस् अब शराप् * जावस् परम्धाम् भनी
राक्षसदेह मऱ्यो शराप् पनि टऱ्यो * विद्याधरै फेर् भयो
श्रीरामको स्तुति खुब गरेर खुशिमै * त्यो स्वर्गलोकमा गयो ९

जसै स्वर्ग विराध गयो प्रभुजिले * रस्ता बनैको लिया
पालन् गर्छु म योगिको अब मनी * मन्मा दया खुब् लिया
ध्यान् गर्दै शरभङ्गजी बनमहाँ * जाहाँ बस्याका थिया
ताहीं श्री रघुनाथजी खुशि हुँदै * पौंचेर दर्शन् दिया १०
ताहाँ श्री शरभङ्गले प्रभुजिमा * तन्मन् वचन् सब् धरी
आफ्नू कर्म जती थियो तहिं तती * सम्पूर्ण अर्पण् गरी
अस्सल् ताहिं चिता बनाई हरिको * दर्शन् नजरले गरी
आफ्नू देह दहन् गरी चली गया * संसार सागर् तरी ११

ऋषिहरु द्वारा रावणको उत्पत्ति वर्णन र राक्षस नाशकार्इ रामको प्रतिज्ञा ।

मुक्ती श्री शरभङ्गको जब भयो * तस्से मुनीश्वर् हरू
आया भेट्न मनी बहुत् खुशीमई * बन्मा थिया जो अरू
हातजोरीस्तुति खुब् गऱ्या ति ऋषिले * स्वागत् इनै हुन् भनी
कोमल् चित्त गरी तहाँ नजरले * हेऱ्या प्रभूले पनि १
बिन्ती सब् ऋषिले गऱ्या हजुरमा * हाम्रा विपत्ती पनी
देख्या पूर्ण दया हुन्याछ बहुते * आपत् रह्याछन् भनी
जाउ सब् ऋषिका मढींमढि बिषे * ताहीं गई पो दया
होला चित्तविषे भनी ति ऋषिले * ताहीं प्रभूजी गया २
देख्या त्यस् वनका धरातलविषे * खप्पर् र सोध्या तहाँ
कस्का खप्पर् हुन् अनेक् नजरले * देख्छ मऱ्याका यहाँ
श्री सीतापतिको वचन् सुनि तहाँ * बिन्ती ऋषिले गऱ्या
ई शिर् हुन् ऋषिका यहाँ छल परी * घेरै ऋषीश्वर् मऱ्या ३
राक्षस्का छलले बहुत् ऋषि मऱ्या * भन्न्या कुरा त्यो सुनी
ताहाँ सब् ऋषिलाई राखि सबका * सामुने प्रतिज्ञा पनि
सब् राक्षसुहरूको म नष्ट गरूँला * भन्न्या प्रभुले गऱ्या
खुशी मन् हुन्गो र ताहिं ऋषी ती * आनन्दमा सब् पऱ्या ४

केही वर्ष बिताइ ताहिं प्रभुले * सब् योगिको ताप् हर्‍या
माया फेरि सुतीक्ष्णै उपर मै * प्रस्थान् प्रभूले गर्‍या
थीया ती जुन ठाउँमा तहिं गई * दर्शन् प्रभूले दिया
पूजा पूर्ण गरी सुतीक्ष्णजिले * रामलाई मन्मा लिया ५
सायुज्यै मुक्ति मिल्ला तिमिकन सुन यो देह जैल्हे त छुट्ला
भन्न्या आज्ञा प्रभुको हुनगइ अब ता कर्मको पाश टुट्ला
भन्न्या यो मन् ऋषिले हुनगइ बह्नतै चित्तमा हर्ष पाया
सीतारामले अगस्ती सित गइ कछु दिनू बस्न मन्ले चिताया ६

प्रभूका साथैमा पछि पछि सुतीक्ष्ण् पनि गया

अगस्तीका भाईसित पुगि त एक् रात् प्रभु रह्या

ति अग्नीजिह्वा खुब् खुशि पनि भया ईश्वर भनी

चिन्ही ताहाँ तिन्ले विधिसित गर्‍या पूजन पनि ७

तहाँ देखी सीतापति उठि सबैरै चलिगया

अगस्ती काहाँ छन् भनि खबर ली दाखिल भया

अगस्तीले खुश् भै स्तुति गरि बह्नत् मन् पनि धर्‍या

विराट् रूपको वर्णन् गरिकन त पूजा पनि गर्‍या ८

(कोही एक महर्षिजी अघि भया * मैत्रावरुण् नामका
देखी उर्वशि अप्सरा वनमहाँ * वशमा पर्‍या कामका
बीर्यैपात भई घडा बिच खसी * त्यसबाट बालकू भयो
सोही हुन् इ अगस्तिजी र इनको * कुम्भज् पनी नाम् रह्यो ९
विन्ध्याचल् गिरिको सुमेरू सँगमा * ईर्ष्या हुँदा एक् दिन
आकाश्व्याप्तगरी तिविन्ध्यगिरिले * उठ्ता इनै गैकन
न्यूहाया गिरिलाइ फेर् पृथिविको * संचार् यथारित् भयो
त्यै दिन्देखि इ दक्षिणात्य तिर गै * स्थापन् भयो धर्मको १०

वृत्रासुरकन इन्द्रले वध गऱ्या * संग्राम भूमीमहाँ
जाली दानव कालकेय त्यसको * भाई थियो एक तहाँ
सागरमा पसि दिनदिनै ऋषिहरू * त्यो दैत्य खान्थ्यो तहाँ
धौताहेरू गएर आश्रम गऱ्या * इनका अगाडी महाँ ११
शोष्या ई मुनिले समुद्रकन त्यो * तीन अञ्जुलीले जब
माऱ्या राक्षसलाइ देखहरूले * इनकै कृपाले तब
वृत्रासुर वधले सुरेन्द्रकन भो * त्यो ब्रह्महत्या जब
भाग्दै मानसमा गईकन लुक्या * श्री इन्द्रजी फेर तब १२
स्वर्गैको सब राज्यशासन तहाँ * राजा नहुषको भई
कामुका भै वशमा शची उपरमा * दाऊ समेतै लिई
सप्तर्षीहरूलाइ पाल्कि बिचमा * डोले बनाई लिए
सो कारण तिनको पतन हुन गयो * यस्ता अगस्ती थिए) १३

सुन्दर धनू र तलवार सँग बाण धऱ्याको
ठोक्को त जोडि अघि इन्द्रजिले दियाको
ताहीं थियो सब दिया रघुनाथलाई
बिन्ती गऱ्या सकल मार हर आज जाई १४
आठ कोशमा असल पञ्चवटी मन्याको
आश्रम असल छ रमणीक बहुत बन्याको
ताहीं बसेर कछु दिन तिमिले बिताऊ
सब साधु माथि करुणा तहिं गै चिताऊ १५
यस्तो अगस्ति ऋषिको उपदेश पाई
श्रीराम तयार पनि भया तहिं जानलाई
मालुम थियो त पनि सुन ऋषिले बताया
सो मार्ग जानकन पांउ उतै चलाया १६

राम र जटायुको भेट, लक्ष्मणलाई तत्वज्ञान प्राप्ति।

जान्थ्या प्रभू अलिकती पर केही जाई
जङ्गलविषे अधिक वृद्ध जटायुलाई
देख्खेर राक्षस मनीकन मार्नलाई
माग्या धनू प्रभुजिले त लिला जनाई १
(माता श्येनि र सूर्यसारथि अरूण * तिन्का त पुत्रै पनि सम्पाती र जटायु नामक थिया * दाज्यू र माई इनी पत्नीका कुखमा जनम् हुनगई * गिद्धै मयाका थिया राजा श्री दशरथजिका प्रिय भई * श्री राममा मन् दिया) २
मान्यो कुरा सुनि जटायु बहुत् डराया
राजाजिको प्रिय म हूँ भनि बिन्ति लाया
गर्न्याछु हित् बसी-बसी म सिताजिलाई
कल्याण् मिलोस् हजुरदेखि बहुत् भलाई ३
श्रीरामले पनि तहाँ अति खुशि मन्ले
आनन्द निर्भय दिया पछि फेरि तिन्ले
स्वामित् ! शरणूछु भनि खुबसित बिन्ति लाया
श्रीराम् तहाँ पछि त पञ्चवटी ति आया ४
डेरा भयो प्रभुजिको तहिं बीच बन्मा
एकान्त देखिकन हर्ष भयो र मन्मा
आनन्दपूर्वक रह्या रघुनाथ ताहिं
आकाँ त आश्रम नजीक थिएन काहीं ५
एकान्त देखिकन लक्ष्मणले चरणमा
बिन्ति गर्‍या रघुपते ! म त छु शरणमा
ज्ञान् कुन् कहिन्छ अनि कुन् ते कहिन्छ विज्ञान्
जान्दीन केहि भविषे त ठुलो छ अज्ञान् ६

आज्ञाहवस् सकल तत्व म सुन्न पाऊँ
जान्न्या पुरुष् छ अरुको र कता म जाऊँ
यो बात लक्ष्मणजिको सुनि हर्ष पाया
लक्ष्मणजिलाई सब तत्व तहाँ बताया ७
यै ज्ञान् कहिन्छ सुन एति कहिन्छ विज्ञान्
यो रीत् गरीकन बस्या हुँदि छुट्छ अज्ञान्
खोलेर एहि रितले प्रभुले बताया
लक्ष्मणजिले पनि तहाँ सब तत्व पाया ८

शूर्पणखा वंश परिचय् त्यसको नाक कान काट्नु।

यै बीचमा नजिक शूर्पणखा त आई
देख्या तहाँ प्रभुजिले पनि हृष्टलाई
कन्दर्पका वश परी प्रभुका नजिक् गै
सोधी तहाँ प्रभुजिलाई बहुत् खुशी भै १
(राक्षा स्त्री तिर विश्रवा मुनिजिकी * छोरी तहाँ त्यो मई
भार्या विद्युतजिह्व दैत्यकि तथा * रावणकि बैनी थिई
एकदिन् रावणको पऱ्यो रण तहाँ * कैकेय दानव् सँग
रावणको शर भूलले रणमहाँ * लागेछ ज्वायीं कन २
हत्या भो जब ज्वायिंको रणमहाँ * दुःखित् भई रावण
अर्कोवर् तिमि खोजलौ भनिगऱ्यो * आदेश बैनी कन
खोज्थी शूर्पणखा परन्तु बर क्वै * पाईन त्यसले कहीं
वाहीं दाज्यू थिया त्रिदूषण र खर् * रक्षक् उसैका मई) ३
नाम् सब् कह्या प्रभुजिले जब नाम सूनी
ऐल्हे मं भज्दछु पती भनि एति गूनी
बिन्ती गरी मकन पत्नि बनाइ लेऊ
कन्दर्पको कठिन ताप छुटाइ देऊ ४

यसूतो बचन् सुनि सिताकन हाँसि हेरी
उत्तर् दिया प्रभुजिले घरमै छ मेरी
सीता बुझीकन नभज् तँ पती मलाई
भाई छ खालि बरु भज् पति भाइलाई ५
साँचो भन्या भनि त लक्ष्मणका नजिक् गै
आयाँ म पत्नि हुन एति भनी र खुश् भै
भन्दामया उसित लक्ष्मण फेरि ताहाँ
दास् हुँ म ता मसित कुन् सुख मिल्छ याहाँ ६
जां वाहिं मालिक उ हुन् उहिं बस्नु अच्छा
बुदिध रहेनछ बहुत् रहिछस् तँ कच्चा
यसूतो वचन् सुनि र शूर्पणखा रिसाई
सीताजिलाइ अब खाँ भनि फर्कि धाई ७
मार् हर्न बिज् प्रभुजिले तहिं रोप्न आँट्या
लक्ष्मणजिलाइ भनि नाक र कान काट्या
आज्ञा लि लक्ष्मणजिले पनि काटिदिया
भागी डराइकन भाइ जहाँ त थीया ८

खर-त्रिदूषण वध ।

बिस्तार् गरी त्रिशिर दूषण खर् भन्याका
राक्षस् पनी सुनि ति अग्निसरी बन्याका
आया जहाँ प्रभु थिया तहिं तीन भाई
लश्कर् सहित् अधिक जल्दि कदम् बढाई १

(थीयो चौध हजार सैन्यहरूको * सेनापती त्यो खर
स्वामी पाँच हजार सैन्यहरूको * दूषण थियो दुर्धर
निर्बल् ब्राह्मण यज्ञ नाश् गरि तिनै * निर्द्वन्द जस्ता थिए
बैन्हीको बिछाल देखि रिसले * संमुख् प्रभूका गए २)


१ राम सीता र लक्ष्मण पंचवटी वनमा ।
२ सूर्पणखाले राम सँग विवाह गर्न विन्ति गरेको ।
३ लक्ष्मणले सूर्पणखा को नाक काटेको ।
४ सूर्पणखाले दाजु खर र दूषण लाई आफ्नो दुर्दशा देखाएको ।
५ रामचन्द्रले खर दूषण लाई मारेको ।

राक्षस् मनी प्रभुजिले तहिं चाल पाया
लक्ष्मणजिलाई तहिं काम् प्रभुले अह्राया
हे भाई ! आज तिमिले इ सिताजिलाई
गुफाविषे लागि बसी रहु जल्दि जाई ३
एक् बात् नबोलिकन जल्दि उठेर जाऊ
संग्रामको बख्त भो अब् बेर् नलाऊ
भाई म दुष्टकन तेज् अधिकै जनाई
चौधै हजार्कन सहज् टुकुरा बनाई ४
यस्तो हुकुम् हुनगयो र सिताजिलाई
लक्ष्मणजिले सँग लिईकन भाई जाई
गुफाबिषे बसि रह्या रघुनाथ् तयारी
चाँडै भया धनु र बाणहरु ठिक पारी ५
आया खर-त्रिशिर-दूषण तीन भाई
लश्कर् समेत सँग लिईकन रोस् बढाई
ठाकुरजिका उपर बाणकि वृष्टि पाऱ्या
ठाकुरजिले पनि ति बाण् सब काटि टाऱ्या ६
तिन्का सबै ति हतियारहरु काटि टारी
सम्पूर्ण राक्षसहरुकन जल्दि मारी
माऱ्या खर-त्रिशिर-दूषणलाई ताहाँ
सम्पूर्ण राक्षस सक्या घरि चारमाहाँ ७

रावण सूर्पणखा सम्वाद ।

माऱ्या खर-त्रिशिर-दूषणलाई जस्सै
सीता र लक्ष्मण पनी प्रभुसित तस्सै
आया डराइकन शूर्पणखा त भागी
रावण जहाँ छ उहि जाँ भनि जान लागी १

१ सूर्पणखालेरावणकाई आफ्नोहाल बताई सीताहर्न सल्लाहदियेको ।

२ मारीच सुनको मृग बनी पंचवटी आएको ।

३ रामले मारीचरूप मृगलाई मारेको ।

४ सीताले दुवचिय पो लक्ष्मणकाई पठाए

रावण् जहाँ छ उहिं पौंचि विलाप गर्दै
सब् भाइ बन्धुहरुको मनलाइ हर्दै
देख्यो तहाँ बहिनिलाइ र नाक् गयाको
त्यो फेरि बुच्चि पनि कान न भै गयाकी २
माया भयो बहिनि माथि र झट्ट उठ्यो
बिस्तार सोध्न नजिकै पनि जल्दि झुक्यो
हे बैन्हि ! कुन् पुरुष हो मन नाक काट्न्या
खुबै रह्याछ सहजै पनि मर्न आँट्न्या ३
जसले त नाक् सहित कान इ आज काट्यो
हे बैन्हि ! बात सुन त्यो अब मर्न आँट्यो
यस्तो वचन् सुनि र नाम समेत् बताई
सीता र लक्ष्मण सहित् रघुनाथलाई ४
तीन् छन् पराक्रमि ति पञ्चवटी बस्याका
ठोक्को भिरीकन धनू पनि खुब् कस्याका
गर्छ विचार मनले त यही म मान्छु
सब् भस्म पो गरिदिनन् कि मनेर ठान्छु ५
आई रह्याछु म त खुब्सित मन् डराई
फिर्छन् ति सर्व ऋषिलाई त खुश् गराई
आश्चर्य मानिकन दौडि म आज आयाँ
बिस्तार् पनी हजुरमा सब बिन्ति लायाँ ६
सीताजिलाइ पनि सुन्दरि मानि ताहाँ
ल्याऊँ टपक्क टिपि सुन्दरिलाई याहाँ
भन्न्या निमित्त अति चित्त धरी गयाकी
पायाँ विपत् नकटि बुच्चि समेत् भयाकी ७

ल्याऊ समर्थ छ मन्त्या तिमि आज जाऊ
खास्ने ठहर्न छ कठिन् तिमि मत् नलाऊ
एक् युक्तिले छल गरीकन हर्नु पर्ला
खास्ने कदापि नगया तहिं देह मर्ला ८
हेर्दा बहुत भयसा परि बात् गरयाको
लश्कर् समेत त्रिशिर-दूषण-खर् मरयाको
शून्यो र बैन्हि कन खातिर खूब दीयो
एकान्तमा गई लहडू पनि खूब लीयो ९
सामान्य मानिस मया कसरी त मारया
लश्कर् खर-त्रिशिर-दूषण हुन्छ पारया
सामान्य होइन इता परमेश्वरै हुन्
नाहीं त माइहरूका अघि टिक्दथ्यो हुन् १०
ईश्वर् मया हुँदि कसै पनि मार्दछन् ती
सामान्य हुन् पनि भन्या हरूँला सिताजी
ईश्वर् मया हुँदि विरोध् गरि खुश् हुन्याछन्
रीसले हुन्याछ मजुँला त म माथि ता भन्न ११

रावण मारीच सम्वाद र मारीच वध ।

एतीं विचार् गरि तरयो र समुद्र पारी
मारिच् जहाँ छ ऋषिका सरि रूप धारी
ताहीं पुग्यो र रथ राखि नजिक् गयाको
धिक्कार् गऱ्यो खरहरू सब नाश् मयाको १
यस्तो पऱ्यो मकन आज सहाय देऊ
सुन्दर ठुलो मृग स्वरूप् तिमि आज लेऊ
रामचन्द्रलाइ बलि टुर तिमिले गराया
सीता जसै म हरूला तब फर्कि आया २

मारीचले यति हुकुम् जब ताहि सून्यो
चिन्ताविषे परि तहाँ मन भित्र गून्यो
बिन्ती गऱ्यो सकल तेज् प्रभुको जनाई
स्वामित् भनेर अति हित् मनले चिताई ३
कपटले गऱ्यो र उपदेश् तिमि आज आई
सीता म हर्छु मृग होस् तँ मन्यौ मलाई
त्यै शत्रु हों तिमि उसैकन मार ताहाँ
कूलैसमेत् क्षय गराउन खोज्छ याहाँ ४
को सक्छ जित्न नबुझी तिमि सूर गर्छौं
यो सुर् लिया कुलसमेत् तिमि आज मर्छौं
एक् बाणले मकन चार् सय कोश खाऱ्या
बालक् थिया त पनि भस्म सुबाहु पाऱ्या ५
आजै गयौं वनविषे मृगरूप धारी
एक् बाणले मकन याहि दिया पछारी
छाडदै रगत् अति डराई म भागि आयौं
जावैन भन्छ अब खुब् सित चैत पायौं ६
तस्मात् तिमी पनि विरोध् मति यो नलेऊ
सीता म हर्छु भनि आग्रह छाडिदेऊ
सब् नष्ट हुन्छ तिमिले मति एहि लीयो
देख्यौ खर-त्रिशिर-दूषण मारिदिया ७
हीतै कहन्छु भनि यो तिमि जानिलेऊ
आकौं कहन्छु म गुठिल् तिमि चित्त देऊ
ई ता अनन्त अधिनाथ् परमेश्वरै हुन्
ब्रह्माजिले पनि भजिन्छ सदा पुरुष् हुन् ८

नारदूजिको वचन सूनि म आज भन्छु
स्वामित् ! म ता हित चिताइ सदा रहन्छु
लौ मार रावण भनी वरदान माग्या
ब्रह्माजिले र उहि सुर् प्रभु गर्न लाग्या ९
जाऊ घरै बसि रहू मति यो नलेऊ
ईश्वर् बुझेर उहि माफिक चित्त देऊ
जो गर्दछन् प्रभु गरून् छ लीला उनैको
लाग्दैन जोर् प्रभुविषे अरु ता कुनैको १०
मारीचले जब यती सब बात् बतायो
भन् बात् सुनेर बुझि खुब्सित चित्त लायो
मारीचलाइ अनि रावण भन्छ हेरी
सीता म हर्छु मृग भैकन जाउ फेरी ११
ईश्वर् त हुन् यदि भन्या ति अवश्य मार्छन्
सामान्य हुन् यदि भन्या ति अवश्य हार्छन्
ईश्वर् भया पनि असल् छ अवश्य तर्छु
सामान्य हुन् त म सितासँग भोग गर्छु १२
जाऊ अवश्य म सिताजि हरेर ल्याउँछु
बोल्यौ यहाँ कछु भन्या त म काटिदिन्छु
यस्तो हुकुम् गरि तहाँ जब बीच पऱ्यो
मारीचले पनि तसै जिउ आश माऱ्यो १३
आखिर मऱ्या म हरिदेखि मऱ्या त तर्छु
यस् दुष्टदेखि मरिए त नरक् म पर्छु
यस्तो विचार् गरि तहाँ मृगरूप धारी
हुकुम शिरोपर धरीकन भो तयारी १४

दौड्यो लिला पनि चरित्र विचित्र गर्दै
सीताजिका नगिच गैकन ताहिं फिर्दै
सीताजिलाइ गरुँ मोह मनेर दाग्यो
लीला गरीकन वरीपरी चर्न लाग्यो १५
छल् हो मनी प्रभुजिले पनि चाल पाया
एकान्तमा गइ सिताकन काम् अहाया
सीते ! अदृश्य भइ लौ बस अग्निमाहाँ
छाया सिता पनि बनायर छाड़ याहाँ १६
एक् भिक्षुको रूप् लि रावण आज आई
हन्यालि दुष्ट तिमिलाइ स्वरूप् छिपाई
चाँडो अवश्य तिमिले पनि रूप् छिपाऊ
एक् वर्षसम्म छिपि दिन् तिमिले बिताऊ १७
यस्तो हुकुम् सुनि अदृश्य स्वरूप धारी
छाया सिता पनि दुरुस्त गरिन् तयारी
सीता छिपीकन रहिन् जब अग्निमाहाँ
छाया सितासँग बस्या रघुनाथ ताहाँ १८
छाया सिताजि अति चित्र विचित्र मानी
खेलाऊँ तेस मृगलाइ मनेर ठानी
बिन्ती गरिन् रघुपते ! मृग आज देऊ
खेलाउँछु अधिक जाति छ पक्किलेऊ १९
इच्छा थियो प्रभुजिको पनि बिन्ती सूनी
जानू असल् छ भनि ये मन भित्र गूनी
हातमा धनू लि मृगका पछि आफु धाया
लक्ष्मणजिलाई बस याहिं मनी अहाया २०

लक्ष्मण् रह्या तहिं सीतासित चौकिदारी
मारीचलाइ प्रभुले पनि खुब् लघारी
पाऱ्या तहाँ जब त दिक् बहुतै गरायो
हे माइ लक्ष्मण ! मऱ्याँ भनि छल् करायो २१
छलूका वचन् सुनि सिताजि बहुत् डराइन्
लक्ष्मणजिलाइ तिमि जाउ भनी अहाइन्
लक्ष्मणजिल हुकुम् यो सुनि बिन्ति पारया
हे माइ ! जो मृग थियो प्रभुले उ माऱ्या २२
ठाकुरजिले तहिं गिराइ दिंदा करायो
हैं माइ लक्ष्मण ! मऱ्याँ भनि छल् गरायो
तेसतो कहाँ मृग थियो मृग रूप् धऱ्याको
मारीच राक्षस थियो उहि हो मऱ्याको २३
ज्योती स्वरूप् यहिं भयो र मिल्यो हरीमा
आश्चर्य भो सकललाइ उसै घरीमा
यस् दुष्टले पनि त यो गति आज पायो
भन्न्या बुझेर सब जन् कन हर्ष आयो २४
लक्ष्मणजिको वचन सूनि सिता रिसाइन्
आँशू बहुत् नजरदेखि पनी खसाइन्
बोलिन् अवाच्य पनि लक्ष्मणलाइ ताहाँ
मज्ली मलाइ भनि मन् छ कि आज याहाँ २५
रामदेखि बाहिक् अबर् त भजैन मैले
तिम्रै अगाडि यहिं छोड्दछु देह ऐल्हे
तिम्रो त चित्त अति दुष्ट रह्याछ जान्यौं
कामदेखि आज तिमिलाइ त शत्रु मान्यौं २६

यस्तो बचन् सुनि ति लक्ष्मणजी रिसाया
बोलिन् अवाच्य भनि भित्र मनै चिताया
धिक् चण्डि ! एति भनी खुबसित चट्पटाया
बन् देखिलाइ रखवारि तहाँ खटाया २७

सीताहरण र जटायुको मरण र मुक्ती ।

सीताजिलाइ तहिं छोडि उठी गयाका
टाढा हुँदा नजर देखि फरक् भयाका
देख्यो र रावण सितातिर जल्दि आयो
संन्यासिको स्वरूप लीकन रूप छिपायो १
संन्यासी हुन् भनि बहुत गरि भक्ति लाइन्
पूजा प्रणाम् पनि गरीकन हर्ष पाइन्
बिन्ति गरिन् बस गुरो ! प्रभु फर्कि आई
गर्नन् बहुत प्रिय हजुरकन चित्त लाई २
यस्तो वचन् सुनि सितातिर दृष्टि दींदो
को हो पती बुझुँ भनीकन गुह्य लींदो
सोध्यो सिता सित पनी पति जो छ को हो
नाम् काम् समेत् तिमि बताउन आज जो हो ३
सीताजिले पनि भनिन् तब जो छ नाम् काम्
सँन्यासि जानिकन कत्ति नपारि छल्काम्
सोधिन् तहाँ म पनि नामहरू सुन्न पाउँ
को हौ बताउ तिमिले पनि नाम ठाऊँ ४
यस्तो वचन् सुनि सिताकन हर्न आँटी
नाम् काम् तहाँ सब कह्यो रति भर् नढाँटी
बोल्यो अवाच्य पति मानि मलाइ लेऊ
रामचन्द्रलाइ तिमिले अब छाडि देऊ ५


१ लक्ष्मणले सीतालाई घेराभा राखी फलफुलाई खोज्न गएको ।
२ रावणले सीताकाई आकाशमार्ग द्वारा उड्राई लगेको ।
२ रावणले भिक्षुकको रूप धारण गरी सीताकाई हर्न आएको ।
४ सीताजीको रक्षा गर्न खोज्दा रावणले जटायुको पखेटा काटेको ।

यसतो वचन सुनि अलिक् मनमा डराइन्
बातले त दुष्टकन तृण सरिको गराइन्
हे दुष्ट रावण ! तँ आज अवश्य मर्लास्
ऐल्हे जसै प्रभुजिका अघि याहिं पर्लास् ६
यसतो वचन सुनि रिसायर जल्दि उठ्यो
धारथो स्वरूप् र अब हर्षु मनेर छुट्यो
बिस् बाहु दश् मुख शरीर पनि शुद्ध कालो
देखाई सबैकन त राम् मन भित्र हाल्यो ७
सीताजीलाइ मन्‌ले चिन्हिकन मनमा मातृवत् बुद्धि गर्दो
हातले मैले छुँदामा अनुचित छ मनी स्पर्श केही नगर्दो
आफ्ना नङ् सब् जमिन्‌मा घसिकन जमिनै जल्दि हातले उठायो
सीताजीलाई रथ्‌मा धरिकन दशुरयो रामदेखी छुटायो ८
हा राम्, लक्ष्मण ! एतिमात्र मुखले * बोलेर साहै रुँदी
तन् मन् रामविषे धरेर बहुतै * व्याकुल् निरन्तर् हुँदी
देख्या ताहिं जटायुले र उड्दिगै * रथ् चूर्ण पारिदिया
घोड़ा चूर्ण गराइ फेर् धनु समेत * टुक्रा गराई दिया ९
रावण् झन् वीर थियो झटपटगरि खुब् हातमा खड्ग लीयो
काट्यो दुबै पखेटा रिस्‌सित त तहाँ भूमिमा झारि दीयो
बाधा पाई जटायू पृथिवी तल गिरया फेरि रथ्‌को तयारी
जल्दी पारयो सिताजी लिइकन पुगिगो दुष्ट त्यो सिन्धुपारी १०
आकाश्‌मा जब ऋष्यमूक गिरिका * ऊपर् सिताजी पुगिन्
आफ्ना सब् गहना फुकालि बलियो * पोको बनाई लिइन्
राम्‌लक्ष्मण् कन्‌यो दिउन् भनितहाँ * पोको खसालिन् पनि
सुग्रिवले त गुफा बिषे धरिलिया * कसले खसाल्यो भनी ११

सीताजीलाइ लङ्का लगि असुर पनि मातृवत् बुद्धि गर्दो
भित्री जुन् हो बर्बेंचा तहिं असल अशोक् वृक्षका बीच धर्दो
सेवा खुब् गर्न लाग्यो तर पनि मनमा माइले दुःख पाइन्
हा राम्! हा राम्! जगन्नाथ्! यहि वचन गरी राममा चित्तलाइन् १२
मारीच् मारेर फिर्त्या प्रभु पनि वनमा देखिया ताहिं भाई
रामले ताहिं विचारया मन-मन इ कुरा भाइ पुग्नै नपाई
माया सीता बन्याकी अलिकति पनि याद् छैन इ माइलाई
साँचै सीता इनै हुन् मनिकन मनले मन्दछन् चाल् नपाई १३
योबात् खोल्दिन गुह्य राख्छ म पनी * मानुन् सिता हुन् भनी
सीता निश्चय हुन् भनी ति रिसले * लक्ष्मन् रिपूथ्यैं पनि
यस्तो निश्चय मन् भयो प्रभुजिको * लक्ष्मण् पुग्या झट् तहाँ
सोध्या श्री रघुनाथले किन सिता * छाडेर आयौ यहाँ १४
लक्ष्मणले जब त्यो हुकुम् सुनिलिया * बिन्ती गरया त्यै घरी
जो दुर्वाच्य सिताजिले गरिलिइन् * क्यै हुन त्यो बात् सरी
मारिच्को छलको वचन् सुनि बहुत् * दुर्वाच्य बोलिन् जसै
सम्झायाँ भरिसक् अनेक् तरहले * लागेन बिन्ती कसै १५
फेर् उत्तर् प्रभूले दिया अनुचितै * तिन्ले भनुन् ता पनि
छोड्नू कत्ति थिएन दुर्वचनले * स्त्री हुन् ति सीता भनी
एती बात् गरिं राम आश्रमविषे * जल्दि कदम् ली गया
देख्यानन् र सिताजिलाइ बहुतै * शोक्गर्न लाग्दा भया १६
कीं ता राक्षसले हर्‍यो कि वनमा * क्वै दुष्टले पेट् भर्‍यो
एक्थोक् क्यात भयो अवश्य अहिले * कुन् दुष्टको खेल् पर्‍यो
बन् देवीहरुलाइ मालुम भया * विस्तार् बताऊ / यहाँ
सीता मेरि पियारि देखतिन मंता * जान्छु सिताछन् जहाँ १७

सोताले ऋष्यमूक- १
गिरिगा गइना
खसालेको ।

२ राम लक्ष्मण कुटीमा फर्की
सीता न देखी शोक गरेको ।

३ सीताको खोज्दा रामले
जटायुको उद्धार गरेको ।

राम विलाप, जटायु मरण र मुक्ती ।

(हावाले हल्लियाका तरूवर ! गिरिका हे लता ! हे निकुञ्ज ! मेरो यो दुःख देख्ता तिमिहरू किन हो बस्तछौ मौन आज वामाङ्गी मेरी प्यारी अतिशय सुशिला जानकीलाई कस्ले हर्यो भो, हे लता हो ! भनन भन कहाँ छन् ति सीताजी ऐले १ हा सीता ! हे पियारी ! मकन वनविषे छोडि प्यारी अनाथ ऐले बस्छयौ कहाँ गै अतिशय दुखले जर्जरै पारि गाथ हे मेरी प्राणप्यारी ! जनक नृपसुता ! लोकको श्रेष्ठ नारी ! आउ झट्टै मलाई नधसन अहिले दुःखको यो कटारी २ गोल् काँक्रीका सरीका अधर पनि थिया पुष्ट जंघा मयाकी बाँधी काञ्ची कमरमा मम हृदयमहाँ हर् हमेशा रह्याकी यसती सीताजिलाई तिमिहरु बिचमा देख्छकी कोही जन्ले साँचो साँचो बताऊ बिरहि बुझि यहाँ रामलाई सबैले ३ माछा शुग्गा परेवा हरिण मुजुर हो ! यस् वनैमा रह्याका मेरी प्यारी सँगैमा पनि हरघडी बद्ध प्रेमै भयाका देख्यौ की जानकीजी बलजफत गरी दुष्टले तानियाकी साँचो ऐले बताऊ तिमिहरू ति कता छन् गएरै बस्याकी ४ जगतमा कहिल्यै सुनको मृग, न सुनियो किन फँस्न गयाँ मत विधिपनी किन आज निठुर् भयो, तिमि बिनासुख साधनसब् गयो कति मनें तिमिलाइ घरै बस, तर गरयौ तिमिले अतिनै हठ फल मिल्योत्यसकै तिमिलाइ यो, जगतमा प्रतिदिन् दुखभोग्नको५ विपद् औ सुखमा सँगमा रही, मकन साथ दियौ अति दुख् सही कसरि आज भुलूँ म तिमीकन, अब त व्यर्थ भयो मम जीवन) ६ यसता रितसित सोधिसोधि रघुनाथ् * ज्ञानै स्वरूपी पनि जसतो मानिस गर्छ सोहि रितले * हा मेरि सीते ! मनी

फिर्यो तेस् बनमा बड़ो बिरहले * सोद्‌धा नपाई उसै
यै बिचमा बनमा त रथ् र धनुका * देख्या अनेक् टुक् तसै ७
भन्छन् लक्ष्मणलाइ भाई ! तिमिले * देख्यौ यहाँको त चाल्
अर्को आइ जिती लियाछ बिचमै * मैले त देख्याँ कुचाल्
एती बात् गरि राम् अलिक् परगया * देख्छन् त पल्टी रही
चिन्हैलाइ कठिन् जटायुकन ती * डुबे पखेटा गई ८
अज्ञान् कत्ति थिएन तापनि तहाँ * मन्छन् अगाडी सरी
चिन्हेको नचिन्हे गरेर भगवान् * लीला नरैको गरी
हें भाई ! धनु देउ दुष्ट मिलिगो * मार्छु म बाणै धरी
खान्या एहि रहेछ हेर बुझियो * पल्टेछ खुब् पेट् भरी ९
सुन्या बात् र जटायुले पनि हवाल् * वृत्तान्त बिन्ती गऱ्या
सुन्दा पूर्ण दया मयो नजिक गै * छाम्या र सब् ताप् हऱ्या
सीताको समाचार् सबै कहि तहाँ * साम्ने जटायू मऱ्या
स्नान् दाहा गरि मासु पिण्डहरु दी * क्रिया प्रभूले गऱ्या १०
मस्तै राखेर रामको स्तुति गरि बहुतै मोक्ष सायुज्य पाई
पौंच्या धाम्मा जटायू प्रभु पनि नरको ठिक्क लीला जनाई
बन् बन्मा फिर्न लाग्या विरह गरिगरि सोद्धछन् जाहिं ताहीं
देख्यो देख्न्या अरू फेर् सकलबन ढुँढ्या एक् पनी काहिंनाहीं ११

कबन्ध वध शबरी परिचय राम भेट।

छातीमा मुख् भयाको शिर पनि नहुँदा नाम् कबंधै रह्याको
चार्‌चार् कोशसम्म पुग्न्या हुइ अति बलिया दीर्घबाहू भयाको
राक्षस् थीयो तहाँ एक् बसिकन ऋषी सब् हातले खैंचि खान्या
तैसैका बाहु बिचमा रघुपति परदा रोकियो मार्ग जान्या १
राक्षसले घेरियाको बुझिकन रघुनाथ् भन्दछन् भाइलाई
हे लक्ष्मण् ! देखिलीयौ अब बिच परियो निल्लकी हामिलाई

ठाकुरजीका बचन् इ सुनिकन बिनती ताहिं लक्ष्मणजि गर्छन्
हे नाथ्! क्या डर छ यसको हुइभइ हुइहात् काटिद्यूँ याहिं भर्छन् २
एती बात गरि हात् धुवै सहजमा * काटी खसाल्या जसै
राक्षसले पनि हात् गिऱ्यो जब तहाँ * आश्चर्य मान्यो तसै
सोध्यो आज म वीरको पनि सहज् * हातै खसाल्यौ यहाँ
को हौ क्या मनमा लियेर बनमा * हुल्छौ छ जानू कहाँ ३
उत्तर् श्री रघुनाथले पनि दिया * हाँसेर बिस्तार् गरी
सून्यो राम भनी तहाँ र मनले * चीन्ह्यो इनै हुन् हरि
ठाकुरजीकन चीन्हि खुश् अधिक भै * बिस्तार् अनेक् फेर् गऱ्यो
हे नाथ्! आज चिन्ह्या हजुरकन यहाँ * पायाँ र सन्ताप् टऱ्यो ४
ब्रह्मा देखि अवश्य पाइ वरदान् * गन्धर्व हुँ ता पनि
राम्रो छ भनि गर्व भो र ऋषिता * साहै नराम्रा भनी
हाँस्याँ केहि र अष्टवक्र ऋषिले * राक्षस् भयास् लौ भनी
पैल्हे श्राप गरी दिया र पछिता * मुक्ती बताया पनि ५
राक्षस् भैकन फिर्दथ्याँ म रिसले * शिर् इन्द्रजिले हऱ्या
ब्रह्माको वरदान् थियो र म जियाँ * इन्द्रादि सब् छक् पऱ्या
शीरै गै पनि यो जियो अब कसो * गर्ला भनी खुब् दया
आयो इन्द्रजिको र खानकन मुख् * छाती विषे दी गया ६
चार्चार् कोश तलक् समाउनभनी * लामा त हातै दिया
सो हात् आज गिराइ वक्सनु भयो * याहीं तलक् ई थिया
जस्तो युक्ति ति अष्टवक्र ऋषिले * पैल्हे बताया वहाँ
तेस्तै ठिक्क भयो इ हात् गिरिगया * मुक्ती त पायाँ यहाँ ७
क्या बात् धन्य रह्यछु आज म प्रभू! * आशा गऱ्याथ्याँ जति
रातोदिन् रटना थियो चरणको * मै गो शरणको गति

खाडल् खुब् गहिरो खनेर उसमा * यो देह मेरो धरी
पोली भस्म गराइ बक्सनुहवस् * जान्छु म संसार् तरी ८
सीता पाउनको उपाय बिनती * गन्यौंछु साँचो गरी
मन्न्या यो बिनती सुनेर हरिले * पोलीदिया खाक् गरी
सुन्दर शुद्ध स्वरूप् धन्यो प्रभुजिले * खुशीमै दिया वर् पनि
मक्तीले बहुतै गन्यो स्तुति र त्यो * पौंच्यो परम्धाम् अनी ९
हे नाथ्! सीताजि मिल्लिन् अबतिमि शबरी छन् जहाँ ताहिं जाऊ
साहै भक्ती छ तिम्रा चरण कमलको ताप तिन्को छुटाऊ
एही बिन्ती जगन्नाथ्सित गरि जब धाम् त्यो गयो राम फेरी
आश्रम्मा पौंचि दर्शन् शबरीकन दिया खुब् कृपाराखि हेरी १०
(पुत्रि हुन् इनी मिल्ल वंशकी, शबर् नामका कोहि भूपकी
सुनि मतङ्गको चाकरी गरी, भक्तिनी भइन् 'रामकी' बड़ी) ११
आसन्देखि उठेर जल्दि शबरी * रामका चरणमा परिन्
सक्मरको बहुतै पुजा गरि तहाँ * हात्जोरि बिन्ती गरिन्
हेनाथ्! हीनकुलकी स्त्री जाति म गरीप् * जान्दीन तिम्रो स्तुती
आधार् मात्र फगत् छ त्यै चरणमा * यसतै छ मेरो गति १२
बिस्तार् सब् गुरुदेखिपाइ गुरुको * आज्ञा मनैमा लिई
कैल्हे देखूछु हजूरलाइ भनि 'खुब् * तन्मन् हजुरमा दिई
पूजा नित्य हजूरको गरि यहाँ * स्वामित् ! बसेकी थियाँ
हेनाथ्! आज दया भयो हजुरको * प्रत्यक्ष देखी लियाँ १३
क्याले आज बहुत् प्रसन्न हुनुभो * कुन् काम मैंले गन्याँ
योगीका मन्ले नभेटि सकिन्या * मैंले त दर्शन् गन्याँ
यसतो बिन्ती सुनी दया बहुतभो * हेतू प्रभूले कह्या
ऊँच् नीच् स्त्री पुरुषै विचार्दिन मता * खुश् हुन्छु भक्तिमया १४

(जाति पाँति कुलिन् ठूला धनि तथा * धार्मिक् कुटुम्बी गुणी
शक्तीवान् चतुरा भईकन फगत् * भक्ती नभै क्यै पनि
व्यर्थै हो जन जान्नु पानि नदिने * मेघै समान्को यहाँ
भन्छु लौ सुन भक्ति साधनहरू * नौ छन् जउन् भूमहाँ) १५
नौ साधन् कित भक्तिका तिनउमा * पैल्हो त सत्सङ्ग हो
(सुन्नू राम-गुणानुवादकन बुझे * दोश्रो यहाँ यो मयो
तेश्रो त्याग गरी अहं, गुरु चरण् * को गर्नु सेवन् अनी
पाखण्डीपन छाडी गर्नु हरिको * कीर्तन् छ चौथो भनी १६
विश्वास दृढ् गरि मन्त्र जप्नछ जउन् * हो पाँचवाँ त्यो तथा
छैठौं हो बुझ कर्महरू सबमा * लिनू विरक्ती सदा
हो ईश्वरमय सृष्टी फेर् सुजन हुन् * मेरै समान् जाननू
सातौं हो, अनि प्राप्त वस्तुहरुमा * संतोष् लिने आठऊँ १७
सोझो बानि र निष्कपट् हुनु सदा * मेरो भरोशा लिन्या
आनन्दित् रहन्या र दीन रहन्या * हुन् भक्तिनौ यै बुझ्या
पैलो साधन भक्तिको ति नउमा * जानीलिया जो छ यो
यै एक् साधन मात्र भो पनि भन्या * जो बाँकी फेरी रह्यो) १८
आठ् साधनहरू हुन् ति ता क्रम सितै * मिल्छन् असल् सङ्गले
सत्को सङ्ग भयो सबै बनि गयो * क्या हुन्छ कूसङ्गले
(यौटै भक्ति गऱ्या पनी इ नउमा * त्यो होस् अचर् वा चर
किम्बा स्त्री कि पुरुष्हवस् किनन त्यो * मेरो अती भो प्रिय) १९
सत्सङ्ग मै रह्याकी दिनदिन म उपर् भक्ति ठूलो भयाकी
सज्जनको सङ्ग पाईकन सब गुणका पार पौंची गयाकी
देख्यौं मैले र दर्शन् दिन भनि खुशिले आज आफैं म आई
दीयौं दर्शन् र पायौ तिम्रि अधम मया पाउँथ्यौ क्या मलाई २०

मुक्ति भो आज तिम्रो सब फजिति छुट्यो खुशी भै आज जाऊ
मेरी सीता कहाँ छन् केहु खबर भया त्यो पनी सब् बताऊ
हुकुम् जस्से सुनिथिन् तब तहिं बिनती गर्दछन् क्या बताऊँ
सर्वव्यापी हजुरले बुझि नसकिन्या एक् रती चैन ठाऊँ २१
साँचो बिन्ती गऱ्याँ यो तर पनी नरको आज यो रूपधारी
आज्ञा भो ता म बिन्ती पनि हजुरविषे गर्दछु क्रान् बिचारी
सीता लंका विषे छन् अब त हजुरले भेटि सुग्रीवलाई
बक्स्या जावस् ति गर्नन् जति छ सब ति काम् बिलकुलै पारलाई २२
पम्पा भन्न्या तलाऊ पनि नजिक हुन्या ऋष्यमूक् पर्वतैका
टाकुरैमा ति बस्छन् अति फजिति भई दिन् बिताई सँधैका
बालीको डर् हुनाले तहिं बहुत बस्या बालि जाँदैन ताहाँ
बालीलाई नजान् भनिकन छ शराप् सब् गऱ्याँ बिन्ती याहाँ २३
सुग्रीवसीत मित्यारी गर्नु सब काम् * हुन्या छ सिद्धि पनि
मिल्नि न् आज म हेर खाक् शरीर यो * गर्छु नजिक्मा भनी
बिन्ती पारि चिताविषे पसिं शरिर् * जो हो उ सब् खाक् गरिन्
ठाकुर्को अति भक्तले ति शबरी * संसार सागर् तरिन् २४
क्या दुर्लभ् रघुनाथ् खुशी हुनगया * जात्की अधम् भै पनि
श्रीराम्का अघि देह छाड़ि कन ती * पौंचिन् परम्धाम् अनी
ब्राह्मण् भैकन भक्ति गर्दछ भन्या * उस्का त भन् क्या कुरा
जो कोही पनि भक्तभो पनिभन्या * योगी ति हुन्छन् पुरा २५
हे लोक् हो ! रघुनाथ्जिका चरणको * भक्ती छ मुक्ती दिन्या
यो जानीकन कामधेनु सरिका * राम् हुन् मनैमा लिन्या
क्या गर्छौं अरु मन्त्र यन्त्रहरुले * छाडेर सब् राममा
तन्मन् लाउ अवश्य जान् मनले * सार् मिल्छ यै काममा

गुन्वा होमनाथात्मज तनयेन पं० रामजीउपाध्याय कृत दीपक समेतको रामायण आरण्यकाण्ड समाप्त।

❀ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ❀

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र रामजी उपाध्याय कृत क्षेपक समेतको




महाकवि भानुभक्त को

रामायण-किष्किन्धा काण्ड

हनुमान परिचय, हनुमान राम भेट र सुग्रीव राम मित्यारी ।

जस्सै मुक्त भई गइछ् ति शबरी * सब् बात् सुनी राम् पनि
जान्छु आज म ऋष्यमूक गिरिमा * सुग्रीव भेटछु भनी
जान्थ्या कोशमरिको तलाउ मिलिगो * पम्पा भन्याको पनि
चीक्क्या श्री रघुनाथले शबरिले * ये हौ भन्याको भनी ?
माछा कच्छप् चल्दछन् कमलको * सब् गिर्छ केसर् तहाँ
केसरले जब छोपियो पनि भन्या * देखिन्छ जल् पो कहाँ
नीलालाल सफेद् कमल् पनि अनेक् * रङ्का भयाका तहाँ
बोल्दछन् हंस चकोर सारसहरू * लाटाक्वसेरा जहाँ ?
जस्तो निर्मल हुन्छ सन्तहरूको * मन् सोहि माफ्फीक् जल्
निर्मल् देखि प्रभू प्रसन्न हुनुभो * लाग्यो र साह्रै असल्
केहि जलपनि पान् गरी सकल बन् * हेर्थ्यो उसै बिच्महाँ
देख्या सुग्रिवले र डाकि हनुमान् * लाई अह्राया तहाँ ३
(रामका भक्त प्रसिद्ध सुग्रिवजिका * मन्त्री हनूमान् थिया
भूको भारकन हर्न रूद्र भगवान् * औतार साक्षात् लिया

हला पण्डित वेद व्याकरणका * वेदान्त ज्ञाता तथा
भक्ती मार्गमहाँ इनी दृढ़ थिया * रामका उपासक बड़ा ४
इनको अञ्जनिबाट जन्म हुनगो * श्री वायु द्वारा जब
मेरो मद्य पदार्थ हो कुन भनी * माताजिका सङ् तब
सोध्या ई शिशुले र अञ्जनिजिले * मन्दी भइन् यो तहाँ
पाकेको अति लाल फलु छ बढिया * तिम्रा निमित्तै महाँ ५
बालकलाई बुझाइ यस् तरहले * सन्तोष् गराई लिइन्
एकदिन् अञ्जनि ती बिहानी पखमा * अन्तै गयाकी थिइन्
लाग्योभोक् शिशुलाई खबत्यस घरी * के खाउँ मन्दै थिया
सोही औसर लाल गोलरूपका * सूर्य उदाई लिया ६
सूर्यलाइ बुझेर मद्य तिनले * मुखमित्र हाल्या जसै
सूर्यास्तै सरि भै गयो भुवन भर् * गाढान्धकार भो तसै
घौंताहेरू मिलेर वायुसुतमा * यो बात् भन्छन् तब
छोडी देउ इ सूर्य हुन् यसघरी * चाँडै तिमीले अब ७
घौंताको सब बात त्यो ति शिशुले * मान्दा भयानन् जसै
बज्रै लौकन इन्द्रले कुपित भै * मुखु ताकि हान्या तसै
लागी बज्र ति बालको हनु तहाँ * लामो र बाङ्गो भयो
सोही कारण अञ्जनी सुतजिको * नाउँ हनूमान् रह्यो) ८
बालीको छल हो भन्या बुझि तहाँ * हातले इशारा दिया
औरै कोहि रह्याछ सज्जन भन्या * हाँसेर हेरी लीया
ब्राह्मणको लड़िका बनेर हनुमान् ! * जाऊ ति को हुन् कहाँ
जान्छन् क्या मनमा छ सब् वरिपरी * हेरेर हुल्छन् तहाँ ९
सुग्रीवले हनुमानलाई जब यो * हुकूम् दिया जा भनी
ब्राह्मणको लड़िका बनेर हनुमान् * रामका हजुरमा पनि


किष्किन्धा काण्ड
१ ऋष्यमूक पर्वतमा बानरहरूका साथ सुग्रीवले मन्त्रणा गरेको ।
३ श्रीरामका साथ सुग्रीवले मित्रता गरी सीताका पत्ता लाउने प्रतिज्ञा गरेको ।
२ हनुमानले रामचन्द्रलाइभेटी सुग्रीव संग मित्रता गर्ने प्रार्थना गरेको ।
सुग्रीवले श्रीरामलाद सीताको आभूषण देखाएको ।

पाँचि पाठ्सित बिन्तीपारि सब काम् * सोध्यो प्रभूको जसै
बिस्तार् नाम र कामको प्रभुजिले * खुश्सै बताया तसै १०
सुग्रीवको हनुमानले पनि तहाँ * बिस्तार बिन्ती गऱ्या
बोकुँ श्री रघुनाथलाइ भनि फेर् * आफ्नू स्वरूप् झट् धऱ्या
राम् लक्ष्मणकन बोकि जल्दि हनुमान् * सुग्रीवका पासमा
पाँचाऊँ रघुनाथलाइ भनि खुब् * कूद्या तिआकाशमा ११
जल्दी पर्वतका उपर् पुगिगया * छायाबिषे राम् रह्या
सुग्रीवलाइ खबर् दिनाकन तहाँ * जल्दी हनूमान् गया
बिस्तार् पाएर आइ सुग्रिवजिले * दर्शन् प्रभूको गऱ्या
हाँगा कोमल माँचि आसन दिया * आनन्दमा ती पऱ्या १२
आसन् सुग्रीवलाइ लक्ष्मणजिले * दीया हनूमानले
लक्ष्मणजीकन बस्न आसन दिया * ताहीं ठुलो ज्ञानले
सीता जुन् गहना खसालि गइथिन् * हाजिर् गराई तहाँ
लाग्या सुग्रीव भन्नलाइ इकुरा * रामका हजूरै महाँ १३
हाराम्! लक्ष्मण!! यै पुकारि मुखले * क्वै नारि आकाशमा
जान्थिन् सब् गहना फुकाली कनता * हाम्रा यसै बासमा
गिर्न्या पाठ्सित पो खसालि ति गइन् * चीन्हीन याहिं थियाँ
कस्का हुन् यहि चीन्हि बक्सनु हवस् * यै हो हजुरमा दियाँ १४
एती बिन्ति गरी दिया ति गहना * देख्या प्रभूले पनि
चीन्ह्या सब् गहना र शोक् बहुत् भै * हा ! मेरि सीता भनी
रोया छातिविषे धरेर गहना * नाना बिलापले जसै
लक्ष्मण सुग्रिवले बुझाइ इ कुरा * बिन्ति चढाया तसै १५
हे नाथ् ! रावणलाइ मारि सहजै * सीताजिलाइ यहाँ
हाजिर् हामि गराउँला हजुरमा * त्यो दुष्ट जाला कहाँ

एती बिन्ती तहाँ जसै ति हुइले * रामका हजुरमा गऱ्या
साखी श्री हनुमानले पनि तहाँ * अग्नीजिलाई धऱ्या १६

राम सुग्रीव मित्यारी, वाली अजेय हुने कारण र वाली वध ।

अग्नी साखी धरेर सुग्रीवजिले * रामथ्यैं मित्यारी गरी
बाहाँ जोरि सखा भई नजिकमा * एकछिन् रह्या त्यो घरी
सुग्रीवले तहिं बिन्ति बात् पनि गरया * हे नाथ् ! फजीती सही
बालीका डरले बहुत् दिन बित्यो * एसै जगामा रही १
याहाँ बालि त आउँदैन छ शराप् * मातंगजीको र पो
पायाँ बस्न नहीं भन्या मकन ता * कसले बचाऊँदथ्यो
बालीको बल बिन्ती गर्छु अहिले * जसदेखि सब् डर्दछन्
कसले बीरहउन् लड्या पनि भन्या * लड्न्या सबै मर्दछन् २
(तिसका साथ् रण गर्न संमुख हुनन् * योद्धा जउन् जन् गई
बालीमा बल जान्छ आधि उसको * वर् इन्द्रजीको भई
क्षोही कारण सुर् असुर् मनुजमा * जो बीर् छन् लोकभरी
डर्छन् ती र प्रमत्त बालि छ बुझी * आफ्नु अजेयै सरी) ३
हुलो वीर् मयपुत्र राक्षस थियो * मायावि ता नाम् थियो
बालीसित लड़ाईं गर्न भनि त्यो * आयो र हाँक् खुब् दियो
बालीले पनि दौडि गैकन तहाँ * हान्यो मुठीले जसै
बाधा पाई डराइ भागि उ गयो * लाग्या पछाडी तसै ४
बालीका पछि लागि मै पनि गयाँ * राक्षस् गुफामा गयो
ढोकामा त मलाइ राखि बिर त्यो * फेर् मित्र जाँदो भयो
मैन्हा दिन् बिति गै गयोत्त पनि त्यो * फर्केन बाली जसै
साहै दिक् म थियाँ कसोगरुँ भनी * आयो रगत् पो तसै ५
लौ बाली त मरेछ हेर रगतै * आयो गूफा देखि ता
मैलाई पनि फर्कि सार्छ रिसले * गूफा थुनी जाँ म ता

यसतो बुद्धि भयो र पत्थर ठुलो * ल्याएर मूफा थुन्यौं
फर्की आउन मन् गरयो पनि सहज् * निस्की नसक्नू हुन्यौं ६
यसता पाठ्सित मुख् थुन्यौंर म फिऱ्यौं * बाली मऱ्यो लौ भनी
सब् बिस्तार् सुनि मन्त्रिले मकन ता * राजा बनाया पनि
राजा भैकन राज भोग् पनि गऱ्यौं * क्यैदिन् पछी बाली ता
राक्षस् मारि फिरेर दाखिल भयो * सीसाइ मैमाथि ता ७
तेस् दिन्देखि डराइ याहिं म रह्यौं * मेरी त पत्नी पनि
बलजफ्तीसित भोग गर्छ गरुँ क्या * पुग्दैन जोर् क्यै भनी
याहाँ आउन् सक् भया यहिं पनी * आएर मार्न्या थियो
पापको क्या डर मान्छ त्यो र बलले * जसले बुहारी लियो ८
साह्रै दुःखि भएर सुग्रिवजिले * बिन्ती गरयाको सुनी
सुग्रिवको अन दुःख हर्दछु भनी * अन्तस्करणले गुनी
खातिर् दी प्रभुले भन्या सुन सखे! * त्यो बाली मारी यहाँ
तिम्रो राज्य गराउँला अब उपर् * जोर् चल्छ तेसको कहाँ ९
यसतो सत्य वचन् सुनी प्रभुजिको * शंका पऱ्यो तै पनि
सक्कन् क्या प्रभु बालि मार्नकन ता * ठुलो छ बाली भनी
बालीलाइ बहुत बीर् बुझि तहाँ * रामका अगाडी सरी
बालीको अधिको पराक्रम कह्या * बिल्कूल बिस्तार् गरी १०
एकदिन् दुन्दुभि नाम राक्षस ठुलो * आएर हाँक् खुब् दियो
बालीले सहजै निमोठिकन शिर् * छ्याङ्याइ हातमा लियो
सोही फ्याँकि दिंदा यहाँ गिरिगयो * चार् कोश् जगामा जसै
छीटा पर्न गयो बहुत् रगतको * ऋषी रिसाया तसै ११
बालीलाइ शराप् दिया अब यहाँ * आइस् भन्या तैं पनि
शिर् जुद्दाभइ पृथ्विमा गिरि गयास् * जसले गिरयो यो भनी

यो मालूम मलाई सब् अघि थियो * सो जानि याहीं रह्यौं
तेस्लाई पनि योच्च याद् तब म तेस् * वीरदेखि बाँच्तो मयाँ १२
सोही शिर् अमत्तक् छ पर्वत सरी * सो फ्याँकन सक्नू भया
बाली मार्ने समर्थ ताहिं चिन्हुँला * मेरो त शेखी गया
इ बात् सुग्रिवको सुनी झलक द्यूँ * इन्लाई भन्या भयो
फ्याँके शिर् ताहिं पाउका अँगुलिले * चालिस कोशतक् गयो १३
देख्या सुग्रिवले तथापि मनमा * शङ्का त फेरी रह्यो
सक्छन् क्या इ त बालि मार्नकनता * ठूलो छ भन्या भयो
सात् ताल् वृक्ष इ छन् इ एक शरले * छेड्छन् त मार्छन् भनी
सुग्रिवको मनमा भयो र इ कुरा * बिन्ती चढाया पनि १४
हे नाथ् ! बिन्ति म गर्दछु अरु पनी * यस्तो छ बाली भनी
एही शिरकन फ्याँकि मात्र मनले * मानेन विश्वास् पनि
बालीले यही ताल वृक्षकन ता * बूटै बराबर् गनी
हल्लाएर खसाल्नि दिन्छ जतिछन् * सम्पूर्ण पत्ता पनि १५
इ तालवृक्ष पनी यहाँ हजुरले * एक् बाण ऐल्हे धरी
सबैमा छिद्र गराई बक्सनु हवस् * बुझ्न्या छ मन् खुब् गरी
एती बिन्ती तहाँ ति सुग्रिवजिले * रामथ्यैं जसै स्व गर्‍या
रामजीले पनि लौ भनेर खुशिले * हातमाधनुर्बाण्धर्‍या १६
बाँण्फ्याँके प्रभुले र बेगसित गयो * सात् ताल भेदन् गरी
पर्वत् भूमि समेत् बिदारि पर गो * सामने सबै साफ् गरी
ठोक्कामा फिरिआइ बाण् जब पर्‍यो * सुग्रीवजी छक् परया
साक्षात् श्रीपति हुन् भनी चिन्हि तहाँ * रामकोस्तुतीखुब्गरया १७
हे नाथ् ! बल्ल चिन्ह्या अहो सकलका * आत्मा जगन्नाथ् भनी
मायादेखि फरक् भयौं म अब लौ * लाग्दैन माया पनि

क्या गर्छु अब पुत्र दार धनले * सम्पूर्ण ई दूर रहुन्
मेरा सब् दश इन्द्रियै हजुरका * सेवा टहलमा रहुन् १८
यै पाठ्ले जबता गरया स्तुति तहाँ * रामले त त्यो सब् सुनी
यो ज्ञान् आज न ह्यूँ भनी प्रभुजिले * अन्तस्करणले सुनी
मायाले अति मोह पारि रघुनाथ् * हाँसेर बोल्या जसै
सुग्रिव् मोह भया बचन् सुनि तहाँ * त्यो ज्ञान बिस्यां तसै १९
हे सुग्रीव सखे ! मलाई हुनियाँ * मन्छन् मित्यारी गरी
कुन चीज् सुग्रिवलाइ दीकन गया * आपत्ति तिन्को हरी
यो लोकको अपवाद मेट्छ अबता * बाली छ ऐले जहाँ
ताहीं गैकन हाँक देउ तिमिले * त्यो बाली माछ्र्ये यहाँ २०
ऐल्हे राज्य गराउँछु भनि तहाँ * रामको हुकुम् भो जसै
सुग्रीव् खुशि भएर बालिकन खुब् * हाँक्या बचन्ले तसै
किष्किन्धा पुरिका नगीच वनमा * आएर हाँक् खुप् गरी
सुग्रिवजी जब ता रह्या बुझि खबर् * बाली हुट्यो तेसघरी २१
बाली सुग्रिवको लडायिं पनि भो * सुग्रीव एक्क्षण अड्या
सक्थ्या सुग्रिवले कहाँ सहजमा * बाली बिरैले धड्या
बाण् छोड़ीकन बालिलाइ अबता * मार्नन् प्रभूले भनी
एक्क्षणता यहि आशले टिकिगया * घुस्सा दिंदामा पनि २२
बाली सुग्रिवको दुरुस्त अनुहार् * एक् देखि रामले जसै
बाण् थाम्या टिकिसक्नु मुश्किल भई * सुग्रीव भाग्या तसै
पौंच्या श्री रघुनाथका हजुरमा * काँपूतै र छाद्दै रगत्
बल् तोडिकन बालिले हरिलियो * एक्देह पौंच्यो फगत् २३
सुग्रिवले तहि विन्ति खुप्सित गरया * हे नाथ् ! मूलाई तहाँ
मार्नाको यदि मन्छ पो पनि भन्या * जोर् चल्छ मेरो कहाँ

आफैंले यहिं मारि बक्सनुहवस् * स्वामित् ! हजुरले पनि
शत्रूलाई लगाइ मार्न त उचित् * होक्या सखाहो भनी २४
सुग्रिवका इ वचन् सुन्नी गहभरी * आँशू प्रभूले धर्‍या
सुग्रिवजीकन खातिरी दिइ तहाँ * यो बात् प्रभूले गर्‍या
हे सुग्रीव सखे ! दुरुस्त अनुहार् * एक् देखि शंका भयो
मर्नन् मित्र भनेर पो डर हुँदा * बाँचेर बाली गयो २५
चिन्हूँ देहविषे धरेर अहिले * जाऊ र हाँक् देउ फेर्
बालीलाइ म मारिदिन्छु सहजै * लाग्दैन ऐलेहे त बेर्
यस्तो बात् गरि खुब् शपथ् पनि गरी * सुग्रीवको मन् भरी
आज्ञा लक्ष्मणलाइ बक्सनुभयो * फुल् ल्याउ मालाधरी २६
त्यो माला पहिराइ माइ ! तिम्रिले * जल्दी पठाऊ तहाँ
हाँक् दीउन् अब वालिलाइ अहिले * माछूँ म छोड्छु कहाँ
लक्ष्मणले पनि यो हुकुम् सुनि तहाँ * माला लगाई दिया
त्यो माला पहिरेर सुग्रिव गया * वीर् वाली जाहाँ थिया २७
बालीलाइ सुनाइ हाँक् बहुत दी * सुग्रीव् बर्‍याथ्या जसै
बालीले पनि शब्द सुग्रिवजिको * सुन्दा उठ्यो रीस् तसै
आश्चर्यै मनमा भयो अघि भन्या * उठ्यो पछी रीस् पनि
मुका खाइ लघारियो त पनि फेर् * फक्र्यो भगूवा भनी २८
बालीले पनि फेर् कछाड् कसि तयार् * भै जान लाग्या जसै
तारा ले त नजाउ यस् बखतमा * भन्दै समातिन् तसै
कोही वीर् बलवान् सहाय मिलि पो * सुग्रीव आया यहाँ
सहायै नभया त एहि घरिमा * सुग्रीव फिर्ल्या कहाँ २९
ताराका इ वचन् सुनेर बलवान् * वीर् बालि बोल्छन् तहाँ
हे प्यारी ! नडराउ को छ म सरी * वीर् आज दोश्रो यहाँ

सुग्रिवलाइ सहज् सहाय सहितै * मारेर फिर्न्या म छु
वीर् हुँ हाँक दिंदा कसोगरि बस्यूँ * शंका नमान्या कछ ३०
बालीको इ वचन् सुनीकन तहाँ * ताराजि फेरी पनि
भन्छिन् नाथ्! कछु सूनी बक्सनु हवस् * क्या मन्दछे यो भनी
बिन्ती गर्छु म हित् कुरो हजुरमा * साक्षात् अयोध्या पति
श्री रामचन्द्र सहाय छन् अब तहाँ * चल्दैन जोर् एकृति ३१
सुग्रीव् सीत मित्यारिलाइ रघुनाथ् * ज्यूले पिछामा लिया
बाली मारि म राज्य आज दिउँला * भन्या वचन् यो दिया
भन्या बात् अस्मा हुँदा वनमहाँ * सूनेर अङ्गद् यहाँ
आई सब् इ कुरा मलाइ अघि नै * भन्थ्या नजाऊ तहाँ ३२
सुग्रीवसीत विरोध् नराख तिमिले * जाऊ र ल्याऊ यहाँ
यो राज् सुग्रीवलाइ देउ अब ता * जित् छैन तिम्रो तहाँ
श्री रामको ढुइ पाउमा पर तिमी * गर्नन् प्रभूले दया
साँचो हुन् इ कुरा बुझी लिनुहवस् * भोग्गर्न इच्छा भया ३३
एती बिन्ती गरेर पाउ ढुइमा * पक्रेर रोइन् जसै
तारालाइ बुझाउनाकन तहाँ * फेर् बालि बोल्या तसै
हे प्यारी! नडराउ कत्ति रघुनाथ् * साक्षात् रमाका पति
नारायण भनि चिन्दछु म पनि सो * नाथ् हुन् जगत्का पति ३४
ताहीं छन् रघुनाथ् मन्या चरणमा * पर्न्याछु चाँडो तहाँ
सुग्रीवै छ फगत् भन्या सहजमा * मान्यार्छु छोड्छु कहाँ
सुग्रीव् कुन् बलियोछ पाजि भगुवा * त्योलाइन मन्सुब् लिन्या
तैस् पाजिकन डाकी आज कसरी * यो राज्य मैले दिन्या ३५
तस्मात् शोक् नगरी बसी रहु तिमी * जान्छु म ताहाँ भनी
लाङ्नैलाइ कछाड् कसीकन तयार् * भै बालि दौड्या पनि

बाली सुग्रीव दुइ भाइ रिसले * फेर् लड्न लाग्या जसै
रुखको आड गरी तहाँ प्रभुजिले * एक् बाण् छोड्या तसै ३६
बाण् बज्रयो जब बालिका हृदयमा * सर्वाङ्ग बाधा गरी
पृथ्वी कम्प गराइ झट् तहिं गिऱ्या * बाली त मूर्छा परी
मूर्छा दुइ घडी पऱ्या पछि अलिक् * चैतन्या आयो जसै
देख्या श्री रघुनाथलाइ खुशि भै * सामने बस्याका तसै ३७
मन्छन् श्री रघुनाथलाइ रघुनाथ् ! * तिम्रो बिराम् क्या गऱ्यौं
धर्मै छोडी लुकेर आज तिमिले * माऱ्यौ म ऐल्हे मऱ्यौं
यो क्या क्षत्रिय धर्म हो लुकिलुकी * वीर् बाण छोड्छन् कहीं
क्षत्री मैकन धर्म छोडि लडन्या * एक् आज देख्या यहीं ३८
सामने मैकन बाण छोडि तिमिले * माऱ्यौं त खुब् यशाथियो
सुग्रिवहो कति साख् म हूँ कति कुसाख् * हा दैव ! क्या मन् दियो
सीता रावणले हऱ्यो भनि बहुत् * संताप् मनैमा धरी
सुग्रिवलाइ सहाय ली मकन ता * लुकेर चोरले सरी ३९
माऱ्यौ यो अति चुक् भयो गरुँ कसो * बाच्थ्यौं त याहीं बसी
रावणलाइ कुलै समेत् सहजमा * भिकथ्यौं म पाताकसी
लंकापूरि समेत् पनी म चलले * भिकथ्यौं सहजमा यहीं
पाजी रावणलाई मार्न तिमिले * क्या जानु पथ्यौं उहीं ४०
चोरि मारिलिंदा न यश् हुन गयो * न मासू खानू भयो
धर्मात्मा तिर्मा पापि भैं हुन गयौ * ज्यान् व्यर्थ मेरो गयो
बालीका इ वचन् सुनेर रघुनाथ् * मन्छन् तँ बोल्छस् कति
बाली हूँ भनि गर्व गर् त पनि हेर् * साँचै तँ होस् दुर्मति ४१
पापको डर् रतिभर् नराख्नि तर्यिले * खुशा भै बुहारी हरिस
सोही पाप् अहिले प्रकट् हुनगयो * तेस् पापले पो मरिस्

१ वाली सुग्रीव युद्ध र वाली वध।

२ लक्ष्मणजीले सुग्रीवलाई किष्किन्धाको राज तिलक गरेको।

३ हनुमानले समुद्रका तीरमा सम्पातीकाई भेटी लंकाको पत्ता लाएको।

धर्मस्थापन गर्नलाई त यहाँ * औतार मैले लियाँ
धर्म जानी अधर्म ठानि अहिले * तैंलाइ मारी दियाँ ४२
श्रीरामको ई वचन सुनी प्रभु भनी * जानी शरणमा पऱ्या
बानर हुँ रघुनाथ! क्षमा गर भनी * हातजोरी बिन्ती गऱ्या
नामोच्चारणले फगत सहजमा * संसार सागर तरी
स्वामित! जान्छ हजूरमा अब भन्या * मैले त दर्शन गरी ४३
पायाँ मर्न त भाग्यको कति बखान * मेरो म ऐल्हे गरूँ
को पाऊँछ हजूरलाइ भगवान! * मर्न्या बखतमा अरू
मेरो ता गति यै थियो मिलिगयो * जान्छु परमधाम म ता
अङ्गद माथि दया रहोस् हजुरको * हाजिर छ सेवक उता ४३
मेरो छातिमहाँ छ बाण हजुरको * यो खैंचि छोई दिया
शीतल देह हुन्या थियो सहजमा * प्राण आज जान्या थिया
बालीको इ वचन सुनी प्रभुजिले * बाण झीकि छुँदा भया
ठाकुरका अघि देह छोडि खुशिमै * बाली परमधाम गया ४५

ताराकाई ज्ञानोपदेश ।

बालीका सँगमा थिया जति तहाँ * बानर ति भागी गया
ताराजीसित गै वहाँ सब हवाल * बिस्तार गर्दा भया
रामजीले छुकि बाण छोडि सहजै * बाली त मारी दिया
सुग्रिव मन्त्री समेत खुशी भई तहाँ * रामका हजुरमा थिया १
यो राज अङ्गदलाई बक्सनु हवस् * ढोका शहरको खुली
बसूँला जल्दि हुकुम हवस् हजुरको * कया हुन्छ घेरै भनी
एती बिन्ति गऱ्या र बानरहरू * जल्दी तयारी भया
हुकूम माफिक काम गर्न भनि सब * बानर खड़ा भै रह्या २
बालीको परलोक भयो भनि खबर * सूनिन् र तारा हुँदै
हे नाथ! आज कहाँ गयौ भनि बहुत * बिह्वल निरन्तर हुँदै

क्या गर्छु अब पुत्र दार धनले * भन्दै ति तारा जहाँ
बालीको परलोक् भयो उहि जगा * सोधेर पौंचिनू तहाँ ३
बालीको दुइ पाउ पक्रि बहुतै * रूँदी बिलाप् खुब् गरी
भन्छिन् श्री रघुनाथलाइ रघुनाथ्! * फेर् बाण् ऐलहे धरी
मारीदेउ मलाइ जान्छु म पनी * मेरा पतीका सँगै
खोज्नन् स्वर्गविषे मलाई पतिले * काहाँ म बस्छु नगै ४
पतीसीत बियोग् हुँदा यती बिलाप् * हुँदा रह्याछन् भनी
मालूम् सब् छ तहाँ म फेर भनू क्या * पर्दैन भन्नू पनि
पत्नी दान् गरि पुण्य हुन्छ जति सो * मिलन्या छ पुण्यै पनि
तस्मात् आज अवश्य हान शस्त्रले * जावस् पतीथ्यैं भनी ५
एती बात् अघि रामका सँग गरी * सुग्रीवलाई पनि
भन्छिन् लौ गर राज्य आज खुशिले * मीतले दियाको भनी
ताराका इ वचन् सुनीकन बहुत् * आयो प्रभूमा दया
तारालाइ बुझाउनाकन तहाँ * एक् तत्व भन्दा भया ६
हे ताराजि! विचार् नराखि तिमिले * शोकै कती गर्दछयौ
यो मेरो पति हो भनेर नबुझी * व्यर्थै शरीर् हर्दछयौ
जीवै हों पति भन्दछयौ यदि भन्या * मर्दैन जीव् ता कहीं
देहै हो पति भन्दछयौ त किन शोक् * गछ्यौं छ ऊता यहीं ७
श्री रामका इ वचन् सुनीकन तहाँ * ताराजि चुप् भै रहिन्
छन् सन्देह पऱ्यो तहाँ मनमहाँ * सो मात्र सोध्छी भइन्
हे नाथ्! मर्जि भयो सुन्याँ सब कुरा * बुझ्दैन मन् तै पनि
सन्देहै मनमा रह्यो मकन ता * को गर्छ यो भोग् भनी ८
देहै गर्दछ भोग् भनूँ पनि भन्या * जड्पो छ यो देह ता
ईश्वर् हो उहि गर्छ भोग् भनुँ भन्याँ * सक्तीन भन्नै म ता

साहै मोह भयौं म ता हजुरका * एसै वचन्ले गरी
माया राखि बुझाइ बक्सनुहवस् * अज्ञान मेरो हरी ९
ताराका इ वचन् सुनीकन बहुत् * माया मनैमा धरी
तत्वैज्ञान् सब ताहिं बक्सनु भयो * खोलेर विस्तार् गरी
हे ताराजि ! नरोउ आज मनले * संसार् छ झूठो भनी
झूठो कुन् रित्ले छ यो पनि भन्या * भन्छम बिस्तार् पनि १०

म ता नित्यै पो हुँ यहि शरिरमा लागि म गयाँ
शरिर् मर्दा आफैं मर्यिं मरि गया भैं पनि भयाँ
अहो ! अज्ञान् मेरो भनिकन जहाँतक् मनमहाँ
लिंदैनन् ताहींतक् फजिति पनि छन् यै जनममाँ ११
स्फटिक् जस्तो जीव् हो शरिरहरु लाहा बुझिलिनू
स्फटिक् लाहाका सङ् धरिकन त दृष्टान्त छ दिनू
लाहाका सङ् बस्ता स्फटिक म हुछु लाल् भन्छ जसरी
शरीर् मर्दा मर्छु म पनि जिवले भन्छ तसरी १२

स्फटिक्ले रातो छ भनिकन सुहावस् त उ पनि
सुहावस् यस जीवले शरिरसँग मै मर्छु म भनी
न ता जीव् मर्न्या हो शरिरसँग लागेर जनको
न रातो हुन्या हो स्फटिक सब खेल् जान मनको १३
मनैको खेलले जीव् शरिर मर्यिं हुँ मन्दछ भनी
जहाँतक् जान्दैनन् फजिति तहिं तक् मिल्दछ पनि
मनैको खेल् यो हो भनिकन त जान्न्या तरि गया
नजान्न्या जीव् जो हुन् उति त सब फन्दा परि गया १४
शरीर् मै हुँ मेरै धन जनहरू हुन् भनि जसै
पर्‍यो मनका खेलमा तब फजिति मिल्छन् बुझ यसै

बिना सत्का सङ्ले बिनु गुरु कृपाले इ फजिती
अवश्यै छुट्तैन सकल मनको खेल नजिती १५
म नित्यै आत्मा हुँ शरिरहरु हुन् चार घड़िका
विचारमा टिक्तैनन् विषय पनि छन् स्वप्न सरिका
भनी जानी मन्ले दृढ़ गरि लिया भक्ति रसले
नबिर्स्या ई मैले यति कहिदियाँ प्रीतिवशले १६
उस् जन्ममा अधिक भक्ति गर्‍यौ र ऐल्हे
दर्शन् दियाँ नहिं त भट्ट म मिल्छु कैल्हे
मेरो स्वरूप् र इ वचन् अब सम्झि लीया
छुट्नन् ति दुख तिमिलाइ जती त थिया १७
लेखै हवैन अब कर्म पनी गरिन्या
रस्ता कह्याँ भव-समुद्र सहज् तरीन्या
मेरो स्वरुप् र इ वचन् जति सम्झिलिन्छन्
सब् कर्मपाश सहजैसित काटि दिन्छन् १८
यस्तो वचन् प्रभुजिको सुनि खुशि मन्ले
छाडिन् जती छ अभिमान् पनि ताहिं तिन्ले
सुग्रीवको पनि गयो अभिमान ताहाँ
रामको कृपा हुनगया पछि टिक्छ काहाँ १९
हुकुम् भयो प्रभुजिको तहिं मित्रलाई
हे मित्र सुग्रिव ! जलाउ इ बालिलाई
कीया गरीकन शरीर् गर शुद्ध ऐल्हे
सब् काम छोड़िकन यैंगर आज पैल्हे २०
हुकुम् भयो र तब बालि लागी जलाया
कीया गरीसकि ति सुग्रिव ताहिं आया

अर्पण् गरी सकल राज् प्रभुका चरणमा
सेवक् बनीकन म बसछु भन्या शरणमा २१

सुग्रीव राजगदी र लक्ष्मण राम सम्वाद ।

सुग्रीवलाइ हुकुम् भयो प्रभुजिको * जो हौ तिमी सो म हुँ
जाऊ आज र गादिमा बस म ता * याहीं बनैमा रहुँ
गाउँमा घरमा बसैन म भनी * मेरो प्रतिज्ञा छ यो
जानन् लक्ष्मण ता सँगै घर पनी * भाई गया मै गयो १
वर्षाकाल बिती सकछ यो जब तसै * सीताजिको खोज् गर्न्या
एती मर्जि भयो र सुग्रिव बहुत् * आनन्द सागर् पर्न्या
लक्ष्मणजी पनि रामका हुकुमले * सुग्रीवका साथ् गया
सुग्रीव् गादिविषे बस्न्यापछि फिरी * दाखिल् प्रभुथ्यैं भया २
रामले ताहिं थियो प्रवर्षण गिरी * तेसका शिखरमा चढी
देख्या सुन्दर एक् गुफा स्फटिकको * ताहीं बनाया मढी
फल् फुल् ताहिं खचित् थियो नजिकमै * थीयो तलाऊ पनि
देख्या मन् खुशि भो तहाँ प्रभुजिको * बस्न्या जगा हो भनी ३
वर्षाकाल तलक् रह्या प्रभु तहीं * पर्य्यो बस्वत्मा झरी
जन्तू पुष्ट थिया सबै ति वनमा * खाएर घाँस् पेटभरी
बस्थ्या श्री रघुनाथका वरिपरि * खुब् ध्यान् प्रभूमा गरी
ध्यान् जन्तूहरुको विचार् गरि तहाँ * खुशी रहन्थ्या हरी ४
लक्ष्मणले तहिं बिन्ती एकदिन गरथा * हे राम् ! पुजाको विधान्
पाऊँ सुन्न हुकुम् हवस् खुशी भई * कुन् हो करुणानिधान्!
ब्रह्मा व्यास् अरु नारदादिहरु सब् * मन्छन् पुजाले सरी
अर्को तर्न उपाय छैन जनको * खुश छन् पुजामा हरि ५
यस्तो सूनी गयो र मन् चरणमा ! * सोध्यौं पूजाको विधान
साँचो तत्व बताउँन्या हजूर मैं * को छन् दयाका निधान

यसतो लक्ष्मणको वचन सुनी तहाँ * पूजा विधी हो जति
सब् संक्षेप् रितले कह्या प्रभुजिले * लक्ष्मण् भया खुश् अती

लक्ष्मण कोप र सीताजीको खोजमा चार दिशामा वानरहरु जानु ।

वर्षाकाल् यहि रीतले तहिं बित्यो * बार्ता कथाको गरी
संभ्या भट्ट सीताजिलाइ र बिलाप् * फेर् गर्न लाग्या हरी
किष्किन्धा पुरीमा यसै बिच महाँ * मन्त्री हनूमान्ले
सुग्रीव् सीत सिताजि खोज् गर भनी * बिन्ती गर्‍या ज्ञानले १
हे राजन् ! रघुनाथले त उपकार् * ठुलो हजुर्को गरी
यो राज् बक्सनु भो हजुर्कन ठुलो * वीर् बालिलाई हरी
सो बिर्स्यो भयिं मान्दछु हजुरले * सीताजिको खोज् खबर्
गर्न्यो हो अब ता बखत् पनी भयो * सब् काम छोडी अबर् २
यादै छैन हजूरलाइ त सिता * खोज् गर्नु पर्ला भनी
बालीको गती जुन् भयो उहिगती * होला हजुर्को पनि
यो बिन्ती हनुमानको सुनी तहाँ * साँचो भन्यौ यो भनी
सुग्रीवले तहिं भट् हुकुम् पनि दिया * लश्कर् पठाऊ पनि ३
दशहज्जार् विर गै इशान दिशिमा * बाँनर् जती जन् सबै
खोजी आज खबर् दिउन् र सब वीर् * जम्मा हउन् भट् अबै
जो आवैन हुकुम् बदर् गरि तहाँ * ई पन्ध्र दिन् भित्रमा
तेस्को प्राण् म लिन्याछु निश्चयबुझुन् * ठालुन् सबै चित्तमा ४
यसतो सुग्रिवको हुकुम् हुन गयो * सोही बमोजिम् गरी
दशहज्जार् बिरको खटन् पनि गर्‍या * लागेन बेर् एक् घरी
दशहज्जार् बिर दशादिशा तिर छुटी * खुशमै हनूमान् रह्या
तीं वीर् दशतिर गै खबर् दिइ अनेक् * सेना बटुल्दा भया ५
लाग्या गर्न बिलाप् अनेक् तरहले * लीला गरी राम् पनि
भन्छन् छन् ति सिता कहाँ अझ तलक् * लागेन पत्ता भनी

याहाँ छन् ति सिता भनीकन खबर् * पाऊँ त जाऊँ तहाँ
ल्याऊँ अमृत भैं सिताकन यहाँ * पाऊँ खबर् पो कहाँ ६
हे भाई ! सुन जो छ आज त सिता * हर्‍यो म तेस्को सबै
कूल्यौ भस्म गराउन्याछु करणा * राख्यौन उस्मा कबै
एती बात् तहिं भाइसीत गरि फेर् * सीताजिको शोक् गरी
लाग्या गर्न विलाप् अनेक् तरहले * त्रैलोक्यकोनाथ् हरी ७
हे सीते ! कसरी मदेखी पर भै * बस्क्यौ तिमी ल्यौ कहाँ
प्राणै थाम्न कठिन् भयो मबिनु झन् * आपत् भया हुन् तहाँ
तिम्रो भेट नपाउँदा मकन ता * ई चन्द्र सूर्यै बन्या
तिम्रो ता गरुँ क्या बयान् तिमि त झन् * ल्यौ दुष्टका पास् भन्या ८
सुग्रीव् आज कृतघ्न भैं हुन गया * आयो शरद् काल् पनि
सुर्ते छैन सिताजीलाइ अझतक् * खोज् गर्नु पर्‍यो भनी
मार्छु सुग्रीव दुष्टलाइ पनि फेर् * वाली सरीको गरी
लक्ष्मणले प्रभुको वचन् सुनी गर्‍या * बिन्ती अगाडी सरी ९
हे नाथ् ! आज मलाइ बक्सनु हवस् * हुकूम् म मार्छु गई
लक्ष्मणका इ वचन् सुनेर रघुनाथ् * अत्यन्त खूशी भई
भन्छन् भाइ ! नमार आज बहुते * हप्काउ जाऊ तहाँ
मारीहाल्न त योग्य छैन तर खुप् * चेताई आऊ यहाँ १०
हुकुम् यो प्रभुको सुनी कन तहाँ * लक्ष्मण् जि जल्दी गया
सीतानाथ् नरको लिला गरि विलाप् * खुप् गर्न लाग्दा भया
किष्किन्धापुरि पौंची लक्ष्मण् जिले * टङ्कार् धनूको गर्‍या
पत्थर् वृक्ष उठाइ बाँनरहरू * कोही अगाडी सर्‍या ११
सब् वानर्कन नष्ट गर्दछु भनी * लक्ष्मण् जिले वाण् धर्‍या
अङ्गद् आइ हटाइ वानरहरू * जल्दी चरणमा पर्‍या

अङ्गदसीत बहुत प्रसन्न भइ झट्ट * ताहीं अहाया पनि
जाऊ देउ खबर अगाडि तिमिले * लक्ष्मणजि आया भनी १२
अङ्गद गै पुरिमा खबर जब दिया * सुग्रीवजिलाई तहाँ
जल्दी सुग्रिवले हुकुम पनि दिया * लौ जाउ ल्याऊ यहाँ
अङ्गदलाई सँगै लिएर हनुमान * चाँडै शरणमा परी
लक्ष्मणलाइ बुझाइ ल्याउ तिमिले * सब क्रोध शान्ती गरी १३
यस्तो सुग्रिवको वचन सुनि तहाँ * सोही बमोजिम गरी
पाऊमा परि बाहुमा धरिलिया * ल्याया बहुत खुश गरी
हुकुम सुग्रिवको सुनीकन तहाँ * ताराजि चाँडै गइन
लक्ष्मणलाइ बुझाइ खुश गरुँ भनी * खुप बिन्ती गर्दी भइन १४
लक्ष्मण सुग्रिवको भयो जब त भेट * सुग्रीव चरणमा परया
लक्ष्मणले पनि ताहिं सुग्रिवजिको * सातो कुराले हर्‍या
बाली मैं हुन मर्‍यो भनि जसै * लक्ष्मणजिले बात गर्‍या
लक्ष्मणलाइ बुझाउनाकन तहाँ * जल्दी हनूमान सर्‍या १५
लक्ष्मणजी पनि कामले बुझिगया * बातचीत खुशीका गरी
फिर्नाको मतलब गर्‍या प्रभु थिया * जाहाँ जगन्नाथ हरि
लक्ष्मणका सँगलागि सैन्यपनि ली * सुग्रीव खुश मै गया
जाहाँ श्रीरघुनाथ थिया तहिं सबै * दाखिल क्षणैमा भया १६
देखी श्री रघुनाथलाइ र परै * रथ देखि उत्रेर फेर
लक्ष्मण सुग्रिव पाउमा परिगया * लागेन एकछिन त बेर
रामले सुग्रिवलाइ मित्र भनि खुप * आलिङ्गनादी गरी
सोध पुछ गर्नुभयो बहुत खुशीहुँदै * आफैं अगाडी सरी १७
लाग्या सुग्रिव बिन्तिगर्न रघुनाथ! * मैले त सेना पनि
ल्यायाँ बिरहरु छन अनेक तरहका * छन इन्द्र तुल्यै तिनी

ई सब् स्वामितका निमित्त खुशिमै * प्राणै दिन्याछन् जस्ले १८
हुकुम् छुन् बहवस् यहाँ हजुरको * गर्छन् ति ऐल्हे तस्लै
खुशी भै रघुनाथको हुकुम भो * हर्षाश्रुधारा गरी
हे सुग्रीव सखे ! इ बानरहरू * जाउन् दिशा दश् भरी
जाहाँछन् ति सिता तहाँ पुगि खबर् * ल्याउन् भनी रामको
हुकुम् पाइ खटाइ सुग्रिवजिले * उदौं दिया कामको १९
जाऊ बिरहरू सब् दिशा दशविषे * सीताजी मिल्छन् जहाँ
पत्तालाइ सिताजिको खबर् ली * सब् वीर आउन् यहाँ
मैन्हा दीन बिताइ एक् रति खबर् * केही नपाई त जो
दिल् गर्ला उसलाइ ता म सहजै * मान्यांछु मन्यांछ त्यो २०

हनुमान आदि आठ मुख्य वीरको सीताजीको खोजमा प्रस्थान ।

यसतो जल्दि हुकुम् गरी अरुदिशा * वानर् पठाया अबर्
दक्षिणतीर त खुब् बड़ा बिरहरू * छानी पठाया जबर्
अंगदलाई र जाम्बवान हनुमान् * बिर् नल् सुषेण् फेर् शरण्
मैन्दै द्वीविद् आठ् पठाइ प्रभुका * पास्मा रह्या एक् फगत् १
हुकुम् पाइ ति वीर बानरहरू * सब् जान लाग्या जसै
हातमा औंठी लीएर यो हुकुम् भो * रामचन्द्रजीले तसै
जाऊ काम् पनि साधि आउ हनुमान् ! * ली जाउ औंठी पनि
मेरो नाम् यहि औंठिमा छ र दियाँ * सीताजी चीन्छुन् भनी २
यो काम् सिद्ध गरयाउन्या तिमित्रो * तिम्रो छ यो बल् भनी
चीन्हेको छु तबै त भन्छु म शुभै * हून्याछ रस्ता पनी
एती श्री रघुनाथको पनि हुकुम् * पाया र औंठी लिया
खुशी भै हनुमानले प्रभुजिमा * सम्पूर्ण तन्मन् दिया ३
अङ्गद् बिर हनुमान्हरू हुकुमले * दक्षिण् दिशामा गया
सर्वत्रै पृथिवी हुँडीकन सबै * घुम्दै ति जाँदा भया

एक्दिन् विन्ध्यगिरीविषे बनमहाँ * देख्या र राक्षस् जसै
रावण् हो कि भनी मुठी कसीकनै * मार्‍या कसैले तसै ४
रावण् होइन यो त जाऊँ भनि फेर् * आर्को वनैमा गई
ढुँड्‌ट्या प्यास बढ्यो र जल् पनि ढुँडी * हिंड्‌ट्या ति आकुल्भई
गूफा देखि त प्वाँख् चिसा गरिगरी * हाँस्‌निस्किंदा देखी तेस्
गूफा भित्र पस्या सबै विरहरू * देख्या बहुत् बस्तिबेस् ५
ठण्डा जल्‌सितका तलाउ पनि धेर् * सब् वृक्ष फल्‌फुल् भरी
घर् छन् धेर् घरमा छ चिज् पनि अनेक् * हीरा जवाहर् धरी
गुल्जार् देख्नु भन्या मनुष्यहरू ता * एक् देख्नु नाहीं कहीं
एक् योगीनि स्वयंप्रभाकन फगत् * ध्यान् गर्दि देख्या तहिं ६
सोधिन् योगिनिले ति सब्‌कन तहाँ * कुन् काम आयौ यहाँ
क्या मन्सुब् छ बताउ फेर् अब उपर् * जानू छ इच्छा कहाँ
यस्‌तो योगिनिको वचन् सुनि तहाँ * बोल्या हनूमानले
आयौं आज यहाँ सबै यति जना * केवल् जलै खानले ७
बोलिन् फल् फुल् खाऊ जल्‌पनि पिई * फर्केर आऊ यहाँ
मेरो नाम बताइ आज त म ता * जान्छु प्रभू छन् जहाँ
काम् यै हो यहि काम गर्नु छ भनी! * बिस्तार् सुनाया जसै
साहै खुश् हनुमानका वचनले * हुँदी भइन् ती तसै ८
यस्‌तो योगिनिको वचन् सुनि गई * जल् पान् गरी फेर् पनि
आज्ञा योगिनिले गरिन् सब कुरा * राम्‌का दुतै हुन् भनी
हेमाकी सखि हुँ सखी गइगइन् * उन्‌का वचन्‌ले यहाँ
धेरै वर्ष बसी प्रभू भजिलिंदा * ऐल्हे कृतार्थ भयाँ ९
भन्थिन् राम् अवतार् हुन्या छ हरिको * हर्‍याछ रावण् सिता
खोज्न्या बानर आउनन् तहिं तलक् * याहीं रह्या तीमि ता

बानरको रघुनाथको गरि पुजा * यै ब्रह्मलोक् पाउली
जान्छु आज म ता तिमी बसिरहु * क्यैकाल्पछिआउली १०
यसतो अति दीई गइन्सँगिनिज्यू * जुन् ब्रह्मलोक् हो वहाँ
नाच्तैमा शिवखुश् हुँदा अघिदिया * यो स्थान बस्ती यहाँ
पुत्री हुन् उ त विश्वकर्मकि म हूँ * गन्धर्व कन्या सबै
बिस्तार् आज कह्याँ म जान्छु खुशिभै * जाहाँ प्रभू बन् अबै ११
आखाँ चिम्ल पुन्याइदिन्छु सहजै * रस्ताविषे क्षण् महाँ
जाउ तीमिहरू पनी भनि सहज् * पौंचाई रस्ता महाँ
श्री रामचन्द्रजिथ्यैं ति योगिनि गइन् * वानर् पुग्या तीरमा
पौंचिन् योगिनी रामको कुटि जहाँ * थीयो उसै बस्तिमा १२
रामको स्तूति गरिन् र वर् दिनुभयो * जाऊ र बद्री महाँ
मेरो ध्यान् गरि यो बिताउ र शरीर् * मिल्ला परम्धाम् तहाँ
जो तिम्रो मनमा छ त्यो सब पुगोस् * यस्तो वरै ली गइन्
बद्रीमा गइ रामका वचनले * संसार तर्दी भइन् १३
सीता खोज्न भनेर बानरहरू * फिर्ध्या सबै बन् महाँ
सीतालाइ नपाउँदा बितिगयो * धेर् काल एकदिन् तहाँ
अङ्गद्ले अति शोक् गऱ्या अब सहज् * मार्छन् यहाँ ज्यान् गयो
प्यारो प्राण कसो गरी अब धरौं * बाँच्न्या यहींतक् भयो १४
सुग्रीवले त मलाइ मार्नु छ सहज् * पाया निहूँ यो पनि
मार्छन् निश्चय शत्रु जानि अहिले * यो शत्रुको बीज् भनी
केवल् राम कृपा हुँदा अघि बच्याँ * ऐल्हे -त रामले पनि
दिन्छन् निश्चय मार्नलाइ मतलब् * खोजेन सीता भनी १५
अङ्गद्को इ बचन् सुनीकन तहाँ * क्वै बिन्ति यो पार्दछन्
हे साहेब ! यहाँ बसौं यहिं बस्या * कुन् पाठलं मार्दछन्

अङ्गद्का अरु बानरादिहरुका * सून्या र क्रूरा तहाँ
बोल्या श्रीहनुमानले किन बहुत् * छोटो गऱ्यौ बात् यहाँ १६
सुग्रीव्का प्रियछौ अवश्य भगवान् * रामचन्द्रजीका पनि
साँचो मन्छु म वेस् कुरा हजुरमा * यसतो छ कारण् भनी
भूभार् हर्न भनेर राम अवतार् * आदि पुरुष्को भयो
कसले सक्छ सिताजि हर्न नहिंता * इच्छा प्रभुकै छ यो १७
मानिस्को अवतार् भयो प्रभुजिको * सेवक् त बानर् भई
गर्छौं सेवन भक्तिले प्रभुजिको * केवल् हुकुम्मा रही
जान्याछौं पछि धाममा पनि सँगै * यो जान मनूले यहाँ
क्या गर्छौं मनमा कुतर्क प्रभुको * रिस् छैन् कौनैमहाँ १८
यसतो बात् हनुमानको सुनी बुझ्या * अङ्गद् र खूशी भई
बिन्ध्याचल् गिरिका कुनाकुनि समेत् * सम्पूर्ण खोज्दै गई
पौंच्या क्षार समुद्रका तिरमहाँ * पर्वत् थियो एक् तहाँ
तेस्को नाउँ महेन्द्र हो नजिकमा * देखिन्छ सागर् जहाँ १९
पृथ्वीमा नमिलिन् सिता न जलमा * जान्या छ बाटो कतै
खोजौं जाउँ भन्या सक्यौं पृथिविसब् * पायौं न सीता कसै
फर्की जाऊँ भन्या पनी अब सहज् * मार्छन् त चाहीं यहाँ
मर्नू आज निको भनेर तिरमा * बानर् बस्या सब् तहाँ २०

हनुमान आदिको सम्पातीसँग भेट र सीताजीको संधान।

सम्पाती अति बृद्ध गृद्ध बनमा * थीया ति निस्क्या जसै
हेऱ्या दृष्टि फिराइ तेस्तिर महाँ * देख्या ति बानर् तसै
बोल्या वाक्य पनी म भर्छु अब पेट् * पायाँ आहारा भनी
अङ्गद् विरहरुले सुन्या र इ वचन् * साहै डराया पनि १
लाग्या मन्न सबै ति बानरहरू * आया छ हाम्रो त काल्
मर्छौं आज अवश्य मार्छ यसले * यो गृद्धको हेर चाल्

क्या बात् भाग्य जटायुको प्रभुजिको * प्यारो हुन्या काम् गरी
ठाकुर्लाइ रिझाइ पार् पनि गया * संसार सागर् तरी २
व्यर्थै हामि त गृद्धका मुखविषे * सब् पर्न आँट्यौं यहाँ
एती बानरको कुरा सुनि तसै * सम्पाति बोल्या तहाँ
हे वीर् हो! नडराउ आज तिमिले * प्यारो सुनायौ कुरा
मेरै भाइ जटायु हो कहु खबर् * तेस्को त्र जो हो पुरा ३
अङ्गद् वीर्हरुलाइ निर्भय दिई * एती भन्याथ्या जसै
सब् वृत्तान्त बताइ अङ्गदजिले * विस्तार् सुनाया तसै
सम्पाती तहिं भन्दछन् मकन लौ * लैजाउ सागर् महाँ
दिन्छु आज जटायुलाइ जलदान् * चाँड़ो म ऐले तहाँ ४
सीताको म बताउँला सब खबर् * स्नान् अञ्जलीदान् गरी
ई बात् सूनि उचाली झट् लगिदिया * सम्पातिले स्नान् गरी
दीया अञ्जलिदान् जसै फिरि उहिं * ल्याएर राखी दिया
सम्पाती खुशिभै सबै कहि दिया * आपत्ति देख्दै थिया ५
हे विर् हो! म त गृद्ध हूँ र म सिता * देख्छु नजर्ले पनि
याहीं छन् यहि भेष्छ एतिसँग छन् * यस्तो छ चाला भनी
भन्छ सब् तिमिलाइ चार शय कोश् * जो कुद्न सक्छौ यहाँ
सो लङ्का पनि पुग्दछौ उति कुद्या * पौंचिन्छ लंका महाँ ६
लंकामा ति सिताजि छन् तहिं गया * मिल्छन् सिताजी तहीं
गाहो चार् शय कोश कुद्न छ तहाँ * जाऊ नजाऊ कहीं
रावणले लगि भित्र गुप्ति वनमा * राख्याकि छन् वेश्गरी
पौंची भेट् गर जानसक्छ यतिमा * को यो समुद्रै तरी ७
अशोक्का वनभित्र बृक्ष छ असल् * एक शिंशापाको तहाँ
सीताछन् तहिं भेट्हुन्याछ तहिं लौ * जाऊ गयो काल् यहाँ

क्यारूँ रावणलाइ मार्न म सहज् * मार्न्या थियाँ हो र को
साक्षात् सूर्यजिका कठोर् किरणले * प्वाँखै डढ्यो सब् र पो ८
जाऊ चार् शय कोश कुदून सकन्या * क्वै वीर सागर् महाँ
सीताको समचार सब् बुझि सहज् * फर्केर आऊ यहाँ
यो समचार बताइ फेर् खुशि भई * आफ्नो हवाल् सब् कह्या
जुन्रितले अघि प्वाँख् डढेर विपती * पाई अनेक् दुख् सह्या ९
सम्पाती र जटायु भाई दुइ हौं * हाम्रो बुझौं बल् भनी
आकाश् तर्फ गयौं ऊडि पुगिगयौं * श्री सूर्य बिम्बै पनि
ताहाँ भाइ जटायुले त अति ताप् * मान्या र छोप्याँ जसै
बाँच्या भाइ जटायु क्यारूँ म गिऱ्याँ * मेरा डढ्या प्वाँख् तसै १०
आकाशदेखि गिरेर विन्ध्यगिरिमा * तीन् दिन् त मूर्छा भयाँ
ब्युँझ्या फेर् जब चन्द्रमा मुनि मिल्या * तिन्का नजिक्मा गयाँ
सोध्या ति ऋषिले र हाल् सब भन्याँ * आफ्ना विपत्को गति
मेरो चित्त बुझाउनाकन भन्या * सब् दुःख हुन्छन् जति ११
यस्तो हुन्छ विपत्ति गर्भ रहँदा * यो हुन्छ यौवन् महाँ
यस्तो हुन्छ झुठा हुँदा त भन्नु क्या * थाहै छ सब् मन् महाँ
जाहाँ देह बन्यो र दुःख छ भनी * पर्दैन भन्नै पनि
जाहाँ देह बन्यो र दुःख छ चिन्हाँ * साँचो कुरा हो भनी १२
तस्मात् दुःख नमान देहछ त रोग् * छुट्तैन दुःखै सही
श्री रामको अवतार् हुन्या वखत तक् * एहीं जगामा रही
केही काल बिताउ राम अवतार् * होला र सीता जसै
हर्ला रावणले र तेस् बखतमा * सीताजि खोज्ने तसै १३
वीरवीर् वानर आउनन् तिसँग भेट् * होला उ बेला महाँ
सीताको समचार् जसै त कहुला * प्वाँख् उम्रनन् फेर् तहाँ

भन्त्या सोही कुरा जसै पुगिगयो * ई प्वाँख उम्रया पनि
प्वाख् देखाइ बिदा भई उड़ि गया * जाऊ तिमीलौ भनी १४

जाम्बवान् वंश परिचय र हनुमानजीको सीताको खोजमा समुद्र तर्नु ।

अङ्गद् वीरहरु खुश् भया अब मिलिन् * सीता भनी सब् जसै
लाग्या गम्न समुद्रलाइ र गमन् * गर्नै न सक्नू कसै
फेरी ताप् मनमा पऱ्यो र अति शोक् * अङ्गदजि गर्दा भया
अंगदलाइ बुझाउनाकन अघी * श्री जाम्बवान्जी गया १

(ऋक्षराज हुन् जाम्बवान् इनी
विधिजिका इ हुन् अंश नै पनि
श्री रघुनाथको काम मै कन
खोज्न ती गया जानकी कन) २

साहेब् ! सोक् रतिभर् कदापि नहवस् * जाउन् हनूमान् भनी
अंगदलाइ बुझाई फेरि हनुमान्-* जीका नगिच्मा पनि
पौंची बेस् स्तुति गर्दछन् किन यहाँ * चुप्चाप् भई टुर रहौ
रामकोकाम निमित्त मात्र हनुमान् * यो जन्म लींदा भयौं ३
क्या वर्णन् बलको गरौं जब तिमी * जन्म्यौ उसै काल् महाँ
पाक्याको फल ठानी सूर्य कनता * इच्छा लिन्या मै तहाँ
आकाशमा जबता कुद्यौ दुइहजार् * कोशतक्पुगी फेर् भऱ्यौ
यसतो बालकमै थियौ किन यहाँ * कोशचार्शयैमा डऱ्यौ ४
सून्या सब् हनुमानले स्तुति तहाँ * जो जाम्बवान्ले गऱ्या
साहै खुश् हनुमान् भएर खुशिले * गर्जी अगाडी सऱ्या
पर्वत तुल्य बड़ो स्वरूप् धरि वचन् * बोल्या ; म सागर् तरी
लंका भस्म गराइ रावण समेत् * सब् सैन्य चूर्ण गरी ५
सीता लीकन आउँछु कि रिसले * झुण्ड्याइ रावण पनि
ज्यूँदै दाखिल् गर्छु राम् चरणमा * खुनी हजुरको भनी

कीता छन् ति सिता यहाँ भनि खबर् * मात्रै सिताको लिई
फिर्छे श्री रघुनाथका चरणमा * तन्मन् वचन् सब् दिई
श्री रामको चरणारबिन्द मनमा * राखेर उठ्ता जसै
बोल्या श्री हनुमानले यति कुरा * श्री जाम्बवान्ले तसै
भन्छन् श्री हनुमानलाइ तिमिले * भेट् मात्र ऐल्हे गरी
फर्की आउ सिताजिको खबर ली * एकलै नलड्न्या गरी ७
स्वामित्का सँग लागि गैकन पछी * सक्भर् लडौंला तहाँ
भन्दा खुशि भई बिदा पनी भया * ती कुदून मन्सुब महाँ
लाल मुख् पीत शरिर् गरी उपरमा * जस्सै हनूमान् गया
सब् प्राणीहरुले तहाँ ति हनुमान् * जीलाई हेर्दा भया ८

श्री सुब्बा होमनाथस्य तनयेन पं० रामजी उपाध्याय कृत क्षेपक समेतको रामायण किष्किन्धाकाण्ड समाप्त ।

—:०:—



यावत् माल मगाउने ठेगाना—
सुब्बा होमनाथ केदारनाथ,
हितैषी कम्पनी, पो० बा० नं० १०८१, रामकटोरा रोड,
वाराणसी–२२१००१

❀ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ❀

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र रामजी उपाध्याय कृत क्षेपक समेतको



महाकवि भानुभक्तको

रामायण-सुन्दरकाण्ड

हनुमानजी समुद्र तर्नु तुरसा सन्तुष्टी सागर चरित्र र सिंहिका राक्षसी वध ।

तहँ चार समुद्र आज सहजै * भन्या इरादा धरी
श्री रामको चरणारबिन्द मनले * अत्यन्त चिन्तन् गरी
भन्छन् वीर हरुलाइ ताहिं हनुमान् * हे वीर हो ! पार् तरी
सीताजीकन भेट्तछु म अहिले * जान्छू बड़ो बेग् गरी १
पापीजन् पनि रामका स्मरणले * संसार् पार् तर्छ ता
रामकै काम निमित्त औंठी सँग ली * जान्छु दूतै हूँ म ता
क्या डर् चार समुद्र तर्न सहजै * पौचन्छु लंका भनी
चारै पाउ जमिनविषे धसि कुद्या * हेर्दै तमाशा पनि २

दक्षिण् तरफ् मुख गरीकन कुद्न बस्ता
ऊपर् नजर् दि अघिका पाउ धस्ता
सोझो गराइकन घाँटि कुद्या जसैता
वायू सरी हुनगया हनुमान् तसैता ३


सुन्दर काण्ड
१ समुद्रका किनारमा बसी हनुमान आदि बानरहरूले समुद्र तर्ने उपाय सोचेको ।
२ जाम्बवानले हनुमानलाई समुद्र तर्न आग्रह गरेको ।
३ हनुमानजीले समुद्र पार गर्न लागेको ।
४ हनुमानजीले सूक्ष्मरूपले लंका प्रवेश गरेको ।
५ हनुमानजीले अशोक वाटिकामा सीताजी भाई देखेको ।

आकाश् मार्ग गरी कुदेर हनुमान् * उड्थ्या ति आकाशमा
सिताजीकन भेटि फर्किकन फेर् * रामचन्द्रका पासमा
पुग्न्या अक्कल् बल् छ छैन इनको * सारा बुझौं यो मनी
इन्द्रादिहरुले खटाइ सुरसा * जल्दी पठाया पनि ४
जल्दी गै सुरसा अघिल्तिर बसिन् * साम्ने हनूमानका
क्या भन्छन् हनुमान् भनेर खुशि भै * बार्ता गरिन् खानका
मोकी धेर् दिनकि म खोजि हिंडथ्याँ * क्या खाँ अहारा भनी
पायाँ बल्ल यहाँ मिल्यौ तिमित एक् * साहै भयाँ खुश् पनि ५
आऊ लौ पस मूखमा जब भनिन् * फेरी हनूमान् तसै
मन्छन् आज सिता न भेटिकन ता * पस्तीन मुखमा कसै
सीता भेटि म फर्कुला र रघुनाथ् * ज्यूका हजुरमा गई
बिस्तार् बिन्ति गरेर आइ पसुँला * तिम्रो अहारा भई ६
यस्तो बाल् सुनि भन्दछिन् ति सुरसा * मेरा मुखैमा पसी
निस्की जाउ नहीं भन्या म बलले * पक्रेर दाहा धरी
माछ्छे एति भनिन् र लौ तब यहाँ * मुख् बाउ चाँडो भनी
चार् कोशको तशरि गरीकन बस्या * आफ्नु हनूमान् पनि ७
चार् कोशको हनुमान देखि सुरसा * बिस् कोशको मुख् गरिन्
चालिस् कोश् हनुमानभएर आसिकोश् * मुख् फेरि तिन्ले धरिन्
जल्दी फेर् हनुमान एकसय कोश् * को रुप् गराई बस्या
फेर् दुईसय कोश मुख् जब गरिन् * अङ्गुष्ठ भैं भै पस्या ८
निस्क्या जल्दि र भन्छन् ति हनुमान् * हे देवि ! मुखमा पसी
निस्क्या जान्छु म ता अवश्य अब ता * बन्दैन काम् त्ता बसी
अक्कल् बल् सितको बचन् जब सुनिन् * यस्तो हनूमानको
आफ्नो सत्य कुरा तसै सब कहिन् * छोडिन् कुरा खानको ९

सक्छौ काम् तिमिसाधि आउ हनुमान् * यो बलछ तिम्रो भनी
चीन्ह्या भन्छु म इन्द्रका हजुरमा * तिम्रो पराक्रम् पनि
बल् बुझ्नै भनि इन्द्रका हुकुमले * आएकि ता हुँ भनी
खुश् भै स्वर्गविषे गइन् ति सुरसा * कूद्या हनूमान् पनि १०
मैनाक् पर्वतलाई त्यै घरि भन्या * फेर् सागरैले तहाँ
(जुन् राजा सागरैजिले गरी भयाँ * प्रख्यात् म सागर् यहाँ
पूर्वज् हुन् तिनी रामका, क्षितिपति * आह्लकजीका सुत
जन्म्या साठि हजार पुत्र उनका * संसारमा विश्रुत ११
ईर्ष्यालि गरि इन्द्रले सगरको * यज्ञाश्व लाई हरी
आश्रममा लगि श्रीकपिल् मुनिजिका * बाँधी दिया त्यस् घरी
खोज्दै त्यो हयलाइ सुत् सगरका * फेर् साठि हज्जार् जन
पातालुमा पुगि अश्वलाइ तिनले * देख्या कपिलका सङ. १२
गाली ती सबले गर्‍या पनि तहाँ * चोर्‌ने कपिल् हुन् भनी
भ्रमले गल्ति गर्‍या र ती सगर सुत् * भस्मै भया सब् अनी
तिन्‌कै वंशज श्री भगीरथजिले * ठूलो तपस्या गरी
गङ्गाजीकन ल्याइ पितृकन सब् * मुक्ति गर्‍या त्यस्‌घरी) १३
उन्‌कै वंशमहाँ भयो प्रभुजिको * श्री राम औतार् यहाँ
तिन्‌कै काम निमित्त आज हनुमान् * जान्छन् इ लंका महाँ
थाक्या हुन् हनुमान् बिसाइ फलफुल् * खाउन् र जाउन् भनी
भन्दा सागरको वचन् सुनी तहाँ * निस्क्याति मैनाक् पनि १४
अर्को एक मनुष्यको स्वरूप ली * हात् जोरि बिन्ती गर्‍या
आई फलफुल खाइ जाउ हनुमान्! * भन्दै अगाडी सर्‍या
आज्ञा सागरको हुँदा चरणमा * आयाँ म ऐलहे भनी
मैनाकले यति बिन्तिवात् जब गर्‍या * बोल्या हनूमान् पनि १५

रामूको काम् नगरी बसेर कसरी * खानू म जान्छ यसे
हातले छुन्छु म लौ भनेर खुशिले * छोएर कूद्या तसे
केही दूर हनुमान् पुग्यापछि तहाँ * एक् सिंहिका राक्षसी
छाया पक्रि उ जन्तु खैंचि बलले * खान्थी जलैमा वसी १६
(पाताल् बासिनि सिंहिका उहि थिई * सागर्महाँ बस्थि त्यो
घुम्थी रात महाँ थिई जननि यो * प्रख्यात् ग्रहै राहुको)
छाया पक्रि उ तान्न लागि हनुमान् * ज्यूको गती बन्द भो
कसूले बन्द गऱ्यो गती भनि दिशा * दसूमा जसै दृष्टि गो १७
देख्या तत्तिर दृष्टि दीकन तहाँ * जस्सै नजर्मा परी
एकै चोट् दुइ लात् दिएर सहजै * घुश्रुक ताहीं मरी
ताहाँ देखी कुदी गएर हनुमान् * पौंच्या जसै तीरमा
लंकापूरि तहाँ त्रिकूट गिरीका * देख्या उपर् शीरमा १८

हनुमानजीको लंका प्रवेश र लंकिनी संवाद।

वरिपरि तहिं तीर्मा वृक्ष फलफूल् भरी छन्
जउन वनमहाँ ता गर्दछन् पन्छिले गुन्
भ्रमरहरु लताका फूलमा हल्लि हल्लि
घुलुलु घुनुलु गर्दै हिंड्दछन् बल्लि बल्लि १
नजर वरिपरिको जो छ शोभा नजर् भो
त्रिकुट गिरि उपर्का पूरिमा फेर् नजर् गो
वरिपरि परखाल् छन् बीच बिचूमा छ खाबा
सहजसित अरूले गर्न क्या सक्छ दाबा २
अति तखत पऱ्याको खुब् अगम्देखि लंका
यहि घरि पसि जाँ की राति जाँ एति शंका
गरिकन ठहराया याहिं बस्छ र राती
सहजसित म जाँला जान ता राति जाती ३

तहिं बसि यति गम्ले बाँकि दिन् सब् बिताई
दिन बिति जब रात् भो जान पाऊ चलाई
स्वरुप पनि ति सानू लो पस्याथ्या जसै ता
ढुंगुरि नजिक आइन् लाङ्गिनी पो तसै ता ४
को होस् ! आज मलाइ केहि नगनी * यो भित्र जान्या भनी
चोरै होस् भनि लात् उठाई तिनले * एक् चोट हानिन् पनि
ठोक्या बाम मुठी उठाइ हनुमान् * जीले जीमिन्मा परी
छादूदै ताहिं रगत् उठेर झटपट् * हात् जोरि बिन्ती गरी ५
लंकापूरि ति हुन् ति राक्षसि भई * बस्थिन् सदा द्वारमा
जानिन् श्री हनुमान् भनेर जब चोट् * पाईन् चलिन् सारमा
लंकिनी हुँ भलाइ ता जितिलियौ * यसले सक्यो राज् गरी
रावणको त मरण् हुन्या बखतभो * आयो मरणको घरी ६
ब्रह्माजी अघि भन्दथ्या प्रभुजिको * हुन्या छ रामावतार्
हर्ला रावणले सिता र रघुनाथ् * सुग्रीवथ्यैं मित्रचार्
गर्नन् सुग्रिवले पनी दश-दिशा * सीताजिको खोज् खबर्
गर्नालाइ पठाउनन् बिरहरू * छानेर खुब् खुब् जबर् ७
तिन्मा एक् बिर आउला र तिमिले * लात् मारिद्यौली जसै
हान्ला बाम मुठी उठाइ र रगत् * छादूदै गिरौली तसै
रावणको तहिंसम्म आयु छ भनी * भन्यथ्या र सो बात् सुनी
ब्रह्माको बचनै प्रमाण् गरि भन्याँ * लौ मर्छ रावण् पनि ८
जाऊ भेट सिताजिलाइ ति अगम् * मित्री बचैंचा महाँ
अशोकका बनमा छ वृक्ष बढिया * एक शिंशापाको तहाँ
ताहीं छन् प्रभुकी प्रिया वरिपरि * छन् राक्षसीगण् पनि
भेटी गै रघुनाथथ्यैं भन सबै * यसता विपत् छन् भनी ९

धन्यै भयाँ म अहिले-प्रभुको स्मरण् भो
संसारको भय छ जो उ त आज दूर् भो
जस्तो मिल्यो मकन संग र भक्ति ऐल्हे
यस्तै रहोस् यहि म पाँउ नबिर्सु कैल्हे १०

हनुमानको लंका प्रवेश, रावण भयदर्शन, सीता दर्शन र हनुमान सीता संवाद।

जस्सै श्री हनुमान् पुग्या सहजमा * लंका समुद्रै तरी
तस्सै जानकिको फुऱ्यो नजर बाम् * हातै समेत् खुब् गरी
रावणको पनि वाम हात् नजर वाम् * फूऱ्यो रघूनाथको
दक्षिण् अंग फुऱ्यो उसै बखतमा * खुश् मन् भयो नाथको १
सानो रूप लिई पसी सब शहर् * हेर्दै विचार् खुब् गरी
रावणको दरबार्विषे पनि ढुँड्या * चोटा र कोठा मरी
पायानन् र कता म जाँ भनि तहाँ * मन्मा विचार् भो जसै
सक्न्या लंकिनीको वचन्र ति गया * अशोक् वन्मा तसै २
जो-जो वृक्ष थिया ति इन्द्रपुरिमा * सो-सो त सब् छन् तहीं
रत्नैका सिंढी साफ् असल् जल मसी * यस्तो तलाऊ कहीं
फल् फुल्ले अतिभार् भएर रुखका * हाँगाहरू सब् पनि
लच्केका भ्रमरा र पन्छि वहुतै * रूखमा बस्याका अनि ३
बीचबीचमा सुनका हवेलि पनि छन् * उच्चा मणिको छ थाम्
जस्मा छन् कति गर्नू वर्णान जहाँ * हेऱ्यो तहाँ पक्कि काम
यस्तो सुन्दर वन् नजर् गरि सबै * डुल्दै हनूमान् गया
देख्या सुन्दर शिंशपा र खुशि भै * ताहीं ति दाखिल् भया ४

अधिक् गभिर छाया सूर्यको ताप् नपर्न्या
उपर अति पहेंला बेस् चरा मात्र बस्न्या
वरिपरि पनि नाना राक्षसीको छ घेरा
रुख् मुनि तहिं सीता देखिइन् फेदनेरा ५

भोकी मैलि निन्याउरी न त कपाल * कोऱ्या कि सबकेश उसै
लट्टामात्र गऱ्याकि खालि भुमिमा * रूँदै बस्याकी त्यसै
रामरामराम यतिमात्र बोली रहँदी * देख्या र साना भई
पातका अन्तरमा लुक्या ति हनुमान् * सबका उपरमा गई ६
भन्छन् श्री हनुमान् तहाँ मनमनै * ऐल्हे कृतार्थै भयौं
जो सीताकन देखि आज खुशिले * सीता समिपमा रह्यौं
साध्यौं काम् पनि रामको भनि तहाँ * खुशी भयाथ्या जसै
अन्तःपूरमहाँ भयो र खलबल् * त्यो शब्द सुन्या तसै ७
क्याको शब्द भयो भनेर हनुमान् * लुक्या ति भन् पातमा
आयो रावण जल्दि ताहिं नजिकै * सब रानी ली साथमा
कैल्हे मर्छु म रामदेखि अझतक * सीता हऱ्याँ ता पनि
आयानन् रघुनाथ् भनेर रहँदा * देखेछ स्वप्ना पनि ८
रामको दूत अति वीर बानर अशोक् * वन् भित्र आई पसी
सीताजीकन देखिन्या गरि तहाँ * पात् भित्र लूकी बसी
मौका हेरि रहेछ हेर्न भनि यो * स्वप्ना मिलेथ्यो जसै
साँचै हो कि भनेर दौडिकन झट् * आयो नजिकमा तसै ९
साँचै पो यदि हो भन्या असल मो * दुर्वाच्य सीता महाँ
जाई बोल्छु म सो सुनेर रिसले * जाला र भन्ला तहाँ
मेरो दुष्ट वचन् सुनेर रघुनाथ् * आएर मार्नन् भनी
यस्तो निश्चय मन् गरी नजिकमै * दुर्वाच्य बोल्यो पनि १०
सीताले पनि दुष्टलाइ नजिकै * देखी अधोमुख् गरिन्
श्री रामको चरणारबिन्द मनले * अन्तःकरणमा धरिन्
चुप् लागी जननी रहिन् जब तहाँ * सो देखि रावण् तहाँ
लाग्यो भन्न मलाइ देखि किन हो * लायौ अधोमुख् यहाँ ११

राम् मेरा पति हुन् भनेर तिमि पो * भन्थ्यौ उ भन्थन् कहाँ
मेरी हो यदि भन्दथ्या तिनि भने * आऊन् पर्थ्यो यहाँ
मायाछैन तिमी उपर् नबुझि यो * शोक् मात्र गर्थ्यौं उसै
यौवन् व्यर्थ गयो विचार नगरी * यौवन्अफाल्थ्यौ यसै १२
बित्या काल नफिर्छ व्यर्थ मनमा * शोक् गर्दथ्यौ यो कति
मैलाई पति मान आज तिमिले * हुन्छ म तिम्रो पति
मेरी पत्नि भयौभन्या त सबकी * मालिक् हुनेछौ म ता
साहै प्रेम् गरि राखुँला बुझ यहाँ * बेगूनी हुन् राम ता १३
मानिस् मूर्ख कृतघ्न मानिसमहाँ * साहै अधम् जो त छन्
शक्तिका पनि कम्ति राम्पनि यहाँ * आऊन क्या सक्दछन्
तस्मात् छोड् नराख रामतिर मन् * यस्तो भनेथ्यो जसै
लाल्-लाल् नेत्र गराइ पूर्ण रिसले * बोलिन् सिताजी तसै १४
पाजी रावण ! बोलदछस् कति यहाँ * दुर्वाच्य बक्बक् गरी
राघवदेखि डराइ छलन भनि एक् * संन्यासिको रूप् धरी
जस्तै यज्ञ विषे हवी कुकुरले * हर्छन् उसै चाललें
रामलक्ष्मण नहुँदा हरिस् तँ बुझिले * मर्थास् यसै काललें १५
सागर् शोषि कि साँघुलाइ रघुनाथ् * आएर घेरा दिई
तेरो वंश विनाश् गरेर पछि फेर् * प्राण् खैंचि तेरो लिई
लैजानन् रघुनाथ् मलाइ भनि पो * दीइन् जवाफ् यो जसै
लाललाल् नेत्र गराई खड्ग पनि ली * काट्नै तयार् भो तसै १६

मन्दोदरी विनती गर्न अगाडि सर्दी
यो खड्ग टार्नु कसरी भनि चित्त धर्दी
पाऊ परीकन तहाँ अति चिन्ति पारिन्
सब् रीस् शमन् पनि गराइ त खड्ग टारिन् १७

(रावणकी पटरानी मुख्य महिषी * मन्दोदरीजी ति हुन्
कन्यातुल्य सुकीर्तिशालिनी भई * अत्यन्त राम्री थिइन्
हेमा नामकि अप्सरा कि दुहिता * हुन् बाबु दानव मय
इनकै हुन् सुत बीर अक्षय कुमार * औ इन्द्रजित् नामक) १८

सीताकाई राक्षसीहरूको भय प्रदर्शन त्रजटाको स्वप्न वर्णन।

हूकूम् रावणले तहाँ यति दियो * हे राक्षसी ! ईं सिता
मैन्हा दुइ यसै बसुन् तल उपर् * मेरा शयन्मा कि ता
बस्नेन् बस्तिन पोभनिन् यदिभन्या * काटेर टुक् टुक गरी
तर्कारी भुटुवा बनाउनु असल् * मीठा मशाला धरी १
माँसू खाइ म छोडँला अझ पनी * चेताउ एती भनी
रावण् फर्कि गयो ति राक्षसिहरू * एकमुख् भया सब् अनी
एक् भन्छे किन व्यर्थ यौवन सक्यौ * रावण् गराऊ पति
दोश्री के भनि उठ्तछे कि कति बार * भन्छेस् तँ थाक्छेस् कतिर २
काट्नैपर्छ न काटी हुन्न भनि बात् * गर्दै थिई अर्कि ता
हातमा ली तलवार दौडि पनि गै * भन्दै म काट्छु सिता
अर्की घोर् मुखबाइ डर् दिन नजिक् * आई सिताथ्यैं जसै
बूढ़ी राक्षसी एक् थिई त 'त्रिजटा' * त्यसले हटाई तसै ३
लागी भन्न अभागी दुष्टहरु हो ! * क्या दुष्टका मैं मति
गर्छौं छोड विरोध् नराख गर खुब् * सीताजिको नै स्तुति
पाउमा परि दण्डवत् गर सबै * मालिक् इनै हुन् भनी
मेरो आज वचन् लियौ पनि भन्या * खुब् हीत होला पनि ४
स्वप्नाको सुन भन्छु लक्षण यहाँ * श्रीराम् सिताका पति
ऐरावत् उपरै चढ़ेर सँगमा * माई लिई वीर् अति
याहाँ आइ रिसाइ भस्म सब यो * लंका गराई दिया
रावण् मारि सिता लिएर सँगमा * पर्वत् उपर् पो थिया ५

रावण् गोमय कुण्डमा कुलसमेत् * खुब् तेल मर्दन् गरी
बुड्थ्यो सब् मुड आफ्ना उनि दसै * मुड्को त माला धरी
श्रीराम्का नजिकै विभीषण थिया * भक्ती प्रभुको धरी
गर्थ्यो खुब टहल् बहुत् खुशि हुँदै * तन्मन् वचन्ले गरी ६
राम्ले रावणलाइ आज सहजै * मार्छन् कुलै साफ् गरी
रावण्को अब वृद्धि त्रैन यसको * आयो मरण्को घरी
राम्का भक्त विभीषणै अब उपर् * बस्नन् यहाँ राज् गरी
जस्तो हुन्छ हुकुम् सितापतिजिको * सोही शिरोपर् धरी ७
यस्तो स्वप्न भयोर सब् मनिसक्याँ * एती भनी चुप् जसै
लागीथी त्रिजटा ति बात सुनि डुब्या * सब् राक्षसीगण् तसै
निद्राका वशमा सबै परिगया * सीता बहुतै खुँदी
आधार् कोहि न पाउँदी अधिक ताप् * मानेर विह्वल् हुँदी ८

मौना ताप हनुमानले सम्मुख उपस्थित हुनु ।

भोकी शोक् गरि मन्दछिन् अब यहाँ * ऐल्हे कसोरी मरूँ
इनका हात परेर मर्नु ननिको * आफैं म मर्छू बरू
तापले पूर्ण हुँदा उपाय अरु थोक् * केही नजान्दी कवै
मन्मा शान्ति नपाउँदी विरहले * देख्छिन् अँध्यारो सबै १
राम्मा चित्त दिएर मर्नु बढ्या * मानेर सीता तहाँ
झुण्डीन्या मतलब् लिइ खडिभइन् * पक्रेर हाँगो महाँ
रात्रम्का विच्मा बसी जिउनु धिक् * मर्नू निको मर्दछ
चुल्ठो लासुझ झुण्डिनाकन यहाँ * डोरी म यै गर्दछ २
यस्तो निश्चय सुर् गरेर ति सिता * झुण्डीन औंटीन् जसै
काम् बित्ला भनि सानु बोलि झटपट् * बोल्या हनूमान् तसै
'भारतवर्षविषे मणी मुकुट मैं * नाम्ता अयोध्या भनी
टूलो एक शहर् थियो मणिमयी * सुन्दर् बन्याको पनि ३

इक्ष्वाकूका कुलमा अति बलि दशरथ् वीर् महाराज् रह्या छन्
तिन्का तिन् रानिमाहाँ गुणिगुणि अतिबीर् चार् छोरा भयाछन्
जेठा रामजी ति चारमा उहि पछित भरतजी र लक्ष्मण् इ तीनै
फेरी शत्रुघ्न कान्छा सकल् गुणमहाँ कम्ति छैनन् इ कौनै ४
जेठा राम पिताजिका हुकुमले * सब् राज्य छोड़ी दिई
वनमा बस्न चल्या बहुत् खुशिहुँदै * सीता र लक्ष्मण् लिई
एक् दिन् पञ्चवटी गया प्रभु तहाँ * डेरा प्रभूको पऱ्यो
रावणले अति छल् गरेर तहिं गै * सीताजिलाई हऱ्यो ५
राम् लक्ष्मण् नहुँदा सिता पनि तहाँ * चोरी जसैता हऱ्यो
मेरी आज सिता हऱ्यो भनि बहुत् * खेद् रामलाई पऱ्यो
जान्थ्या खोजि सिताजिलाइ वनमा * फेला जटायू परया
तिन् माथि करुणा भयो प्रभुजिको * ताहीं जटायू तरया ६
भेट् सुग्रीवसितमो पछी प्रभुजिको * लाया मित्यारी अनि
बालि मारि रजायिं वक्सनु भयो * मित् हुन् इ मेरा भनी
वीर् वीर् बानर छानि सुग्रिवजिले * सीताजि खोज्नै भनी
हुकुम् वक्सनुभयो र ती सब गया * सीताजि खोज्नै पनि ७
तिन्मा एक् बीर ताम हूँ मत यहाँ * आयाँ समुद्रै तरी
सम्पातीसित भेट् हुँदा खबर भो * उन्का बचन्ले गरी
लङ्का दाखिल भै गयाँ छिनमहाँ * राम्का प्रताप्ले गरी
फुल्की लंकिनीदेखि निर्भय भई * अशोक बन्मा परी ८
देख्याँ सुन्दर वाटिका वरिपरी * रुख् बेस् लताले गरी
हेह्रयाको चहुँ ओर रत्न सरिका * फल् फुल् फुल्याको भरी
देख्याँ आज सिताजिलाइ र यहाँ * आनन्द पायाँ भनी
एती बिन्ति गरेर चुप् भइ रह्या * ताहाँ हनुमान् पनि ९

सीताजिले जब इ बात् क्रमले सुनीथिन्
आश्चर्य भैकन वरीपरि हेरि एक् छिन्
कोही नदेखि ति सिता अरुलाइ तहाँ
मन्छिन् कुरा इ कहन्या जनको छ याहाँ १०
भ्रम् हो भनूँ पनि मन्या सब चेत् छ मेरा
स्वप्ना कसोगरि भनूँ निंद छैन मेरा
जो हो इ बात कहन्या उ अगाडि आई
अमृत वचन् इ सब आज मनोस् मलाई ११
सीताजिको यति वचन् जब सुन्न पाया
सानू स्वरूप् लि हनुमान्जि अगाडि आया
दर्शन् प्रणाम् पनि गरेर सिताजिलाई
ताहीं खडा भइ रह्या अति हर्ष पाई १२
लालमुखपीतशरिरस्वरूपनिअधिक् * सानू भँगेरा सरी
धारयाका हनुमान देखि मनले * आफैं त शंका गरी
रावणको छल हो कि यो भनि तहाँ * लाइन् अधोमुख् जसै
शंका भो अब माइलाइ भनि झट् * बोल्या हनूमान् तसै १३
हे मातर् ! म त दास हुँ हजुरको * रामका हुकुमले गरी
आयाको छु हजूरका खबरमा * गम्भीर् समुद्रै तरी
राजा सुग्रिवको त मन्त्री पनि हुँ * वायु पिता हुन् पनि
एतीं बिन्ति गरेर चुप् भइ रह्या * क्या हुन्छ मर्जी भनी १४
सीताजी पनि भन्दछिन् कसरि यो * जानू म मानिस् पनि
बाँदर् साथ सित्यारी लाउँछ कतै * क्या हुन् कुरा को जनी
एती बोलि सिताजि चुप् भइ रहिन् * साँचो नमानी जसै
फेर् वृत्तान्त गरी सुनाइ सब बात् * औंठी दिया पो तसै १५

औंठी दीकन फेर् प्रणाम् पनि गरी * जस्सै हनूमान् वस्या
हेरिन् औंठी जसै उसै बस्वतमा * हर्षाश्रुधारा स्वस्या
बरबर् आँशु खसाँउदै प्रभुजिको * औंठी शिरोपर् धरिन्
साहै खुश् हनुमान् उपर् भइ तहाँ * प्राण् मैं पियारो गरिन् १६

हित गरि हनुमान्जीलाइ भन्छन् ति माता
मक्न तिमि भयौ खुब् प्राणका आज दाता
तिमिसित रघुनाथ्ले खूब विश्वास मान्या
तब मनिर पठाया एहि कामले त जान्या १७

अब त तिमि हनूमान् जल्दि गै रामलाई
भन विपति पर्‍याकी देखि हाल्यौ मलाई
छुन तरह म उपरमा रामको हुन्छ माया
उहि गरि तिमिले खुब् युक्तिले बिन्ति लाया १८

जिन्तिन् शरीर महिना हुइ ता म धर्छ
ताहाँ पछी त तिमि निश्चय जान मर्छ
खान्याछ दुष्ट तरकारि बनाइ जान
छैनन् यहाँ अरु सहाय मलाइ ठान १९

तस्मात् अवश्य इ हुई महिना नजाई
सुग्रीव् समेत सकल सैन्य लिएर आई
यस् दुष्टलाइ सब वंशसमेत मारुन्
यो दुःखबाट अब नाथ मलाइ तारुन् २०

सिपासित गरि बिन्ति खुब् दयालू बनाया
जति छ फजिति मेरो यो सबै थोक् जनाया
यति बिनती गरेमा पाउला धर्म धेरै
सकल मनि सक्यौं बात् क्या भनूँ बेरबेरै २१

बिन्ती श्री हनूमानले पनि गऱ्या * माता ! म सेवक् त
स्वामित्का इ विपत् सबै म कहूँला * धेर् बात् यहाँ क्या क
राम् लक्ष्मण् दुइ भाइ सुग्रिव समेत् * वानर् करोड़ौं लि
वंशै रावणको बिनाश् गरि दिनन् * घेरा शहरमा दिई २२
स्वामित्लाई लिएर फेरि रघुनाथ् * जानन् अयोध्या महाँ
आवैनन् रघुनाथ् भनेर मनमा * शंकै नलागोस् यहाँ
यो विन्ती सुनी भन्दछिन् तहिं सिता * रामचन्द्रजी क्या गरी
सेना लीकन आउनन् अति गभिर् * यस्तो समुद्रै तरी २३

जननिकन बुझाया यो हुकुम् सूनि ताहाँ
मयिंछु प्रभुजिको दास् बोकुँला पीठमाहाँ
रघुपति दुइ भाईलाइ क्या दुःख पर्छन्
सकल अरु र सुग्रिव कूदि आफैं ति तर्छन् २४
जननि ! म त बिदा भद् पाउँ मर्जी त सून्या
अब त उहिं गया पो हुन्छ काम् जल्दि हुन्या
जउन चिज दिंदामा राम विश्वास मान्छन्
उहि चीज अब पाऊँ जान्छु दिन् मात्र जान्छन् २५
यति सुनि अघिदेखि केशपाशमा धऱ्याको
मणि झिकि दिइ हालिन् रामको मन्पऱ्याको
मणि दिइ तब भन्छिन् चित्रकूटमा भयाको
शरण् परि नजर् दी काग बाँची गयाको २६

जयन्त कागको कथा ।

एकदिन् हे हनुमान् ! म चित्रकुटमा * रामका नजिकमा थियाँ
मेरा काखमहाँ सुत्या र रघुनाथ् * हातको तकीया दियाँ
मेरा लाल् दुई पाऊ देखिकन काग् * आई ठुँगेथ्यो जसै
लाग्यो बग्न रगत् नथामिन गई * धारा बग्यो धेर् तसै १

ब्यूँझी श्री रघुनाथले नजर भो * ताहीं थियो काग् पनि
प्याँक्या एक् तृण ली तहाँ प्रभुजिले * त्यो काग माझ्ने मनी
त्यो काग् चौधभुवन् डुल्यो कहिं पनी * पाएन आधार् जसै
मेरो आइ शरण् परीकन तहाँ * माफ् माग्न लाग्यो तसै २

(त्यो इन्द्रको सुत जयन्त थियो र त्यसले
चिन्हेन राम प्रभु हुन् भनि केही पैल्हे
शक्ती कती छ बुझ्नने मनले विचारी
ठुँग्यो मलाइ गइ काग्सरि रूपधारी ३

फेरी आज शरण् पऱ्यो भनि दया * आयो उ काग्मा जब
मै माथी त दया कसो नहुनगो * भन्थिन् भन्या यो सब
हात् जोरीकन बिन्ति फेंरि हनुमान् * बीर् गर्न लाग्या तहाँ
सन्धान् केहि नपाउँदा हजुरको * आऊन ढिलूभो यहाँ ४
रावण्ले हरि ली गयो भनि खबर् * हुन्थ्यो त बाँच्थ्यो कहाँ
यो बिन्ती हनुमानको जब सुनिन् * भन्छिन् सिताजी तहाँ
देख्छु रूप त सानु मानु भँगिरा * जत्रो कसोरी लडी
राक्षस् नाश् तिमि गर्दछौ कितछ्ला * हुन्छौ स्वरूपको बढ़ी ५
तिम्रो रुप् अति सानु देख्छु अरुता * कत्रा हुनन् भन् भनी
सम्झन्छु मनले र गम्छु मनमा * आश्चर्य मान्छु पनि
यस्तो मर्जि सिताजिको सुनि तहाँ * पर्वत् सरीका भया
मेरू पर्वत मैं भएर हनुमान् * सामने खडा भै रह्या ६

जब त ति हनुमान्को रूप् ठुलो देखिलीइन्
खुशि भइ तहिं बीदा माइले जल्दि दीइन्
अब त तिमि हनुमान् ! धृष्ट चाला छिपाऊ
इनिहरु सब देख्नन् कूदि फेर् जाइ जाऊ ७

यति सुनि हनुमान्‌ले फेरि बिन्ति लगाया
सहजसित म जान्थ्याँ केहि फल खान पाया
बरिपरि फलफुल छन् मर्जि मात्रै म पाऊँ
हुकुम बिनु कसोरी आज आफै म खाऊँ ६

अशोक वाटिकाको नाश र रावण पुत्र अक्षयकुमार वध ।

यति बिनती गऱ्याथ्या खानको मर्जि पाई
खुशि भइ फल खाई माइथ्यै फेरि आई
चरण परि बिदा भै क्यै गया टुर जसैता
अलिकति कछु काम फेर गर्न आँठ्या तसैता १
आफ्नै मन मन भन्दछन् ति हनुमान् * छुन् वीर् दूत् भै गई
जत्ती स्वामितको हुकुम छ उतिमा * मात्रै चनाखो भई
उत्ती काम गरि फिर्छ पो पनि भन्या * त्यो दूत् अधम् हो भनी
भन्दछन् सब् दुनियाँ म भेटिकन जाँ * कस्तो छ रावण् पनि २
यति गमि ति बचैंचा नाशन मन्सुब् चलाई
खुशि भइ ति महावीर् जल्दि फेर् फर्कि आई
सकल वन उखेल्दै चौकि सम्पूर्ण माऱ्या
फगत जननि बस्न्या एक शिशौ शेप पाऱ्या ३
जब त वन विनाश्या राक्षसी जल्दि आई
पुगि नजिक सिताका सोधि सीताजिलाई
मनन तिमि सिताजी !वीर् को हो क्यान आयो
अति असल् बचैंचा माँसि मैदान् बनायो ४
यति सुनि तहिं सीता भन्दछिन् क्या म जानू
विपती परि रह्याकी छु म ता चानुमानू
तिमि बुझ्न सबै बात् हो कउन् क्यान आयो
अति असल बचैंचा क्यान मैदान् बनायो ५



१. सीताजीलाई पत्यार दिलाउन हनुमानले श्रीरामको आँठी दिएको ।

२ हनुमानले रावणपुत्र अक्षयकुमारलाई मारेको ।

हनुमानले लंका दहन गरेको ।

हनुमानको पुच्छरमा राक्षसगणले घ्यू तेल मुछेर चेहेर आगो लगाएका ।

सकल छल त हो यो राक्षसै गर्भ माया
जब त यति भनिथिन् राक्षसी सब् डराया
कहन भनि गया सब् रावणैका हजुरमा
घुमि कहन ति लाग्या जे सक्या त्यो बिसुरमा ६
ऐल्हे हे नृपराज्! अधीक बलियो * आयो र बानर् यहाँ
सीताजीसँग केहि बातचित गरी * कूद्यो बर्चेचा महाँ
सारा सब् सहजै उखेलिकन साफ् * मैदान् बनाइ दियो
चौकि चूर्ण गरी हबेलि पनि सब् * नाशी बस्याको थियो ७
आयौं हामि त बिन्तिगर्न भनियो * बिन्ती गर्न्याथ्या जसै
सुनी जल्दि उठेर पक्कन भनी * लश्कर् पठायो तसै
हुकुम् पाइ त लाख लश्कर गयो * पक्केर ल्याऊँ भनी
एक्लाख लश्कर्लाइ देखी हनुमान् * अत्यन्त गर्ज्या पनि ८
त्यो शब्दै सुनि मोह लश्कर भई * छोड्या हतीयार् पनि
सब् माऱ्या हनुमानले क्षणमहाँ * ई हुन् भुसुना भनी
लौहस्तम्भ उठाइ साफ् सब गर्‍या * समाचार् पुगेथ्यो जसै
रावण् खुब रिसाई फेर् पनि ठुलो * सेना पठायो तसै ९
सेनाका पति पाँच् गया हुकुमले * ठुलै थिया ती पनि
तिन्लाई पनि साफ् तहाँ गरिदिया * उसरै भुसुना गनी
मामा रावणको प्रहस्त बिर जो * एक् मुख्य मंत्री थियो
तेस्को पुत्र उसैं समान् बिर ठुलो * नाम् जम्बुमाली भयो १०
आयो त्यो हनुमानका नगिचमा * शक्ती ठुलो एक् धरी
तेस्लाइ पनि लौहस्तम्भ शिरमा * ठोक्या मर्‍यो त्यै घरी
फेर् मन्त्री सुत सात् गया हुकुमले * सेना समेत् घेर् लिई
लौहस्तम्भ उठाइ साफ् गरिदिया * सबलाई ठकर् दिई ११

सात मन्त्री सुतलाइ सैन्य सहितै * मारी सक्याथ्या जसै
कान्छो रावणपुत्र अक्षयकुमार * पो लड्न आयो तसै
भारी फौज लिएर त्यो पुतलि भैं * सामने जसै ता पऱ्यो
आकाशमा कुदि लौहदण्ड शिरमा * ठोक्यासहजमा मऱ्यो १२
पेल्हेत्यसकन मारि फेरि अरू सब् * सेना समेत नाश् गऱ्या
आऊँदै तहिं बत्तिका पुतली भैं * फेरी अनेक् वीर् मऱ्या
सब् राक्षसहरूलाइ मारिसकि फेर् * आऊँछ कुन् वीर् भनी
लौहस्तम्भ लिई खडा भइ रह्या * ताहाँ हनूमान् पनि १३

जब त अति पियारो पुत्र कान्छो मरयाको
खबर कहन आया फौज् समेत् नाश् गरयाको
तब त अधिक ताप् भै खूब रावण् रिसाई
शब त गइ म आफै मार्दछू तेसलाइ १४

की माछ्र्छ कि त बाँधिल्याउँछु यहाँ * तेरा नजिक्मा भनी
रावण्ले यति इन्द्रजीतसित भन्यो * त्यस् इन्द्रजित्ले पनि
हात् जोरीकन बिन्ती गर्छ म छँदै * आफैं हज्रुर्ले तहाँ
जानूपर्छ कतै कहीं सहजमा * ल्याऊँछु बाँधी यहाँ १
(जन्म्यो मेघ समान नाद गरि त्यो * सोही कुराले गरी
त्यस्को नाम प्रसिद्ध भो जगतमा * फेर् मेघनाद् त्यस्घरी
बाँध्या रावण्लाइ युद्ध भुमिमा * श्री इन्द्रजिले जब
जीत्यो इन्द्रकनै र इन्द्रजित भै * यस्को चल्यो नाम् तब) २
एती बिन्ति गरी चढ्यो रथमहाँ * क्यै फौज् पनि साथ्लिई
आयो त्यो हनुमान् थिया जुन् तरफ् * सामने मुह्डा दिई
देख्या श्री हनुमानले जब तहाँ * गर्जेर सामने भई
लौहस्तम्भ लिइ कुदेर झटपट् * आकाश बीच्मा गई ३

लौहस्तम्भ उचालि घुम्नकन ती * लाग्या गरुड्मैं जसै
पाँचबाण छोडि लगाई आठ अनियपी * फेरी लगायो जसै
बाण लाग्यो भनि इन्द्रजीत खुशि भई * गर्ज्यो जसैता तहाँ
घोडा सुत रथ चूर्ण पारि हनुमान् * कूदा ति आकाश महाँ ४
फेर् अर्को रथमा चढ्यो र अघता * बाँधछ म ऐल्हे भनी
फर्क्यो जल्दि र ब्रह्मपाश ति हनुमान् * जीलाइ बाँध्यो पनि
बाँधी श्री हनुमानलाइ सँग ली * फर्केर दर्बार् गयो
बाँध्याका हनुमान देखि शहरै * सम्पूर्ण खुशी भयो ५
जुन् रामको चरणै स्मरण गरि सहज् * अज्ञान पाश् नाश् गरी
बैकुण्ठै सब पुग्दछन् पनि भन्या * त्यस् ब्रह्मपाशमा परी
बाँधिन्थ्या हनुमान् कहाँ तर पनी * बन्धन् परया भैं भया
रावणलाइ त भेटि जाउँ भनि ती * चुप्चाप लागी गया ६
बाँध्याका हनुमानलाइ लिइ साथ् * त्यो इन्द्रजीत् बीर् तहाँ
लागेथ्यो घर जानलाई जब ता * आएर रस्ता महाँ
रीस् फेरया पुरवासिले पनि मुठी * उठाइ हानी जब
रिस् फेर्छन् भुसुना भनेर हनुमान् * चुप्चाप लाग्या तब ७
पैल्हे ता ब्रह्मपाशमा परिकन क्षणभर बाँधिन्या काम थीयो
ब्रह्माको वाक्य साँचो बारिकन पछि त्यो पाशले छोडिदीयो
बन्धन् देखी त खुस्क्या तर पनि हनुमान् भेट्न मन्सुब् धरयाका
पौंच्या रावण छ जाहाँ खुशिभइ अरु ता मन्दथ्या पक्रियाका ८
रावण् वीर् पनि मन्त्रवर्ग सँगमा * भारी सभामा थियो
पौंच्यो ताहि र इन्द्रजीत् ति हनुमान् * जीलाइ सुम्पी दियो
हातजोरी बिनती गरयो अति हरिप् * वानर् छ सेना पनि
धेरै नाश गरेछ आज मयिंले * ल्यायौं खुनी हो भनी ९

जो गर्नु अब पर्छ मंत्रि सँगमा * सल्लाह बात्-चित् गरी
यसको आज ठिकान् लगाउनु हवस् * मनमा बिचार् खुब् गरी
एती बिन्ति सुन्यो र इन्द्रजितको * हेऱ्यो नजरले तहाँ
लाग्यो सोध्न प्रहस्तलाइ किन यो * आएछ लौ सोध् यहाँ १०
अस्सलमा पनि क्या भनूँ अतिअसल् * मेरो बर्घैंचा पनि
नाश्यो वीर् पनि नाश् गऱ्यो अकन ता * मानू भुसुनै गनी
हुकुम् यो सुनी त्यो प्रहस्त हनुमान् * जीका अगाडी गई
लाग्यो सोध्न सबै कुरा पनि बहुत् * आधार दीन्या भई ११
यै बीचमा नडराइ रावण तरफ् * सामुने नजर् दी तहाँ
बोल्या श्री हनुमानले तँ बुझिले * कामले म आयाँ यहाँ
भार्या जस्कि हरिस् उनै जगतनाथ् * रामको म दास् हूँ अति
बुद्धी भ्रष्ट भयाछ अति दिन पो * आयाँ नले यो मति १२
आया राम मतङ्ग पर्वत विषे * लक्ष्मण् सहित् मै जब
लाया सुग्रिवले मित्यारि खुशिभै * रामचन्द्रजीय्यैं तब
बाली मारि रजायिं बक्सनु भयो * सुग्रीव राजा भया
सीता खोज्न हुकुम् हुँदा बिरहरू * फेर् दश्दिशामा गया १३
एक् बीर्ता मयिं हुँ हुकुम् शिर ऊपर् * लीएर आयाँ यहाँ
पायाँ देख्न सिताजिलाइ द्रुत हुँ * रामको छलिन्यायाँ कहाँ
बानर् हुँ म उखेलि साफ् गरि दियाँ * तेरो बर्घैंचा अनी
आया मार्न मलाइ जो अघिसरी * उन्लाइ मारयाँ पनि १४

यो इन्द्रजीत् गइ यसै बिचमा मलाई
बाँधेर ल्याइकन आज दियो तँलाई
बन्धन् परयो भनि नठान् तँ दियाँ जनाई
खुला छु अति पनि दिन्छु म सुन् तँलाई १५

लोकको गती सब विचार गरि आज लैंजे
यो राक्षसी मति नले हित भन्छु मैंले
ब्राह्मण तँ होस् ऋषि पुलस्त्यजिको त नाती
राक्षस् कसो गरि तँ होस् बुझिलेन भाँति १६
आत्मा स्वरूप उ त छन् छ स्वरूप काहाँ
जाती र वर्ण लिइ भन्न सकिन्छ याहाँ
यो आत्मरूप भनि नित्य विचार गर्नु
आनन्दमा रहुँ भन्या मति एति धर्नू १७
जो यो लोकविषे प्रपञ्च छ सबै * जानू स्वप्न जस्तो भनी
सूतूञ्ज्याल् स्वपना छ प्रातउठिता * लाग्दैन सोँचो पनि
त्यस्तै ज्ञान् त भयो भन्या त्रिभुवनै * भर् देखछ आत्मै फगत्
अज्ञानस्य निंदमा भुल्यो पनि भन्या * देखिन्छ नाना जगत् १८
आत्मा सत्य म हुँ भनेर बुझिले * यस् देहलाई पनि
झुठो जान् पृथिवि र जलहरु मिली * झुठो भन्याको भनी
तर्लास् यो मनमा लिइस् पनि भन्या * तान्यौं उनै विष्णु हुन्
जो हुन् विष्णु उ राम हुन् शरणपर् * रीस्उठ्छ तेरो त झन्१९
यस्तो मूर्खपना तँ छोड् तँ लिइ जा * सीता शरणमा तँ पर्
खुश् हुनन् रघुनाथ् शरण् परिगया * यो दुष्ट चाला नगर्
रामको भक्ति नराखि आज कसरी * संसार तर्लास् उसै
पर्ला जन्मनु मर्नु यै फजितिमा * छुट्तैन यो ताप् कसै २०
यो जानीकन भक्ति गर् शरण पर् * रामका हजुरमा गई
आत्मालाई नरकविषे नलइजा * यस्तो तँ जान्या भई
सीताराम् सितको विरोध् गरि तँ हेर् * गिर्लास् नरकमा जबै
फेर् उत्तीर्ण हनू कठिन् छ बुझिले * अर्ती दियौं यो सबै २१

यस्तो बात हनुमानको जब सुन्यो * रावण रिसायो तहाँ
लाललाल नेत्र गराइ भन्न इकुरा * लाग्यो सभा बीचमहाँ
मेरो डर रतिभर नराखि बहुतै * के बोल्दछस् रे ! यहाँ
राम् लक्ष्मण् हुइ भाइलाइ सहजै * मार्छ म छोड्छ कहाँ २२
सुग्रीवलाइ लैलाइ मार्छु पछि फेर् * मार्छ सिताजी पनि
राम् लक्ष्मण् सित के डराउँछु यहाँ * मार्नन् मलाई भनी
तिन्का वानर सैन्यको पनि विनाश् * गर्न्याछु एती जसै
बोल्यो रावणले सुनीकन तहाँ * बोल्या हनूमान् तसै २३

यसरि किन बहुतै गर्दछस् शेखि धेरै
प्रभुकन त परै राख् जोरि छैनस् तँ मेरै
अघि सर्छु त तँ जस्ता कोटि रावण् म मारूँ
हुकुम त न भयाको मार्न यो आज क्यारूँ २४

यस्तो बात हनुमानको सुनि तहाँ * रावण् रिसायो अति
साँचै हुन् इ कुरा तथापि मनमा * लिन्थ्यो कहाँ दुर्मति
यो बानरकन काट लौ अब भनी * यस्तो हुकुम् पो दियो
हातमा बेस् हतियार् लिई अघिसऱ्यो * जुन्वीर् नजिक्माथियो २५
यस् बिचमा त विभीषणै अघिसरी * हातजोरि बिन्ती गऱ्या
दूत् हो यों अधिराज् ! कुरा पनि वहाँ * लैजान्छ को यो मऱ्या
चीन्हो केहि लगाइ छोड्दिनु हवस् * जावस् र बिस्तार् गरोस्
एसै बानरको कुरा सुनि यहाँ * आउन्तिसंग्राम्पछरोस् २६

लंका दहन।

साँचो भन्या भनि बुझी कपड़ा मगायो
तेल् घीउले सुछि पुछर् भरि बेर्न लायो
हुकूम् दियो अब जलाइ त बाँधिलेऊ
सारा शहर् भरि घुमाइ त छोडिदेऊ १

जावस् ठुटो पुछर लीकन फर्कि वाहीं
पुच्छर् डढी नसाकि छोड्नु हुँदैन काहीं
यस्तो हुकुम् जब दियो तब बाँधिलीया
आगो पनी पुछरमा त लगाइदीया २
बाँध्याका हनुमान् लिएर खुशी भै * मेरी अगाडी फुकि
लाग्या घुम्न शहर् ति राक्षसहरू * चोर् हो भनी खुब् भुकी
चुपलागी हनुमान् पनी खुरुखुरू * गम् हेरि हिंड्दै गया
ढोका पश्चिम जुन् थियो शहरको * ताहाँ ति साना भया ३
बन्धनदेखि त खुसकि सूक्ष्मरुपले * पर्वत् सरीका भया
हुलो स्तम्भ उठाइ राक्षस अनेक् * मारेर् कुद्दै गया
बल्दो लामु पुछर् लिएर घरघर् * कुद्दै शहरमा हुली
पोल्या सब् शहरै हुटेन कहिं घर् * बाँकी कतै एक् भुली ४
लाग्यो बल्न शहर् जलेर सब घर् * सब् बन्द बाटो भई
भागी जान नपाउँदा हुँदी अनेक् * राक्षस् अटाली गई
फालुहालीकन अग्निमा परिमऱ्या * यो चाल् शहरमा भयो
पोल्यानन् घर एक् विभीषणजिको * त्यै मात्र बाँकी रह्यो ५
एती काम गरी सकी पुछरको * आगो निभाऊँ भनी
कूदी जल्दि समुद्रमा पुछर त्यो * चाँडो भिजाया पनि
अगनीले पनि मित्र-पुत्र भनि ताप् * केहीं गऱ्यानन् तहाँ
सीताको पनि प्रार्थना हुनगयो * उद्थ्या हनूमान् कहाँ ६
रामको फगत् स्मरणले पनि दुःख छुट्छन्
आध्यात्मिकादिहरु ताप् पनि जल्दि छुट्छन्
साक्षात् उनै प्रभुजिका दुत भै गयाका
उद्थ्या तहाँ ति हनुमान् किन हित् भयाका ७

सीताजी सँग बिदाभै हनुमानले फर्कि अङ्गदादि सँग भेटनु ।

फिर्न्या मन्सुब लौ सितासित बिदा * माग्नै हनुमान् गया
बीदा खुशि भएर बक्सनु हवस् * जान्छु म मन्दा भया
आउँछन् रघुनाथ् अवश्य भनियो * बिन्ती गऱ्याथ्या जसै
साहै शोक् मनमा गरीकन सिता * क्यै भन्न लागिन् तसै १
तिमिकन नजिकैमा देखि खुब् खुशि हुन्थ्याँ
घरिघरि रघुनाथ्को मिष्ट बार्ता म सुन्थ्याँ
अब कसरि म यस्तो दुःखले प्राण धर्छु
तिमि पनि फिरि जान्या फेरि तापमा म पर्छु २
सीताका इ वचन् सुनेर झटपट् * हात् जोरि बिन्ती गऱ्या
यस्तो शोक् अब छाड़ि बक्सनु हवस् * आपत्ति साहै पऱ्या
ऐलेहे दाखिल गर्छु राम् चरणमा * बोकी हुकुम् लौ हवस्
धेरै शोक् किन गर्नु हुन्छ मनमा * यो शोक दुरैमा रहोस् ३
सीताजी तब मन्दछिन् म त नजाँ * जाऊ तिमी मात्र गै
बिस्तार् बिन्ति गरेर जल्दि रघुनाथ् * लीएर आऊ सँगै
राम् आईकन दुष्टलाइ सहजै * मारी मलाई सँगै
लैजानन् तब पो त कीर्ति रहला * के हुन्छ ऐसै म गै ४
सीताको जब त्यो हुकुम् हुन गयो * बीदा हनूमान् भया
तीन्बेर् जल्दि परिक्रमा गरि तहाँ * पाऊ परी ती गया
पर्वत् माथि चढ़ी स्वरूप् पनि ठूलो * पर्वत् सरीको भऱ्या
आकाश् मार्ग लिइ कुदेर खुशिले * खुब् शब्द ठूलो गऱ्या ५
सून्या शब्द ति अङ्गदादिहरुले * बोल्या परस्पर् पनि
शब्दैले बुझियो अवश्य सहजै * भेटेर फिर्छन् भनी
यस्तो बात् तिरमा बसेर जब वीर् * गर्दै थिया सब् जहाँ
पौंच्या श्रीहनुमान् पनी खुशि हुँदै * नाच्तै दगुर्दै तहाँ ६

सीताजीले हनुमान फर्किदा आफ्नो चूड़ामणि दिनु भएको ।

१ श्रीरामलाई हनुमान फर्केको सूचना मिलेको ।

२ हनुमानले रामचन्द्रलाई भेटी लंका वहन र सीताजीको चूड़ामणि दिई हाल बताएको ।

३ श्रीरामले समुद्रलाई बाण हाप्न लाग्दा मनुष्यरूपमा समुद्र समुख आई प्रार्थना गरेको ।

भेट् भो अङ्गद वीरहरूसित जसै * बिस्तार् कुरा सब् गरया
सारा बानरले धरी पुछरमा * बारबार चुम्बन् गरया
नाँच्या कोही खुशी भएर यहि रीत * गर्दै ति रामथ्यैं गया
सुग्रीवको मधुबन् मिल्यो पथविषे * ताहाँ ति अड्दा भया ७
बिन्ती अङ्गदथ्यैं गरया ति सबले * खाऊँ इ फलफुल् पनि
अङ्गदले पनि खाउ जाउ हनुमान् * जीको प्रसादले भनी
दीयौं मर्जि र खाऊँ फल् फुल भनी * बानर् गयाथ्या जसै
चौकी बानरका थिया सब तहाँ * आया र रोक्या तसै ८
रोक्न्या बानरलाइ लात् दिइ पिया * मीठो मधुर् रस् तहाँ
त्यो चुक्ली दधिमूखले लिइ गया * सुग्रीवजी छन् जहाँ
सब बिस्तार् दधिमूखले जब गरया * लूट्या मधूबन् भनी
लुदापिटको समचार् सुनेर पनि रीस् * उठेन कत्ती पनी ९
भेट्याछन् बुझियो सीताकन न ता * लुट्थ्या मधूबन् कहाँ
ई बात् सुग्रिव गर्दथ्या प्रभुजिका * कान्मा परयो त्यो तहाँ
सीताको पनि नाम् लिएर तिमिले * के बोल्दछौ बात् भनी
सोधी बक्सनुभयो र सुग्रिवजिले * बिन्ती गरया सब् पनि १०
हे नाथ्! एक् मधुबन् थियो अति असल् * मेरो बर्घैंचा तहाँ
ऐल्हे ता हनुमान्हरू बलफजत् * ताहीं गई क्षण् महाँ
लूट्याछन् मधुबन् सबै तरहका * चौकी कूट्याछन् पनि
आया आज फिराद गर्न मधुबन् * लूट्या र कूट्या भनी ११
सोही बात म गर्दछु रघुपते ! * तिन्ले सिताजी कन
भेट्याछन् तब पो लुटेर मधुबन् * रोक्का कुट्या इन् कन
त्यो बिन्ती गरि जल्दि सुग्रिवजिले * तीं चौकिलाई तहाँ
दीया शीघ्र हूकुम् गई तिमिहरू * चाँडै पठाऊ यहाँ १२

हनुमानजीले श्रीरामचन्द्रका समीप सीताको समाचार पुऱ्याउनु ।

आउन् श्री हनुमान्हरु अब यहाँ * चाँड्डो भनी यो जसै
दीया निर्भय दी हुकुम् उहि वखत् * फर्केर दौड्या तसै
मामा सुग्रिवका थिया ति दधिमुख् * जाई सुनाई दिया
खूशी भै हनुमान्हरु झट पुग्या * जाहाँ रघूनाथ् थिया १
राम् सुग्रीव् कन दण्डवत् गरिलिया * सामने जमिन्मा परी
सब् बिस्तार् हनुमानले तहिं गरया * सब् हाल एक्एक् गरी
भेट्याँ नाथ ! सिताजिलाइ मयिंले * लंकापुरीमा गई
जस्सै देखिलियाँ सिताकन तहाँ * सानू स्वरूप्को भई २
पात्का अन्तरमा लुकी जननिका * साम्ने नजिक्मा रह्याँ
जो वृतान्त थियो सबै हजुरको * त्यो सूक्ष्मरूपले कह्याँ
भोकी दुब्लि हजूर दूर रहँदा * सम्झेर साहै रुँदी
राम्राम् बोल्दि अनाथ् भईकन बहुत् * विह्वल् निरन्तर् हुँदी ३
अशोक्का वनमा शिशौ पनिछ एक् * त्यै वृक्षका बीचमा
झुण्डीन्या मतलब् लिई खडि भइन् * सूनिन् उसै बीच्महाँ
त्यो वृतान्त सुनी हुकुम् पनि भयो * को होस् तँ बोल्न्या यहाँ
क्या लूकीकन बोल्दछस् अब नलुक् * आईज साम्ने महाँ ४
पायाँ एति हुकुम् जसै जननिको * वानर् स्वरूप्ले गयाँ
कोहोस् भन्भनी सोधिवक्सनु भयो * फेर् चिन्ती गर्दो भयाँ
सब् वृतान्त गरीसकी हजुरको * औंठी दियाथ्याँ जसै
बरबर् आँशु खसाल्नु भो जननिले * विश्वाश लाग्यो तसै ५
आफ्नो दुःख हवाल् सबै कहनु भो * यस्ता विपत् छन् भनी
आँऊछन् रघुनाथ् मनेर बहुतै * मैले बुझाया पनि
आज्ञा भो रघुनाथका हजुरमा * सब् दुःख मेरो कही
लंकामा प्रभुको सवारि तिमिले * चाँडो गराऊ गई ६

बातचित गरी जब यतातिर फिर्न लाग्यौं
विश्वाश पार्न जननीसित चीज मांग्यौं
चूडामणी दिनु भयो शिरमा रह्याको
काग्को कुरा कहनु भो अघिको भयाको ७
लक्ष्मणलाइ अवाच्य बात मयिंले * बोल्याकि छु ता पनि
त्यो रीस् लक्ष्मणले कदापि नलिउन् * एसो मनीथिन् भनी
हात् जोरीकन बिन्ति खुप् गरिलिया * एती हुक्म् भो जसै
सब वृत्तान्त सुनी बिदा पनि भयौं * फर्केर आयौं तसै ८
माईसीत बिदा भई जब फिऱ्यौं * मन्मा लहड् यो गयो
रावणलाइ नभेटि जाँ म कसरी * भन्या विचार्पो भयो
भेटी रावणलाइ अर्ति पनि दी * फिर्नू असल् हो भनी
फर्की ध्वस्त गऱ्यौं अशोक बनको * माऱ्यौं अनेक् बिर् पनि९
कान्छो रावणपुत्र अक्षयकुमार् * माऱ्यौं र रावण् जहाँ
थीयो ताहिं गई भन्यौं हित वचन् * टेरेन केही तहाँ
गर्थ्यो वक्वक बात् अनेक् तरहको * मैले भूस्मुना गनी
रावणकै अघि खाक् पनी गरिदियौं * पोलेर लङ्का पनि १०
एती काम गरी यहाँ हजुरमा * आयौं म ऐल्हें भनी
सारा बिन्ती गरी खड़ा भइ रह्या * ताहाँ ति सेवक् बनी
श्री राम्ले पनि काखमा लिनु भयो * सर्वस्व दिन्छु भनी
बातले चित्त बुझाइ वक्सनु भयो * सर्वस्व यै हो भनी ११
मैले खुशी भइ काख्दियौं यदि भन्या * फेर् दीन बाँकी रति
केही चीज् रहँदैन सब् मिलिगयो * यो बात् बताऊँ कति
काखमा राखि हुकुम् भयो यति जसै * खुशी हनूमान् भया
आनन्दाश्रु गिराइ भक्ति रसले * हाजिर् हजुरमा रह्या १२

धन्य हुनु इ हनुमान् इ सरीको
कोहि छैन अरु भक्त हरीको
भक्ति खुब् गरी त कास् पनि पाया
लोकमा अधिक धन्य कहाया १३
जसको पुजा तुलसिमात्र चढ्दाई गर्दन्
उसूता पनी त भवसागर-पार तर्दन्
ईता उनै प्रभुजिका दूत हुन् त काहाँ
सक्नू छ वर्णनगरी इनको त याहाँ १४

श्री सुव्वा होमनाथालय प्रतिवेन पं० रामजी उपाध्याय द्वारा क्षेपक समेतको महाकवि भानुभक्ताचार्य कृत रामायण सुन्दरकाण्ड समाप्त।



पुस्तक पाइने ठेगाना—
सुव्वा होमनाथ केदारनाथ,
हितैषी कम्पनी, पो०बा०न० १०८१ रामकटोरा रोड, वाराणसी।

❀ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ❀

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र रामजी उपाध्याय कृत क्षेपक समेतको



महाकवि भानुभक्तको

रामायण-युद्धकाण्ड

श्रीरामको लंका पुग्ने चिन्ता हनुमान लंका वर्णन ।

लंकापुरी सकल खाक् गरि सैन्य मारी
फेरी समुद्र सहजै तरि आइ वारी
सीताजिको जब सबै समचार् बताया
श्रीरामले ति हनुमान्कन खुब् सहाया १
मन्कन् श्री रघुनाथ् अहो ! इ हनुमान् * ले खुब् ठुलो काम् गऱ्या
एक्लै गैकन रावणादि विरको * शेखी इनैले हऱ्या
यत्रो चीर समुद्र कूदिकन फेर् * खाक् गर्नु लंकाकन
को सक्ला सब डर्दछन् इ जतिछन् * इन्द्रादि द्यौताजन २
सुग्रिवका सब मन्त्रिमा इ सरिको * होला न कोही भया
छोरो रावणको निमाइकन ता * सामने उसैका गया
सेवक्ले जति गर्नु पर्छ उति सब् * सेवा इनैले गऱ्या
सीताको समचार् सुनाई मनको * हाम्रो ठुलो ताप् हऱ्या

बीर् हुन् ई हनुमान् र कूदिकन गै * कूदेर आया यहाँ
यो सागर् कसरी तरीं म अहिले * पौंचन्छु लंका महाँ
गैहो क्षीर समुद्र यो छ बिचमा * जलमा अनेक् जन्तु छन्
सो सागर् कसरी तरिन्छ भनि खुब् * आत्तिन्छ मेरो त मन् ४
रावणलाइ कसोरि मारुँ कसरी * तारूँ म फौज् यो भनी
चिन्ता हुन्छ कसोरि पाउँछु अहो ! * सीता पियारी पनि
राघवका ई वचन् सुनीकन तहाँ * सुग्रिव् अगाड़ी सरी
गर्छन् बिन्ति हजूरमा रघुपते ! * क्या हुन्छ चिन्ता गरीप्
यो फौज् बानरको ठुलोछ बलियो * लड्न्या छ घुँड़ा धसी
अगनीमा पनि पस्नु पर्दछ भन्या * पस्न्याछ कम्मर् कसी
सागर् तर्ने उपाय मात्र त हवस् * यो फौज जाबस् तरी
रावणमार्न कठिन्छ क्या सहजमा * मारिन्छ एसै घरी ६
मेरो चित्तमहाँ त यो छ रघुनाथ् * साम्ने हजुरका पनि
लड्न्या वीर् कहिं छैन कोहि अहिले * सारा तिनै लोक् भरी
हाम्रो निश्चय जीत् हुन्याछ बढ़िया * देखिन्छ लक्षण् पनि
माछौं राक्षसलाइ नाथ ! सहजै * साना मूसूना गनी ७
सुग्रिवका इ कुरा सुनी हुकुम भो * श्री रामजीले तहाँ
जुन् पाठ्ले तरिइन्छ सोहि गरुँला * कसूतो छ लंका महाँ
लंकाको अहबाल् सुनौं त पहिले * कसूतो छ तेसको तखत्
सब् जानीकन पो गया जितियला * यै हो विचार्को बखत् ८
ठाकुर्का इ वचन् सुनेर हनुमान् * ताहाँ अगाड़ी सरी
बाँधी अञ्जलि भक्ति साथ पदमा * शिर्लाइ फेरी धरी
गर्छन् बिन्ति जगत्पते ! रघुपते ! * लंकापुरी सुन्दरी
देखिन्छे जति देख्तछन् ति सबको * लिन्छे सहज् मन् हरी९

त्रीकुट पर्वतका उपर् छ सुनको * पर्खाल् छ चारौं तरफ्
थामै छन् मणिका जउन् घरमहाँ * देखिन्छ तिन्को फरक्
एक् खाबा त समुद्र भो अरु तहाँ * अर्को खन्याको पानि
पर्खाल्कोछ नजिक् विशाल रुपको * बैरी नआउन् भनी १०

घर पानि सुनकै छन् गल्लि फेर् छन् सुनैका
मणि जडित हुनाले बढ्छ शोभा कुनैका
घुमिघुमिकन हेर्‍याँ सब् बगैंचा तलाऊ
सहजसित कसैको केहि लाग्दैन दाऊ ११

ढोका छन् चार् शहरका तहिं बिरहरुको फौज ठूलो बस्याको
जो ताहाँ पस्नजाला उससित लडी खुब् मर्न कम्मर् कस्याको
एक् अर्बुद् पूर्व ढोकातिर अति बलवान् जङ्गि पाले बस्याका
राक्षस् छन् हात्ति घोड़ा रथहरु खजिती ली खडा भै रह्याका १२

ढोका पीछे यसै रितसित सब पहरा छन् खडा नित्य ताहाँ
एती जम्मा छ फौज् सब् भनिकन त खबर् पाइसक्नु छ काहाँ
यस्तो मजबूत फौज्को छ त पनि उसको ध्वस्त चौथाई पार्‍यौं
लङ्का पोलेर सब् खाक् गरिकन सहजै बैरिको शेखि झार्‍यौं १३

यहिं ढिल किन स्वामित् ! जाउँ सागर् छ जाहाँ
कछु ढिल तहिं होला तुर्त पर्‍या छ ताहाँ
यति बिनति हनूमान्ले गर्‍याथ्या जसै ता
हुकुम् पनि ति सुग्रिवलाइ भैगो तसै ता १४

श्री रामको लंका विजय यात्रा ।

हे सुग्रीव सखे ! असल् विजयको * ऐल्हे मुहूर्त पर्‍यो
यस् साईतमहाँ मुहूर्त नचुकी * जस्ले त साईत् गर्‍यो
त्यस्ले जित्छ अवश्य यै बखतमा * प्रस्थान फौजले गरुन्
मेरो दक्षिण नेत्र फूर्छ अहिले * लक्षण छ बेस् धीर् धरुन् १

रावणलाइ कुलै समेत् वध गरी * ल्याइन्छ सीता अब
बाँनरको जति फौज झट्ट अब चलोस् * लागेर बाटो सब
लक्ष्मण अङ्गदमा चढुन् दुइ जना * चढ्छौं हनूमान् महाँ
सुग्रिवलाई यति हुकुम् दिइ गऱ्या * प्रस्थान् प्रभूले तहाँ २
राम् सुग्रीव् हनुमान् महाँचढि चल्या * लक्ष्मणजि अंगद्महाँ
बाँनरको सब फौज् चल्यो पृथिवि सब् * छोपेर जाहाँ तहाँ
चार्हीदैन रसद् सबै विरहरू * खान्छन् तिफल्फुल् फगत्
गर्जन्छन् अति मेघ गर्जन सरी * सब्काँप्न लाग्यो जगत् ३
रातदिन् फौज हिंडी टिकेन विच्मा * काहीं कतै एक् घरी
बिन्ध्याचल्कन नाघि फेरि मलया-* चल् नाघि यसतै गरी
पौंच्यो क्षीर समुद्रका तिर महाँ * डेरा प्रभूको पऱ्यो
बानरको सब फौजले खचित मै * सारा किनारा भऱ्यो ४
बानरको सब फौज् तहाँ हुकुमले * तीरमा जसै ता बस्यो
सागर् तर्न उपाय केहि न हुँदा * मनमा ठुलो ताप् पस्यो
भन्छन् वीरहरु यो समुद्र कसरी * तर्नु कठिन् भो यहाँ
यसलाई नतरी त जानु कसरी * हींडेर लङ्का महाँ ५
सब् राक्षसकन मार्दथ्यौं यहि वखत् * सागर् तरी पार् गया
आपुस्मा यति बात् बराबर गरी * जम्वा प्रभूथ्यैं भया
सीताजीकन सम्झि सम्झि रघुनाथ् * ज्ञानै स्वरूपी पनि
लाग्या गर्न विलाप् अनेक तरहले * सीते ! कहाँ छौ भनी ६
रामको नाम फगत् लिन्याकन पनी * सब् दुःख ताप् टर्दछन्
आफैं श्री रघुनाथलाई पनि क्या * सन्ताप् कतै पर्दछन्
सच्चित्रूप् परिपूर्ण अद्वितिय एक् * आत्मा स्वरूपी पनि
गर्छन् मानिसभैं लिला पनि अनेक् * सुख्खी र दुःखी बनी ७

रावणकाई सभासदहरूले राम सँग युद्ध गर्ने हौसला बढाउनु।

कुदि-कुदि सब लंका पोली फेर् पुत्र मारी
बहुत विरहरुको सैन्य सब् ध्वस्त पारी
गरिकन तब भेट्घाट् ती हनूमान् फिऱ्याको
सुनिकन तहिं रावण् भै गयो नूर् गिऱ्याको १
उहि बखतमहाँ त्यो मन्त्रणा गर्नलाई
सब् विरहरु ताहाँ डाक्न जल्दी पठाई
वरिपरि सब राखी मन्त्रिहरुैं मन्न लाग्यो
कसरी सहज उम्की त्यो हनूमान भाग्यो २
अब त जसरी मेरो हुन्छ हित् सो चिताऊ
बुझिकन सबले एक् मन्त्रणा लौ बताऊ
तिमि सबकन नाघी काम सिध्याइ भाग्यो
मकन त हनुमान्का कामले लाज लाग्यो ३
यति हुकुम सुनी सब् घोचियाभैं ति जाग्या
अघि सरिसरिकन बिन्ती शेखिको गर्न लाग्या
किन अधिक हजुरले गर्नु रामदेखि शंका
कसरी सहज जितला यो अगम् दिव्य लंका ४
कति बिनती गरौं घेर् इन्द्रजित् पुत्र जस्को
छंत कसरि त जितछन् पुग्छ जोर् आज कस्को
फगत हजुरका एक् पुत्रले इन्द्र जीत्या
यहि बुझि अरु दिक्पालका समेत् शेखि बीत्या ५
अधिपति 'मय' हुन् सब् दैत्यका सो डरैले
खुरू खुरू यहिं आई छोरि सुम्प्या करैले
अरु अंव कहिं छन् क्या विर् हजुरै सरीका
सब विर वशमै छन् ई तिनैलोक् भरीका ६

अलिकति हनुमान्‌ले जो यहाँ वीर मार्‍यो
कुदिकुदि सब लंका पोलि फेर् ध्वस्त पार्‍यो
उ त फगत यसैले गर्न के सक्छ भन्दा
चुक भइ गरिहाल्यो फेरिको क्या छ धन्दा ७
हुकुम दिनुहवस् लौ दश्-दिशा वीर जाउन्
जति-जेति अघि सर्छन् मारि तिन्‌लाइ आउन्
सकल पृथिविमाका बानरै छुट्टि गर्छौं
सकल हजुरको ताप् एक् छिनैमा त हर्छौं ८

कुम्भकर्णले रावणलाइ रामको चरण लिनका निमित्त संझाउनु।

एती गर्व गरी सबै ति विरले * बिन्ती गर्‍याको सुनी
मेरो मत् पनि बिन्ति गर्दछु भनी * आफ्ना मनैले गुनी
बिन्ती गर्दछ कुम्भकर्ण विरले * हे नाथ् ! लियौ के मति
सीतालाइ हरेर भूल् अति गर्‍यौं * कुन् हुन्छ तिम्रो गति १
श्री रामचन्द्रजिले अवश्य अघिनै * देख्थ्या त एक् बाण् धरी
तिम्रो प्राण लिन्या थिया सहजमा * के बाँच्तथ्यौ त्यस् घरी
सीता चोरि हर्‍यौ र पो तिमि बच्यौ * को टिक्छ सामने परी
त्यसको फल तिमि भोग्दछौ अब यहाँ * मार्छन् कुलै साफ्गरी २
रामजी हुन् प्रभुहुन् अनन्त अधिनाथ् * चौधै भुवनका धनी
लक्ष्मी हुन् जगदम्बिका त उनकी * पत्नी इ सीता पनि
सब् राक्षसहरु नाश् गराउन यहाँ * सीता तिमीले हर्‍यौ
साँचो हुन् इ कुरा अवश्य तिमिले * यो नाशको पथ् धर्‍यौ ३
जुन् कामगर्नु उचित् थिएन उहिकाम् * भूलले गर्‍यौ ता पनि
सब् हाम्रा भरले गर्‍यौ अधिक वीर् * छन् भाइ छोरा भनी
लड्छौं निश्चय भाइ बन्धु पनि सबै * हामी जती छौं यहाँ
यस्तो यो अदना कुराकन लिई * शोक् गर्नु पर्ला कहाँ ४

त्यस् कुम्भकर्ण विरले सब यो भन्याको
श्री रामलाइ परमेश्वर मानियाको
सून्यो र इन्द्रजित भन्छ हुकुम् म पाऊँ
सेना समेत् सहज राम्कन मारि आऊँ ५
यसतै तहाँ वीरहरू सब बिन्ति पार्थ्या
केवल् गफै गरि सुखै तरवार् मार्थ्या
श्रीराम भक्त ति विभीषण ताहिं आई
बिन्ती गऱ्या हित वचन् मनले चिताइ ६

विभीषणको अर्ति सुनी रावणले उनलाई निकालनु र विभीषण रामका शरणमा आउनु।

श्री रामजीसित बिरोध् किन हो गऱ्याको
सीताजिलाइ तिमिले किन हो हऱ्याको
श्री रामचन्द्रकन सक्छ जित्न कसले
मार्‍या खर-त्रिशिर-दूषण वीर जसले ७
ठूला भन्नु इ कुम्भकर्ण विर हुन् * के चल्छ इन्को पनि
शेखी गर्दछ व्यर्थ इन्द्रजित यो * राम्लाइ जित्छु भनी
शेखी गर्नु जती छ सब् यहिं गरून् * को टिक्छ साम्ने परी
सब् राक्षसहरु नाश् हुनन् जब तहाँ * चेत्नन् चुकेको घरी ८
सीताजी ग्रह तुल्य भैकन सबै * खाक् गर्न आँटिन् यहाँ
यो प्राणान्त बखत् भयो अझ पनी * चेत् छैन चेत् गो कहाँ
बाँच्नाको यदि मन् भया यस घरी * श्री रामजीथ्यैं गई
सीता सुम्पिदिनू तहाँ चरणमा * सोझो र साम्ने भई ९
श्री रामचन्द्रजि फौज लिईकन यहाँ * आई नपुग्दै गया
आयो आज शरण् पऱ्यो भनि बहुत * गर्नन् प्रभूले दया
चाँडै आज सिताजि सुम्पनुहवस् * सीताजि लङ्का रही
बाँचीसक्नु कदापि छैन अरुथ्यैं * काहीं शरणमा गई १०

सुन्दर
काण्ड

१ वानरहरूले समुद्रमा पुल बाँधेको ।

२ सीता फिराउने सल्लाह दिँदा रावणले विभीषणलाई निकालेको ।

३ शरणागत विभीषणलाई श्रीरामजीले शरणमा लिएको ।

हित अमृत सरिको बिभीषणजिको * सून्यो वचन् यो जसै
लिन्थ्यो त्यो इ कुरा कहाँ अधिकभन् * रावण् रिसायो तसै
लाग्यो भन्न रिसाइ आज सुन यो * शत्रू सरीको भयो
मेरो शत्रु ति रामचन्द्रसित खुब् * प्रेम् वस्न यस्को गयो ५
आफ्नोज्ञाति बढ्यो भन्या अरु सबै * ज्ञाती गिरोस् यो भनी
भन्छन् निश्चय मन्दथ्या उहि छटा * यस्ले जनायो पनि
ऐल्हे मारिदिन्या थियाँ अरु भया * भाई भयो क्या गरूँ
राक्षस्का कुलमा अधम् यहि भयो * धिक्कार दिन्छु बरू ६
मेरो आज नजीकमा रहनको * लायक् तँ छैनस् भनी
धिक्कार् हो तँ अधम् भइस् भनि बहुत् * धिक्कार् दियो फेर् पनि
धिक्कार्को यतिबात् सुन्या र तिनिले * श्री राममा मन् दिई
आकाश् मार्ग गरेर झट् हिँडिगया * चार् मन्त्रि साथ्मा लिई ७
लाग्या फेरि ति भन्नलाइ अधिराज्! * हीतै भन्याँ ता पनि
धिक्कार् पो तिमिले गऱ्यौ न बुझिभन् * शत्रू समान् होस् भनी
दाज्यू हौ पिति तुल्य छौ यति सही * ऐल्हे अलग् लौ भयाँ
खूशी भै तिमी राज् गऱ्या मत उनै * राम्का शरण्मा गयाँ ८
काली हुन् जगदम्बिका भगवती * सीताजि राम् काल हुन्
भू-भार् हर्न निमित्त यो छ अवतार् * बाँच्न्याछ पापी कउन्
श्री राम्को मतलब् छ मर्न तब पो * फिर्दैन तिम्रो मति
कालरूप् श्री रघुनाथको अरू यहाँ * को बुझ्न सक्छन् गति ९
राक्षस्का कुलको हुन्याछ अब नाश् * छोड्छन् प्रभूले कहाँ
तिम्रो नाश् कसरी म देखुँ अब लौ * जान्छु प्रभू छन् जहाँ
खुशी भै चिरकाल तक् गर यहाँ * राज् खुब् चिरायू भया
एती बिन्ती गरी बिभीषण तहाँ * ऊडेर राम्थ्यैं गया १०

चार् मन्त्री सँग ली बिभीषण गया * श्री रामका पासमा
वाहाँ जान डराइ सन्मुख भई * बोल्या ति आकाशमा
हे नाथ्! आज शरण्पर्‍याँ चरणमा * आई म सेवक् भनी
उच्चा शब्द गरी गर्‍या बिनति धेर् * वृत्तान्त आफ्नो पनि ११
हे राम्! रावण कुम्भकर्ण विरको * भाई बिभीषण् म हुँ
रावण् आज अधम् भयो हजुरमा * बिस्तार् कहाँ तक् कहुँ
सीता क्यान हर्‍यौ फिराऊ भनिनाथ्! * हीतै भन्याथ्याँ पनि
झन् धिक्कार् गरी खड्ग लीकन उठ्यो * काट्छु तँलाई भनी १२
यस्तो रावणले गर्‍यो र रघुनाथ्! * आयाँ शरण्मा म ता
संसार् पार सहज् उतार्छ जसले * सो छाडि जानू कता
यस्तो बिन्ति सुन्या बिभीषणजिको * सुग्रीवजीले जसै
रावण्को छल मैं बुझेर झटपट् * बिन्ती गर्‍या यो यसै १३

विश्वाश् नमान्नु रघुनाथ्! इ त दुष्ट पो हुन्
गर्नन् इ औसर् पर्‍या पछि देहमा खुन्
मर्जीहवस् इ सब पक्कि निभाइ हालुन्
भाई म हुँ पनि भन्यो उ छँदैछ मालुम् १४

विश्वाश् कत्ति नमानि बक्सनु हवस् * सब् दुष्ट पो हुन् इ ता
रावण्कै यदि भाइ हो त किन देर् * गर्न्या नमारी उ ता
जैल्हे पर्छ छिद्र उस् बखतमा * मार्नन् दगा ई गरी
मार्नालाइ हुकुम् हवस् सहजमा * मारिन्छ एसै घरी १५
मेरो मत् विनती गर्‍याँ हजुरको * इच्छाछ के नाथ्! यहाँ
त्यस्तो सुग्रिवको सुनेर विनती * श्री राम बोल्या तहाँ
हे सुग्रीव सखे! म आँट् त सबै * लोक ध्वस्त ऐल्हे गरी
फेर् सृष्टी क्षणमा गरुँ सहजमा * लाग्दैन एक्क्षण भरी १६

तस्मात् भक्त बुझेर निर्भय दियौं * आउन् ति ल्याऊ यहाँ
त्यै माथी पनि शत्रुदल यदि भया * मार्ध्यौं म छोड्थ्यौं कहाँ
शत्रूका तिरका इ हुन् तर पनी * आया शरणमा यहाँ
तस्मात् कारण राख्नुपर्छ सँगमा * इन्लाइ छोड्छु कहाँ १७

एकै बखत् पनि शरण् भनि जो मलाई
सम्झेर पर्दछ शरण् त्यस् दीनलाई
लिन्छु शरण् यदि हवस् रिपु नै त पैल्हे
मेरो छ यो व्रत कसोरि म छोड्छु ऐल्हे १८

श्री रामचन्द्रजीको हुकुम् यति हुँदा * ल्याई विभीषण् कन
पौंचाया रघुरनाथका हजुरमा * सुग्रीवले तत्क्षण
श्री रामचन्द्रजिको विभीषणजिले * पाया र दर्शन् तहाँ
खुब् साष्टाङ्गरी प्रणाम् पनि गऱ्या * पश्चेर पृथ्वीमहाँ १९

दर्शन् श्री रघुनाथको जब मिल्यो * खूशी विभीषण् भई
जो-जो पीर थियो अगाडि मनमा * सारा तुरून्तै कही
सर्वात्मा रघुनाथको स्तुति गऱ्या * ईश्वर् इनै हुन् भनी
तिन्को त्यो स्तुतिले तहाँ रघुपती * खूशी हुनु भो पनि २०

क्या माग्छौ वर माग दिन्छु म भनी * हुकुम् भएथ्यो जसै
भक्ती मात्र थियो तहाँ मनमहाँ * त्यो भक्ति माग्या तसै
हे नाथ्! भक्ति रहोस् सदा हजुरमा * कैल्हे नबिग्रोस् मति
झूटो मान्छु म भक्तिदेखि अरू चीज् * यो सृष्टिमा छन् जति २१

तस्मात् कर्म विनाश गर्नकन यो * ध्यान् मात्र तिम्रो हवस्
एतीले म कृतार्थ छु विषय सुख् * सम्पूर्ण दूरै रहोस्
केवल् भक्ति मिल्या प्रसन्न छु भनी * बिन्ती गऱ्याथ्या जसै
होला लौ तिमिलाइ भक्ति भनि फेर् * दीनूभयो वर् तसै २२

ऐल्हे यो तिमिले गऱ्यौ स्तुति जउन् * जसले यती पाठ् गरोस्
त्यसलाई पनि बरम दिन्छु सहजै * संसार सागर् तरोस्
एती भक्त विभीषणैसित हुकुम् * भो फेरि लङ्का महाँ
राज् दिन्छु अहिले भनीकन लहड् * आयो र मनमा तहाँ २३
भाई लक्ष्मणलाइ मर्जि पनि भो * हे भाई ! लंका महाँ
राज् गर्नन् पछि ई म दिन्छु अभिषेक् * इन्लाइ ऐल्हे यहाँ
ल्याऊ जल् तिमी जाइ सागरमहाँ * भन्या हुकुम् भो जसै
दौडी सागरमा गई क्षण महाँ * ल्याई दिया जल् तसै
राजा भै तिमिले रह्या अब ऊपर् * लंकापुरीको भनी
श्री रामचन्द्रजिले विभीषण ऊपर् * दीया अभीषेक् पनि
लंकाका अधिराज् विभीषण हुँदा * सुग्रीवहरू खुश् भया
चाँडो सुग्रिवजी विभीषणजिका * साम्ने नजीकमा गया २४
खुशी भैकन अंकमाल् पनि गरी * सुग्रीव भन्छन् तहाँ
सेवक् हौं सब रामको तर तिमी * छौ मुख्य सबमा यहाँ
यस रावणकन मार्नलाइ अधिराज् ! * साहाय देऊ भनी
सुग्रिवले यति बात् गऱ्या जब तहाँ * बोल्या बिभीषण् पनि २५
हे सुग्रिव् ! प्रभुमा सहाय दिनको * के शक्ति मेरो यहाँ
तिन्लोकका अधिनाथ् परात्मरघुनाथ् * आफैं खडा छन् जहाँ
दास हुँ श्री रघुनाथको म गरुँला * सब् बात भरसक् गरी
यसता बातचित गर्दथ्या तिनिहरू * ताहाँ त तेसै घरी २७

रावणको शुकद्वारा सुग्रीवलाई चेतावनी र राम द्वारा बाँधीनू ।

रावणको शुक नाम दूत नभमा * आएर साम्ने भई
वाहाँ जान त डर् भयो र डरले * आकाश बिचमा रही
लाग्यो सुग्रिवलाइ भन्न कपिराज् ! * सुग्रीव ! खराबी भयो
रामलक्ष्मण सितको मिलाप मसितको * बैरी हुन्या मन् गयो

भाई हौ मितका जनाउन्छु असल् * सम्झी तँ लौ जा भनी
हुकुम् रावणको भयो र अहिले * याहाँ म आयाँ पनि
तस्मात् रावणको हुकुम् सुन तिमी * क्या काम आयौ यहाँ
सब् लश्कर् लिई फर्कि जाउ तिमिलाई * फेर् राजधानी महाँ २
लंका यो जिति सक्नु छैन अहिले * इन्द्रादिले ता पनि
बानर् पो तिमि हौ त के गरुँ कुरा * यो स्थान् जितौला भनी
सीताजी अहिले ह्याँ त मर्यिले * श्री रामकी पो ह्याँ
भाई हौ मितका विरोध् नगर यो * तिम्रो विराम् क्या गर्याँ३
मेरै भाई समान हौ भनि तिमी * हित् जानि अर्ती दियाँ
जो गर्छौ गर फर्कि जाउ म त हित् * गर्दैछु गर्दै थियाँ
यस्तो रावणको हुकुम् छ कपिराज् * एती भनेथ्यो जसै
पक्या बानरले र खैँचिकन खुब् * हान्या मुठीले तसै ४
बानरले बहुतै फजित् जब गर्‍या * हे राम् ! मर्‍याँ लौ भनी
श्री रामचन्द्र सुनुन् मनेर शुकले * साहै करायो पनि
दूत हुँ मार्नु उचीत होइन भनी * बिन्ती गरेथ्यो जसै
कुदनू छैन भनी हुकुम् हुनगयो * सूनेर छोड्या तसै ५
बानर्देखि छुट्यो जसै झट उडी * आकाश बीचमा गयो
क्या उत्तर दिनुहुन्छ पाउँ म जवाफ् * जान्छु म भन्दो भयो
त्यसको सुग्रिवले जवाफ् तहिं दिया * मित् दाज्यू होस्ता पनि
बाली भै गरि मारुँला अधम होस् * भन्दीन दाज्यू भनी ६
श्री रामचन्द्रजिकी सिता हरि कहाँ * उम्केर जालास् उसै
यो बात रावणथ्यैं मनोस् भनि कह्या * सुग्रीवजीले तसै
त्यस्तो सुग्रिवले जवाफ् जब दिया * रामको हुकुम् भो तहाँ
पकुन् बानरले नछोड अहिले * क्यै दिन् रहोस् यो यहाँ ७

श्रीरामचन्द्रजिको हुकुम् यति हुँदा * त्यो शूक बन्धन् पऱ्यो
त्यसभन्दा अघिआइ शार्दुल फिरी * बिस्तार् उसैले गऱ्यो
बिस्तार् शार्दुलद्वेखि राम बलको * सून्यो र रावण् पनि
चिन्तामा परिगैगयो अति ठुलो * आयाछ लश्कर् भनी ८

सागर प्रति रामको क्रोध, समुद्रले क्षमा माग्नु र सेतु बन्धन ।

त्यै बीचमा रघुनाथ् रिसाउनु भयो * आएन सागर् भनी
लाललाल् नेत्र गराइ लक्ष्मणजिका * साम्ने हुकुम् भो पनि
हे भाई ! तिमी हामिलाइ यसले * सामान्य मानिस् गनी
मेटै आज गरेन हेर अहिले * यसको तमाशा पनि १
सागर् शोषण गर्नलाई धनु ली * बाण् खिच्नु भो फेर् ज़सै
काँपिन् भूमि पनी भयंकर स्वरूप् * राम्लाइ देखिन् तसै
चारकोश् तक् त समुद्रको जल पुग्यो * दशदिक् अँध्यारो भया
जो जन्तू जलमा थिया ति पनि ता * सब् खलबलाई गया २
त्यस्तो देखि डराई सागर तहाँ * सुन्दर् स्वरूप् एक् धरी
भेटी खातिरलाइ रत्नहरू बेस् * लीएर झट्पट् गरी
श्रीरामचन्द्रजिका गया शरणमा * भेटी अगाडी धरी
पाऊमा परि दण्डवत् पनि गऱ्या * सब् शेखिशान् दूर् गरी३
हात् जोरि स्तुति बिन्ति धेर् जब गऱ्या * हे नाथ् ! म हुँ जड् यसै
सीतानाथ् प्रभुलाइ जान्नु कसरी * क्यै चेत् नपाई उसै
चेत् ऐल्हे प्रभुले दिंदा हजुरका * आई शरणमा पऱ्यौं
बाटो दिन्छु दया रहोस् म छु अनाथ् * माफ् पाउँ बिन्ती गऱ्यौं४
सागरको ति वचन् सुनी हुकुम भो * साँचो भन्यौ ता पनि
बाणको स्थान खटाउनाकन पऱ्यो * यसलाइ लौ हान् भनी
मेरो बाण् त अवश्य काम नगरी * फिर्दैन कैल्हे यसै
ज्यान् राख्छौ त अवश्य देउ बदला * टर्दैन यो बाण् कसै ५

श्री रामचन्द्रजिको हुकुम् यति सुनी * हात् जोरि बिन्ती गऱ्या
पापी छन् द्रुमकलपमा अभिर हुन् * उत्तर् दिशामा पऱ्या
ठाकुरका यहि बाणले जति ति छन् * पापी सबै नाश् गरोस्
यस् कामले म अनाथ् गरीब् हजुरको * दास्को सबै ताप्हरोस्६
यति बिनति गऱ्याको सूनि खुब् हर्ष मानी
अभय पनि दिनू भो तेही बाण् जल्दि हानी
रिसाएित गई बाणले पापिको नाश् गराई
अनि फिरिकन ठोक्कामा पस्यो शीघ्र आई ७
त्यै बिचमा ति समुद्रले चरणमा * पश्रेर विन्ती गऱ्या
कीर्ती खुब् रहन्याछ सेतु बलियो * हालेर लश्कर् तऱ्या
सेतू बाँध्नमहाँ समर्थ नल निल् * छन् ई त वरदान् पनि
पायाको छ इ विश्वकर्म सुत हुन् * बाँधुन् इ सेतू भनी ८

नल नील परिचय र सेतु बन्धन र रामेश्वर स्थापन र लंका प्रवेश ।

एति बिन्ती गरी परी चरणमा * सागर् अदृश्यै भया
सागरको बिनती सुनी नल र नील् * रामका हजुरमा गया
(विश्वैकर्म र अग्निका क्रमसँगै * नल् नील पुत्रै थिया
एक् दिन् कचै ऋषिका समुद्र तटका * आश्रम्विषे ती गया १
बस्त्या ताहिं हुबै जना खुशिभई * दाज्यू र भाई सरी
प्रेम् गर्त्या ऋषिहरु ती हुई कनै * पुत्रै समान्को गरी
बानर् भै उहिमाथि पुलपुलिइ ती * फेर् बाल्य चाञ्चल्यले
शालिग्राम शिलाहरू उदधिमा * हाल्थ्या सदा खेलले २
देखी त्यो पहिले बुझाइ ऋषि सब् * भन्थ्या नफाल्नु भनी
तै ति बानर पुत्रहरु नबुझी * झन् फ्याक्न थाल्या अनी
सोही कारण भन्दछन् ऋषिहरू * साहै रिसाई तहाँ
छोएको तिमिले शिला त नडुबोस् * उत्तेर पानी महाँ ३

डुबून्या छैन समुद्रमा भनि शिला * सोही वचनले गरी
सेतु बाँध्न समर्थ नल निल थिया * औसर पऱ्यो त्यो घरी)
हुकुम् भो नल नील ! सेतु तिमिले * चाँडो बनाऊ भनी
लश्कर् साथ लीएर जल्दी तिनिले * सेतू बनाया पनि ४
खुशी भइ नल नीलले बीरको तेज् जगाई
वरिपरि जति छन् सब् वृक्ष पर्वत् मगाई
अघि सरिकन सेतू बाँध्न लाग्या जसै ता
शिव तहिं रघुनाथले एक थाप्या तसै ता ५
रामेश्वर् भनि नाम् चलोस् अबउपर् * संकल्प याहाँ लिई
गङ्गाजललिन काशि गैकन उ जल् * ल्याई नुहाई दिई
फ्याँक्ला कामरु फेर समुद्र जलमा * जसले बगोस् यो भनी
त्यो जन् मुक्त हवस् भनेर रघुनाथ् * को यो हुकुम्भो पनि ६
बाँध्या सेतू छपन्न कोश पहिले * दोश्रो दिनैमा असी
कोश् चौरासी सक्या तृतीय दिनमा * कब्बर सबैले कसी
कोश् अट्ठासि सक्या चतुर्थ दिनमा * बाँकी बयान्नव्य कोश्
पाँचौ दीनमहाँ सक्या नजर भो * निस्केन एक काहीं दोष ७
तेही मार्ग गरेर फौज् सब तऱ्यो * ढाक्यो त्रिकुट् पर्वत
टापू ढाकिदियो रहेन बिचमा * खाली भन्याको कत
माईलाइ चढाई अङ्गद महाँ * आफू हनूमान् महाँ
चढ्नू भो रघुनाथ् र जानु पनि भो * थीयो जगा ऊँच् जहाँ ८

(क्षेपक सुब्बा होमनाथात्मज केदारनाथजी कृत) रावण अङ्गद संवाद ।

आज्ञा भो रघुनाथको उहि बखत् * अङ्गद् जिलाई पनि
रावणलाइ तिमी गएर अहिले * सम्झाइ आऊ भनी
त्यसको जो छ विचार त्योसब कुरा * जानी अगाडी महाँ
सोही माफिक काम गर्नु छ उचित * हामीहरुले यहाँ १


जनकपुर विवाह
१ रावणले अठाह्मा बसी रामका सैन्यहरूलाई हेरेको ।
२ रामका दूत अङ्गदको खुट्टा उठा उँदा रावणको मुकुट खसेको
३ राम लक्ष्मण मेघनादको नागपाशले बाँधियेको ।
४ इन्द्रजीतले राम र लक्ष्मणलाई नागपाशले बाँधदा गरुडले आई मुक्त गरेको

आज्ञा त्यसरितको तहाँ हुनगयो * श्री रामजीको जसै
पाऊमा परि झट् बिदा भइगया * बालीकुमार् ती तसै
रावणको डर क्यै नरांखी मनमा * जाँदा ति वीर् त्यो घरी
साम्ने राक्षस पर्दथ्या जति ति सब् * मार्थ्यो सहजमै धरी २
लंका भस्म गराउन्या अघि यहाँ * यै बानरै हो भनी
लाग्या भाग्न डराई राक्षस सबै * छोड्देर पालो पनि
अङ्गद् द्वारमहाँ पुग्या त्यसरि गै * लङ्कापुरीमा जसै
त्यो द्वार् बन्द थियो र लात उसमा * हान्या बलौले तसै ३
त्यो ढोका खसिगो र अङ्गद बढी * लंकापुरीमा गया
खेल्थ्यो रावणपुत्र एक पहिले * त्यसलाई भेट्दा भया
बाटै बातमहाँ तहाँ ति दुइको * खुब् क्रोध् बढ्नै गयो
साहै वीर तरुण् हुँदा ति दुइको * युद्धै भयंकर् भयो ४
क्यै बेर् युद्ध गरी ति अङ्गदजिले * त्यो राक्षसैको तहाँ
गोड़ा पक्रि तहाँ घुमाइकन खुब् * पट्क्या जमीनै महाँ
त्यसमै ज्यान गयो र तेस् असुरको * राक्षस् तहाँ जो थिया
भागी त्यस्स्थल देखि ज्यान् ति सबले * आफ्नू बचाई लिया ५
बाटामा अरू मिलदथ्या असुर जो * रावण् छ ताहीं भनी
दिन्थ्या मार्ग बताइ सब् ति डरले * सोध्दै नसोधे पनि
अङ्गद् यस् रितले जसै पुगिगया * रावण् रहन्थ्यो जहाँ
खाली आसनदेखि एकतहिं नगीच् * बस्ता भया त्यस् महाँ ६
बीसहात् दशमुख देह पर्वत समान् * शस्त्रास्त्र हातमा धरी
मन्त्रीवर्ग लिएर रावण तहाँ * बस्थ्यो महेन्द्र सरी
देखी अङ्गदलाइ ढीठ बहुतै * मन्त्री नगीच् जो थियो
को हो बानर सोध् भनेर रिसले * त्यसलाई आज्ञा दियो ७

मन्त्रीले नसुध्याउँदै ति सब् बात् * गर्जेर अङ्गद तहाँ
लाग्या रावणलाइ भन्न इ कुरा * सबका अगाडी महाँ
हे राक्षसपति! मित्र हौ तिमी यहाँ * मेरा पिताका मनी
क्यै हित् बात् मनूँ भनेर अहिले * आई गयाँ मै पनि ८
नाती हौ तिमी श्रीपुलस्त्य ऋषिका * भारी तपस्या गऱ्यौ
इन्द्रैलाई समेत् जितेर तिमिले * सातों अमरको हऱ्यौ
त्यै कारण् अभिमान् गरेर अथवा * मोही हुनाले गरी
ल्यायौं व्यर्थ तिनै भुवन्कि जननी * सीताजिलाई हरी ९
जो भन्छ हितको कुरा उहि गऱ्या * छोड़ी विरोध् मन् महाँ
तिम्रो सब् अपराध् क्षमा गरिदिनन् * श्री रामजीले यहाँ
सीताजीकन सुम्पि ती प्रभुजिका * झट्पट् शरणमा पर
माफ्पाऊँ अपराध् गऱ्याँ भनि तिमी * हात्जोरी बिन्ती गर १०

त्यस्तो कुरा सुनि ति अङ्गदलाइ हेरी
लाग्यो रिसाइकन रावण भन्न फेरी
को होस् यसोरि बढि बात् गरन्या तँ ऐल्हे
तेरो पितासित मित्यारि गऱ्याँ म कैल्हे ११
त्यस्तो कुरा सुनि ति अंगद ताहिं फेरि
लाग्या ज़वाफ़ दिन रावणलाइ हेरी
श्री रामका चरणमा मन आफ्नु धर्न्या
बाली-कुमार म हुँ अंगद नाम गर्न्या १२

बालीको जब नाम त्यो सुनिलियो * संकोच् हुनाले गरी
लाग्यो रावण भन्न अंगद तरफ् * हेरेर सोही घरी
बाली बानरलाइ जान्दछु म खुब् * त्यस्कै भया पुत्र तँ
जन्मीछस् कुलघातकी हुनगई * भन्या बिचार् गर्छु म १३

गर्भैपात् न भएर जन्म लिइछस् * तैले त व्यर्थै महाँ
सेवक हुँ भनि भन्दछस् तँ कसरी * राम् जंगलीको यहाँ
तैले सेवक रामको हुनुपऱ्यो * कारण् यहाँ कुन् भई
बालीको तँ कुशल् बता अब सबै * जस्तोछ यो सब् कही १४
त्यस्तो रावणको कुरा सुनिलिया * ती अंगदैले जसै
लाग्या त्यसकन ती जवाफ् दिन तहाँ * ठट्ठा गरी धेर् तसै
दश्दिन्मा तँ स्वयम् गएर अब लौ * बाली रहन्छन् जहाँ
सोध्यास् आफ्नु ति मित्रको कुशल् सब् * तिन्का सँगैमा तहाँ १५
जुन् हालत् हुनजान्छ राघवजिका * सङ्मा चिरोधै गरी
भन्याछन् ति कुरा पनि तँसित लौ * तिन्ले सबै त्यो घरी
हे पापी ! रघुनाथका सँगमहाँ * जस्ले विरोध् गर्दछन्
तिन्को हुन्छ कुशल् कहाँ सकल ती * त्यै रीतले मर्दछन् १६
ब्रह्माजी शिवजी र सब् ऋषिहरू * जुन् रामजीको यहाँ
गर्दछन् भक्ति ठुलो तिनै प्रभुजिको * बस्ता म सेवा महाँ
कुन् रीतले कुलघातकी हुनगयाँ * तेरा समान् दुष्ट जन्
जो छन् त्यै यसरी अघी सरिसरी * दुर्वाच्य यो बोल्दछन् १७
त्यस्तो अंगदको कुरा सुनियो * त्यो रावणैले जसै
लाग्यो क्रोध् गरि भन्नलाइ इ कुरा * तिन्का सँगैमा तसै
हे नीच्! रीति छ मार्नलाइ नहुन्या * क्वै दूतलाई भनी
राख्छ आज दया तँलाइ नहिं ता * माथ्यौं अवश्यै पनि १८
यस्तो रावणको कुरा जब सुन्या * ती अंगदैले तहाँ
लाग्या गर्न जवाफ यस् तरहको * फेरी उसै बीचमहाँ
ठीक् हो नीति ठुलो बुझेर तहँले * छल्ले परस्त्री हरिस्
त्यस्तै नीति बुझी लिन्याँ भइ दया * मेरा उपरमा गरिस् १९

बैन्हीको अघि नाक कान जसले * काटी दियाथ्या यहाँ
गर्छस् लक्ष्मणका उपर् पनि दया * धर्मै बुझी मन्महाँ
त्यसतो धर्म र शीलता छ जसको * प्रख्यात् तीनैलोक् भरी
दर्शन् आज मिल्यो मलाइ उसको * भाग्यै हुनाले गरी २०
यसतो छेड सुनीलिएर रिसले * रावण् तहाँ चूर् भयो
हेरी अंगद् तर्फ सासु सबका * फेर् भन्न लागी गयो
कैलाश् पर्वत तक् उठाउन सक्याँ * मैले बलैले गरी
कसले सक्छ जित्न लौ मकन ता * रण्मा अगाडी सरी २१

ती राम लक्ष्मण द्वुबै नर जंगली हुन्
हुन् शिल्पकार नल नील द्वुबै ति छन् जुन्
ती जाम्बवान् हुनगया अब धेर बूढा
सुग्रीव् बिभीषण द्वुबै पनि हुन् भयूवा २२
सक्तैन क्वै मसित लड्न तहाँ जती छन्
आया यहाँ ति सब मर्न हुनैगई मन्
त्यै एक बाँनर फगत् बलवान् छ ताहाँ
जसले गऱ्यो उधुम क्यै अघि आइ याहाँ २३

लाग्या अंगद भन्नलाइ इ कुरा * फेरी उसै बीच् महाँ
हे रावण् ! तइँले बयान् गरिलिइस् * जुन् बानरैको यहाँ
सुग्रीवको अति तुच्छ सेवक उ हो * बाँध्या असुरले भनी
किष्किन्धापुरि फेर् ठुलो शरम मै * फर्केन सोही पनि २४
त्यसतो निर्बल शक्तिले रहितको * क्वै छैन बानर् अरू
सक्छन् मार्न सबै असुरकन कहीं * एकएक् ति बानरहरू
त्यसतो अंगदको कुरा जब सुन्यो * हाँसेर ठट्ठा गरी
फेरी रावण भन्नलाइ इ कुरा * लागी गयो त्यै घरी २५

हे नीच! बाँनर होस् तँ धन्य सब हुन * बाँनरहरू छन् जति
नाच्नू कुदूनु गरी अनेक् तरहले * शर्मै न राखी रति
खुश् गर्छन् जनलाइ स्वामिहरूको * हित् गर्न खातिर् महाँ
तैंले भन्नु सबै इ बातहरू हुन् * तेस्तै प्रकारको यहाँ २६
त्यस्तो रावणको कुरा जब सुन्या * यसले हियायो भनी
लाग्या क्रोध गरेर भन्न इ कुरा * फेर अंगदैले पनि
हे रावण! सुनिले म गर्दछु बयान * तीन् रावणैको यहाँ
कुन्होस्ती तिनमा नढाँटि तँ भनेस् * मेरा अगाड़ी महाँ २७
यौटा रावण् बलीका सँग लड्न भनी गौ रसातल् छ जाहाँ
पक्र्या बालकहरूले उसकन बिचमै खेलका निम्ति ताहाँ
देख्या राजा बलीले गइकन जब त्यो छोड् दिया तेसलाई
त्यो रावण् फर्किगैगो उहिघरि वरमा ज्यान आफ्नो बचाई २८
अर्को रावण् थियो जो लड्न भनि उ गो कार्तवीर्यैजिका सङ्
त्यसलाई पक्रि बाँध्या बलसित उनले क्यैं घरी तक् गरी जङ्
भ्याल्खानमा राखि क्यै दिन् उसकन उनले आफ्नू कैदी गराया
नाती जानी पुलस्त्यै ऋषि गइकन फेर् तेसलाई छुटाया २९
बालीका साथ अर्को लड्न भनि गयो रावणै जौन याहाँ
तीन्लोक् तिन्ले घुमाया उसकन बलले च्यापिली काखिमाहाँ
रावण् नाम्का भयानन् अझतक अरू वै तीन् ती छोडेर कैल्हे!
कुन् रावण् होस् ति तिन्मा मकन सब बता बात खोलेर ऐल्हे ३०
अंगदको ति कुरा सुनेर रिस्ले * कीटेर दाहा अति
लाग्यो भन्न पनी तहाँइ सब बात् * त्यो राक्षसैको पति
सोही रावण जान् मलाई जसले * तीन्लोक् वशैमा गर्‍यो
दिक्पाल्लाइ सहज् जितेर जसले * सातो ति सबको हर्‍यो ३१

त्यो हो राम मनुष्य फेर् म उसको * कुन् डर् यहाँ मान्दछु
भालू बानरहरु सब् त भुसुनै * माफिक् भनी ठान्दछु
तस्मात् बक्बक धेर् नगर् तँपनि फेर् * बोलिस् भन्या क्यै यहाँ
मारी दिन्छु तँलाइ कत्तल गरी * मैले यसै बीचमहाँ ३२
पैल्हे मारि तँलाइ लक्ष्मण सहित् * त्यो रामको वध् गरी
मार्न्याछु सब ऋक्ष बानरहरू * जो छन् इ पृथ्वी भरी
यस्तो रावणको कुरा सुनी लिया * ती अङ्गदैले जसै
लाग्या लात बजार्नलाइ रिसले * पृथ्वी तलैमा तसै ३३
लागिन् डगमग गर्न भूमि बह्नतै * सोही दमकले गरी
रावणको सब गिर्न गो मुकुट फेर् * ताहीं जमीनमा झरी
पक्र्यो रावणले मुकुटहरु अनेक् * आफ्ना भन्याको तहाँ
फ्याँक्या अंगदले मुकुटहरु ति क्वै * आफ्नातरफ्फौजमहाँ३४
त्यो हालू देखि लिएर रावण तहाँ * साह्रै मलीन् भै गयो
सँचान् भैकन आफ्नु आसन उपर् * चुपचाप लागी रह्यो
तेजोवध् गरिदिन्छु खुब् म अहिले * यस् रावणैको भनी
हेरी रावण तर्फ अङ्गदजिले * भन्दा भया यो पनि ३५
हे रावण ! जति छन् इ राक्षसहरू * तेरा अगाडी महाँ
मेरो एक चरण् उठाइ त लिउन् * आएर एकएक यहाँ
सोही एक चरण् उठाउन सक्या * त्यै हार मानी लिई
फर्कन्छौं सब हामि बानरहरू * यो युद्ध छोड़ी दिई ३६
रावणले खुशि भै ति अङ्गदजिको * त्यो बात मानी लियो
तिन्को पाउ उठाउ लौ भनी तहाँ * सबलाइ आज्ञा दियो
पाऊ अङ्गदको उठाउन भनी * क्रमले ति राक्षस् गया
सारा शक्ति लगाउँदा नसकि सब् * अत्यन्त लज्जित् भया ३७

आफैं रावण फेर् उठाउन गयो * तिन्को चरण् त्यो जसै
लाग्या रावणलाइ भन्न इ कुरा * हाँसेर अङ्गद तसै
मेरो पक्कि चरण् हुँदैन अहिले * उद्धार तेरो कुनै
श्री रामको तर्यिले चरण् धरिलिया * उद्धार गर्नन् उनै ३८
अङ्गदको ति कुरा जसै सुनि लियो * अत्यन्त लज्जित भई
फर्की रावण त्यो बस्यो उस बखत् * सिंहासनैमा गई
फर्की अंगदजी पनी उहि बखत् * आफ्ना फउज्मा गया
लङ्कामा जति बात भो सकल त्यो * बिस्तार गर्दा भया) ३९

श्री रामको लंका परिवर्तन, शुक्र पूर्व वृत्तान्त।

ताहीं राज् भइ त्यो विचित्र नगरी * राम्ले नजर्भो जसै
त्यो रावणकन कौशिमा गई तमाश् * हेर्यो नजर् गो तसै
देख्नूभो रघुनाथले र दश बाण् * छोडी दिनूभो जसै
त्यस् बाणले दश छत्र दश मुकुट सब् * काटी खसाल्यो तसै १
आफ्नो छत्र र दश मुकुट् सब गिऱ्यो * लाज्मानी रावण् पनि
ओलीं जल्दि अटालीदेखि त गयो * हान्नन् इ फेरी भनी
त्यो बीच्मा शुकलाइ छोडि दिनुभो * दौडेर त्यो शुक् गयो
रावणसीत तुरन्त गैकन सबै * बिस्तार गर्दो भयो २
पैल्हे हे अधिराज्! गयाँ हजुरको * हुकूम् हुनाले तहाँ
बाँधी वानरले पऱ्याँ सकसमा * आऊँ कसोरी यहाँ
ऐल्हे पो रघुनाथको हुकुमले * छोडी दिया जा भनी
बाँच्यौं वल्ल भनेर हर्षसित खुब् * भागेर आयाँ पनि ३
आयो फौज् रघुनाथको अति ठुलो * याहीं समुद्रै तरी
जीती सक्नु कठिन् हुन्याछ वलले * ऐल्हे लडायीं गरी
सीताजी लागि रामका चरणमा * कीं आज पर्नू हवस्
लड्नै मन्छ भन्या तुरुन्त अब लौ * संग्राम् गर्नू हवस् ४

रामको एक समचार म भन्दछु हरिसं * सीता कउन् मन् दिई
संग्राम् गर्न अगाडि सर् बखत भो * सामुने मुछडा दिई
भोली ध्वस्त गराउँछु अघि खबर् * दीयाँ उचित् हो मनी
हाँक् दिन्छु अब हेर छोड्दिन यसै * मैले नमारी पनि ५
रावणलाई सुनाउनू यति थियो * हे शुक ! सुनाई दियास्
तैं जान्छस् त पठाउँ को अरु तहाँ * यो बात् बुझाई दियास्
यस्तो श्री रघुनाथको हुकुम भो * भन्नू समाचार् भनी
साँचो बिन्ति गरी सक्यौं सकल बात् * मैले हजूरमा पनि ६
मेरो राय म बिन्ति गर्छु अहिले * राम् हुन् जगत्का पति
जीती सक्नु कदापि छैन अरुले * के भो हजुरको मती
सीता आज लगेर सुम्पनु हवस् * रामका चरणमा परी
बाँच्न्यौं एहि उपाय देख्छु नहिं ता * आयो मरणको घरी ७
यो बिन्ती शुकले गऱ्यो र सुनि खुब् * रावण् रिसायो तहाँ
लाग्यो भन्न मलाइ पाजि शुक यो * अतीं दिन्या भो यहाँ
औरै कोहि भया त निश्चय यहाँ * मारी दिन्यौं पो थियौं
तेरो गुण् अघिको थियो र गुणले * बाँचिस् बिदा जा दियौं ८
रावणले शुकलाइ जा भनि तहाँ * बीदा जसै ता दियो
त्यो शुक ब्राह्मण हो अघी पछि शराप् * पर्दा त शुक् त्यो भयो
राक्षस् हुनु शराप् पनी तहिं छुट्यो * बीदा तुरुन्तै भयो
रावण्देखि बिदा भयो र पछि ता * शुक् ब्राह्मणै मै गयो ९
ब्राह्मण् हुन् घरमा थिया शुकऋषी * एक् दिन् अगस्ती गया
भोजन् दिन्छु अगास्तिलाइ म भनी * निम्ता ति गर्दा भया
स्नान् तर्पण् गरि आउँछु म त भनी * हींड्या अगस्ती जसै
आयो राक्षस वज्रदंष्ट्र रिसले * पायो र अन्तर् तसै १०

जस्तो रूपछ अगस्तिको उहिंस्वरूप् * धार्‍यो र बोल्यो पनि
मासू खान मलाइ देउ तिमिले * इच्छा छ मेरो भनी
यस्तो छल् पहिले गर्‍यो र पछि फेर् * खान्या बखत्मा पनि
मासू मानिसको लगी मिसीदियो * ठीक् शुक्ति पत्नी बनी ११
देखी मासू अगस्तिको रिस उठ्यो * दीया शरापै पनि
मासू मानिसको दिइस् तँ त भयास् * राक्षस् अवश्यै भनी
शुक्ले बिन्ती गर्‍यो खबर् हुन गई * यो छल् पर्‍याको जसै
चाँड़ै मुक्ति हुन्या अगस्ति ऋषिले * बेला बताया तसै १२
हे शुक्! राम् अवतार् हुन्याछ बस लौ * रावण् कहाँ गै तहीं
रामको दर्शन पाउला तिहिं शराप् * छुट्ला नजाऊ कहीं
यसतो अर्ति अगस्तिको सुनि उसै * माफिक् गर्‍याको थियो
रामको दर्शनले शराप् छुटि गयो * फेर् वृत्ति आफ्नै लियो १३

राम-रावण युद्ध प्रारम्भ र सेनापतिहरूको युद्ध।

रावणको महतारिको पनि पिता * हुँ हित् म भन्छु भनी
रावणका नजिकै गई तब भन्यो * त्यो माल्यवान्ले पनि
राम् नारायण हुन् सिताकन पनी * लक्ष्मी बुझी ज्ञानले
चाँडो सुम्पि त हाल राख मनदी * पूजा गरी ध्यानले १
उल्का हुन्छ अनेक् अनेक् शहरमा * उत्सव् भन्याको रति
काहीं छैन बताउँ क्या असुरराज्! * याहाँ हजुरमा कति
तस्मात् बिन्ति छ यो बहुत् हजुरमा * हित् जानि लीनू हवस्
सीतानाथ्कन ईश्वरै बुझि सिता * सुम्पेर दीनू हवस् २
त्यो बिन्ती सुनि माल्यवान्सितबहुत् * रावण् रिसायो अति
लाग्यो भन्न अबुझ् समान तिमिले * बोल्छौ बुढा भै पनि
क्याले राम् परमेश्वरै पनि भन्यौ * मानीसलाई यहाँ
लिन्छन् बानरको सहाय जसले * त्यो हुन्छ ईश्वर् कहाँ ३

तिम्रो बात् सुनि चित्त पोल्छ बहुतै * जाऊ घरैमा भनी
मन्त्रीवर्ग लगाइ साथ घरमा * जल्दी पठायो पनि
रावण् उच्च अटालिमा बसि कती * आया बडा वीर् भनी
हेर्दै लड्न खटन् गरीकन हुकुम् * दिन्थ्योतिलड्थ्यापनि ४
दर्बार् भित्र पसी हुकुम् पनि दियो * लौ लड्न जाऊ भनी
निस्क्या लड्न भनी प्रहस्तहरू वीर् * छाई रणस्थल् पनि
राँगा ऊँट गधा र सिंहहरूमा * वीर् वीर् सवारी भया
नाना शस्त्र र अस्त्र लीकन तहाँ * सब् लड्नलाई गया ५
चार् ढोका तिरबाट निस्किकन फौज् * साम्ने भयाथ्या जसै
बानरले नजिकै गई कति जना * घेरी लिया झट् तसै
रावण्को सब फौज निस्कन तहाँ * पाएन ठाउँ पनि
गर्जन्छन् सब बीर बानरहरू * राम्चन्द्र जित्छन् भनी ६
यस्तै रितसित हान्न मार्न पनि सब् * लाग्या ति बानर्हरू
राक्षस्को पनि फौज् हटेन डरले * प्राण् छोड्न लाग्यो बरू
संग्राम् यस् रितले जसै हुनगयो * ताहीं ति बानर् भन्या
श्री राम्को करुणा कटाक्ष हुनगै * अत्यन्त योद्धा बन्या ७
राक्षस्तर्फ भन्या घट्यो बल सबै * ठूला ठुला वीर् मर्‍या
मार्‍या बानरले ति राक्षस सबै * चौथाई बाँकी गर्‍या
आफ्नो फौज् सब नष्ट देखिकन फेर् * साहै लडाकी शुरो
आयो इन्द्रजितै म लड्दछु भनी * सर्वास्त्रमाको पुरो ८
ब्रह्मपाश्कन छोडि त्यस् असुरले * सब् फौजको नाश् गर्‍यो
श्रीराम्ले पनी ब्रह्मपाश् अति ठुलो * जानेर मान्नै पर्‍यो
एक् छिन् चुप् रहनू भयो र रघुनाथ् * फेरी तयारी भई
ऐल्हे मार्दछु मेघनाद्कन भनी * साम्ने उसैका गई ९

माग्नूभो धनु देउ लक्ष्मण भनी * श्री रामजीले जसै
मार्छन् की भनि मेघनाद डरले * फर्केर भाग्यो तसै
भाग्दामा प्रभुजी मुसुक्क मनले * हाँसेर भन्छन् अनी
यो बच्चा पनि जोरि खोज्छ मकनै * सम्झन्छ कच्चा भनी १०

पृथिवि तल गिऱ्याका वीर् बचाऊनलाई
हुकुम प्रभुजिको भो विर् हनूमानलाई
ढिल नगर हनूमान् क्षीर सागर् त जाऊ
तिहिं छ अगम पर्वत् द्रोण लीएर आऊ ११
टिपि पिधिकन ल्याई औषधी फौज् बचाऊ
यति गरि शुभ कीर्ति दश् दिशामा चलाऊ
हुकुम् सुनि तुरुन्तै द्रोण लीएर आया
पृथिवि तल गिऱ्याका वीरलाई बचाया १२
यति गरि हनुमान्ले कीर्तिले लोक छाया
लगिकन उहिं फेरी द्रोण राखेर आया
जब त परिगयो त्यो औषधी पेटमाहाँ
भइकन तब संज्ञा नाचुन लाग्या ति ताहाँ १३

लाग्या बानर सैन्य गर्जन त्यसै * बीचमा त रावण् तहाँ
लाग्यो भन्न मलाइ मार्न बलवान् * यो शत्रु आयो यहाँ
जाऊ लौं अतिकाय वीरहरु तहाँ * कम्बर् कसी शूर भै
मार्न्याछ त्यसलाई बस्छ घरमा * जो लड्नलाइ नगै १४
हुकुम् यो अतिकाय वीरहरुले * सूनेर कम्मर् कसी
पौंच्या बानर सैन्य मार्न हतियार् * छोड्या अगाड़ी बसी
बानरले पनि वृक्ष पर्वत मुठी * दाहा नडैले गरी
रावणको दलको विनाश गरिदिया * ताहीं अगाड़ी सरी १५

मार्नू भो रघुनाथले कति तहाँ * सुग्रीवजीले कति
अङ्गद श्री हनुमान लक्ष्मण इन्ले * वीरले गिराया कति
राक्षसमा करुणा भएन र तहाँ * राक्षस मरी गै गया
श्री रामको करुणा कटाक्ष हुनगै * बानर बलीया भया १६
सर्वेश्वर सर्वरूपी प्रभुकन यसरी लड्न पो क्यान पर्‍यो
बाकबाण एक छोडिदीया पनि रिपुहरुको नाश उसैले त गर्‍यो
मायाले सच्चिदात्मा नर भइ नरकै युद्ध लीलादि गर्छन्
जुन लीलाले त पापी अधम पतितको पाप सन्ताप हर्छन् १७
रावणले अतिकाय वीरहरुको * फौज मारियाको जसै
सुन्यो दुःखि भएर पूर्ण रिसले * खुब लड्न आँट्यो तसै
सुन्दर एक रथमा चढ्यो र हतियार * शस्त्रास्त्र सब फेर लियो
लङ्का रक्षण गर्नु इन्द्रजितले * भन्या हुकुम्यो दियो १८
केही फौज पनि साथमा लिइ गयो * श्री रामजी छन् जहाँ
रोक्या बानर सैन्यले र रिसले * मार्‍यो अनेक वीर तहाँ
सुग्रीवादि बड़ा-बड़ा जति थिया * वीर-वीर तिनैले पनि
जीती सक्नु भएन सबकन जित्यो * पार्‍योजमिन्मा अनि १९

देख्यो बिभीषणजिलाइ गदा लियाका
श्री रामका चरणमा दृढ़ मन् दियाका
झन् मुख्य शत्रु त यही छ भनेर ठान्यो
साहै रिसाइकन शक्ति उठाइ हान्यो २०

आयो शक्ति तहाँ बिभीषणजिको * प्राण खैंचन्या सुर गरी
लक्ष्मणले तहिं झट् बचाउनु भयो * आफू अगाडी सरी
शक्तीं लक्ष्मणलाइ बज्रन गयो * लक्ष्मण त मूर्छा पर्‍या
मूर्छा पर्नु कहाँ थियो प्रभुजिले * चेष्टा नरैको गर्‍या २१

लक्ष्मणलाई उठाउनाकन तहाँ * दौडेर रावण् गयो
सक्थ्यो रावणले उठाउन कहाँ * आश्चर्य मान्दो भयो
लक्ष्मणलाई उठाउन्या बखतमा * देख्या उठ्यो रीस् पनि
चाँडो श्री हनुमान् गया नजिकमा * रावण् गिराऊँ भनी २२
हान्या वज्र समानको त मुठिले * त्यो चोट लाग्यो जसै
रावण् हो बलवान् तथापि रगतै * छाद्दै गिऱ्यो पो तसै
लक्ष्मण् श्री हनुमानदेखि खुशि भै * साह्रै हलूका भया
चाँडो हातविषे उठाइ हनुमान् * रामचन्द्रजीथ्यैं गया २३
लक्ष्मण् नारायणौ हुन् भनि बुझि डरले शक्तिले छोडिदीयो
रावण् मूर्छा पऱ्याको पनि उठि उ बखत् झट् धनूबाण लीयो
सीतानाथ् श्री जगन्नाथ् प्रभु पनि हनुमान् वीरका काँधमाथाँ
चढनूभो लड्न मन्सुब् गरिकन लिनुभो फेर् धनुर्बाण ताहाँ २४
टङ्कार् खुब् धनुको गरी हुकुम भो * उम्केर जालास् कहाँ
तेरा बन्धु सबै निभाइ रणमा * माछ्रे तँलाई यहाँ
रावणले ति बचन् सुन्यो र बिजवाफ् * भै रीस् मनैमा लियो
हान्यो श्री हनुमानलाइ शरले * घाऊ लगाई दियो २५
घाऊ श्री हनुमानका शरिरमा * देख्नू भयेथ्यो जसै
साह्रै रीस् उठि कालरुद्र सरिको * ठाकुर् हुनूभो तसै
घोडा रथ् ध्वज अस्त्र शस्त्र धनुसब् * छत्रै पताका पनि
काटी रावणलाइ हान्नु पनि भो * मूर्छा परोस् यो भनी २६
लाग्यो बाण् रघुनाथको र तहिं त्यो * चाँडो धरामा गिऱ्यो
हातमा फेर् धनु थाम्न शक्ति नहुँदा * छट्टेर ताहाँ झऱ्यो
त्यैं बीचमा शिरको किरीट शरले * काटी खसाली दिया
रावणको सब शेखिशान् प्रभुजिले * खैंचेर ताहीं लिया २७

बाधा रावणलाइ खुब् हुने गयो * बीदा प्रभूले पनि
ऐल्हे जा घरमा भनी दिनु भयो * भोली लडौंला भनी
शेखीशान् रतिभर् तहाँ नरहँदा * रावण् मऱ्या मैं भयो
फेरी लड्न भनेर शक्ति नहुँदा * लाज्मानि घर्मा गयो २८

लक्ष्मण मूर्छा पर्नु रामचन्द्रजीको शोक र हनुमान द्रोणाचल लिन जानु।

लक्ष्मण् मूर्छित भैं थिया र रघुनाथ् * शोक् गर्न लाग्या हरि
जस्तो मानिस गर्छ सोहि रितको * चेष्टा अनेकौं गरी
लक्ष्मणलाइ बचाउ फेरि हनुमान्! * ली आउ औषध् भनी
हुक्कुम् श्री रघुनाथको तहिं हुँदा * दौड्या हनूमान् पनि १
(बाबूले राज्य मेरो भरतकन दिया फेरि सीताजिलाई
हर्दोभो रावणैले अनुज पनि गिऱ्या बाणको चोट खाई
मैंले माऱ्याँ हजारौं रिपुगण रणमा लाशको पारि घान
सोही मैले अहिले सकिन किन यहाँ भाइको राख्न प्रान २
हे प्यारा भाइ मेरा! तिमि बिनु अहिले टूटनगो सब् सहारा
आश्वासन् देउ भन्दै उठिकन दुखि यो दाज्यू भो बेसहारा
मेरो निम्ती अनेकौं दुख सहि तिमिले घोर वन् भित्र आयौ
मेरै लागी लडायौं गरिकन अहिले प्राण सम्मन् गुमायौ ३
द्रोणाचल् पर्वतैमा बुटि लिन हनुमान् छन् गयाका ति ऐले
फर्क्यानन् यस् घरीतक् कतितक सहनू पर्छ यो कष्ट मैले
आधारात् बित्न लाग्यो तर पनि कपि ती आउन्या नाम छैन
हे भाई! व्यूँझ भन्दै तिमि बिनु म पनी क्यै गरी बाँचदीन ४
आई यो घोर वन्मा तिमिसित यसरी फेर् बिछोड् हुन्छ भन्या
जान्दो हुँ ता पिताको वचन पनि तहाँ निश्चयै तोडि दिन्थ्याँ
मिलछन् संसारमा सब् सुत धन गृह स्त्री नित्य यत्नै गरेमा
आफ्नो यौटे सहोदर् अनुज त कहिल्यै मिल्न सक्तैन लोकमा ५

तस्मात् हे भाइ ! तिम्रो सहि यसरी बिछोड् बाँच्न सक्तैन राम तिम्रै साथ्मा खुशीले सँगसँग म पनी जाउँला स्वर्ग धाम) औषध् लीन गया जसै ति हनुमान् * चाल् पाई रावण् पनि रात्रीमा उठि कालनेमिसित गो * क्यै विघ्न पारूँ भनी ६

कालनेमि वध धान्यमाली उद्धार ।

राजा रावणलाइ रात्रि बिच्मा * देख्यो अकस्मात् जसै सन्मान् खुब् गरि बिन्ती गर्दछ तहाँ * त्यो कालनेमी तसै हे नाथ् ! के परि आज आउनु भयो * यो रात्रिका बीच् यहाँ त्यो बिन्ती सुनि कालनेमिसित सब् * बिस्तार् बतायो तहाँ १ यस्तो भो सुन कालनेमि ! अहिले * लक्ष्मण् गिर्याका थिया तिन्लाई पनि फेर् बचाउन ठुलो * रामचन्द्रले सुर् लिया औषध् लीन भनेर आज हनुमान् * द्रोणाचलैमा गयो चाँडो गैकन विघ्न पार तिमिले * लौ जाउ बेला भयो २ मायाले सुनि भेष् धरेर हनुमान् * लाई भुलाऊ गई सक्न्याछौ तिमिले भुलाउन पनी * योगी सरीको भई यस्तो रावणले हुकुम् जब दियो * लौ बिघ्न गर् जा भनी राम् ईश्वर् बुझि कालनेमी विरले * क्यै बिन्ती पाऱ्यो पनि ३ एती हित् बुझि बिन्ति गर्छु अधिराज् ! * हीतै भन्याको भनी मेरो बिन्ति सधाइ वक्सनु हवस् * होला ठुलो हित् पनि ज्यान्कोआश्पनिकत्तिछैनअधिराज् ! * दीन्याछु यो ज्यान्पनि जीतीन्या तर छैन जान इ त हुन् * चौधै भुवन्का धनी ४ भाई बन्धु मराइ वाँचिकन पो * क्या शोख् छ राजा भई ईश्वर् हुन् पर रामका शरणमा * ऐल्हे तुरुन्तै गई सीता सुम्पि दि हाल् राज्य पनि यो * देऊ विभीषण् गरुन् खुशी भैकन आजदेखि रघुनाथ् * तिम्रो विपत्ती हरुन् ५

जाऊ लौ वनमा र लेउ मनमा * आत्मै विचार्को मति
मायाले त भुलाउँछिन् जगतमा * यस्तैछ तिन्को गति
आत्मा चिन्नु अवश्य पर्छ अधिराज्! * एकाग्र मै ध्यान् धरी
आत्मा चिन्न समर्थ होउ नसक्या * राम् भज्नु एकमन्गरी ६
कौस्तुभ्हार किरीट केयुर अनेक् * भूषण् शरिरमा धरी
आफ्ना यै हृदयारबिन्द बिचमा * राखेर खुप् ध्यान् गरी
सीताराम्कन भज्नुपर्छ अधिराज् ! * राम् हुन् जगत्का पति
ईश्वर् जानि अवश्य छोड तिमिले * यस्तो विरोध्को मति ७
एती बिन्ती गरेर चुप् भइ रह्यो * त्यो कालनेमी तहाँ
अमृततुल्य वचन् सुन्यो तपनि त्यो * लिन्थ्यो अधम्ले कहाँ
रावणले त रिसाइ तेस्कन तहाँ * भन् मार्न मन्सुब् धर्‍यो
मान्यै मन् बुझि कालनेमी बिरले * फेर् बिन्ति ताहाँ गर्‍यो ८
यस्तो क्यान रिसानि हुन्छ अधिराज्! * ऐल्हे तहाँ मै गई
सर्कार्को सब काम बन्दछ भन्या * जान्छु तयारी भई
एती बिन्ती गरेर तेहि बिचमा * उठेर दौड्यो पनि
लाग्यो गर्न उपाय फेरि हनुमान् * फिर्नै नपाउन् भनी ९
रस्तामा गइ एक् तपोवन असल् * त्यसले तयारी गर्‍यो
मायाले फुलको र फल् सहितको * वृक्षादिले बन् भर्‍यो
एक् आश्रम् पनि कल्पना तहिं गर्‍यो * आफू मुनीश्वर् बनी
तैसै आश्रममा बस्यो र हनुमान् * लाई छलूँला भनी १०
तेस्का शिष्य अनेक् थिया वरिपरी * ताहीं हनूमान् गया
क्या देख्याँ अघि कोहि आश्रम यहाँ * थीएन भन्दा भया
कस्को आश्रम हो बुझ्नी जल पिई * जाँला म जल्दी भनी
बुझ्नै खातिर तेहि आश्रमविषे * पौंच्या हनूमान् पनि ११

योगी भैं भइ कालनेमी शिवको * पूजा विधान्‌ले गरी
कुन्‌ रितले हनुमानलाइ ठयुँला * भन्या मनैमा धरी
थियो आश्रम भित्र दर्शन गरूँ * भन्या इरादा धरी
योगेश्वर बुझि भक्ति राखि हनुमान् * ज्यूले नमस्कार गरी १२
छुत् हुँ श्री रघुनाथको म हनुमान् * भन्छन् मलाई पनि
औषध् ल्याउनको हुकुम् प्रभुजिको * हुँदा म आयाँ भनी
सब् वृत्तान्त गरेर जल् पिउनको * इच्छा बहुतै थियो
खोज्या जल् हनुमानले र खुशि भै * तेस्‌ले तहाँजल् दियो १३
आऊ फल् फुल् खाउ पीउ हनुमान् * ठण्डा छ यो जल् पनि
साहै हत्पत गर्नु छैन तिमिले * कैल्हे म जाँला भनी
योगी हुँ सब जान्दछु म अहिले * राम्‌ले नजर् खुप् गरी
लक्ष्मणलाइ बचाइ बक्सनु भ्यो * सम्पूर्ण बाधा हरी १४
बानरको पनि फौज् खडा सब भयो * एती भनेथ्यो जसै
तिर्खा मेटिइन्या नदेखि जलले * बोल्या हनूमान् तसै
तीर्खा ज्यादि छ जल् कमीछ यतिले * मेट्‌तैन तीर्खा पनि
धेरै जल् छ कहाँ बताउनु हवस् * वाहीं त खाँला भनी १५
सून्यो श्री हनुमानको र इ वचन् * क्वै एक् तलाऊ थियो
त्यै देखाउनलाइ एक अगुवा * शिष्यै पठाई दियो
ऐल्हे जाउ र जल् पिएर हनुमान् * फर्‌कैर आऊ यहाँ
केही मन्त्र म दिन्छु त्यो सुनि गया * मिलन्याछ औषध् तहाँ १६
सून्या श्री हनुमानले र इ वचन् * बेस् हो हवस् लौ भनी
पौंच्या जल्दि तलाउमा र हनुमान् * वीर्‌ले पिया जल् पनि
ताँहीं तेहि तलाउ भित्र मकरी * क्वै एक् बस्याकी थिई
खैंची श्री हनुमानलाई निलुँला * भन्या ठुलो सुर् लिई १७

च्यापू च्याति पछारि ताहिं मकरी-* लाई निभाया जसै
स्त्रीको सुन्दर रूप् बनी र बिनती * त्यो गर्न लागी तसै १८
स्वर्गैमा म त अप्सरा अघि थियौं * नाम् धान्यमाली थियो
ब्राह्मणको त शरापले मकरिको * रूप् यो बनाई दियो
तेसै रूपकन मारिबक्सनु हुँदा * आपत्ति मेरो गई
जान्छु स्वर्गविषे म आज हनुमान्! * जस्ताकि तस्तै भई १९
अर्को बिन्ति म गर्छु अर्ति सरिको * त्यो हो हजुरको खुनी
जस्लाई सुनि भन्नुहुन्छ हनुमान्! * थीयो कहाँ त्यो सुनी
औषध् लीन गया छ आज हनुमान् * लौ विघ्न गर् जा भनी
रावणले उपदेश् दियो र बलवान् * त्यो कालनेमी पनि २०
विघ्नै गर्न भनेर आइ अहिले * यो चाल तेस्ले गऱ्यो
तेस्लाई तहिं मारि औषधि पनी * लैजाउ वेला टऱ्यो
यो बिन्ती गरि इन्द्रका हजुरमा * त्यो धान्यमाली गई
आश्रम्मा हनुमान् फिऱ्या उहिबखत् * केही नजान्न्या भई २१
देख्यो श्री हनुमानलाई नजिकै * आई पुग्याको जसै
मेरो काम् अब सिद्ध गर्दछु भनी * त्यो बोल्न लाग्यो तसै
ऐल्हे दिन्छु म सिद्ध मन्त्र हनुमान् * यो मन्त्र लेऊ पनि
देऊ लौ गुरु दक्षिणा पनि ठुलो * मेरा गुरु हुन् भनी २२
बल्छाम्का इ वचन् सुनेर हनुमान् * बीरमा उठ्यो रिस् पनि
हान्या मुड्कि उठाइ तेहि बिचमा * लौ दक्षिणाले भनी
पायो चोट् तहिं मुड्किको र मुनिभेष् * तेस्को तुरुन्तै गयो
जस्तो राक्षसको स्वरूप् अघियायो * सोही स्वरूपको भयो २३
माया राक्षसको अनेक् तरहको * त्यो गर्न लाग्यो जसै
हान्या मुड्कि उठाइ फेरि शिरमा * ताहीं मऱ्यो त्यो तसै

एति कामा गरेर जल्दि हनुमान् * द्रोणाचलमा गया
पर्वत् बोकि तुरुन्त फर्कि सहजै * लङ्का तरफ्तो हिंड्या२४

भरत.ले हनुमानको भेंट,हनुमानले सूर्यलाई काखी च्याप्नु।

द्रोणाचल् गिरिलाई बोकि हनुमान् * फर्की रह्याका थिया
आकाशमार्ग गरी उडीकन तिनी * लङ्का तरफ् मै गया
हात्मा बाण धनुष् लिई भरतजी * बस्थ्या अयोध्या महाँ
उर्दछ आइपुग्या त्यहीं ति हनुमान् * देख्या भरतले तहाँ १
राक्षस् हो भनि भान् परेर तिनले * एक् बाण हान्या जसै
राम्को नाम लिदै स्वस्या ति हनुमान् * पृथ्वी तलमा तसै
हेर्‍या फैरि भरतजिले गह् तहाँ * राम्नाम् सुन्याथ्या जब
राम्को भक्त बुझेर हाल जति हो * राम्को सुध्याया सब २
सीताजी हरिनू मित्यारि गरिनू * सुग्रीवका सङ् अनी
लङ्का पुगनु र युद्धको सकल हाल् * खोलेर बिस्तार् भनी
शक्ती लक्ष्मणलाइ लागि ति मया * मूर्छित् र त्यै कारण
औषध् सञ्जिविनी न चीन्ही गिरिनै * लग्दोछु ऐले पुनः ३
रात्रीमै यदि औषधी परिगया * बाँच्छन् ति लक्ष्मण भनी
आँसू खूब गिराइ ती कपिशले * बिन्ती गर्‍या सब अनी
यस्तो बात् कपिको सुनि भरतले * पर्वत् सहितनै तहाँ
पौंचाया तिनलाइ बाण् बिच धरी * तत्काल लंका महाँ ४
द्रोणाचल् लिइ ती कपीश प्रभुका * सामूने पुग्याथ्या जब
देखि काखिबिषे दिवाकर तहाँ * आश्चर्य मान्या खुब
रामले सोध्नु भयो कपीश! तिमिले * श्री सूर्यलाई किन
च्याप्यौ काखि महाँ बताउ सबत्यो * उत्सुक छ मेरो मन ५
भन्छन् ती हनुमान् बुझाइ सब यो * हे नाथ! सञ्जीवनी
खोज्दा डर् हुनगो मलाइ अतिनै * रात् बित्न लाग्यो भनी

तस्मात् सूर्याजिका गएर सँगमा * अत्यन्त नम्रित बनी
बिन्ती खूबगरी भन्यौं उनि अलिक् * ढीलो उदाउन् भनी ६
धेरै बिन्ती गऱ्यौं परन्तु रविले * ध्यानै दियानन् जब
रामको भक्तम हुँ भन्या इ अहिले * कास्वीविषे हुन् तब
मन्दैमा उनि कास्विमा हुनगया * आयाँ लिइ साथ् महाँ
रामले त्यो सुनि सूर्यको स्तुति गरी * बीदा दिनुभो तहाँ) ७
खुशी खुब् रघुनाथ् तहाँ हुनुभयो * औषध् सुषेणले गऱ्या
बाधा लक्ष्मणको सबै जतिथियो * त्यो औषधीले हऱ्या
रावण् माथि दगा धरेर सहजै * लक्ष्मण् उठ्याथ्या जसै
बाँच्या भाई दया गऱ्यौ र हनुमान् * भन्न्या हुकुम्भो तसै ८

रावणको त्रास।

संग्रामको मतलब गरेर रघुनाथ् * सामुने हुनूभो तब
बानरको पनि फौज् सबै अघि सऱ्यो * त्यो भूमि रहन्थ्यो कब
जस्तै सर्प गिराउँछन् गरुडले * सोही तमाशा गरी
रावणलाइ गिराइबक्सनु हुँदा * गीरेर मूर्छा परी १
उठी दुःख बहुत पाइ मनले * हारी गयाको थियो
श्री रामचन्द्रजिको प्रचण्ड बल सब् * बुझ्न्या लहड् खुपलियो
बेस् सिंहासनमा बसी सकल बीर् * राख्वी सभा खुब् गरी
लाग्यो भन्न म मर्छु हेर बिरहो ! * रामुका अगाडी परी २
राम् नारायण हुन् अवश्य बुझिल्यौ * चौधै भुवनका धनी
मानिसको अवतार लिया प्रभुजिले * मार्छन् मलाई पनि
मानिस् देखि त मनुपर्छ मर्यिले * ब्रह्माजिको वर् छ यो
मानिस भै रघुनाथ् सऱ्या अघि भन्या * काल् टार्न सक्न्याछको ३
राजा वीर अनरण्य सूर्य कुलमा * क्वै एक् महात्मा थिया
मैले व्यर्थ विरोध गऱ्यौं र उ बखत् * तिन्ले शराप् यो दिया

मेरा वंश महाँ अवश्य अवतार * नारायणैले लिनन्
तेरो राक्षस वंश मारि सहजै * तैंलाइ मारी दिनन् ४
दीया एति शराप् र तेस् बखतमा * राजा बिती पो गया
सोही पूर्ण गराउनाकन यहाँ * श्री राम् तयारी भया
आया श्री रघुनाथ् मलाइ अहिले * मार्ने इरादा धरी
मार्छन् निश्चय आज मर्छु सहजै * रामका अगाडी परी ५
भाई मूर्खछ कुम्भकर्ण अझ तक् * यस्तो पऱ्यो ता पनि
सूत्याकै छ उठाइ ल्याउ अहिले * चाँडो हुकुम् भो भनी
हुकुम् पाइ बड़ाबड़ा बिर गया * ल्याऊँ उठाई भनी
पौंची जल्दि उठाइ झट् हजुरमा * ल्याई पुऱ्याया पनि ६

रावणले कुम्भकर्णकाई युद्धमा पठाउनु ।

पाउमा परि कुम्भकर्ण बलवान् * सामूने बसेथ्यो जसै
रावणले पनि दीन् वचन् गरि सबै * बिस्तार् सुनायो तसै
हे भाई ! सुन कुम्भकर्ण ! अहिले * आपत् मलाई पऱ्या
छोरा नाति समेत् बड़ा बिरहरु * ऐल्हे बहुतै मऱ्या १
प्राणको अन्त्यहुन्या बखत् भइगयो * बाँच्न्या उपायै कहू
राम् शत्रू बलवान् बुझिन्छ तिमिले * साहै चनाखो रहू
गम्भीर् एहि समुद्रमा पनि सहज् * साँघू लगाई तऱ्या
बानरको सबफौजसमेत् तरि यहाँ * घेर् वीरको नाश् गऱ्या२
बाँनर् देख्छु म बीर् अनेक् तरहका * सूरा लडाकी बड़ा
हाम्रा लश्करका अनेक् बीर मऱ्या * बाँनर् सबै छन् खड़ा
तिन्को नाश् गरिसक्नु देख्तिन यहाँ * कौनै उपायै गरी
नाश् तिन्को तिमिले गराउ अहिले * चाँडो अगाडी सरी ३
रावणले इ वचन् बिलाप सरिको * बोली सकेथ्यो जसै
हाँस्यो खुप्सित कुम्भकर्ण र तहाँ * बिन्ती गऱ्यो साफ् तसै

कुम्भकर्णलाई रावणसहरुले
सिंहनाद गरी उठाएको ।।



श्रीरामचन्द्र र कुम्भकर्ण युद्ध।

मैले क्यागरुँ बिन्ति आज अधिराज! * पैल्हे गऱ्याथ्याँ पनि
राम् नारायण हुन् सिता प्रभुजिकी * हुन् योगमाया भनी ४
मेरो बिन्ती सधेन तेस् बखतमा * भन् खुप् रिसानी भयो
तेस्को यो फल हो अवश्य अधिराज! * त्यो मंत्रिको ज्यान् गयो
एक् दिन् पर्वतका उपर् शिखरमा * थीयाँ म रात्री महाँ
नारद्जीकन मध्यरात्रि बिचमा * देख्याँ अकस्मात् तहाँ ५
सोध्याँ आउनु भो हजुर् किन यहाँ * जानू छ काहाँ भनी
मेरो बिन्ती सुनेर सब् ति ऋषिले * बिस्तार् बताया पनि
बिस्तार् लौ सुन कुम्भकर्ण! अहिले * जीतेर सब् लोक् लियो
इन्द्रादीहरुलाइ दुःख तिमिले * अत्यन्त साह्रै दियो ६
सब् इन्द्रादि ति विष्णुका हजुरमा * पौंची शरणमा पऱ्या
यो रावणकन मारिदेउ भगवान् * भन्न्या त बिन्ती गऱ्या
ब्रह्माको बरदान् छ मर्नु तयिंले * मानिस देखी भनी
मानिस् भेकन मारिबक्सनु हवस् * मन्याछ रावण् पनि ७
एती बिन्ति गरेर देवगण सब् * पाऊ पऱ्याथ्या जसै
सोही रितसित मारुँला भनि हुकुम् * श्री विष्णुको भो तसै
सोही बात् परिपूर्ण गर्न रघुनाथ् * ऐल्हे तयारी भया
मान्यांछन् तिमिलाइ निश्चय भनी * उठेर नारद् गया ८

तस्मात् अवश्य रघुनाथ्कन देव जानी
इ वैरि हुन् भनि यहाँ रति भर् नमानी
यो बैरभाव तिमिले अब छाडि देऊ
भक्ती गरी भजनको मति आज लेऊ ९

भक्ती मुख्य छ सर्व साधन महाँ * भक्तीछ सब् ज्ञान् दिन्या
भक्तीले सब मुक्त हुन्छ दुनियाँ * यो नित्य जानी लिन्या

भक्तिहीन् भइ कर्म गर्दछ भन्या * त्यो निष्फलै हो भनी
जानौं श्री रघुनाथका चरणमा * भक्ती लगाऊ पनि १०
हजारन् अवतार छन् प्रभुजिका * रामावतारले सरी
अर्को छैन भजन् गऱ्यो पनि भन्या * जस्का भजन्ले गरी
जान्छौं दुःख कतै नपाई सहजै * संसार सागर् तरी
सोही धाम् पुगि जाउ पूर्ण खुसले * जाहाँ रहन्छन् हरि ११
जो रामचन्द्रतिर रातदिन चित्त धर्छन्
रामको चरित्र पढि खुपूसित मगन पर्छन्
तिन्का ति कर्मवशका सब पाप छुट्छन्
बैकुण्ठका सकल सौख्य तिनै त लुट्छन् १२
सून्यो बिन्ति र कुम्भकर्ण विरको * साहै रिसायो पनि
लाग्यो भन्न तँलाइ डाकिन यहाँ * ज्ञान् सुन्न देलास् भनी
जस्तो भन्छु म सोहि मान्नुछ भन्या * गर् युद्ध साम्ने सरी
सुलाको मतलब् छ पो पनि भन्या * जा सुत् पलङ्मा परी १३
रावणको इ वचन् सुनेर अहिले * साहै रिसाया भनी
क्यै उत्तर नगरी उठीकन गयो * खुब् लड्न आँट्यो पनि
पखाली नाघि गयो र लड्नकन सुर् * बाँधी करायो जसै
काले तुल्य बुझेर बानरहरू * साहै डराया तसै १४
वीर् वीर् बानरलाइ पक्षि मुखमा * हाल्दै र निल्दै गयो
पाँख् लागीकन पर्वते उडि तहाँ * आई गया भैं भयो
सक्न्या कुन् अघि टिकन तेस् बखतमा * तेसका अगाडी सरी
बानरको सब फौज् तहाँ हटि गयो * साहै सकस्मा परी १५
दाज्यू भनी तहिं विभीषण भेटन आया
पाऊ परीकन बहुत् गरि बिन्ति लाया

कान्छो विभीषण म हुँ करुणा म पाऊँ
लङ्कामहाँ मकन बस्न मिलेन ठाऊँ १६
सीता नराख घरमा तिमि सुम्पि देऊ
रामचन्द्रलाइ परमेश्वर जानि लेऊ
बिन्ती गऱ्यौं यति र लात पनि मारि लीया
निक्ली त जा भनि मलाइ निकालि दीया १७
चार मन्त्रि साथ निस्कि म याहि आयाँ
श्री रामका शरणमा परि बिन्ति लायाँ
हुलो दया गरिलिया प्रभुले मलाई
आजकाल खुशी छु रघुनाथ सित बस्न पाई १८
बिन्ती विभीषणजिको जब सूनिलियो
भाई चिन्हीकन खुशी भइ काख लीयो
भाई ! चिरञ्जिवि रह्या तिमि दैव जानी
रामचन्द्रको गर भजन अति हर्ष मानी १९
खुब भक्त छौ बुझिलियाँ तिमिलाई भाई !
मन्थ्या चिकेर अघि नारदले मलाई
साँचो भयो ति ऋषिले जति हो मन्याको
प्रत्यक्ष देख्छु तिमि भक्त बड़ो बन्याको २०
भाई ! बिभीषण ! परै रह्नु जल्दि जाऊ
संग्रामको बखत्मा नजिकै नआऊ
यसतो बचन सुनि बिभीषण फर्कि आया
थामी नसक्नु भइ आँशु पनी खसाया २१

कुम्भकर्ण वध।

बीदा भै जब ती बिभीषण फिऱ्या * यो फौज गिराऊँ भनी
लाग्यो घुम्न र कुम्भकर्ण बिरले * घेर फौज गिराय्यो पनि

बाँदरको सब फौजलाई बलले * थिच्दै र मिच्दै गयो
को सक्थ्यो अघि टिक्न तेस् बखतमा * खुब् नाश गर्दो भयो १
मुद्गर हाथ विषे लिएर रिस्ले * त्यो घुम्न लाग्यो जसै
फौज्को नाश् बहुतै गऱ्यो र रघुनाथ् * साहै रिसाया तसै
बायव्यास्त्र उठाइ मुद्गर समेत् * हातै खसाल्छू भनी
हान्या श्री रघुनाथले र सहजै * काटी खसाल्या पनि २
गीऱ्यो हात् जब कुम्भकर्ण विरको * मुद्गर सहित्को तहाँ
ठ्लो शब्द गरेर फेरि रिसले * आयो प्रभू छन् जहाँ
शाल्को वृक्ष उखेलि हान्न भनि त्यो * आयो नजीक्मा जसै
सोही हात् पनि काटि वक्सनु भयो * वानर् भया खुश् तसै ३

हातै गिऱ्यो जब द्वै तब खुब् करायो
साहै रिसाइ रघुनाथ्तिर दौडि आयो
फेर् अर्धचन्द्र सरिका दुइ बाण लीया
गोड्ा पनि सहज काटि खसाल्ि दीया ४
हात् पाउ केहि नहुँदा अति दुःख पायो
मुख् बाइ राम्कन निलूँ भनि धाइ आयो
राम्चन्द्रले पनि मुखै भरी बाण हान्या
त्यो देखि फौजहरुले अति हर्ष मान्या ५
यै रीत् गरेर अघिबाट थला बसाया
फेर् हानि इन्द्रशरले शिर नै खसाया
ढोका थुन्यो शेहरको शिरले र ताहाँ
ज्यू उफ्रि गैकन पऱ्यो र समुद्रमाहाँ ६
ग्राहादि जन्तु मिचि नाश् बहुतै गरायो
इन्द्रादि देवगणको पनि ताप् हरायो

खुब् पुष्पवृष्टि रघुनाथ उपर् गराया
रामलाइ भेट्न भनि नारद ताहिं आया ७

नारदले स्तुति खुबगऱ्या प्रभुजिको * नारायणै हुन् भनी भोली देखि हुन्या कुरा जति थियो * सो सब् बताया पनि
हे नाथ! वीर् यहि कुम्भकर्ण विरहो * यो ता सहजमा गयो हुलो वीर् अब इन्द्रजित् छ उसको * लौ भोलि वेला भयो ८
भोली मर्दछ इन्द्रजित् पनि यहाँ * लक्ष्मणजिका हात् परी आफैं मार्नु हुन्याछ रावण भन्या * पर्सी लडायीं गरी
देख्नन्याछन् मुनि देव सिद्धगणले * त्यो सब् तमाशा भनी नारद् ताहिं बिदा भई गइ गया * फेर् ब्रह्मलोकमा पनि ९
रावणले पनि कुम्भकर्ण त मऱ्यो * भन्या सुनेथ्यो जसै साहै दुःखित भै बिलाप् पनि गरी * मूर्छा पऱ्यो फेर् तसै
रावणलाइ बुझाउनाकन अघी * त्यो इन्द्रजित् वीर् सऱ्यो जल्दी बिन्ति गऱ्यो खडैछु म छँदै * कुनतापहजुरमा पऱ्यो १०

शक्ति प्राप्त गर्न गरेको इन्द्रजीतको होममा विघ्न र इन्द्रजीत वध ।

शत्रूको भय आज कत्ति नरहोस् * ई शत्रु मै मारुँला सब् शत्रूहरु मारि ताप् हजुरको * चाँडै सहज् टारुँला
होम् गर्छु अब कुम्भिला-स्थलमहाँ * ऐलहे तुरुन्ते गइ होम् सम्पूर्ण भया मलाइ अहिले * अग्नी प्रसन्नै भई १
दीन्याछन् हतियार् तिनै लिइ गई * संग्राम गर्छु जसै कुन् साम्ने भइ टिक्ल तेस् बखतमा * सब् नाश हुन्छन् तसै
एती बिन्ति गऱ्यो र होम् गरुँ भनी * उठेर जल्दी गयो भक्ती खुब् गरी कुम्भिला-स्थल महाँ * होम् गर्न लाग्दो भयो २
सून्या त्यो समचार् बिभीषणजिले * होम् गर्न लाग्यो भनी सब् बिस्तार् रघुनाथका हजुरमा * गै बिन्ति पाऱ्या पनि

ऐल्हे हे रघुनाथ ! इन्द्रजितले * होम् गर्न लाग्यो भनी
सुन्यौं यो र म बिन्ति गर्न आहिले * आयौं हजुरमा पनि ३
होमको विघ्न त गर्नु पर्छ रघुनाथ् ! * होम् सिद्ध पाऱ्यो भन्या
राक्षस् यो जिति सक्नु छैन कहिले * ई सब् अजेयै बन्या
लक्ष्मणलाइ मलाइ बचाउनु भई * हुकुम् हवस् लौ यहाँ
मार्छन् लक्ष्मणले गएर अहिले * त्यो बाँच्न सक्ला कहाँ ४
एती बिन्ती सुनी हुकुम् हुन गयो * जान्छु म मार्छु भनी
फेरी बिन्ति गऱ्या बिभीषणजिले * यसतो छ यो विर् पनि
साँढे केहि नखाइ कत्ति नसुती * रातदिन् नियम् खुकुरी
जसको बितदछ बाह्र वर्ष उ पुरुष् * त्यसका अगाडी सरी ५
त्यसको प्राणलिन्याछ यो छ वरदान् * त्यसलाइ यसले गरी
मारी सक्नु कदापि छैन अहिले * कोही अगाडी सरी
रातदिन् कत्ति नखाइ कत्ति नसुती * सब् दिन् रह्याका यहाँ
लक्ष्मणछन् अबलौ हुकुम् दिनु हवस् * त्यसलाइ मार्नु तहाँ ६

ईश्वर् प्रभु हौ रघुनाथ ! भाई
लक्ष्मण् त शेष् हुन् कसरी जनाई
भू-भार हर्नाकन जन्म लीयौ
यो रूप् भजन् गर्न बनाइ दियौ ७

रामले मर्जि भयो बिभीषण् तरफ् * हेरेर यो बात् पनि
साँचो बिन्ति गऱ्यौ म जान्दछु सबै * त्यो वीर् छ तेसुतो भनी
हिंड्दै देखि नखाइ कत्ति नसुती * लक्ष्मण् रह्याका पनि
जानी जानि म चुपऱ्याँ किन भन्या * लाग्न्याछ योकाम् भनी
लक्ष्मणलाइ पनी हुकुम् तहिं भयो * भाई ! तयारी भई
केही फौज् पनि साथमा लिइ तहाँ * ऐल्हे तुरुन्तै गई


चाँडै प्राण् लिइहाल इन्द्रजितको * जान्छन् विभीषण् पनि सबैको छिद्र बताउनन् बखतमा * यस्तो छ याहाँ भनी ९
हुकूम् यो रघुनाथको सुनि धनू * लीई तयारी भया रामको पाउ समाइ लक्ष्मण् तहाँ * क्यै भन्न लागी गया
मेरो वाण् अब इन्द्रजीत बिरको * प्राण्लाइ चाँडो हरी पाताल् भोगवती महाँ पुगी तहाँ * निर्मल् हुनन् स्नान्गरी १०
एती विन्ति गरी घुमी वरिपरी * लक्ष्मण् चरणमा पऱ्या बीदा भै रघुनाथको हुकुमले * साइत् तुरुन्तै गऱ्या
केही फौज् लिइ जाम्बवान् र हनुमान् * अङ्गदहरू साथ् गया पौंच्या जल्दि र इन्द्रजीत विरको * फौज्लाइ देखूता भया ११

हुकुम् शिरोपर धरीकन जल्दि पौंची
लक्ष्मण् अघी जब सऱ्या धनुलाइ खैंची
लश्करहरू पनि अगाडी सरेर धाया
ताहाँ विभीषण अघी सरि विन्ति लाया १२

कालो मण्डल देखिइन्छ अघि जो * त्यो फौज हो बीरको टुक्टुक् पारि गिराइवक्सनु हवम् * सब् वीरका शीरको
ऐले जल्दि नहानि वस्सनु भया * होम्सिद्ध गर्न्या छ यो होम्को सिद्धगऱ्यो भन्या पछि यहाँ * जीनी नसक्नु छ त्यो १३
त्यस् फौज्लाइ गिराइवक्सनु भया * त्यो इन्द्रजीत् वीर् पनि होम् छोड्दीकन लड्न आउँछ यहाँ * त्यो फौज् गिरायो भनी
एही युक्ति तहाँ विभीषणजिले * विन्ती गऱ्याथ्या जसै लक्ष्मणले पनि सैन्यमाथि शरको * वृष्टी गराया तसै १४
वानरले पनि वृक्ष पर्वत शिला * फौज्माथि फ्याँक्या जसै राक्षसको पनि फौज अघी सरिसरी * खुब् लड्न लाग्यो तसै

लक्ष्मणले शरले अनेक तरहले * मारेर नाश्या भनी
साहै क्रोध गरेर इन्द्रजित वीर * होमछोडि आयो पनि१५
पक्का बेस् रथमा चढी धनु लिई * साम्ने अगाडी, सरी
लाग्यो लक्ष्मणलाइ भन्न अब हेर् * मेरा अगाडी परी
आँटिस् मर्न भन्यो रताहिं नजिकै * थीया बिभीषण पनि
तिन्लाई पनि खुब् भन्यो तँ कुलको * शत्रू अधम् होस् भनी१६

एती भन्यो र रिस्ले रथमा बस्याको
सबलाइ जित्न भनि कम्बर खुब् कस्याको
केही नटेरि अरु बानरलाइ हेलाँ
साहै गराइकन भन्छ पऱ्या इ फेला १७
बाण् हानि प्राण सबको म हरेर लिन्छु
तिम्रो शरीर् पृथिविमा म गिराइ दिन्छु
यस्तो वचन् सुनि ति लक्ष्मणजी रिसाया
हानेर बाण् तहिं तुरुन्त थला बसाया १८
मूर्छा पऱ्यो दुइ घड़ी र खुरुक्क ऊठ्यो
लाल्-लाल् नजर् गरि रिसाइ अगाड़ी छूट्यो
मेरो पराक्रम रतीं नबुझेर पैल्हे
हानिस् पराक्रम तँ लौ बुझिलेन ऐल्हे १९
एती भन्यो र मनले अति वीर मानी
लक्ष्मणजिलाइ तहिं सात् शर जल्दि हानी
दश् बाणले त हनुमान् विरलाई हान्यो
भन् मुख्य शत्रु त बिभीषणलाइ ठान्यो २०
हान्यो फेर् सयशर् बिभीषण उपर् * एती गरेथ्यो जसै
काट्या लक्ष्मणले कवच् शरिरको * त्यो इन्द्रजित्को तसै



१ मेघनाद हनुमान युद्ध ।

२ मेघनादको यज्ञाकाई लक्ष्मणले विध्वंस गरेको ।

३ रावणले लक्ष्मणकाई बाणहानी मूर्छा पारेको ।

४ लक्ष्मण मूर्छा पर्दा रामले शोक गरेको ।

हजार् शरूकन हानि लक्ष्मणाजिको * गाय्को कवच्को पनि
टुक्टुक् पारि गिराउँदो तहिं भयो * मेरो गिरायो भनी २१
लक्ष्मणले पनि फेरि पाँच शरले * घोड़ा र रथ् सुत् धनू
काट्दा बच्सनुभो उसै बखतमा * अर्को उठायो धनू
फेर् तेसै धनुलाइ काटिदिनु भो * तीन् बाणले फेर् धनू
लियो लक्ष्मणलाइ धेर शरले * हान्यो किट्यो क्या भनूँ २२
बाणैले गरि सब् भच्यो दश दिशा * बानर् सकसूमा पऱ्या
लक्ष्मणले पनि इन्द्रजीत विरको * प्राण्लीन मन्सुब् गऱ्या
जुन् इन्द्रास्त्र थियो उहि धनुमहाँ * लाई अगाडी सऱ्या
चिन्तन् श्रीरघुनाथको गरि तहाँ * जल्दी प्रतिज्ञा गऱ्या २३
धर्मात्मा यदि सत्य दाशरथि छन् * हुन् नाथ् जगत्का धनी
साँचै ता अब इन्द्रजीत् यहिं मरोस् * एसै शरैले भनी
छोड्या बाण र इन्द्रजीत् विरको * शीरै खसाया जसै
इन्द्रादीहरु पुष्पवृष्टि खुशी भै * खुब् गर्न लाग्या तसै २४
हर्षैले नगरा बज्यो पृथिविको * जुन् भारि हो सो गयो
हर्षैले 'जय' शब्दको ध्वनि पनी * ताहाँ बढ्दै भयो
लक्ष्मणले पनि शंखको ध्वनि र खुब् * टङ्कार् धनूको गऱ्या
बानरले बढ्दै गऱ्या स्तुति तहाँ * आनन्दमा सब् पऱ्या २५
लक्ष्मणजी सब फौज् लिएर रघुनाथ् * ज्यूको हजुरमा गया
पाउमा परि दण्डवत् गरि तहाँ * सब् बिन्ति गर्दा भया
खुशी खुब् हुनुभो सुनेर रघुनाथ् * हुकूम् भयो बेस् गऱ्यौ
मार्यौ इन्द्रजितै त आज तिमिले * सब् शत्रुको मूल् हऱ्यौ २६
मेरो शत्रु अवश्य छैन अब बीर् * जुन् वीर हो सो गयो
यस रावणकन मार्नलाइ सजिलो * यो वीर मर्दा भयो

ऐल्हे युद्ध हुँदा म माछ्छे सहजै * भन्न्या हुक्कुम् यो भयो
रावणले पनि यो सुनेर समचार * मूर्छा तहाँ भै गयो २७

(क्षेपक मुन्शा होमनाथात्मज पं० केदारनाथ कृत) सती सुलोचना सम्वाद ।

(काट्याथ्या जब हात इन्द्रजितको * लक्ष्मणजिले रण महाँ
बेग्लें हात उडेर त्यो गई खस्यो * त्यसको थियो घर जहाँ
त्यसकी रानि सुलोचना तहिं थिइन् * कस्को खस्यो हात भनी
बुझ्ना खातिरमा लिएर सँगिनी * दौड़िन् ति आफैं पनि
त्यो हातलाई चिन्हेर आफ्नु पतिको * साह्रै ठुलो शोक भरी
हे नाथ ! देख्छु म क्या भनेर मुखले * लोटिन् ति मूर्छा परी
मूर्छा केहि परेर चेत जब भयो * फेरी उसै बिच् महाँ
लागिन् गर्न बिलाप ती अति ठुलो * यसता प्रकारले तहाँ २
क्या आश्चर्य छ हेर जुन् इ पतिले * ठुलो पराक्रम् गरी
धौता दानवहेरु सबकन जित्या * कुन् हाल् भयो यो घरी
स्वर्गैमा गइ इन्द्रलाइ जसले * बाँधेर ल्याया यहाँ
यो हात् हो उनकै भनेर मयिंले * मान्नू कउन् रीत्महाँ ३
बाह्रै वर्ष नखाइ कत्ति नसुती * ब्रत् गर्दछन् जो अति
तेस्ता जन्हरु देखि मात्र रणमा * मर्थ्या इ मेरा पति
तेस्तो कुन् अहिले थियो र रणमा * इन्को यहाँ ज्यान् गयो
भन्न्याले अहिले मलाइ बह्नै * सन्देह मन्मा भयो ४
साँचै छ म पतिव्रता यदि भन्या * आफ्नू हवाल् हो जति
यै हात् लेखि लिन्या छ आज करुणा * राखी म माथी अति
रावणकी ति बुहारिको वचन यो * सूनी लियाथ्या जसै
ल्याई पाटि खरी तहाँ धरिदिया * केटीहरूले तसै ५
सामने ती सबका उठेर उहि हात * त्यो इन्द्रजीत्को तहाँ
लाग्यो लेख्न खरी लिएर इ कुरा * फेरी उसै बिच् महाँ

हे कल्याणि ! इ राम लक्ष्मण हुवै * हुन् चौधलोक्का पति
मानिस् भैकन जन्मि पृथ्वि तलमा * हाम्रो गरायो क्षति ६
यो समचार् तिमिलाइ नै दिन भनी * यो हात् खसायाँ यहाँ
मेरो शीर छ यस् बखत् बुझिलिया * रामचन्द्रका सङ् महाँ
त्यो शीर्लाइ मगाइ साथ उसकै * आगो जलाई पसी
भस्मै आफ्नु शरिर् गराउ म बिना * कुन्सुखछ लोक् मा बसी७
लेखी यै रितका अनेक् अरु कुरा * त्यो हात् खसेथ्यो जसै
देखि सोहि सुलोचनाकन भयो * विश्वास मन्मा तसै
स्वामीका सँगमा म जान्छु सति भै * भन्न्या विचार्ले गरी
शोक् सुर्ता सब छोड्दिएर मनको * खुशीभइन् त्यै घरी ८
रावण्की ति बुहारि रानि पनि फेर् * वीर् इन्द्रजित्की ति हुन्
छोरी वासुकी नागकी ति हुनगै * कमती थियो बात कुन्
तिन्को किन्नर अप्सराहरु टहल् * गर्थ्या तथापी पनि
आँटिन् ती सति जान स्वामी न भई * व्यर्थै छ यो सुख् भनी९
आफ्नू जो धन रत्न दौलत थियो * तिन्ले निकाली लिइन्
साह्रै खुशि भएर त्यै बखतमा * सबलाई बाँडी दिइन्
पाल्कीमा चढि हात् लिएर पतिको * फेरी उसै बिच् महाँ
लागिन् जान विदा म हुन्छ भनि ती * रावण् रहन्थ्यो जहाँ१०
त्यो समचार् जब फैलियो शहर भर् * सब् पौरवासी हरू
लाग्या पाल्कि पछाडि शोक्गरि ठुलो * छोड़ी सबै काम् अरू
बाजाहेरु बजाइ फौज् पनि ठुलो * सङ्मा गयाको थियो
रावण्लाइति शत्रु हुन्कि भनि खुब् * शङ्का गराई दियो ११
सोही कारणले हुकुम् हुनगई * त्यो रावणैको तहाँ
दौड्यो फौज उसै तरफ् अति ठुलो * अस्त्रै लिइ हात् महाँ

चौतर्फ तिरबाट घेरिकन गै * त्यो फौज पौंची गयो
देखेय्यो ति सुलोचनाकन जसै * अत्यन्त लज्जित भयो १२
त्यसरितले ति सुलोचना जब पुगिन् * रावण् रहन्थ्यो जहाँ
हात् जोडिकन बिन्ति यो गरिलिइन् * तिन्ले उसै बिच् महाँ
हे नाथ् ! बाह्रलि यो उडेर पतिको * मेरो घरैमा भरी
लेख्तो भो जति बात् म भन्दछु सबै * सुन्नू हवस् यो घरी १३
हैनन् मानिस राम लक्ष्मण दुवै * हुन् चौधलोकका पति
मानिसको अवतार लिएर अहिले * हाम्रो गराया क्षति
मेरो शिर् रघुनाथले छ अझतक् * राखी लियाको तहाँ
मागील्यौ शिर त्यो गएर तिमिले * ती नाथका सङ्महाँ १४
मेरो त्यो शिर ल्याई सोहि शिरका * सङ्मा सती भै गई
चाँडो आउ तिमी पनि म सित लौ * दिव्यै स्वरूपकी भई
लेखी एति कुरा मलाई पहिले * फेरी उसै बिच् महाँ
निश्चल भैकन भूमिमा गिरिगयो * यो स्वामिको हात् तहाँ १५
सोही कारण रामचन्द्रसित लौ * मागछ म त्यो शिर् गई
आज्ञा बक्सनुहोस् मलाइ अधिराज् * चाँडो हजुर् खुश् भई
यस् रितले ति सुलोचना गइ तहाँ * बिन्ती चढाइन् जसै
लाग्यो रावण भन्न ताप् गरि ठुलो * तिन्लाइ यो बात् तसै १६
भर् गरिकन मैले भाइ छोराहरुको
लड्न न गइ आज् तक् बल् बुझ्यौं ती अरुको
जब त ति कन मार्‍या बानरैले नरैले
कसरि भनु म बीर् हुन् ती सबैलाई ऐल्हे १७
भन तिमि अरु कोक्नू वीर मेरा समान
तिनिहरु सब जस्तो यो मलाई न ठान

त्रिभुवन भरिमा जो वीर छन् मुख्य ऐल्हे
लड़िकन सहजैमा वश् गऱ्याको छु मैले १८
नल निल हनुमानै राम लक्ष्मणहरूको
कतल गरि सहज् शिर् शत्रुपत्नी अरूको
यहिं घरि तिमिलाई ल्याई सुम्पन्छु याहाँ
तिमिकन किन पर्ला जान तेस् ठाउँमाहाँ १९
शेखीका ति कुरा जसै सुनिलिइन् * त्यो रावणैको तहाँ
लागिन् भन्न सुलोचना वचन यो * फेरी उसै बिच्महाँ
जसूले गर्व हऱ्या सहज्सित यहाँ * श्री परशुराम्को पनि
तेसूता राम्कन भन्नु हुन्छ कसरी * सामान्य मानिस् भनी २०
नाघी चार समुद्रलाइ जसूले * आएर लंका महाँ
भस्मै यस् पुरिको सहज् गरिदिया * सामूने हजुरका यहाँ
जसूका माफिक कोहि छैन बलवान् * ती वायु पुत्र पनि
आज्ञा हुन्छ हजुर् कसोरि अहिले * सामान्य बानर् भनी २१
यसूतो बुद्धि लिएर जो हजुरले * सीताजि हर्नू भयो
तेसैले सब पुत्र भाइहरूको * ऐल्हे यहाँ ज्यान् गयो
रावणलाइ सुनाइ एति पहिले * फेरी उसै बिच्महाँ
तेस् ठाम् देखि उठेर ती चलिगइन् * मन्दोदरी छन् जहाँ २२
सामूनेमा गइ सासुको ति पहिले * पश्री चरणमा परिन्
जसूतो आफ्नु हवाल हो सकल त्यो * खोलेर बिन्ती गरिन्
सब् बिस्तार बुहारिको सुनि तहाँ * मन्दोदरीले पनि
सम्झाइन् सति जान हुन्न तिमिले * मुख् हेरि मेरो भनी २३
मानीनन् ति सुलोचना जब तहाँ * कौनै प्रकारले गरी
लागिन् फेर् पनि भन्नलाइ इ कुरा * मन्दोदरी त्यो घरी

हे कल्याणि ! बिचार जो छ तिमिले * ऐल्हे गर्न्याको यहाँ
साँचै हो बढिया छ सब् तरह त्यो * तिम्रा निमित्तैमहाँ २४
भेटी नारदजी अगाडि इ कुरा * भन्यथा मलाई पनि
श्री रामचन्द्र भई अवश्य भगवान् * औतार् लिन्याछन् भनी
मर्नन् रावण कुम्भकर्ण अरु सब् * हात् देखि तिन्कै यहाँ
गर्नन् राज्य विभीषणै सकल यो * बाँचेर लङ्का महाँ २५
हन्यो त्यो ऋषिको कुरा किनभुठो * त्यै कारणैले गरी
मान्दैनन् ति कुरा बुझाइ ससुरा * भन्या बुझ्या यो घरी
जाऊलौ शिर माग्न आफ्नु पतिको * रामचन्द्रका सङ्गमहाँ
राख्न्याछन् करुणा अवश्य पनि ती * तिम्रा उपर् खुब् तहाँ २६
सुग्रीव् श्री हनुमान आदिक तहाँ * बानरहरू छन् जति
सेवाले रघुनाथको ति पनि सब् * धार्मिक् भयाछन् अति
कान्छा छन् ससुरा गरेर बिनती * रामचन्द्रका सङ् महाँ
तिम्रो मन्सुब जो छ पूर्ण सब त्यो * गर्नन् अवश्यै तहाँ २७
त्यसरितले ति सुलोचनाकन बिदा * तिन्ले दिईथिन् जसै
पाल्की माथि चढेर त्यै घरि गइन् * रामका समिपमा तसै
लाग्यो राक्षसको फउज् अतिठुलो * तिन्का पछाडी महाँ
लाग्या बाद्य बजाउनाकन पनी * खुब् शोक् जनाई तहाँ २८
बालक् बृद्ध समेत् मिली अतिठुलो * त्यो फौज जम्बा भयो
रामका फौज्तिरमा चलाइ कदमै * बढ्दै बराबर् गयो
क्यै हुर्बाट जनानि पाल्किकन त्यो * देखी लीयाथ्या जसै
रामका फौज्तिरमा कुरा हुनगयो * नाना प्रकार्को तसै २९
इन्द्रैजीत् मरिगो भनेर बुझ सब् * डर् रावणैले लियो
सीताजीकन रामका हजुरमा * ऐल्हे पठाई दियो

लङ्कनैलाइ परेन लौ अब यहाँ * जीत् भो यसैले गरी
भन्दै फौज् रघुनाथका जति थिया * खुब्खुशभयात्योघरी ३०
त्यो फौज्मा ति सुलोचना जब पुगिन् * पाल्की अड्याई खिई
लागिन् हेर्न खडा भई नजरले * चारौं तरफ् मन् दिई
अङ्गद् श्री हनुमान सुग्रिव समेत् * बानरहरू छन् जति
सेवा श्री रघुनाथको गरि तहाँ * घेरेर बस्थ्या अति ३१
लक्ष्मणजी र बिभीषणै दुई तरफ् * श्री रामजीका थिया
तारा मण्डलमा समान शशि भैं * रामचन्द्रजी देखिया
देखी श्यामल गौर वर्ण गरन्या * राम् लक्ष्मणैलाई ती
दौडिन् त्यसतिर् मानु मुक्तिपदवी * सायुज्यकै पाइ ली ३२
सामने गै ति सुलोचना प्रभुजिका * पश्री चरणमा परिन्
हात् जोडीकन भक्तिपूर्वक तहाँ * यस्तो पुकारा गरिन्
हे नाथ्! हात् पतिको खसेर घरमा * लेखी सबै बात् कह्यो
सतगत् गर्न निमित्त पाउँ मयिंले * तीस्वामीकोशिर छ जो ३३
जान्दैनन् महिमा जउन् हजुरको * ब्रह्मा महेश्वर् हरू
भार्या राक्षसकी भएर मयिंले * वर्णन् कसोरी गरूँ
भन्छन् दीनदयाल् हजुरकन सबै * त्यै कारणैले गरी
आयाँ पर्न शरणमहाँ हजुरको * दुःखित् भई यै घरी ३४
गर्थिन् बिन्ति सुलोचना यहि प्रकार् * रामचन्द्रका सङ्महाँ
गर्‍यां वर्णन रूपको ति सतिको * बानर् थिया जो तहाँ
त्यो हाल् देखि बुहारिको मनमहाँ * दुःखित् बिभीषण् भया
हात् जोडी रघुनाथका हजुरमा * झट् भन्न लागी गया ३५
राजा रावणकी वधू र महिषी * बीर् इन्द्रजितकी इ हुन्
बौरी बासुकी नागकी हुन गई * इन्का समान् स्त्री छ कुन्

आइन् पर्न शरणमहाँ हजुरका * चौंडो हजुरले पनि
योग्यै हो करुणा यहाँ गरिलिनू * ऐल्हे सती हुन् भनी ३६
बिन्ति त्यस्तिको तहाँ ति दुइको * सुन्नू भएथ्यो जसै
आज्ञा भो ति सुलोचनाकन तहाँ * रामचन्द्रजीले तसै
हे देवी ! तिमिलाइ मन् यदि भया * मेरा वरैले गरी
पैल्हे माफिक बाँचि इन्द्रजित यो * उठ्न्याछ एसै घरी ३७
राजा मै रहला अनेक् दिन तलक् * यो इन्द्रजित् वीर् यहाँ
पाऊली सुख भोग् ठुलो तिमि पनी * यस्को रही सङ्गमहाँ
आज्ञा त्यस् रितको तहाँ प्रभुजिको * सुन्दा भयांथ्या जसै
क्या गर्छन् प्रभुले यहाँ अब भनी * सब् खलबलाया तसै ३८
लड्ला निश्चय वीर इन्द्रजित यो * जीवित् भया फेर् यहाँ
राजा एहि भया विभीषण हुनन् * राजा कउन् रीत् महाँ
यस्तै तर्क बितर्क बानरहरू * गर्दै थिया त्यो घरी
लागिन् भन्न ति नागराज तनया * रामका चरणमा परी ३९
सब् सामर्थ्य छ हे प्रभो ! हजुरमा * आश्चर्य मान्दीन क्यै
गर्दैनन् अरू क्वै हजुरसरि दया * जानीलिया देखि क्यै
लक्ष्मणलाइ सुपात्र जानि जिउदान् * मेरा पतिले दिया
क्या भन्नन् पति ती मलाइ उहि दान् * मैले फिराई लिया ४०
उस्माथी पनि युद्धमा मरण यो * सामुने हजुरका भई
मिल्न्याभो शुभलोक तिन्कन सहज् * सब् पाप छुट्नै गई
तिन्को भाग्य ठुलो थियोर अहिले * संयोग् पर्‍यो यो यहाँ
पाया जो पतिले अलभ्यपद यो * नाश् गर्छु मैले कहाँ ४१
तस्मात् हे भगवान् ! जहाँ यस वखत् * मेरा इ स्वामी गया
ताहीं जान भनी हुकुम् दिनूहवस् * राखी म माथी दया

यसतो बिन्ती सुलोचना गरि तहाँ * मौनै भइथिन् जसै
आज्ञा गर्नु भयो बहुत खुशि भई * रामचन्द्रजीले तसै ४२
हे देवी ! पतिको असल बुझि सबै * बिन्ति गऱ्यौ यो भनी
मैले आज पतिव्रता तिमि समान् * मान्दीन कोही पनि
सोही कारणले म दिन्छु वरदान् * इन्द्राणि तुल्यै भई
भोग् गर्नु शुभलोक् गएर तिमिले * सङ्मा पतिका रही ४३
पैल्हे एति भनी मागाई लिनु भै * शिर् इन्द्रजीत्को तहाँ
लौ लेऊ भनि रामले दिनुभयो * तिन्लाइ त्यै बिच्महाँ
पाई त्यो शिर स्वामिको खुशा भई * ती जान लागिन् जसै
लाग्या बानरहेरु गर्न इ कुरा * आपसहरूमा तसै ४४
काट्याको गइ हात इन्द्रजितको * लेख्यो कुरा त्यो कहाँ
गर्छन् राक्षसहेरु यै तरहले * छल्-छाम् धेरै यहाँ
साँचै हो यदि त्यो भन्या त अहिले * शिर् इन्द्रजित्को पनि
बोल्यो केहि कुरा अवश्य तिमिले * यो काम गर्नु भर्ना ४५
त्यसरितले ति सुलोचनाकन तहाँ * झुठी गराई लिई
लाग्या बानरहेरु गर्न जब बात् * दृष्टान्त धेरै दिई
त्यो चोट् लागि सुलोचनाकन बहुत् * सामुने ति सबका तहाँ
स्वामीको शिरलाइ भन्न इ कुरा * लागिन् उसै बिचमहाँ ४६
हे नाथ् ! बानरले अनादर यहाँ * गर्छन् मलाई अती
एकबार् हाँसि लिनू हवस् अब हजुर् * साँचै म हुँ ता सती
त्यसतो अर्ज गरिन् तहाँ तिसतिले * सबका अगाडी जसै
हाँस्यो त्यो शिर वीर इन्द्रजितको * भारी स्वरैले तसै ४७
बज्र पात समानको स्वर गरी * त्यो हाँसनाले तहाँ
यो कुन् शब्द भयो भनी गरिलिया * चर्चा तिनै लोक् महाँ

त्यो बात देखि लिएर बानरहरू * आश्चर्य साहै भया
सुग्रिवले रघुनाथलाइ इ कुरा * फेर सोध्न लागी गया ४८
हे नाथ ! यो शिर बीर इन्द्रजितको * हाँस्यो कउन् बात महाँ
आज्ञा गर्नु हवस् मलाइ अहिले * खोलेर त्यो सब् यहाँ
बिन्ती त्यसरितको ति सुग्रिवजिको * सुन्नू भयेथ्यो जसै
आज्ञा गर्नु भयो बहुत खुश भई * रामचन्द्रजीले तसै ४९
हे सुग्रिवजि ! यहाँ ठुलो तप अघी * वीर इन्द्रजितले गऱ्यो
तेस् भन्दा सतिको महत्व हुनु यो * यसको मनैमा पऱ्यो
तेसतै जानकिको मदेखि बढता * मानी महत्वै यहाँ
हाँस्यो हेरि मलाइ यस् असुरले * भन्न्याबुझ्यामन्महाँ५०
नारीहेरु पतिव्रता जति हुनन् * तेसूता इ नारी सरी
साँचै मान्दिन लौ पुरुषहरु कुनै * मैले पनि यो घरी
तेसतै इ सति हुन् भनिन् र इनले * हाँस्यो शिरै यो यहाँ
जो भन्छन् सतिहेरु पुग्छ सब त्यो * जान्याछ निष्फल् कहाँ ५१
रामले सुग्रिव लाइ त्यस् तरहले * सम्झाउनु भो जसै
साहै मान् ति सुलोचनाकन गऱ्या * बानर हरूले तसै
हातमा ली शिर बीर इन्द्रजितको * रामलाई ढोगी तहाँ
पाल्कीमा चढि ती मशान् तिर गइन् * फेरी उसै बिच्महाँ ५२
रावणले ति कुरा जसै सुनिलियो * सूर्ता मनैमा गरी
रानीहेरु लिई मशान् तरफमा * जाँदो भयो त्यै घरी
सेवकले बढिया चिता रचि तहाँ * हाल्या सुगन्धी अति
स्वामीको शिर ली चिता उपर गै * चढ्दी भइन् ती सती ५३
आगो लाया चितामा जब गइ सबले बल्न लाग्यो चिता त्यो
ज्वाला निक्लेर तेसको लपक उठि ठुलो स्वर्ग लोक्मा पुगीगो

गर्ज्या बानरहरू धेर् उहि बखतमहाँ सिंहनाद् सोही सूनी
लाग्यो क्रोधगर्न रावण् अतिशय मनमा हँस्सी गर्न्यो ति गूनी५ ४

सुब्बा होमनाथात्मज पं० केदारनाथ कृत महीरावण वध र हनुमान पुत्र मयध्वज कथा ।

जित्नू कुन् रितले लंडेर मंयिले * राम्चन्द्रलाई भनी
गर्दा रावणले बिचार मनमा * सम्झ्यो कुरा यो पनि
मैरावण् भनि पुत्र जो छ बलवान् * मेरो रसातल् महाँ
डाक्छ राम् सित लड्न लाइ अबलौ * त्यसलाइ मैंले यहाँ १
मनमा त्यस् रितको विचार् गरिलियो * त्यो रावणैले जसै
प्रत्यक्षै हुनगो बुझेर ति कुरा * मैरावणै त्यो तसै
रावणले जब आफ्नु पुत्रकन त्यो * प्रत्यक्ष देख्तो भयो
राक्षस्हरु जती मन्त्रि समस्मा * बिस्तार् ति सबको कह्यो २
रावणदेखि सुनेर त्यो सकल हाल् * मैरावणैले तहाँ
लाग्यो रावणलाइ भन्न इ कुरा * फेरी उसै बिच् महाँ
राम्लक्ष्मण् दुइ भाईलाइ अधिराज्! * मैले छलैले हरी
मन्दिरमा लगि देविको त बलिदान् * गर्न्याछु एसै घरी ३
रावणलाइ भनेर एति पहिले * मैरावणै त्यो तहाँ
मायाले लिइ रुप् बिभीषणजिको * गो रामका फौज् महाँ
राम्लक्ष्मण् भइ रात्रि त्यस् बखतमा * सुत्थ्या दुबै भाइ ती
आँखा सब् अरुको छलेर चलिगो * साथ्मा दुबैलाइ ली ४
पत्तै केहि पनी भएन उसको * राम्का फउजमा तहाँ
आकाशमार्ग गरी उडी असुर त्यो * पौंच्यो रसातल् महाँ
प्रातःकाल भया पछी खबर त्यो * बानरहरूमा भयो
देख्यानन् दुइ भाइलाइ र तहाँ * सुर्ता ठुलो भै गयो ५
लङ्कामा पनि चर् बिभीषणजिका * धेर् जन् बस्याका थिया
तिन्ले आइ बिभीषणैकन तहाँ * सूचन् सबै त्यो दिया

डाकी वायु-कुमार् विभीषणजिले * भन्दा भया यो पनि
राम् लक्ष्मण् दुइ भाइलाइ लिई गो * मैरावणैले भनी ६
त्यो वीर् वस्तछ गै रसातलमहाँ * जाऊ तिमी झट् तहीं
कस्तै केहि परोस् तथापि तिमिले * ढील नगर्नू कहीं
त्यस्तो बात सुनी बिभीषणजिको * खुश् वायु-पुत्रै भया
चाँडो ल्याउँछु ती दुवै प्रभु भनी * उफ्रेर बेगले गया ७
सर्वात्मा पूर्णब्रह्मै रघुपति कन क्या सक्थ्यो बाँधनै को
किर्तीहोस् मारुतीको भनिकन खुशिले बाँधिया भै हनू भो
साँचै ती बाँधियाका बुझिकन बलिदान् गर्न मन्ले विचारी
मैरावण् होम गर्थ्यो खुश भइ बहुतै त्यस् घरी मौनधारी ८
पौंच्या श्रीहनुमान गै उहि बखत् * होम् गर्दथ्यो त्यो जहाँ
द्वारपाले भइ बस्तथ्यो अति बली * बानर् मयध्वज् तहाँ
रोकी श्रीहनुमानलाइ उसले * भन्दो भयो यो पनि
खोज्छस्लौ किन पस्न मन्दिरमहाँ * आएर ऐल्हे भनी ९
पुत्रै हुँ हनुमानको तँ बुझिले * ऐल्हे तँलाई यहाँ
मार्न्यौंछु मयिंले तँलाइ सहजै * जोर् पुग्छ तेरो कहाँ
त्यस्तो बात हनुमानले सुनि लिया * त्यो बानरैको जसै
लाग्या क्रोध गरेर भन्न इ कुरा * तेस्का सँगैमा तसै १०
हे बानर् ! हनुमान मै हुँ बुझिले * स्वप्ना भयामा पनि
संभोग् गर्दिन नारिको म कसरी * मानू तँ पुत्रै भनी
बोल्छस् व्यर्थ झुटो यसोरी तँ यहाँ * कुन् कारणैले गरी
खोली त्यो सब बात् भलाइ तयिंले * बिस्तार भन् यो घरी ११
यस्तो बात् हनुमानको सुनिलियो * त्यो बानरैले जसै
आफ्नू जन्म भयो जसोरि पहिले * सब् भन्न लाग्यो तसै

हे नाथ् तर्नुभयो समुद्र जब गै * सीताजि खोज्दा महाँ
छुट्दा भो पसिना बहुत हजुरको * तेसको भयाँ मै यहाँ १२
सोही कारणले हजुरकन यहाँ * मान्छु पिता यो घरी
जीवन् धर्न भनेर यस् असुरको * गर्दो भयाँ चाकरी
राजपुत्रै हुई ल्याइ गर्छु बलिदान् * भन्या विचारले यहाँ
मैरावण् गरदोछ होम् अति ठुलो * यै देवि मन्दिर् महाँ १३
द्वारपाल् हुँम मलाइ यस् असुरको * आज्ञा भई यो घरी
छोड्नु हुन्न यहाँ कसैकन पनी * आफ्ना खुशिले गरी
तस्मात् रोक्नु हजूरलाइ मर्यिले * जानै भया मन् यहाँ
पाल्नूहोस् बलले मलाई अहिले * जीतेर युद्धै महाँ १४
यस्तो बात् हनुमानले सुनिलिया * त्यो बानरैको जसै
बेही पुच्छरले घुमाइकन खुप् * तेसलाइ फ्याँक्या तसै
आफ्नू सानु स्वरूप् गराइकन फेर् * तेस् मन्दिरैमा पसी
पिठ् तर्फै गइ देविको उहि बखत् * हेर्‍या तमाशा बसी १५
होमुको सिद्ध गरेर पूजन तहाँ * मैरावणैले गर्‍यो
नैवेद्यहरु सासु ल्याइकन धेर् * श्री देविजीका धर्‍या
खाया श्री हनुमानले सकल त्यो * गुप्तै हिसाबले गरी
प्रत्यक्षै हुनु देखिले बुझि तहाँ * खुशभोअसुर्त्योघरी १६
राम् लक्ष्मण् दुइ भाइलाइ पनि फेर् * सामुने मगाई लियो
सेवक् गणकन देउ लौ बलि भनी * आज्ञा असुरले दियो
आज्ञा पाइ ति सेवकैहरु तहाँ * आया अगाडी जसै
देवीको तरवार् लिएर हनुमान् * गर्ज्या तहाँ खुब् तसै १७
सेवकहरु पनी थिया उस बखत् * मैरावणैका जती
दौडी श्री हनुमानलाइ सबले * घेर्‍या रिसाई अती

हातमा त्यै तरवार् लिएर हनुमान् * खुब् घुम्नलागी गया
सक्ष्याटिक्न ति कुन् सहज्सित तहाँ * सबलाइ काट्ता भया १८
देखी सेवकको विनाश बहुतै * क्रोधित् भइ मन् महाँ
भन्दो भो हनुमानलाइ इ कुरा * मैरावणैले तहाँ
हे मूढ् बानर ! के तँलाइ मनमा * लाग्दैन डर् क्यै पनि
चिन्दैनस् कि मलाइ क्या तँ अहिले * मैरावणै हो भनी १९
जम्बूमाल् म न हुँ न अक्षय म हुँ * मैरावणै बीर् म हुँ
आफ्नू काल् तयिले मलाई बुझिले * धेरै कुरा क्या कहुँ
यो बात् श्री हनुमानलाइ सुखले * बोलेर तेस्ले तहाँ
हातमा खड्गलिई घुमाइकन खुब् * छोड्यो उसै बिच्महाँ २०
त्यो खड्ग हनुमानले बिचमहाँ * पक्रेर हातमा लिया
त्यो मैरावणको सहज् शिर तहाँ * काटी खसाली दिया
त्यो कर्म पहिले गरेर हनुमान् * रामका चरणमा पऱ्या
फर्की हे प्रभु ! लौ भनेर तहिं फेर् * हात्जोरि बिन्तीगऱ्या २१
त्यो बिन्ती हनुमानले गरिलिया * आफ्ना सँगैमा जसै
तिन्का काँधमहाँ चढ्या खुशा भई * भाई दुबै ती तसै
उफ्क्या श्रीहनुमान् फिँरेर तहि फेर् * लङ्का तरफ् त्यै घरी
आफ्नू फौज जहाँ थियो पुगिगया * वायू समान् वेग्गरी २२
राम् लक्ष्मण् दुइ भाइ लाइ लिइ ती * गैच्या फउज्मा जसै
सारा फौज उठी गऱ्या जय पुकार् * रामचन्द्रजीको तसै
गर्दा त्यै जय घोष् तहाँ ति सबले * त्रैलोक्य पूर्णै गऱ्यो
रावणका मनमा सुनेर उहि स्वर् * अत्यन्तसन्तापपऱ्यो २३

रावणलाई भन्यो उसै घरि कुनै * मन्त्री गई यो पनि
पुत्रै छन् अधिराज ! जो हजुरका * ऐल्हे नरान्तक् भनी

ब्रह्माको शिवको मिलेर वरदान् * तिन्लाई ठूलो यहाँ
तिन्का सामु लडेर जित्न अहिले * सक्ने न क्वै लोक्महाँ १
मार्नन् ती सब शत्रुलाई सहजै * आएर युद्धै गरी
डाकी बक्सनुहोस् प्रभो ! हजुरले * तिन्लाई एसै घरी
मन्त्री एती भनेर चुप् जब भयो * फेर् रावणैले पनि
लेख्यो पत्र नरान्तकै कन तहाँ * चाँडो तँ आएस् भनी २
धूम्रैकेतु भनेर राक्षस थियो * तेस्लाई डाकी लिई
झट् त्यो रावणले भन्यो यहि कुरा * त्यो पत्र हातमा दिई
हे वीर् ! गैकन बैहवालपुरमा * मैले दियाको भनी
यी चिट्ठी तँ नरान्तकैकन दियास् * ढीला न होस् क्यै पनि ३
आज्ञा रावणको जसै सुनिलियो * त्यो राक्षसैले तहाँ
त्यो पत्रै लिइ बैहवालपुर तरफ् * दौड्यो उसै बिचमहाँ
धूम्रैकेतु गएर त्यो पुरमहाँ * जैल्हे पुग्याको थियो
हातमा सोहि नरान्तकैकन गई * त्यो पत्र तेस्ले दियो ४
बाबूको जब पत्र त्यो पढि लियो * खुशीमै नरान्तक् अति
जम्मा पारिलियो उसै बखतमा * आफ्ना फउज् हुन् जति
त्यो वीर् जान तयार भो फउज ली * लंकापुरीमा जसै
रानी त्यसकि पनी चढिन् रथ उपर् * सङ्मा खसम्का तसै ५
घोड़ा रथ् गज पाल्कि माथि चढन्या * तिन्कोटि राक्षस् थिया
पैदल् फौज् दश कोटि भैकन तहाँ * तिन्लाई गै साथ् दिया
दशलाख् फौज चल्यो अगाडि सबका * बाजा बजाई अति
यस रितले गरि बैहवालपुरको * हिंड्दो भयो त्यो पति ६
श्रीराम्चन्द्रजीका फउज् नजिकमा * त्यो फौज् पुग्येथ्यो जसै
आयो फौज्लिइ को भनेर हनुमान् * त्यस्तर्फ दौड्या तसै

देखी राक्षसको ठुलो फउज त्यो * ती वीर गर्ज्यो अति
दौड्या फेर् तहिं अङ्गदादिक पनी * बानर् थिया वीर् जति ७
देखेथ्यो जब बैहवालपतिले * ती वायु-पुत्रै तहाँ
माछ्रे यसकन लौ भनेर धनुबाण् * झट्पट् लियो हातमहाँ
बाण् छोड्नै उसले नपाइ हनुमान् * दौडेर सामने गया
तेसको त्यो धनुलाइ भाँचि रिसले * एकमुड्कि हान्दाभया ८
लागेथ्यो हनुमानको मुठि जसै * मूर्छा नरान्तक् पऱ्यो
चेतभो केहि पछी र शक्ति लिई बेस् * त्यसले तहाँ त्याग्गऱ्यो
लाग्दो भो हनुमानका हृदयमा * त्यो शक्ति बेग्ले गरी
सामनेसब विरका गिऱ्याति हनुमान् * मूर्छा तुरुन्तै परी ९
लोट्या मूर्छित भै जसै ति हनुमान् * अत्यन्त क्रोधित् भई
घेऱ्या तेसकन अङ्गदादिक ठुला * बानर् हरुले गई
मूर्छा एक् छिन भै उठेर हनुमान् * फेरी उसै बिच्महाँ
राक्षसको सब सैन्य मार्दछु भनी * दौड्या रिसाई तहाँ १०
सामने तेस् घरि पर्दथ्या असुर जो * बेह्री पुछरले कति
फ्याँकथ्या सागरमा घुमाई बहुतै * क्रोधित् भई ती अति
लात्तीले मुठिले कसैकन तहाँ * ठोकी सहज् मार्दथ्या
यस् रितले हनुमान त्यो असुरदल् * धेरै सखाप् पार्दथ्या ११
अङ्गद्ले पनि एक् पहाड् अतिठुलो * ल्याएर त्यै बीच्महाँ
छोडी वेग्सित वैहवाल-पतिको * रथ् चूर्ण पाऱ्या तहाँ
रथ्देखी पहिल्यै कुदी असुर त्यो * मुद्गर करैमा धऱ्यो
अङ्गद्का शिरमा घुमाईकन खुब् * जोरले प्रहारै गऱ्यो १२
लागी मुद्गरत्यो ति अंगद गिऱ्या * मूर्छा तुरुन्तै परी
फौंज्मा वानरको नरान्तक छुट्यो * क्रोधित् भई त्यै घरी

ठोकी मुद्गरले ति सबैकन तहाँ * पैल्हे हटाई लियो
फेर् तेस्ले हनुमानलाई पनि गै * क्रोधित् भईहाँक्दियो १३
हे बानर् ! अब हेर् तँलाई मयिँले * एक् मुड्कि हानी यहाँ
तेरो शिरकन चूर्ण गर्छु सहजै * उम्केर जालास् कहाँ
पैल्हे एति भनेर तेस् असुरले * खुप् मुड्कि बाँधी लियो
ताकी श्री हनुमानका शिरमहाँ * जोरले चलाई दियो १४
त्यो मुड्की सहजै सहेर हनुमान् * मन्दा भया यो पनि
हे राक्षस् ! अब हेर् तँ यै घरि महाँ * शिर् फुट्छ कस्को भनी
पैल्हे एति भनेर फेर् पुछरले * बेन्हेर तानी तहाँ
तेस्लाई हनुमानले उहि बखत् * एक्लात् दिया शिरमहाँ १५
लाग्यो लात् हनुमानको शिर उपर् * त्यो राक्षसैको जसै
बाद्दै धेर रगत् बिचेत् हुनगई * पस्र्यो जमीन्मा तसै
छोड़ी तेस्कन ताहिं फेरि हनुमान् * अन्यत्र दौडी गया
साम्नेमा जति पर्थ्या असुरदल् * सबलाइ मार्दा भया १६
मूर्छा एक घडी परेर जब चेत् * आयो नरान्तक् महाँ
माया राक्षसको म गर्छु अब लौ * भन्ने विचार्यो तहाँ
मायाले गरि अन्धकार बहुतै * पारेर सोही घरी
ढाक्तो भो रणभूमि त्यो सहजमा * वर्षा शरैको गरी १७
आफ्नू हात समेत् ति बानरहरू * देखूदैनथ्या क्वै तहाँ
बारम्बार् गइ अस्त्रशस्त्रहरु धेर् * लाग्थ्या शरीरै महाँ
हाहाकार् परिगो सबै फउज भर् * बानर् विनाश् धेर् भया
अंगद् वीर् हनुमान् समेत् उसघरी * मूर्छा तहाँ भै गया १८
त्योहाल् लक्ष्मणले जसै सुनिलिया * क्रोधित् भई मन् महाँ
जान्छु लड्न म लौ भनी चलिगया * त्यो युद्ध हुन्थ्यो जहाँ

अग्न्यास्त्रैहरुको प्रयोग् गरि तहाँ * लक्ष्मणजिले त्यै घरी
पाऱ्या त्यो रणभूमि भर् अति प्रकाश् * सूर्य उदाए सरी १९
माया आफ्नु विनष्ट भो भनि तहाँ * क्रोधित् नरान्तक् भई
हान्यो शक्ति ठुलो कुदेर नगिचै * श्री लक्ष्मणैका गई
लाग्यो शक्ति ठुलो जसै असुरको * लक्ष्मणजि मूर्छा पऱ्या
राक्षसहेरु जती थिया ति सबले * खुब् सिंहनादै गऱ्या २०
त्यो राक्षसकन दौड़ीगै उहि बखत् * बीर् जाम्बवान्ले तहाँ
कम्मर् पक्किलिई उठाइ बलले * फाल्या समुद्रै महाँ
जोरले गिर्न गई नरान्तक तहाँ * बुड्दै बराबर् गयो
पातालतक्पुगि लात् दिई जमीनमा * उफ्रेर फिर्दो भयो २१
फर्की आइ नपुग्दई असुर त्यो * पर्दो भयो रात् पनी
चैतन्यै भइ लक्ष्मणादिक फिऱ्या * भोली लड्नेला भनी
सागर्देखि फिरी नरान्तक पनी * अत्यन्त लज्जित् भयो
बाँचेका जति फौज् लिएर सँगमा * लङ्कापुरीमा गयो २२
सामने रावणको नरान्तक गई * पाऊ परेथ्यो जसै
राख्यो रावणले बहुत् खुशा भई * आफ्ना नगिचमा तसै
सीतालाई हरण् गऱ्यापछि तहाँ * आफ्नो हवाल् जो भयो
दुःखित् भैकन पुत्रलाइ सब त्यो * तेस् रावणैले कह्यो २३
रावणदेखि सुनेर त्यो सकल हाल् * फेरी नरान्तक् पनि
लाग्यो भन्न हजूरले अब सबै * छोड्नू हवस् ताप् भनी
भोली मार्दछु राम लक्ष्मण समेत् * बानरहरू सब् यहाँ
बाँच्याको म छँदैछु शत्रुहरुको * डर्मान्नु पर्ला कहाँ २४
पुत्रैको सुनि बिन्ति यस् तरहको * त्यो रावणै खुश् भयो
नाचगान् वाद्य गराइ तेसकन तहाँ * खुश् गर्न लागी गयो

रानी बिन्दुमती नारान्तकको जो * सङ्मा गयाकी थिइन्
तिन्ले गैकन सासुका सँगमहाँ * फेर् ताहिं भेटी लिइन्२५
आयाकी ति बुहारिलाइ घरमा * देखी लिईथिन् जसै
राखी प्रेम्सित बातचित् गरिलिइन् * मन्दोदरीले तसै
पुत्रैलाइ बुहारिलाइ पहिले * खुश् यै प्रकारले गरी
आफ्ना खोपिमहाँ ति सासु ससुरा * जाँदा भया त्यै घरी २६
मौका बेस् रितको बुझेर मनले * मन्दोदरीले तहाँ
लागिन् रावणलाइ भन्न इ कुरा * फेरी उसै बिच् महाँ
हे नाथ्! आधहि होस् बचोस्छ बढिया * सर्वस्वको नाश् नहोस्
दासी हुँ म हजूरकी हजुरले * यो बिन्ति मान्नू हवस्२७
इन्द्रैजित् मरिगो मऱ्या समरमा * साहै ठूला वीर् अरू
यो युद्धै अब क्या लडेर अहिले * जित्लान् नरान्तक हरू
सीता सुम्पिदिएर मेल् गरिलिई * राम्चन्द्रका सङ्महाँ
बाँकीछन् अरू जो बचाउनुहवस् * चाँड़ो हजूरले यहाँ २८
बिन्ती त्यस्रितको तहाँ गरिलिइन् * मन्दोदरीले जसै
त्यो बात् रावणले नमानि कन क्यै * गर्दो भयो क्रोध् तसै
छोड़ी तिन्कन ताहिं त्यै बखतमा * ऊठेर अन्तै गयो
भोली के अब हुन्छ यो फिकिरमा * त्यो रात जागो रह्यो २९
युद्धै त्यो दिनको कह्या सकल गै * लक्ष्मणहरुले जसै
राम्ले सोध्नुभयो विभीषणजिका * सङ्मा कुरा यो तसै
को हो राक्षस त्यो कसोरि हुनगो * तेस्ता प्रकार्को यहाँ
सब् बिस्तार गरी बताउ तिमिले * मेरा अगाड़ी महाँ ३०
सोध्नुभो रघुनाथले जब तहाँ * यस्ता प्रकारले गरी
हात् जोरीकन फेर् विभीषणजिले * बिन्ती गऱ्या त्यै घरी

त्यो हो रावणपुत्र तेस्कन सबै * भन्छन् न रान्तक् भनी
तेस्को हाल छ जो म भन्दछु सबै * सुन्नूहवस् त्यो पनि३१
मूल नक्षत्रमहाँ परी जनम भो * तेस्को जउन् दिनमहाँ
त्यै दिनमा अरू राक्षसादिक पनी * पैदा भया जो यहाँ
गर्छन् धन् जनको विनाश ति सबले * भन्या गुणीले कही
सागरका तिरमा ति बालक लगी * फ्याँक्या सबैले गयी३२
यौटा क्वै बरको ठूलो रुख थियो * सागर् किनारा महाँ
बाँच्या तेस् घरिमा ति बालक सबै * तेस्कै पिई दुध् तहाँ
क्यै दिनमा ति सबै बढ़ेर बहुतै * खुब् घुम्न लाग्दा भया
शुक्राचार्यजिको थियो कुटि जहाँ * एकदिन् ति ताहीं गया३३
त्यस्तो हाल् तिनिहेरुको जसरि भो * श्री शुक्रजीले पनि
सब् बिस्तार गरी दिया उहि बखत् * यस्ता सबै हौ भनी
आफ्नो हाल सुनेर बालक ति सब् * अत्यन्त दुःखित् भया
ब्रह्माको तप गर्दछौं अब भनी * सब् ताहिं लाग्गी गया३४
खान्-पीन् छोड़ी दिएर ती सकलले * एकाग्र मनमा धरी
एकै ठाउँमहाँ रही तप गऱ्या * हज्जार् वर्षै भरी
यस्तरितको तप देख्नु भै ति सबको * साहै प्रसन्नै भई
आज्ञा गर्नुभयो सबैकन तहाँ * ब्रह्माजि सामने गई ३५
हे राक्षसहरु हो ! म दिन्छु वरदान् * राजी हुनाले यहाँ
जो इच्छा मनमा छ त्यो भन सबै * मेरा अगाडी महाँ
आज्ञा गर्नुभयो ति सबकन तहाँ * ब्रह्माजिले त्यो तसै
एकैमत भै वरदान मागि लिन पो * लाग्या ति सबले तसै३६
हे नाथ् ! जित्न इ हामिलाइ नसकुन् * यौता र दानव् कुनै
वरदान् बक्सनुहोस् अजेय रणमा * सब् हामिलाई हुने

बिन्ती त्यस्रितको तहाँ ति सबको * सुन्नू भएथ्यो जसै
आज्ञा ती सबलाई बक्सनु भयो * ब्रह्माजिले यो तसै ३७
हे राक्षसहरु हो ! सुरासुरहरू * सबलाइ गै रण्महाँ
जित्नेछौ तिमिहेरु निश्चय पनी * मेरा वरैले यहाँ
यौटा काल अवश्य हुन्छ सबको * भन्या मनैमा धरी
भोलू बानरका नलडनु सँगमा * कैल्हे अगाडी सरी ३८
वरदान ती सब राक्षसादिकन दी * त्यस्ता प्रकारको तहाँ
अन्तर्ध्यान भइ पाल्नुभो उहिबखत * ब्रह्माजि धामै महाँ
वरदान त्यस रितको मिलेर ति सबै * साह्रै खुशी भै गया
मालिक मानि नरान्तकैकन तहाँ * एक टापुमा गै रह्या ३९
सन्तोष केहि नभै नरान्तक तहाँ * सोही वरैले गरी
लाग्यो फेर तप गर्न शंकरजिको * पैल्हे गरेका सरी
तेस्का तेस् तपले प्रसन्न हुनुभै * आई सदाशिव् पनि
आज्ञा त्यसकन ताहिं बक्सनु भयो * वरमाँगिले लौ भनी ४०
त्यो आज्ञा शिवको नरान्तक तहाँ * सुन्दो भएथ्यो जसै
हात् जोरीकन भक्तिपूर्वक इ बात् * बिन्ती चढायो तसै
हे नाथ् ! सब् धनधान्य पूर्ण नगरी * बक्सिस् हवस् ये घरी
पाउन् सब् चिज रैतिहेरू सबले * कष्टै नगर्नू परी ४१
वर्दान त्यस रितको नरान्तक तहाँ * माग्दो भएथ्यो जसै
तेसलाई वर त्यै दिएर शिवजी * गुप्तै हुनूभो तसै
आज्ञाले भगवान् सदाशिवजिको * फेरी उसै बिच्महाँ
वर्दान माफिकको शहर रचिदियो * आई मयैले तहाँ ४२
भन्छन् तेसकन बैहवालपुर सबै * ताहीं नरान्तक् रही
राज्यै त्यै दिनदेखि गर्छ अझ तक् * इन्द्रै समान्को भई

यै रितले गरी वैहवालपतिको * बृत्तान्त जो हो तहाँ
सब् बिस्तार् गऱ्या बिभीषणजिले * रामका हजूरैमहाँ ४३
आया नारदजी उसै बखतमा * आकाश मार्गै गरी
तिन्लाई पनि सोधिबक्सनु भयो * रामचन्द्रले त्यो घरी
हे देवर्षिजि ! बैहबालपति यो * मर्ला कसोरी यहाँ
आज्ञा गर्नुहवस् उपाय सब त्यो * मेरा अगाड़ी महाँ ४४
प्रश्नै श्री रघुनाथको सुनि लिया * यस्ता प्रकारको जसै
लाग्या भन्न खुशी भएर इ कुरा * नारदजि यो बात तसै
नाथ्ले के छ न जान्नु तैपनि यहाँ * सोध्नू हुनाले गरी
बिन्ती गर्दछु जुन् उपाय गरदा * जाला नरान्तक् मरी ४५
पत्नी सुग्रिवकी हरण् जब गऱ्या * बीर् बालिजीले यहाँ
गर्भै सुग्रिवको पतन् गरिदिइन् * तिन्ले गई बन्महाँ
त्यो गर्भै तहिं छोडि ती चलीगइन् * जुन् ठाउँ बाली थिया
शुक्राचार्यजिले लगेर कुटिमा * त्यस्लाइ पाली लिया ४६
शिष्यै शुक्रजिका तहाँ उस बखत् * पढ्थ्या जतीले गई
सुन्थ्यो बानर त्यो पनी सकल त्यो * सङ्मा ति सबूका रही
पढ्थ्यो शुक्रजीका गएर सँगमा * क्वै दिन् नरान्तक् पनि
लाग्यो तेस्कन त्यो गिज्याउन बहुत् * हो तुच्छ बानर् भनी ४७
त्यो देख्ता गुरुजी नरान्तक उपर् * क्रोधित् बहुत् भै गया
मार्ला बानर् यै तँलाइ भनि श्राप् * तेस्लाइ गर्दा भया
सोही कारण् डाकि बक्सनुहवस् * तेस्लाइ यै बिच्महाँ
मर्ला निश्चय त्यो नरान्तक असुर् * हातदेखि तेस्कै यहाँ ४८
तेस्को नाम् दधिबल् छबस्छ गइ त्यो * धौलागिरीमा पनि
आज्ञाहोस् हनुमानलाइ तिमिले * डाकेर ल्याऊ भनी

बिन्ती त्यस्रितको गरेर ऋषि ती * बीदा भयाथ्या जसै
त्यै आज्ञा हनुमानलाइ दिनुभो * रामचन्द्रजीले तसै ४९
आज्ञाले रघुनाथको ति हनुमान् * उफ्रेर बेगले गया
बस्थ्या ती दधिबल् जहाँ उहि बखत् * पौंचेर सब् हाल् कह्या
साथ् लागी हनुमानका ति दधिबल् * फेरी उसै बिचमहाँ
दौड़ी आइपुग्या तुरुन्त रघुनाथ् * राज् गर्नुहुन्थ्यो जहाँ५०
आई पाउमहाँ पर्‍या ति दधिबल् * रामचन्द्रजीले पनि
राख्नू भो नजिकै पियार् गरि बहुत् * छोरो मितैको भनी
सुग्रिव् अङ्गदहेरु सब्सित मिली * फेरी उसै बिचमहाँ
लाग्या गर्न टहल् ति खुब् खुशिभई * रामचन्द्रजीको तहाँ ५१
मोलीपल्ट उठेर बानरहरू * अत्यन्त क्रोधित भई
लाग्या गर्न उपद्रव् धेर् तरहको * लङ्कापुरीमा गई
देख्था राक्षस क्वै अगाडि जब ती * बानर् हरूले तहाँ
लाखौं गैकन टोकि लूछि बहुते * माथ्र्या उसै बिचमहाँ ५२
टिक्नैलाइ कठिन् भएर बहुते * राक्षसहरू छन् जति
रस्ता जुन्तिर मिल्दथ्यो उहि तरफ् * भागथ्या डराई अति
राक्षसलाइ भगाइ यस् तरहले * फेरी उसै बिच् महाँ
राक्षस्नीहरुलाइ दुख् दिउँ भनी * लाग्याति बानर् तहाँ५३
दौडी दशतिर् बाट् गै ति कतिको * चिज्बिज्निकाल्थ्या अनी
काट्थ्या गैकन नाक कान् कतिको * टोकेर दाँत्ले पनि
चोली सारि चदर् खिचेर कतिको * फाल्थ्या ती च्यातीदिई
तान्थ्या खुब् बलले गएर कतिको * चुल्ठो समाती लिई ५४
घर्-घरमा पसि दुःखयै रित दिया * बानर्हरूले जसै
गाली रावणलाइ खुब् दिइ दिई * सब् रून लाग्या तसै

त्यो हालु देखिलिई नरान्तक तहाँ * अत्यन्त क्रोधित भयो
आफ्नो फौज् लिई ती सब्सित तहाँ * खुब्लड्न लागी गयो ५५
वर्षाया जब शस्त्र अस्त्रहरु धेर् * राक्षसहरुले तहाँ
दौड्या फर्कि सबै ति बानरहरू * त्यो युद्धभूमी महाँ
क्रोधित भकैन फेर् नरान्तक पनी * आफ्नो सबै फौज् लिई
आयो त्यै रणभूमिमा उहि बखत् * साम्ने मुहूडा दिई ५६
यस्तिले जब युद्धको शुरु भयो * त्यो युद्धका स्थल् महाँ
झट्पट् पौंचिगया कुदेर दधिबल् * बस्यो नरान्तक् जहाँ
भेट्घाट् आपुसमा जसै गरि सक्या * प्रेम् धेर् मनैमा धरी
लाग्या भन्न नरान्तकैकन तहाँ * सुग्रीवकुमार् त्यस्घरी ५७
हे भाई ! अति दुष्ट रावण तरफ् * लागेर ऐलेहे यहाँ
आयौ लड्न तिमी यसोरि किनलौ * राम्चन्द्रका सङ्महाँ
कल्याण् हुन्न विरोध राम्सित गरी * लोक्मा कसैको पनि
जानी ल्यौ तिमिले तिनै-भुवनका * मालिक् इनैहुन् भनी ५८
खुब् वीर् रावण हो विरोध् गरिलिई * राम्चन्द्रका सङ्महाँ
कस्तो हालतको भयो बुझ तिमी * मन्ले विचारी यहाँ
हीजै खुब् तिमिले पनि लडिलियौ * तिम्रो चल्यो जोर कुन्
कस्ले शक्तछ जित्न राम्कन यहाँ * जान्या अजेयै इ हुन् ५९
सोही कारण रामका पर शरण् * बाँच्न्या इरादा भया
आयो पर्न शरण भनेर रघुनाथ् * राख्नन् अवश्यै दया
त्यस्तो बात् शुरुभाइको जब सुन्यो * फेरी उसै बिच् महाँ
लाग्यो क्रोध गरेर भन्न इ कुरो * त्यो राक्षसैले तहाँ ६०
हे बानर् ! किन रामको तँ अहिले * गर्छस् बखान् यो अति
वीर् हुँ फुर्ति सुनेर मात्र अस्को * राखुदीन डर् [illegible] रति

बानर् मैं डरछेरुआ जगतमा * हुन्नन् अरु कवै पनि
मान्छस् के तँ मलाई आज मनले * आफैं समान् हो भनी ६१
बालीलाई लुकेर छाडिकन बाण् * जुन् राम मार्दो भयो
क्या आश्चर्य छ हेर अंगद यहाँ * उस्कै टहलुमा रह्यो
बानरको रित पो छ यस् तरहको * भन्या मनैमा धरी
पर्दैनौं गइ शत्रुका शरणमा * हामीहरू यो घरी ६२
माछ्र्छ राम्कन गै तँ हेर् अब भनी * फेरी उसै बिच् महाँ
राज् हुन्थ्यो रघुनाथ् जहाँ उहितरफ् * दौड्यो असुर त्यो तहाँ
त्यो हाल् देखिलिएर सुग्रिवकुमार् * अत्यन्त क्रोधित् भया
पख् पख् लौ भनि बैहवाल पतिका * उफ्रेर साम्ने गया ६३
बेही पुच्छरले घुमाइकन खुब् * फाली दियाथ्या जसै
लंकामा गइ द्वारमा गिरि गयो * वेगले असुर् त्यो तसै
झट्पट् राक्षस त्यो उठेर तहिं फेर् * साम्ने ति वीरका गयो
माछ्र्छ हेर् म तँलाई लौ अब भनी * एक्मुड्कि हान्दोभयो ६४
तेस्को चोट् सहजै सहेर रिस्ले * सुग्रीव् कुमारले तहाँ
वज्रै तुल्य मुठी बटारि उसका * हान्दा भया शिरमहाँ
लाग्यो त्यो जब मुड्कि वज्रसरिको * धूलो शिरैको भई
काटेको रुख झैं नरान्तक तहाँ * लोट्यो जमीन्मा गई ६५
राक्षस्को जतिफौज् थियो उसबखत् * त्यो युद्धको स्थल् महाँ
माऱ्या ती सबलाइ गै सहजमा * बानर् अरूले तहाँ
यस् रित्ले जब त्यो नरान्तक मऱ्यो * बानरहरू छन् जति
लाग्या गर्जन सिंहनाद् गरि गरी * हर्षै हुनाले अति ६६
रानी बिन्दुमतीजिले खबर त्यो * सुन्दी भईथिन् जसै
लागिन् जान सुलोचना सरि भई * रामका हजुरमा तसै

होली यो पनि ता कुनै सति भनी * वानरहरूले तहाँ
रोक्यानन् र पुगिन् सरासर उनी * रामका हज्जूरैमहाँ ६७
पाऊमा परि रामका ति सतिले * बिन्ती गरिन् यो पनि
पाऊँ देह यहाँ नरान्तकजिको * सत्गत् गराऊँ भनी
त्यस्तो बिन्ति तहाँ ति बिन्दुमतिको * सुन्नू भएथ्यो जसै
तेस्को देह मगाइ बक्सनु भयो * तिन्लाई राम्ले तसै ६८
रामके सामु महाँ चिता अति असल् * तिन्ले तयारी गरिन्
स्वामीको लिइ शिर् कुदेर उसमा * भस्मै भई ती मरिन्
आई दिव्य विमान् चढ़ेर ति दुबै * स्वर्गैपुरीमा गया
त्यो हाल् देखि लिएर बानरहरू * आश्चर्य मान्दा भया) ६९

रावण तापु गुरु मंत्रणाले होम प्रारम्भ गर्नु ।

आफ्नू नाश बुझि बुद्धिहीन् हुनगई * फेर् रावणै वीर् पनि
दौड्यो एक् तरवार् लिएर रिसले * काट्छु म सीता भनी
सह्मा मंत्रि सुपार्श्व तेस्घरि थियो * त्यो वीर् अगाडी सन्यो
स्त्री घात्गर्नु अवश्य छैन अधिराज्! * यो जल्दि बिन्ती गऱ्यो १

सूपार्श्वको बिन्ति सुन्यो र ताहाँ
फर्क्यो फरक्कै दरबार माहाँ
शोक्ले बह्नुत् मूर्ख समान भै गो
फेरी सभा गर्छु भनेर गै गो २
सब् मन्त्रिले सँग बसेर विचार गर्दा
हीतै हुन्या ठहरियो र अगाडि सर्दा
जो बाँकि राक्षस थिया सब साथ लीयो
खुब् लड्नलाइ रघुनाथ्तिर चित्त दीयो ३
त्यो अग्निमा सलह भैं जब पर्न आयो
सक्थ्यो कहाँ अडिन ठक्कर फेरि पायो

धेर् बीर मऱ्या हृदयमा पनि बाण लाग्यो
टिक्नै तहाँ नसकि जल्दि फिरेर भाग्यो ४
सम्भयो गुरूकन विपत्ति पऱ्यो र ताहाँ
चाँडै गुरूसित गई शिर पाउमाहाँ
राखी, गऱ्यो बिनती दुःख बहुत पायाँ
यो दुःखको बिनती गर्न म आज आयाँ ५
हे नाथ् ! हजुर् गुरु भई पनि दुःख पर्न्यो
क्या भो मलाइ कसरी अब चित्त धर्न्यो
यस् रामले सकल बन्धु र पुत्र माऱ्यो
सूरा अनेक् विरहरू पनि छुट्टि पाऱ्यो ६
रावणको बिनती सुनेर गुरूले * पाया छ आपत् भनी
गर्न्यासम्म गरोस् भनेर उपदेश् * दीया गुरूले पनि
हे रावण् ! सुन मन्त्र दिन्छु अब गै * होम्गर्नु खुप् ध्यानधरी
होम् सम्पूर्ण गऱ्यौ भन्या त हतियार् * मिल्नन् तिनैलोकमा ७
जित्न्याछौ सब वीरलाइ भनि यो * आज्ञा गुरूको जसै
पाएथ्यो खुशि भै उठी घर गई * होम् गर्न आँखो तसै
पाताल् तुल्य गुफा खनी तहिं बस्यो * होम् गर्नलाई पनि
ढोका बन्द् गऱ्यो सबै शहरको * कोही नआउन् भनी ८

रावणको होम भंग हुनु र मन्दोदरीको रावणलाई उपदेश।

लूक्यो रावण एहि रितसित र खुप् * होम् गर्न लाग्यो तहाँ
लूक्यो रावण ता पनी तर धूवाँ * लूकी रहन्थ्यो कहाँ
देख्या तेहि धुवाँ बिभीषणजिले * होम् गर्न लाग्यो भनी
पायाँ भेद् भनि रामका हजुरमा * गै विन्ति पाऱ्या पनि ९
लाग्यो रावण होम गर्न, रघुनाथ्! * होम् सिद्ध पाऱ्यो भन्या
साँचो बिन्ति म गर्दछु हजुरमा * इ सब् अजेय बन्या

हुकुम् बाँनरलाई बक्सनु हवस् * वीर्वीर् अगाडी सरी
जल्दी गैकन यज्ञनाश् गरिदिउन् * हुकुम् शिरोपर् धरी २
बिन्ती एती गऱ्या विभीषणजिले * हुकुम् प्रभूको भयो
अङ्गद् वीर् हनुमान् हुबै त खटिया * दश्कोटिको फौज् गयो
पर्वालु नाघि गयो र तेस् शहरमा * दर्बार् पुग्याथ्या जसै
चौकी रावणका थिया जती तहाँ * तिन्लाइ मार्न्या तसै ३
रानी हुन् सरमा बिभीषणजिकी * लड्के शहरमा थिइन्
रावण् लूकि रह्याछ ताहि छ भनी * तिन्ले इशारा दिइन्
गुफाका मुखमा त पत्थर ठुलो * लाएर पक्का गरी
होम् गर्थ्यो तहिं भित्र रावण उहीं * पौंच्या ठुलो बेग् गरी ४
त्यो पत्थर्कन लात्ति अङ्गदजिले * दीया धुलो मै खस्यो
होम्को बिघ्न गराउनाकन तहीं * क्यै फौज भित्रै पस्यो
रावण् एति हुँदा पनी दृढ़ भई * ध्यान् गर्न लाग्यो जसै
वीर् वीर् बानरले अनेक् तरहले * त्यो यज्ञ नाश्या तसै ५
रावणले तहिं होम गर्न भनि एक् * सूरो लियाको पनि
खोस्या श्री हनुमानले र रिसले * हान्या उठोस् यो पनि
ध्यानैमा दृढ़ मन् गरी अचलभै * रावण् बसेथ्यो जसै
ल्याया अङ्गदले त खैंचि नजिकै * मन्दोदरी पो तसै ६
ती मन्दोदरिलाई रावण नजिक् * ल्याएर हुर्मत् लिया
चोली खोली अफालि फेरि कटिको * सारी खसाली दिया
लायाका गहना समेत् शरिरको * वस्त्रै अफाल्या जसै
रुँदै रावणका नजीक रहँदी * बिन्ती गरिन् यो तसै ७
हे नाथ्! आज कता गयो हजुरको * लज्जा अनाथ् क्या गरूँ
पत्नीको इ विलाप सुनी जिउनु धिक् * मर्नू निको हो बरू

एती बिन्ति गरिन् र पुत्रकन्-खुप् * सम्झेर लागिन् . रुनै
अर्को कोहि थिएन ताहिं तिनको * सहाय हुन्या कुनै ८
स्वामीले पनि बोलाउला भनि यहाँ * लाजै समेत् त्याग् गऱ्या
तेरो ज्यान् अघि गै गयो गरुँ कसो * ऐल्हे बिपत्ती पऱ्या
ती मन्दोदरि रानिको अति बिलाप् * सामने सुनेथ्यो जसै
उठ्यो खड्ग लिएर अङ्गदजिको * हान्यो कटीमा तसै ९
होमको नाश गराइ अङ्गदहरू * दौडेर राम्रयहाँ गया
ती मन्दोदरि रानि रावण दुबै- * को बात् तहाँ खुप् भया
लाग्यो रावण भन्न रानि ! अहिले * बाँच्नू असल् हो भनी
बाँच्नै खातिरमा म चुप् भइ रह्याँ * एती हुँदामा पनि १०
बाँच्याँदेखि त देखिइन्छ सब थोक् * यसतो बुझी ज्ञानले
यो शोक् हुर् गरिहाल हुन्छ अब के * यसतो असत् ध्यानले
अज्ञानै छ भुलाउन्या शरिरमा * यो देह मै हुँ भनी
त्यै अज्ञान् बलवान् भयोपनि भन्या * फैलिन्छ संसार् पनि ११
आत्मै ज्ञान स्वरूप् बुझेर मनले * अज्ञानको नाश् गऱी
स्वस्थै भैरहु शोक् नमान तिमिले * के हुन्छ यो शोक् गरी
हे मन्दोदरि ! माछु रामकन सहज् * संग्राम हुलो गरी
रामैले यदि मार्दछन् त पनि बेस् * जान्याछु संसार् तरी १२
संग्राममा मरि गैगयाँ पनि भन्या * मार्नू र सीता यहाँ
अगनीमा तिमिले प्रवेश् तब गरी * आया म जान्छू जहाँ
रावणको इ वचन् सुनेर अति ताप् * मान्दी ति मन्दोदरी
साँचो बिन्ती म गर्छु आज अधिराज् ! * भन्दै अगाड़ी सरी १३
बिन्ती रावणथ्यैं गरिन् पनि तहाँ * राम् हुन् जगन्नाथ् हरी
जीती सक्नु कदापि छैन अरुले * कसरी लड़ायीं गरी

वैवस्वत् मनुलाइ मत्स्य रुपले * जसले त रक्षा गऱ्या
फेरी कूर्म भएर मन्दर पहाड् * जसले पिठैमा धऱ्या १४
प्राण् खैंचेर लिया बराह रुपले * जसले हिरण्याक्षको
बाँची कोही फिरेन लड्दछु भनी * साम्ने भयाको छ जो
ह्लो दैत्य थियो हिरण्यकशिपू * मार्‍या न्रसिंहै भई
राज्यै खैंचि लिया छलेर बलिको * वामन् स्वरुपले गई १५
थीया क्षत्रिय पृथ्विमा परशुराम् * भै नाश् सबैको गऱ्या
तिम्रो प्राणलिनआइआजअधिनाथ्! * राम्भै अगाडी सऱ्या
सीता हर्नु थिएन हेलन गरी * सीताजि हर्नू भयो
यै कामले इ विपत् पऱ्या हजुरमा * ज्यान्इन्द्रजित्कोगयो १६
सीता सुम्पनु पर्छ आज अधिराज् ! * राम्चन्द्रजीथ्यैं गई
लङ्कामा पनि राज् बिभीषण गरुन् * राम्कै पियारो भई
सब् छाडीकन आज जाउँ बनमा * एती भनी थिन् जसै
रावणले पनि यो वचन् सुनि जबाब् * खुप् दीन लाग्यो तसै १७
हे मन्दोदरि ! इन्द्रजित् पनि मऱ्यो * ह्ला-ह्ला वीर् मऱ्या
कुम्भैकर्ण मऱ्यो अनेक् अरु पनी * संग्राममा बीर् पऱ्या
एतीसम्म भयापछी कसरी फेर् * लत्रेर पाऊ परूँ
शत्रूथ्यैं गई लत्रि बाँच्नु ननिको * प्राण् आज जावस् बरू १८
विष्णू हुन् रघुनाथ् सिता पनि इनै * लक्ष्मी भनी जान्दछु
जानी-जानी सिता हऱ्याँ त म उसै * क्या आज डर् मान्दछु
रामका हात परी मरूँ भनि तहाँ * सीताजिलाई हऱ्याँ
रामका हात परी मऱ्याँ पनि भन्या * संसार् सहजमा तऱ्याँ १९

फेरी तुरन्त रघुनाथ्सित लड्न जान्छ
मार्नन् मलाइ रघुनाथ् तब खुशि मान्छ

संसारको सकल तापहरुलाइ तोडी
जान्याछु पारि तिमिलाइ त वारि छोडी २०
रागद्वेषका भेल चल्छन् भँवरि सरि इ युग् घुम्दछन् बीचमाहाँ
पुत्रादि मत्स्य भैं छन् रिस पनि बडवानल् सरीको छ ताहाँ
कामैको जाल् छ हलो तर पनि बलियो तेहि जालुलाइ फारी
संसार् सागर् सहजमा तरिकन हरिथ्यैं बस्न जान्याछु पारी ११
मन्दोदरीसित यती भनि लङ्नलाई
कम्मर् कसेर बलियो रथ एक् मगाई
रथ्मा चढेर रघुनाथ्सित जान धायो
रामचन्द्रको सकल बानर फौज् डरायो २२

रावण वध, लक्ष्मणले रावणसंग अति किनू विभीषण सान्त्वना।

त्यो रावण् रणभूमिमा जब पुग्यो * सामुने हनूमान् गया
मूर्छा पारि गिराउँ यसूकन मनी * एक् मुड्कि हान्दा भया
छातीमा जब मुड्कि बज्रन गयो * खुप् बज्र तुल्ये गरी
घुँडा टेकि गिऱ्यो तहाँ दुइ घड़ी * मूर्छा तुरुन्तै परी १
मूर्छा देखि उठ्यो र रावण तहाँ * स्याबास् तँहोस् वीर् भनी
हलो वीर् हनुमानलाइ बुझि खुप् * साहै सहायो पनि
रावणले हनुमानको सहनि खुप् * ताहाँ गरेथ्यो जसै
रावणको सब शेखि तोड्न हनुमान् * बीर् बोल्न लाग्या तसैर
हे रावण! किन गर्दछस् सहनि खुब् * धिक्कार् म मान्छु बरू
मेरो मुड्कि पऱ्या पछी पनि बचिस् * बोल्छस् यहाँ क्या गरूँ
एक् चोट् हान् तँ पनी मलाइ म पनी * फेर् हान्छु छाती महाँ
एक् मुड्की अब हाउँला त नमरी * उम्केर जालास् कहाँ ३
ई बात् श्री हनुमानले जब गऱ्या * बेसै भन्यो यो भनी
एकचोट् श्री हनुमानका हृदयमा * ताकेर हान्यो पनी

फेरी श्रीहनुमान् सञ्या अघि तहाँ * मुड्की उठाई जसे
रावण् टिक्न सक्ने एक् क्षण पनी * अन्यत्र भाग्यो तसै ४
रावणका सँग चार् जना विर थिया * मन्त्री लडाकी पनि
ई चार् वीरकन चार् जना अघिसरी * पैल्हे निभाऊँ भनी
अङ्गद् श्री हनुमान नील नल ई * चार् वीर कूद्दी गया
रावणका सँगका ति चार् विर सहज् * मारेर फिर्दा भया ५
ती चार् जना जब मऱ्या तब झन् रिसायो
रामका उपर् अघि सरीकन बाण् खसायो
बाकल्लो बुँदै सरि ति शर् जब खस्न आया
खुब् बानरादि विरले पनि दुःख पाया ६
यो चाल् बानरको बुझी रघुपती * साम्ने अगाड़ी सरी
लाग्या लड्न तहाँ अनेक् तरहले * त्रैलोक्यका नाथ् हरी
त्यो रावण् रथमा थियो रघुपती * खाली जमीन्मा थिया
रामका खातिर इन्द्रले अति असल् * एक् रथ् पठाई दिया ७
जल्दी मातलि सारथी रथ लिई * रामका हजुरमा गया
हात् जोरिकन रामका हजुरमा * क्यै बिन्ती गर्दो भया
हे नाथ्! रथ् लिइ इन्द्रका हुकुमले * आयाँ खड़ा छु पनि
यो रथमा चढि बक्सियोस् हजुरले * बेस् बिन्ती पाऱ्यौं भनी

अजयरथको वर्णन ।

(पाङ्ग्रा छन् शौर्य धैर्यै रुपि, जुन रथका, सत्यशिल् छन् पताका
फेर् शक्ती दम् बिवेकऔ परहित रूपि छन् चार् घोडा जुत्याका
त्यसमा छन् फेर् क्षमा औ सदय र समता तीन् करेली बँधेको
ईश्वरको प्रार्थना रुप् विबुध बुझ तहाँ सारथी भै बसेको ९
संतोष्छन् खड्ग रुपले, अतिशय बलियो ढाल वैराग्य रूपको
दान् रूपी पर्शुका साथ्, बल रुपि छ जहाँ बुद्धिको शक्ति ठूलो

फेर् छन् दृढ् ज्ञान रुपी धनुष, नियम औ संयमै स्वपि सर् धेर्
ठोक्को जस्मा छ फेरी स्थिर मन, गुरुका पाऊकोछन् कवच्फेर्)१०
यो बिन्ती गरि मातली अघि सर्‍या * स्वामित् सितानाथ् पनि
तेस् रथ्लाइ परिक्रमा गरि चढ्या * चढ्नू उचित् हो भनी
ताहाँ देखि त मच्चियो अधिक झन् * संग्राम् निरन्तर् गरी
छुन्बाण् रावणले तछाड्छ उहिबाण * काट्छन् जगन्नाथ्हरी ११
यस्ता रित् सित अस्त्रशस्त्र सब थोक् * काट्या प्रभूले जसै
रावण्ले पनिराच्चशास्त्र लिइ खुप् * फेर् हान्न लाग्यो तसै
रावण् हान्दछ बाण् जती जति तहाँ * सब् सर्प रुप्मै खस्या
हान्या बाण् रघुनाथले पनि जती * बाण् ती गरुड्मै पस्या १२
काट्या सर्प पनी सबै गरुड्ले * पक्रेर टुक्-टुक् गरी
तेस् बिच्मा शर वृष्टि खुप्सित गर्‍यो * रामका अगाडी सरी
धक्का केहि दियो प्रभूकन तहाँ * बैरी गिराऊँ भनी
हान्यो मातलि लाइ बाण् र पछि फेर् * केतू खसाल्यो पनि १३
घोडालाइ पनी अनेक शरले * खुप् हान्न लाग्यो जसै
आश्चर्य भइ देव पितृ ऋषिगण् * खेद् मान्न लागया तसै
लीलाले रघुनाथ् पनी जब तहाँ * दुःखी सरीका भया
बानर्को सब फौज् बिभीषण समेत् * साह्रै डराई गया १४
बिश् बाहू दश शिर् भयंकर स्वरूप् * मैनाक् सरीको भई
लड्थ्यो रावण रामका हजुरमा * सामने नजीकै गई
ऊठ्यो रिस् प्रभुको र ताहिं बिचमा * कालाग्नि जस्ता बनी
रावणको दश-शिर् गिराउन लिया * जल्दी धनूबाण् पनि १५
कालाग्नी सरीको भयंकर स्वरूप् * रामको बनेथ्यो जसै
काँपिन् पृथ्वी पनी भयंकर स्वरूप् * देखिन् र रामको तसै


१
हनुमानले द्रोणाचल ल्याई लक्ष्मण लाई सचेत गराएको।
२
राम रावण युद्ध रावणको मरण।
३
लंकामा रावण मारिए पछि रानीहरूको विलाप।

रावणको पनि चित्तमा भय पऱ्यो * उल्का बहुतै भयो
क्या गर्छन् प्रभुले यहाँ भनि तहाँ * सबलोक डराई गयो १६
आकाशमा बसि हेर्दथ्या जतिथिया * सब देवतागण पनि
कस्ता रितसित मर्छ रावण यहाँ * हेरौं तमाशा भनी
रामको रावणको परस्पर तहाँ * खुब युद्ध ठूलो भयो
रात्रीको दिनको प्रकाश नभइ क्यै * काल बित्न धेरै गयो १७
रावणको शिर काट्नलाइ जब बाण * फेक्या प्रभूले तहाँ
तालैको फलझैं गिऱ्या त पनि शिर * गीऱ्या न पृथ्वी महाँ
एकोत्तरसय शिर गिऱ्या जतिगिरुन् * सब बन्न लाग्या जसै
क्या भो आज भनी प्रभूकन पनी * आश्चर्य लाग्यो तसै १८
ठूला दैत्य बडा बडा विर पनी * जुन् बाणले मारिया
सोही बाण पनि आज रावण उपर् * ताकेर खुप् छाड़िया
काट्छन् सब शिर बाणले र दशशिर् * भैंमा खसाल्छन् पनि
फेर् ज्यौंकातिउँ शिर हुन्या गरुँ कसो * क्याहो यहाँको जनी १९
यो चिन्ता रघुनाथको जब पऱ्यो * सामने विभीषण् गया
यो हेतू छ भनेर हेतु जति हो * सब बिन्ति गर्दा भया
ब्रह्माको वरदान् छ शिर् खसिगया * फेर् उम्रनन् शिर् भनी
फेर् अमृत् पनि नाभिमा छ तब यो * मर्दैन काट्या पनि २०
त्यो अमृत् सब शोषी बक्सनु हवस् * सुक्न्या छ अमृत् जसै
चाँडै त्यो मरिजान्छ तेस् बखतमा * उठ्तैन फेरी कसै
हात् जोरेर जसै विभीषणजिले * यो गुह्य खोली दिया
ठाकुरले पनि अग्निबाण झटपट् * हानेर शोषी लिया २१
त्यो अमृत् जब शोषिबक्सनु भयो * यो दिन्छ अर्ती भनी
रिसले शक्ति लिई विभीषण उपर् * ताकेर हान्यो पनि

रामलेशक्तिर शिर् दशौ छिनिदिया * फेर् एक - शिरको भई
नाना शस्त्र लिएर खुब्सित लड्यो * रामका अगाड़ी गई २२
तेस् बिचमा पनि मातली अघिसरी * हातजोरी बिन्ती गऱ्यो
हे नाथ ! रावण लड्छ यो अभ्कभन्या * फेर् शस्त्र हान्नै पऱ्यो
ब्रह्मास्त्रैकन छोडि बक्सनु हवस् * चाँडो मरोस् यो भनी
मान्यों युक्ति त एक यै छ नहिंता * मर्दैन काट्या पनि २३
बिन्ती मातलिको सुनी प्रभुजिले * एकबाण हातमा लिया
जसमा अग्नि र वायु सूर्य इ समेत् * लोकपाल् बस्याका थिया
मन्त्री वेद बिधान साथ धनुमा * त्यो बाण लाया जसै
प्राणीलाइ पनी बहुत् भय भयो * खुब् भूमि कँपिन् तसै २४
रावणको तहिं छाति ताकिकन बाण् * छोड्या मरोस् यों भनी
तेसबाणले त तहाँ सहज् पृथिविमा * घूमेर लोट्यो पनि
बाँकी राक्षस जो थिया ति पनी सब् * दौडेर भागी गया
जीत् भो श्री रघुनाथको भनि तहाँ * सम्पूर्ण खुशी भया २५
(रावणको जब अन्त्यको समय भो * आज्ञा भयो रामको
हे सौमित्र ! भएन क्वै जगतमा * रावण् सरीको ठुलो
अष्टै सिद्धिहरू र फेर् नवनिधी * उसका अधीनमा थिया
शास्त्रैहेरू र शास्त्रका सकलगुण् * यसका वशैमा भया २६
योगी भोगि तपस्विका सँग-सँगै * थीयो यशस्वी पनि
बुद्धी औ बल शौर्यमा म पनि ता * मान्थ्याँ महान् हो भनी
ठुलो पंडित वेद विज्ञ भइ त्यो * दुर्बुद्धि प्रेरित् भई
मर्दो त्यो छ तुरन्त अर्ति तिमिल्यौ * श्रद्धेय मानी गई २७
लक्ष्मणजी सुनि रामको वचन् त्यो * रावण् समीपमा गया
देखी तिनकन भन्छ रावण पनी * राखेर मनमा दया

हे लक्ष्मण! किन पाल्नुभो प्रभु यहाँ * मेरा मरणका घरी
मन्सा क्यैछ भन्या सुध्याउनुहवस् * भन्याछु बुद्धी सरी २८
झूटो बोल्दिन मनका बखतमा * रामका शरणमा पर्‍यौं
तर्‍यो मन्सुबले गरीकन फगत् * माता सिताजी हर्‍यौं
रावणको सुनी त्यो वचन् गहभरी * आँसू गराईकन
आज्ञा लक्ष्मणको भयो उसघरी * यो बात रावणसँग २९
हे रावण! तिमि विज्ञ छौ चतुर छौ * हौ शौर्यशाली भनी
रामको मर्जि भएर अति लिननै * आयौं म ऐल्हे पनि
लक्ष्मणको सुनि त्यो वचन् त्यसघरी * लङ्केशका मन् महाँ
रामको देखि विशालता सदयता * भक्ती बढ्यो खुब् तहाँ ३०
गाँठो पारि मुटुविषे नयनमा * हर्षाश्रू मोचन् गरी
लाग्यो रावण भन्न लक्ष्मण तरफ् * हेरेर सोही घरी
राम् नारायण हुन् म जान्दछु सबै * 'मेरो' दया लीकन
इज्जत् गर्न हजूरलाइ प्रभुले * भेज्नू भयो ज्ञान् लिन ३१
ज्ञानीनै म छु कौन् तैपनि कृपा * श्री राम् प्रभूको भई
भन्छु एक कुरा छ मुख्य जगमा * त्यै गर्नू तत्पर् रही
भोली गर्नु छ काम जुन् मनुजले * आजै गरून् त्यो सदा
आजै गर्नु छ काम् भन्या गरिलिउन् * तत्काल नै सर्वदा ३२
गर्न्या काम म भोली गर्दछु भनी * जो संचिता गर्दछन्
भोली के हुनजान्छ जान्दछ कउन् * हुन्छन् विनाश् सोही जन्
आमा बाबु जिवित् रहातक कुनै * सन्तान् न तिन्का मरून्
वशमा मेघ रही किसानहरुको * पर्याप्त वर्षा गरून् ३३
फेरी स्वर्ग सहज् पुगुन् सब भनी * हाल्छ भन्याछ एक् यहाँ
सुन्मा हाल्छ सुगन्ध चार् यतिकुरा * गर्छ भनेको थियाँ

किन्तु भोली म गर्दछु भनी सँधै * औसर् गुमाई दियाँ
इच्छा त्यो मनको मनै रहिगयो * मन्यों बखत्मा पुग्याँ३४
तस्मात् अर्तिम के दिऊँ अरु गरून् * तत्काल गर्ने कुरा
भन्दै रावण स्वर्ग भो उहि बखत् * लक्ष्मण् दुखी भै फिऱ्या)
त्यै बिचमा नगरा बज्यो प्रभु उपर् * खुब् पुष्पवृष्टि भयो
नाच्थ्या अप्सर गण ऋषी खुशि भया * सम्पूर्णको ताप गयो३५
रावणको पनि देह देखि तहिं तेज् * निस्क्यो र सूर्यै सरी
श्री रामचन्द्रजिमा मिली पनी गयो * संसार सागर् तरी
विष्णू द्वेषि परस्त्रिमा रत हुन्या * यो ब्रह्मघाती पनि
श्री रामचन्द्रजिमा मिल्यो कसरिलौ * आश्चर्य लाग्यो भनी ३६
गर्थ्या बात् तहिं देवतागणहरू * नारदूजि ताहीं गया
जेले रावण राममा मिलि गयो * त्यो ताहिं भन्दा भया
साँचो भन्छु म आज देवगण हो ! * यस्ले बहुत् ध्यान् गऱ्यो
सीतानाथ् प्रभुको र यो तब सहज् * संसार सागर् तऱ्यो ३७
भक्तीले भयले अवर् तरहले * कौनै प्रकारले गरी
ध्यान् सीतापतिको गऱ्यो पनि भन्या * जाइन्छ संसार् तरी
यै रित्ले गरि देव पितृ ऋषिगण * गर्थ्या अनेक् बात् तहाँ
रावण् मारि धनू उँतारि प्रभुले * राख्नू भयो रथ् महाँ३८
कोटी सूर्य समान तेज् छ जसको * यस्ता जगन्नाथ् हरि
राज्भो एक्छिन फेर् तहाँ जगतको * सम्पूर्ण दुख् नाश् गरी
रावण् मारि उतारि भार भूमिको * सुग्रीव् विभीषण्हरू
लक्ष्मण् अङ्गद जाम्बवान् र हनुमान् * जो जो थिया वीर् अरू३९
ती सबलाई हुकुम् भयो प्रभुजिको * तिम्रा कृपाले गरी
माऱ्याँ रावणलाइ कीर्ति रहला * तिम्रै तिनैलोक् भरी

रावणका सब रानि आय र बिलाप * खुप् गर्न लाग्या तहाँ
पृथ्वीमा लडि खुब् विभीषण पनी * रोया रहन्थ्या कहाँ ४०
बीत्या दाज्यू भनी विभीषण पनी * खुब् रून लाग्या जसै
लक्ष्मणलाइ हुकुम् भयो प्रभुजिको * सम्झाउ भन्या तसै
दाज्यूको किरिया गरून् सब हरुन् * ती रानिको शोक् पनि
हुकूम् एती मिल्यो र लक्ष्मण गया * जल्दी बुझाउँ भनी ४१
लाग्या भन्न अहो विभीषण! तिमी * के यो नजान्या सरी
लाग्यौ गर्न बिलाप् अनेक् तरहले * खाली जमीन्मा परी
तिम्रो यो अघि जन्ममा कउन हो * ऐल्हे त दाज्यू भयो
फेरी के हुनलाइ रावण यहाँ * छोडेर काहाँ गयो ४२
जम्मा भैकन बालुवा जसरि फेर् * फिर्छन् ति गङ्गा महाँ
उस्तै रित्सित फिर्दछिन् इ दुनियाँ * क्वै छैन आफ्नू यहाँ
अज्ञान्को मतियो नलेउ तिमिले * झूठो जगत् हो भनी
जानी श्री रघुनाथका चरणमा * खुब्ध्यान्लगाऊपनि ४३
प्रारब्धै बलवान् बुझेर सब यो * राज्यादि गर्दै रहू
जो पर्छन् परिआउन्या सब कुरा * नीको ननीको सहू
दाज्यूको गरिहाल आज तिमिले * संस्कार् विधान्ले गरी
रुन्छन् रानिहरू बुझाउ अहिले * चाँडो अगाडी सरी ४४
यस्तो ठाकुरको हुकुम् छ भनि वेस् * रीत्ले बुझाया जसै
विस्तार् लक्ष्मणको सुनेर झटपट् * उठ्या विभीषण् तसै
बिन्ती गर्न भनी जहाँ प्रभु थिया * ताहीं तुरुन्तै गया
हात् जोरीकन रामका हजुरमा * क्यै बिन्ति गर्दा भया ४५
हे नाथ्! मर्जी भया कबुल् गरिलियाँ * आज्ञा शिरोपर् धरी
बिन्ती गर्छु तथापि सत्य भगवान्! * एक् भारि शङ्का परी ४६

लंकामा विभीषणको
राज्याभिषेक ।

२ सीताजीको अग्नि
परीक्षा ।

हनुमानको हृदयमा श्रीराम
पंचायतनको दर्शन ।

४ पुष्पक विमानमा श्रीरामको अयोध्या
प्रत्यागमन ।

यो क्रूर हो प्रभु ! परस्त्रि पनी त हर्न्या
यस्को क्रिया कसरि योग्य भनेर गर्न्या
बिन्ती गऱ्या यति बिभीषणले र ताहाँ
खूशी भई हुकुम भो उहि बीच माहाँ ४७

बाँचुन् ज्याल् रिस हुन्छ शत्रुसितको * ऐल्हे मरी यो गयो
यस्को रिस् अब गर्नु छैन अब ता * मेरो त रिस् दूर भयो
हुन्छन् रानी बुझाउ भट्ट गर लौ * संस्कार् विधान्ले गरी
ऐल्हे यै नगरी हुँदैन तिमिले * यो हो क्रियाको घरी ४८

हुकूम् एति सुन्या जसै प्रभुजिको * योग्यै हुकुम् भो भनी
रानीलाइ बुझाउनाकन गया * चाँडै विभीषण् पनि
रानीलाइ बुझाइ सब् गरिसक्या * क्रीया विधान्ले गरी
रानी सब् घरमा पठाइ ति गया * जाहाँ थिया रामहरि ४९

विभीषण राज्याभिषेक र राम सीता भेंट।

खूशी खुब् रघुनाथ् पनी हुनुभयो * सम्पूर्ण खूशी भया
बीदा भैकन मातली पनि तहाँ * फेर् इन्द्रका पास् गया
लक्ष्मणलाइ हुकुम् दिया प्रभुजिले * मेरा तरफको भई
गादीमा बिभीषणजिलाई अभिषेक् * गर्नू तिमीले गई १
आज्ञा यस्रितको तहाँ प्रभुजिको * सुनी लियाथ्या जसै
लक्ष्मणले लगि गादि माथि धरि फेर् * दीया अभीषेक तसै
गादीमाथि बसाइ साथ लिइ फेर् * रामचन्द्रजीथ्यैं गया
लक्ष्मणले रघुनाथका हजुरमा * सब् बिन्ती गर्दा भया २
तेस् बिचमा रघुनाथ् प्रसन्न हुनुभो * पूर्‍यो प्रतिज्ञा पनि
सुग्रीवलाइ पनी सहाउनु भयो * तिम्रो कृपा हो भनी
ऐल्हे हे हनुमान् ! बिभीषणजिका * मत्ले सिताथ्यैं गई
सब् समचार बताउ जाउ अहिले * सूनुन् बहुत खुश् भई ३

जो भन्छिन् ति कुरा बताउन यहाँ * फेरि जल्दि आऊ भनी
हुकुम् पाइ गयां बिभीषणजिका * मतलै हनूमान् पनि
सीताथ्यैं हनुमान् पुग्या रुख मनी * सीता बस्याकी थिइन्
पाऊमा हनुमान् पर्‍या जननिलै * चुपमै नजर् खुब् दिइन् ४
चीन्हिन् ई हनुमान हुन् भनि र खुब् * खूशी भईथिन् जसै
बिस्तार् बिन्ति गर्‍या सबै जननिथ्यैं * श्री रामजीको तसै
भन् खूशी जननी भइन् खुशी हुँदै * क्यै बोल्न लागिन् तहाँ
क्या दीन्या तिमिलाइ चीज हनुमान् * खूशी गरायौ यहाँ ५
तिम्रो यो प्रिय बाक्य तुल्य त अनेक् * रत्नादिका हार् पनि
लाग्दैनन् अरु चीज देख्दिन हुलो * यो चिज् दिन्या हो भनी
झन् बिन्ती हनुमानले पनि गर्‍या * श्री राम् जगत्का पति
खूशी खुब् हुनुहुन्छ ता खुशी म छु * चाहिन्न दौलथ् रति ६
यो बिन्ती सुनि खूशि भैकन तहाँ * फेरी अहाइन् पनि
रामको दर्शन गर्छु बिन्ती गर गै * भेट् गर्न खोज्छिन् भनी
सीताका इ वचन् सुनेर हनुमान् * रामका हजुरमा गया
दर्शनको मतलब् थियो जननिको * सो बिन्ति गर्दा भया ७
त्यो बिन्ती हनुमानले हजुरमा * ताहाँ गर्‍याथ्या जसै
मर्जी भो प्रभुको बिभीषणजिका * सङ्मा तुरुन्तै तसै
जाऊ ल्याउ सितालिलाइ तिमिले * सब् देह निर्मल् गरी
आउन् भेट्न सिता अनेक् तरहका * भूषण् शरीरमा धरी ८
हुकुमले हनुमानलाइ सँगमा * लीई बिभीषण् गया
जल्दी स्नान गराउनाकन तहाँ * खुब् यत्न गर्दा भया
पैल्हे स्नान गराइ शुद्ध कपड़ा * पैहाइ भूषण् पनि
दीया सुन्दर जुन् थियो खुशी हुँदै * पैन्हुन् सिताजी भनी ९

पालुकी माथि सिता चढाइ खुशि भै * हींड्या बिभीषण जसै
दर्शन् गर्न भनेर बानरहरू * आया र घेऱ्या तसै
चौकी गर्न भनेर डोलि नजिकै * जो ता रह्याका थिया
सब् बानरहरुलाई तेस् बखतमा * तिनले हटाई दिया १०
कोलाहल् अधिकै भयो प्रभुजिले * सूनी नजर् भो पनि
हुकुम् भो रघुनाथको किन तहाँ * बानर् हटायौ भनी
आमा जानी ति हेर्दछन् सब जना * हेरुन् ति बानरहरू
पाल्कीमा किन चढ्दछिन् अब सिता * पैदल् ति आउन् बरू ११
सूनिन् स्वामित को हुकुम् जननिले * जल्दी जमिन्मा झरिन्
पाऊ पर्छु भनेर खुब् खुशि हुँदै * साम्ने अगाडी सरिन्
काम्को सिद्ध गराउनाकन सिता * माया स्वरूपी थिइन्
काम्हो रावण मार्नको कुल समेत * त्यो सिद्ध पारी दिइन् १२
अग्नीमा अघि राखियाकि कन फेर् * लीन्या तहाँ सूर् गरी
दोष् दीया रघुनाथले किन यहाँ * आयौ अगाडी सरी
अर्काका घरमा बस्याकि भनि यो * दोषै दिनूभो जसै
लक्ष्मणलाइ हुकुम् दिइन् जननिले * विश्वास खातिर् तसै १३
हेलक्ष्मण ! तिमि अग्नि बाल अहिले * ताहीं प्रवेश् गर्दछ
साँचै छ त म बाँचुला झुटि भया * ऐले यहीं मर्दछ
हुकुम् लक्ष्मणले तहाँ जननिको * सूनेर राम्को पनि
मत् पाईकन अग्नि खुब् गरि ठुलो * बाली दिया वेस् भनी १४
सीताजी पनि खुब् प्रदक्षिण गरिन् * राम्को र मक्की गरी
अग्नीका नजिकै खडा पनि भइन् * साम्ने अगाडी सरी
द्योता ब्राह्मण सम्झि राम् चरणको * ध्यान् भित्र मन्मा धरिन्
सबका साक्षि भनेर अग्नि सित हात् * जोरी पुकारा गरिन् १५

जसूता रितसित रामकै चरणको * ध्यानमा रह्याकी म छु
तेसूता रितसित अग्नि शीतल हउन् * तापै नलागोस् कछु
बोलिन् एति र अग्निमा पसिगइन् * ताहाँ सिताजी जसै
सबैको ताप मनमा भयो बिरहरू * बात गर्न लाग्या तसै १६
सीता अग्निविषे जसै त पसिथिन् * इन्द्रादि दिकपालहरू
ब्रह्मा रुद्र समेत सबै तहिं गया * जो देवता हुन् अरू
जम्मा भै रघुनाथको स्तुति गरया * सब् देवगणले पनि
ब्रह्माले पनि खुब् गऱ्या स्तुति तहाँ * मालिक् इनै हुन् भनी १७
भूषण् वस्त्र अनेक् धऱ्याकि जननी * सीता अगाडी धरी
अग्नीले पनि बिन्ति खुब् सित गऱ्या * रामका चरणमा परी
सीताजीकन आजसम्म त यहाँ * राखी दियाको थियाँ
कामको सिद्ध भयो लिनू अब हवस् * सीता हजुरमा दियाँ १८
अग्निले पनि बिन्ति बात् गरि तहाँ * सीता जसैता दिया
खुशी मन् रघुनाथको हुन गयो * सीताजिलाई लिया
सीताजीकन काखमा लिइ तहाँ * ठाकुर् बस्याथ्या जसै
भक्तीले स्तुति इन्द्रले पनि गऱ्या * खुशीभया सब् तसै १९

दशरथजी सित राम लक्ष्मणको भेट

फेर् बिन्ती शिवले खुशी भइ गऱ्या * रामका हजुरमा तहाँ
सीतानाथ् ! म त आउन्याछु पछि फेर् * वाहीं अयोध्या महाँ
ऐल्हे ई दशरथ् पिता हजुरका * मिल्ला कि दर्शन् भनी
आया दर्शन् आज बक्सनु हवस् * स्वामित् ! प्रभूले पनि १
यो बिन्ती शिवको सुनेर दशरथ्- * जीका हजुरमा गई
पाऊमा शिर राखि बक्सनु भयो * श्री रामले खुश् भई
(आलिङ्गन् दशरथ्जिले पनि गऱ्या * आफ्ना ति छोरा कन
डाकी लक्ष्मणलाई फेरि नृपले * शिक्षा दिया यो पुनः २

आफ्नो श्रेयनिमित्त लक्ष्मण! तिमी * रामको गऱ्या सेवन
मानव् रूपमहाँ विशाल हरिको * औतार संभीकन
सिद्धै चारण औ मुनीश्वर तथा * इन्द्रादि द्योताहरू
गर्छन् ध्यान र पूजनादि इनको * मानी जगत्का गुरू ३
गुप्तैतत्व र वेदको हृदय फेर् * अव्यक्त ब्रह्मै कन
वेदले मान्दछ जुन् इनै पुरुषको * आधार पाईकन
यसले अर्ति दिएर लक्ष्मणकनै * रामका ति पार्षद् जति
साराखाइ दिएर आशिष तहाँ * लुप्तै भया भूपति) ४
बानरको जति फौज् मऱ्या रण हुँदा * ती सब् बचाऊँ भनी
अमृत् वृष्टि गराउनाकन हुकुम् * भो इन्द्रखाइ अनी
हुकुम् पाइ ति इन्द्रले पनि तहाँ * अमृत् गिराया जसै
बानरको सब फौज् खडा पनि भयो * रामका कृपाले तसै ५
बिन्ती ताहिं गऱ्या बिभीषणजिले * रामका चरणमा परी
मङ्गल् स्नान् गरिबक्सियोस् हजुरले * यो स्नानको हो घडी
मङ्गल् स्नान् गरि वस्त्र भूषण धरी * राज् आज याहीं हवोस्
सेवक् हुँ करुणानिधान्! हजुरको * प्रीती म माथी रहोस् ६
बिन्ती सुनि हुकुम् भयो हुन त हो * जान्यौं तहाँ स्नान् गरी
क्यारू आज घरै छ भाइ त भरत् * मै भैं जटाजुट् धरी
त्यो भाई पर राखि आज म यहाँ * कुन् रीतले स्नान् गरूँ
सुग्रिव् विरहरु कुन् देउ तिमिले * इन्खाइ खिल्खत् हरू ७
हुकुम् एति हुँदा बिभीषणजिले * रत्नादि वृष्टी गऱ्या
जसले जुन्चिज खोज्छ सो चिजदिई * सब् फौजको ताप् हऱ्या
सब् फौजखाइ बिदा पनी दिनु भयो * रामले कृपा खुब् गरी
फौज् बानर् हरुको पनी तरिगयो * आनन्दमा खुब् परी ८

पार्षद सहित श्री राम अयोध्या फर्कनू।

काम् सब् यो त भयो यहाँ किन बसौं * जान्छु अयोध्या भनी
सीता लक्ष्मण् साथमा लिइ चढ्या * श्री राम् बिमान्मा पनि
सुग्रिव् अंगद्जी बिभीषण समेत् * राम्का हजुरमा थिया
तिन्लाई पनि जाउ राज् गर भनी * बीदा प्रभूले दिया १
ती सबूले तहिं बिन्ति खुबसित गऱ्या * जान्छौं अयोध्या भनी
सबूको आग्रह देखि खूशि हुनुभो * ताहाँ रमानाथ् पनि
पुष्पक्मा चढि आज जाउँ सब लौ * भन्न्या हुकुम्भो जसै
सुग्रिव् श्री हनुमान अंगद चढया * पुष्पक् बिमान्मा तसै
आफ्ना मन्त्रि लिई बिभीषण पनी * तेसै बिमान्मा बस्या
सेना सुग्रिवका पनि हुकुमले * सम्पूर्ण ताहीं पस्या
सीतानाथहरू सबै बसि सक्या * पुष्पक् बिमान्मा जसै
साह्रै खूशि भई ति बानरहरू * सब् कुद्न लाग्या तसै २

सेना समेत् सब बिमान उपर् चढाई
हुकुम् दिया प्रभुजिले तहिं जानलाई
आकाश मार्ग गरि जान बिमान लाग्यो
शोभा अपूर्व रघुनाथ चढ्या र पायो ४

दौड्यो पुष्प बिमान् जसै हुकुमले * आकाश बीच्मा पसी
पृथ्वीको पनि याद् सबै हुनगयो * तेसै बिमान्मा बसी
जुन्-जुन् काम जहाँ-जहाँ अघि भयो * जानुन् सबै त्यो भनी
सीतालाइ नजर् गराउनु भयो * खुशीमै प्रभूले पनि ५
यो लङ्कापुरि हो अगम् छ बलले * को जान सक्छन् अरू
त्यो भूमि रणभूमि हो तिहिं मऱ्या * ठूला-ठूला बीरहरू
ताही रावण कुम्भकर्ण त मऱ्या * मारी लडायीं गरी
लक्ष्मणले तहिं इन्द्रजित्कन जित्या * सामुने अगाड़ी सरी ६

सेतु सागरमा बनाइ चलियो * मैले समुद्रै तर्‍यौं
रामेश्वर भनि नाम राखि शिवको * स्थापन् किनार्मा गर्‍यौं
चार मन्त्री सँग ली बिभीषण तहीं * आई शरणमा पर्‍या
किष्किन्धा यहि हो यसै नगरिमा * सुग्रीवले राज् गर्‍या ७
बार्ता येति गर्‍या सितासितर फेर् * तारा झिकाऊ भनी
सुग्रीवलाइ हुकुम् भयो प्रभुजिले * तारा झिकाया पनि
तारा रानिहरू समेत् चढि सक्या * ताहाँ बिमानमा जसै
सीतालाइ नजर् गराउनु भयो * बाली गिर्‍याको तसै ८
सीते ! हेर अगाडी पञ्चवटि बेस् * राक्षस् तहाँ धेर् मर्‍या
त्यो आश्रमपनि हो अगस्त्य ऋषिको * जसले कृपा खुब् गर्‍या
तेसै पल्तिरमा सुती द्वण ऋषि छन् * धेरै ऋषी छन् जहाँ
त्यै हो पर्वत चित्रकूट भरतले * भेट् गर्न आया यहाँ ९
जो आश्रम यमुनाजिका छ तिरमा * ताहीं भरद्वाज छन्
गङ्गा हुन् इ अगाडिकी नजरले * देख्दै खुशी हुन्छ मन्
जो देख्छयौ अझभन् परै सरयु हुन् * त्यै हो अयोध्या पुरी
पूरीलाइ प्रणाम लौ गर तिमी * भक्ती गरी नीहुरी १०

श्रीरामको भारद्वाजाश्रममा विश्राम र भरतलाई पुग्ने समाचार पठाउनु।

सीताजीकन एहि रितसित सबै * खोलेर बिस्तार् गरी
भारद्वाजकन गै प्रणाम् पनि गर्‍या * जल्दि जमिनमा झरी
हात् जोरीकन सोध्नुभो जब तहाँ * सबजन् कुशल् छन् भनी
वृद्धै हुन् महतारिको छ गति क्या * ज्यूँदै ति ता छन् पनि १
क्या बात् भाइ अनी भरत् पनि भया * सबका उपर् काम् गरी
चौधै वर्ष रह्या व्रती भइ ति ता * चिन्तन् म माथी धरी
भारद्वाज ऋषिले पनी सब् कुशल् * थीयो बताई दिया
हे नाथ ! छन् कुशलै सबै भरतका * मात्रै विपत्ती थिया १२

हजुर पर हुनाले फल-फुलै मात्र खान्छन्
हँजुर सरि खराऊँ गादिमा राखी मान्छन्
शिर भरि छ जटाजूट् बल्कलै छन् धर्‍याका
फगत हजुरमा छन् प्राण अर्पण गर्‍याका ३
सब् जान्दछ हजुरले पनि काम् गर्‍याको
राक्षस् विनाश गरि भार् भुमिको हर्‍याको
त्यो सब् प्रसाद् हजुरको सब तत्व जान्यौं
जो ब्रह्म हो उ त हजुरकन आज मान्यौं ४
लीला गरी हजुरले अवतार् लियाको
ब्रह्मादि देवगणको पनि ताप् हर्‍याको
जो ई चरित्रकन खुश् भइ गान गर्छन्
संसार् समुद्र सहजै पनि आज तर्छन् ५
ब्रह्माजिको बचनले यहि रूप धारी
भार् हर्नु भो सकल राक्षसलाइ मारी
सब् लोकको हित हुन्या अरु काम् गरीनन्
चौधै भुवन् हजुरका यशले भरीनन् ६
मेरो आज पवित्र घर् पनि हवस् * एक् रात् यहाँ राज् गरी
भोली जानु असल् हुन्याछ पुरमा * बिन्ती छ पाऊ परी
भारद्वाज् ऋषिले यती हजुरमा * बिन्ती गर्‍या राज् भयो
सन्मान् सैन्यसमेत् गर्‍या र तिनले * सम्पूर्णको ताप् गयो ७
हुकुम्भो हनुमानलाइ हनुमान् ! * लौ शृङ्गवेरमा गई
मेरा खुब् प्रिय छन् सखा गुह तहाँ * तिन्थ्यें समाचार् कही
नन्दीग्राम् गइ भाइलाइ गरि भेट् * श्री राम आया भनी
मेरो लक्ष्मणको सिताजिहरुको * सम्चार् बताऊ पनि ८

मैले काम जती गर्‍यौं भरतथ्यैं * सम्पूर्ण बिस्तार गरी
वाहाँको समचार लिईकन फिर्‍या * सन्ताप सबको हरी
हुकुम् यो हनुमानले जब सुन्या * मानिस सरीका बनी
जल्दी गै गुहलाइ सब् कहि दीया * आयासितारामू भनी ९
फेर् जल्दी सरयू तिरै तिर गया * देख्या अयोध्या पनि
नन्दीग्राम् जब देखियो तहिं गया * जान्या यही हो भनी
वैलाई रहँदा जउन् तरहले * फुल् सुक्ख फोश्रो भई
तेस्तै रैयतको दशा उस बखत् * देख्या हनूमान् गई १०

देख्या तहाँ भरतलाइ जटा धर्‍याका
श्री रामको चरण चिन्तन खुब् गर्‍याका
रामको खराउँकन मालिक जानि मानी
दिन्थ्या हुकुम् पनि त सेवक आफु जानी ११
सब् गेरुवा पहिरि मन्त्रि पनी बस्याका
रामको भजनतिर त कम्मर खुब् कस्याका
देख्या भरतकन र खुश् भइ हात जोड़ी
बिन्ती गर्‍या भरतको सब ताप तोड़ी १२

जसको चिन्तन गर्नुहुन्छ महाराज्! * सो नाथ् सितारामू पनि
आई पुग्नुभयो मलाइ अधिराज्! * भेट् भाइलाई भनी
हुकुम् भो रघुनाथको र म यहाँ * आयौं हुकुमले गरी
सीता लक्ष्मणले सहित कुशल छन् * त्रैलोक्यका नाथ् हरि ?
एती वीरहरु साथ छन् भनि कुशल * बिस्तार सुनाया जसै
खुशी मैकन अङ्कमाल पनि गर्‍या * ताहीं भरतले तसै
राम् औ सुग्रिवको कहाँ हुन गयो * भेट् सब् बताऊ भनी
सोध्या ताहिं भरतजिले र हनुमान् * जीले बताया पनि २

सुग्रिव् साथ मित्यारि गर्छु पनि भो * साहाय सुग्रिव् भया
लङ्कामा रहिछन् सिता र रघुनाथ् * ज्यूका सँगैमा गया
सीता रावणले हरेर बहुतै * दुःखी सरीको भई
सीताजीकन खोजि-खोजि रघुनाथ् * फेर् ऋष्यमूकमा गई ३
लङ्कामा गइ युद्ध गर्नु पनि भो * राक्षस् र रावण् गिऱ्या
लंकामा अधिराज् बिभीषण बन्या * श्रीराम् अयोध्या फिऱ्या
यो बिस्तार् हनुमान देखि रघुनाथ् * ज्यूको सुनाय्या जसै
भाईलाइ हुकुम् दिया नगरको * संस्कार स्वातिर् तसै ४
हे शत्रुघ्न ! गराउ सब् नगरको * संस्कार् अगाडी सरी
सब् देवालयमा पुजा अब गरुन् * नाना विधान्ले गरी
सूत् बैतालिक बन्दिजन्हरु समेत * निस्कुन् ति कस्वीहरु
सब् जाउन् रघुनाथका हजुरमा * जो-जो यहाँ छन् अरु ५
भारी फौज लिएर मन्त्रिहरुले * सब् राजपत्नी लिई
ब्राह्मण् लाइ अगाडि लाइ हिंडनू * सबलाइ उर्दी दिई
हुकूम् एति दिया तहाँ भरतले * हुकुम् बमोजिम् गरी
हातमा भेटि लिएर लश्कर चल्यो * खुब् हर्षभो तेस् घरी ६
श्री रामचन्द्रजिको खराउँ शिरमा * राखी तयारी भया
भाई साथ लिई भरत् प्रभुजिमा * हिंड्दै ति पैदल् गया
आयो श्री रघुनाथको पनि विमान् * चन्द्रै सरीको बनी
देखाया हनुमानले प्रभुजिको * तेही विमान् हो भनी ७
देख्या श्री रघुनाथको जब विमान् * कीर्तन् सबैले गऱ्या
घोड़ामा रथमा जती विर थिया * ती सब् जमिनमा भऱ्या
पृथ्वीमा नझरी तहाँ प्रभुजिको * दर्शन् मिलेथ्यो जसै
ठाढैबाट गऱ्या प्रणाम् भरतले * खुब् हर्ष मान्या तसै ८

भाईलाई विमानमा लिनुभयो * ताहीं जमिनमा झरी
फेरी जल्दि पऱ्या भरत् चरणमा * साष्टाँग सेवा गरी
काखैमा पनि राखि बक्सनु भयो * राम्ले भरत् खुश् भया
सीताजीकन दण्डवत् गरूँ भनी * साम्ने अगाड़ी गया ९
स्वामित् !हूँ म भरत् पऱ्याँचरणमा * यस्तो पुकारा गरी
सीताका पनि पाउमा परिगया * आनन्द सागर् परी
लक्ष्मणलाई पनी प्रणाम् तहिंगऱ्या * काम्ले बड़ा हुन् भनी
आलिङ्गन् गरि सुग्रिवादि बिरको * मन् खुश् गराया पनि १०
सुग्रीवादि जती त बानर थिया * ती मानिसै भैं भई
सोध्या प्रश्न कुशल् सबै भरतको * आफ्नो कुशल् सब् कही
मर्जी सुग्रिवलाइ तेस् बखतमा * यस्तो भरत्को भयो
याहाँबाट दया भई प्रभुजिका * सब् शत्रुकोज्यान्गयो ११
चारै भाई थियौं अगाड़ी अहिले * पाँचौं हुनूभो यहाँ
भाईका झयिं यो सहाय नभया * राक्षस् जितिन्थ्या कहाँ
यसतो प्रेम्सित् बात् गऱ्या भरतले * सुग्रीवज्यूलैं गई
श्री राम्चन्द्रजिका पऱ्या चरणमा * शत्रुघ्न खुशी भई १२
लक्ष्मणजीकन दण्डवत् गरि सिता- * जीका चरणमा पऱ्या
सेवक् हूँ करुणानिधान् ! हजुरको * यो ताहिं बिन्ती गऱ्या
श्री राम्चन्द्रजिको खराउँ शिरमा * राखी गयाका थिया
वेला भो भनि पाउमा भरतले * ताहीं लगाई दिया १३
हात् जोरी विनती गऱ्या पनि तहाँ * नास्रो लियाको थियौं
यो गादी लिइ वक्सियोस् हजुरले * यै हो हजुरमा दियाँ
सब् थोक्मा पनि अन्नको र धनको * दश् खण्ड बढ्तै गरी
राख्याको छु दयानिधान्! हजुरको * सेवाविषे मन् धरी १४

यो बिन्ती खुशिले तहाँ भरतले * सामने गऱ्याथ्या जसै
देखी भक्ति भरतजिको खुशी भई * सम्पूर्ण रोया तसै
नन्दीग्राम् पुगि उत्रि बक्सनु भयो * ठाकुर् जमिन्मा पनि
पुष्पकलाइ बिदा पनी दिनुभयो * लैजा कुबेरथ्यैं भनी १५
फेरी श्री रघुनाथ् वसिष्ठ गरुका * पाऊ विषे झट् परी
याहाँ राजगरि बक्सियोस् भनि असल् * आसन् अगाडी धरी
आसन्मा गुरुलाइ राखि नजिकै * आसन् विषे राज् भयो
पाया दर्शन रामको र सबको * सम्पूर्ण सन्ताप् गयो १६
कैकेई र भरत् मिलेर रघुनाथ्-* जीका चरणमा पऱ्या
हात् जोरीकन राज्य अर्पण गरी * बिन्ती बहुते गऱ्या
जसले एक कटाक्षले सहज यो * ब्रह्माण्ड सब् हर्दछन्
जो ऐश्वर्य छ इन्द्रको उ पनि एक् * क्षणमा तयार् गर्दछन् १७
यस्ता शुद्ध अनन्त पूर्ण सुख रूप् * ब्रह्मै स्वरुपले पनि
के राज् गर्नु थियो तथापि लिइ भो * खुशी हउन् ई भनी
पैल्हे स्नान् भरतादिले जब गऱ्या * क्षौरले जटा साफ् गरी
स्नान् सीतापतिको पछी तहीं भयो * तेस्तै प्रकारले गरी १८
माला चन्दन वस्त्र आदि पहिरी * आसन् बिषे राज् भयो
रामको स्नान् र सीताजिको तहिं सँगै * हुँदा सबै ताप् गयो
सीताराम् रथमा सवार् हुनुभयो * सुग्रीव् विभीषणहरू
हात्तीमा रथमा सवार् हुन गया * घोडैमहाँ कवै अरू १९
रामको सारथि ता भरत् हुन गया * सेवा म गर्छू भनी
सेतो छत्र लिया बहुत् खुशी हुँदै * शत्रुघ्नजीले पनि
पंखा लक्ष्मणले लिया प्रभुजिको * सुग्रीवले ता चमर
लीया चामर एक् बिभीषणजिले * खुशी भया सब् नगर २०

मानिसले त बखान् कहाँ तक गरुन् * सब् देवताले पनि
राम्को कीर्तन खुब् गऱ्या र सुनियो * मीठो मधुर् सब् ध्वनी
भेरी शंख मृदङ्ग आदि नगड़ा * खुब् बज्न लाग्या पनि
श्रीराम्को पनि कूच् भयो रथ चढ़ी * जाऊँ अयोध्या भनी २१
श्री राम्को पुरिमा प्रवेश् जब भयो * सब् पौरवासी पनि
निस्क्या बालक वृद्ध दर्शन गरी * हेरौं तमाशा भनी
देख्या श्री रघुनाथलाई रथमा * धारण् पिताम्बर् गरी
श्याम्सुन्दरछ शरीर् किरीट शिरमा * भूषण् शरीर्मा धरी २२
लालछन् नेत्र विशालखुब् हृदयबिच् * वेस् मोतीका हार छन्
शोभा चन्दन पुष्पको छ पनि बेस् * देख्तै भयो खुशी मन्
सून्या स्त्रीहरुले पनी शहरमा * आया सिताराम् भनी
सबको चञ्चल चित्तभो र बहुतै * हेरौं सिताराम् भनी २३
छोड्या काम् घरको चढ्या गृह उपर् * सब् स्त्री अटाली गई
लावा पुष्प चढाउँदै प्रभुजिको * दर्शन् गऱ्या खुश् भई
राम्को मोहनी मूर्तिमा जब नजर् * सब् स्त्रीहरूको पऱ्या
खुशी भैकन अङ्गमाल मनले * सब् स्त्रीहरुले गऱ्या २४
मन्दै हास्य गरी प्रजाकन नजर् * दीदै रमानाथ् तहाँ
दर्बार् पौंचनु भो अगाडि दशरथ् * बस्थ्या खुशी मै जहाँ
कौशल्याहरुलाइ योग्य रितले * ताहाँ नमस्कार् गरी
सुग्रिवको पनि बास् खटाउनु भयो * साह्रै पियारो गरी २५
सुग्रिवजीकन राख भाइ ! तिमिले * पैल्हे म बस्थ्याँ जहाँ
सबलाई तिमिले खटाउ बढ़िया * घर् बस्नलाई यहाँ
हुकुम् एति हुँदा तहाँ भरतले * सोही बमोजिम् गऱ्या
सबका बास खटन् भयो सब तहाँ * आनन्दसागर् पऱ्या २६

आफैं श्री रघुनाथ् हुकुम् अब गरुन् * यो मन् भरतले गरी
सुग्रिवलाइ अहाउनु पनि भयो * खुश् भै अगाड़ी सरी
हे सुग्रीव ! खटाउनू अब पऱ्यो * वीरवीर विचार् खुवगरी
चारैतर्फ गई समुद्र पुगि जल् * ल्याउन्कलशमाभरी २७
श्रीरामचन्द्रजिलाइ राज्य अभिषेक् * गर्छ म ऐल्हे भनी
मर्जीभो र भरतजिको उहि बखत् * ल्याई दिया जल् पनि
जल् लीनाकन जाम्बवान् र हनुमान् * अङ्गद् सुषेण् चार् गया
पौंच्या जल्दी समुद्रमा असल् जल् * लीएर दाखिल् भया २८
त्यो जल् साथ लिई वशिष्ठ गुरुका * साम्ने भरतजी गया
यो हो चार समुद्रको जल भनी * यो बिन्ती गर्दा भया
फेर् बिन्ति करजोरी खुबसित गऱ्या * यै जल् हजुरले छरी
श्रीरामचन्द्रजिलाइराज्य अभिषेक् * दीनू हवस् यसघरी २९
यस्तो बिन्ति सुनी वशिष्ठ गुरुले * बेस् बिन्ति गर्यौं भनी
श्रीरामचन्द्रजिलाई राख्नु पनि भो * सिंहासनैमा पनि
गौतम् बाल्मकि वामदेव इ समेत् * जाबालि ताहीं थिया
ती सबले सँग भै वशिष्ठ गुरुले * जल्दी अभिषेक् दिया ३०
कन्न्या ब्राह्मणले पनी तुलसिदल् * हालेर कुशले असल्
मन्त्रैपूर्वक खुशि भैकन छरया * रामका उपर् शुद्धजल्
सेतो छत्र लिया तहाँ प्रभुजिको * शत्रुघ्नजीले गई
सुग्रिवले र तहाँ विभीषणजिले * हाँक्या चमर् खुशभई ३१
माला काञ्चन वायुले पनि दिया * हार् इन्द्रजीले पनि
माला रत्न खचित् गराइ त दिया * पैन्हुन् सिताराम् भनी
गाऊँछन् तहिं देवतागणहरू * सब् अप्सरा नाच्तछन्
बर्स्यो खुवसित पुष्प वृष्टि नगरां * सुन्दाभयो खूशीमन् ३२

गम्भीर् श्यामशरिर् किरिट्छ शिरमा * माला पिताम्बर् धरी
कोटी काम समान सुन्दर स्वरूप् * बाम् तर्फ सीता धरी
सिंहासन् बसि सब् प्रजातिर नजर् * दीनू भएथ्यो जसै
दर्शन् गर्न भनेर पार्वति समेत् * आया सदाशिव् तसै ३३
डिम्डिम् शब्द भयो तहाँ डमरुको * नन्दी र भृंगी पनि
ताल्बेताल्हरु नाच्न लागि ति गया * आया सद्दाशिव् भनी
शम्भूका पछि देवगण् सब तहाँ * आएर हाजिर् भया
श्रीराम्को स्तुति खुब् गरेर खुशि भै * सब् जल्दि फर्की गया ३४
बाजा खुब् शब्द गर्छन् स्तुति गरि ऋषिगण देवगण् पाठगर्छन्
वर्षन्छन् पुष्पवृष्टि प्रभु उपर अनेक् प्राणिले सौख्य गर्छन्
सिंहासन्मा बिराजमान् सकल गुणनिधान् राम् हुनू भो जसैता
सीता लक्ष्मण् सँगैछन् प्रभुकन हुनगो पूर्ण शोभा तसैता ३५
राजा श्री रघुनाथ् हुँदा पृथिविमा * सस्यादि खूबै बढ्यो
थीयानन् अघि गन्ध जौन फुलमा * तिन्मा सुगन्धी चढ्यो
धेनू दान् वृषदान् गऱ्या प्रभुजिले * तिन्कोटि सुन्दान् गरी
वस्त्रै भूषण रत्नदान् पनि गरया * दारिद्र सबको हरी ३६
दान्ले ब्राह्मण खुश् गराइ रघुनाथ् * सुग्रीवलाइ पनि
माला सूर्य समानको दिनुभयो * दीनू उचित् हो भनी
मर्यादा गरि बाजुबन्द दिनु भो * अंगद्जिलाई पनि
ताहीं एक अमूल्य हार दिनुभो * सीताजिलाई पनि ३७
सीताले हनुमानलाई दिन सुर् * चाँधेर हात्मा लिइन्
कस्तो हुन्छ हुकुम् भनीकन नजर् * स्वामित् तरफ् खुब् दिइन्
जस्लाइ दिन मन्छ देउ भनि यो * हूकूम भएथ्यो जसै
प्यारा श्रीहनुमान् थिया तहिं दिइन् * त्यो हार् सिताले तसै ३८

(श्रद्धापूर्वक हार त्यो तब लिया * वायूकुमारले तहाँ
हेरया पल्टि र पल्टि नाम् प्रभुजिको * त्यस्का जुहारै महाँ
देख्यानन् प्रिय नाम राम प्रभुको * त्यस्मा रह्याको जब
प्रत्येक् रत्न चुँडाई हेर्न अनि ता * लाग्या हनूमान् तब १
छिन्दामा पनि देखिएन त्यसमा * राम् नाम काहीं भनी
दाना ती सब दाँतले गरि तहाँ * फोरेर हेऱ्या अनी
सारा रत्न फुटाउँदा पनि कहीं * राम् नाम् नदेखीकन
माटोकै सरि मानि रत्नहरु तीं * फ्याँक्या कपाले पुनः २
त्यो चाला हनुमानको नजरमै * सीताजिले राम् महाँ
साह्रै मूर्ख रहेछ बानर भनी * बिन्ती चढाइन् तहाँ
जुन् हार् हेर्न न पाइ व्यग्र अतिछन् * ढूला ठुला भूपति
घाँता दानवहेरू सम्मकन हो * दुष्प्राप्य जुन् हार् अति ३
सोही हार् इनि भक्त हुन् भनि दियाँ * इन्ले त माटो सरी
फ्याँक्या क्यान भनिन् सुनेर प्रभुले * गम्नू भयो त्यस् घरी
सीताको अभिमान तोड़दछु भनी * डाकेर सन्मुख् महाँ
भन्नूभो हनुमान लाई किन ? यो * माला अफाल्यौ यहाँ ४
आज्ञा राघवको सुनेर मनमा * अत्यन्त दुःखित भई
भन्छन् वायुकुमार व्यग्र स्वरले * रामका समीपमा गई
हे नाथ् ! बक्सिस हार पाइ खुशिमै * मैले लियाँ त्यस् घरी
हेरयाँ नाम् प्रभुको हुन्याछ यसमा * भन्न्या बिचार्ल गरी ५
मूर्ती वा प्रभुको सुनाम् कहिं पनी * देखीन यस्मा जब
फोऱ्याँ भित्र छ कि भनी नभइ फेर् * फ्याँक्याँ दुःखीभै तब
राम्नाम् बाहिक व्यर्थ हो जगतको * ऐश्वर्य सारा सदा
मेरो ता हृदयै विषे छ प्रभुको * मूर्ती खडा सर्वदा ६

यसतो बिन्ति गरेर चुप् भइगया * वायू कुमार् ती जब आफ्नो त्यो अपमान् बुझीकन भनिन् * सीताजिले फेर् तब ठान्छ हौ तिमि मुख्य भक्त प्रभुका * मेरा पनी छौ प्रिय यसतो गफ् किन् गर्दछौ तिमि यहाँ * त्यागेर लोक लाज् सब ७ छन् तिम्रा हृदयैमहाँ प्रभुजिता * देखाउ ऐले यहाँ तिम्रो बात सुनेर मात्र अहिले * विश्वाश् म मान्छु कहाँ सीताको सुनि बात यो ति कपिले * राम् नामको जप् गरी हातले छाति चिरीलिया सकलले * देख्या तहाँ त्यस् घरी ८ राजसिंहासन माथि राम प्रभुका * राज गर्नु हुन्थ्यो तहाँ सीता बाउँ तरफ्थिइन् ति प्रभुका * हर्षित् भई काख् महाँ भाई तीन जना वरिपरि बसी * हाँक्थ्या तहाँ चामर पार्षद् गण् स्तुति गर्दथ्या तहिं बसी * शोभा थियो सुन्दर ९

हनुमान प्रति सीताजीको विश्वास, अशोकवाटिका वैर साधने वरदान।

त्यसतो अद्भुत दृश्य त्यो नजरले * देखेर सीताकन लज्जाभो अधिको वचन् किन भर्ने * भन्न्या लिई मन्मन) भन् दर्जा हनुमानको तहिं बढ्यो * फेरी प्रभूले पनि के माग्छौ वरदान माँग तिमिले * दिन्छ म त्यो वर् भनी १ हुकुम् बक्सनुभो तहाँ र हनुमान् * खुशीभै अगाडी सर्‍या जो माग्नू मनमा थियो हजुरमा * हात् जोरि बिन्ती गर्‍या स्वामित् ! नाम हजुरको जबतलक् * लीनन् जगत्मा बड़ा ताहीं सम्म शरिर् रहोस् हजुरको * नाम् सुन्नलाई खड़ा २ स्वामित् ! नाम हजूरको स्मरणमा * आनन्द जो पाउँछु त्यो आनन्द कतै मिलेन रघुनाथ ! * तेही नछुटोस् कछु यो बिन्ती सुनि लौ भनी हुकुम् भो * फेरी हुकुम्भो पनि बित्ला कल्प र यो बित्यापछि भन्या * मुक्तै हुन्याछौ तिमी

हुकुम् यो रघुनाथको हुनगयो * फेर् जानकीले पनि
जो जो हुन् सुख भोग् सबै वश रहुन् * तिम्रा हनूमान् ! भनी
आशीर्वाद् यति चक्रमु जब भयो * बीदा हनूमान् भया
आनन्दाश्रु गिराइ तप् गरुँ भनी * हीमालयैमा गया ४
(फेरी अङ्गदलाइ नम्रित भई * देखी खड़ा त्यस् घरी
डाकी तिनकन पासमा खुश भई * भन्छन् जगन्नाथ् हरी
हे अंगद् ! भन केहि भन्न छ भन्या * शंका नमानी यहाँ
तिम्रो भक्ति बुझेर् तुष्ट छु अती * इच्छा छ के मन्महाँ ५
मर्जी त्यो सुनि बालिका तनय ती * रामका चरणमा परी
भन्छन् माँगु म के सबै छ भरिपुर् * स्वामित् ! कृपाले गरी
आज्ञा भो तर नाथको र अहिले * लौकिक् बिचारले यहाँ
बिन्ती गर्छु प्रथम् प्रभो ! चरणको * भक्ती रहोस् मन्महाँ ६
फेरी बाबु मराइ शत्रुगृहमा * नोकर् रह्याको भनी
गर्न्याछन् अपवाद लोक जनले * मेटीदिनोस् त्यो पनि
तस्मात आजयहाँ शरणपरि प्रभो ! * माग्छु म सोही वर
पाउँ साधून म बाप बैरी यसको * बक्स्योस् कुनै औसर ७
बिन्ती अंगदको सुनेर सब जन् * साह्रै चकित् भै गया
क्या भन्छन् अब रामले सुनुँ भनी * दृष्टी प्रभूमा दिया
गौरवपूर्ण यथार्थ वीर-बटुको * त्यो बिन्ती सुन्नू भई
आलिंगन् झट गर्नु भो प्रभुजिले * तिनका समीपमा गई ८
फेरी भन्नु भयो प्रसन्न मुखले * श्यावासि दी तिनकन
तिम्रो मन्सुब पूर्ण निश्चय पनी * गर्न्यालु मैले सुन
भूको भार उतार्छु कृष्ण रुपले * द्वापर् युगैमा अब
स्वर्गारोहणका बखत म मरूँला * हातदेखि तिम्रा तब ९

इच्छित वर् प्रभुबाट पाइकन यो * अङ्गद्जि खुशी भया
रामको होस् जय सर्वदा भनि उनी * आफ्ना नगरमा गया)
फेर् ठाकुर् गुहका अगाड़ि गइ यो * हुकुम् कृपाले गऱ्या
जाऊ लौ घरमै बसी रहु फगत् * मन्मात्र मैमा धऱ्या १०
यो प्रारब्ध ठूलो छ भोग नगरी * टर्दैन कसूतै गरी
हून्याछौ तिमि मुक्तदेह पछि ता * संसार् सहज्मा तरी
हुकुम् यो गरि मुख्य भक्त गुहका * सामुने अगाडी सरी
आलिङ्गन् गरि भूषणादि दिनु भो * राज्यै समेत त्यै धरी १३
तत्वै ज्ञान् पनि बक्सनु तहिं भयो * आनन्द सागर् परी
बीदा मै गुहजी गया घरमहाँ * मन् रामचरणमा धरी
यसूता रितसित सब् बिदा तहिं हुँदै * सुग्रिव् बिभीषण् गया
लक्मण् सेवक छन् सदा हजुरमा * राम् राज्य गर्दा भया १२
आत्मा रूप् सब कर्मका अधिपति * निर्मल् अकर्ता पनि
कर्ता भैकन लोकलाइ उपदेश् * गर्नू उचित् हो भनी
गर्ना लायक अश्वमेधहरू जो * ठूला ठूला यज्ञ हून्
ती सब् यज्ञ पनी गऱ्या प्रभुजिले * बाँकी रहन्थ्या कउन् १३

श्रीरामको राज्य शासन ।

राजा राम् भइबक्सनु जब भयो * प्राणी प्रजा खुश् भया
जो पर्थ्या अघि ताप् अनेक् तरहका * ती सब् प्रजाका गया
गर्दैनन् विधवा विलाप् मुलुकमा * लाग्दैन रोग् व्याध् पनि
सब् डाँकू दबिया परेन कहिं ताप् * यो चीज् हरायो भनी १
बूढा बाँचि मरेन बालख कहीं * यसूतो मुलुकमा भयो
छोरा भैं गरि पालिबक्सनु हुँदा * ताप् सब् जनैको गयो
गर्छन् राघवको भजन् जनहरू * वर्षन्छ मेघ् कालमा
वर्णाश्रम् सब गर्दछन् दिन वित्यो * सबका सुखी चालमा २

अयुत वर्ष त राज् प्रभुको भयो
सकल ताप् हुनियाँहरुको गयो
शिवजिले यति पार्वतिय्यैं कह्या
सकल ताप् छुटि जान्छ सुनी रह्या ३
श्री रामको यति कथाकन जो कहन्छन्
सब् थोकले ति परिपूर्ण भई रहन्छन्
धन् पुत्र राज्यहरु कम्ति हुँदैन केही
पाप् हर्नलाइ पनि मुख्य छ धर्म एही ४
जन्मन्छन् तर मर्दछन् पनि सबै * जसको त छोराहरु
त्यसता स्त्रीहरुले भन्या यदि सुन्या * बाँच्छन् ति छोरा अरु
बन्ध्या स्त्री पनि पाउँछन् सुत असल् * गर्छन् कृपा राम् धनी
आधि व्याधि अनेक दुःख भय ताप् * पर्दैन कैल्हे पनि ५
श्रीरामको यति कथा जतिले त सुन्छन्
सब् देवता तिसँग खुबसित खुशि हुन्छन्
जो विघ्न हुन् ति पनि नष्ट भएर जान्छन्
सम्पूर्ण जन् पनि तिनैकन आइ मान्छन् ६
आधि व्याधि पनी छुटी उस उपर् * धन्-धान्य सन्तान् पनि
बढ्छन् इष्ट कुटुम्ब मित्रहरुका * मान्यै ति हुन्छन् भनी
यस्ताको म बखान् कहाँतक गरूँ * जो मन् प्रभूमा धरी
गर्छन् राम-भजन् त मुक्त पनि भै * जान्छन् ति संसार् तरी ७
शम्भूले सब वेद मन्थन गऱ्या * श्री रामको नाम् सरी
अर्को तत्त्व मिलेन केहि र लिया * साह्रै पियारो गरी
सोही तत्त्व त पार्वती कन दिया * अध्यात्म रुपले गरी
जसले प्रेम् गरी सुन्छ यो सहज त्यो * उत्तन्छ संसार् तरी ८

इति श्रीसुब्बा होमनाथात्मज तनयेन पं० रामजी उपाध्याय कृत क्षेपक समेतको महाकवि भानुभक्ताचार्य कृत रामायण युद्धकाण्ड समाप्त।

॥ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॥

सुब्बा होमनाथात्मज पं० केदारनाथजी र
रामजी उपाध्याय कृत क्षेपक समेतको



महाकवि भानुभक्तको

रामायण-उत्तरकाण्ड

पुलस्त्यका नाती कुबेर र रावणादि सबै भाई हरूको उत्पत्ति वर्णन ।

शम्भूका मुखदेखि राज्य अभिषेक * रामको सुनीथिन् जसै सोधिन् पार्वतिले सदाशिवजिथ्यैं * लीला पछीका तसै पृथ्वीमा कति वर्ष राज् हुनगयो * लीला तहाँ कुन् भया कस्ता रितसित राज्यछोडि रघुनाथ् * बैकुण्ठ धाममा गया १ शम्भो ! श्रीरघुनाथका जति छन् * लीला कृपाले गरी आज्ञा आज हवस् म सुन्छु भगवान् ! * बिन्ती छ पाऊ परी यो बिन्ती जब शम्भुका चरणमा * श्री पार्वतीले गरिन् सब् लीला प्रभूको कह्या शिवजिले * खुब् हर्षमा ती परिन् २ रावण् मारि उतारि भारि भुमिको * राज्यै ति गर्छन् भनी जानी एकदिन् ता गया ऋषि अनेक् * भेटौं सिताराम् भनी दुर्वाशा भृगु अङ्गिरा इ पनि छन् * कश्यप् र वामदेव् भया विश्वामित्र असित् र कण्डव सहितै * सप्तर्षि अत्री गया ३

सब् शिष्यै सहितै अगस्तिजि गया * द्वारमा पुग्याथ्या जसै
हाजिर् जल्दि पठाइ मर्जि भइ ती * पौंच्या हजुरमा तसै
पूजा सब् ऋषिको गऱ्या प्रभुजिले * सबलाइ आसन् दिया
खुशी सब् ऋषिगण् भया हजुरमा * जो-जो गयाका थिया ४
पैल्हे प्रश्न गऱ्या तहाँ कुशलको * रामले र आदर् गरी
सोध्या सब् ऋषिले पनी कुशलको * बिस्तार् बडो प्रेम् धरी
बिन्ती सब् ऋषिले गऱ्या हजुरमा * स्वामित्! ठूलोकाम् भयो
पृथ्वीको अति भार इन्द्रजित हो * भार् तेहि जाँदा गयो ५
वीर् हुन् रावण कुम्भकर्ण त पनी * यो इन्द्रजित् भन् जबर्
वीर् हौं त्यो पनि मारि बक्सनु भयो * को जित्न सक्थ्यो अबर्
लङ्कामा इनि दुष्टको मरण भो * साँचा बिभीषण् थिया
पाया राज्य कनक् भयौं र खुशिले * चाकर् सदाका भया ६

जो दक्षिणा अभयको अघि हो दियाको
सो पूर्ण गर्नकन दुष्ट हरीं लियाको
देख्यौं कृतार्थ हुनुभो रघुनाथ ! ऐल्हे
मर्थ्या ति राक्षसहरू अरुदेखि कैल्हे ७

यो बिन्ती ऋषिको सुन्या प्रभुजिले * आश्चर्य मान्या पनि
क्याले रावणदेखि भन् अति ठुलो * भो इन्द्रजित् वीर् भनी
सोध्या सब् ऋषिका अगाडि र तहाँ * सामने अगस्ती थिया
यस्तो त्यो विर हो भनी सब कुरो * बिस्तार् बताई दिया ८
ब्रह्माका सुत हुन् पुलस्त्य तपका * खातिर् सुमेरु गया
राजर्षी तृणाविन्दुका नगिचमा * आश्रम् ति गर्दा भया
तप् गर्य्या, तहिं देवपुत्रिहरु सब् * आएर खुब् गान् गरी
नाच्थ्या हास्य कुरा अनेक् तरहका * गर्दै नजरमा परी ९

तपको विघ्न हुन्या पुलस्त्य ऋषिले * बूझ्या बड़ा धीर् थिया
जुन् स्त्री देख्छु म गर्भिणी उहि हवस् * भन्या शराप् पो दिया
भाग्या सब् तृणबिन्दु पुत्रि त सुनी * साम्ने नगिच्मा गइन्
देख्या ताहिं पुलस्त्यले र ति तहाँ * झट् गर्भिणी भै गइन् १०
काँपिन् खुब् डरले पितासित गइन् * जान्या पिताले पनि
छोरी गर्भिणी भै छ आज ऋषिका * साँचो बचन्ले भनी
जानी छोरी पुलस्त्यजीकन दिया * जल्दी नगिच्मा गई
ती कन्या ति पुलस्त्यले पनि लिया * अत्यन्त खूशी भई ११
तिन्का पुत्र त विश्रवा हुन गया * खुब् ब्रह्म जान्या भनी
भारद्वाज् ऋषिले त तिन्कन दिया * छोरी बड़ो गुण् सुनी
तिन्का पुत्र कुबेर् भया गुणनिधी * तिन्ले तपस्या गरी
ब्रह्मालाइ रिझाउँदा ति धनका * मालिक् भया तेस् घरी १२
(एक् आँखा तिन पाउ बाहु पनि आठ् * इन्का शरीरमा थियो
तस्मात् देह विकार् भएर इनको * नाऊँ कुबेरै रह्यो
फेरी ई अलकापुरी नगरिका * लोकपाल् बन्या विश्रुत
यक्षौगण हरूका अधीश्वर भई * उत्तर दिशामा स्थित) १३
मालिक् दौलथको गराइ ति गरुन् * यस्मा सयल् खुप् भनी
ब्रह्माले तहिं फेरि पुष्पक विमान् * तिन्लाइ दीया पनि
तेसै माथि चढी पितासित गई * तपको सबै फल् कह्या
सब् पायाँ तर बास् त पाइन कता * जाऊँ म भन्दा भया १४
सून्या बिन्ती कुबेरको र खुशि भै * ती विश्रवाले पनि
लङ्का खालि थियोर ताहिं दिनुभो * लौ राज्य गर् जा भनी
लङ्कामा अघि राज्य राक्षसहरू * गर्न्या बड़ा वीर् थिया
तिन्कै खातिर विश्वकर्मा खुशि भै * लङ्का बनाई दिया १५

आज्कल् राक्षस विष्णुले जितिलिंदा * भागेर पातालमा
लुक्न खातिर गै गया र शहरै * खाली छ यस् कालमा
आज्ञा एति दिया कुबेरकन तहाँ * ती विश्रवाले जसै
लङ्कामा ति कुबेर् गईकन बस्या * राज् गर्न लाग्या तसै १६
एकदिन् कैकसि छोरि लीकन ठुलो * राक्षस् सुमाली पनि
हुल्यो यस् पृथिवी विषे सब घुमी * हेरूँ तमाशा भनी
पातालबाट सयल् गरूँ भनि तहाँ * आएर हुल्दा महाँ
पुष्पक् माथि चढेर खुब्सित सयल् * गर्द्यो कुबेरजी तहाँ १७
लाग्यो दृष्टि सुमालिको र मनले * मान्यो बडा हुन् भनी
यस्तो वीर् कुलमा कसो गरि हुनन् * सन्तान् भितायो पनि
लाग्यो कैकसीलाइ भन्न त्यसले * पुत्री ! बहुत् काल् भयो
कोई वर् पनि पाउँदीन गरूँ क्या * यौवन् त तिम्रो गयो १८
तस्मात् आजत विश्रवा ऋषिजिथ्यैं * जाऊँ र साम्ने गई
हात् जोरी ऋतुदान माँग तिमिले * दासी चरणकी भई
जसले पुत्र हुनन् अवश्य, उनका * पुत्रै हुनन् वीर् भनी
छोरीलाइ त विश्रवासित गई * त्यसले पठायो पनि १९
जल्दी कैकसि विश्रवासित गई * साम्ने खडा भै रहिन्
पृथ्वीतर्फ नजर् दिई चरणले * लेख्दी जमिन्मा भइन्
चेष्टा कैकसिको नजर् गरि तहाँ * ती विश्रवाले पनि
कन्या कसकि तँ होस् बता किन यहाँ * आइस् अगाडी भनी २०
सोध्या कैकसिलाइ लाज् हुन् गई * ती धेर् सकस्मा परिन्
ध्यानैले सब जानि बक्सनु हवस् * यस्तो त बिन्ती गरिन्
सून्या बिन्ती र झट् विचार् तहिंगन्या * मालुम् भयो सब् जसै
छोरा पाउन आइछस् भनि तहाँ * बोल्या ऋषीले तसै २१

बेला दारुण पारि आज ऋतुदान * मागिस् म दिन्छु पनि
दोटा पुत्र हुनन् भयङ्कर स्वरूप * बेला सरीको भनी
यसतोबाट्गरिदान् दिया र ऋतुको * ती बात् जसैता सुनिन्
कुन् रितले अब पुत्र पाऊँ बढ़िया * यसतो मनैमा गुनिन् २२
बिन्ती कैकसिले गरिन् उहि बखत् * स्वामित् ! पतीभै पनि
त्यसता पुत्र हुँदा त बुझ्छ कसरी * यो मन् कठिन्भो भनी
सून्या बिन्ति र खुब् दया पनि उठ्यो * ती विश्रवाको पनि
तेश्रो पुत्र हुन्याछ राम्चरणको * दास् बुद्धिमान् खुब्भनी २३
पत्नी कैकसिलाई एति ऋषिले * दीए कृपा खुप् गरी
खुशी कैकसि भै गइन् ऋषि रह्या * ध्यान्मा बहुत् मन् धरी
जन्म्यो रावण पूर्ण गर्भ जब भो * सिर् दश् भुजा बिस्धरी
उल्का ज्यादि भयो अनेक्तरहको * काँपिन् भुमी खुपगरी २४
रावणका पछि कुम्भकर्ण अति विर् * जन्म्यो उसैका मनी
जन्मी सूर्पनखा पछी गुणनिधान् * जन्म्या बिभीषण् पनि
शान्तात्मा बढ़िया बिभीषण थिया * बस्थ्या ति शास्त्रै सुनी
दुष्टात्मा अति कुम्भकर्ण हुनगो * डुलेर खान्थ्यो सुनी २५
बैन्ही सूर्पनखा भई जगतमा * दुष्टात्म भै डुल्दथी
नक्कट्टी भई गै पछी हजुरका * तेज्ले कहाँ बाँच्दथी २६
विद्धजिह्व हुलो निशाचर थियो * तेसूलाई बैन्ही दियो
(सम्बन्धै गरि हुल्-हुलासँग तहाँ * प्रख्यात रावण भयो)
रावणको त बखान् कहाँतक गरौं * सब् लोकको रोग् सरी
खाग्यो रावण बदन् रोज् भय दिदै * तिन्लोक् वशैमा गरी २७
भन्छन् ती फेर् अगस्ती हृदय बिचमहाँ आत्मरूपले रह्याका
निर्मल् सर्वज्ञ पूर्ण प्रभु पनि नरको रूप ऐल्हे भयाका

सोध्नू भो आज लीला गरिकन त सबै रावणादीहरूको बिस्तार् बिन्ती म गर्छु अरु पनि भगवान् तेज् हुन्याकोअरूको२८

ब्रह्मै स्वरूप् प्रभु भनेर हजूरलाई
जानेर हुलद्द म अनुग्रह केही पाई
यसूतो अगस्ति ऋषिले जब बिन्ति लाया
साँचो कुरो प्रभुजिले ऋषिथ्यैं बताया २९
माया छ यो सब जगत् पनि नित्य जानी
आनन्द यस् विषयमा रति भर् नमानी
मेरो भजन् गरि रहोस् सब पाप हर्न्या
एही उपाय छ सहज्सित पार तर्न्या ३०

एकदिन् पुष्पकमा चढ़ीकन कुबेर् * आया पिताथ्यैं जसै
देखिन् कैकसिले र पुत्रसित गै * क्यै भन्न लागिन् तसै
देख्यौ पुत्र ! कुबेरलाइ तिमिले * सब् द्रव्यका छन् धनी
गछन् पुष्पकमा सयल् खुशि हुँदै * तेजस्वी देख्नै पनि ३१
जसूतो यत्न गरेर हुन्छ तिमिले * सो यत्न ऐल्हे गरी
सबूका मालिकभै सयल् गर अनेक् * यसूतै इनैले सरी
रावणले इ वचन् सुनी जननिका * सामूने प्रतिज्ञा गऱ्यो
हे मातर् ! म बडो भएर रहुँला * क्याआज चिन्तापऱ्यौ३२
यसूतो बात् तहिं कैकसीसित गरी * तप् गर्न रावण् गयो
गोकर्णेश्वरमा गई दृढ़ भई * तप् गर्न लाग्दो भयो
रावणका सँग कुम्भकर्ण बिभीषण् * भाई द्वुवै ती गया
ईश्वर्लाइ गरूँ प्रसन्न भनि खुब् * तिन्ले पनी मन् दिया३३
तप् गर्दा हुँदि कुम्भकर्ण विरको * ताहाँ अयुत् वर्ष गो
टेकी एक चरण् बिभीषणजिको * पाँचै हजार् मात्र भो

रावणको त बखान् कहाँतक गरौं * ठूलो तपस्या गऱ्यो
खुब् एकाग्र भएर रोज् प्रभुजिको * ध्यान्मा बहुत् मन् धऱ्यो ३४
दश् हजार् तब दिव्य वर्ष बितिगो * एक् शिर् तसै होम् गरी
यसरी रितासित नौ शिरै पनि हुम्यो * भक्ती प्रभूमा धरी
नौशिर् होम्गरि शिर् दशै पनि तहाँ * दीनै तयार् भो जसै
ब्रह्मा आइ हटाइ वर् दिन तयार् * ठूलू भयो पो तसै ३५
हे रावण्! वर माँग दिन्छु अहिले * इच्छा बमोजिम् भनी
ब्रह्माबाट दया भयो र खुशि भै * माग्यो तहाँ वर् पनि
हे नाथ्! वर् त अमर् म पाउँ नमरूँ * क्वै वीर देखी कसै
मानिस्को त डरै म मान्दिन रती * मेरा सँधैछन् वशै ३६
ब्रह्माले पनि लौ भनेर वरदान् * माग्या बमोजिम् दिया
काट्याका पनि शिर् तयार् गरिदिया * जस्ता अगाडी थिया
ब्रह्माजी तहिं वीर् बिभीषणजिका * साम्ने नजिकमा गया
इच्छा क्या मनमा छ माग उहि वर् * दिन्छ म भन्दा भया ३७
माग्या वर् खुशिभै विभीषणजिले * हे नाथ्! निरन्तर् मति
धर्मैतर्फ रहोस् अधर्मतिर ता * कैल्हे नलागोस् रति
ब्रह्माले अधिकै दया गरि दिया * होला तँलाई भनी
माग्यानन् त पनी तहाँ गरिदिया * कल्पान्त आयू पनि ३८

फेर् कुम्भकर्ण विरका अघि जल्दि आई
आज्ञा दिया अब त दिन्छु म वर् तँलाई
क्या माग्दछस् भनि दया हुनगो जसैता
जिह्वाविषे गइ ति वाणि वसिन् तसैता ३९

वाणीले जब मोह खुप्सित भयो * घत्को बिघत्को पनि
थाहा केहि भएन तेस्कन तहाँ * यस्तो म मागूँ भनी

माग्यो मूढ़ भएर एहि बरदान् * निद्रा छ मैला परोस्
एकदिन् मात्र मलाइ खानपिनको * खातीर निद्रा टरोस् ४०
यस्तो वाक्य सुनेर तेहि बरदान् * दीया प्रभूले जसै
सुन्या त्यो बरदान् र देवगणले * खूशी भया सब् तसै
जिह्वादेखि सरस्वती जब गइन् * खेद् तेस् बखत्मा पऱ्यो
इच्छा ईश्वरकै रहेछ बलवान् * भन्या बिचार् यो गऱ्यो४१

रावणको लंका समेत त्रैलोक्य विजय।

बाबू कैकसिको सुमालि खुशिभै * पायो र यो सब् खबर्
आयो जल्दि तहाँ प्रहस्तहरु धेर् * सङ्गमा थिया वीर् जबर्
रावणका सँग गै भन्यो खुशि हुँदै * हे पुत्र ! खुब् काम् गऱ्यौ
विष्णूको अधि डर् थियो अब गयो * सन्ताप् तिमीले हऱ्यौ १
लङ्कामा अधि राज्य राक्षसहरू * गर्थ्या बड़ा खुश् थिया
विष्णूले गइ छिन्नभिन्न गरि सब् * राक्षस् धपाई दिया
क्यारौं जोर् नपुगेर भागिकन सब् * पाताल् गयाका थियौं
तिम्रो आज सहाय पाइकन पो * आई बताई दियौं २
आजकाल् राज्यकुबेरकोछ तिमिले * मागी बलात्कार् गरी
खुन् पाठ्ले गरि हुन्छ लेउ अहिले * स्थान् छैन लंका सरी
राजाको त हुँदैन बन्धुसितको * बन्धुत्व धर्मै पनि
यो सन्देह नमान कत्ति कसरी * लंका म लीऊँ भनी ३
यस्तो बिन्ति सुमालिको सुनि भन्यो * लंका कसोरी हरूँ
दाज्यू हुन् पित्रि तुल्यछन् तहिं बसुन् * अन्तै बसूँला बरू
यस्तो रावणको वचन् सुनि तहाँ * सामने प्रहस्तै सऱ्यो
रावणको मति फेर् फिराउन बहुत् * सिपलाइ बिन्ती गऱ्यो४
हे नाथ् ! कश्यप पुत्र हुन् इ जति छन् * द्योता र राक्षसहरू
लड्थ्या ती पनि भन् भन्या त अरुको * बिन्ती कहाँ तक् गरूँ

तस्मात् आज कुबेर छन् त पनि सो * लंका लिन्या हो भनी
हात् जोरी बिनती गऱ्यो र सुनि त्यो * बिन्ती त मान्यो पनि ५
बेस् बिन्ती त गरीस् भनी उहि बखत् * त्यो चित्रकूटमा गयो
छोड्यो दूत प्रहस्तलाई र कुबेर्-* लाई निकाल्दो भयो
बाबूको मतलब् बुझीकन कुबेर् * छोडेर कैलाश् गया
तप् गर्दा शिव खुश् भई शिवजिथ्यें * त्यो बिन्ति गर्दा भया ६
इच्छा माफिकको बनाउन कुशल् * जो विश्वकर्मा थिया
तिन्ले बेस् अलकापुरी पनि कुबेर्-* लाई बनाई दिया
दिक्दार् भैति कुबेर् रह्या शिवजिले * तिन्मा दया खुब् गऱ्या
शम्भूको करुणा हुँदा त अरु झन् * आनन्द सागर् पऱ्या ७
रावण् राक्षस सब् लिएर खुशिभै * लंका शहरमा बस्यो
तपको जोर भई जित्यो सब जगत् * सन्ताप् सबैमा पस्यो
फेर् मंदोदरी मुख्यथिन् महिषि जो * तिन्का उदरले गरी
जन्म्यो रावणलाई पुत्र बलवान् * जो जन्मदैका घरी ८
लाग्यो रून त शब्द भो अति ठुलो * मेघ् गर्जन्या भैं थियो
मेघ् भैं शब्द गऱ्यो भनेर उसको * नाम् मेघनाद्ले रह्यो
तेस्को बल् यति सम्मकोछ भनि साँध् * लागेन कौने घरी
ब्रह्माको वर पाइएपछि तहाँ * वरको प्रभावले गरी ९
निद्राले पनि कुम्भकर्ण कन खुप् * पकऱ्यो सक्कसमा पऱ्यो
हेनाथ! सुत्छु म ठाउँ पाउँ भनी यो * हात् जोरि बिन्ती गऱ्यो
तेस् बिचमा तब सुत्नलाई बढिया * गुफा तयारी गऱ्यो
ताहीं गैकन कुम्भकर्ण विरको * खुब् मस्त निद्रा पऱ्यो १०
ब्रह्माको सब देव दैत्यहरुको * जो श्री थियो सब् हरी
लाग्यो रावण नाश् गराउन अनेक् * रङ्को उपद्रव् गरी

पाया थाह कुबेरले र किन यो * गर्ब्बस् उपद्रव् नगर्
भन्या खातिर दूत् पठाउनु भयो * बोलाक् चतुरो जबर् ११
दूतगै बिन्ति गरयो र भन् बिखुशिभै * ऊठ्यो ठुलो रीस् गरी
जल्दी गै ति कुबेरको जिति लग्यो * पुष्पक् बिमानै हरी
कूबेरलाई जीति यमै पनि जित्यो * जीत्यो बरूणै पनि
पौंच्यो स्वर्गविषे पनी खुशि हुँदै * फेर् इन्द्रजितछ भनी १२
एक् ठक्कर् लाडि इन्द्रले सहजमा * पक्रेर पाता कस्या
हुर्मत् रावणको गयो खुशि भई * सम्पूर्ण देवगण बस्या
यो थाहा भइ मेघनाद रिसले * आयो अगाड़ी सरी
जीत्यो इन्द्रजिलाइ तेस् बखतमा * भारी लडायीं गरी १३
रावणलाइ फुकाइ इन्द्रकन ली * फर्केर लंका गयो
जीत्यो इन्द्र र इन्द्रजित् भनी ठुलो * नाम् ताहिं देखी भयो
ब्रह्मालाइ खबर् भयो र उ बखत् * लंकापुरीमा गई
इन्द्रैलाई फुकाइ बक्सनु भयो * तेस्लाई वर्दान् दिई १४

रावणलाई मानिस र बानरका हात मर्ने श्राप तथा रावणको तीनीटा पराजय ।

ब्रह्मा इन्द्रजिलाइ स्वर्ग लगि फेर् * जानू भयो धाममा
लाग्यो रावण फेर् जगत् जितुँ भनी * संग्रामका काममा
कैलाश् पर्वत् यो ठुलो छ गरूँ * होला कहाँ तक् भनी
कैलाश् हातमहाँ लिएर सहजै * एकदिन् त तौल्यो पनि १
नन्दीश्वरकन रीस् उठ्यो र रिसले * दीया सरापै पनि
मानीस् बानर शत्रु भैकन सहज् * मारून् तँलाई भनी
ताहाँदेखि त कार्तवीर्यसित गो * संग्राम खातिर् जसै
पुग्थ्यो तिन्सित जोर्कहाँ सहजमा * पाता कस्या पो तसै २
मेरो नाति भनी पुलस्त्य ऋषिले * आएर बिन्ती गरी
बन्धन्देखि फुकाइ बक्सनु हुँदा * लाज्मै फिऱ्यो नेस् धरी

(प्रहलाद् पौत्र बली भनी अघि भया * त्रैलोक्य जीती लिया
वामन् रूप् धरि विष्णुले छल गरी * पाताल् पठाई दिया ३
तिन्का साथ् रण गर्न गो र शिशुले * बाँधी तबेला महाँ
राख्याथ्या अनि श्री पुलस्त्य ऋषिले * जाई छुटाया तहाँ)
फेरी रावण बालि जित्छु भनी गो * साथ्मा अनेक् वीर् गया
बालीले पनि पक्रि तेस्कन तहाँ * खुब्कासिच्यापुताभया४
कांखी च्यापि समुद्र चार घुमि फेर् * छोड़ी दियाथ्या जसै
मैत्री गर्छु भनी मित्यारि गरि खुब् * लाज् मानि फक्यों तसै
ई बाहेक् अरु वीर सब् वश गरयो * तिन्लोकविषे छन् जती
कस्ता विरहरु मारि बक्सनु भयो * बिन्ती गरूँ यो कति ४

श्री रामको विराट रूपको स्तुति ।

नारायण् हुनुहुन्छ विष्णु भगवान् * सब् यो चराचर् पनि
जो देखिन्छ कहिन्छ शास्त्रहरुले * नारायणै हो भनी
स्वामित्का अघि नाभिमा कमलभो * ब्रह्माजी ताहीं भया
बाणीले सङ् अग्नि ली हजुरका * ब्रह्माजी ताहीं गया १
बाहूदेखि त लोकपाल् हुनगया * ई इन्द्र सूर्य पनि
आँखादेखि भया दिशाहरु यहाँ * कान्देखि शब्दै अनी
सबको प्राण तयार् भयो हजुरको * प्राणदेखि मुख्यै भई
नासादेखि त वैद्य अश्विनिकुमार् * वेदाङ्गमा पार् गई २
जङ्घा जानु उरू जघन् यति शरीर् * देखि भुवर् लोकहरू
कोखा देखि इ चार् समुद्र त भया * वर्णन् कहाँतक् गरूँ
निस्क्या स्तन् दुइ देखि इन्द्र र वरुण् * जो दश् दिशाका पती
रेतै देखि त बालखिल्यहरु सब् * निस्क्या तपस्वी अति ३
धर्माधर्म विवेकका ति यमराज् * फेर् लिङ्गदेखीभया
मृत्यु ता गुद देखी रुद्र त हजुर् * का क्रोधदेखी भया

हाड्देखी जति पर्वतादिहरु छन् * केश्देखि सब् मेघ् भनी
जो छन् औषधि रोम देखि त भया * नङ्देखि सब् स्वर् पनि ४
विश्वात्मा हुनुहुन्छ नाथ् ! पुरुष रूप् * माया त शक्ति लिन्या
खूशी भैकन देवताकन सदा * अमृत् पिलाई दिन्या
स्वामित्कै छ त सृष्टि सब् जति छ यो * संसार् चराचर् भनी
बाँच्याको पनि देखिइन्छ भगवान् ! * आधार् हजुरको गरी ५
जस्तै दूधविषे रहन्छ भरिपुर् * घीऊ उही रीत् गरी
सब् चीजमा हजुरै पसी रहनु भो * सर्वान्तरात्मा हरि
हुन्छन् सूर्य प्रकाशमान् हजुरका * तेजले हजुर् सब् धनी
स्वामित्लाइ त नाथ्! प्रकार् गरिलिन्या * छैनन् अरू क्वैपनि ६
ज्ञानी जन्हरु देख्तछन् सकल रूप् * अज्ञानि अन्धा सरी
देख्दैनन् प्रभुलाइ मूढ हुन गै * घुम्छन् विपत्मा परी
योगी भैकन वेद शीर्षरुपले * खोज्छन् त देख्छन् पनि
यस्ता रित्सित पो चराचर विषे * श्रीराम् रह्याछन् भनी ७

वक्बात् गरयाँ प्रभु ! हजुर्सित रीस् नमानी
रक्षा हबस् प्रभु ! अनुग्रह पात्र जानी
चीन्हा त अद्वितीय नित्य हजूरलाई
भज्छु निरन्तर टहल् गरि हर्ष पाई ८

बाली र सुग्रीव जन्म कथा र वालीले किष्किन्धापुरीको रजाई पाउनु।

यो बात् अगस्ति ऋषिको सुनि राम फेरी
भन्छन् तहाँ ति ऋषिका मुखतर्फ हेरी
बाली र सुग्रिव इ बानर दुइ भाई
पैदा भया कसरि भन्नु हवस् मलाई १
बाली सुग्रिव इन्द्र सूर्य सुत हुन् * भन्या सुन्याको त छ
कस्ता रित्सित जन्मभो इ दुइको * विस्तार् समेत् खोज्दछ

बिस्तार् सुन्न म पाउँ सब् भनि हुकुम् * रामको भएथ्यो जसै
बिस्तार् खुशि भई अगस्ति ऋषिले * बिन्ती गऱ्या सब् तसै २
ब्रह्मा चार् शय कोशको गरि सभा * सुमेरु माथी थिया
ईश्वरलाइ रिझाउनाकन तहाँ * खुब् योगमा मन् दिया
योग्मा चित्त बढ्यो र भक्ति रसले * आँशू खसाया जसै
आँशूको तहिं वीर बानर बन्यो * आश्चर्य मान्या तसै ३
ब्रह्मालै करुणा गरी उस बखत् * भन्दा भए त्यो पनी
मेरो नित्य नजीकमा रहु यहाँ * कल्याण होला भनी
ब्रह्माको इ वचन् सुनेर खुशि भै * वाहीं नजिकमा रह्यो
फलफुल् खाइ त तेंही पर्वतविषे * त्यो नित्य डुल्दो भयो ४
लाग्यो पानि पिआस् र कूप् नजिकमा * देख्यो र पौंच्यो तहाँ
छायाँ आफ्नु पनी नजर् परिगयो * त्यो कूप हेर्दा महाँ
अर्को बीर् सरि मानि तेहि कुपमा * कूदी पसेथ्यो जसै
अर्को कोहि नदेखि फेरि झटपट् * उफ्रेर निस्क्यो तसै ५
निस्क्यो बाहिर कूप देखि त असल् * स्त्रीको स्वरुपको बनी
लीयो खेद् मनमा कसोरि म भयाँ * स्त्रीको स्वरुपको भनी
देख्या इन्द्रजिले र तेहि बिचमा * तिनमा बहुत् मन् भयो
पक्र्या इन्द्रजिले र वीर्य त गिरी * सब् बाल देशमा गयो ६
तेही बीर्य त एक् कुमार् हुनगयो * बाल्मा गिऱ्याको पनि
बाल्देखी त भयो भनीकन कहा * नाम् बालि वीर्भो भनी
माला-काञ्चनि पुत्र जानि बढिया * एक् इन्द्रजीले दिया
बाबूको करुणा बुझेर खुशि भै * त्यो बालि वीर्ले लिया ७
तेस् बिचमा तहिं सूर्य आई त नजर् * दीया उसै स्त्री महाँ
सूर्यैको पनि वीर्यपात् हुनगयो * ग्रीवाविषे पो तहाँ

तेही बीज पनि बेस कुमार जब भयो * ग्रीवा विषे एक जसै
ग्रीवा देखि भयो भनेर तिनको * सुग्रीव नाम्भो तसै ८
सूर्यैले पनि पुत्रलाइ बलवान् * साहाय दिन्छु भनी
वीर् मध्ये बलवान् थिया र हनुमान् * ज्यूलाइ दीया पनि
सुग्रीवका सँगमा रह्या ति हनुमान् * श्री सूर्य धाम्मा गया
बाली सुग्रिव दूइ पुत्र यसरी * ती बानरीका भया ९
बाली सुग्रिव दूइ पुत्र सँगमा * ली सुत्न खातिर् गइन्
प्रातःकाल विषे त फेरि अघि भैं * ती स्त्री पुरुष् नै भइन्
स्त्री रूप् भैकन बालि सुग्रिव दुवै * जन्माइ पूरुष् भया
ब्रह्मालाइ गरूँ प्रणाम् भनि दुवै * छोरा सँगै ली गया १०
ब्रह्मालाइ खबर् भयो र खुशि मन् * तिन्को गराया पनि
किष्किन्धापुरि दीन मन्सुब भयो * आश्रित् अनाथ् हो भनी
थीयो एक् तहिं बेस दूत बलवान् * हाजिर् र मर्जी पनि
ब्रह्माको हुन गो लगेर गरिदे * यसलाइ राज्यै भनी ११
किष्किन्धापुरिमा लगी तिलक दे * खुब् राज्य शोखमापरोस्
सातद्वीपमा जति बानरादिहरु छन् * तिन्मा हुकुम् यो गरोस्
श्री नारायण भार हर्न भुमिको * रामचन्द्र हुनन् जसै
तीनैलाइ सहाय दीनकन ता * तत्पर् हक्स् यो तसै १२
किष्किन्धापुरिमा लगी तिलक दे * भन्या हुकुम्भो भनी
तेस् ऋक्षाधिपलाइ साथ लिइ गै * राजा बनाया पनि
त्यै ऋक्षाधिपका ति पुत्र दुइ हुन् * बाली र सुग्रीव् भनी
सब् विस्तार गरी सक्याँ हजुरमा * मालूम् थियो ता पनि १३
किष्किन्धा तहिं देखि बानरकि भै * सुग्रीवहरू छन् तहाँ
सर्वेश्वर् हुनुहुन्छ ता हजुरमा * क्या धेर् बताऊँ यहाँ

नित्यानन्द चिदात्म नाथ्! हजुरले * लीला स्वरूप यो धरी
ब्रह्माजीकन खुश गराउनु भयो * सम्पूर्ण भूभार हरी १४
बाली र सुग्रिव द्वुबैकन धर्म जानी
कीर्तन् गरोस् त गुण जन्म सबै बखानी
सम्बन्ध केहि रघुनाथ्सित पर्न जाई
पाप् छुट्छ धर्म पनि बढ्दछ तेसलाई १५

वर्णन् ता यति कर्मले हजुरको * हुँदैनथ्यो ता पनि
वर्णन् गर्छ जगत् यहाँ कि रघुनाथ्! * सब् ताप् हरौला भनी
अर्को आज कथा कहन्छु रघुनाथ्! * सीताजिलाई पनि
रावणले हरि ली गयो त यहि हो * तेस्को इरादा भनी १
रावणको र सनत् कुमार ऋषिको * एकदिन् भयो भेट् कहीं
सोध्यो रावणले परी चरणमा * कयै बात् ऋषीय्यैं तहीं
ब्रह्मन्! को बलवान् छ देवहरुमा * आधार कस्को गरी
जित्छन् सब् रिपुलाइ देवगणले * रणमा अगाडी सरी २
कस्को पूजन गर्दछन् द्विजहरू * जो योगि हुन् सो पनि
कस्को ध्यान्कन गर्दछन् सहजमा * संसार् तरौंला भनी
यस्को निश्चय कत्ति पाइन यहाँ * कस्तै विचार्दा पनि
ठूलो कुन् छ बताइ बक्सनु हवस् * एही छ ठूलो भनी ३
सून्या प्रश्न सनत् कुमार ऋषिले * यस्ता प्रकार्को जसै
जान्या रावणको र आशय उसै * माफिक् बताया तसै
सून्यौ रावण्! एक् हरी सरि ठूलो * मिल्दैन अर्को कबै
द्यौताका सब दानवादिहरुका * आधार् इनै हुन् सबै ४
जस्ले नाभि कमल् विषे त भगवान् * ब्रह्माजि पैदा गरी
तिन् द्वारा जगतै बनाउनु भयो * ठूला तिनै हुन् हरि

इन्द्रादीहरु जित्तछन् रिपु सबै * आधार् हरीकै गरी
ध्यान्ले योगिहरू तिनैकन भजी * जान्छन् सहज् पार् तरी ५
रावणले इ वचन् सुन्यो र ऋषिको * बिन्ती गऱ्यो फेर् तहाँ
विष्णूले जति मार्दछन् रणमहाँ * ती वस्न जान्छन् कहाँ
दोश्रो प्रश्न सुन्या तहाँ ति ऋषिले * यस्ता प्रकार्को जसै
उत्तार् फेरि दिया कृपा गरि तहाँ * तेस्लाइ तिन्ले तसै ६
चौताले जति मार्दछन् ति त अनेक् * स्वर्गादिको भोग् गरी
कालान्तर्पछि जन्म हुन्छ तिनको * पृथ्वी तलैमा झरी
जस्लाई हरि मार्दछन् ति त तसै * जान्छन् तुरुन्तै तरी
मुक्ति भैकन बस्छ जन्म उसको * हुँदैन कौनै घरी ७
यस्तो सत्य बचन् सुनी मन बुझ्यो * रावण् भयो खुश् पनि
संग्राम् श्रीहरिथ्यैं गरी तहिं मरी * मुक्ति म हुन्छु भनी
यस्तो सुर् मनमा जसै दृढ़ गऱ्यो * जान्या ऋषीले पनि
खूशी भै ति सनत्कुमार ऋषिले * आशिष् दिया फेर् पनि ८
हे रावण् ! सुन बात जो छ मनमा * स्वाभीष्ट सिद्धी सबै
तिम्रो त्यो परिपूर्ण हुन्छ मनमा * शङ्का नमान्या कबै
रूप् कस्तो हरिको छ भन्छु अहिले * यस्ता हरी छन् भनी
स्थावर् जंगम सूर्य चन्द्र पृथिवी * शेष् दैत्य दानव् पनि ९
यै रूप् हुन् हरिका अनेक् तरहका * यो रूप् विराट् रूप हो
पीताम्बर् घनश्याम सूक्ष्म रुप हो * देख्नू कृपाले छ यो
यो रूप् देख्न त मन्सुवा छ त हुनन् * इक्ष्वाकू कुलमा हरी
छोराहुन् दशरथ्जिका भनि जगत् * भन्नन् तिराम् नाम् गरी १०
सीता लक्ष्मण साथमा लिइ पिता * जीका हुकुम्ले गरी
जानन् दण्डकवन् महाँ भजिलिया * चीन्ह्या तिनै हुन् हरि

यो बिस्तार सनत्कुमार ऋषिका * मुखदेखि जसरी सुन्यो
चीन्यो स्वामित लाइ तेस् बखतमा * तेस्ले त यस्तो गुन्यो ११
श्री रामजी सँगमा बिरोधगरि तिनै * का हात देखी मरी
संसार् सागर पार् तरेर सहजै * जान्छ जहाँ बस् हरि
यस्तो आशयले सिताकन हर्‍यो * रावण त हो बुद्धिमान्
लङ्कामाहुन् इ सिता भनीकन चिन्यो * हुन्थ्यो कहाँत्योअजान् १२

जो यो कथाकन खुशी भइ पाठ गर्छन्
सुन्छन् कथा कहि सुनायर पाप हर्छन्
खुब् आयु बढ्छ तिनको अति सौख्य हुन्छन्
धन् लाभे हुन्छ बहूतै जब नित्य सुन्छन् १३

रावणले श्वेतद्वीपका स्त्रीहरू द्वारा लोभित हुने कथा ।

एकदिन् नारदजी घुमी सकल लोक * आया नजीकमा जसै
देख्यो रावणले र पाउ परि झर्‍ * विन्ती गर्‍यो यो तसै
हे सर्वज्ञ मुने ! लडाकि बलिया * वीरहरू कहाँ सो कही
पाऊ लाग्नु हवस् गर्‍याँ विनती यो * खुब् लड्न इच्छा भयो १
रावणको इ कुरा सुनेर ऋषिले * मनले विचार् खुबगरी
भन्छन् को भनुँ छैन वीर अरु ता * याहाँ तिर्मीले सरी
तिम्रो मन्सुब पूर्ण गर्न सकन्या * वीर् श्वेतद्वीपमा गया
मिल्छन् जाऊ तहाँ न जाउ कहिंलौ * खुबलड्नमन्सुब् भया २

जो विष्णुको पूजन नित्य गर्छन्
जो विष्णुका बाह्रलिदेखि मर्छन्
त्यस्ता महात्मा तिहिं वस्न जान्छन्
त्रैलोक्यका वीरकन तुच्छ मान्छन् ३

नारदको इ वचन् सुनीकन त झर्‍ * पुष्पक् बिमानमा चढी
श्वेतद्वीपमा पनि पुग्दछु भनि चल्यो * रावण त तेसै घरी

श्वेतद्वीपका नजिकै पुग्यापछि विमान् * पुष्पक् न चल्या भयो
ओल्हीं पुष्पक देखि हिक्मति थियो * पैदल् दगुर्दै गयो ४
श्वेतद्वीपमा त पुगी प्रवेश् गर्न भनी * मन्सुब् गरेथ्यो जसै
आया सुन्दरि नारि घेरि चहुँओर * आश्चर्य मान्यो तसै
योटीले गइ शीघ्र पक्रिकन सब् * बृत्तान्त सोद्धी भई
अर्कीले अभ अर्किले धरिलिंदा * चेत्भो तहाँ त्यो गई ५
उम्क्यो स्त्रीहरु देखि बल्ल र बहुत् * आश्चर्य मान्यो पनि
मर्छु मै पनि विष्णु देखि र यहाँ * आएर बस्छु भनी
जल्दी मर्न निमित्त खुब् छल गरी * सीताजिलाई हर्‍यो
लङ्कामा गई मातृवत् जननिको * सेवा पनि खुब् गर्‍यो ६
राम्नाम्ले परमेश्वरै हुनु भयो * मालुम् छ सबको गति
क्या बिन्ती गरुँ धेर् हजुर् ल सबका * साक्षी जगत्का पति
मेरो एहि चरित्र गाएर रहोस् * यो लोक संसार् भनी
गर्नू हुन्छ यही अनेक् तरहका * संसारि लीला पनि ७
एही रित्सित रामको स्तुति गरी * खुश्भै अगस्ती गया
संसारि सुखि भै अनेक् विषय भोग् * श्री राम गर्दा भया
फर्क्यो पुष्पविमान् कुबेरसित गई * रामको हजूरमा गयो
फर्क्यो नाथ्! म कुबेरको हुकुमले * यो बिन्ति गर्दो भयो ८
पैल्हे रावणले जितीकन लियो * सेवा उसैको गरिस्
ऐल्हे श्री रघुनाथले जितिलिंदा * उनकै अधीनमा परिस्
खुब् यो योग्य भयो अझै पनि तँ जा * सेवा प्रभूको गरी
आऊनू पछिफेर् यहाँ जब त राम् * वैकुण्ठ जान्छन् फिरी ९
हुकुम् एति कुबेरले पनि गर्‍या * स्वामित्! पुग्याथ्यौं जसै
मञ्जुर् सोही हुकुम् गरीकन फिर्‍यौं * खुश्भै हजुरमा तसै

गर्छन् बिन्ति हजुर अघी गइ दिया * आफैं प्रभू राम् पनि
पाऊ लाग्नु हुन्या छ युक्ति यहि हो * बैकुण्ठ जान्या भनी
मन्छन् बिन्ति गर्‍यौं हजुर सित सबै * ब्रह्मादिको ता पनि
जस्तो गर्नु उचित हो उहि हबस् * स्वामित! जनायाँ भनी ३
सीताले बिनती गरिन् र रघुनाथ-* ज्यूको हुकुम्भो तहाँ
बेस् मन्छन् यति गर्नु पर्दछ यसो * बैकुण्ठ जाँदा महाँ
लोकको एक् अपवाद् लगायर तिमीं * लाई बड़ा बन् महाँ
छोडी त्याग् पनि गर्छु जानु तिमिले * बाल्मीकि आश्रम् जहाँ ४
ऐल्हे गर्भ छ जन्मनन् दुइ कुमार् * वीरवीर् तिमीले पनि
लोकको यो अपवाद मेट्छु अब ता * पसुछु म नीयाँ भनी
याहीं आएर लोकका बिचमहाँ * नीयाँ पसौली जसै
फाट्निन् धर्ति र ताहिंबाट तिमिले * बैकुण्ठ जानू तसै ५
यसरितले तिमि जाउली जब अघी * क्यै काल् बसी मै पनि
आउँला किन बस्तछ कहि सक्यौं * यै सुर् छ मेरो भनी
जानाको यहि सूर निश्चय गरी * श्री राम् सभामा गया
हाम्रो यश् अपयश् कसोछ दुनियाँ * हो ! एहि सोद्धा भया ६

सीताजीको पुनः वन गमन र वाल्मिकीजीको आश्रममा बस्नु ।

सबले बिन्ति पनी गर्‍या हजुरको * बोल्छन् यशै यश् पनि
यौटाले पछि क्या भन्योकि रघुनाथ् ! * एक सुन्छु अप्यश् भनी
रावणले बनमा हरी घर लगी * क्वैदिन् त राख्यो पनि
यस्ती हुन् इ सिता उनैकन घरै * ल्यायाछ चोखी भनी १
यस्ती स्त्री पनि चोखि हो भनि यहाँ * राजा त राख्छन् भन्या
चोखी कुन् रहली यहाँ अब उपर् * सम्पूर्ण वेश्या बन्या
भन्छन् अप्यश एहि मात्र भनि हो * बिन्ती गर्‍याथ्या जसै
लक्ष्मणजीकन डाकिल्याउन हुकुम् * दीया प्रभूले तसै २

हुकुमले रघुनाथका हजुरमा * लक्ष्मण पुग्याथ्या जसै
सुन्नालाइ कठिन् हुन्या अति कठोर् * हुकुम् भयो यो तसै
हे भाई ! इं सिताजिलाइ अहिले * त्यागनु त मैले पर्‍यो
चोखी जानिलिंदा त दुर्यश बहुत् * लोकले मलाई गर्‍यो ३
सीतालाइ चढाइ जल्दि रथ्मा * वाल्मीकि आश्रम् महाँ
जो ताहीं छ नजिक् गएर बनमा * छोडेर आऊ यहाँ
उत्तर् केहि गर्‍यौ भन्या त तिमिले * मार्‍यौ म ऐलहे मर्‍याँ
माई ! भोलि बिहान जानु बनमा * हुकूम् त यै हो गर्‍याँ ४
लक्ष्मणले जब यो हुकुम्कन सुन्या * ठूलो सकस्मा परी
प्रातःकाल महाँ उठेर बढ़िया * एक् रथ् तयारी गरी
सीतालाइ चढ़ाइ ली वन महाँ * छोडेर आया पनि
लागिन् गर्न बिलाप् सिताजि बनमा * छोड्या मलाई भनी ५
शुन्थिन् ताहिं सिताजि, शिष्यहरुले * वाल्मीकिजी थ्यैं गई
सारा हाल कह्या र वाल्मीकिजिले * सीताजिको याद् भई
ल्याया आश्रममा र लोकजननी * सीता इनै हुन् भनी
स्त्रीजन्लाइ लगाइ खुब् सित गर्‍या * सेवा सिताको पनि ६
ती विप्रपत्निहरुले पनि लक्ष्मि जानी
पूजः सिताकन गर्‍या अति भाग्य मानी
सीतापती पनि विरक्त भएर सुखभोग्
छोडी, मुनी-सरि भई मनले लिया योग् ७

श्रीराम गीता प्रारम्भ।

लीला गाइ भनी सुनीकन तरुन् * ई लोक संसार् भनी
लोकैका हितका निमित्त भगवान् * मानिस् स्वरुपका बनी
लीला गर्नु भयो र बृद्धहरुले * जो गर्थ्या सो गरी
सत्कर्मै गरि दिन् बिताउनु भयो * बाधा सबैको हरी १

साथ्मा लक्ष्मणजी थिया प्रभुजिथ्यैं * कुन् हो ठुलो विष् भनी
सोध्या लक्ष्मणले र सबू कहनु भो * बिस्तार् प्रभूले पनि
(पैल्हे क्वै नृग नाम भूपति ठुला * धार्मिक् भयाका थिया
गौदान् नित्य हजारको गरि ठुलो * कीर्ति चलाई लिया २
एकदिन् भूलसित दान्गरेकिगऊ दान् * अर्का द्विजैमा दिई
गो-स्वामी द्विज श्रापले तिनि बस्या * जन्मी छेपारो भई)
ब्रह्मस्वै विष हो तसर्थ भनी यो * विस्तार् सुनाया जसै
बूझ्यो चित्त र फेरि लक्ष्मणजिले * यो सोध्न लाग्या तसै ३
हे नाथ् ! ज्ञान स्वरूप देहहरुको * आत्मा अधिनभै पनि
भूभार् हर्नु भयो अनेक् तरहको * यस् आकृतीको बनी
लीला होइन आत्मरूपि भगवान् ! * भक्तै फगत् जान्छन्
यो लीला त दया निमित्त हुनगो * यसतो पनी मान्दछन् ४
यस्ता मालिक जानि पाउ तलमा * स्वामित् ! पऱ्याको म छु
संसार् रूपि गँभीर् समुद्र सहजै * कुन् पाठ्ले तर्दछ
सोही युक्ति सिकाइ बक्सनु हवस् * जुन् पाठले यो तरी
पुग्न्याछु पछि धाममा सहजमा * आनन्दको भोग् गरी ५
लक्ष्मणको इ वचन् सुनेर रघुनाथ् * मुख् खुब् हँसीलो गरी
आफ्ना भक्त ति भाइ लक्ष्मणजिको * सम्पूर्ण सन्ताप् हरी
तत्वै ज्ञान पनी तहाँ दिनुभयो * जसलाई वेद्ले पनि
भन्छन् लोकहरुलाइ तर्न सजिलो * साँघू छ एही भनी ६
ई वर्णाश्रमका क्रिया जति त छन् * तिन्लाइ पैल्हे गरी
दश् इन्द्रीय र मन् जितेर गुरुको * साम्ने अगाडी सरी
आत्मै ज्ञान मिलोस् भनेर गुरुको * सेवा निरन्तर् गऱ्या
आत्मै ज्ञान् पनि मिल्छ एहि रितले * संसार् कतीले तऱ्या ७

फल इच्छा गरि कर्म गर्छ यदि ता * फेर देह यसतै लिई
त्यो फल भोग पनि गर्छ गर्छ अरु फेर * कर्मै बढुत मन दिई
तेसको फेर पनि बन्छ देह करले * एसै जगत्मा परी
यसतै रितसित घुम्छ त्यो भुवनमा * अत्यन्त चक्रै सरी ८
अज्ञानै छ घुमाउन्या सकलको * शत्रू सरीको यहाँ
ज्ञानैले गरि नष्ट हुन्छ पनि सो * लीनू यही मन महाँ
अज्ञानको र इ कर्मको छ कति फेर * तस्मात् क्रियाले गरी
अज्ञान नष्ट हुँदैन छैन अरु थोक * उपाय ज्ञानै सरी ९
अज्ञान नष्ट हवस् न राग त छुटोस् * अज्ञानका कर्मले
कर्मै गर्छ त घुम्छ यै जगतमा * त्यो कर्मका धर्मले
तस्मात् ज्ञान विचार गर्नु जनले * ज्ञानले कती पार भया
ज्ञान छोड़ीकन कर्मले जनहरू * संसार पारको गया १०
विद्यालाइ सहाय कर्म छ ठुलो * भन्छन् इ वेदले पनि
तस्मात् कर्म अवश्य गर्नु जनले * साहाय होला भनी
क्वै एसो पनि भन्दछन् ति त भनुन् * सहाय केही रति
विद्यालाइ त चाँहिदैन बुझ यो * बिस्तार बताऊँ कति ११
हुन्छन् कर्म जती त देहहरुमा * पूरा अभीमान भई
विद्याहुन्छ त्त जो छ ताहिं अभिमान * देहादिमाको गई
विद्याको र इ कर्मको छ त विरोध * साहाय हुन्थ्यो कहाँ
विद्यै एक छ समर्थ मुक्ति दिनमा * यै जान सबले यहाँ १२
बाजीमा श्रुति तैत्तिरीय कहिन्या * श्रूतीहरूले पनि
भन्छन् एहि कुरा सहाय अरुको * खोजदैन विद्या भनी
तस्मात् कर्म विरोध जानि जनले * सब कर्म छोड़ी दिनू
विद्या मात्र ठुलो बुझेर यसमा * यो मन लगाई लिनू १३

जो यो तत्वमसी छ वाक्य यसको * वाक्यार्थ जानी लिनू
यसमा तिन्पद पर्दछन् ति तीनको * तात्पर्यमा मन् दिनू
तत्को अर्थ परात्म हुन् ति पदमा * त्वं भन्नु जीवात्म हो
इन्को ऐक्य बुझाउन्याछ असि पद् * रातदिन् विचार् गर्नु यो १४
मायाले त बन्यो शरीर सब यो * आखिर् छ मन्यौं पनि
देख्नू पञ्च महाभुतै छु सबको * यसता प्रकारको भनी
संसारमा सुखदुःख साधन स्वरूप् * देखिन्छ जो देह यो
स्थूलोपाधि भनी कहिन्छ सबले * योनाम् यसैको त हो १५
दश इन्द्रीय र मन् प्रपञ्चिकृत भूत् * यो सोह जम्मा छ जो
स्थूलोपाधि भनी कहिन्छ सबको * मूलभोग साधन्छ यो
एसै स्थूल उपाधिभित्र छ सदा * इन्को वियोग्भो जसै
स्थूलोपाधि गलेर जान्छ सबको * टिक्तैन एकक्षण कसै १६
जीवता सुक्छ शुद्ध निर्मल फटिक् * जस्मा उपाधी गरी
सो निर्मल् पनि हुन्छ सङ्ग गुणले * उसतै उपाधी सरी
ईनै दूइ उपाधि देखि बुझि खुब् * होला फरक् जीव् जसै
तेसतै मुक्त हुन्याछ छैन नहिं ता * अर्को उपायै कसै १७
रातोका सँगमा रह्या स्फटिक ठीक् * देखिन्छ रातै सरी
तेसतै आत्म पनी उपाधिसँग भै * हुन्छन् उपाधी सरी
आत्मामाछ उपाधि केहि न फटिक् * माक्यै छ रातो कतै
भुल्दै मात्र छ त्यो झलक् यहिं बिचार् * खुब् राखुन्तु जत्नाततै १८
जाग्रत् स्वप्न सुषुप्ति वृत्ति तिनछन् * यस् बुद्धिका ई पनी
भुल्दै देखि लिइन्छ नित्य सुख रूप् * यस् ब्रह्मरूपमा भनी
मानी वृत्ति निरोध् गरेर जनले * यो आत्म जानी लिनू
आत्माभित्र उपाधिलाई त भुटो * जानेर छोड्नी दिनू १९

आत्मा हो सुख रूप दुःख रुपको * संसारछ उसमा कहाँ
अज्ञानले गरि मात्र सत्य रुपले * झल्कछ आत्मा महाँ
ज्ञानले लीन् पनि हुन्छ डोरिकन साँप् * बुझ्नूछ जस्तो फगत्
त्यसतै ईश्वरको अनेक् तरहको * देखिन्छ यस्तो जगत् २०
अभ्यास् हुन्छ चिदात्समा इ सबको * जो छन् अहङ्कारका
इच्छाको पनि बुद्धि धर्म बुझ्नु * छैनन् कुनै सारका
आत्मै साक्षिक यो पृथक् इ सबको * सबमा घुस्याको पनि
जस्तै घुस्तछ अग्नि लौहहरुमा * त्यसतै प्रकारको बनी २१
यै आत्माकन चिन्ह पर्छ गुरुका * वेदका वचनले गरी
आत्मालाई चिन्नो भन्या बुझिलिनु * त्यो मुक्त भो तेस् घरी
तस्मात् आत्म विचार गर्नु जनले * यस् रुपका हुन् भनी
अज्ञान् नष्ट गराउनाकन अबस् * छैनन् उपायै पनि २२
आत्मा यस् रितले चिक्निन्छ पहिले * एकान्तमा गै बसोस्
दश् इन्द्रीय जितेर मन् पनि जिती * आत्मै विचारमा परोस्
जानोस् जोछ जगत् प्रकाश् सकलमा * यै आत्म सत्ता भनी
एही तत्व बुझी त पूर्ण रुपको * होइन्छ आफ्नु पनि २३
ओंम्कार् वाचकको सबै जगतको * अज्ञान् अवस्था महाँ
ज्ञानोत्तर् हुनसक्छ वाचक कहाँ * लीन् हुन्छ आत्मै महाँ
आत्मामा जब लीन् भयो अउम तीन् * विश्वादि साक्षी सहित्
आत्मै मात्र रहन्छ तेस् बखतमा * निर्मल् उपाधी रहित् २४
सोही आत्म म हुँ भनी दृढ़ भयो * ज्ञानका विचारले जसै
जीवन् मुक्त भनी कहिन्छ जन त्यो * पर्दैन तापमा कसै
सब् इन्द्रीय शमन् गरेर बलवान् * कामादिको नाश् गरी
अभ्यास् गर्छ समाधिमा त सहजै * देखिन्छ सामने हरी २५

एही पूर्ण अनन्त आत्मरुपको * ध्यान् नित्य गर्दै रहोस्
जो प्रारब्ध छ सो बुझेर बलियो * ई दुःख सुख सब् सहोस्
एही रितसित दिन् बिताउँछ भन्या * यो देह छुट्ला जसै
संसारको सब दुःख छोडिकन त्यो * लीन् हुन्छ मैमा तसै २६
आदीमा न त अन्त्यमा न बिचमा * यो देह धारी बनी
पूर्णनन्द हुँदैन जान्नु त्यसले * यो सत्य बात् हो भनी
तस्मात् त्यो विधि छोडिगर्नु जनले * आत्मै विचार् खुब् गरी
त्यो मैमा मिलिजान्छ जल् जलधिमा * पौंचेर मील्या सरी २७
आत्मैमात्र छ नित्य यो सब जगत् * झूट्टो छ झूट्टो पनि
डोरी सर्प बुझ्या सरी अबुझमा * देखिन्छ साँचो भनी
जान्नू जानिइएन यो पनि भन्या * मेरा चरणमा परी
सेवा गर्नु र जान्छ जन्म नतरता * टर्दैन कसरी गरी २८
वेदको सार रहस्य सब् कहिसक्यौं * जो यो विचार् गर्दछन्
कोटी जन्म सहस्रका सकल ताप् * तिन्का सहज् टर्दछन्
तस्मात् भाइ ! विचार योसब जगत् * झूटो चटक् भैं भनी
मैंमा भक्ती सदा लगायर रहू * आनन्दरुपी बनी २९
मेरो एहि सगुण् स्वरूपकन खुशी * मानी भजन् ध्यान् गरुन्
वा निर्गुण् परिपूर्ण आत्मरुपमा * लागेर ई मन् धरुन्
ती दुबै मयिं तुल्यहुन् ति मयिं हुँ * ती मैं सरीका बनी
गर्छन् सर्व भवन् पवित्र तिनले * कुल्ची दिंदामा पनि ३०
श्रद्धा भक्ति रहोस् गुरू चरणमा * मेरा वचन्मा पनि
यसलाई श्रुतिसार् बुझीकन पढोस् * मूल तत्व यै हो भनी
यसरी रितसित यो पढ्यो पनिभन्या * अज्ञानको नाश् गरी
मेरै रूप् बनिजान्छ जान्छ सहजै * संसार सागर् तरी ३१

शत्रुघ्नजी द्वारा लवणासुर वध र मथुराको राज्य प्राप्ती।

एक् दिन् श्री यमुनाजिका तिरमहाँ * बस्थ्या मुनीश्वरहरू
भार्गव् फेरि च्यवन् थिया इ सँगमा * ऋषी थिया जो अरू
आया श्री रघुनाथ का हजुरमा * आपत्ति छुट्नन् भनी
आदर खुब् रघुनाथबाट हुन गै * आज्ञा भयो यो पनि १
सेवक् ब्राह्मणको म हुँ अति कृपा * गर्नू भयो धन्य हो
सेवकलाइ अहाइ बक्सनुहवस् * कुन्कामछ इच्छा छ जो
सेवक् हुँ सब सिद्ध गर्छु भनि यो * रामको हुकुम् भो जसै
आपत् बिन्ती गऱ्या तहाँ च्यवनले * रामका हजुरमा तसै २
हेनाथ्! क्वै मधुनाम दैत्य शिवको * प्यारो महात्मा थियो
त्यसलाई शिवले त्रिशूल अति अमोघ् * दीया खुशीमै लियो
रावणकी बहिनी खिसम्भन थिई * बीहा गऱ्याको थियो
जन्म्यो पुत्र र लोककण्टक सबै * चाल् राक्षसैको लियो ३
तेसको नाम लवण छ राक्षसिक चाल् * तेसले त्रिशूल त्यो लिई
आपद् सब् ऋषिलाइ गर्छ रघुनाथ्! * बाधा अनेकौं दिई
यो आपत्ति छुटोस् भनी हजुरमा * आयौं भन्याथ्या जसै
तेसको ताप नमान्न मार्छु अहिले * यस्तो हुकुम्भो तसै ४
त्यै बिच्मा सब भाइलाइ रघुनाथ- * ले सोध्नुभो को गई
माछौं कण्टक तेस् लवणकन ऋषी- * को प्राणदाता भई
हात् जोरी बिनती गऱ्या भरतले * स्वामित्! म जान्छु भनी
ताहीं फेर् बिनती गऱ्या अति उचित् * शत्रुघ्नजिले पनि ५
लक्ष्मणले पनि काम् गऱ्या अति बड़ो * साथै हजूरका गई
दुःखै भोग भरतजिले पनि गऱ्या * योगी सरीका भई
स्वामित्! आज हुकुम् भया त खुशिभै * जान्छु म ऐल्हे तहाँ
राम् ठाकुर् बहुतै खुशी हुनु भयो * त्यो बिन्ती सुन्दामहाँ ६

यस्तो हुकुम भो बहुत खुशी भई * शत्रुघ्नलाई तहाँ
गादी आज म दिन्छु राज् पछि गर्‍या * पूरी बनाई ताहाँ
पैल्हे जल्दि त मारि हाल लवणै * लै जाउ यो बाण् भनी
बाणमा मुख्य जउन् थियो उहि झिकी * दीनूभयो झट् पनि ७
अर्ती क्यादिन्छु भो कि भाई! शिवको * त्रिशुल् छ तेस्को घर
पूजा नित्य गरेर जान्छ बनमा * आहार खातिर् पर
तेस्ले त्यो शिवको त्रिशूल् लिनभनी * जानै न पाक्स् घर
फिर्दामा तिहिं लड्नु हान्नु यहिशर् * मर्ला र गिर्ला पर ८
पायो त्यो शिवको त्रिशूल् लिन भन्या * तेसै त्रिशूलले गरी
सबूको नष्ट गराउन्या छ यहि सब् * राख्नू विचार् खुब् गरी
त्यो मान्या पछि तेस् मधूबनमहाँ * एक् बेस् बनाऊ शहर्
जस्मा बस्न मिलोस् भनी सकलले * खुब् बस्न मानुन् रहर् ९
तेस्को नाम् मथुरा हुन्या छ नगरी * त्यै राजधानी गरी
राज् गर्नु तिमिले अनेक् तरहले * सबूको विपत्ती हरी
एक्लै गै अघि मार राक्षस पछी * आऊँछ सेना पनि
सबूलाई खुशि राखि राज्गर तहाँ * राम्ले दिया राज् भनी १०
आशीर्वाद दिइ साथ जाउ ऋषिका * भन्न्या हुकुम्भो जसै
हुकुम् माफिक काम् गर्‍या सँगगई * शत्रुघ्नजीले तसै
राक्षस् मारिलिया तुरुन्त र तहाँ * पूरी मथूरा बनी
हुकुम् माफिक राज् गर्‍या तिहिं बसी * शत्रुघ्नजीले पनि ११

संक्षिप्त कुशलव चरित्र।

सीताका पनि दूइ पुत्र सुकुमार् * जम्ल्याह पैदा भया
बाल्मीकी ऋषिले ति पुत्र दुइको * नाम् कर्म गर्दा भया
जेठाको कुश नाम् धर्‍या लव भनी * जून् चाहिं कान्छा थिया
तिन्को नाम धर्‍या क्रमैसित अनेक् * शास्त्रै पढ़ाई दिया १

कालैसा व्रतबन्धकर्म पनि भो * वेदार्थ जानुन् भनी
लाया वेद् पनि पढ्न शास्त्रहरुको * तात्पर्य जान्या पनि
उत्तम् निर्मल सूर्यबंश बिचमा * पैदा भयाका थिया
सोही माफिक शास्त्र अस्त्रहरुको * शिक्षा गुरुले दिया २

बाल्मीकिले सकल रामचरित्र लाई
गान् गर्न काव्य रितले कविता बनाई
गान् गर्दथ्या खुशि भएर पढाई दिया
त्यो गाउँदा त्रिभुवनै वश पारिलीया ३

जाम्ल्याहा दुइ भाइ सुन्दर कुमार् * हातमा सितार् एक्लिई
पूरा सुरसित गाउँथ्या दुइ जना * तालसुर् मिलाई दिई
खुशहुन्थ्या ऋषिगण सबै त तिनको * सूनेर तेस् गानले
प्यारो खुबसित गर्दथ्या ति दुइको * ठूला भनी मानले ४

यै रीतले राम चरित्र गाई
सम्पूर्णको मन् पनि खुश् गराई
बाल्मीकिका आश्रममा रहन्थ्या
गर्थ्या सँधै बाल्मिकी जो त भन्थ्या ५

त्यै बीचमा सब अश्वमेधहरु गरी * रामले अनेक् दान् दिया
सीताजी वनमा थिइन् र सुनकी * सीता बनाई लिया
ब्रह्मर्षी र बड़ा बड़ा पृथिविका * राजाहरू धेर् अनी
ब्राह्मण क्षत्रिय वैश्य सब् तहिं पुग्या * हेर्दा तमाशा भनी ६

कुशलवलाई वाल्मिकि द्वारा तत्वज्ञान बिनु र रामायण गान।

बाल्मीकि ऋषिका सँगैति कुशलव् * हिंड्थ्यातिजान्न्या जहाँ
पाया फुर्सत सोध्नको र कुशले * सोध्या कुरा क्यै तहाँ
हे सर्वज्ञ गुरो ! कउन् तरहले * बन्धन् विषे पर्दछन्
कुन् पाठ्ले सब बन्धनै पनि सहज् * तोड़ेर पार् तर्दछन् १

बाँधिन्छन् यहि रीतले यति गऱ्या * संसार तर्छन् भनी
यसको तत्व बताइबक्सनु हवस् * जानू म मूढ्ले पनि
मन्त्रीका वशमा परी शरिरकै * मै हुँ अहङ्कार भनी
यसतो प्रश्न सुनी भन्या ति ऋषिले * बाँधिन्छ यसले भनी २
यस् जीवले विहकै विचार न गरी * मन्त्री अहङ्कार लिंदा
मन्त्रीले जति आफूमा गुण थिया * जीवमा मिलाई दिंदा
मन्त्रीका वशमा परेर यही जीव् * मै हुँ अहङ्कार भनी
लाग्यो भन्न भन्या पऱ्यो विषयमा * बाँधिन्छ यो जीवपनि ३
जो छन् सत्व रजस् तमै त्रिगुण ई * रूप् हुन् अहंकारका
ई तीनै मनले विचार् गरि लिंदा * छैनन् कुनै सारका
इच्छा सत्वविषे धऱ्यो पनि भन्या * ऐश्वर्य भोग्छन् पनि
संसारकै व्यवहार बढ्छ रजले * स्त्री पुत्र मेरो भनी ४
जो ताछन् तमगुण महाँ खुशि हुन्या * तेसता ति कीरा भई
फिर्न्याछन् ति विपत्तिमा सुखसयल् * मिल्दैन् काहीं गई
जो ता तीन् गुणलाइ तुच्छ बुझि खुब् * आत्मै विचार् गर्दछन्
सब् बन्धन्हरुलाइ तोड़ि सहजै * संसार् तीनै तर्दछन् ५

तस्मात् अहंकार्कन तुच्छ मानी
आत्मा म हुँ पूर्ण भनेर जानी
आत्मै विचारमा तिमि चित्त देऊ
साँचो भन्याँ यो तिमि जानि लेऊ ६
बाल्मीकि देखी यति तत्व पाई
ज्ञान् भै गयो ती कुशचन्द्रलाई
मुक्तै थिया नित्य तथापि ताहाँ
गर्दै रह्या कार्य त लोकमाहाँ ७

एकदिन् बाल्मिकिले त अर्ति दिनुभो * हे पुत्र हो ! गाउँछौ
तिम्रा गान् सुनि खूशि हुन्छ दुनियाँ * अत्यन्त यश् पाउँछौ
श्री राम्को पनि गान सुन्नकन मन् * आयो र गाऊ भनी
लाया गाउन पो भन्या दुइ जना * मीलेर गाया पनि ८
गान्ले खुश् भइ जो त बक्सिस भयो * बक्सिस् भयाको जति
चीज्को सब् तृण भैं गरेर तिमिले * केही नलीया रति
अर्ती बाल्मिकिदेखि पाइ कुशलव् * अत्यन्त खूशी भई
लाग्या गाउन दुइ भाइ ऋषिका * साम्ने अगाडी गई ९
सून्या ताहिं अपूर्व गान् र रघुनाथ् * ज्यूको पनी मन् गयो
मेरो मन् पनि गानले हरिलिया * को हुन् इ भन्न्या भयो
साम्ने डाकि स सुन्छु फेरि यहि गान् * भन्न्या इरादा धरी
राजा पण्डित वृद्ध जन्हरु बहुत् * राख्वी सभा खुब् गरी १०
गान् सुन्छ सब डाक याहिं ति कुमार् * आउन् सभामा भनी
हुकुम् भो र हुवै कुमार् हुकुमले * आया सभामा पनि
देख्या मूर्ति कुमारको र सबले * आश्चर्य मान्या पनि
कस्का हुन् इ कुमार् कसो गरि भया * रामै सरीका भनी ११
रामैका सरि वस्त्र भूषण भया * रामचन्द्र कुन् हुन् भनी
चिन्हैलाइ कठिन् हुन्याछ यहि बात् * सब् भन्न लाग्या पनि
लाग्या गाउनलाइ ती जब तहाँ * गान्धर स्वरले गरी
गान् सुन्दा बहुते खुशी हुनुभयो * त्रैलोक्यका नाथ् हरी १२
हुकुम् ताहिं भरतजिलाइ दिनु भो * लौ देउ खिल्लत् भनी
दश् हजार् रुपियाँ लगीकन दिया * जल्दी भरतले पनि
दश् हजार् रुपियाँ दिया त पनि त्यो * सब् तृण् सरीको गरी
जाहाँ बाल्मिकिजी थिया उहिंगया * धन् छोडि तेसै घरी १३

सीताजीले नियाँ अराउनु र पृथ्वीमा अन्तर्ध्यान हुनु ।

जान्या श्री रघुनाथले इ त सिता-* जीका कुमार हुन् भनी
त्यै बिचमा प्रभुले हुकुम् दिनुभयो * शत्रुघ्नलाई पनि
हे भाइ ! तिमि जाउ जल्दि अहिले * बाल्मीकिजी छन् जहाँ
सीताजी र ति बाल्मिकीकन लिई * दौडेर आऊ यहाँ १
सीतालाइ नियाँ म दिन्छु अहिले * सीताजि नीयाँ पसुन्
आफ्नू दोष अफालि निर्मल भई * खुशभै सिताजी बसुन्
हुकुम् श्री रघुनाथको यति हुँदा * शत्रुघ्न फर्कि गया
बाल्मीकी ऋषिका परी चरणमा * सब् बिन्ती गर्दा भया २
सून्या बिन्ति र जुन् त आशय थियो * रामको उ जानी लिया
फर्कानिन् भोली नियाँ सिता भनि तहाँ * उत्तर तुरुन्तै दिया
उत्तर् बाल्मिकिदेखि पाइकन ता * शत्रुघ्न फर्की गया
श्री रामचन्द्रजिका पुगी हजुरमा * त्यो बिन्ति गर्दा भया ३
सुन्नू भो जब उत्तरै ति ऋषिको * ताहीं प्रभूले पनि
फर्काउन् भोलि सिता नियाँ भनिहुकुम् * भो लोक जानुन् भनी
हुकुम् एति सुनेर लोक् पनि सबै * हेर्नौं तमाशा भनी
ब्राह्मण् क्षत्रिय वैश्य शूद्र जति छन् * आया ति हेर्नै पनि ४
आया बाल्मिकि ताहिं देखी बिचमा * सीताजिलाई लिई
सीताजी पनि यज्ञमा पुगिगइन् * श्री राममा मन् दिई
सीताजीकन देखि लोकहरु सब * बैस्भो बहुत् बेस् भनी
लाग्या बोल्न तहाँ त्यसै बखतमा * ती वाल्मिकीजी पनि ५
श्री रामजीसित बिन्ति गर्दछु भनी * रामका अगाडी सन्या
सीताजी अति शुद्धछन् भनि बहुत् * बिन्ती हजुरमा गन्या
छोरै हुन् कुश् लव् पनी हजुरका * बिन्ती कहाँ तक् गरूँ
क्यै शङ्का मनमा रह्या हजुरमा * गर्छै शपथ् मै बरू ६

बोल्यौं केहि झुठो भन्या हजुरमा * बोल्या झुठो बात् भनी
निष्फल् आज गरुन् प्रभूजति थियो * मेरो तपस्या पनि
सुन्या बाल्मिकिको शपथ् र रघुनाथ् * ज्यूको हुकुम् यो भयो
मेरो संशय छैन कत्ति मनमा * साँचो शपथ् हुन्छ यो ७
लङ्कामा पनि एक् नियाँ अधिलिंदा * जाँचेर सीता लियाँ
ऐल्हे यो अपवाद् गऱ्यो भनि उसै * सो मेट्न छोडी दियाँ
अर्कालि अपवाद् गऱ्यो भनि उसै * साँचै सिता त्याग् गऱ्याँ
एसतै भो त पनी रिसानी नहवस् * साहै सकसमा पऱ्याँ ८
मेरा पुत्र त हुन् हुवै इ कुश लव् * जन्म्याह पैदा भया
सिताजी पनि शुद्धचन् सब बुझ्याँ * सन्देह मेरा गया
हुकूम् यो रघुनाथको हुनगयो * हुकूम् भयो ता पनि
सिताजी त तयार् भइन् उस बखत् * पस्छ म नीयाँ भनी ९
ब्रह्माजी अरु लोकपालहरु सब् * आया सिता छन् जहाँ
ब्रह्माजीहरुका अगाडि ति सिता * क्यै बोल्न लागिन् वहाँ
जसूतो भक्ती छ रामका चरणमा * मेरो उ जानी लिउन्
साँची छ त मलाइ जान अहिले * बाटो धरित्री दिउन्१०
यसूतो बाणि सिताजिको पृथिविले * सूनी सकीथिन् जसै
बेस् सिंहासन एक् तयार् गरि सिता * जीलाइ राखिन् तसै
त्यो सिंहासनमा बसी जननिले * औदार्य मन्मा लिइन्
सिताजीकन जानलाइ बढिया * बाटो भुमीले दिइन्११
यसूरितले जननी सिता जब गइन् * खुब् मोहमा लोक् पऱ्या
इन्द्रादीहरुले त खुब् खुशि हुँदै * धेर् पुष्पबृष्टि गऱ्या
सीताको तहिं शोक् गऱ्या प्रभुजिले * संसारि जसूता भई
ब्रह्मादीहरुले बुझाउनु भयो * साम्ने अगाडी गई१२

बुझी बक्सनुभो र शोक पर गरी * बाँकी जउन् काम् थिया सब् सम्पूर्ण गराइ दान् दिनुभयो * ब्राह्मण् तहीं सब् थिया जो ता यज्ञमहाँ थिया जन अरू * धन्‌ले ति पूर्णै भया बीदा बक्सनुभो र दुःख भई दूर् * बीदा हुँदै तीं गया १३ सीताजी सितको बियोग् जब भयो * श्री राम् विरक्तै भया यज्ञै स्थान्‌कन छोडी पुत्रसँग ली * जल्दी अयोध्या गया कौशल्या जननी पनि खुशि भइन् * श्री राम आया भनी लक्षण् अन्त्यकि जानि ज्ञानकि कथा * चर्चा गरिन् बेस् पनि १४

श्रीरामको कौशिल्याबीनाई ज्ञान उपदेश, कांशल्या, कैकेई र सुमित्राको मुक्ति।

कौशल्या रामलाई त्रिभुवन भरिका नाथका नाथ जानी कुन् पाठ्ले बन्ध छुट्‌ला भनिकन मनमा खुब् ठुलो दुःखमानी आइन् पाऊ परिन् फेर् बिनती पनि गरिन् रामजीका चरणमा कुन् पाठ्ले बन्ध छुट्‌नन् यति मकन कहू आज आयाँ शरणमा १ यस्तो बिन्ती सुनी खुब् खुशि पनि हुनुभो बन्ध छुट्‌न्या उपाई सब् भन्दा एहि ठुलो भनि कहनु भयो भक्ति योग् माइलाई भक्तीयोगमा जती छन् त्रिगुणरहितकी भक्ती छन् सोहि गर्नु गङ्गाजीका प्रवाहा सरि गरि यस मन्‌लाई मैं माथि धर्नु २ मै माथी चित्त धर्न्या जनहरु सहजै भक्तिमान् होइ जान्छन् चार् छन्‌मुक्ती ति चारैकन पनि तरुका तृणसरीका ति मान्छन् मैमाथी चित्त धर्न्या भनिकन बुझिल्यौ साधनै गर्न माहाँ तेसको बर्णन् म गर्छु अब सब बुझिल्यौ सब् खुला जोख याहाँ ३ इच्छा केही न राख्नु यो विषयमा * सब् धर्म थाम्नै पनि सत्काम् गर्न बिचार राख्नु मनमा * हिम्सा घटीया भनी मेरो दर्शन गर्नु खुब् स्तुति पुजा * गर्नू स्मरण् सब् गरी पाऊमा परि दण्डवत् गरिलिनू * जाइन्छ यस्‌ले तरी ४

सब् प्राणीहरूमा म छु यति विचार् * राख्नू असङ्गी भई
साँचो बोल्नु बडो मिल्या चरणमा * पर्नू तुरुन्तै गई
गर्नू दुःखि उपर् दया समयमा * तिनमा त मैत्री पनी
सेवा गर्नु यसादिको पनि असल् * बाटो इनै हुन् भनी ५
वेदान्तैकन सुन्नु गर्नु खुशि भै * कीर्तन् सदा नामको
सज्जनको सहवास गर्नु दिन दिन् * सोभ्रो हुनू कामको
मेरो देह भनाउने अति ठुलो * छोड्नू अहङ्कार् अनि
यो मन् शुद्ध गराई बुझ्नु जतिछन् * सम्बन्ध मेरो पनि ६
जस्तै गन्ध रहन्छ फुलहरूमा * फुलमा रह्याको पनि
वायूका वशमा परीकन उडी * आउँछ नाकमा पनि
तेसरी योगविषे दिया मन महाँ * त्यो योग वायू पनि
गन्धै भैं गरि मन् उडेर सहजै * आउँछ मैमा पनि ७
सर्वात्मा म छु जो त एति नबुझी * पूजा सदा गर्दछन्
ती देखी खुशि हुन्न कत्ति ति गरून् * व्यर्थै शरीर् हर्दछन्
पूजा गर्नु त तेहि हो नगरि सो * तिनले पूजा कुन् गऱ्या
मृत्यूको भय हुन्छ तिन्कन सदा * संसारमा ती मऱ्या ८
सर्वात्मा म छु एति जानि सब जीव्- * लाइ नमस्कार् गरून्
जीवात्मा र परात्म एक् बुझि सदा * अन्तःस्करणमा धरून्
मातर् ! मार्ग त तर्नलाइ सजिलो * एहि छ यस्तै गरी
संसारका कति पार् गया सहजमा * संसार सागर् तरी ९
याहाँलाइ त भन् सहज् छ मँत हुँ * पुत्रै छ पुत्रै भनी
सम्झी मात्र दिनुहवस् यति गऱ्या * छुट्नन् इ बन्धन् पनि
कौशल्या रघुनाथको यति हुकुम् * सूनिन् र मुक्तै भइन्
कैकेई पनि देह छोडि दशरथ्- * जीका हजुरमा गइन् १०

त्यसतै सुमित्रा दशरथ्कि रानी, संसार को सुख सब तुच्छ जानी
प्रारब्धको बन्धनलाइ तोडी, पौंचिन् पतीथ्यैं तहिं देह छोडी ११

भरत पुत्र पुष्कल तक्षा र लक्ष्मण-पुत्र अंगद चित्रकेतुकाई राज्य प्राप्ती ।

पापात्मा अति दुष्ट शत्रु सबका * तीन् कोटि गन्धर्व छन्
ई सबलाई मराउनै अब पर्‍यो * बदनन् नमार्‍या त झन्
यस् सुरले रघुनाथका हजुरमा * एकदिन् युधाजित् गया
पार्‍या बिन्ति भरत् गई हुकुम्ले * गन्धर्व मार्दा भया १
पूरी एक् तहिं पुष्करावति बनी * पुष्कल् त राजा भया
अर्को तक्षशिला पुरी बनि तहाँ * राज् तक्ष गर्दा भया
छोरा पुष्कल तक्षलाइ तिमि राज् * गर्नू त याहीं भनी
फर्की श्री रघुनाथका हजुरमा * पौंच्या भरत्जी पनि २
लक्ष्मणलाई पनि हुकुम् तहिं भयो * भाई ! तिमीले पनि
छोरालाइ लगेर पश्चिम मुलुक्- * मा राज्य देऊ भनी
पश्चिम्मा अति दुष्ट मल्लहरु छन् * तिन्लाइ संहार् गरी
दुई पूरि बनाउनू पनि तहाँ * रत्नादि दौलत् भरी ३
राजा अङ्गद चित्रकेतु ई दुवै * लाई बनाया तहाँ
छोरालाइ रजायिं दीकन तिमी * आया तुरुन्तै यहाँ
हुकुम् श्री रघुनाथको यति हुँदा * लक्ष्मण् तुरुन्तै गया
जो जो हुन् अति दुष्ट मल्लहरु सब् * तिन्लाइ मार्दा भया ४
पूरी दुइ बनाइ लक्ष्मणजिले * ताहीं रजायीं दिया
छोरा छोड़ी दिया र लक्ष्मण गया * जाहाँ रघूनाथ् थिया ५

कालको श्रीराम संग भेंट र स्वर्गारोहण भाई बिन्ति गर्नू ।

एकदिन् काल् ऋषिभैं भएर रघुनाथ् * ज्यूलाइ भेट्छु भनी
आया श्री रघुनाथ्जिका पुरिमहाँ * चिन्दैन कोही पनि १

पौंच्या द्वार तलक् जसै प्रभुजिका * चौकी त लक्ष्मण् थिया
द्वारमा एक् ऋषिबन् खड़ा भनि गई * हाजिर् पुऱ्याई दिया
हाजिर् सुनि हुकुम् भयो प्रभुजिको * ल्याऊ तुरुन्तै भनी
लक्ष्मणले पनि जल्दि गै हजुरमा * ल्याया इनै हुन् भनी २
पौंच्या श्री रघुनाथका हजुरमा * काल् विप्र रुपले जसै
'तं वर्द्धस्व' भनेर आशिष दिया * श्री रामलाई तसै
सत्कार् श्री रघुनाथले पनि गऱ्या * पैल्हे कुशल्क्षेम् गरी
तिन्को आशय बुझ्नलाई हरिले * सोध्या अगाडी सरी ३
कुन् काम गर्नू छ र जल्दि आई, भेट् गर्नुभो आज यहाँ भलाई
हुकुम् प्रभुको जब एति पाया, ती काल्पुरुषले पनि बिन्तिलाया ४
हे नाथ् ! चरणमा अहिले म पर्छु, एकान्त बक्स्या झैंदि बिन्तिगर्छु
मेरो कुरा कोहि नसुन्न पाउन्, सुन्नन् त मारीदिनु टूर जाउन् ५
ती काल् पुरुषको यति बिन्तिसूनि, बेसै इ मन्छन् भनि भीत्र गूनी
हुकुम् भयो लक्ष्मणलाइ ताहाँ, कोही नआउन् अब भित्र याहाँ ६
कुनै आउनन् भित्रत मर्न जानन्, अत्यन्त गोता बिहकै ति खानन्
एकान्ततक्कोहियहाँ नआउन्, योउर्दि सबूलेतिमिदेखिपाउन् ७
सुन्या हुकुम् एतिर काल बोल्या, आफ्नूसबैआशयताहिं खोल्या
हेनाथ् ! महुँकाल्सबलाइहर्न्या, मालुम्छयोसबूकिनबिन्तिगर्न्याछ

ब्रह्माजिको बिन्ति लिएर आयाँ
खुब् भाग्यले दर्शन आज पायाँ
ब्रह्माजिको बिन्ति म आज गर्छु
होला हुकुम् जो उहि शीर धर्छु ९

सृष्टी देखि अगाड़ि पूर्णरुपले * आत्मास्वरुप् एकथियौ
नारायण् जलशायि रूप त पछी * यै सृष्टि खातिर् लियौ

स्वामित्को तहिं नाभिका कमलमा * एकलै म पैदा भयाँ
सृष्टी गर्न हुकुम् हुँदा हुकुमले * लोक् सृष्टि गर्दै गयाँ १०
जसले दुःख दिया प्रजाकन तिनै * लाई त मारूँ भनी
युगयुगमा अवतार समेत लिनु भयो * यसरी अगाड़ी पनि
ऐल्हे यो अवतार पनी पृथिविको * भार् हर्न खातिर् धरी
भूको भार् पनि टारिबक्सनु भयो * सब् दुष्ट संहार् गरी ११
एघारै म हजार वर्ष रहुँला * जाँदा हुकुम् जो भयो
सोही वर्ष गणीतले गनि लिंदा * एघार हज्जार् गयो
बस्नैको अरु मन् छ पो त भगवान् ! * इच्छा हजुरको हवस्
जानाको यदि मन् भया बखत भो * लौ जल्दि पाल्नू हवस् १२
ब्रह्माको बिन्ती सुनेर रघुनाथ् * हाँसी तिनै कालका
साम्ने बातचित गर्नु भो पनि बहुत् * सब् जानकै चालका
दुर्वाशा यहि बीचमा तहिं गया * रामलाइ भेट्नु भनी
लक्ष्मण् द्वारमहाँ थिया र ऋषिले * तिनलाई भेट्या पनि १२

लक्ष्मणको स्वर्गारोहण।

लक्ष्मणलाइ तहाँ भन्या ति ऋषिले * हाजिर् पुऱ्याऊ भनी
लक्ष्मणलाइ कठिन् भयो कठिनले * बिन्ती लगाया पनि
भित्रै जान हुँदैन जाउँ कसरी * बिस्तार् कहाँतक् गरूँ
जुन् काम् खातिर आज आउनु भयो * सो पूर्ण गर्छ बरू १
लक्ष्मणले यति ती मुनीकन त्यहाँ * बिन्ती गऱ्याथ्या जसै
दुर्वाशा ऋषि हुन् बडा तंपसि खुब् * रीसाइ बोल्या तसै
लैजाऊ अभ रामका चरणमा * वाहीं शरण् पर्दछु
लैजान्नौ त मलाइ भित्र म कुलै * को भस्म फेर् गर्दछु २
सून्या एति वचन् र लक्ष्मणजिले * मनमा विचार् यो गऱ्या
कुलको नाश् न हवस् कुशल सब् रहुन् * क्या हुन्छ एक् मैं मऱ्या

ऐल्हे भित्र त जान निश्चय पऱ्यो * यसतो बिचार खुबगरी
लक्ष्मण भित्र गया जहाँ प्रभु थिया * त्रैलोक्यकानाथ हरी२
द्वारमा हाजिर छन् ऋषी भनि तहाँ * बिन्ती गऱ्याथ्या जसै
ती कालूलाई बिदा गरेर रघुनाथ * बाहीर आया तसै
दुर्वाशासित भेट भयो जब तहाँ * रामले नमस्कार गरी
सोध्नू भो ऋषिलाइ आउनु भयो * कसतो इरादा धरी ४
इच्छा भोजनमा थियो ति ऋषिको * ती बिन्ति गर्दा भया
भोजन बक्सनु भो र भोजन गरी * ऋषी खुशी भै गया
त्यै बिचमा ताहिं सम्झि बक्सनु भयो * रामले प्रतिज्ञा पनि
लक्ष्मणलाइ कसोरी मारुँ अहिले * यै हो विपत्ती भनी ५
सन्ताप श्री रघुनाथमा जब पऱ्या * लक्ष्मण चरणमा पऱ्या
मारी दीनुहवस् मलाइ भगवान् ! * भन्या ति बिन्ती गऱ्या
ठूलो भन्नुछ धर्म हो उहि रहोस् * बिन्ती गऱ्या यो जसै
यसको निश्चय गर्नलाइ हुन गो * ठूलो समा एक तसै ६
सबले बिन्ती गऱ्या बुझी हजुरमा * त्याग मात्र गर्नू हवस्
मारी हाल्नु त योग्य छैन भगवान् ! * ज्यान आज इनको रहोस्
ज्यान हर्नू र वियोग गर्नू समवन् * यै होस् भन्याथ्या जसै
लक्ष्मणलाइ पनी बिदा दिनुभयो * श्री रामजीले तसै ७
लक्ष्मणजी सरयू गया उस बखत * रामका चरणमा परी
प्राणायाम तिरमा मरीकन गया * जाहाँ रहन्थ्या हरि
यस रितले नरलोक छोडीकन ती * लक्ष्मण जसै ता गया
भेट्ना खातिर शेषका हजूरमा * ब्रह्मादि जम्मा भया ८
लक्ष्मणजी सितको वियोग जब भयो * दुःखी सरीको बनी
साहे दिक्क भएर मंत्रीहरुथ्यै * यसतो हुकुमभो पनि

जान्छु लक्ष्मण छन् जता म त उते * यो राज् भरतले गरुन्
राजा भैकन जो प्रजाजन त छन् * इन्को सबै ताप् हरुन् ९

प्रजा समेत भरत र शत्रुघ्न पार्षद सहित श्रीरामचन्द्र को स्वर्गारोहण।

जस्तै एहि हुकुम् सुन्या भरतले * मूर्छित् सरीका भई
यस्तो बिन्ती गऱ्या तहाँ भरतले * राम्का हजुरमा गई
बस्थ्याँ स्वामितलाइ छोड्नि म कहाँ * तिन्लोक बक्स्या पनि
छोरा छन् अधिराज् प्रभो ! हजुरका * राज्का इनै हुन् धनी १
जेठा पुत्र हजूरका इ कुश वीर * राज् कौशलैमा गरुन्
उत्तरमा बसि राज् गरी इ लवले * सम्पूर्णको ताप् हरुन्
दुई भाइ चलाउँछन् इ जति छन् * सब् राज्यको काम् यहाँ
दूत् जाऊन् मथुराविषे किन उसै * शत्रुघ्न बस्छन् तहाँ २
सुन्नन् लक्ष्मणको पनी त समचार् * पौंच्या परम्धाम् भनी
साथै जान हजूरका चरणमा * दौडेर आउन् पनि
तेस्तै बिन्ति हजुरमा भरतले * गर्ख्या प्रजाले पनि
पाया थाह र ताप् भयो मनमहाँ * जानन्कि छोडी भनी३
बिन्ती एक वसिष्ठले तहिं गऱ्या * लीन्छन्कि छोड्छन् भनी
रुन्छन् सब् दुनियाँ यहाँ हजुरको * पाउन् प्रसाद् ई पनि
सुन्नू भो तहिं यो वशिष्ठ ऋषिले * बिन्ती गऱ्याको जसै
ठाकुर्को पनि खुब् दया हुन गयो * ती सब् प्रजामा तसै ४
इच्छा क्याछ बताउ पूर्ण गरुँला * भन्न्या हुकुम्भो पनि
सबले बिन्ति गऱ्या प्रभूसित तहाँ * सब् साथ जान्छौं भनी
इच्छा पूर्ण हवस् भनी हुकुम भो * सब् ती प्रजा खुश् भया
उत्तर् कोशलमा हुवै ति कुश लव् * राजा गर्न खातिर गया५
कोही दूत् मथुरा तरफ् प्रभुजिले * जल्दी पठाई दिया
दूत् पौंच्यो रघुनाथको हुकुमले * शत्रुघ्न जाहाँ थिया


दूत देखी समचार् सुन्या प्रभुजिको * शत्रुघ्नजीले जसै
छोरालाइ रजायिं दी प्रभुजिथ्यैं * ती जान आया तसै ६
जेठा पुत्र सुबाहुलाइ मथुरा * को राजधानी दिया
शुपूलाई बिदिशा दिया र ति गया * जाहाँ रघूनाथ् थिया
जल्दी गैकन पाउमा परि तहाँ * यो बिन्ति लाया पनि
साथै जान भनेर आज रघुनाथ् ! * आयाँ हजुरमा भनी ७
लौ मध्याह्न हुँदा तयार् भइ रह्या * यसतो हुकुम् भो तहाँ
आया राक्षस ऋक्ष बानरहरू * सबूले त सुन्दा महाँ
जान्छौं आज सँगै प्रभो ! हजुरका * यै बिन्ति सबूले गऱ्या
सुग्रीव्जी पनि बिन्ति गर्न रघुनाथ् * जीका अगाडी सऱ्या ८
अङ्गदलाइ रजायिं दीकन यहाँ * जालाँ म साथै भनी
आयाकों छु दयानिधान् ! हजुरमा * यो बिन्ति लायाँ पनि
सुग्रीव्को र अरू ति ऋक्षहरूको * बिन्ती सुन्याथ्या जसै
प्यारा भक्त जहाँ बिभीषण थिया * ताहीं गया राम् तसै ९
ताहीं गैकन यो हुकुम् पनि भयो * बस्नू तिमीले यहाँ
प्रारब्धै बलवान् छ जान इ सबै * छुट्छन् नभोगी कहाँ
जाहाँ सम्म रहन्छ भूमि तहिं तक् * राज् गर्नु याहीं बसी
रक्षा गर्नु खुबै प्रजाकन बहुत् * अन्यायलाई कसी १०
यसको उत्तर छैन चुप् रह्न भनी * हुकुम् भएथ्यो जसै
तेसै ठाऊँमहाँ तुरुन्त हनुमान् * जीलाई देख्या तसै
हुकुम्भो हनुमानलाइ हनुमान् ! * चीरञ्जिवी भै रह्या
मेरो जुन् छ हुकूम गर्न सब दिन् * अत्यन्त तत्पर् भया ११
बुद्धीमान् तहिं जाम्बवान् पनि थिया * ठान्थ्यां म जाँला भनी
तिन्लाई पनि यो हुकुम् हुनगयो * बस्नू तिमीले पनि

भूको भारकन हर्न कृष्ण रुपले * औतार मेरो भई
द्वापरमा कछु युद्ध गर्नु तिमिथ्यौ * पन्यौछि मैले गई १२
छोरी जाम्बवती विवाह तिमिले * मेरा सँगैमा गरी
स्वर्गैमा अनि जाउला पछि भन्या * ऐल्हे त यसतै परी
यसतै रितसित जो अहाउनु थियो * सो सब अहाई वरी
सब प्राणीहरु साथमा हिंड भनी * हुकुम भयो त्यस घरी १३
आफ्ना पुरोहित ति वशिष्ठलाई
हुकुम भयो मङ्गल गर्नलाई
मङ्गल अनेक तीं ऋषिले गराया
राम स्वर्गजानाकन निस्कि आया १४
सीताजिले रूप अधिको छिपाइन्
लक्ष्मी भई बामतिर बस्न आइन्
दक्षिण तरफ भूमि बसिन् हरीका
सब ताहिं आया भुवनै भरीका १५
शस्त्रास्त्र सब ती पनि रूप धर्दै
हींड्या तहाँ मङ्गल शब्द गर्दै
गायत्रि चार वेद सब ताहिं आया
रूपधारी मङ्गल यश शब्द गाया १६
जों ता अयोध्या पुरबासि थीया
तिन्ले सँगै सब परिवार लीया
बालक बुढो कोही रहेन ताहाँ
सबको गयो मन उहिं राम माहाँ १७
सुग्रीवहरू बानर मुख्य आया
सब ताप छुट्यो भनि हर्ष पाया

जो लोक् थिया रामसित जान गैगो
शुन्जार अयोध्या पनि शून्य भैगो १८
छोडी शहर् क्यै गइ दूर माहाँ
देख्या प्रभूले सरयू र् ताहाँ
आफ्नू बिराट् रुपकन सम्झलीया
आफै ति सबूका पनि नाथ थीया १९
ब्रह्मा ऋषी देव र सिद्ध आया
आकाश् विमानले भरि छुट्टि लाया
श्री राम् उपर खुबसित पुष्प-वृष्टि
सब् गर्नलाग्या उहिं लाइ दृष्टि २०
गाऊँकन् कहिं नाच्दकन् प्रभुजिकै * यशमात्र कीर्तन् गरी
त्यै बिचमा रघुनाथ् पस्या सरयुमा * सबका अगाडी सरी
ब्रह्माको पनि ताहिं औसर पऱ्यो * हात् जोरि विन्ती गऱ्या
सबको ताप् अब गै गयो सकललोक् * आनन्द सागर पऱ्या २१
स्वामितले अब विष्णुको रुपलिन्या * बेला भएथ्यो भनी
पाऱ्या विन्ति र होइवकसनु भयो * श्री राम् चतुर्भुज् पनि
जो शत्रुघ्न भरत् थिया दुइ जना * ती शङ्ख चक्रै बनी
स्वामितका तहिं बाहुमा बसि गया * बस्न्या यहीं हो भनी २२
ब्रह्माण्डै सब देवगण् खुशि भया * त्यो रूप देख्या जसै
ब्रह्मालाई हुकुम् गऱ्या प्रभुजिले * सब् प्राणि खातिर् तसै
हे ब्रह्मन् ! जति जन् थिया शहरमा * सब् साथ जान्छौं भनी
आया सब् परिवार् लिएर सँगमा * लाग्या पछाडी पनि २३
इनलाई शुभलोक देउ तिमिले * सतलोकमा वास् गरुन्
आफ्ना सब् परिवारका सँग रही * आनन्दमा ई परुन्

भक्षाले प्रभुको हुकुम् यति सुनि * हुकुम् शिरोपर् लिया
सबूलाई खुश गर्नलाई पनि एक् * लोकै खटाई दिया २४
ती लोकले पनि खुश् भएर सरयू-* को स्नान सबूले गऱ्या
जुन् शान्तानिक लोक हो उहिं पुगी * आनन्दमा सब् पऱ्या
सुग्रीव् सूर्य विषे गई मिलि गया * अङ्गै हुनाले गरी
भूभार् यै रितले हरेर रघुनाथ् * बैकुण्ठ पौंच्या हरि २५
एति मात्र कथा सदाशिवजिले * ती पार्वतीथ्यैं पनि
जसूले यसूकन पाठ गर्छ मनले * अत्यन्त हुन्छ गनी
तिन्को जन्म सहश्रका जति त छन् * पाप् भस्म हुन्छन् भनीं
सब् षड्शास्त्र बताउँछन् पढिलिन्या * तर्छन् हुनीयाँ पनि २६
शम्भूले पार्वतीथ्यैं खुशिभई बहुतै प्रेम् पूर्वक कथाको
संसार् पार् तर्नलाई सबकुन सजिलो साँघु भैं भै रह्याको
जानी यसूलाइ जो जो जनहरु बहुतै प्रेमले पाठ गर्छन्
संसारको सौख्य सब् भोग् गरिकन हुनियाँ सब् सहज् पार तर्छन्।२७

इति श्रीसुब्बा होमनाथात्मज तनयेन पं० रामजी उपाध्याय कृत दीपक समेतको महाकवि भानुभक्ताचार्य कृत रामायण उत्तरकाण्ड समाप्त।



पुस्तक पाइने ठेगाना—

सुब्बा होमनाथ केदारनाथ,

हितैषी कम्पनी, पो. बा. नं. १०८१, रामकटोरा रोड, वाराणसी।

॥ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॥

सेक्ड्हौं वर्ष देखी चली आएको पुरानू असली

स्वर्गीय—सुब्बा होमनाथ उपाध्याय कृत



रामायण-रामाश्वमेधकाण्ड

शेषजी र वात्स्यायन ऋषि-को सम्वाद, शेष द्वारा श्रीरामको उत्तरार्ध जीवनको वर्णन।

वात्स्यायन् ऋषिले कुनै दिनमहाँ * शेषका चरणमा परी
श्री सीतापतिको चरित्रकन खुब् * सुन्न्या इरादा गरी
हात् जोरी बिनती गऱ्या जगतको * सृष्टी भयाको पनि
आज्ञाभो पछि फेर् जगत् लय भई * जाला यसोरी भनी १
राजाहेरु पनी अघी पृथिविमा * जो जो प्रतापी भया
आज्ञा भो सबको चरित्र अहिले * राखी म माथी दया
मङ्गलूदायक रामको पनि सबै * अद्भूत चरित्रै यहाँ
पूर्वार्धैकन भन्नु भो हजुरले * मेरा अगाडी महाँ २
रावण मारिसक्या पछी रघुपती * फेरी अयोध्या गई
क्यै काल् राज गरेर फेरि अपवाद् * सूनेर दिक्दार् भई
सीताजीकन त्याग् गरेर पछि फेर् * एक् अश्वमेधै यहाँ
गर्नू भो भनि भन्नु भो हजुरले * मेरा अगाडी महाँ ३

संक्षेपले त सुन्या तथापि रघुनाथ * ज्यूको चरित्रै जती
बिस्तार पूर्वक सुन्नलाइ अहिले * मन् भो मलाई अती
वात्स्यायन् ऋषिको कुरा सकल यो * सुन्नू भएथ्यो जसै
शेषले खुशि भएर लौ सुन भनी * आज्ञा भयो फेर् तसै ४
ब्रह्मर्षे ! सुन रामचरित्र जति हो * सम्पूर्ण भन्छु भनी
भन्नै सकछु कहाँ म भन्छु तर लौ * जो जान्दछु त्यै पनि
एती बात सुनाइ नेत्र द्वइ झट् * चिम्लेर शेषले तहाँ
क्यैकाल ध्यान् रघुनाथको गरिलिया * एकाग्रभै मन्महाँ ५
खोली फेरि नयन् उसै बखतमा * भक्ती मनैमा धरी
भन्नूभो ऋषिका अगाडि खुशिभै * गद्गद् वचन्ले गरी
हे वात्स्यायनजी ! जसोरी हुनगो * रामाश्वमेधै यहाँ
बिस्तार पूर्वकले म भन्छु सुनिल्यौ * धेर्यै गरी मन्महाँ ६
सीता त्यागि सक्यापछी रघुपती * मानू मनुष्यै सरी
राज हुन्थ्यो सबकाम छोडिकन ठिक् * सुर्ता पऱ्या झैं गरी
सोही औसरमा ऋषीश्वरहरू * आई हजारौं तहाँ
बस्थ्या सब् इतिहास् सुनाइ रघुनाथ् * ज्यूका हजूरै महाँ ७
धेरै थोक् इतिहास् सुनेर खुशि भै * रामचन्द्रजीले पनि
सन्तान् रावण हो कउन् पुरुषको * आज्ञा हवस् त्यो भनी
सोधी बक्सनुभो र तेस् बखतमा * सामूने अगस्ती थिया
सन्तान् रावण हो पुलस्त्य ऋषिको * भन्न्या सुनाई दिया ८

अगस्ति ऋषि द्वारा रावणको जीवन चरित्र वर्णन ।

हे राम् ! त्यो ऋषिपुत्र हो तर पनि * मत् राक्षसैको सरी
लाग्यो रावण गर्न राक्षसि तरफ् * पैदा हुनाले गरी
ब्रह्माको वर पाइ फेरि अरुले * जीती नसक्नु भई
सब् प्राणीहरुलाई दुख् अति दियो * चौधै भुवन्मा गई १

रावणले अति दुखदिंदा अमर गण * साहै सकसूमा पऱ्या
त्यसको नाशहवस् भनेर भगवान् * ब्रह्माजिको स्तव् गऱ्या
ब्रह्माले स्तुति देवता सकलको * सुन्नू भएथ्यो जसै
साहै खुशि भई प्रकट् हुनु भयो * सबका अगाड़ी तसै २
साहै दुःख दियो भनेर सब बात् * सूनी दयाले तहाँ
रावणको कसरी विनाश् गरुँ भनी * चिन्ता परी मन् महाँ
इन्द्रादी सब देवताकन लिई * कैलाश् पुरीमा पनि
पाल्नूभो शरणै सदाशिवजिको * पर्नै पऱ्यो लौ भनी ३

पुग्या कैलाशैमा सँकल अमरै गणहरु जसै
ति सबले शङ्करका चरण युगको ध्यान् गरि तसै
खुशी भै भक्तीले गरि शिर महाँ अञ्जलि धरी
स्तुती गर्नै लाग्या जगत गुरुको फेर् उहि घरी ४
नयन् छन् तीन् जस्का रवि शशि हुताशन् ति खुलन्या
अनेक् सर्पैभूषण् शिर भरि शरिरमा ति झुलन्या
जट्टा देखी गङ्गा झरि पृथिविमा जाइ परन्या
शरण् बक्स्या जावस् हर ! त्रिपुर संहार गरन्या ५
सदा बायाँ कावूका उपर जगदम्बाकन लिन्या
हलाहल् आफ्नले पिइ जगत रक्षा गरिदिन्या
हजुरको हे शम्भो ! अधिक दुख पर्दा चरणमा
सबै हामी पर्छौं अब लिनुहवस् लौ शरणमा ६
नजर् होस् लौ हामीहरु शिर जमिनमा धरि धरी
नमस्कार् गर्छौं हे शिव ! हर ! त्रिलोचन् घरि घरी
भनी सारा द्यौताहरु मिलि जसै स्तव् गरिलिया
खुशी भै कैलाशनाथ् पनि प्रकट भै दर्शन दिया ७

दरशन जब बक्स्यो पार्वतीनाथ आई
अमरगण सहित भै साथु ब्रह्माजि आई
बिनति गरिदिया, नाथ ! देवगण दुःख पाई
हजुरसँग इ आया सब् शरणं पर्न लाई ८
कुमति अति भयाको दुष्ट यो रावणैले
हरण गरिदियो भाग् देवताको बलैले
यस बखत कृपानाथ् ! त्यो अधम्लाइ याहाँ
वध गरन उपायै भन्नुहोस् हामिसाहाँ ९
घुमि-घुमि अति विद्युत् रावणैले गर्‍याको
त्रिभुवन भरिका सब् प्राणि दुखमा पर्‍याको
सुनिकन शिवजिले देवतालाइ ताहाँ
सँग लिइ हरिका फेर् जानु भो धाम माहाँ १०
पौंची धाम्महाँ जनार्दनजिका * पाऊ बिषे मन् धरी
लाग्या यो स्तुति गर्न देवमुनिगण् * जम्बा भई त्यो घरी
हे माधव् ! जय हे हरी ! हजुरका * चाकर्हरूको यहाँ
यो सब् दुःख छुटाइ बक्सनु हवस् * जाऊँ शरणमा कहाँ ११
रूपगुण् नाम्हरु छैन क्यै हजुरको * लीला गरी तै पनि
मेरो एहि सगुण् स्वरुपकन भजी * भक्तै तरून् सब् भनी
वर्णैश्याम् भुजचार् कमल् नयनको * सुन्दर् स्वरूपै धरी
पालन् गर्नु हुन्या जगत् उहि स्वरूप् * ध्यान् गर्दछौं यो घरी १२
वनमाला र किरीट कौस्तुभमणी * शोभा शरिरको दिन्या
शङ्ख चक्र गदा र पद्म अनि फेर् * चार् बाहुलीमा लिन्या
बाया काखमहाँ जगत् कि जननी * लक्ष्मीजीलाई लिई
पालन्गर्नु हुन्या जगत् उहि स्वरूप् * ध्यान्गर्दछौं मन् दिई १३

प्रह्लादलाइ गजेन्द्रलाइ पहिले * दुखमा पऱ्याकन् भनी
उद्धार गर्नु भयो जउन् तरहले * हामीहरुको पनि
उद्धार गर्नू पऱ्यो यहाँ दश-वदन् * रूप काल साँपले धरी
आँट्यो निल्न नहीं भन्या सहजमा * चौधै भुवन् यो घरी १४
यसतैरित्सितले अनेक स्तुति गऱ्या * द्योताहरुले जसै
संतोष भैकन गर्नुभो प्रभुजिले * आकाशवाणी तसै
हे द्योताहरु हो ! अवश्य बुझिल्यौ * 'राम' भै अयोध्या महाँ
वधू गर्न अवतार लिन्याछु मयिंले * तेस् रावणैको यहाँ १५
ऐल्हे जल्दि यहाँ सबै तिमिहरू * द्योता जती छौ गई
अंशै लीकन जन्म ल्यौ पृथिविमा * सब् ऋक्ष बानर् भई
जो आज्ञा हरिको सुनेर ति सबै * द्योताहरुले पनि
जन्म्या अंश लिई लिई पृथ्विमा * सब् ऋक्ष बानर् बनी १६
सोही बात् तिमिले पुऱ्याउन भनी * औतार ऐल्हे लियौ
मारी रावणलाई सब् जगत्को * आपत् छुटाई दियौ
त्यो रावण् पनि हो पुलस्त्य ऋषिको * नाती भनी फेर् तहाँ
बिन्ती पारिलिया अगस्ति ऋषिले * रामका हजूरै महाँ १७

श्रीरामका सन्ताप अगस्ति ऋषिको सान्त्वना र अश्वमेध यज्ञको वर्णन।

यो बात् सुनेर मनमा अति ताप् पऱ्याका
आँशु द्वै नयनमा बहुतै धऱ्याका
क्या काम् गऱ्याछु भनी मोह भएर ताहाँ
गिर्दाभया रघुशिरोमणि पृथ्वि माहाँ १
देखेर मूर्छित तहाँ रघुनाथलाई
फेरी अगस्ति ऋषि जल्दि नगीच जाई
आफ्ना द्वै करकमल् जलले भिजाया
प्रेम्ले मुरारि रघुनाथकन झट् जगाया २

ताहीं अगस्ति ऋषिले पनि जल्दि फेरी
बिन्ती गऱ्या रघुपतीतिर फर्कि हेरी
कारण परी कुन यहाँ यति ताप् गऱ्याको
आज्ञाहवस् सकल ताप् मनमा पऱ्याको ३
बिन्ती एति सुनी अगस्ति ऋषिको * सन्ताप् मरी मन् महाँ
सुस्केरा सुखदेखि हालि रघुनाथ् * भन्दाभया फेर् तहाँ
हे ब्रह्मर्षि ! कउन् अधम् छ म सरी * ब्रह्मर्षि कुल् नाश् गरी
इक्ष्वाकू कुलमा कलङ्क मयिंले * पार्दो भयाँ यो घरी ४
कुन् ब्राह्मण् कुललाई धन् दिइ पुजा * गर्छन् सबै जन्हरू
सोही ब्राह्मण् कुल् विनाश् गरिदिन्या * मेरो बयान् क्या गरूँ
ब्राह्मणलाइ अवाच्य बाणि रिसले * जो गर्छ दुर्जन् यहाँ
चौधै कुल गइ गिर्छ तेस् अधमको * सब् कुम्भिपाकै महाँ ५
मूल् हुन् वेद् सब धर्मको जगतको * ती वेदका मूल् पनि
भन्छन् सज्जनहेरु सब् जन यहाँ * ब्राह्मण्हरू हुन् भनी
तेस्तो ब्राह्मण कुल् विनाश् गरिदियाँ * मैले कुलाङ्गार् भई
मेरो कुन् गति हुन्छ गिर्छु अब लौ * कस्ता नरकमा गई ६
सारा तीर्थ र दान व्रतहरु यहाँ * देखूदीन मैले भनी
ब्रह्मघ्नैहरुलाई निष्कृति हुन्या * कस्तै गरून् ता पनि
यै रितका अरू धेर् अनेक् तरहको * रामचन्द्रजीले तहाँ
लाग्यागर्न बिलाप् अगस्ति ऋषिका * साम्ने अगाडी महाँ ७
माया मानिसको गरेर अति ताप् * रामले गऱ्याको जसै
सून्या सब् ति अगस्तिले र तहि फेर् * बिन्ती चढ़ाया तसै
हे नाथ् ! दुष्ट बिनाश् गरी हजुरमा * त्यो ब्रह्महत्या कहाँ
लाग्यो नाहक गर्नु हुन्छ किन यो * सन्ताप् हजुरले यहाँ ८

साक्षात् ईश्वर पूर्ण सब् जगतका * कर्ता र हर्ता भई
चैतन्यै तिमि गर्दछौ घटघटै * प्राणीहरूका रही
हे नाथ् ! नाउँ फगत् सदा हजुरको * जो जन् स्मरण् गर्दछन्
कसूते पापि हउन् तथापि ति पुरुष् * संसार् पार् तर्दछन् ९
त्यो रावण् पनि हो कहाँ असुरलौ * सेवा हजूरकै गरी
बस्थ्यो द्वारमहाँ उसै बखतमा * कारण् कुनै एक् परी
श्राप् पाया सनकादिको र अहिले * त्यो जन्म त्यसले धऱ्यो
मासी बक्सनुभो कृपा गरि र पो * संसार् सहज्मा तऱ्यो १०
बिन्ती एति सुनी अगास्ति ऋषिको * रामचन्द्रजीले तहाँ
आज्ञा गर्नुभयो अनेक् तरहको * सन्ताप् गरी मन्महाँ
ज्ञानाज्ञान् द्वइ पाप गर्छ दुनियाँ * अज्ञानको पाप् यहाँ
पश्चात्ताप गरीलियो यदि भन्या * नाश् हुन्छ संसार्महाँ ११
ज्ञानै पूर्वक पाप् जउन् जनहरू * गर्छन् उनै जन् मरी
भोग् गर्छन् यमदण्ड खुबसित तहाँ * हुला नरकमा परी
ज्ञानैपूर्वक ब्रह्मघात् गरिलिया * त्यो पाप कुन् रित् गरी
निस्तार् हुन्छ उपाय केहि छ भन्या * आज्ञाहवस् यो घरी १२
यस्तो प्रश्न तहाँ मनुष्य सरिभै * रामले गऱ्याको सुनी
सम्बोधन् गरि रामलाइ तहिं फेर् * भन्छन् अगस्ती मुनी
हे राजन् ! सुनि बक्सियोस् हजुरले * जो ब्रह्मघात् गर्दछन्
तेस्ताले पनि अश्वमेध् गरिलिया * संसार् पार् तर्दछन् १३
अश्वमेध् पहिले गरी हजुरका * बाजे दिलीपले यहाँ
हलो कीर्ति चलाइ तिन् भुवनमा * पौंच्या परम्पद् महाँ
फेरी एकसय यज्ञ यै गरिलिया * श्री इन्द्रजीले जसै
राजा स्वर्गपुरी विषे हुनगया * द्योताहरूका तसै १४

ये यज्ञै मनुले र फेर् नहुषले * राजा सगरले गऱ्या
आजतक् कीर्ति छँ दैछ ती सकलको * चौधै पुरुष् पार् तऱ्या
नष्टै ब्रह्म-बधादि पाप् गरि दिन्या * यो यज्ञ ऐल्हे गरी
हुलो कीर्ति चलाइ बक्सनुहवस् * सारा तिनैलोक् भरी १५
यसतो बिन्तिसुनी अगस्ति ऋषिको * राम्चन्द्रले फेर् तहाँ
सोधी बक्सनुभो कउन् विधि गरी * त्यो यज्ञ गर्नू यहाँ
फेरी अश्व पनी कउन् तरहको * चाहिन्छ कुन् रीत् गरी
छोड्नू पर्दछ त्यो बिधान् मकन सब् * आज्ञा हवस् यो घरी १६

राम्चन्द्रको यति वचन् जब सुन्न पाया
फेरी अगस्ति ऋषिले पनि बिन्ति लाया
हे नाथ् ! सुनी लिनुहवस् मयिंले भन्याको
चाहिन्छ अश्व अति सुन्दर रूप् बन्याको १७
जसको छ लाल् मुख पुछर् पनि पीतवर्ण
जो फेर् सफेद् सकल रङ् भई श्यामकर्ण
जो चलछ बेग् पवन भैं गरि पृथ्वि माहाँ
चाहिन्छ यज्ञ गरदा उहि अश्व याहाँ १८

वैशाखी पूर्णिमाका दिन विधिसित त्यो यज्ञ प्रारम्भ गर्नू पत्रै सुनको तयार् एक् गरिकन हयका शीरमा सोहि धर्नू फेर् आफ्नू कीर्ति नाम् बलहरू जति सब त्यै पत्रमा लेखिलीनू पूजा शास्त्रै विधानले गरिकन पछि फेर् अश्व त्यो छोड़ि दिनू १९ त्यो घोड़ा जान्छ जाहाँ पछि पछि उसका वीरहरू धेर् जाउन् कुन् विरले धर्छ तेसका सँग लडि जितित्यो अश्वलाई फुकाउँन् ये रितले वर्षदिन् तक् घुमि-घुमि पृथिवीभर् परिक्रम गराई ब्रतको सम्पूर्ण पारीसकिकन पछि त्यो अश्व ल्याउन् फिराई २०

वर्ष दिन् तक् नियम् यै गरिकन यजमान्ले मृगौचर्म माहाँ
सुत्नू फेर् ब्रह्मचर्य गरिकन गइ त्यै यज्ञभूमी छ जाहाँ
दुःखी कङ्गाल् गरिबूले चिज्बिजहरु जो प्रार्थना गर्छ आई
धन वस्त्रै भोजनादीहरु दिइकन खुश् गर्दिनू तेसूलाई २१
एही हो अश्वमेधको विधि सकल कह्याँ जो पुरुष् येहि गर्ला
पापको सब् नष्टपारी त्रिभुवन बिचमा नाम् ठुलो तेहि धर्ला
हे राम् ! बिन्ती म गर्छु गरिकन अहिले अश्वमेध् यज्ञ याहाँ
मर्यादा कीर्ति थामी पछि हजुर पनी जानुहोस् धाम माहाँ २२

यसूतो कुरा सुनि तहाँ ऋषिलाइ हेरी
रामको हुक्कुम् हुनगयो तहिं जल्दि फेरी
त्यो चालको म सँग अस्तबलै भरीमा
घोड़ा छ छैनं गई हेरुँ यसै घरीमा २३

आज्ञा एति सुनेर त्यै बखतमा * अत्यन्त खूशी भई
घोड़ा हेर्न भनेर सबकन लिई * फेर् अस्तबलूमा गई
जो जो अश्व थिया अगस्ति ऋषिले * हेरी लियाथ्या जसै
देखी चित्र-बिचित्र अश्वहरु सब् * आश्चर्य मान्या तसै २४
लाखौं एकतिर शोणका मुलुकका * घोडाहरू छन् तहीं
लाखौं एकतिर फेर् बिचित्र चिनियाँ * टाँगन्हरू छन् कहीं
हज्जारौं तहिं श्यामकर्ण पनि छन् * घोडाहरू ती जसै
सारा देखि लिई अगस्ति ऋषिले * आश्चर्य मान्या तसै २५
फेरी श्री रघुनाथलाइ खुशि भै * भन्छन् अगस्ती तहाँ
यज्ञै लायक अश्व हे रघुपते ! * धेर् छन् तबेला महाँ
त्यो यज्ञै यदि गर्न मन्सुब भया * खुब् धैर्य मनूमा धरी
चाँडै लौ गरिबक्सियोस् हजुरले * सामग्रि जम्मा गरी २६

बिन्ती तहाँ यति सुनी रघुनाथ फेरी
सदाम् तयार गरि क्यै नगरेर देरी
सङ्मा अगस्ति ऋषिलाइ लिएर ताहाँ
पाल्नू भयो सरयुका पनि तीर माहाँ २७

पुग्नू भो रघुनाथ जसै सरयुमा * सुन्का हलोले गरी
चार योजन भुमि जोति शास्त्रविधिले * शुद्धै गऱ्या त्यै घरी
अश्वमेध गरदा जउन् तरहको * चाहिन्छ कुण्डै तहाँ
पाऱ्या जल्दि तयार वशिष्ठ ऋषिले * खुशी भई मन्महाँ २८
नारद् कश्यप अङ्गिरादिहरु जो * ठुला ऋषीश्वर् थिया
ती सबलाइ पनि वशिष्ठ ऋषिले * निम्ता पठाई दिया
निम्ता पाइ खुशी भई जगतका * सारा ऋषीश्वर् तहाँ
आया शिष्यहरू लिएर सँगमा * रामका हजुरै महाँ २९
श्री रामचन्द्रजिले पनी ति ऋषिका * पाऊ विषे शिर् धऱ्या
हस्तार्घादि गरेर ती सकलको * पूजा विधान्ले गऱ्या
सुन्दर् आसनमा बसाइकन फेर् * गाई सुवर्णै पनि
प्रत्येक् ती ऋषिलाइ अर्पण गऱ्या * खुशी गराऊँ भनी ३०
फेरी प्रश्न गरी तहाँ कुशलको * सबका अगाडी गई
हात् जोरीकन केहि काल् रघुपति * बस्ता भया खुश् भई
सोही औसरमा त धर्म् कुन हो * वर्णाश्रमैको भनी
प्रश्नै ती ऋषिहेरुका सँग गऱ्या * रामचन्द्रजीले पनि ३१

चारै आश्रमका धर्मको वर्णन।

त्यो प्रश्नै रघुनाथको सुनि सक्या * सारा ऋषीले जसै
जो हो धर्म गृहस्थिको सकल त्यो * बिन्ती चढाया तसै
वेदाध्यापन यज्ञ याग् अतिथिको * सत्कार् नियम्मा रही
गर्नू पर्दछ यत्न पूर्वक सदा * ब्राह्मण् गृहस्थी भयी १

सेवा नीचहरुको कदापि नगरुन् * कसूतै ति ब्राह्मणहरू
हुक्मा पर्न गएर खान नमिल्या * भिक्षा गरुन् लौ बरू
आपद्मा पनि थाम्दछन् कुलधरम् * छुन् ब्राह्मणैले यहाँ १
तेसूता ब्राह्मण मुख्य हुन् बुझिलिनू * सारा जगत् भर् महाँ २
कसूतै सुन्दरि देखिउन् तर पनी * जो छन् पर स्त्री जति
माता भैं ठहराइ कर्ये पनि विकल् * गर्दै नगर्नू मति
आफ्नी स्त्री सहवास् पनी ऋतुमती * हुन्छे बखूतले जसै
पैल्हे तिन्दिन त्यागि सोह्र दिनतक * भोग्गर्नु सक्ष्मा तसै ३
सोह्रै दिन् पछि भोग् कदापि न गरुन् * त्यो सोह्र दिन्मा पनि
श्राद्धै व्रत् अरु धर्मका परवमा * कुत्सित् करम् हो भनी
सम्भोग् स्त्रीसित गै कदापि न गरुन् * जो दुष्टले गर्दछन्
साक्षात् ती पशुहुन् मन्यापछिति सब् * नर्कै विषे पर्दछन् ४
धार्मिक् दोष रहित् कुलिन् पुरुषकी * कन्या विवाहै पनि
गर्नू पर्दछ पुत्र खातिर फगत् * रक्षा हवस् कुल् भनी
सम्भोगका बखतै ति दम्पति दुवै * चिन्ता असल् काम्गरी
प्रीतीपूर्वक भोग् विलास् गरिलिउन् * सन्तान मै मन् धरी ५
जसले एति नियम् गरेर रहला * तेसूता पुरुषको यहाँ
सन्तान् धार्मिक खुब् प्रतापि बहुतै * हुन्छन् जगत्भर् महाँ
यो शास्त्रै विधिलाइ छोडिकन जो * कामूका वशीमा परी
स्त्रीको सङ्गत गर्छ पुत्र उसका * हुन्छन् पशूकै सरी ६
अन्नै जलूहरुले पनी अतिथि भै * जो आउँछन् घरमहाँ
गर्नै पर्छ गृहस्थिले खुशि भई * खातिर् ति सबको यहाँ
जसका घर् गइ खालि फिर्छ अतिथी * दुःखित् मनैले अति
पुण्यै नाश् भइ जान्छ सब् जनमभर् * तेसूले गरेको जति ७

जो चिज् बन्दछ देव पितृ अतियी * सबूलाइ पैल्हे दिई
बाँकी बाँच्दछ जो उ चिज्कन जहान् * सबूले बराबर् लिई
खानू पर्छ गृहस्थि भैकन सदा * कोही गृहस्थी भई
खान्छन् कुक्कुर भैं भन्या नरकमा * गिर्छन् ति सब् जन् गई ८
षष्ठी अष्टमिमा नलाउनू यहाँ * तेल् कवै पुरुषले पनि
पूर्णिमासि चतुर्दशी दुइ तिथी * मासू निषेध् हो भनी
त्यागनू, फेर् पनि त्यागनु पर्छ जनले * एकादशीमा यहाँ
अन्नै भक्षण् गर्नलाइ, विधि यै * देखिन्छ शास्त्रै महाँ ९
सन्ध्याकाल महाँ नखानु कहिल्यै * फेर् बिस्त रैमा गई
खानू छैन कदापि कोहि जनले * म्लेच्छै समानको भई
आफ्नू खुब् गुणको बयान् सकलले * गर्छन् तथापी पनि
गर्नू छैन कदापि शोखि मनले * ठूलो रह्याछ भनी १०
शेखी गर्दछ जो पुरुष् मनमहाँ * ठूलो छु भन्न्या भई
त्यो जन् भूपतिनै हवस् पनि ति सङ् * गर्दै नगर्नू गई
जो अर्काकन मर्म पारि बह्नुतै * छेड्का कुरा गर्दछन्
ती सब् दुर्जन हुन् मर्‍या पछि नरक् * तेस्तै पुरुष् पर्दछन् ११
एही शास्त्र विधी विचार् गरि यसै * माफिक् नियम्मा रही
बस्नू पर्दछ धर्म थामि कुलको * सबूले गृहस्थी भई
पुत्रोत्पादन भो जसै जतनले * त्यो पुत्रलाई यहाँ
विद्याभ्यास गराउनू दिन दिनै * प्रीतालिई मन्महाँ १२
होवोस् लायक त्यो जसै उहि बखत् * त्यो पुत्रलाई पनि
कन्न्या खोजि विवाह गर्दिनु असल् * रक्षा हवस् कुल् भनी
फेरी त्यै सुतलाइ सौंपि घरको * धन्दा खुशीले अति
जाउन् जङ्गलमा ति दम्पति दुवै * राखी धरम्मा मति १३

हे राम् ! यै रितले जउन् जन यहाँ * बस्दन् स्वधर्मै गरी
जान्दन् मुक्त भएर फेर् सकल ती * संसार सागर् तरी
भन्या यै रितका अनेक् तरहका * बार्ता धरम्का अरू
बिन्ती श्री रघुनाथका हजुरमा * पार्थ्या ऋषीश्वर् हरू १४
सोही औसरमा वसिष्ठ ऋषि झट् * रामका हजुरमा गया
सम्बोधन् गरि रामलाइ तहिं फेर् * यो बिन्ती गर्दा भया
हे राम् ! यज्ञ शुरू हुन्या बखत भो * ऐलहे तयारी भई
छोड्नू पर्दछ अश्व पूजन गरी * चाँडो हजुरले गई १५
जो जो ब्राह्मणहरू ति सबैकन पनी * पूजा विधानले गरी
प्रत्येक् कार्यमहाँ लगाउनु पर्‍यो * पाल्नू हवस् यै धरी
दुखित् अन्ध दरिद्रहेरू जतिहरू * यो यज्ञभूमि महाँ
तिनको दिलपनि खुश् गराउनु हवस् * बक्सिस् दिई धेर् यहाँ १६
सुनको एक् प्रतिमूर्ति जानकिजिको * जल्दी तयारी गरी
फेरी एक् मृगशृङ्गलाइ अहिले * आफ्ना कटीमा धरी
हातमा दण्ड कमण्डलू लिइ सदा * धैर्यै गरी मन्महाँ
सुत्नू पर्दछ वर्षभर् हजुरले * खाली जमिनमा यहाँ १७
यज्ञैको शुरू गर्नुपर्छ रघुनाथ् ! * चाँड़ो हजूरले भनी
बिन्ती पारिलिंदा उठेर खुशिभै * रामचन्द्रजीले पनि
आज्ञा लक्ष्मणलाइ बक्सनु भयो * हे भाइ ! लौ यै घरी
घोड़ा शोभित पारि फौजहरू गई * ल्याउन् तयारी गरी १८
लक्ष्मणले रघुनाथको यति हुकुम् * सुनी लियाथ्या जसै
सेनानायक कालजित्कन तहाँ * आज्ञा गर्‍या फेर् तसै
हे सेनापति ! लौ गएर तिमिले * उदौं तुरुन्तै दिई
सारा फौज् अहिले तयार् गरि यहाँ * आऊ सँगैमा लिई १९

उर्दी माफिक अश्वलाई पनि फेर् * चाँडो तयारी गरी
ली आऊ भनि उर्दि यो तहिं दिया * लक्ष्मण्जिले त्यै घरी
उर्दी लक्ष्मणदेखि पाइकन त्यो * सेनापतीले तहाँ
ल्याया सैन्यसमेत् गएर हय झट् * त्यो यज्ञभूमी महाँ २०

अश्वमेध यज्ञको घोडा छोड़ने वर्णन र शत्रुघ्न सेनापति हुनू।

सुन्को तार समानको पुछर फेर् * ठिक् निलमणीका सरी
कानैको रँग फेरि माणिक सरी * रङ्का मुखैले गरी
साहै सुन्दर अश्व फेर् मणिजडित् * माला गलामा धरी
नाच्थ्यो धेर् घुँगुरा बजाइ सुनको * साहै सुशोभित् गरी १

वरिपरि सब फेरी सैन्यले घेरियाको
बहुत युवति जन्ले चौंवरै फेरियाको
उहि बखतमहाँ त्यो अश्व ल्याएर ताहाँ
फउज अधिक आया यज्ञ-भूमी छ जाहाँ २
हय रथ गज पैदलूले सहित तेजधारी
हुकुम् शिर धर्याका रामका फौज भारी
पणव पटक भेरी शङ्खको शब्द गर्दै
उहि बखत ति आया हातमा शस्त्र धर्दै ३

कस्तूरी लेपि छाती उस उपरमहाँ रत्नका हार झुल्याका
सुन्का कुण्डल् किरीट् फेर धरिकन मुहूडा देखिया खुल्याका
यस्ता राजा हजारौं रथ उपर चढी यज्ञको अश्वलाई
रक्षा गर्ना निमित्तक् उहि बखत गया रामकी उर्दि पाई ४
ती सब् फौजहरूले खजित हुन् गयो * त्यो यज्ञभूमी जसै
काँप्यो थर्थरि पाउका दमकले * सारा जमीन भर तसै
शोभा धेर् गरेर सब् नृपतिका * छत्रैहरूले गरी
ढाक्यो सूर्यकिरण् पनी उहिबखत * त्यो यज्ञभूमी भरी ५

देखी फौज्हरूले सबै वरिपरी * घेरा गराई तहाँ
ल्यायाको हयलाइ शोभित गरी * त्यो यज्ञ भूमी महाँ
साहै खुशि भई वसिष्ठसित गै * रामचन्द्रजीले पनि
आज्ञा गर्नुभयो गुरो ! जति छ काम * गर्नु हवस् लौ भनी ६
यो आज्ञा सुनि रामलाइ सुनकी * सीताजिका सङ् धरी
सङ्कल्पै पनि ब्रह्म वध् जनित पाप * नष्टै हुन्या रित् गरी
शास्त्रैका विधिले वशिष्ठ ऋषिले * पैल्हे गराई तहाँ
लाग्या फेर् ऋषि सब् लिई हवनको * काम् गर्न यज्ञैमहाँ ७
यज्ञाचार्य वशिष्ठजी हुन गया * त्यो यज्ञमा खुश् भई
गर्य्यो जो परिआउँथ्यो सकलकाम् * ताहीं अगस्ती रही
द्वार् बन्धन् सब यज्ञको अघि गरी * फेरी अगस्ती पनि
लाग्या गर्न हवन् गएर हय त्यो * छोड्न्याबस्तभो भनी८

सुन्दर् अलङ्कार लगाइ अङ्मा
आएर नारीहरू एक सङ्मा
दध्यक्षतालेगरि अश्वलाई
पूजन् गऱ्या मङ्गल गान गाई ९
फेरी निराजन् गरि धुपू जलाया
खुस्बू सबै यज्ञ भरी चलाया
माला फुलैको लिइ अश्वलाई
लाई दिया ती सब नारि जाई १०

पूजा यै रितले जसै गरिसक्या * नारीहरूले तहाँ
सुन्को पत्र लिई अगस्ति ऋषिले * फेरी उसै बिचमहाँ
रामको नाउँ र कुल् पराक्रम जउन् * रामले गऱ्याका थिया
सोही पत्र उपर् रचित् गरि असल् * श्लोकबद्ध लेखीदिया ११

श्लोकको अर्थ यही थियो रघुकुलै * बिचमा अयोध्यापति
राजा श्री दशरथ् मया त्रिभुवनै * भरका प्रतापी अति
कोशल् राजकुमारि मुख्य महिषी * तिनको थिइन् सब्महाँ
तिनका रत्न समानका उदरमा * राम्चन्द्र जन्म्या यहाँ १२
घ्यौता दानव यत्त राक्षसहरू * जसका चरणमा परी
आज्ञा माफिक गर्दथन् सब कुरा * मनमा ठुलो डर् धरी
यसता हुन् रघुनाथ् उनै प्रभुजिले * यो अश्वलाई पनि
छोड्या यज्ञ ठुलो म गर्छु अहिले * एक् अश्वमेधै भनी १३
जसले वीर् हुँ भनेर ठान्छ मनले * आएर त्यो वीर् यहाँ
पक्रोस् यो हय सक्मया नहिं भन्या * कौडी लिई सक् महाँ
यज्ञै हुन्छ जहाँ उसै स्थलविषे * रामका नगिच्मा गई
जो दिन्छन् रघुनाथ् हुकुम् उहिगरोस् * चाकर् समान्को भई १४
रक्षा यो हयलाइ गर्न अहिले * शास्त्रै लिई हातमा
भाई श्री रघुनाथका अति ठुला * धेर् वीर् लिई साथमा
धर्ला यो हयलाई जौन जनले * तेसलाइ युद्धै गरी
जान्छन् शीघ्र छुटाउनाकन भनी * शत्रुघ्नजी यो घरी १५
ये रितले प्रभुको प्रतापहरु सबै * लेखेर पत्रै महाँ
त्यो पत्रै हयका ललाट बिचमा * बाँधेर फेरी तहाँ
वायूका सरि बेग् गरीकन सदा * चल्न्या त्रिलोकै भरी
त्यो घोड़ा रघुनाथको ति ऋषिले * छोड्दा भया त्यै घरी १६
आज्ञा भो रघुनाथको उहि बखत् * शत्रुघ्नलाई पनि
हे भाई ! हयका गएर सँगमा * रक्षा गर्न्या खुब् भनी
रस्तामा तिमिलाइ मङ्गल हवस् * शत्रुहरू छन् जउन्
तिम्रा सामुमहाँ पर्न्यापछि सबै * चाकरसमान्का हउन् १७

मूर्छित फेरि बिरथ् भएर डरले * मान्याहरूको पनि
फेरि पर्दछ आइ जो शरणमा * तिम्रो शरणछू भनी
तेसूता शत्रु हउन् तथापि ति उपर् * क्वै शस्त्रको त्याग गरी
तिनूको प्राण् कहिल्यै न हर्नु तिमिले * धर्मै तरफ् मन् धरी १८
अर्काका धनमा र फेरि अरूका * नारी हरूमा अति
हे भाई ! सुन भन्छु क्वै दिन पनी * तिम्रो नजावस् मति
पूज्ये जन्हरूको नगर्नु अपमान् * गो बिप्र वैष्णव् जति
देखिन्छन् सबूलाई पूजन गर्‍्या * राखेर भक्ती अति १९
हे भाई ! ई सबै कुरा यस बखत् * मैले भन्याको जति
कत्ती केहि नाबिर्सि कामगरिलिया * कल्याण मिल्ला अति
अतीं एति दिएर भाइकन फेर् * सङ्मा जउन् बिर् थिया
ती सब् तर्फ नजर् गरेर रघुनाथ् * जीले हुकुम् यो दिया २०

भरतका पुत्र पुष्कलको साहस र नऊ देशका राजाहरूको घोड़ा रक्षणगर्ई जानु ।

हे बीर् हो ! तिमिहेरुका बिच महाँ * शत्रुघ्नका सङ् गई
सक्छौ रक्षण गर्न लौ भन कउन् * बीर चक्र-रक्षक भई
यो आज्ञा रघुनाथका जब सुन्या * उठेर सोही घरी
हात् जोरेर भरतजिका सुत तहाँ * आया अगाडी सरी १
फेरी बिन्ती गर्‍्या परी चरणमा * हे नाथ् ! मलाई यहाँ
आज्ञा गर्नुहवस् म जान्छु अहिले * शत्रुघ्नका सङ् महाँ
धौता दानव आउनन् तर पनी * एकूलै अगाडी सरी
जित्न्या छु रणमा सहज् हजुरका * केवल् कृपाले गरी २
हामीहेरु निमित्त मात्र भइ सब् * जान्छौं तथापी तहाँ
जित्ला खालि गई प्रताप् हजुरको * शत्रूहरू रण् महाँ
पुष्कलको बिनती सुनेर रघुनाथ् * अत्यन्त खूशी भई
आज्ञा भो तिमि चक्र-रक्षक हुनू * शत्रुघ्नजीको गई ३

पुष्कललाइ अहाइ एति पछि फेर् * बानरूहरू छन् जति
सबका तर्फ फिरी उसै बखतमा * भन्छन् रमाका पति
हे बीर् हो ! तिमिहेरुलो पनि गई * शत्रुघ्नका सङ् महाँ
रक्षा गर्नु पऱ्यो बहुत् जतनले * यो अश्वलाई तहाँ ४
सब् बाँनरकन यो अहाइ हनुमान् * जीलाइ फेरी पनि
आज्ञा भो सब फौजलाइ तिमिले * रक्षा गऱ्या खुब् भनी
सीताजीकन खोज्न लाइ पहिले * एकलै समुद्रै तरी
लङ्का दाह गऱ्यौ भने जगतमा * कुन् बीर् छ तिम्रासरी५
शत्रुघ्नैकन कष्ट क्यै समरमा * पर्दा पनी झट् गई
रक्षा खुब् तिमिले गऱ्या जतनले * सङ्मा उनैका रही
यो आज्ञा हनुमानले जब सुन्या * सबका अगाडी महाँ
रक्षा गर्न कबोलु गऱ्या उहि बखत् * सम्पूर्ण फौजको तहाँ६
सुग्रीव् अङ्गद जाम्बवान् प्रमृति जो * हुला हुला बीर् थिया
तिन्लाइ पनि एहि रितसित हुकुम् * रामचन्द्रजीले दिया
फेरी डाकि सुमन्त्रलाइ नगिचे * आज्ञा भयो झट् तहाँ
कुन्कुन् बीर् तिमिलेखटन्गरिलियौ * बिस्तार् बताऊ यहाँ ७
आज्ञा एति सुमन्त्रले सुनिलिया * रामचन्द्रजीको जसै
नौ बीर् ताहिं अगाडि सारिकन फेर् * बिन्ती चढ़ाया तसै
हे नाथ् ! ई नउ भूपती हजुरको * आज्ञा शिरोपर् धरी
आया रक्षण गर्नलाइ हयको * जान्छन् सबै यो घरी८
प्रज्ञापात्र र नीलरत्न रिपुताप् * आदी इ राजा यहाँ
नौ बीरूछन् सब शस्त्रधारिहरुमा * प्रख्यात् जगत् भर् महाँ
प्रत्येकका सँग चल्दछन् दश दश * अक्षौहिणी फौज् पनि
शस्त्रै अस्त्र लिएर बीरहरु सबै * जान्छन् लडौंला भनी९

यस्तो बिन्ती सुमन्त्रको सुनिलिई * खूशी भई मन्‌महाँ
डाकी ती सब वीरलाइ नगिचै * रामचन्द्रजीले तहाँ
आज्ञा गर्नुभयो सबै तिमिहरू * ऐल्हे इकट्ठा भई
रक्षा गर्नु जतन् गरेर हयको * शत्रुघ्नका सङ् गई १०
यो आज्ञा रघुनाथको सुनि तहाँ * राजाहरूले पनि
हातमा शस्त्रलिया बहुत् खुशि भई * जान्छौं समरमा पनी
बीदा भै रथमा चढेर उ वखत् * शत्रुघ्नजी फेर् तहाँ
आज्ञा माग्न भनेर झट् जननिको * जाँदाभया घरमहाँ ११
सोही औसरमा ऋषीश्वरहरू * जो जो बस्याका थिया
पूजा तिनकन रामले गरी तहाँ * दौलथहरू दान् दिया
श्री रामको जयहोस् भनेर जयघोष् * एकै बखतमा गरी
आशिर्वाद दिया सबै ति ऋषिले * रामलाई फेर् त्यो घरी १२

शत्रुघ्नजी पनि उसै घरि जल्दि जाई
आफ्नू हवाल् जननिलाइ सबै सुनाई
अश्वै लिईकन म जान्छु भनेर ताहाँ
माग्या बिदा शिर धरीकन पाउ माहाँ १३
आज्ञा दिइन् जाननिले पनि पुत्र ! जाऊ
शत्रू जिती हय सँगै लिइ फर्कि आऊ
बालक् छ पुष्कल बहुत् तिमिले जतन्‌ले
रक्षा गर्‍या अधिक प्रीति गरेर मन्‌ले १४

आज्ञा एति सुनेर खुब् खुशि भई * शत्रुघ्नजीले पनि
रक्षा पुष्कलको म खुब् जतनले * गर्न्या छु एती भनी
बीदा भैकन माइका सँग महाँ * फर्केर जल्दी गया
फेर यज्ञै बिच रामका हजुरमा * पौंचेर हाजिर् भया १५

हाजिर् भै रघुनाथका हजुरमा * शत्रुघ्नजीले पनि
फेरी बिन्ति गऱ्या बिदा दिनु हक्स् * हे नाथ् ! मलाई भनी
यो बिन्ती सुनि रामले पनि बिदा * दीया र फेरी तहाँ
शिक्षाको सब बात् सुनाउनु भयो * शत्रुघ्नका सङ्गमहाँ १६
हे भाई ! सुन क्वै जनानि हरुमा * बालखू हरुमा अनी
फेरी शस्त्र बिहीन् भएर रणमा * भाग्न्या पुरुषमा पनि
तिम्ले क्यै हतियार् नछोड्नु भनि यो * राम्चन्द्रजीले तहाँ
भाईलाइ सिकाइ बक्सनु भयो * सबका अगाडी महाँ १७
यो शिक्षा सुनि रामको अतिअली * हाँसी अगाडी सरी
भन्छन् छेड्गरि भाइ जानकिजिका * लक्ष्मीनिधी त्यो घरी
हे नाथ ! भन्नु भयो जती हजुरले * शत्रुघ्नलाई यहाँ
गर्नन् के इनले पनी कुल धरम् * छोडेर लौ रणमहाँ १८

नारी अबध्य सब हुन् भनि जानि जानी
त्यो ताड़का कन जसोगरि बाण हानी
मार्नू भयो हजुरले उहि ठिक् इ जाई
शत्रुघ्न बध गरिलिनन् सब नारिलाई १९
लक्ष्मणजिले पनि पराक्रम खुब् गऱ्याको
काटेर नाक् युवतिको अघि नाम् धऱ्याको
त्यो धर्म दाज्युहरुको सब सम्झि यहाँ
शत्रुघ्न काम् गरिलिनन् रणभूमि माहाँ २०

यसतो लक्ष्मीनिधीको वचन सुनिसकी रामले फेरी ताहाँ
क्यै हाँसी मिष्टवाणी गरि सब ऋषिका भन्नुभो सामु माहाँ
शूर बीरले जान्दछन् त्यो बुझ तिमी कसरी युद्धमा गर्नु पर्न्यो
योगीले धर्म बुझ्छन् बुझ तिमी कसरी प्राणि संसार तर्न्यो २१

दुख दिन्छन् अरुलाइ जौन जनले * सारा जगत्मा यहाँ
तेसलै दुर्जनलाइ मार्न कुलको * धर्मै छ हाम्रो यहाँ
हे लक्ष्मीनिधि! जो कुरा गरिलियौ * साँचै सबै मान्दछु
शत्रुघ्नै पनि जाइ खल् विनि बिनी * मार्नन् भनी ठान्दछु२२
यसूतो श्री रघुनाथको सब कुरा * सूनेर खूशी भै अती
हाँस्या यज्ञमहाँ ऋषिश्वरहरू * थीया बस्याका जति
घोड़ा पूर्व तरफ़ चल्यो उहि बखत * सब् फौज् पछाड़ी गयो
पृथ्वी त्यो सब फौजका दमकले * डगमग बह्नलै भयो २३
श्री शत्रूघ्न जसै चढ्या रथ ऊपर * सब् दिक् उज्यालो भयो
साह्रै मन्द गती पवन् हुनगई * फौज्का पछाडी बह्यो
लाग्यो दक्षिण बाहु फुर्न बह्नलै * चल्न्या बखत्मा पनि
साह्रै खूशि भया भयो विजयको * सूचन् मँलाई भनी २४
पुष्कलजी पनि सोहि औसर महाँ * आफ्ना घरैमा गया
आफ्नी प्राण पियारि रानिकन फेर * पौंचेर देख्ता भया
सुन्दर् चन्द्र समानको मुख बिषे * ताम्बूल चपाई तहाँ
प्रीती पूर्वक रानि पुष्कलाजिकी * आइन् समीपै महाँ २५
आफ्ना सासु महाँ सबै शरिरमा * सुन्दर् अलङ्कार् धरी
आयाकी तिनिलाइ पुष्कलाजिले * देखेर प्रेम्ले गरी
बाहु पक्रि बसा काख् उंपरमा * चुम्बन् मुहारको गर्न्या
आलिङ्गन् गरि फेर् पियारिकन खुब् * सन्ताप् मनैको हर्न्या२६
फेरी झट् चिउँडी समाति करले * अत्यन्त खुशी भई
भन्छन् पुष्कलजी मँ ता सँग महाँ * शत्रूघ्नजीका गई
घोड़ा रक्षण गर्नलाइ रघुनाथ् * ज्यूका हुकुम्ले गरी
आयाँ जान प्रिये! मँलाइ तिमिले * देऊ बिदा यस् घरी २७

खुशी भै तिमिले पत्नी घरविषे * सासूहरूको यहाँ
प्रीति पूर्वक खुब् टहल् गरिलिया * चिन्ता नली मन्महाँ
स्वामीका ई कुरा सुनेर खुशि भै * हाँसी सुखैले गरी
प्रीतीपूर्वक फेर् ति कान्तिमतिले * बिन्ति गरिन्त्यो घरी२८
हे नाथ् ! शत्रु सबै पराजय हउन् * सबका अगाड़ी गई
लड्नु खुब् रणभूमिमा हजुरले * शत्रुघ्नका सङ् रही
घोरानीहरुले मलाइ घरमा * काँतर्कि पत्नी भनी
भन्नैलाइ नपाउँन्या गरि समर् * गर्नू हजुर्ले पनि २९

टङ्कार् सुनी हजुरले धनुको गर्‍याको
सब् शत्रु वाहिनी ढुलो डरमा पर्‍याको
फैलोस् समर् बिचमहाँ अति बीर नाऊँ.
लोकमा चलोस् हजुरको उहि सुन्न पाऊँ ३०

हे नाथ् ! एहि धनू लिएर करमा * रणमा अगाडी सरी
सारा शत्रु जिती लिएर हय त्यो * फर्केर जल्दी गरी
आई अर्पण गर्नु होस् हजुरले * रामचन्द्रजीको पनि
सन्तोष् खूब् मनमा हवस् अधिक वीर् * छोरो छ मेरो भनी ३१
यस्तो बिन्ति गरी किरिट् कवच फेर् * अक्षय्य तूणी पनि
पैहाइन् खूशि भै पताकन तहाँ * जाउन् समरमा भनी
फेरी पाउविषे परीकन भनिन् * दासी हजुरकी म हूँ
दिलमा याद रहूँ सदा हजुरको * घेरै कुरा क्या कहूँ ३२
बिन्ती यस् रितको सुनेर खुशि भै * पुष्कलजि भन्छन् तहाँ
हे प्यारी ! तिमिले भन्यौ जतिकुरा * मेरा अगाडी महाँ
सबको पूर्ण गराउँन्या छु मयिंले * ठट्टा कसैले पनि
तिम्रो गर्न सक्वैन यस् जगतमा * काँतर्कि पत्नी भनी३३

बातचित् यै रितको गरेर खुशि भै * कुण्डल् किरीटले गरी
शोभित भैकन खुब् सुगन्धि फूलको * माला गलामा धरी
आफ्नी प्राण पियारिका सँगमहाँ * बीदा तुरुन्तै भया
फेरी पुष्कलजी बिदा हुन पिता * माता भयामा गया ३४
पौंची मातृ र पितृका नगिचमा * पश्री चरणमा पऱ्या
बीदा पाऊँ भनेर पुष्कलजिले * हात् जोरि बिन्ती गऱ्या
फेरि बिन्ती गऱ्या पिता तिर फिरी * राम्चन्द्रजीको यहाँ
लक्ष्मणले र हजूरले भइ सबै * काम् गर्नु यज्ञै महाँ ३५
बिन्ती पुष्कलको सुनी जननिले * काखमा बसाई लिइन्
फेरि खुशी भएर आशिष दिई * बीदा तुरुन्तै दिइन्
माताका र पिताजीका सँगमहाँ * बीदा भई झट् तहाँ
पुष्कलजी रथमा चढी चलि गया * शत्रुघ्नजी छन् जहाँ

धेरै देशका राजा हरूको आत्म-समर्पण ।

घोड़ा हात्ति सवारले र रथिले * पैदलहरूले गरी
बेष्टित् भै रघुनाथको हय गयो * पाश्चात् तरफ् त्यै घरी
पाश्चात् मत्स्य कुरूर उत्तरकुरू * फेरी दशार्ण्व गई
लाग्यो त्यो हय घुम्न सब् मुलुकमा * साह्रै सुशोभित् भई १
राजा ती सब देशका जति थिया * खुशी भई सब् तहाँ
सारा रामचरित्रको गरी बयान् * शत्रुघ्नका सङ् महाँ
हामी दास भयौं भनेर पहिले * आई शरणमा पऱ्या
फेरी राज्य र रत्न दौलथ पनी * अर्पण् तुरुन्तै गऱ्या २
साराशास्त्र महाँ कुशल् सुमति एक * मन्त्री थिया सङ्महाँ
सल्लाहै उनको लिइ सकल काम् * शत्रुघ्न गर्थ्या तहाँ
घुम्थ्या त्यै रितले ति सब् मुलुकमा * क्वै बीर् अगाडी सरी
धनैलाई सकेन त्यो हय तहाँ * रामका प्रतापले गरी ३

ती सब् देशमहाँ हुकुम् उहि बखत् * आफ्नू चलाई दिया
फेरी ती नृपतीहरू जति थिया * सबलाइ सङ्मा लिया
एही रितसित जान्छ त्यो हय जहाँ * शत्रुघ्नजी फेर् तहाँ
जाँदामा अहिच्छत्रमा पुगिगया * सब् फौज्लिई सङ्मंहाँ ४
सुन्दर् त्यो अहिच्छत्रपुर् अति थियो * चार् वर्णको बास् भई
देख्या सुन्दर त्यो पुरी निकटमा * शत्रुघ्नजीले गई
सुन्का सब् घरछन् मणी जडितका * सारा शहर् भर् महाँ
स्तम्भै फट्टिकका भईकन अधिक् * शोभित् भयाको तहाँ ५
ती सब घर्घर्का उपर् छत महाँ * नारीहरू छन् जती
डुल्छन् सुन्दर अप्सरा सदृशको * शोभा गराई अती
फेरी त्यो पुरिका सबै सड़कमा * हात्मा हतियार् लिई
घुम्थ्या बिर्हरु धेर् अनेक् तरहले * शोभा शहर्को दिई ६
फेरी तेस् पुरिका नगिच् अति असल् * क्वै एक् बर्घैचा थियो
घोड़ा त्यो रघुनाथको घुमि-घुमी * रस्ता उसैको लियो
शत्रुघ्नै पनि फौज्हरू लिई सबै * त्यो अश्वका सङ्महाँ
जाँदा पौंचिगया उसै बखतमा * थीयो बर्घैचा जहाँ ७
देख्या आँप् कटहर् अशोक कदली * जम्बू कदम् पाखरी
मन्दार् साल तमाल दाडिमहरू * वृक्षै सुशोभित् गरी
पङ्क्ती पारि ठुलो ति वृक्षहरू सब् * प्रत्येक् रकम्ले तहाँ
लायाका अति चित्र पारिकन त्यो * सारा बर्घैचा महाँ ८

वरिपरि सब ताहाँ धेर् लताहरु झुल्न्या
ढकमक भइ फेरी फुलूहरू धेर फुल्न्या
भ्रमरहरु लताका फूलमा नृत्य गर्दै
घुनुघु घनुघु गर्थ्या प्राणिको चित्त हर्दै ९

उहि नगिच महाँ धेर रत्नहेरु जड्याको
बहुत असल मन्दिर काञ्चनैले मढ्याको
नजरगरि चकित भै जल्दि शत्रुघ्न फेरी
खुशि भइकन सोध्छन् मन्त्रिका तर्फ हेरी १०

सुमद राजाको तप इन्द्रले विघ्न गर्नू र भगवतीको वरदान प्राप्ति।

हे मन्त्री ! अहिले मँ देख्दछु असल * देवालयै एक् यहाँ
कसले मन्दिर यो तयार् गरिलियो * पैल्हे बर्घैंचा महाँ
यसमा स्थापित देवता कउन् छन् * भन्न्या सुध्याया जसै
हात् जोरी कन फेर् तहाँ सुमतिले * विन्ती चढ़ाया तसै १
हे नाथ ! कोहि ठुला सुमद् अघि यहाँ * राजा भयाका थिया
तिन्ले सुन्दर यो जगत् जननिको * मन्दिर् बनाई दिया
भक्तीले अति खुश् भई नृपतिका * आएर पासै महाँ
कमाक्षा भनि नाम् धरी भगवती * बस्छिन् निरन्तर् यहाँ२
घौता दानव आइ इन्कन यहाँ * भक्ती मनैमा धरी
ध्यान् गर्छन् सबलाई बर् पनि इनै * दिन्छिन् खुशिले गरी
धर्मै अर्थ र काम मोक्ष हरुको * इच्छाछ जस्को जउन्,
दिन्छिन् ई जगदम्बिका भगवती * भक्तै हरुमा तऊन् ३
हे नाथ ! दर्शन ई जगत् जननिको * गर्नू हवस् लौ यहाँ
सब् काम् सिद्ध गराउनिन् हजुरको * इच्छा छ जो मन्महाँ
बिन्ती एति सुनेर ती सुमतिको * शत्रुघ्नजीले पनि
सोध्या फेरि सुमद् कउन् नृपति हुन् * के तप् गऱ्याथ्या भनी४
आज्ञा यसरितको सुन्या सुमतिले * शत्रुघ्नजीको जसै
जो वृत्तान्त थियो सुमद् नृपतिको * बिन्ती चढ़ाया तसै
हे नाथ ! यो अहिक्षेत्रमा अघि इनै * राजा सुमदजी थिया
तिन्लाई अरु शत्रुले जय गरी * लूटेर राज्यै लिया ५

हारी दुश्मन देखि फेर् सुमर्दजी * अत्यन्त दुःखित् भया
तीर्थै हो भनि हेमकूटगिरिका * बन्मा तुरुन्तै गया
आसन् बाँधि तहाँ जगत् जननिको * पाऊ विषे मन् धर्‍या
एकाग्रै भइ तिन् बरष तक तहाँ * ठूलो तपस्या गर्‍या ६
तिन् बर्ष यहि रीतले व्रत गरी * तिन् वर्ष फेरी तहाँ
सूखा पातहरु खाइ तप् गरिलिया * एकाग्र भै मन् महाँ
त्यो व्रत् पूर्ण जसै सबै गरिसक्या * राजा सुमद् फेर् पनि
लाग्या गर्न कठोर व्रत् भगवती * लाई रिझाऊँ भनी ७
शीतकाल् भर् जलमा बसी तपगरि * फेर् ग्रृष्मकालै भरी
पञ्चाग्नीकन तापि तप् गरिलिया * एकाग्र चित्तै गरी
बर्षाकालभयो जसै उहि बखत् * खाली चउरमा गई
एकै आसनमा बसी तप गर्‍या * नाङ्गा शरिरका भई ८
तिन् बर्षै भरि यो ठुलो व्रत गरी * सिद्ध गराई तहाँ
निस्वास बन्द गरेर क्यै अरुकुरा * चिन्ता न ली मन्महाँ
नासाग्रै पुटमा नयन् युगलले * हेरी निरन्तर् मती
राखी श्री जगदम्बिका चरणको * ध्यान् गर्न लाग्या अती ९
बाह्रै बर्ष तलक् यसै तरहले * ठूलो तपस्या गर्‍या
तिन्को त्यो तप देखि इन्द्रजि पनि * डर्मा बह्नुतै पर्‍या
तपको भङ्ग गराइ आउ भनि फेरे * कन्दर्प लाई तहाँ
भेज्या इन्द्रजिले उसै बखतमा * राजा सुमद्लन् जहाँ १०
कन्दर्पै पनि हेमकूटगिरि गै * जाहाँ सुमद्जी थिया
मायाले गरि झट् वसन्त ऋतु भैं * सब् वन् गराई दिया
फल् फुल् रुखमा रचित् हुनगया * कोयलूहरू खुश् भई
लाग्या बोल्न कुहू कुहू स्वर गरी * रुखका उपरमा रही ११

फुलूका अंकुरमा बसेर भ्रमरा * नाचेर सब् वन् भरी
लाग्या घुम्न तहाँ सबै रुखमाहाँ * गुञ्जायमानै गरी
जात जातका फुलको सुबास लिई फेर् * मन्दैगतीले तहाँ
लाग्यो चल्न पवन् पनी सुमदजी * गर्न्या तपस्या जहाँ १२

त्यस्तो वन् जब भै सक्यो उहि बखत * सब् अप्सरागण् पनि
आज्ञा इन्द्रजिको हुँदा सुमदको * तप् नष्ट गर्ने भनी
ताहीं आइ मृदङ्ग आदि सब योक् * बाजा बजाई कती
गान्गर्न्या कति नाच्दर्न्या सकल् वन् * शोभा गराई अती १३

त्यो गान बाद्यहरुको स्वर कानमाहाँ
पर्दाभयो नृपतिले पनि जल्दि ताहाँ
सब् ध्यान भङ्ग भइ पट्टल खोलिदीया
जो जो थियो सकल कौतुक देखिलीया १४

कन्दर्पले पनि उसै घरि जल्दि जाई
राजा सुमद् उपर बाण दिया चलाई
फेर् अप्सरागणहरू तहिं साम्तुमा गै
बस्ताभया सकल दासि समानका भै १५

चेष्टा अनेक् तरहका गरि नृत्य गर्न्या
हाँसी कटाच्छ गरि फेर् मनलाई हर्न्या
ती अप्सरागणहरू र बसन्त भै वन्
देख्दा भयी सुमदको पनि चंचले मन् १६

धैर्य गरी जब सबैतिर दृष्टि दीया
त्यो इन्द्रको छल भनेर विचारि लीया
जो अप्सराहरु थिया सबलाइ हेरी
प्रस्नै गर्न्या सुमदले तहिं जल्दि फेरी १७

हे अप्सरागण ! तिमीहरुलाइ वन्‌मा
देखेर छक् परिगयाँ म बहूत मन्‌मा
क्या काम खातिर तिमीहरु आज आई
नाच् गान् गर्न्यौ सकल बात कहु मलाई १८

आज्ञा एति सुनेर ती सुमदको * अत्यन्त खूशी भई
रम्भा नामकि अप्सरा उहि बखत् * सामूने सुमदका गई
लागिन् भन्न हजूरका तपसले * हामीहरू छौं जति
आयौं वशभइ बस्नलाइ सँगमा * प्रेमले गराई पति १९
चम्पा पुष्प सरी छ वर्ण जसको * ई हुन् घृताची पनि
आइन् पान्हरु खाइ मुख् हजुरको * चुम्बन् गरूँला भनी
सुन्दर् पुष्ट ऊँचा कठोर् कुच हुबै * आफ्ना करैले धरी
इन्‌का लाल अधर् मधुर् रस हजुर् * पान् गर्नु होस् यो घरी २०
रम्भा हूँ म अगाडि छु हजुरकै * मन्दार फूलको पनि
यो माला अहिले हजुरकन यहाँ * पैह्राई चुँला भनी
ल्यायाको छु खुशी भई सुरतमा * गर्न्यौं कुरा छन् जती
सारा जान्दछु बक्सियोस् हजुरले * ऐल्हे मलाई रति २१

मेरा अधर् बिच छ अमृत् जो अहीले
पान् गर्नूहोस् हजुर त्यो पनि लौ पहीले
फेरी विमान् उपरमा बसि जल्दि जाई
गर्नूहवस् सयल साथ लिई मलाई २२

सारा अमरगणहरू पनि जाइ जाहाँ
गर्छन् बिहार रमणी लिइ साथ माहाँ
सोही सुमेरु गिरिमा गइ साथ मेरै
भोग्नू हवस् हजुर दुर्लभ भोग धेरै २३

सुन्दर नारि तिलोत्तमादिहरु धेर् * जो छन् बस्याका यहाँ
ऐल्हे ती नवयौवना सकलले * चाँमर् लिई कर्मा महाँ
हाँकृता छन् सब देवताकन पनी * दुर्लभ्व सौख्यै जउन्
मेरा साथमहाँ बसी हजुरले * गर्नुहवस् भोग् तउन् २४
रम्भाका इ कुरा जसै सुनिलिया * राजा सुमदूमा पनि
चिन्ता पर्नगयो सबै तपसको * विघ्नै इ गर्छन् भनी
पैल्हे एति विचार् गरेर पछि फेर् * जो अप्सरागण् थिया
तीनले ती सबलाइ धैर्य गरि खूब् * उत्तर् तुरुन्तै दिया २५
स्वर्गैको सुखलाइ ता म अहिले * तुच्छै भनी ठान्दछु
मेरी स्वामिनि आइ जो वर दिनिन् * त्यै खुब् ठुलो मान्दछु
ब्रह्माजीकन सत्यलोक् पनि दिन्या * जो अम्बिका हुन् उनै
मेरो सुख् सब गर्दिनिन् अरू म सुख् * मान्दीन मनले कुनै २६
तुच्छै मान्दछु त्यो सुमेरु सुनको * पर्वत् मनैले यहाँ
नन्दनूका वनमा र अमृत महाँ * भुल्ट्याँ म ऐल्हे कहाँ
यसरी बात् सब गर्दथ्या सुमद जी * कन्दर्पले त्यै घरी
आफ्ना शरहरु सब् चढाइ धनुमा * छोड्या बढो जोर् गरी २७
फेरी ती जति अप्सराहरु थिया * पारेर नक्कल् तहाँ
हाँसि हेरि कठाक्षको शर सुमद् * राजाजिका अङ् महाँ
हान्थ्या बाह्रलिका बजाई गहना * नूपुर् पयरको पनि
छम्छम् स्वरगरि चल्दथ्या वरिपरि * वश् गर्नलाई भनी २८
तेसमा क्यै मनमा विकार नगरी * राजा सुमदूजी रह्या
लाचारी भई अप्सराहरु सबै * फर्केर स्वर्ग गया
फेरी इन्द्रजिका गई हजुरमा * बिन्ती गऱ्या यो पनि
तपको भङ्ग हुँदैन केहि रितले * राजा सुमदूको भनी २९

आफ्ना पाउ चिताइ खुब् दृढ़ भई * राजा सुमदूजी तहाँ
लाग्नेको तप गर्न देखिकन फेर् * खुशी भई मन् महाँ
पाँचसुखूका रुपलो त्रिलोक जननी * प्रत्यक्ष ताहीं भइन्
हातमा अंकुश पाश धनू लिइ सुमदू * राजा भयामा गइन् ३०

जसै देख्या कोटि रवि सरि किरणूकी भगवती
उठी झट्पट मनूमा खुशि भइ सुमदूले पनि अति
गर्न्या साष्टाङ्ग खुब् चरण युगलैमा शिर धरी
सुसारिद् माईले पनि शिर सुमदूको उही घरी ३१

अली हाँसी हाँसी जगत जननीले तहिं जसै
सुसारिद् आफ्नू शिर् खुशि भइ सुमदूले पनि तसै
बहुत् गदूगद् वाणी गरि शिरमहाँ अंजलि धरी
स्तुती गर्नै लाग्या अति मधुर गम्भीर् स्वर गरी ३२

हे मातर् ! जगदम्बिके ! हजुरको * ब्रह्मा महेश्वरूहरू
दिन्दिन् खुब् स्तुति गर्दछन् खुशिभई * जो देवता छन् अरू
पर्वत् दिग्गजले सहितकि पृथिवी * तिम्रै कृपाले गरी
बस्दछ् स्थीर भएर एक् स्थल महाँ * प्राणीहरू सब् धरी ३३
उत्तापित् गरि सूर्यका किरणले * तिम्रै कृपाले यहाँ
सागरूको जल सब् सिंचेर उहि जल् * छोड्छन् जमीनै महाँ
सृष्टी पालन यो सबै जगतको * आफैं हजुरले गरी
लिन्छयौ सब् प्रलयै गरेर पछि फेर् * आफ्नै शरिरमा धरी ३४
हे मातर् ! जगदम्बिके ! हजुरको * भक्ती जउन् गर्दछन्
ती सब् जनूहरू सिद्धि पाइकन फेर् * संसार पार् तर्दछन्
चाकर् हूँ म हजूरका चरणमा * ऐल्हे शरण् पर्दछु
मेरो कष्ट छुटाइ बक्सनु हवस् * बिन्ती म यै गर्दछु ३५

छशीभै स्तुति यो सुनी सुमदको * माई जगत्की तहाँ
भन्छिन्लौ 'वर' माग दिन्छु सब थोक * इच्छा बमोजिम् यहाँ
आज्ञा एति सुनेर खुब् खुशि भई * राजा सुमदूले पनि
पाऱ्या बिन्ति हजूरका चरणाको * भक्ती म माग्छु मनी ३६
अर्को 'वर' पनी मागदछु म अहिले * सब् शत्रुलाई यहाँ
जीति राज् पनि भोग्न पाउँ मयिले * भन्न्या हजूरै महाँ
बिन्ती यसरितको सुमद् नृपतिको * सुन्नू भएथ्यो जसै
आज्ञा गर्नुभयो जगत् जननिले * खूशी भई फेर् तसै ३७
हे राजन् ! सब शत्रुको जय तिमी * मेरा कृपाले गरी
भोग्ने छौ सब राज्य बन्धु सँगमा * लीएर पैल्हे सरी
फेरी रावणलाइ मारि रघुनाथ् * एक् अश्वमेधै यहाँ
गर्न्याछन् तिमिले पनी तहिं तलक् * भोग्गर्नुयो राज्महाँ ३८
भाई श्री रघुनाथका जब यहाँ * शत्रुघ्न घोड़ा लिई
तिम्रा राज्यमहाँ प्रवेश् गरिलिनन् * तिन्लाइ सब् राज् दिई
फेरी श्री रघुनाथको चरणको * दर्शन् तुरुन्तै गरी
जानेछौ तिमि पार् भएर सहजै * संसार सागर् तरी ३९
यसरितले महाराज् सुमदूकन तहाँ * 'वरदान्' अगाड़ी दिई
पाल्नू भो पछि धाममा भगवती * फेर् अन्तरैध्यान् लिई
सोही आज तलक् सुमद् नृपतिले * गर्छन् यहाँ राज् पनि
हे शत्रुघ्न ! ति आउनन् हजुरमा * भेद् गर्नलाइ भनी ४०
मन्त्रीले सब त्यो सुमद् नृपतिको * वृत्तान्त बिल्कुल् तहाँ
बिन्ती पारिलिय र त्यो सुनि बहुत * खूशी भई मन् महाँ
आज्ञा गर्नु भयो उसै बखतमा * शत्रुघ्नजीले पनि
साहै खूशी भयाँ सुमद् अती ठुला * राजा रह्याछन् भनी ४१

सुमद राजाले पनि घोड़ा रक्षक भई जानू ।

सोही औसरमा सुमद् नरपती * आफ्ना सभामा थिया
राजदूतले गई अश्वको सकल हाल् * बिन्ती चढ़ाई दिया
आयो अश्व भनी खबर् सुनिलिया * 'रामाश्वमेधको' जसै
सम्झया बात् अधिको जगत्जननीले * वर्दान् दियाको तसै १
आफ्ना मन्त्रिहरू सबैकन तहाँ * उर्दी दिया यो पनि
तोरण् आदि धरी सबै शहरमा * मङ्गल् गराऊ भनी
फेरी सब् परिवारले सहितभै * लश्कर् लिई सङ् महाँ
भेट्ना खातिर ती सुमद् चलिगया * शत्रूघ्नजी छन् जहाँ २
भेट्ना खातिर फौज् लिएर नगिचै * आया सुमद्जी जसै
देखी बक्सनु भो र खुब् खुशि भई * शत्रुघ्नजीले तसै
आफ्ना मन्त्रिहरू लिएर सँगमा * क्यै दूर् अगाडी गई
प्रीतीपूर्वकले मिली कुशलको * बार्ता गऱ्या खुश् भई ३
भेटी रत्नहरू दिएर खुशि भै * राजा सुमद्ले तहाँ
सोध्या श्रीरघुनाथको पनि कुशल् * शत्रुघ्नका सङ् महाँ
फेरी बिन्ती गऱ्या मुलुक् हजुरमा * अर्पण् सबै गर्दछु
ऐल्हे श्री रघुनाथका चरणमा * जाई शरण् पर्दछु ४
हे शत्रुघ्न ! म आज तक् हजुरकै * आश्रा निरन्तर् गरी
बस्थ्याँ दिन् दिन् सब् जगत् जननिको * शिरा शिरोपर् धरी
पाल्नू भै पुरिमा नजर् भइ सबै * प्राणी कृतार्थ गरी
क्यैदिन् तक् यहिंराजहवस् सकल दुख् * मेरो मनैको हरी ५
बिन्ती एति सुनी सुमद् नृपतिको * शत्रुघ्नजीले पनि
साथ्मा पुष्कलजी र मन्त्रिहरु ली * जान्छु म ऐल्हे भनी
हात्तीका पिठमा सवार भइ फेर् * मानू महेन्द्रै सरी
मङ्गल् वाद्य बजाइ राज् महलमा * जाँदा भया त्यै घरी ६

कन्याहरू गएर राज् महलमा * पस्न्या बखत्मा पनि
जातजातका फुलवृष्टिखुप् सितगर्‍या * शत्रुघ्न आया भनी
हस्तार्घादि गरी सुमद् नृपतिले * खूशी भई मन्महाँ
आफ्नू राज्य सबै समर्पण गर्‍या * शत्रुघ्नलाइ तहाँ ७
तिन् दिन् तक् घरमा सुमद् नृपतिका * शत्रुघ्नजीले गई
सारा मन्त्रिहरू लिएर सँगमा * अत्यन्त खूशी भई
बस्नू भो उहि बीचमा सुमदजी * आएर दिन् दिन् तहाँ
गर्‍यो रामचरित्रकै सब कुरा * शत्रुघ्नका सङ्गमहाँ ८
कामाक्षा जगदम्बिका जननिको * आज्ञा म ऐल्हे लिई
गर्‍याछु रघुनाथको सकल काम् * चाकर् समान्को भइ
भन्न्या बिन्ति सुनी सुमद् नृपतिको * शत्रुघ्नजीले पनि
आज्ञा गर्नु भयो मिलोस् अब बिदा * जान्छु म चाँडै भनी ९
जान्छौ म भनी हुकुम् हुन् गयो * शत्रुघ्नजीको जसै
घोरालाई गरेर राज्य अभिशेष् * राजा सुमदूले तसै
सारा फौज्हरू जो तहाँ सँगमहाँ * शत्रुघ्नजीका थिया
सुन्दर वस्त्र अमूल्य भूषणहरू * सबूलाइ तिन्ले दिया १०
फेरी फौज्हरू घेर् लिएर खुशिभै * राजा सुमदूजी पनि
जान्छ रक्षण गर्नलाइ हयको * शत्रुघ्नका सङ् भनी
सुन्दर् रथ् उपरै चढ़ेर हतियार् * लीएर झट् हातमा
रामका लश्करमा मिलीकन चल्या * शत्रुघ्नका साथमा ११
घोडाले पनि फेर् पयोष्णि नदिको * रस्ता किनार्को लियो
पौंच्यो जल्दि घुमी घुमीकन जहाँ * आश्रम् च्यवन्को थियो
शत्रुघ्नै पनि फौज् लिएर सँगमा * त्यो अश्वका सङ्गया
त्यो आश्रम् ऋषिको अपूर्व रितको * देखेर खुब् चक् भया १२

तेस् वनमा ऋषिका थिया वरिपरी * आश्रम् हजारौं अरू
निसूकी आश्रमदेखि अश्वकन सबै * हेर्थ्यो ऋषिश्वरहरू
जम्बामै ति गुणानुवाद् रघुपती-* जीको सबै गर्दथ्या
त्यो फौज् श्रीरघुनाथको अति ठुला * देखेर छक् पर्दथ्या १३
शत्रुघ्नै पनि रामको अति बयान् * सबूले गऱ्याको सुनी
चल्थ्या खुशि भई सबै वनभरी * हेर्दै हजारौ मुनी
फेरी ती मुनिले बसेर कुटिमा * खुब् अग्निहोत्रै गरी
उठ्याको चक्को धुवाँकन तहाँ * देख्दाभया वन्भरी १४
वेदाध्यापन गर्दथ्या ऋषिहरू * सारा कुटीमा बसी
सुन्थ्या सुन्दर त्यो अवाज् वरिपरी * शत्रुघ्न वन्मा पसी
सर्प न्याउरि फेर् मयूरहरू पनी * यौटै थलामा रही
गर्थ्या नृत्य, मुसा बिडालहरू सबै * बन्धू समान्का भई १५
हात्ती सिंह र गाइ फेर् मृग पनी * निर्वैर पूर्वक तहाँ
डुल्थ्या आश्रमका सबै वरिपरी * डर्भर् नली मन्महाँ
त्यो आश्रमकन देखि खुप् खुशिभई * शत्रुघ्नजीले पनि
सोध्या मन्त्रि तरफ् फिरेर कसको * यो आश्रमै हो भनी १६

सुकन्या र च्यवन ऋषिको जीवनीको वर्णन ।

प्रश्नै एति सुनेर मन्त्रि सुमती * साम्ने अगाडी सऱ्या
जसको आश्रम हो बताउँछु भनी * हातजोरि बिन्ती गऱ्या
हे नाथ्! यस् वनमा ऋषीश्वर च्यवन् * बस्छन् तपस्या गरी
प्रख्यात् आश्रम हो बुझी लिनुहवस् * सारा तिनैलोक् भरी १
पैल्हे इन्द्रजिको इनै च्यवनले * शोखी टुटाई लिया
यज्ञैमा पनि भाग अश्विनिकुमार्-* लाई दिलाई दिया
इन्को खुप् तपको प्रभाव् भइ यहाँ * वन्मा रह्याका जति
आपुस्मा इ पशू विरोध न गरी * बस्छन् खुशीले अति २

बिन्ती एति सुनेर खुब् खुशि भई * शत्रुघ्नजीले फेर् पनि
सोध्या इन्द्रजिको कउन् तरहले * शेखी टुटाया भनी
फेरी इ ऋषिले कउन् तप गऱ्या * इन्को चरित्र यहाँ
बिस्तार पूर्वक सब् बताउ तिमिले * मेरा अगाडी महाँ २
प्रश्नै एति तहाँ सुन्या सुमतिले * शत्रुघ्नजीको जसै
जो वृत्तान्त थियो सबै च्यवनको * बिन्ती चढ़ाया तसै
ब्रह्माका सुत जो भया भृगु ऋषी * तिन्ले तपस्या गरी
साहै मान्य भया सबै ऋषिमहाँ * सारा तिनै लोक् भरी ४
कोही दिन् समिध्रा लिनै भृगुऋषी * बन्मा गयाथ्या जसै
आयो छिद्र मिलेर राक्षस ठूलो * नाम् दुर्मनाको तसै
सो यो ख्वै भृगुपत्नि लौ कहाँ भनी * साहै ठूलो स्वर गरी
अगनीले इनिहुन् भनी कहि दिया * तेम्का डरैमा परी ५
देखी तीं भृगुपत्नि लाइ खुशिभै * पकेर काँधमा धऱ्यो
ले जान्छु घरमा भनेर उ बखत् * त्यो राक्षसैले हऱ्यो
रुन्थन् जोरसितखुबतिगर्भिणिथिइन् * छट्पट् बढ्दै गरी
गर्भपात् हुनगो उस बखतमा * पीडा शरिरमा परी ६
बालख् सूर्य समानको हुनगई * तेस् गर्भ देखि तहाँ
हेऱ्या राक्षसलाइ तेस् बखतमा * क्रोधित् भई मन्महाँ
हेर्दामा दुइ नेत्र देखि शिशुको * एक् तेज् निक्ली गयो
तेस् तेजले गरि दग्ध राक्षस भई * ताहीं खरानी भयो ७
राक्षस् दग्धभया पछी ति भृगुकी * पत्नी अधिक् खुश् भइन्
आफ्नू पुत्र लिएर आश्रम महाँ * फर्केर जल्दि गइन्
देख्या चाल् भृगुले फिरेर कुटिमा * फेर अग्निलाई पनि
कोधले श्रापदिया भएस् अब उपर * लौ सर्वभनी भनी ८

अग्नीले जब यो सराप सुनिलिया * काँपेर थरथर गरी
हात जोरी बिनती गऱ्या भृगुजिका * पाऊबिषे शिर धरी
हे नाथ ! राक्षसको ठुलो डर हुँदा * मैंले कहयाँ ता पनि
तेसको माफ् गरि बक्सियोस् हजुरले * आयो शरणमा भनी ६
बिन्ती अग्निजिको सुनेर भृगुजी * खुशी भई मन् महाँ
भन्छन् शुद्ध हुनेछ लौ बुझ तिमी * जो खाउला चिज् यहाँ
'वरदान्' यो दिइ अग्निको जतिथियो * सन्ताप् मनैको हऱ्या
फेरी आफ्नु कुमारको पनि तहाँ * भद्र जात कर्मै गऱ्या ७
गर्भच्युत भइ जन्मभो भनि तहाँ * त्यस् बालकैको पनि
राख्या सब् ऋषिहरू आइकन नाम् * यसको 'च्यवन्' भो भनी
शुक्लैपक्ष भएर चन्द्र जसरी * बढ्छन् उसै रितगरी
बढ्दामा इ समर्थ भै तप गऱ्यो * साक्षात् पिताकै सरी ९
फेरी आश्रम त्याग् गरेर ति ऋषि * रेवा किनारमा गया
शिष्यैवर्ग लिई अयुत वरष तक् * तप् गर्न लाग्दा भया
एकै आसनमा बसी तप गऱ्या * भ्याऊ जमेथ्यो जसै
गुणले लाया धमिराहरू गइ वहाँ * तिनका शरिरमा तसै १२
माटो खुप् जमि ढिस्किलो सरि जसै * ताहाँ च्यवन्जी भया
ढिस्को जानि चिलाइ मार्न मृगगण * आऊँदैन लागी गया
एकचित्तै तपमा अधिक दृढ थिया * तेसतो हुँदामा पनि
केही थाह थिएन तिनकन शरीर * यसतो छ मेरो भनी १३
सर्याती नृप तीर्थ गर्दछु भनी * रेवा किनारै महाँ
आयो सब परिवारले सहित भै * बस्थ्या च्यवन्जी जहाँ
स्नान् तर्पण नदिमा गऱ्या नृपतिले * पुत्री सुकन्या पनि
आफ्ना सब सँगिनी लिई चलि गइन् * हेर्छे सबै वन् भै १४

घुम्दै तेस् वनमा ऋषीश्वर च्यवन * गर्‍यो तपस्या जहाँ
पौंच्यो ती ऋषिलाइ देखिकन खुब * आश्चर्य भै मनमहाँ
क्या हो यो भनि क्यै न जानिकन एक * कैसको करैमा लिइन्
घोची फेरि दुबै ऋषिश्वरजिको * आँखा फुटाई दिइन् १५
लाग्यो बग्न रगत जसै नृपसुता * चिन्तित बहुतै भइन्
त्यो हाल क्वैसित क्यै न खोलिकन ती * फर्कर पालमा गइन्
चिन्तित धेर थिइन् तथापि तिनिले * माता पितामा पनि
आफ्नो त्यो अपराध् प्रकाश गरिनन् * मैले गर्‍याँ यो भनी १६
उल्का ज्यास्ति भएर तेस् बखतमा * वायू बहुतै बह्यो
लागिन् डग्मग् गर्न फेर् जिमि पनी * सबैदिक् अँध्यारो भयो
आपुसमा कलहै पर्‍यो पशुहरू * रोगले बहुतै मर्‍या
त्यो देखीकन खुब् ठूलो नृपतिले * सन्ताप् मनैमा गर्‍या १७
फेरी ती नृपती डराइ बहुतै * सोध्या कसैले यहाँ
ऐल्हे क्वै ऋषिको गर्‍यौ कि अपराध् * भन्न्या फउज् भरूमहाँ
सोही औसरमा डराइ नृपका * साम्ने सुकन्या गइन्
आफ्नू त्यो अपराध् पितासित सबै * खोलेर भन्दी भइन् १८
पुत्रीको अपराध् बुझी च्यवनका * पासमा ति राजा गया
माफ् पाउँ अपराध् भनेर तहिं फेर् * स्तव् गर्न लाग्दा भया
स्तवले खूशि भएर तेस् बखतमा * भन्छन् ऋषिश्वर् पनि
तिम्री पुत्री मलाइ देउ र सबै * कल्याण होला भनी १९
आज्ञा एति सुनेर त्यै बखतमा * आफ्नी कुमारी तहाँ
सौंपी ती ऋषिलाइ फेर् नरपती * फिर्दा भया घर् महाँ
सर्याती अधिराज् फिर्‍या पछि तहाँ * खुशभै सुकन्या पनि
लागिन् गर्न टहल् पतीकन सदा * ईश्वर् समान् हुन् भनी २०

पाँची सोही तलाउका जल विषे * जल्दी तिनै जन् पस्या
स्नान् खुब् अङ्ग मलीमली गरिलियो * कये काल जलमा बस्या
कञ्चन् देह भयो जसै उहिबस्वत् * फेरी तिनै जन् तहाँ
एक शक्कलका जवान् पुरुष भै * निस्क्या किनारा महाँ २७
तेजमा दिवाकर सरी बदनै गर्‍याका
भूषण् अनेक् रकमका अङ्गमा धर्‍याका
आफ्ना पती कउन हुन् न चिन्हेर हेरी
सोध्छिन् ति राजदुहिता सबलाइ फेरी २८
आफ्ना पती न चिन्हि संशयमा पर्‍याकी
आएर आफु सँग प्रश्न समेत गर्‍याकी
देखेर अश्विनिकुमार अगाडि जाई
सर्याति पुत्रि कन स्वामि दिया चिन्हाई २९
फेरी ति अश्विनिकुमारहरु जल्दि ताहाँ
चौदा भइ च्यवनका पनि साथ माहाँ
आफ्ना विमान् उपरमा चढि स्वर्गमा गै
बस्ता भया अमरगण् सँग खुशि मन्‌मै ३०
सुन्दर नयन् शरिर सुन्दर भै गयाका
फेरी च्यवन् ऋषि पनी अति खुश् भयाका
भन्छन् पियारिकन के मनमा छ ऐल्हे
दिन्छु पुर्‍याइ सब थोक् तिमिलाई मैले ३१
वचन् यो स्वामीको सुनि जतिछ आफ्ना मन महाँ
अरज् गर्छिन् फेरी खुशिभई सुकन्या पनि तहाँ
बहुत् दिनभो वनमा वसिकन रहेको टहलमा
मैं बस्नै खोज्छु नाथ् ! अब त रतनैका महलमा ३२

सुकन्याको यस्तो बिनति सुनि खुब् खूशि मनले
बिमान् एक् रत्नैको रचित गरि झट् योगबलले
सरोवर् फेर् यौटा रचित गरि फेर् त्यो सर महाँ
अहाया प्यारी ! स्नान् गर भनि सुकन्याकन तहाँ ३३

पतीका आज्ञाले गईकन सुकन्या उहि घरी
नुहाइन् त्यै सरमा पसि अधिक खूशि मन गरी
भयाको धेर् काल स्नान् नगरिकन खुब् पूर्ण मनले
शरिर् आफ्नु धोई निरमल गरिन् सोहि जलले ३४

उसै बिचमा रत्नै जडित गहना सब् थरिथरी
लगायाका लाखौं युवतिहरु फेर् सिर्जन गरी
उसै सर् देखी झट् झिक्कि सकल दासी सँगमहाँ
च्यवन्जीले सौंप्या खूशी भइ सुकन्याकन तहाँ ३५

मणीका धेर् जेवर् असल कपडा लाइ अङ्गमा
ती सब् सुन्दर् दासीहरुकन लिई फेरि सँगमा
पतीका आज्ञालें गरिकन सुकन्या गइ तहाँ
चढिन् त्यै रत्नैका खुशि भई विमान्का विच्महाँ ३६

देखी सुन्दर् बिमान् त्यो वरिपरि परखाल् सब् सुनैले मढ्याको
उसमाथी चित्र धेरै गरिकन बहुतै रत्नहरू जड्याको
स्तम्भैछन् निलमणीका कहिकहिं सुनका पानिले लेखियाको
मूर्ति फेर् देवताका भइकन उसमा सुन्दरै देखियाको ३७

खिड्कीछन् नीलमणीका कुँधिकुँधि सुरती हेरुले खुब् खुल्याको
झालर् मोती भयाका वरिपरि परदा फेरि उसमा झुल्याको
हीरा माणिक् जड्याको पलँगहरु अनेक् ठाउँ ठाउँ छ ताहाँ
मेवा भरपुर भच्यांको सुनहरि थलियाहरु छन् फेरि जाहाँ ३८

चौतर्फी छन् अटाली बिचबिच गमला रत्नका धेर् खुल्याका
जात्जात्का फेरि उस्का उपर ताहिं लता झुल्दछन् फुल फुल्याका
साहै सुन्दर् बगैंचा भइकन बिचमा एक सरोवर् छ ताहाँ
नीला लाला कमलका उपर गइ भ्रमर् घुम्दछन् धेर जाहाँ ३९
तारागणहरुले सहित् गगनमा * श्री चन्द्रमाले सरी
सर्याति नृपकी कुमारि पनि सब् * दासीहरू सङ् धरी
शोभित् भैकन त्यै विमान् उपरमा * सारा जगत् भर् गई
लागिन् गर्न सयल् पतीसँग रही * अत्यन्त खुशि भई ४०
एकसौ वर्ष तलक् गरेर सुख भोग् * सङ्मा सुकन्या लिई
त्यागी सोख विमानको सकल त्यो * फेर् योगमा मन् दिई
आश्रम् एहि बनाई शिष्यहरू धेर् * लीई च्यवन्जी यहाँ
लाग्या गर्न अघोर तप् विषय सुख् * तुच्छै बुझी मन्महाँ ४१

सर्याति नृपले उसै वखतमा * यज्ञौ म गर्छू भनी
डाक्याथ्या र गया बहुत् खुशि भई * ताहाँ च्यवन्जी पनि
सोही यज्ञ गराइ अश्विनिकुमार् * लाई महेन्द्रै सरी
यज्ञैको सब भाग दिया च्यवनले * तपका प्रभावले गरी १
यज्ञैमा अहिले मलाइ अपमान् * यसले बहुतै गऱ्यो
भन्या भै मनमा च्यवन् ऋषि ऊपर * रीस् इन्द्रजीको पऱ्यो
साहै कोध गरि वज्र बाहुलिमहाँ * लीएर इन्द्रै पनि
आया यज्ञ जहाँ थियो च्यवनको * संहार् म गर्छु भनी २
देखी इन्द्रजिलाइ फेर् च्यवनले * हुँकार् गऱ्याथ्या जसै
स्तम्भन् इन्द्रजिको भयो कर तहाँ * वज्रै सहितको तसै
मन्त्रैका वश पर्छ सर्प जसरी * सोही वमोजिम् गरी
वशमा पर्नगई अनेक स्तुति गऱ्या * इनुकै शरणमा परी ३

सन्तोष्भै स्तुति त्यो सुनी च्यवनले * स्तम्भन् भयाको तहाँ
वाहू इन्द्रजिको छुटाइ दिनुभो * फेर् यज्ञभूमी महाँ
यज्ञैको पनि भाग् ति अश्विनिकुमार् * जीको महेन्द्रै सरी
उस्दिन् देखि भयो इनै च्यवनको * केवल् कृपाले गरी ४

शत्रुघ्न र च्यवन सम्वाद—ऋषीको अयोध्या गमन।

हे शत्रूघ्न ! उनै च्यवन् अभ्रतलक् * आश्रम् बनाई यहाँ
तप् गर्छन् अहिले गई हजुरले * इन्का अमाडी महाँ
दर्शन् गर्नुहवस् परी चरणमा * भक्ती मनैमा धरी
सब् काम् सिद्ध हुन्याछलौ हजुरको * इन्कै कृपाले गरी १
बिन्ती येति सुन्या जसै सुमतिको * शत्रूघ्नजीले तहाँ
जान्छु दर्शन गर्न लाइ मँ भनी * आँट्या उसै बिच्महाँ
घोड़ा श्री रघुनाथको पनि तहाँ * घूमेर त्यो बन् भरी
पौंच्यो जल्दि गई उनै च्यवनका * आश्रम् बिषे त्यै घरी२
शत्रूघ्नै पनि फौज् लिई पछिपछी * त्यो अश्वका सङ् महाँ
जाँदा पौंचिगया उसै बखतमा * बस्थ्या च्यवन्जी जहाँ
देखी ती ऋषिलाई खुब् खुशिभई * पैल्हे नमस्कार गऱ्या
फेर् सर्यातिकुमारिका पनि तहाँ * पश्री चरणमा पऱ्या ३
बिन्ती फेरि गऱ्या ऋषे ! रघुपती * जीका हुकुम्ले गरी
यज्ञैको हयलाइ लीकन यहाँ * आइ पुग्यौं यो घरी
भाई हुँ रघुनाथको मँ कन सब् * शत्रूघ्न भन्छन् पनि
आयौं दर्शन गर्न पाप् शरिरको * मेरो छुटोस् सब् भनी४
बिन्ती एति सुनेर खुब् खुशि भई * भन्छन च्यवन्जी तहाँ
हे शत्रूघ्न ! हुनेछ कीर्ति बहुते * तिम्रो जगत् भर महाँ
यज्ञैको हय रक्षणै गरु भनी * जुन् देशमा जाउला
शत्रूका सँगमा लडेर जयलाभ * तिम्ले सदा पाउला ५

आशीर्वाद् अधि यो तहाँ ति ऋषिले * शत्रुघ्नलाई दिई
लाग्या भन्न ति फेर् उसै बखतमा * अत्यन्त खुशी भई
जस्को नाउँ फगत् जपेर दुनियाँ * संसार पार् तर्दछन्
आश्चर्य सुन त्यो उनै प्रभु यहाँ * यज्ञैहरू गर्दछन् ६
जस्को पाउकमल् विषे परि शिला * रूपकी अहिल्या गई
बस्दछन् यो घरि स्वामिका सँग महाँ * सुन्दर् स्वरूपकी भई
ब्रह्मघ्नै र परस्त्रिमा रत हुन्या * पापी जती छन् यहाँ
जस्को चिन्तनले ति पापि पनि सब् * मुक्तन् परम्पद् महाँ७
जस्को चिन्तन हृद्कमल् बिच सदा * योगीहरूले पनि
गर्दछन्, चौध भुवन् विषे सकलका * आत्मा इनै हुन् भनी
हे शत्रुघ्न ! उनै प्रभूकन यहाँ * खुब् याद् गराई दियौ
एसैले तिमिले मलाई अहिले * उद्धार् गराई लियौ ८
मेरो जन्म सबै सुफल् हुनगयो * आजै अयोध्या गई
गर्छू दर्शन रामका चरणको * अत्यन्त खुशी भई
भक्तैका रसले अनेक् अरु पनी * रामको प्रशंसा गरी
शत्रुघ्नै सँग बात् गऱ्या च्यवनले * हर्षाश्रु मोचन् गरी ९
यो आज्ञा ऋषिको सुनेर खुशिभै * शत्रुघ्नजीले तहाँ
बिन्ती पारिलिया ऋषे ! हजुरले * जाई अयोध्या महाँ
तिन्लोक् शुद्ध गराउन्या हजुरका * पाऊ कमल् यो धरी
रामको यज्ञ पवित्र सब् हजुरले * गर्नू हवस् यै घरी १०
बिन्ती यस्रितको सुन्या च्यवनले * शत्रुघ्नजीको जसै
पत्नीलाइ समेत् लिएर सँगमा * ऊठेर फेरी तसै
पैदल् जान तयार् भया र हनुमान् * शत्रुघ्नलाई तहाँ
भन्छन् ई ऋषिलाइ बोकि पिठमा * जान्छु अयोध्यामहाँ ११

यस्तो बात् हनुमानको सुनि तहाँ * साँचो बतायौ भनी
साहै खूशि भई उसै बखतमा * शत्रुघ्नजीले पनि
आज्ञा गर्नुभयो चढाइ पिठमां * रामका हजूरै महाँ
पौंचाई ऋषिलाइ जल्दि तिमि फेरू * फर्केर आऊ यहाँ १२
आज्ञा एति सुनी च्यवनकन तहाँ * आफ्ना पिठैमा धरी
कूद्या श्री हनुमान् उसै बखतमा * वायू समान् बेग् गरी
फेरी श्री रघुनाथका हजुरमा * जल्दी पुऱ्याई तहाँ
फर्की हाजिर भैगया छिनमहाँ * शत्रुघ्नजी छन् जहाँ १३
श्री रामचन्द्रजिले पनि ति ऋषिका * पाऊविषे शिर् धऱ्या
हस्तार्घादि गरेर खुब् खुशि भई * खातिर् बहुतै गऱ्या
फेरी बिन्ति गऱ्या ऋषे ! हजुरले * यो यज्ञभूमी महाँ
पाल्नू भैकन शुद्ध गर्दिनु भयो * मेरो सबै काम् यहाँ १४
यो आज्ञा रघुनाथको सुनि सकी * भल्छन् च्यवनजी तहाँ
यज्ञै शुद्ध गराउन्या हजुरको * देख्दीन मैले यहाँ
पाऊ स्पर्श गरेर जुन् पुरुषको * गङ्गा पवित्रै भई
ताछिन् प्राणिहरू सबैकन यहाँ * पृथ्वी तलैमा बही १५
तेस्ता ब्रह्म अनन्तपूर्ण रुपका * आफैं हजुर् भै पनि
मर्यादा सब धर्मको जगतमा * थाम्नू उचित् हो भनी
यो यज्ञै गरिबक्सियो हजुरले * सं जान्दछू लौ यहाँ
भक्तै हूँ म त यो हुकुम् हजुरले * गर्नू उचित् हो कहाँ १६
एती बिन्ति गरेर फेर् च्यवनले * रामका हजुरमा रही
यज्ञैको पनि काम् सबै गरिलिया * अत्यन्त खूशी भई
घोड़ाले पनि फेर् पयोष्णि नदिको * वाटो किनार्को धरी
छोडी त्यो स्थललाइ तेस्घरि गयो * वायू समान् बेग् गरी १७

सारा फौज् पनि फेर् चल्यो पछि-पछी * त्यो अश्व जान्थ्यो जहाँ
पौंच्यो सोहि घरी विमल् नृपतिका * सुन्दर् बगैंचा महाँ
आयो श्री रघुनाथको हय भनी * जान्या विमलले जसै
आया फौजहरु सब् लिएर सँगमा * भेट् गर्नलाई तसै १
शत्रुघ्नैसित गै विमल् नृपतिले * पैल्हे चरणमा पऱ्या
फेरी राज्य रत्न दौलत पनी * अर्पण् तुरुन्तै गऱ्या
देखी ती नृपलाइ खुब् खुशि भई * शत्रुघ्नजीले पनि
आलिङ्गन् गरि खातिरी गरिलिया * गर्नू उचित् हो भनी २
पुनैलाई दिएर राज्य खुशि भै * फेरी बिमलजी तहाँ
आफ्नू फौजहरू सबै लिई गया * शत्रुघ्नका सङ् महाँ
यै रित्ले हय पुग्छ जुन् मुलुकमा * राजा उ देशको गई
शत्रुघ्नै सँग हिंड्दथ्या पछिपछी * सेवक् समानका भई३

राजा रत्नग्रीवका जीवनी र नीलमणि पर्वतको माहात्म्य वर्णन ।

एही रित्सित सब् मुलुक् मुलुकमा * त्यो अश्व जान्थ्यो जहाँ
शत्रुघ्नै पनि चल्दथ्या पछि-पछी * सब् फौज्लिई सङ्महाँ
घुम्दै क्वै दिन फेरि निलगिरिमहाँ * त्यो अश्व पौंच्यो जसै
देख्या सुन्दर त्यो पहाड्कन तहाँ * शत्रुघ्नजीले तसै १
झर्छन् धेर् छहरा सबै वरिपरी * शोभा गराई अती
वायू चल्छ सुबास् लिएर फुलको * खुब् मन्द-मन्दै गती
झल्कन्छन् सुनका र चाँदिहरुका * खानी हजारौं जहाँ
पत्थर् स्फाटिकका र गेरुहरुका * देखिन्छ सारा तहाँ २
भारले फल्-फुलका नुहेर रुखका * हाँगाहरू छन् जती
उन्मा वायु बहेर लागिकन खुब् * शोभा गराई अती
गर्छन्का गिरिको इ रुखहरु सदा * पूजा भन्या भैं गरी

वर्षा फलफुलको ति वृक्षहरुले * गर्व्वन् सबै बन् भरी ३
बोल्छन् हंस चकोर सारस मयूर् * नाच्चेर रुख्मा बसी
बज्छन् बेन् सरि वंश फेर् पवनले * छिद्रैहरुमा पसी
गन्धर्व र महर्षि सिद्धगणले * फेर् अप्सराले गई
नाच्छन् शोभित धेर् गराइ गिरिको * अत्यन्त खूशी भई ४
देख्या सुन्दर त्यो पहाड् कन तहाँ * शत्रुघ्नजीले जसै
साह्रै खुशि भएर मन्त्रि सुमती-* लाई सुध्याया तसै
हे मन्त्री ! म अगाडि देख्दछु अधिक् * सुन्दर् पहाड् यो यहाँ
ठान्छु यो गिरिका समान् अरु कुनै * छैनन् जगत् भर् महाँ ५
देखी सुन्दरता सबै नजरले * यस्मा भयाको जती
मेरो मन् अति चञ्चले हुनगयो * आश्चर्य मान्छु अती
नाऊँ यो गिरिको पनी कउन हो * आश्रम्छ कस्को यहाँ
बिस्तारपूर्वक त्यो बताउ तिमिले * मेरा अगाडी महाँ ६
यस्तो प्रश्न सुन्या तहाँ सुमतिले * शत्रुघ्नजीको जसै
बिस्तार् यो गिरिको कहन्छु म भनी * बिन्ती चढाया तसै
हे नाथ् ! निलगिरि हो यसै गिरिमहाँ * क्रीड़ा निरन्तर् गरी
बस्छन् पार्षद सब् लिएर सँगमा * त्रैलोक्यकानाथ् हरि ७
हुलो पुण्य थियो र पो हजुरले * आएर ऐल्हे यहाँ
देख्नूभो गिरिलाइ नाहिं गिरि यो * देख्छन् सबैले कहाँ
मिथ्यावादि परस्त्रिमा रत हुन्या * दुर्जनहरू क्यै गरी
आया याहिं भन्या समेत गिरि यो * लोप् हुन्छ सोही घरी ८
यो पुण्यै गिरि हो यहाँ छ हरिको * मन्दिर् उसैमा गई
भक्तीपूर्वक दर्शनै गरि जउन् * खान्छन् प्रसाद् खुशी भई
ती सब् जनहरु भद् चतुर्भुज स्वरुप् * हुन्छन् हरीकै सरी
यस्को सब् इतिहास् सुनाउँछु यहाँ * सुन्नू हवस् यो घरी ९

हे शत्रुघ्न ! अगाडि काञ्चिपुरिमा * प्रख्यात् तिनैलोक् भरी
रत्नैग्रीव् भनि एक् ठुला नृप थिया * बस्थ्या ति धर्मै गरी
धर्मैपूर्वक सब् प्रजाकन सदा * पाल्थ्या खुशीले तहाँ
बस्थ्या रैतिहरू पनी सकल ती * आफ्ना स्वधर्मै महाँ १०
कोही एक् दिनमा सभा बिच तिनै * राजा बस्याका थिया
सज्जन् ब्राह्मण एक् उसै बखतमा * आएर दर्शन् दिया
देखी ब्राह्मणलाइ खुब् खुशि भई * पश्री चरणमा पऱ्या
हात् जोरीकन फेर् तिनै नृपतिले * यो प्रश्न ताहाँ गऱ्या ११
ब्रह्मर्षे ! सब तीर्थका बिचमहाँ * मुख्यै छ तीर्थै कउन्
द्यौतामा पनि मुख्य को छ सबमा * आज्ञाहवस् लौ तउन्
यो प्रश्नै नृपको सुनेर खुशि भै * भन्छन् ति ब्राह्मण पनि
हे राजन् ! बुझ रामका सरि ठुलो * कवै छैन द्यौता भनी १२
तीर्थैमा पनि मुख्य छन् पृथिविमा * जुन्-जुन् सबै त्यो यहाँ
बिस्तार् पूर्वकलेम भन्छु सुनि लयौ * तिम्रा अगाडी महाँ
गर्छु तीर्थ भनेर निस्की म अघी * पैल्हे अयोध्या गयाँ
देखी त्यो पुरिलाइ सुन्दर बहुत् * अत्यन्त खुशी भयाँ १३
फेर् वाराणसिमा पनि चलि गयाँ * फेरि प्रयागमा गयाँ
गङ्गासागरमा गई कपिलको * दर्शन् म गर्दो भयाँ
एही रितसित यो सबै पृथिविमा * प्रख्यात् भएका जती
मैले तीर्थ गऱ्याँ घुमेर पहिले * बाँकी नराखी रती १४
हे राजन् ! तर नीलपर्वत ठुलो * एक् तीर्थ मैले गऱ्याँ
सोही पर्वतको प्रभाव् अति ठुलो * देखेर खुप् चक् पऱ्याँ
जसमा सब् वनवासि भिलहरु पनी * कीर्तन् हरीको गरी
घुम्छन् त्यो गिरिमा चतुर्भुज भई * मानू हरीकै सरी १५

शंखैचक्र लिन्या स्वरुपकन त्यहाँ * ब्रह्मादिलाई पनि
दर्शन् मात्र छ दुर्लभै इ कसरी * यस्ता भया हुन् भनी
चिन्ता खुब् मनमा भयो रं म पनी * तिन्का नगिच्मा गयाँ
यस्तो रुप् हुनगो कसोगरि भनी * संबुलाइ सोद्धो भयाँ १६
मेरो प्रश्न सुनेर सब् ति भिलले * भन्दा भया फेर् तहाँ
हे ब्राह्मण् ! सुन भन्दछौं जसरि भो * हाम्रो चतुर्भुज् यहाँ
एकदिन् बालख पुत्र हामिहरुको * एही शिखरमा गई
फक्र्यो केहि घरी बिताइ घरमा * चार् बाहुलीको भई १७
आश्चर्यै भइ त्यो शिशूसँग सबै * हामीहरुले पनि
सोध्यौं कुन् रितले भइस् तँ अहिले * चार् बाहुलीको भनी
फेर् त्यो बालखले भन्यो म अहिले * एही शिखरमा गयाँ
एक् देवालय रत्नको अति असल् * पौंचेर देख्दो भयाँ १८
त्यो देवालयमा पसेर मयिंले * केयूर् किरीटले गरी
साहै शोभित मूर्तिका उहि घरी * देख्यौं जगन्नाथ् हरि
ताहीं फेर् करमा लिई तुलसि जल् * नैवेद्य धेरै अरू
ल्याई पूजन गर्दथ्या प्रभुजिको * सारा ऋषिश्वरहरू १९
नाँच्थ्या कोहि बजाउँथ्या ऋषिहरू * देवालयैमा तहाँ
कोही कीर्तन गर्दथ्या प्रभुजिको * खूशी भई मन् महाँ
यै रितले हरिको पुजा गरिसकी * फेरि प्रसादै पनि
खाई ती सबले मलाइ पनि भाग् * दीया तँ खा यो भनी २०
फेरी फर्कि ति सब् ऋषिश्वरहरू * घरमा गयाथ्या जसै
त्यो पर्साद् मयिंले पनि तहिं बसी * खायाँ खुशीले तसै
खोंदामा हरिको प्रसाद् उहि बखत् * चार् बाहुलीको भयाँ
आश्चर्यै मनमा भएर म यहाँ * फर्केर आई गयाँ २१

भन्या त्यो शिष्यको कुरा जब सुन्यौं * अत्यन्त खूशी भयौं
फेरी दर्शन गर्नलाइ हरिको * हामी सबै जन् गयौं
दर्शन् श्री हरिको गरेर पहिले * पूजा विधान्ले गऱ्यौं
पर्साद् खाइ सक्या पछी हरि कृपा * हुँदा स्वरूप् योध्यौं२२
तिम्लाइ पनि चार बाहुलि हुन्या * मन्सुब् यदी क्यै भया
हुन्याछौ हरिकै समान् स्वरूपका * सोही शिखरमा गया
यस्तो बात् भिलले भन्या र म पनी * अत्यन्त खूशी भयाँ
फेरी दर्शन गर्नलाइ हरिको * सोही शिखरमा गयाँ२३
पैल्हे मन्दिरमा पसेर हरिको * पूजा गरी फेर् तहाँ
खायाँ श्रीहरिको प्रसाद् उहि बखत् * खूशि भई मन् महाँ
सोही कारणले चतुर्भुज भयाँ * राजन् ! तिमीले तहीं
संसार् सागर तर्न मन्सुब भया * जाऊ नजाऊ कहीं२४
ब्राह्मणका इ कुरा सुनेर बहुते * खूशी भई मन्महाँ
रत्नैग्रीव् नरराजले उहि बखत् * बिन्ती गऱ्या फेर् तहाँ
ब्रह्मर्षे ! अहिले प्रभाव् प्रभुजिको * त्यो निलगिरीको पनि
सुन्दा मन् हुनगो यसै बखतमा * जाऊँ म ताहाँ भनी२५
दर्शन् गर्न भनेर जान्छु हरिको * ताहाँ म चाँडो गरी
जानू पर्दछ तीर्थ कौन विधिले * आज्ञाहवस् यो घरी
यस्तो प्रश्न सुन्या जसै नृपतिको * ती ब्राह्मणैले पनि
लाग्या तीर्थ विधी बताउन सबै * यस्तो विधीहो भनी२६
हे राजन् ! जब तीर्थमा गमनको * इच्छा भयो त्यै घरी
सारा धन् जन माथि छोडि ममता * एकाग्र चित्तै गरी
कीर्तन् श्री हरिको गरी विषय सुख् * तुच्छै बुझी मन्महाँ
चिन्तात्यै निशिदिन् सदा गरिलिनू * जानूछ तीर्थै जहाँ२७

तीर्थमा गइ गर्छ दर्शन सदा * साधूहरूको जउन्
संसार् सागर पार् भएर सहजै * पुगुला परम्धाम् तउन्
भक्ती श्री रघुनाथका चरणको * गर्न्या ति साधूहरू
भेटिन्छन् सब तीर्थमा नहिं भन्या * भेटिन्न काहीं अरू २८
पैल्हे तीर्थ गरौं भनेर मनले * निस्कन्छ जुन् दिन् यहाँ
त्यैदिन् ब्राह्मणको निमन्त्रण गरी * पूजा गरोस् घर् महाँ
आशिष् ब्राह्मणको लिई प्रथम दिन् * कोस्भर् गई त्यो रहोस्
दोश्रा दीनमहाँ त स्नुण्डन गरी * स्नान्कवैनदीमा गरोस्२
तीर्थ गर्न भनेर हिंड्दछ जउन् * उसूका सबै पापहरू
केशमा जाइ लुकी रहन्छ डरले * छोडेर सब अङ्ग अरू
तस्मात् कारण केश स्नुण्डन गरी * हातमा कमण्डलु धरी
हिंड्नू पर्दछ राम नाम स्नुखले * कीर्तन् निरन्तर् गरी३०
भक्तै-वत्सल हे हरी ! शरण ल्यौ * तीर्थै म जान्छु भनी
भक्ती साखि शरण् परेर घरको * चिन्ता नली क्यै पनि
पैदल् तीर्थ चलुन् सवारि गरि जो * तीर्थैहरू गर्दछन्
आधा त्यो फल तीर्थको जउन जन् * बोक्छन् उनै हर्दछन्३१
भेटिन्छन् हरिभक्त जो पथमहाँ * सेवा जतन्ले गरी
सन्तोष् ती सबको गराउन सक्या * मिल्छन् सहज्मा हरि
ब्राह्मणका इ कुरा सुनेर खुशिभै * फेरी नृपैको पनि
मन्भो दर्शन गर्न जाउँ हरिको * त्यैनिल्गिरीमा भनी३२
फेर् मन्त्रीकन भद्र हुकुम् तहिं दिया * रैती नगर्मा यहाँ
जो-जो छन् सँगमा चलुन् सकल जन् * मेरा सवारी महाँ
आज्ञा यस्रितको सुनी नृपतिको * जो-जो नगर्मा थिया
मन्त्रीले ति सबै जनाकन तहाँ * डाकेर उर्दी दिया ३३

त्यो उदौं नृपको सुनी सकलले * खुब् तीर्थमा मन् दिई
जान्छौं हामिहरू भनेर खुशि भै * आफ्ना जहान् सब् लिई
फेरी श्री रघुनाथका चरणको * चिन्तन् बराबर् गरी
तीर्थै गर्न भनी प्रजाहरू पनि * जाँदाभया त्यै घरी ३४
रत्नैग्रीव् पनि जो विधी अघि कह्या * ती ब्राह्मणैले तहाँ
त्यै माफिक् सब कामकाज् गरिचल्या * बन्धू लिई सङ् महाँ
अन्धा पङ्गु अनाथहरू नृपतिले * देख्त्या सड़कमा जति
तिन्लाई पनि रत्न दौलथहरू * दिन्त्या दयाले अति ३५
रस्तामा दिनदिन् सदा हरि भजन् * गर्दै खुशीले गया
कोही एक् दिन गण्डकी नदीविषे * पौंचेर देख्दा भया
शीतल् निर्मल जल् वहन्छ जसमा * चक्रै भयाका तहाँ
शालिग्राम शिला अनेक् नृपतिले * देख्या किनारा महाँ ३६
देखिन्छन् ऋषिका कुटीहरू पनी * सारा किनारा भरी
बोल्छन् हंस चकोर सारस अनेक् * शोभा बह्नै गरी
त्यो पुण्यै नदिलाइ देखिकन खुब् * खूशी भई मन्महाँ
सोही ब्राह्मणलाइ फेर् नृपतिले * सोद्धा भया झट् तहाँ ३७
ब्रह्मर्षे ! म अगाडि देख्दछु बहुत् * आश्रम् ऋषीको पनि
सोही कारणले म ठान्छु नदि यो * तीर्थै ठुलो हो भनी
कुन् हो यो नदि लौ बताउनुहवस् * भन्या सुध्याया जसै
त्यो बिन्ती नृपको सुनेर खुशिभै * भन्छन् ऋषीश्वर् तसै ३८
हे राजन् ! सुन गण्डकी नदि इ हुन् * कृष्णा पनी भन्दछन्
शालिग्राम शिला इनै नदिमहाँ * चक्राङ्कितै बन्दछन्
मन्को पातकता फगत् इ नदिको * स्पर्शै हुँदा टर्दछन्
सारा पातक दग्ध हुन्छ बुझिल्यौ * जोस्नान् यहाँ गर्दछन् ३९

पैल्हे ईश्वरले प्रजाहरु सबै * पाप्मा डुब्याका पनि
देख्दामा सबका उपर् धरि दया * उद्धार् गराऊँ भनी
आफ्नू गण्ड टुटाइ इ नदि यहाँ * सृष्टी गर्‍याथ्या जसै
गण्डैदेखि भइन् भनी ई नदिको * नाम् गण्डकी भो तसै४०
कसूतै पापि हवस् तथापि दिनदिन् * भक्ती मनैमा धरी
शालिग्राम् शिला पखालिकन जल् * शिरमा महार्चन् गरी
फेरी त्यो जलपान् गर्‍यो यदि भन्या * तेस्ले अगाडी यहाँ
जो-जो पाप गर्‍यो उ नष्ट भइ सब् * पुग्ला परम्पद् महाँ४१
शालिग्राम् कन कोही नारिहरुले * पूजा नगर्नू भनी
लेख्याको छ पूजा गर्‍यो यदि भन्या * गिर्छन् नरकमा पनि
तस्मात् कारण धर्म मानि रहन्या * जो छन् जनानाहरू
टाढैबाट प्रणाम् गरुन् नगिचमा * जाँदै नजाउन् बरू४२
ठूलो तीर्थ र यज्ञ याग् गरिलिया * प्राणिहरूमा जउन्
पुण्यै मिल्दछ त्यो शिला पनि पुज्या * मिल्न्याछ पुण्यै तउन्
शालिग्राम पुजा जउन् घरमहाँ * गर्छन् घरै त्यो पनि
कोटी तीर्थ समान हुन्छ बुझिल्यौ * साँचो कुरा हो भनी४३
हे राजन्! इतिहास् म भन्छु सुनिल्यौ * पैल्हे भयाको यहाँ
ब्याधा एक थियो कुकर्मि बहुतै * कीटक् नगर् बिचमहाँ
रस्तामा निशिदिन् बसेर शर त्याग् * यात्रू उपर् गर्थ्यो
मारी ती सब यात्रुलाइ पछि फेर् * दौलथ् सदा हर्थ्यो४४
एही रितसित् वन्बिषे घुमिघुमी * प्राणी अनेक् वध् गरी
जीवन् आफ्नु बिताइ क्वैदिनमर्‍यो * कालका वशैमा परी
आई फेर् यमराजका दुतहरू * जीव्लाइ तेस्को तहाँ
पक्री घेर् फजियत् दिईकन लग्या * घिस्याउँदै सङ् महाँ४५

कैल्हे दूतहरु सर्पको रुप लिई * तेस्लाई खुब् डस्तथ्या
अर्का भैंसि भएर आइ भुँडिमा * कैल्हे ति सिङ् धस्तथ्या
कैल्हे दूतहरुले लगेर मुखमा * झोस्थ्या अगुल्टो पनि
कैल्हे डङ्क चलाउँथ्या स्वरुपका * बिच्छी सबै दूत् बनी ४६
साहै क्रोध गरेर दूतहरु सबै * तेस्का अगाडी गई
भन्थ्या कुन् बढ़िया करम् गरिलिइस् * तैंले मनुष्यै भई
भन्दै एहि कुरा ति दूतहरू सबै * कोर्रा करैले धरी
लाग्या जोरसँग हान्न तेस्कन तहाँ * साहै ठुलो क्रोधगरी ४७
कोही वैष्णवले उसै बखतमा * त्यो व्याधको दुर्गति
देख्या आई जसै दया हुन गयो * तेस्का उपरमा अति
उद्धार् गर्छु म एसलाइ भनि झट् * औंटेर फेरी तहाँ
शालिग्राम शिला लिएर उसका * पौंच्या नगीचै महाँ ४८
तिन्ले सोहि शिला पखालि जल त्यो * छर्की शिरैमा दिया
कानैमा पनि फेर् उसै बखतमा * राम् नाम् सुनाई लिया
शालिग्रामजिको पऱ्यो जल जसै * तेस् व्याधका अङ्गमहाँ
तत्काल् श्री हरिका अनेक् दुतहरू * आई पुग्या झट् तहाँ ४९
आई वैष्णव दूतहरू ति यमका * दूतलाई मारपिट् गरी
पैल्हे तेस्कन झट् फुकाई पछि फेर् * सोद्धा भया त्यो घरी
हे दूत हो ! हरि भक्तलाई किन यो * आएर ऐल्हे यहाँ
दुख् दिन्छौ तिमिहेरुले भन सबै * हाम्रा अगाड़ी महाँ ५०
विष्णूका दुतको सुनेर इ कुरा * यम्का दुतैले पनि
लाग्या भन्न जनम् भरी गरिलियो * यस्ले कुकर्मै भनी
आज्ञा श्री यमराजले दिनु हुँदा * यस्लाइ नर्कै महाँ
हाल्ना खातिर यो फंजीयत दियौं * हामीहरुले यहाँ ५१

ई बात् सुनेर यमका दुतलाइ हेरी
भन्दाभया ति हरिका दुतहेरु फेरी
यसले यहाँ गरिलियो जति पाप पैल्हे
छुट्यो उ पाप् सकल एकरति छैन ऐल्हे ५२
शालिग्रामजिको जलै शरिरमा * यसको पन्याको पनि
देख्छौं हामिहरू कसोगरि भनौं * पापी थियो यो भनी
फेरी नाम् रघुनाथको पनि सुन्यो * कारण् दुवै यो भई
वैष्णव् भो अब भोग गर्छ सुखको * वैकुण्ठ धाम्मा गई ५३
एती बात् हरिको ति दुत् सकलले * पैल्हे सुनाई तहाँ
व्याधालाइ लिएर सब् चलिगया * बैकुण्ठधामै महाँ
हे राजन् ! सुन त्यो अधर्म् भइ पनी * संसार सागर् तरी
वैकुण्ठैपुरिमा पुग्यो सहजमा * हुला महात्मा सरी ५४
शालिग्राम शिला पुजा गरिलिंदा * फल् मिल्छ यस्तो भनी
विस्तार् गर्न कठिन् छ त्यो सब कुरा * ब्रह्माजिलाई पनि
तस्मात् कारण गर्न सक्दछु सबै * बिस्तार मैले कहाँ
मेरो बुद्धि थियो जउन् उहि कह्याँ * तिम्रा अगाडी महाँ ५५
ब्राह्मणका सुख देखि गण्डकिजिको * सून्या महात्मै जसै
फेरी ती नृपलाई मन् हुनगयो * स्नान् गर्नलाई तसै
पैल्हे ती नदिमा नुहाइकन फेर् * भक्ती मनैमा धरी
शालिग्राम शिला पुजा गरिलिया * हुलो विधान्ले गरी ५६
धेरै दौलथ रत्न दान् गरि तहाँ * दुःखित्हरू जो थिया
डाकी ती सबलाइ खातिर गरी * धेर् अन्न वस्त्रै दिया
फेरी दर्शन गर्नलाइ हरिको * इच्छा हुनाले गरी
जल्दी नीलगिरिका तरफ् चलिगया * दिन्दिन् पुकार्दै हरि ५७

यै रित्का क्रमले अनेक् दिन् तलक् * जाँदा कुनै दिन् महाँ
गङ्गा सागरमा पुग्या कपिलजी * बस्छन् निरन्तर् जहाँ
फेरी ब्राह्मणलाइ ती नृपतिले * सोद्धा भया यो पनि
पुग्छौं कुन् दिनमा बताउनु हवस् * त्योनील्गिरीमाभनी ५८
राजाका इ कुरा सुनेर ऋषिले * भन्दा भया फेर् तहाँ
थीयो नील्गिरि ता यहीं अब त लौ * देख्दीन मैले यहाँ
गङ्गासागरमा नुहाइ गिरिको * दर्शन् मिलोस् लौ भनी
ध्यान् सीतापतिको गरौं सब जना * हामीहरूले पनि ५९
यस्तो बात् ऋषिको तहाँ नृपतिले * सूनी सक्याथ्या जसै
गङ्गासागरमा गएर खुशी भै * तिन्ले नुहाया तसै
दर्शन नील्गिरिको नपाइकन फेर् * दुःखित् भई मन् महाँ
ध्यान् राखी हरिको बसेर अनशन् * व्रत् गर्न लाग्या तहाँ ६०
भोजन् पान् सब त्याग् गरेर कि त यो * दर्शन् गिरीको गरौं
दर्शन् गर्न मिलेन क्यै गरि भन्या * एही थलामा मरौं
भन्या निश्चय शूर् गरेर हरिका * पाऊबिषे मन् धरी
लाग्या फेर स्तुति गर्नलाइ नृपती * एकाग्र चित्तै गरी ६१
हे नाथ् ! दीनदयाल ! हे रघुपते * जस्ले हजुर्को यहाँ
भक्ती राखि भजन् गऱ्यो उहि पुरुष् * उद्धार् भयो छिन् महाँ
प्रह्लाद्लाइ विपद् हुँदा पनि अघी * रूपको नृसिंहै भइ
उद्धार् गर्नुभयो उसै बखतमा * तिन्को हजुरले गइ ६२
फेरी जुन्रितले गजेन्द्र बहुतै * दुखमा पऱ्यामा पनि
उद्धार् गर्नुभयो गई हजुरले * हो भक्त मेरो भनी
तेस्तै रित्सित भक्त जन् अरु पनी * जो-जो विपद्मा पऱ्या
सब् माथी करुणा गरी हजुरले * तार्दा सबै जन् तऱ्या ६३

हे नाथ! दर्शन गर्दछु हजुरको * भन्या इरादा धरी
आयाँ दर्शन गर्नलाइ नमिल्या * मन्यार्छु हत्या गरी
पाँचदिन् यैं रितले स्मरण् प्रभुजिको * गर्दा निरन्तर् तहाँ
एकै आसनमा रह्या नरपती * एकाग्र भै मन्महाँ ६४
तिन्को त्यो दृढ़ता बुझेर भगवान् * साहै प्रसन्नै भया
संन्यासी सरि रूप् धरी नृपतिका * साम्ने खड़ा भै गया
संन्यासीकन देखि फेर् नृपतिले * उठेर सत्कार् गऱ्या
हस्तार्घै गरि भक्तिपूर्वक असल् * आसन् उपर्मा धऱ्या ६५
फेरी बिन्ति गऱ्या तहाँ नृपतिले * दर्शन् हजुर्को भयो
मेरो जन्म पनी यहाँ यस बखत् * साहै सुफल् भै गयो
हे नाथ! कुन् रितले म गर्न सकुँला * दर्शन् हरीको भनी
चिन्तित् धेर म छु बताउनु हबस् * तेस्को उपायै पनि ६६
एती प्रश्न सुनेर खुब् खुशि भई * संन्यासि भन्छन् तहाँ
दर्शन् निल्गिरिको हुन्याछ बुझिल्यौ * तिम्लाई भोली यहाँ
यो बात् ती नृपका गरेर सँगमा * सोही बखत्मा तहाँ
संन्यासी पछि फेरि लोप् भइगया * सब्का अगाड़ी महाँ ६७

संन्यासिको वचन एति सुन्या जसैता
खुशभै अधिक् निंद पऱ्यो नृपको तसैमा
देख्दा भया ति सपना गिरिमा गयाको
आफ्नू चतुर्भुज स्वरूप् हरि भैं भयाको ६८
देखेर सोहि सपना बिउँझेर ताहाँ
खुशभै ऋषीश्वरजिका गई साथमहाँ
स्वप्ना जउन् नृपतिले तहिं देखिलीया
खोलेर त्यो सकल बात सुनाइ दीया ६९

सूनेर त्यो नृपतिले सपना कह्याको
देखेर लक्षण सबै बढिया भयाको
भन्छन् ऋषी अब त नीलगिरिलाइ याहाँ
मिल्ला कि देख्न भनि ठान्दछु चित्तमाहाँ ७०
संन्यासिले पनि हिजो जति हो कह्याको
फेरी तिमीकन त यो सपना भयाको
देख्दा भयो हरि कृपा भनि ठान्छु मैले
हुँन्यै छ नीलगिरि प्रकट् भनि जान ऐल्हे ७१
यो आज्ञा ऋषिको सुनेर नृपती * अत्यन्त खूशी भया
गङ्गासागरमा नुहाउन भनी * ऊठेर जल्दी गया
जल्दी स्नान गरेर फर्किकन फेर् * दुःखितहरू जो थिया
प्रत्येक् जन्कन रत्न दौलत दीई * साजी गराई लिया ७२
फेरी ती नृपले चरित्र हरिको * गान् गर्न लाग्या जसै
आकाशमा पनि देव दुन्दुभिहरू * खुब् बज्न थाल्या तसै
फुल्को वृष्टि अधिक् गर्‍या अमरले * राजाजिका शिर् महाँ
दिन् मध्याह्न हुँदा त निलगिरि पनी * प्रत्यक्ष भैगो तहाँ ७३
कोटी सूर्य समान कान्ति गिरिको * देखी लियाथ्या जसै
क्या हो यो भनि तर्कना नृपतिले * खुब् गर्न लाग्या तसै
यो हो विद्युतको कि पुञ्ज अथवा * हो अग्नि पुञ्जै यहाँ
देख्छु सामुमहाँ भनेर ऋषिका * सङ्मा सुध्याया तहाँ ७४
यस्तो प्रश्न सुनी सकेर नृपको * फेरी ऋषीले पनि
आज्ञा जल्दि गर्‍या बहुत् खुशि हुँदै * यै नीलगिरी हो भनी
सुन्दामा ऋषिको कुरा नरपती * खूशी हुनाले गरी
साष्टाङ्ग गिरिको गर्‍या उहि बखत् * पश्री जमीन्मा परी ७५

रानी मन्त्रि र जो थिया नृपतिका * चाकर् पुराना तहाँ
ती सबलाइ र फेर् ऋषीश्वर समेत् * लीएर साथै महाँ
दर्शन् नीलगिरिमा गएर हरिको * गर्न्या इरादा लिई
रत्नैग्रीव् अधिराज् चढ्या गिरिउपर् * अत्यन्त खूशी भई ७६
पौंची त्यो गिरिका उपर् शिखरमा * देवालयै एक् जसै
देख्या रत्न जडित् अपूर्व सुनको * खूशी भया सब् तसै
ब्रह्माजी पनि देव दुन्दुभिहरू * बाजा बजाई तहाँ
गर्थ्या नित्य पुजा गई प्रभुजिको * खूशी भई मन्महाँ ७७
त्यै देवालयमा सरासरि गई * राजा पस्याथ्या जसै
देख्या सुन्दर मूर्ति एक् प्रभुजिको * सिंहासनैमा तसै
फेरी नन्द सुनन्द आदि हरिका * पार्षद्हरूको तहाँ
मूर्तिहरू पनी नजर् गरिलिया * त्यै देवमन्दिर् महाँ ७८
देख्याथ्या नृपले तहाँ प्रभुजिको * मूर्ती नजरले जसै
साह्रै खूशि भएर गैकन धर्‍या * पाऊविषे शिर् तसै
साष्टाङ्ग पहिले गरेर पछि फेर् * शास्त्रै विधान्ले तहाँ
भक्तीपूर्वक खूब् पुजा गरिलिया * खूशी भई मन्महाँ ७९
एकाग्रै भई फेर् अनेक् स्तुति गर्‍या * वेद्का ऋचाले जसै
सन्तोष् भै हरिले प्रकट् तहिं भई * दर्शन् दिनूभो तसै
दर्शन् दीकन यो हुकुम् पनि भयो * वैकुण्ठधामै महाँ
पुग्न्याछौ नृपराज् ! यसै बखतमा * खाऊ प्रसाद् यो यहाँ ८०
यो आज्ञा हरिको सुनी नृपतिले * लीई प्रसाद् त्यो घरी
भाग् पाँचै जनको लगाइकन फेर् * खायो सबैले मिली
पर्साद् खाइसक्या पछी तहिं असल् * आयो विमानै पनि
आज्ञा भो हरिको चढी सब जना * बैकुण्ठ जाऊ भनी ८१

रत्नग्रीव नृपराजले प्रभुजिको * आज्ञा सुन्या यो जसै
ती पाँचै जनको स्वरूप पनि भयो * चार बाहुलीको तसै
शोभित शङ्ख र चक्रले प्रभु सरी * पाँचै जना भै तहाँ
जल्दी सोही विमान उपर चढि गया * बैकुण्ठ धामैमहाँ ८२
हे शत्रुघ्न ! गएर निलगिरिमहाँ * भक्ती मनैमा धरी
गर्छन् दर्शन जो यहाँ प्रभुजिको * ती सब जना त्यै घरी
संसार सागर पार भएर सहजै * बैकुण्ठधाममा गई
भोग गर्छन् सुखको सबै ति हरिका * सङ्गमा निरन्तर रही ८३
भन्या निलगिरिको महात्म्य जतिहो * शत्रुघ्नका सङ् महाँ
बिस्तारपूर्वक तेस बखत सुमतिले * बिन्ती चढाया तहाँ
हे वात्स्यायनजी ! तिमीकन सबै * मैले सुनायाँ भनी
आज्ञा शेषजिले गरेर पछि फेर * आज्ञा गऱ्या यो पनि ८४
यो सब निलगिरिको महात्म्य अहिले * मैले भनेको जती
भक्तीपूर्वक पाठ जउन पुरुषले * गर्ला खुशीले अति
त्यो जन्ले पनि फेर कठोर भवको * यो यन्त्रणा सब सही
पर्न्या छैन कदापि बस्न, सहजै * जान्याछ मुक्तै भई ८५
वात्स्यायन ऋषिलाई यो अघि कही * शेषले तहाँ फेर पनि
आज्ञा भो हयको कुरा सुन तिमी * बिस्तार कहन्छु भनी
शत्रुघ्नै सँगमा कथा सुमतिले * भन्दै थिया त्यै घरी
श्री रामको हय निलगिरी उपरमा * पौंच्यो बडो वेगुगरी ८६
घुम्दै निलगिरिका उपर शिखरमा * त्यो अश्व पौंच्यो जसै
फेरी विन्ति गऱ्या तहाँ सुमतिले * शत्रुघ्नका सङ् तसै
हे नाथ! निलगिरिका उपर हय पुग्यो * हामीहरू सब गई
दर्शन श्री हरिको गरौं अब यहाँ * केकाम्छ धेर्‌कालरही ८७

यसतो सुनेर बिनती सब फौजलाई
सङ्गमा लिई हय पछी-पछि जल्दि जाई
शत्रुघ्न निलगिरि उपर् हरिको छ जाहाँ
मन्दिर् उसै घरि पुग्या उहि ठाउँमाहाँ ८८
पौंची मन्दिरमा जनार्दनजिको * पाऊविषे शिर् धरी
भक्तीपूर्वक खुब् पुजा गरिलिया * शास्त्रै विधानले गरी
साह्रै मन्मनमा कृतार्थ हुनगै * शत्रुघ्नहेरू तहाँ
फर्की मन्दिर देखि फेर् चलिगया * त्यो अश्वका सङ्गमहाँ ८९

चक्राङ्क देशका राजा सुबाहुका छोरा दमन र पुष्कलको युद्ध ।

त्यो घोडा पछि फेर् सुबाहु नृपका * चक्राङ्क देशमा गई
लाग्यो घुम्न उसै बखत् वनमहाँ * साह्रै सुशोभित् भई
सोही औसरमा सुबाहु नृपका * छोरा दमन्जी पनि
आया त्यो वनमा गईकन शिकार् * खेल्छ म ऐल्हे भनी १
श्रीरामको हयलाइ राजसुतले * देख्या घुम्याको जसै
आफ्ना दूतहरूलाइ डाकि नजिकै * आज्ञा गर्‍या यो तसै
हे दूत हो ! सब हेर पत्र सुनको * टाँसी निधारै महाँ
शोभित् भूषणले गराइ हय यो * छोडेछ कसले यहाँ २
कसको अश्व रहेछ गै सकलले * पक्रेर ल्याऊ भनी
आज्ञा ती नृपपुत्रले जब दिया * दौड्या सबै दूत् पनि
घेरा दी रघुनाथको हयकनै * पक्रेर जोरले तहाँ
ल्याई हाजिर गर्दिया उहि बखत् * बस्थ्या दमन्जी जहाँ३
फेरी त्यो हयका ललाट बिचमा * जो पत्र सुन्को थियो
बाँची एक दूतले तहाँ दमनका * साम्ने सुनाई दियो
लेखेको त्यस पत्रमा यहि थियो * 'श्री राम् अयोध्या पति
गर्वन् यज्ञ ठुलो यहाँ यस वखत् * राखी धरम्मा मति ४

सोही यज्ञ निमित्त यो हय पनी * शास्त्रै विधानले गरी
छोडेको छ भनेर जान सबले * घुम्न्याछ पृथ्वी भरी
जसले मान्दछ उर्दि आइकन त्यो * यज्ञौविषे काम् गरोस्
राम् भन्दा म ठुलो छु भन्दछ जउन् * तेसले त घोडा धरोस्'भ्
पत्रैको यति बात् सुनी दमनजी * क्रोधित् भयाका अति
भन्छन् हुतकन फौज् तयार् गर सबै * हाम्रा मुलुकका जति
रामले ता म सरी जगत् भरिमहाँ * बीर् छैन दोश्रो भनी
ठान्याछन् अब तोडि दिन्छु सहजै * शेखी म तिन्को पनि ६
शत्रुघ्नैहरु आउनन् रणमहाँ * मेरा अगाडि जसै
वज्रैका सरि चोट खाइ शरको * गिर्नन् जमिन्मा तसै
यो घोडाकन बाँधि आउ अहिले * मेरा तबेला महाँ
जो वीर् आउँछ लड्नलाइ उसका * सङ्मा म लड्छु यहाँ७
एती बात् गरि अश्वलाइ घरमा * भेज्या दमन्ले जसै
खोज्दै त्यो हयलाइ राघवजिको * आई पुग्यो फौज् तसै
देख्या फौज् सब रामको दमनले * आफ्ना फउज्को पनि
व्यूहै बाँधि तयार् भईकन बस्या * गर्छू लडायीं भनी ८

नाउँ प्रतापाग्र भनी कह्याका
सेनापती राम तरफ् भयाका
राजा थिया एक् उ अगाडि जाई
देख्या दमन्का सब सैन्यलाई ९
ठुलो फउज् व्यूह रच्ची बस्याको
लड्नै भनी कम्वर् खुब् कस्याको
देखी प्रतापाग्र बहुत् रिसाया
हाल् बुझ्नलाई भनि दूत् पठाया १०

त्यो दुत जल्दि गएर तौ दमनका * साम्नै अगाडी महाँ
सोध्याक्यान फ़ौज लिएर तिमिले * ऐल्हे बस्याको यहाँ
घोडा श्री रघुनाथको पनि यहाँ * कुन् कारणैले गरी
रास्यौ देउ फिराइ नाहि रणमा * आऊ अगाडी सरी ११
यस्तो बात सुनेर दुतकन तहाँ * भन्छन् दमन् बीर् पनि
मैंले अश्व धर्‍यौं तयार् भइ बहुत् * रण् गर्नलाई भनी
जो बीर् हुँ म भनेर ठान्छ मनले * आएर त्यो बीर् यहाँ
लैजावस् हय यो मलाई अहिले * जीतेर युद्धै महाँ १२
क्रोधले पूर्ण भएर यो दमनले * उत्तर् दियाथ्या जसै
फ़र्की त्यो दुत गै कह्यो सब कुरा * रामका फ़ौजमा तसै
दुतको वाक्य सुनेर त्यस् फ़ौजमा * ठुला-ठुला वीर् थिया
सबले लड्न भनेर कम्बर् कसी * हातमा हतीयार् लिया १३

रामका सबै फौजतिरबाट ताहाँ -
राजा प्रतापाग्र अगाडि माहाँ
क्रोधले दमनका सँग लड्नलाई
जाँदाभया त्यै घरि रथ् बढाई १४
आफ्ना सबै फौजहरु साथ लीया
घेरा दमन् वीरकन पारिदीया
फेरी दमनले पनि रथ् बढ़ाया
धेर् बाण् प्रतापाग्र उपर् चलाया १५
सेना दमनका जति ताहिं थिया
तिनले पनी शस्त्र चलाइ लीया
रामका फौउजले पनि फेरीताहाँ
छोड्या हतीयार् उहि बीचमहाँ १६

हातमा रिसैले हतियार् धर्‍याका
सन्मुख् भई लड्न अघी सर्‍याका
यस्ता हुबै फौज् तिरका बिरैको
कत्तल् भई पर्‍ति गिर्‍यो शिरैको १७
पृथ्वी रगतले अति लाल भैगो
धेर् वीरहरूको पनि ज्यान् गैगो
फौज् धेर् मर्‍याका जब देख्नपाया
राजा प्रतापाग्र बह्नत् रिसाया १८
आफ्ना अगाड़ी रथमा बस्याका
लड्ने भनी कम्बर् खुब् कस्याका
जब् ती दमन् वीरकन देख्न पाया
क्यै बात् प्रतापाग्रजिले सुनाया १९
बालखू भई राजकुमार ! तैंले
राम्को हरिस् नाहक अश्व ऐल्हे
जुन् रामले सागर पार जाई
मार्‍या सहज् राक्षसराजलाई २०
उन्को प्रताप् एक् रति क्यै नजानी
खेलवाड़को कार्य समान ठानी
घोड़ा धरिस् आज यहाँ मलाई
लाज् लाग्छ बाण् हान्न पनी तँलाई २१
ई बात् प्रतापाग्रजिले गर्‍याका
सूनेर क्रोधले बह्नते जल्याका
भन्छन् दमन् वीर् रण गर्न आई
क्या बात् कहन्छौ तिमिले मलाई २२

रामचन्द्रको अश्व भनेर जानी
धर्दो भयाँ एक् रति डर् नमानी
छोड्दीन बात्ले तिमि सीपू् नलाऊ
तागत् भया लड्न अगाड़ि आऊ २३
'बालखू् तँ होस् जा अब खेल्नलाई'
तिम्ले भन्यौ जौन कुरा मलाई
सो बातमा खेल्दछु हेर याहाँ
तिम्रा सँगै यो रणभूमि माहाँ २४
एती भनी डर् रतिभर् नमानी
सौ बाण् प्रतापाग्रजिलाइ हानी
हाँसी दमन्ले तहिं जल्दि फेरी
शङ्ख फुक्या क्यै नगरेर देरी २५
देखी दमन्ले शर त्याग् गर्‍याका
क्रोधले प्रतापाग्र बहुत् जल्याका
सौ बाण् तिन्ले पनि छोड़ि दीया
आकाशमै ती शर काटिलीया २६
आफ्ना ति सब् शरहरु काटियाका
देखी दमन् क्रोधित खुब् भयाका
धेर् बाण बर्षाइ गराइ धारा
ढाकी दिया फौज्हरुलाई सारा २७
बाण् लागि धेर् वीरहरु मर्नलाग्या
कातर् थिया जो रण छोडि भाग्या
क्रोधले दमन्ले शर छोडि ताहाँ
कत्तल् गर्‍या फौज् रणभूमि माहाँ २८

वर्षा शरैको बहुतै गऱ्याको
आफ्ना तरफ्का जन धेर् मऱ्याको
देखि प्रतापाग्र बहुत् रिसाया
दश् बाण आफ्ना धनुमा चढ्ाया २९
कान्नूतक् खिची ती शर् छोड़ि ताहाँ
लाग्या दमन् वीर्कन छातिमहाँ
पाँच् बाण फेर् जल्दि चलाइ लीया
घोड़ा समेत् सारथि काटिदीया ३०
हज्जार शर् फेर् उसमाथी छोड़ी
तिल् भैं दमन्को रथलाइ तोड़ि
खुशी प्रतापाग्र भएर ताहाँ
अत्यन्त गर्ज्या रणभूमिमहाँ ३१
आफ्नू रथै टुदन गयो जसै ता
क्रोधले दमन् वीर् पनि झट् तसै ता
अर्को रथै माथि चढेर फेरी
भन्छन् प्रतापाग्रजिलाइ हेरी ३२
मेरो पराक्रम् रतिभर् नजानी
राजन् ! तिमीले शर धेर हानी
पाऱ्यौ विरथ् तै पनि हेर ऐल्हे
कुन् हाल गर्छ तिमीलाई मैले ३३
एती भनी जल्दि गरेर ताहाँ
नौ शर् दमन्ले लिई हातमाहाँ
हानेर चार् शर् रथ चूर्ण पाऱ्या
पाँच् वाणले सारथि अश्व माऱ्या ३४

पैल्हे बिरथ् यै रितले गराई
फेर् एक शर् झट् धनुमा चढ़ाई
छोड्या उ बाण् लाग्न गयो जसै ता
मूर्छा प्रतापाग्र भया तसै ता ३५
मूर्छा प्रतापाग्र भएर ताहाँ
छोड्या जसै त्यो रणभूमिमाहाँ
त्यो देखि ! डर् मानिलिएर धेरै
भाग्या सबै फौज्हरु एक बेरै ३६
आफ्ना सबै शत्रु हटी गयाका
देखी दमन् खुशी अधिक् भयाका
जो आउँछन् लड्छु भनेर फेरी
ताहीं रह्या क्यै घरि काल हेरी ३७
रणमा प्रतापाग्र पनी गिऱ्याको
छोडेर रणू फौज सबै फिऱ्याको
देखेर शत्रुघ्न रिसाइ फेरी
भन्दाभया बीर् सबलाइ हेरी ३८

हे वीर् हो ! तिमिहेरुमा जन कुनै * सामूने दमन्का भई सक्छौ लड्न भन्या बताउ नहिंता * लड्छु म आफैं गई भन्या एति हुकुम् सुन्या सकलले * शत्रुघ्नजीको जसै हात् जोरीकन बिन्ति पुष्कलजिले * गर्दा भया झट् तसै ३९

हे नाथ् ! गर्नुहवस् हुकुम् म अहिले * जान्छु लडायीं महाँ सारी सैन्य समेत् दमन्कन सहज् * फिर्न्याछु चाँडो यहाँ पर्ला जानु हजूरले किन तहाँ * आफैं अगाडी सरी शत्रू इन्द्र भया पनी म जितुँला * रामका प्रतापले गरी ४०

शत्रुघ्नैसँग बिन्ति यो आधि गरी * फेरी प्रतिज्ञा पनि
सास्नेसा सब फौजका गरिलिया * सार्छू दमन् वीर् भनी
गाई खुशि भएर पुष्कल उपर् * शत्रुघ्नजीले तहाँ
जाऊ लड्न भनी हुकुम् दिनु भयो * लश्कर् दिई साङ्गमहाँ ४१
आज्ञा लीकन फेर् प्रदक्षिण् तहाँ * शत्रुघ्नजीको गरी
धेरै फौजहरू लिएर खुशिभै * हातमा धनुर्बाण् धरी
जान्छु लड्न भनी चढी रथविषे * पुष्कलजि जल्दी गया
सामुने गै रणभूमिमा दमनको * रथ्लाई थाम्दा भया ४२
सामुने पुष्कललाइ देखी बहुते * क्रोधले दमन् वीर् पनि
हातमा शस्त्र लिई तयार् भइ गया * लड्छ म ऐल्हे भनी
आफ्नू नाम र कुल् सुनाइ पहिले * धेर्यै गरी मन् महाँ
शर्को बर्षण खुब् हुने ति बिरले * गर्दा भया फेर् तहाँ ४३
ती सब् शरहरू गै गगन् सलह भै * ढाकेर छाया परी
अंधेकार् रणभूमि भर् हुनगयो * रात्री पर्‍याकि सरी
घोड़ा हात्ति र रथ् सिपाहिहरू जो * सामुने अघी सर्दथ्या
लागी ती दुइ वीरका शर अनेक् * टुकटुक् भई सर्दथ्या ४४

धेर् शरहरू दमनले बिनि त्याग् गर्‍याको
आफ्नो फउज् कतल भै रणमा मर्‍याको
देखेर त्यो अधिक पुष्कलजी रिसाया
अग्न्यास्त्रको तहिं प्रयोग् गरि शर् चलाया ४५
ती शरहरू सकल अग्नि समान् भयाका
सीधा भई दमन बाहिनिमा गयाका
राँको ति अग्नि सरिका भई फौज माहाँ
लाग्या जलाउन सबै चिजलाइ ताहाँ ४६

हात्ती सिपाहि रथ खुब् जब डढ्न लाग्या
डर्‌ले फउज् दमनका रण छोडि भाग्या
भाग्थ्या जता तिर् उतै तिर शर् चलाई
पुष्कलजिले सकल फौज दिया जलाई ४७
जसूतो गरी प्रलयमा भगवान् त्रिलोचन्
चौधै भुवनूकन सहज् सँग भस्म गर्छन्
पुष्कलजिले पनि उसै गरि ठिक्क ताहाँ
लाग्या जस्ताउन फउज् रणभूमि माहाँ ४८
छाता ध्वजा रथहरू जिमिमा भऱ्याका
लागेर अग्नि ति सबै चिज खाग् गऱ्याका
देखी दमन् बिर पनी बहुतै रिसाया
झट् वारुणास्त्र कन त्याग् गरि जल् गिराया ४९
वर्षा गराइकन खुब् जलका ति धारा
अग्न्यास्त्रलाइ तहिं जल्दि निभाइ सारा
पुष्कलजिका फउजमा पनि फेरी ताहाँ
वर्षा गऱ्या जल बहुत् रणभूमि माहाँ ५०
अग्न्यास्त्रलाइ तहिं जल्दि निभाइ सारा
आफ्ना फउज् उपरमा जलका ति धारा
साह्रै गऱ्या दमनले जब देखिलिया
पुष्कलजिले र पवनास्त्र चलाइदीया ५१
त्यो अस्त्रले हुरि चलीकन जल् उडायो
फेरी दमन् बिर तरफ् रथ सब् टुटायो
त्यो देखी ती दमन बिर् बहुतै रिसाया
झट् पर्वतास्त्र तहिं मन्त्र गरी चलाया ५२

पर्वत समाल्ह भइ ति बाण जब गिर्न लाग्या
पुष्कल तरफ जति थिया सब फौज भाग्या
वज्राङ्ग पुष्कलजिले पनि ताहिं छोड्या
चूर्ण गराइकन पर्वतलाइ तोड्या ५३
फेरी ति वज्र सरि बाणहरु एक सङ्गमा
लाग्दो भयो दमनका सब जाइ अङ्गमा
लाग्यो जसै सकल बाणहरु अङ्गमा गै
गिर्दाभया दमन वीर् रथमा बिचेत भै ५४
मूर्छा परी दमन वीर् रथमा गिऱ्याको
देखेर फौज् सकल डर् मनमा पऱ्याको
भागी सुबाहु नृपका सब सासुजाई
विस्तार पूर्वक दिया सब बात सुनाई ५५
पुष्कल पनी सकल शत्रु जितेर खुशी भै
शत्रुघ्नजीसित उसै घरि सासुमा गै
बस्ता भया सकल फौजहरु ताहिं आई
तारिफ् गऱ्या अधिक पुष्कल वीरलाई ५६
राजा सुबाहु पनि पुत्र लडायिं माहाँ
मूर्छा पऱ्यो भनि खबर् सुनि फेरीताहाँ
सुर्ता परेर मनमा सब मन्त्रिलाई
भन्दाभया अब त लड्नुहुन्न लौ म जाई ५७
मेरो फौज सकल जो छ मुलुक भरीमा
सामेल् गराउनु भनेर उसै घरीमा
उर्दी दिई सकल मन्त्रि खटाइ ताहाँ
सामेल् गऱ्या सकल फौज रणभूमि माहाँ ५८

सबू बन्धुवर्गहरूलाई लिएर फेरि
राजा सुबाहु पनि कयौं न गरेर देरी
टङ्कार गरेर धनुको रथ झट्ट बढाई
पौंच्या रणस्थलविषे हतियार सजाई ५९

भाई एक थिया सुबाहु नृपका * नाम्का सुकेतू तहाँ दाज्यूका सँग लागि ती पनि गया * लड्नै भनी रण महाँ चित्राङ्गदै र विचित्रवीर नृपतिका * छोरा थिया ती पनि सज्जित भै रथमा चढी चलिगया * लड्नाँ समरमा भनी६०
फेरी जो अरु बीर थिया उ पनि सब * सामेल तुरन्तै भया उदौं माफिक सब सुबाहु नृपका * सङ्मा समरमा गया हात्ती एक अयुत रथी दश अयुत * दशलाख घोडाहरू पैदलका अनगिन्ति फौज नृपतिका * सङ मा चल्यो फेर अरू ६१
सारा फौजहरू लिएर सँगमा * राजा सुबाहु जसै पौंच्याथ्या रणभूमिमा दमन बीर * देख्या गिऱ्याका तसै साह्रै दिक्क भएर गै नजिकमा * काखमा उठाई लिया ठण्डा जल शिरमा छिटी दमनको * संज्ञा गराई दिया ६२
मूर्छा देखि उठाई पुत्रकन फेर * शत्रुघ्नका सङ महाँ लड्नैलाइ भनेर फौजहरू सबै * जम्मा गराया तहाँ कौंचै व्यूह तयार गरी सकल वीर * लड्नै अगाडी सऱ्या फेरी सोहि घरी सुबाहु नृपले * टङ्कार धनूको गऱ्या ६३
हल्ला फौज तहाँ सुबाहु नृपको * शत्रुघ्नजीले जसै देख्या साम्नु महाँ र फेर सुमतिका * सङ्मा सुध्याया तसै
हे मन्त्री ! भन यो कउन् नृपतिको * हल्ला फउज् यो घरी आयाको म अगाडि देखूदछु यहाँ * लड्न्या इरादा धरी ६४

भन्या प्रश्न सुनेर फेर् सुमतिले * शत्रुघ्नका सङ् महाँ
बिन्ती पारिलिया यसै सुलुक्का * राजा सुबाहु यहाँ
आया लड्न भनेर लौ अब सबै * हामीहरू लौं जति
लड्नैलाई तयार भैकन बसौं * पर्न्याछ संग्राम अति ६५
बिन्ती इति सुन्या जसै सुमतिको * शत्रुघ्नजीले पनि
आज्ञा जल्दी दिया सबै विरहरू * जाऊन् समरमा भनी
सेनाकापति भाई जानकिजिका * लक्ष्मीनिधी बीर् थिया
ह्वाँचै व्यूह त तोड्न भार लिइ सब् * तिन्का अगाडी गया ६६
पृष्ठै रक्षक भै ति लक्ष्मिनिधिका * पुष्कलजि फेरी तहाँ
सारा अस्त्र लीई चढ्ेर रथमा * जाँदाभया रण महाँ
रत्नग्रीव र नीलरत्न रिपुताप् * फेरी हनूमान् हरू
तिन्का साथमहाँ गया समरमा * लश्कर्लिई धेर् अरू ६७
पौंच्या ती सब फौज् सुबाहु नृपका * फौज्का नगिच्मा जसै
बाजा दुन्दुभि खुब् बजाइ दुइ फौज् * भिड्दा भया फेर् तसै
हात्ती रथ् पइदल दुवै तरफका * वीर्वीर् अगाडी सरी
छोड्या शस्त्रहरू उसै बखतमा * वृष्टि पर्‍या झैं गरी ६८
हाहाकार् परिगो बहुत् बिर मर्‍या * सोही बखत्मा तहाँ
फट् लक्ष्मीनिधि गै सुकेतु विरका * भिड्दा भया सङ् महाँ
बाक् युद्धै पहिले गरेर पछि फेर् * हातमा धनुर्बाण् धरी
लाग्या ती दुई वीर लड्न रणमा * वर्षा शरैको गरी ६९
दश्बाण् एकबखत् चढाइ धनुमा * लक्ष्मीनिधिले तहाँ
हान्या क्रोध गरी सुकेतु बिरका * ताकेर छाती महाँ
लागी ती दश बाणले हृदयमा * घाऊ गरायो जसै
साह्रै क्रोध गरी सुकेतु विरले * सौ बाण चलाया तसै ७०

ती सौ बाण् पनि फेर् उसै बख्तमा * लागेर सब् अङ् महाँ
घाऊ धेर भई रगत् बहिगयो * लक्ष्मीनिधिको तहाँ
आपुस्मा यही रीतले बिर द्वुबै * संग्राम् ठुलो गर्दथ्या
तिन्का शस्त्र छुटेर फेर् अरु पनी * धेरै फउज् मर्दथ्या ७१
मुख्यै ती द्वुइ वीरको शरिरमा * धेर् बाणको चोट् परी
बग्दा धेर फगत् पलाँश फुलभैं * शोभित् भया तेस् घरी
गोलाकार् धनुको गराइ ति द्वुबै * लड्दा कसैले पनि
मालुम् गर्न सकेन यस् बख्त शर् * छोड्छन् यसोरी भनी७२
सब्ले ती द्वुइ वीरका शरहरू * लागी रणस्थल् महाँ
काट्याका शिरमात्र फौज् सकलका * देख्या गिऱ्याका तहाँ
आकाशमा रणभूमिमा सलह भैं * वर्षा शरैको गरी
सारा ढाकिदियो थिएन रतिभर् * खाली जमिन्तेस्घरी ७३
आठ् बाण् जल्दि उठाइ लक्ष्मिनिधिले * छोडेर साथै महाँ
घोड़ा सारथि चाप् सुकेतु बिरको * काटी दिया फेर् तहाँ
ये रितले विरथी भयापछि गदा * लीई सुकेतू पनि
दौड्या क्रोध गरेर लक्ष्मिनिधिको * संहार् म गर्छु भनी ७४

लक्ष्मीनिधिले पनि फेरि ताहाँ
ठुलो गदा एक् लिइ हातमाहाँ
दौड़ेर गै जल्दि सुकेतुलाई
हान्दा भया सोहि गदा घुमाई ७५
साहै गदाको जब चोट खाया
फेरी सुकेतू विर झन् रिसाया
आफ्ना गदाले पनि शीरमाहाँ
ठोक्या ति लक्ष्मीनिधिलाइ ताहाँ ७६

यसतै हुवै ती विर युद्ध गर्य्यो
त्यो देखि सब् बीरहरु चक्क पर्य्यो
लाग्या गरुड् झैं गरि घुम्न तहाँ
मण्डल् गरी खुब् रणभूमि माहाँ ७७
वज्रै को सरिको गदा ति कहिले * शिरमा बडो बेग् गरी
हान्न्या क्रोध गरी हुवै ति बिरले * मान्न्यो इरादा धरी
कैल्हे गर्दनमा र छाति बिचमा * जोरले गदा हान्दथ्या
देखी ती हुइको पराक्रम अरू * आश्चर्यखुबमान्दथ्या ७८
साहै बज्रन गै गदा घरिघरी * सारा शरीरै महाँ
लाग्यो बग्न रगत् र लाल् भइगया * दुबै जना वीर् तहाँ
बलमा साहसमा बराबर थिया * कौशल् बहुतै गरी
लड्थ्या ती हुइ बीर् परस्पर तहाँ * जित्ने इरादा धरी ७९
केही कालपछि फेर् गदा पनि हुबै * वीर्का टुटी गै गया
सुक्काले पनि फेर् हुबै ति विरले * खुप् युद्ध गर्दामया
एही रितसित एक् मुहुर्त बहुतै * युद्धै गरी फेर् तहाँ
एकैपल्ट हुबैजना विर गिर्न्या * मूर्छित् भइ रणमहाँ ८०
फेरी ती हुइ वीरलाइ उ बखत् * साहै चलाकी गरी
ल्याया झट् हुइ तर्फका फउज गै * रथ्का उपरमा धरी
सोही औसरमा सुबाहु नृपका * चित्राङ्ग पुत्रै तहाँ
लड्थ्या पुष्कलका गएर सँगमा * सोही रणस्थल् महाँ ८१
स्वामि कार्तिक् रं तारक् असुर अघि जऊन् चालले युद्ध गर्य्यो
सोही माफिक् लडी ती हुइ विर रणमा सैन्यको प्राण हर्य्यो
दश् बाण् चित्राङ्ग वीरले उहि बखत लिई झट् धनूमा चढ़ाया
सोही शर् छोडि घाऊ शरिर भरि सबै पुष्कलैको गराया ८२

पुष्कलजिले फेरी बहुत रिसाई
सौ बाण आफ्ना धनुमा चढाई
छोडेर सब् शरहरु अङ्गमाहाँ
लाग्या ति चित्राङ्गजिबाइ ताहाँ ८३
लाग्यो रगत् बग्न बहुत भारी
पुष्कलजिले औसर सोही पारी
एक् आमका अस्त्र तहाँ चलाया
चित्राङ्गको रथ्कन खुब् घुमाया ८४
अस्त्रै प्रभावले गरि खुब् उडयाको
आकाशमा गैकन रथ् घुम्याको
देख्दा कुदी त्यो रथ छोडि ताहाँ
चित्राङ्ग उत्या रणभूमिमाहाँ ८५
क्यै काल् घुमी त्यो रथ चूर्ण भैगो
टुक्रा रणस्थल् बिच गिर्न गै गो
पुष्कलजिको अद्भुत कर्म जन्ले
देखि गर्‍या तारिफ धेर मन्ले ८६
चित्राङ्ग बीरले पनि फेरि अर्को
रथमा चढी पुष्कलाबाइ शरको
वर्षा गराईकन धेर ताहाँ
अत्यन्त गर्ज्या रणभूमि माहाँ ८७
भालाहरू लीकन फेरि धेरै
छोडेर पुष्कलकन एक बेरै
व्याकुल् गरी सारथि अश्व मार्‍या
ताहाँ विरथ् पुष्कलबाइ पार्‍या ८८

फेर् अर्को रथमा चढ़ेर रिसले * पुष्कलाजिको ह्यो घरी
छोड़ी पाँच शर अग्र सारथि विनाश * चित्राङ्ग वीरको गरी
पाऱ्याथ्या बिरथी जस्तै डाहि बस्त * चित्राङ्ग वीरले पनि
फेर् अर्को रथमा चढ़ी अघि सऱ्या * गर्छ लड़ायीं भनी ८८
त्यो रथलाइ तहाँ ति पुष्कलाजिले * तोड़ी दियाथ्या जस्तै
फेर् अर्को रथमा चढ्या उ पनि फेर् * तोड़्दा भया झट् तसै
यसरी रितसितले ति पुष्कलाजिले * चित्राङ्गलाई तहाँ
पचीस बार बिरथी गऱ्या सहजमा * त्यो युद्धभूमी महाँ ८०
छोतालै पनि गर्न सुरिक्त हुन्या * पुष्कलाजिले काम् गऱ्या
देखी अद्भुत काम् हुवै तरफका * सारा फउज् चक्र पऱ्या
साह्रै क्रोध गरेर सोहि घरिमा * चित्राङ्ग वीरले गर्‌
फेर् अर्को रथमा चढ़ी अघी सऱ्या * खुब् सावधानै भई ८१
पाँच बाण् ली करमा चढाइ धनुमा * चित्राङ्गदेले तह्याँ
ताकी पुष्कलालाइ त्यागगरि ति बाण् * लाया निधारै महाँ
लाग्दा तीं शर पाँच रिसाइ बहुते * पुष्कलाजिले त्यै घरी
चित्राङ्गै बिरलाई गैकन भन्या * एकबाण् करमा धरी ८२
हे राजपुत्र ! मलाइ यस् बस्तमा * पाँच शर लाग्दै महाँ
जो लायौ तिमिले उचोट् साहिलियौं * मैलो सहजमा यहाँ
सुचन् दीकन भन्दछ सुन तिमी * मैलो भनेको पनि
भीक्यौं यो शरलाइ हेर अहिले * तिमिलाई मार्ने भनी ८३
पुष्कलले इ कुरा सुनाइ धनुमा * एक् बाण् चढ़ाया जस्तै
क्यै हाँसीकन फेर् भन्या यही कुरो * चित्राङ्ग बिरले तसै
हे पुष्कल ! सुनिलयौ जउन् शर यहाँ * मार्छु भलाई भनी
देखायौ तिमिले उ शरकन सहज् * काट्न्याछु मैलो पनि ८४

जो हो प्रतिज्ञा तिमिले गऱ्याको
माछ्रे मलाई भनि शर् धऱ्याको
त्यो बाण टुक्रा गरि काट्न मैले
गर्छु प्रतिज्ञा सुनिलेउ ऐल्हे ९५
सज्जनले अघि तीर्थमा सब जना * जाउन् सुखैले भनी
आफ्नू खर्च लगाइ सुन्दर गरी * बाटो खन्याको पनि
तोड्न्या जन् गइपर्छ जुन् नरकमा * त्यो बाणलाई यहाँ
मैले काट्न सकैन ता पर्छु म गै * त्यै घोर नर्कै महाँ ९६
चित्राङ्गै बिरका इ बात् जब सुन्या * क्रोधित् भई मन् महाँ
त्यै बाणलाइ चढ़ाई फेरि धनुमा * पुष्कल्जि भन्कन् तहाँ
साँचै दास् रघुनाथको म हुँ भन्या * चित्रांग वीरको पनि
काट्दोस् गैकन शिर् किरीट् सहितको * एसै शरैले भनी ९७
पुष्कलले यहि बात् गरेर पहिले * त्यो बाण छोड्या जसै
त्यो बाण् काट्न भनेर एक् शरलिई * चित्राङ्ग वीरले तसै
छोड्या त्यो शरले गई गगनमा * सबका अगाड़ी महाँ
काट्यो पुष्कलको शरैकन द्वबै * टुक्रा गराई तहाँ ९८
काट्यो त्यो शर ता तथापि रघुनाथ् * ज्यूका प्रतापले गरी
टुक्रा एक पछाडिको उहि फगत् * गिर्दैभयो त्यो घरी
जुन् चाहिं तहिं अग्रभाग टुकड़ा * सोही शरैको थियो
चित्राङ्गै बिरको गएर उसले * शिर्लाइ काटी दियो ९९
कुण्डलले र किरीटले सहितको * चित्रांगको शिर् जसै
गाऱ्यो पृथ्विमहाँ र फौजहरू सबै * भाग्या डरैले तसै
पुष्कलको जयलाभ देखिकन सब् * द्योताहरूले तहाँ
वर्षा फुल् फुलको गऱ्या खुशिभई * त्यो युद्धभूमी महाँ १००

राजा सुबाहुको हनुमान आदि सितको युद्ध।

लागेर पुष्कलजिको शरले मर्‍याको
आफ्नू कुमार रणभूमिबिषे पर्‍याको
देखी सुबाहु पनि छाति पिटेर ताहाँ
रुँदाभया अधिक ताप परि चित्तमाहाँ १
चित्राङ्गको शिर लिएर उठाइ हेर्दै
भन्छन् सुबाहु नृप धेर बिलाप गर्दै
हा पुत्र ! छोड्किन आज मलाइ याहाँ
जाँदा भयौ तिमि यसो गरि बस्न काहाँ २
तिम्रो अधिक मधुर वाणि जसै म सुन्थ्यौं
क्रोधमा भया पनि उसै घरि खुशी हुन्थ्यौं
क्यै बातको दुख पर्‍या पनि सासु आई
गर्थ्यौं सहास दिइ कुरा तिमिले मलाई ३
यसता रितसित पुत्रको जतिथियो * सम्झेर सब गुन् तहाँ
लाग्या गर्न बिलाप सुबाहु नृपती * सबका अगाडी महाँ
तिन्का पुत्र अरू बिचित्र र दमन् * भन्या हुबै जो थिया
जल्दी ती हुइले सुबाहुकन क्यै * शान्ती गराई दिया ४
हे नाथ ! धेर किन गर्नुहुन्छ यसरी * सूर्ता हजुर यो घरी
जो मर्नु मरि गै गयो अब यहाँ * क्या हुन्छ सूर्ता गरी
धैर्य खुब गरिबक्सियोस् हजुरले * हामी बँदैछौं यहाँ
मार्नेछौं सब शत्रुलाइ सहजै * यो युद्धभूमी महाँ ५
सम्झाया हुइ पुत्र गैकन तहाँ * यसता प्रकारले जसै
सूर्ता त्याग गरी चढ्या रथ उपर् * राजा सुबाहु तसै
फेरी पुष्कललाइ मार्छु म भनी * हातमा धनूबाण् धर्‍या
साहै क्रोध् गरि रामका फउजमा * वर्षा शरैको गर्‍या ६

शरहरू वर्षाण धेर् सुबाहु ह्नपलो * आफ्ना फउजमा जसै
ल्याग्या गर्न र खुब् रिसाइ हनुमान् * सामने भया फेर् तसै
लड्न्या मन्सुबलो रिसाइकन खुब् * आफ्ना अगाडी महाँ
आयाका हनुमानलाइ उ बस्वत् * भन्वन् सुबाहु तहाँ ७
शत्रुलाई छ कहाँ बताउ हनुमान् ! * पुष्कल छ ऐल्हे कहाँ
पैल्हे तौ हुइलाइ मार्नु आहिल्ले * यो युद्ध-भूमी महाँ
भन्दै क्रोध गरी सुबाहु ह्नपलो * ई बात् गर्न्याय्या जसै
हल्लो शब्द गरेर हाँसि हनुमान् * फेर् भन्न लाग्या तसै ८
हे राजन् ! सुन सेवकैहरु छँदै * मालिकैहरु गै कहाँ
लड्नेछन् युद्धमहाँ बताउ लिसिलो * ऐल्हे सबाइ यहाँ
सोचेछ हुँ म सबाइ ता जित लिसी * पैल्हे लडायीं गरी
फेर् शत्रुनजिका गएर सँगमा * लड्नू अगाडी सरी ९
यस्तो बात हनुमानको जब सुन्या * क्रोधित सुबाहु भया
दश्वाणा श्री हनुमानका हृदयमा * ताकेर हानी दिया
बाण लाग्यो भनि खुब् रिसाइ हनुमान् * बीरलो हल्लो खबू धन्या
हानी त्यो धनुलो सुबाहु ह्नपको * रथलाइ चूर्णो गर्न्या १०
फेर् अर्को रथमा चढेर रिसले * राजा सुबाहु पनि
लाग्या बाणहरू वृष्टि गर्न हनुमान् * बीरलाइ मार्ने भनी
छातीमा शिरमा र फेर् भुजरमा * लाग्यो खबै शर् जसै
धेरै घाउ भयो र फेरि हनुमान् * झाई रिसायो तसै ११
क्रोधले पूर्ण भएर खोइ हरिमा * दौडी नगीचमा गया
जोरले लात्ति सुबाहुका हृदयमा * ताकेर हान्दा भया
लाग्यो लात हनुमानको जब तहाँ * रथदेखि भैमा झन्या
छाड्दै धेरै रगत सुबाहु ह्नपती * मूर्छा पछन्तै पर्‍या १२

पूर्वेतर मै सपना शुबाहु नृपको * देख्या अकस्मात तहाँ
साथै सुन्दर मूर्तिका रघुपती * आपना आसन्नी सहाँ
लक्षादी सब देवताहरु पनी * सामवेद हजुरमा रही
गर्‍यो श्री रघुनाथको स्तुति तहाँ * झाकर समानुका भई १३

राजा सुबाहुको आत्मसमर्पण ।

फेरी त्यो चारित्रा शुबाहु नृपको * मूर्छा खुलेपछी जसै
सम्झी त्यो सपना विचार गरि बहुत * आश्चर्य मान्दछ तसै
ईश्वर हुन् रघुनाथ भनी जब चिन्हा * सब फौजलाई पनि
उठी जल्दि गर्‍या उसै बखतमा * थाम्नू लडार्यो भनी १४
उठी एति दिई लडार्यि पनि सब * थाली फउज सब महाँ
पैठ्‌यो जल्दि गया शुबाहु नृपती * शत्रुघ्नजी छन् जहाँ
पाँच्या शास्त्रुसहाँ बहुत खुशि हुँदै * शत्रुघ्नजीका जसै
हातजोरी गरि दण्डवत् आचि खरी * विन्ती चढाया तसै १५
हे शत्रुघ्नजि ! रामलाइ प्रहिले * मार्‍यिक् जगत्‌का भनी
मैंले जानिलिंदा हजूरसँग यहाँ * आयौं शरणमा पनि
लक्षादीहरु गर्दछन् सबलका दास * जस्‌का हुकुमुमा रही
उनकै अश्व हरण गर्‍यो दसनले * बालक्‌ नजान्या भई १६
तेसैको साप्‌ट गरिबाकिसायोस् हजुरले * ऐलहे शरण पर्दछु
मेरो राज्य र रत्न दौलत समेत * अर्पण सबै गर्दछु
विन्ती एती सुनी शुबाहु नृपको * शत्रुघ्नजीले पनि
भन्नूभो तिमिसमा कसुर म अहिले * देख्दीन केही भनी १७
धर्मै छानियको दिएर तिमिले * त्यो अश्वलाई ह-यौ
सोही कारण फेरि हामिहरुका * सङ्गमा लडार्यो गर्‍यौ
हे राजन् ! अब शुबाहु तिमिले * राज्याभिषेक गरी
जानू पर्दछ अश्वमा पछि-पछी * हाम्रा सँगै यो घरी १८

आज्ञा एति सुन्या सुबाहु नृपले * शत्रुघ्नजीको जसै
घरमा गैकन पुत्रलाइ दिइ राज * फर्केर आया तसै
घोडालाइ पनी फुकाइ दिनुभो * शत्रुघ्नजीले तहाँ
घुम्दै क्वै दिनमा पुग्यो हय पनी * फेर ब्रह्मवर्त महाँ ६
ब्रह्मवर्त मुलुक भरी जति थिया * राजा कसैले पनि
घोड़ा धर्न सकेन कर लिई सबै * आया ति मान्छौं भनी
कौडीलीकन त्यो मुलुक भरि हुकुम * आफ्नो चलाई तहाँ
श्री शत्रुघ्नजि फेर गया पछि-पछी * त्यो अश्व जान्त्योजहाँ७

ऋतम्भर राजाको जीवन चरित्र र शत्रुघ्नजीमा राज्यार्पण।

यसरी रितसित अश्व त्यो घुमिसकी * सब ब्रह्मवर्त भरी
पौच्यो फेर गइ सत्यवान् नृपतिका * पुरमा ठुलो बेग गरी
शत्रुघ्नै पनि फौजहरू सब लिई * सोही नगरमा गया
शोभा त्यो पुरिको नजर गरि बहुत * आश्चर्य मान्दा भया१
देखिन्छन् सुनका सबै मणिजडित * देवल हजारौं जहाँ
सुन्दर मठ अतिथीहरू रहनका * खातिर बन्याका तहाँ
सारा ब्राह्मणले बसेर घरमा * खुब अग्निहोत्रै गरी
निस्क्याको चरुको धुवाँ वरिपरी * देखिन्छ त्यो पुर भरी२
तीर भर सब ऋषिका कुटीहरु भई * शोभा भयाको तहाँ
बग्छिन् फेर शिखिलोचनानदि जउन् * पुरका नगीचै महाँ
त्यो सुन्दर पुरका पुगेर नगिचै * शत्रुघ्नजीले पनि
मन्त्रीतर्फ फिरी सुध्याउनु भयो * कसको पुरी हो भनी३
यो शत्रुघ्नजिको हुकुम सुमतिले * सूनेर खुशी भया
हात जोरीकन फेर उसै बखतमा * बिन्ती चढ़ाई लिया
हे नाथ! धार्मिक एक ऋतम्भर भनी * राजा यहाँ क्वै थिया
पैल्हे यो स्थलमा विचित्र नगरी * तिन्ले बनाई लिया ४

धेरै रानि थिया तयापि ति कुनै * रानी तरफ्मा पनि
सन्तान् क्वै नहुँदा ति दुःखित भया * क्षोरा भयानन् भनी
वैराग्यै मनमा लिईकन सदा * बस्त्या ति शास्त्रै सुनी
आया तिन्कन भेट्न क्वौदिन यहाँ * जावालिनाम्का मुनि ५
देख्याथ्या घरमा ऋतम्भरजिले * जावालिलाई जसै
पैल्हे पूजन खुब् गरेर पछि फेर् * बिन्ती चढ़ाया तसै
हे सर्वज्ञ ऋषे ! उपाय पनि एक् * सन्तान् हुन्या क्यै भया
आज्ञा गर्नुहवस् यहाँ हजुरले * राख्नी ममाथी दया ६
यो बिन्ती नृपराज् ऋतम्भरजिको * सुनी ऋषीले पनि
आज्ञा गर्नु भयो म भन्छु सुनिल्यौ * तेस्को उपायै भनी
तीन् छन् हे नृपराज्! उपाय तिमिले * त्यो तीन् उपायै महाँ
यौटै मात्र गऱ्या पनी सहजमा * हुन्याछ सन्तान् यहाँ ७
की गर्नू शिवको पुजा कित पुजा * गर्नू हरीको पनि
गाईको कि त गर्नु पूजन सदा * सन्तान् म पाऊँ भनी
यो आज्ञा ऋषिको ऋतम्भरजिले * सुनि लियाथ्या जसै
खुशी भै गउको पुजाविधि पनी * सारा सुध्याया तसै ८
भक्ती गाई उपर् ऋतम्भरजिको * जानी ऋषीले पनि
आज्ञा भो गउको पूजा गरीलिनू * यस्ता हिसाबले भनी
उस्दिन् देखि यहाँ बहुत् खुशि भई * सोही विधान्ले गरी
लाग्या नित्य पुजा ति गर्न गउको * भक्ती मनैमा धरी ९
भक्तीपूर्वक गौ लिएर सँगमा * गौका गुठालो भई
आफैं गाइ चराउनाकन पनी * लाग्या वनैमा गई
एकदिन् जङ्गलमा फरक् नृपतिका * ती गौ भईथिन् जसै
झुक्क्याईकन सिंहले तहिं ति गौ * मार्‍यो अकस्मात् तसै १०

गार्इ छन् गइहरू भनेर हाल्तो ✲ हुः स्थित बहुतै भया
जाबालि ऋषिका उसै बस्तासा ✲ आश्रम बिषे फेर गया
साम्ने गै ऋषिका उसै बस्तासा ✲ गार्इ स्याब्याकी पानि
बिन्ती पारि लिया ऋषे ! गरुँ कस्तो ✲ यसको उपायै भनी ११
यो बिन्ती नृपराज् ऋतम्भरजिको ✲ सुनी सन्दयाय्या जसै
तिन्माथी कसणा गरेर ऋषिले ✲ आज्ञा गर्‍या फेर तसै
हे राजन् ! अहिले नजानि गउको ✲ हत्या भयो ता पनि
जो भन्छ मर्यालै उपाय गरिल्यौं ✲ नष्टै हुन्छ पाप भनी १२
भक्ती श्री रघुनाथका चरणको ✲ सन्दसा निरन्तर धरी
दिनदिन एक गउदान गर्दै तिमिले ✲ साह्रभर नियम खुबगरी
वर्ष भर यहि रीतिले तिमि यहाँ ✲ पूर्णो गरौला जसै
होला पुत्र पनी अवश्य बुझिल्यौ ✲ राम्रको धूमधाले तसै १३
यो आज्ञा ऋषिको सुनेर खुशिसै ✲ फर्केर घरमा गया
रामको भक्ती गरेर नित्य गउदान ✲ एक वर्ष गर्दाभया
व्रतको पूर्ण भयो जसै उहि बखत ✲ राम्रको धूमधाले गरी
जन्म्या पुत्र पनी ऋतम्भराजिका ✲ प्रख्यात तिनैलोकमरी १४
जाबालि ऋषिले उसै बस्तासा ✲ फेर जातकर्म गर्‍या
त्यो बालकको फेर तहाँ ति ऋषिले ✲ नाम् सत्यवानै धर्‍या
केही काल पछि खुब जवान् भइगया ✲ ती सत्यवान्‌जी जसै
तिन्लाई दिई राज् ऋतम्भर गया ✲ तपगर्न स्वातिर तसै १५
हे शत्रुघ्न ! ति सत्यवान् अभागलाक ✲ यस् ब्रह्मवर्त भरी
राज् गर्दछन् रघुनाथका चरणको ✲ भक्ती निरन्तर गरी
आयो श्री रघुनाथको हय भनी ✲ जान्या भन्या ती यहाँ
दर्शन् स्वातिर आउनन् हजुरको ✲ खुशी भई सदासाहाँ १६

शत्रुघ्ने सँग बिन्ती यो सुमतिले * गदैथियो फेर तहाँ
देख्या त्यो हय सत्यवान् नृपतिका * जन्‌ले उसै बिच्‌महाँ
देखी त्यो हयलाइ ती सकल जन् * आश्चर्य साह्रै भया
त्यो हाल् गैकन सत्यवान् नृपतिका * सामने सबैले कह्या १७
आयो श्री रघुनाथको हय यहाँ * भन्या सुन्याथ्या जसै
शत्रुघ्नै सँग सत्यवान् पनि तहाँ * भेट् गर्न आया तसै
सामने भैकन भक्तिपूर्वक अघी * पाउविषे शिर् धर्‍या
आफ्नू राज्य पनी समर्पण तहाँ * शत्रुघ्नलाई गर्‍या १८
खुशी भैकन सत्यवान् नृपतिको * शत्रुघ्नजीले पनि
धेरै आदर गर्नुभो ह रघुनाथ् * ज्यूका भगत् हुन् भनी
जेठा पुत्र तहाँ प्रसिद्ध बहुते * एक् सत्यवान्‌का थिया
त्यो राज्यै पनि फेर् तिनैकन तहाँ * शत्रुघ्नजीले दिया १९

अथ विद्युतमाली राक्षसहरूको वध।

घोडा पूर्वतरफ् गयो उहि बखत् * शत्रुघ्नजी फेर् तहाँ
साथैमा लिइ सत्यवान्‌कन गया * त्यो अश्व जान्न्यो, जहाँ
घुम्दा यै रितले समुद्र तिरमा * त्यो अश्व एकदिन् गयो
वायू धेर् चलि अन्धकार् सबदिशा * त्यैदिन् अकस्मात् भयो १
वर्षा धेर गरेर पीप् रगतको * उल्का बह्रते गरी
आई विद्युतमालि राक्षस तहाँ * घोडा हर्‍यो त्यै घरी
त्यो हो रावणको कुटुम्ब बह्रते * रामूका उपरमा पनि
रिसेगर्‍यो दिनदिन् विरोध् मतिलिई * मार्‍या कुटुम्बै भनी २
आँखा सब् जनको छलेर हय त्यो * लीएर गुप्तै भई
लाग्यो वर्षण गर्न हाड्हरु तहाँ * आकाश बिच्‌मा गई
फेरी एक मुहुर्त बाद् हुरि सबै * त्यो बन्द भैगो जसै
घोडालाइ नदेखि फौज् सकलले * आश्चर्य मान्या तसै ३

घोडा रक्षक फौजहरू जति थिया * ती सब् जनाले पनि
लाग्या हेर्न कसोरि यस् बखतमा * घोडा हरायो भनी
सोही औसरमा ति सब् फउजले * फेरी अकस्मात् तहाँ
देख्या सुन्दर एक् विमान् अतिठुलो * आकाशका बिचमहाँ ४
फेरी सोहि विमानका उपरमा * राक्षसहरूले हरी
राख्याको हयलाइ फौज् सकलले * देख्दाभया तेस् घरी
राक्षसले हय त्यो हन्यो भनि खबर् * जानी लियाथ्या जसै
शत्रुघ्नै सँग फेर् तहाँ ति सबले * बिन्ती चढाया तसै ५
सोध्नूभो तहिं मन्त्रिका सँगमहाँ * शत्रुघ्नजीले गई
घोडा राक्षसले हन्यो भनि खबर् * सुनेर क्रोधित् भई
हे मन्त्री ! सुन यो असुर् कउन हो * कस्ता हिसाबले यहाँ
लड्नू पर्दछ त्यो कुरा भन सबै * मेरा अगाडी महाँ ६
आज्ञा एति सुन्या तहाँ सुमतिले * शत्रुघ्नजीको जसै
यो हो विद्युतमालि राक्षस भनी * बिन्ती चढाया तसै
हे नाथ् ! रावणको कुटुम्ब पनि हो * उसैले यो वीर् भनी
लड्नू पर्दछ यत्नपूर्वक सबै * हामीहरूले पनि ७
पुष्कल् फेर् हनुमान् सुबाहुहरू सब् * रणमा अगाडी सरुन्
जसैता रितसित हुन्छ यस् असुरको * संहार् तुरुन्तै गरुन्
यो बिन्ती जब मन्त्रिको सुनि सक्या * शत्रुघ्नजीले तहाँ
फेरी सोधिलिया उसै बखतमा * सब् वीरका सङ्गमहाँ ८
हे वीर् हो तिमीहरूका बिचमहाँ * कुन् वीर् अगाडी सरी
लड्छौ विद्युतमालिका सँगमहाँ * त्यो बात् कहू यो घरी
सुन्या एति हुकुम् सबै फउजले * शत्रुघ्नजीको जसै
हात् जोरीकन फेरि पुष्कलजिले * बिन्ती चढाया तसै ९

हे नाथ् ! बक्सनुहोस् हुकुम् हजुरले * ऐल्हे मलाई यहाँ
लड्न्याछु म गएर तेस् असुरका * सामने अगाडी महाँ
मूर्छा पारि गिराउँला समरमा * त्यो दुष्टलाई भनी
सामनेमा सबका म यस् बखतमा * गर्छु प्रतिज्ञा पनि १०
फेरी श्री हनुमान् पनि उहि बखत् * लड्नै अगाडी सर्‍या
माझ्छ विद्युतमालिको सकल फौज् * भन्या प्रतिज्ञा गर्‍या
एही रितसित जो थिया अरु तहाँ * राजाहरूले पनि
हात् जोरीकन बिन्ति यै गरिलिया * लड्छौं सबै जन् भनी ११
बिन्ती एति सुन्या सबै फउजको * शत्रुघ्नजीले जसै
साहै खुशि भई हुकुम् गरिलिया * सबूका अगाडी तसै
हे वीर् हो ! सुन गर्दछु म अहिले * मेरो प्रतिज्ञा पनि
रणमा विद्युतमालिको शिर यहाँ * काटी खसाल्छु भनी १२
यै रितले रघुनाथका फउजले * पैल्हे प्रतिज्ञा गर्‍या
फेरी शस्त्र लिएर ती सकल बीर् * लड्नै अगाड़ी सर्‍या
देख्यो विद्युतमालिले पनि तिसब् * रामचन्द्रको फौज् जसै
आयो लड्न भनेर राक्षस अनेक् * लीएर सङ्गमा तसै १३
साम्ने भैकन फेरि त्यो असुरले * भन्दो भयो यो पनि
व्यर्थै ज्यान् तिमिहेरुले किन यहाँ * त्याग् गर्न आँट्यौ भनी
घोडा दिन्न म रामको अब यहाँ * शत्रुघ्न चाँडो गरी
लड्न्या मन्सुब् नै भया मसँग लौ * आवस् अगाडी सरी १४
पुष्कलले जब यो वचन् सुनि लिया * त्यो राक्षसैको तहाँ
साहै क्रोध गरेर उत्तर दिया * सबूका अगाडी तहाँ
सुन रे विद्युतमालि ! शत्रुहरूका * सामने अगाडी गई
बक्‌बक्‌गर्दछ वीर् कउन् तँसरि ठीक् * पागल् समान्‌को भई १५

जसले चारसमुद्रका बिच पनी * साँघू लगाई तऱ्या
फेरी रावणको सबै कुल समेत * मारेर भूभार हऱ्या
तेस्ता श्री रघुनाथको हय हरी * उम्केर जालास् कहाँ
मान्यौछन् बुझिलें तँलाइ पनि फेर् * शत्रुघ्नजीले यहाँ १६
यो बात् पुष्कलको जसै सुनिसक्यो * एक् बर्छि हातमा धऱ्यो
ताकी पुष्कललाई खुबसित तहाँ * त्यसले प्रहार गऱ्यो
फेरी पुष्कलले उसै बखतमा * तीन् शर् चलाई लिया
तिन् टुक्रा गरि बर्छि त्यो गगनमा * काटी खसाई दिया १७
हजार् शरकन फेरि पुष्कलजिले * एकै बखत् त्याग् गरी
सारा विद्युतमालिका शरीर भर् * घाऊ गऱ्या त्यै घरी
फेरी विद्युतमालिले पनि ठुलो * मुद्गल करैमा धऱ्यो
साहै क्रोध गरेर त्यै बखतमा * पुष्कल उपर् त्याग गऱ्यो १८
बज्रयो बज्र समान चोट् शरिरमा * त्यो मुद्गलैको गई
एकछिन् पुष्कलजी गिऱ्या रथ उपर् * मूर्छा तुरुन्तै भई
मूर्छा केहि घरी परेर पछि फेर् * चैतन्य आयो जसै
देख्या विद्युतमालिलाइ खुशि भै * सामने खडा पो तसै १९
देखी विद्युतमालिलाइ नगिचै * हातमा धनुर्बाण् लिया
सम्बोधन् गरि फेरि पुष्कलजिले * यो बात् सुनाई दिया
हे राक्षस्! अहिले मलाई पनि जो * मूर्छा गराइस् यहाँ
धन्यौहोस् अरुवीर् हुनन् तँ सरि कुन् * सारा जगत्भर् महाँ २०
सूचन् दीकन भन्दछ तँ सुनिले * मेरा शरैले गरी
गिर्नास् पृथ्विविषे अवश्य बुझिलो * मूर्छा तुरुन्तै परी
पैल्हे एति सुनाई पुष्कलाजिलो * एकबाण् चलाया जसै
लागी विद्युतमालि मूर्छित भई * लोट्यो जमीन्मा तसै २१

दाज्यू मूर्छित भै गिऱ्यो र बहुतै * क्रोधित भई मनू महाँ
आयो पुष्कललाई मार्दछु भनी * फेर् उग्रदंष्ट्र तहाँ
देख्या पुष्कलले असुरकन तहाँ * आफ्ना अगाडी जसै
दशबाण त्यागीत्यो असुरकन पनि * व्याकुल गराया तसै २२
व्याकुल भैकन क्रोधगरी असुर त्यो * दौडी नगीचमा गयो
एक मुड्की शिरमा ति पुष्कलजिका * ताकेर हान्दो भयो
पुष्कलले पनि क्रोध गरेर उ बखत * एक बाण चलाई लियो
त्यो बाणले गरि उग्रदंष्ट्रकन फेर * मूर्छा गराई दियो २३
विद्युतमालि अगाडि मूर्छित थियो * सोही बखतमा तहाँ
मूर्छा खुलनगयो र पुष्कलजिका * आयो अगाडी महाँ
सामने गैकन फेरि तेस असुरले * हातमा त्रिशूल एक लियो
क्रोधले पूर्ण भएर पुष्कल उपर * ताकेर छोड़ी दियो २४
बेगले सोहि त्रिशूल ति पुष्कलजिका * लाग्यो निधारमा जसै
मूर्छा पर्न गई गिऱ्या रथ उपर * त्यै वेदनाले तसै
पुष्कललाई तहाँ गिराई पहिले * क्रोधले असुर फेर पनि
लाग्यो वर्षण गर्न बाणहरु अनेक * माछ्र्यो सबै फौज भनी २५
पुष्कल मूर्छित भै जसै गिरिगया * क्रोधित बहुतै भई
आया लड्छु भनेर तेस असुरका * सामने हनूमान् गई
लात्तीले मुठिले र फेर पुछरले * हानी शरीरै महाँ
पैल्हे विद्युतमालिलाई बहुतै * व्याकुल गराया तहाँ २६
फेरी वृक्ष ठुलो उखेलिकन गै * पर्वत समान रूप धऱ्या
हानी राक्षस फौज ठुलो ति हनुमान् * वीरले बिनाशै गऱ्या
हात पाऊ शिर टुट्दन गैकन तहाँ * कयै वीर मूर्छा भया
कोही श्री हनुमानको डर गरी * भागेर अन्तै गया २७

विद्युतमालि पनि उसै बखतमा * आफ्नो विमानमा थियो
लाखौं बाण हनुमानका उपरमा * तेसले चलाई लियो
बाण लाग्यो भनि खुब रिसाई हनुमान * उफ्री नगीचमा गया
एकलात विद्युतमालिका हृदयमा * ताक्दै हान्दा भया २८
लात लागी हनुमानको असुर त्यो * पीडित बहुतै भयो
आफ्नू सोही विमान उडाइकन फेर * आकाश बीचमा गयो
उड्यो त्यो कहिले विमान गगनमा * पत्ती समाचको भई
कैल्हे श्री हनुमानका पनि खडा * हुन्थ्यो अगाडी गई २९
उड्यो विद्युतमालि तै पनि अनेक * रूपका हनूमान भई
हान्थ्या मुड्कि र लात्तिले कुदिकुदी * सोही विमानमा गई
सामने टिक्न कठिन हुँदा असुर त्यो * गुप्तै भई फेर तहाँ
माया राक्षसको गरेर बहुतै * उत्पात गर्‍यो रणमहाँ ३०
लाग्यो चल्न हुरी दिशा पनि सबै * खुब अन्धकार भै गयो
पर्वत वृक्ष शिला र पीप रगतको * वर्षा बहुतै भयो
आकाश देखि मनुष्यका शिरहरू * खुब गिर्न लाग्या तहाँ
लाग्या देखिन फेर भयानक अनेक * राक्षसहरू रणमहाँ ३१
आफ्नो फौजहरुलाइ तेस बखतमा * देख्तैनथ्या कवै पनि
भाग्थ्या व्याकुलभै कसोरि अहिले * यो ज्यान बचाऊँ भनी
सारा फौजहरुलाइ व्याकुल बहुत * देखेर क्रोधित भया
आफैं लड्छु भनेर त्यै बखतमा * शत्रुघ्न रणमा गया ३२
रणमा गैकन मोहनास्त्र पहिले * मन्त्रेर छोड्या जसै
माया विद्युतमालिको जति थियो * सब नष्ट भैगो तुसै
माया नष्ट जसै भयो उहि बखत * शत्रुघ्नजीले तहाँ
देख्या विद्युतमालिको उहि विमान * आकाशका बिचमहाँ ३३

क्रोधले सोहि विमानलाई पनि फेर् * वर्षा शरैको गरी
चूर्ण पारिदिया र त्यो असुर फेर् * आयो जमिन्मा झरी
फेरी एक् स्यमा चढेर शरको * वर्षा गराई तहाँ
श्री शत्रुघ्नजिको पनी उहि बखत् * घाऊ गऱ्यो अङ्गमहाँ२४
घाऊ अङ्ग भरी जसै हुनगयो * शत्रुघ्न क्रोधमा पऱ्या
वायव्यास्त्र पढेर एक् शर तहाँ * तेसको उपर् त्याग् गऱ्या
लाग्यो चल्न हुरी र राक्षस फउज् * व्याकुल् भयाथ्या जसै
छोड्यो पाशुपतास्त्र तेस् असुरले * रामका फउजमा तसै२५
निस्की प्रेत पिशाच भूतहरु अनेक् * त्यो अस्त्र देखी तहाँ
मार्न्या फौज् रघुनाथका पनि बहुत् * त्यों युद्धभूमी महाँ
श्री शत्रुघ्नजिले पनि उहि बखत् * नारायणास्त्रै लिया
छोडी पाशुपतास्त्रलाई सहजै * संहार् गराई दिया २६
फेरी विद्युतमालिले पनि त्रिशूल् * लीएर क्रोधले तहाँ
आयो मार्छु भनेर दौडिकन झट् * शत्रुघ्नजी छन् जहाँ
देख्या विद्युतमालिलाइ नगिचै * शत्रुघ्नजीले जसै
एक्शर्त्याग्गरि त्योत्रिशूलसहितहात् * काटी खसाया तसै२७
बाण्लागी जिमिमा त्रिशूलसहितको * त्यो हात् खस्योता पनि
आयो फेर् मुखबाई निल्दछु सहज् * शत्रुघ्नलाई भनी
अर्धचन्द्र समान बाण् उहि घरी * शत्रुघ्नजीले लिया
छोडी विद्युतमालिको शिर तहाँ * काटी खसाई दिया२८
दाज्यू मारिदियो भनेर रिसले * शत्रुघ्नका सङ्गमहाँ
आयो लङ्न भनेर त्यै बखतमा * फेर् उग्रदंष्ट्रै तहाँ
हुलो मुद्गल एक् लिएर करमा * आयो असुर् त्यो जसै
एकबाण्त्याग्गरि शिर् गिराइ दिनुभो * शत्रुघ्नजीले तसै २९

मालिक् मर्नगयो जसै अरु तहाँ * राक्षसहरू जो थिया
सबले प्राण बचोस् भनेर हय त्यो * ल्याएर सौंपी दिया
मान्या विद्युतमालि राक्षस हुलो * शत्रुघ्नजीले भनी
वर्षा खुब् फुलको गर्‍या खुशि भई * द्यौताहरूले पनि ४०
घोडालाइ पनी फुकाइ दिनुभो * शत्रुघ्नजीलो तहाँ
घुम्दै त्यो हय फेर् कुनै दिन पुग्यो * रेवा किनारै महाँ
श्री शत्रुघ्न पनी फउजहरु लिई * त्यो अश्वका सङ्ग गया
शोभा त्यो नदिको सबै नगिच्चमा * पौंचेर देख्दा भया ४१
देखिन्छन् ऋषिका अनेक कुटिहरू * सारा किनारा भरी
बोल्छन् हंस चकोर सारसहरू * साहै मधुर स्वर् गरी
फल्-फुल्ले अति भार् हुन्या रुखहरू * सोही किनारा भरी
हिल्थ्या वायु चलोर मन्दगतिले * शोभा बढ्दै गरी ४२

आरण्य ऋषि अयोध्या जानु र रामसँग कीन हुनु।

देख्या एक् कुटि फेर् उसै बखतमा * शत्रुघ्नजीले तहाँ
वेदाध्यापन खुब् गरी ऋषिहरू * बस्थ्या हजारौं जहाँ
देखी त्यो कुटिलाइ खुब् खुशि भई * फेर् मन्त्रिलाई पनि
सोधी बक्सनुभो बताउ तिमी यो * कसको कुटीहो भनी १
आज्ञा एति सुनेर मन्त्रि सुमती * साम्ने अगाडी सर्‍या
जसको आश्रम हो बताउँछु भनी * हात् जोरि बिन्ती गर्‍या
हे नाथ ! यो कुटि हो अरण्यकजिको * इन्ले तपस्या गरी
साहैं मान्य हुला ऋषीश्वर भनी * प्रख्यात् भया लोक् भरी २
चाँडै ई ऋषिका गएर कुटिमा * दर्शन् हजुरले पनि
गर्नै लायक ठान्दछ म अहिले * हुला ऋषी हुन् भनी
यो बिन्ती जब मन्त्रिको सुनिलिया * शत्रुघ्न खुशी भया
दर्शन् गर्न भनी अरण्यकजिका * आश्रम्‌विषे फेर् गया ३

आश्रममा पहिले पुगेर बहुतै * भक्ती मनैमा धर्‍या
फेर शत्रुघ्नजिले अरण्यकजिका * पश्री चरणमा पर्‍या
देख्या ती ऋषिले पनि कुटिमहाँ * शत्रुघ्नलाई जसै
हस्तार्घ्यादि गरेर आशिष दिई * सत्कार गर्‍या खुब तसै ४
फलफुल दीकन फेर कुशासनविषे * शत्रुघ्नलाई धर्‍या
प्रीतीपूर्वक फेर ऋषीश्वरजिले * बार्ता कुशलको गर्‍या
फेरी श्री रघुनाथको पनि सबै * बार्ता कुशलको तहाँ
सोध्या सोहि बखत अरण्यकजिले * शत्रुघ्नका सङ्गमहाँ ५
शत्रुघ्नैसँग फेर तहाँ ति ऋषिले * भन्दा भया यो पनि
भन्थ्या लोमशजी मलाई पहिले * राम् ईश्वरै हुन् भनी
जुन्दिन् श्री रघुनाथले जति लिला * गर्नू भयो सब यहाँ
बिस्तारपूर्वकले कह्या उ पनि फेर * मेरा अगाडी महाँ ६
रामको ध्यान् सबथोक् बताइ पहिले * भन्दा भया यै पनि
क्यैकाल् ध्यान् रघुनाथको गरि रहू * यै आश्रमैमा भनी
घोडा लीकन आउनन् जब तलक् * रामचन्द्रका फौज् यहाँ
तेस्दिनसम्म रहेर जानु तिमिले * फेरी अयोध्या महाँ ७
गर्नेछौ रघुनाथको तिमि जसै * दर्शन् अयोध्या गई
बैकुण्ठैपुरि जाउला उहि बखत * सायुज्य मुक्तै भई
भन्या लोमशले बताउनु हुँदा * त्यै बात शिरोपर् धरी
हे शत्रुघ्न ! म बस्तथ्याँ अझ तलक् * रामचन्द्रके ध्यान् गरी ८
यो आज्ञा ऋषिको सुनेर बहुतै * शत्रुघ्न खुशि भया
एक् रात् मन्त्रिहरू लिई ति ऋषिका * सङ्गमा कुटीमा रह्या
प्रातःकाल महाँ अरण्यक ऋषी * जाउन् अयोध्या भनी
पालकीमा धरि फेर् पठाउनु भयो * शत्रुघ्नजिले पनि ९

जाँदा क्यै दिनमा अरण्यक ऋषी * पौंच्या अयोध्या जसै
पैदल जान्छु भनेर खुब् खुशि भई * उत्या जमीन्मा तसै
केयूर् हार किरीट कौस्तुभमणी * पैहेर शोभित् भई
बस्न्या रामकन यज्ञमा ति ऋषिले * देख्या नगीच्मा गई १०
श्री रामले पनि ती ऋषीकन तहाँ * देख्नू भएथ्यो जसै
आदरपूर्वक राखि बक्सनुभयो * आसन् उपरमा तसै
सत्कार् खुब् पहिले गरेर खुशिभै * रामचन्द्रले फेर् पनि
सोधी बक्सनुभो ऋषे ! किन यहाँ * पाल्नू भयाको भनी ११
आज्ञा गर्नुहवस् ऋषे ! हजुरको * इच्छाछ मन्मा जउन्
गर्नैछु म अवश्यमेव अहिले * जो हुन्छ आज्ञा तउन्
यो आज्ञा रघुनायको ति ऋषिले * सूनी लियाथ्या जसै
गद्गद् वाणि गरेर खुब् खुशि भई * बिन्ती चढाया तसै १२
हे राम ! दर्शन पाउँला हजुरको * पाऊ कमलको भनी
आयाथ्यौं मिलि गै गयो अरु कुरा * मागदीन केही पनि
जसको नाम फगत् जपेर दुनियाँ * पुग्छन् परमपद् महाँ
उनको दर्शन पाइ फेर म अरुथोक् * मागूँ कउन् चीज यहाँ १३
धन्यै आज भयाँ जउन् तपगर्‍याँ * तेसको सुफल् सब भयो
क्यै पाप् प्राक्तनको भया पनि सबै * मेरो शरीरको गयो
एती बात् पहिले सुनाइकन फेर् * एकाग्र मन्मा लिई
प्राणायाम् खुशिभै गर्‍या ति ऋषिले * रामचन्द्रमा मन्दिई १४
सोही औसरमा निधार् ति ऋषिको * फुटेर एक् तेज् गयो
त्यो तेज् विद्युतकै समान् भई तहाँ * रामचन्द्रमा लीन् भयो
त्यस्तो अद्भुत काम् तहाँति ऋषिको * देखेर सब छक् पर्‍या
क्या बात् भक्त भनी अरण्यकजिको * तारिफ् सबैले गर्‍या १५

शेषजीका मुख देखि अद्भुत अधिक * रामको चरित्र तहाँ
वात्स्यायन ऋषिले सुनेर बहुतै * खुशी भई मन महाँ
हात जोरीकन बिन्ति फेर गरिलिया * हे नाथ ! मलाई पनि
आश्चर्य हुनगो अरुण्यक ऋषि * धन्य रह्याछन् भनी १६
हे नाथ ! फेर रघुनाथको हय घुमी * कुन् कुन् मुलुकमा गयो
कुन् रीतले गरि फर्कि यज्ञ रघुनाथ् * ज्यूको समाप्तै भयो
लीला श्री रघुनाथको मकन फेर * सम्पूर्ण बिस्तार गरी
आज्ञा गर्नुहवस् प्रभो ! हजुरले * मेरा उपर प्रेम् धरी १७

रेवानदी भित्रका नारीहरूले घोड़ा हर्नू र शस्त्र सिकाई पुनः फर्काई दिनु।

त्यो बिन्ती ऋषिको सुनेर खुशिभै * फेर् शेषजीले पनि
आज्ञाभो म कहन्छु सब् सुन तिमी * रामको चरित्रै भनी
घोड़ा फेर् रघुनाथको घुमिघुमी * रेवा किनारमा गयो
साम्ने सब् जलका पसेर नदिमा * त्यो अश्व गुप्तै भयो १
घोड़ा रक्षक जो थिया सकल ती * दुःखित् बहुतै भई
त्यो हाल् बिन्ति गऱ्या उसै बखतमा * शत्रुघ्नलाई गई
हे नाथ ! गर्नु कसो हुकुम् दिनुहवस् * चाँडो हजुरले यहाँ
घोड़ा ता नदिमा गुपत् हुनगयो * सबका अगाडीमहाँ २
बिन्ती एति सुनेर फौज् सकलको * शत्रुघ्नजीले पनि
भन्नूभो नडराउ गर्छु मयिंले * यसको उपायै भनी
खातिर् ती सब फौजलाइ दिइ फेर् * रेवा किनारमा गया
पुष्कल् औ हनुमान् दुबैकन लिई * जल् भित्र पसुता भया ३
त्यो रेवा नदिमा हुलो रह थियो * तेस् भित्र जाँदा महाँ
देख्या एक् सुनको शहर् मणिजडित् * सुन्दर् बन्याको तहाँ
देख्याथ्या जब त्यो शहर् नजरले * आश्चर्य साहै भया
घोड़ा खोज्न भनेर त्यै रहमहाँ * तीन्जन् सरासर् गया ४

हेर्दै सोहि शहर् पुग्या घुमिघुमी * क्वै नारिका घर् महाँ
देख्या त्यो ह्यलाइ फेर् ति सबले * बन्धन् पऱ्याको तहाँ
शत्रुघ्नैहरुलाइ देखिकन फेर् * नारीहरूले पनि
लाग्या हेर्न तहाँ उसै बखतमा * आया कउन् ईभनी५
फेरी ती सब नारिका बिच महाँ * मालिक्ज़उन्एक्थिइन्
शत्रुघ्नैहरुलाइ डाकि नगिन्वै * तिन्ले सुध्याई लिइन्
को हौ वीर् ! इ तीनै कसोरि अहिले * आयौ अकस्मात् यहाँ
क्या इच्छा छ बताउ सब् तिमिहरू * मेरा अगाडी महाँ ६
प्रश्नै एति सुनेर फेरि हनुमान् * तिन्का नगिच्मा गया
जो काम् आफ्नु थियो तिनैसँग सबै * खोलेर भन्दा भया
श्रीरामका सुन सुन्दरी ! सब जना * दास् हौं अनाहक् महाँ
यो घोड़ा तिमिले हरण् गरिलिंदा * आयौं सबैजन् यहाँ ७
सोझो सासु भई बुझाउ तिमिले * यो अश्वलाई पनि
समझाइकन भन्दछु म अहिले * नारी तिमी हौ भनी
दिन्नौ सासु भएर यो हय भन्या * शत्रुघ्नले यै घरी
मान्यांछन् तिमिहेरुलाइ बुझिल्यौ * वर्षा शरैको गरी ८
यस्तो बात् हनुमानको सुनिसकी * हाँसेर केही तहाँ
लागिन् भन्न ति नारि फेरि हनुमान् * वीरका अगाडी महाँ
यो घोडा मयिंले हरण् गरिलियौं * जानेर रामको भनी
तेस्को हे हनुमान् ! सबै सुन तिमी * कारण् कहन्छु पनि ९
दासी हुँ रघुनाथकी म पनि यो * रेवा किनारमा रही
डुल्थ्याँ खुशि भएर यो हय तहाँ * आयो सुशोभित् भई
यो घोड़ा मयिंले हऱ्याँ यदि भन्या * शत्रुघ्नका सङ् महाँ
होला निश्चय भेट् भनेर अहिले * पकेर ल्याएँ यहाँ १०

सोही कारणले यहाँ तिमिहरु * आयौ र भेट् भो पनि
यस्ता रीस् रतिभर् नराख मं उपर् * यो अश्व पक्की भनी
यौटा अश्व सिकाइ दिन्छु अहिले * शत्रुघ्नलाई यहाँ
लैजाऊ तिमिहेरु यो हय पनी * खुशीभई मन्महाँ ११
राजा वीरमणी भनेर शिवका * भक्तै हुला धन् कुनै
यो घोड़ाकन फेर् तिनी अब उपर् * पक्की लिन्याछन् उनै
तिन्साथी करुणाछ खूब् शिवजिको * शत्रुघ्नजीले तहाँ
जित्नैलाइ कठिन् हुन्याछ सहजै * तिन्लाइ युद्धैमहाँ १२
यो अश्वै ति उपर् प्रयोग् गरिलिनन् * शत्रुघ्नजीले जसै
ईश्वर् हुन् रघुनाथ् भनेर ति पनि * जानी लिन्याछन् तसै
चिन्हेन् श्री रघुनाथलाई जब ती * मैले बिरायाँ भनी
गिर्नन् सोहि बखत् चरण् कमलमा * शत्रुघ्नजीका पनि १३
एति बात् पहिले सुनाइकन त्यो * अश्वै सिकाइन् जसै
माग्या जान्छु भनी बिदा ति सँग फेर् * शत्रुघ्नजीले तसै
बीदा भैकन अश्वलाई पनि ली * फर्की तिनै जन् तहाँ
आया त्यो रह देखि निस्किकन फेर् * लश्कर् हरुछन् जहाँ १४

राजा वीरमणिको र हनुमान्दको उपाख्यान ।

शत्रुघ्नै हरुलाई देखिकन सब् * लश्कर्हरुले पनि
सोध्या कुन् रितले तपायिं हरुले * यो अश्व पायौ भनी
सब् बिस्तार् हनुमानले कहिदिंदा * खुशि भई मन्महाँ
तारीफ धेर गऱ्या ति सब् फउजले * शत्रुघ्नजीको तहाँ १
भेरी शङ्ख मृदङ्ग बेन्हरु पनी * सबैले बजाई लिया
जाओस् जान्छ जहाँ भनी उहिबखत् * त्यो अश्व छोड़ी दिया
वायूका गतिले मुलुक् मुलुकमा * त्यो अश्व घुम्दो भयो
फेरी क्वै दिनमा यसै तरहले * विन्ध्याचलैमा गयो २

श्री शत्रुघ्न पनि फउज्हरु लिई * त्यो अश्वका सङ् गया
शोभा त्यो गिरिको सबै नगिचमा * पौंचेर देख्दा भया
फेरी सुन्दर एक् शहर् नजरले * देख्या नजीक्मा तहाँ
शोभा गर्दछ बिन्ध्यवासिनिजिको * मन्दिर् निरन्तर जहाँ३
राजा वीरमणी भनी अघि थिया * प्रख्यात् तिनैलोक् भरी
धर्मैपूर्वक त्यो मुलुक् भर तिनै * राज् गर्दथ्या त्यो घरी
लक्ष्माङ्गद् भनि फेर् तिनै नृपातिका * छोरा निरन्तर गई
गर्थ्या त्यो गिरिमा अनेक् बन बिहार् * नारी हजारौं लिई ४
घोड़ा श्री रघुनाथको घुमि-घुमी * त्यै विन्ध्यपर्वत् महाँ
लाग्यो चर्न गई ति वीरमणिका * छोरा रहन्थ्या जहाँ
सुन्दर् त्यो हयलाई देखिकन ती * आश्चर्य साहै भया
कस्को अश्व रहेछ बुझ्दछु भनी * दौडी नजीक्मा गया५
फेरी त्यो हयका ललाट बिचको * त्यो पत्र सुन्को जसै
बाँच्या ती नृपपुत्रले र बहुतै * क्रोध् गर्न लाग्या तसै
याल्मा त्यो हयको समाति करले * बाँधेर रुखमा तहाँ
लाग्या भन्न ति फेर् सबै युवतिका * साम्ने अगाडी महाँ ६
मेरो भक्त भनेर यस् नगरिमा * प्रीती मनैमा धरी
बस्छन् श्री भगवान् सदाशिव पनी * जस्को सहायै गरी
उस्ता वीरमणी पिता अझ तलक् * मेरा छँदैमा पनि
राम्ले शेखि गरेछ वीर् म सरिको * क्वै छैन दोश्रो भनी ७
अर्को वीर छ कुन् त्रिलोकभरमा * मेरा पिताका सरी
शेखी तोड्दछु रामको म अहिले * यो अश्वलाई धरी
एती बात् पहिले भनेर पछि फेर् * लक्ष्माङ्गदे वीर् पनि
फर्क्यो तेस्घरि रामको हय लिई * जान्छु नगर्मा भनी ८

पौंची फेर् पुरमा पितासँग ति गै * पश्री चरणमा पर्‍या
रामको यो मयिंले हर्‍याँ हय भनी * हातजोरि बिन्ती गर्‍या
एती बिन्ती सुनेर खुब् खुशि भई * फेर् पुत्रलाई पनि
भन्छन् वीरमणी असल् गरिलियौ * हे पुत्र ! तिम्ले भनी ९
एती बात् अघि पुत्रका सँग गरी * एकाग्र भै मन् महाँ
फेरी श्री शिवको ति वीरमणिले * ध्यान्गर्न लाग्या तहाँ
क्यैकाल् ध्यान् तिनिले गर्‍याजबतहाँ * प्रत्यक्ष शङ्कर् भई
सोधी बक्सनुभो ति वीरमणिका * साम्ने अगाडी गई १०
हे राजन् ! तिम्ले मलाई अहिले * कुन् कारणैले यहाँ
डाक्यौ जल्दि बताउ त्यो सब कुरा * मेरा अगाडी महाँ
यो आज्ञा भगवान् सदाशिवजिको * सुनी सक्याथ्या जसै
हात् जोरीकन फेर् ति वीरमणिले * बिन्ती चढ़ाया तसै ११
हे नाथ् ! यौ रघुनाथको हय यहाँ * रुक्माङ्गदैले हरी
ल्यायो गर्दु कसो बताउनुहवस् * मेरा ऊपर् प्रेम् धरी
यो बिन्ती शिवले ति वीरमणिको * सुनेर फेरी पनि
भन्नूभो नबुझेर यो हय हर्‍यो * रुक्माङ्गदैले भनी १२
एही कारणले अवश्य बुझिल्यौ * शत्रुघ्नका सङ् महाँ
कत्तलू क्षत्रियको हुन्या अति ठुलो * पर्‍याछ संग्राम् यहाँ
तस्मात् यो हयलाई ली सँगमहाँ * चाँडो तिमीले पनि
शत्रुघ्नैसँग भन्न जाउ अहिले * दासहुँ म रामको भनी १३
यो शिक्षा भगवान् सदाशिवजिको * सुनी सक्याथ्या जसै
हात् जोरीकन फेर् ति वीरमणिले * विन्ती चढ़ाया तसै
हे नाथ् ! क्षत्रिय धर्मले गरि यहाँ * रुक्माङ्गदैले पनि
रामको अश्व हर्‍यो कृपा छ शिवको * मेरा उपरमा भनी १४

क्षत्री भैकन हे प्रभो ! कसरी यो * निन्दितहुन्याकाम् गरूँ
फेरे कँातर सरि शत्रुका चरणमा * कस्ता हिसाबले परूँ
दास् हुँ हे करुणानिधान् ! अब यहाँ * मेरा उपर् प्रेम् धरी
हुर्मत् जुन् रितले रहन्छ उहि काम् * गर्नूहवस् यो घरी १५
बिन्ती एति सुनेर खुब् खुशि भई * शङ्करजिले फेर् तहाँ
आज्ञा गर्नु भयो ति बीरमणिका * सामने अगाड़ी महाँ
हे राजन् ! तिमि लड्दछौ यदि भन्या * तिम्रो सहायै भई
लड्न्याछु भरसक् अवश्य म पनी * शत्रुघ्नका साथ् गई १६
श्री रामचन्द्र सिवाय बीर् अरु कुनै * आउन् तथापी यहाँ
तिम्रे जीत गराउन्याछु मायिंले * संग्राम् गर्दा महाँ
दर्शन् श्री रघुनाथले जब दिनन् * त्यो दिन् अवश्यै पनि
छोड्न्याछु म लड़ायिं गर्न बुझ्यौ * साँचो कुरा हो भनी १७
अर्को बात पनी म भन्छु सुनिल्यौ * एही लड़ायिं गरी
तिम्रो कीर्ति चलाउँन्याछु मायिंले * सारा तिनै लोक् भरी
आज्ञा श्री शिवको ति बीरमणिले * सुनी सक्याथ्या जसै
जान्छु लड्न भनेर फौजहरु सब् * सामेल् गराया तसै १८
बीर् रुक्माङ्गदले जउन् बखतमा * त्यो अश्व पक्री लिया
तेस् बेला हयका ति रत्नकहरू * साहै पछाड़ी थिया
सोही कारण रामको हय यहाँ * धसूले समात्यो भनी
सब् ती रत्नकहरुका बिच महाँ * जान्दैनथ्या क्वैपनि १९
खोज्दै त्यो हय फेर् ति रत्नकहरू * सोही बनैमा गया
तेस् बनमा हय त्यो नदेखिकन ती * आश्चर्य साहै भया
सोही औसरमा सबैसँग तहाँ * शत्रुघ्नजीले पनि
सोध्नूभो भन अश्व देखूतिन यहाँ * कसले समात्यो भनी २०

घोड़ालाई यसोरि यस् बखतमा * यसले समात्यो यहाँ
भन्या ती सब फौजका बिचमहाँ * निष्केन कोही तहाँ
गान् गर्दै हरिको चरित्र उ बखत् * वीणा करैमा धरी
आया नारदजी बहुत् खुशि भई * आकाश् गतिले गरी २१
देखी नारदलाइ दौड़िकन गै * शत्रुघ्नजीले तहाँ
भक्तिपूर्वक दण्डवत् गरिलिया * पश्चेर पाऊ महाँ
आसन्माथि बसाइ झट् उहि बखत् * पूजा विधान्ले गऱ्या
चर्णोदक् लिइ फेरि नारदजिको * आफ्ना शिरैमा छऱ्या २२
हात् जोरीकन प्रश्न यो गरिलिया * शत्रुघ्नजीले अनि
ब्रह्मर्षे ! रघुनाथको हय यहाँ * कस्ले समात्यो भनी
मिल्ला फेर् कसरी, कहाँ छ हय त्यो * खोजौं कउन् रीत् गरी
शिक्षा गर्नुहवस् यहाँ हजुरले * मेरा उपर् प्रेम् धरी २३
यस्तो प्रश्न सुन्या ति नारदजिले * शत्रुघ्नजीको जसै
यस्ले अश्व हऱ्यो, यहाँ छ भनि फेर् * सब् भन्न लाग्या तसै
हे शत्रुघ्नजि ! भक्त शङ्करजिका * प्रख्यात् तिनैलोक् भरी
राजा वीरमणि यसै नगरिमा * राज् गर्दछन् यो घरी २४
रुक्माङ्गद् भनि फेर् ति वीरमणिका * जेठा कुमार् छन् यहाँ
तिन्ले त्यो हयलाई एहि बनमा * पक्री लग्या घर् महाँ
हे शत्रुघ्नजी ! खुब् भयङ्कर यहाँ * पर्न्याछ संग्राम् भनी
सैचान् दिन्छु म लौ तयार् गर फउज् * चाँडो तिमीले पनि २५
जित्ने छौ पछि ता तिमी तर पनी * पैल्हा लड़ायीं महाँ
साह्रै कष्ट हुन्याछ वीरहरु अनेक् * कत्तल् हुन्याछन् यहाँ
शत्रुघ्नैकन त्यो सुनाइ पहिले * वीदा तुरुन्तै भया
गान् गर्दै हरिको चरित्र खुशिभै * आकाश् गतीले गया २६

नारदजी जब जानुभो उहि बखत् * शत्रुघ्नजीले पनि
मन्त्रीलाइ हुकुम् दिया फउजको * व्यूह गराऊ भनी
उदीं एति सुन्या तहाँ सुमतिले * शत्रुघ्नजीकों जसै
फौज्को व्यूह रचित्गर्‍या अति ठुलो * किल्ला समान्को तसै२७
सोही औसरमा ति वीरमणिले * आफ्ना फउज् जो थिया
भ्याली देश्भरिमा पिटाईकनसब् * सामेल् गराई लिया
फेरी भाइ र पुत्रले सहितका * लश्कर् लिई सङ्गमहाँ
आया लड्न भनेर त्यै बखतमा * शत्रुघ्नजी छन् जहाँ २८
भेरी शङ्ख मृदङ्ग आदि रणका * बाजा बजाई लिन्या
चल्दामा पृथिवी पनी दमकले * डग्मग् गराई दिन्या
यस्तो लश्कर त्यो ति वीरमणिको * देखी लियाथ्या जसै
आफ्ना लश्करमा हुकुम् गरिलिया * शत्रुघ्नजीले तसै २९
हे वीर् हो ! हतियार् लिईकन यहाँ * चाँडो तयारी भई
लड्नू सब् जनले इ वीरमणिका * साम्ने अगाडी गई
उदीं एति सुन्या सबै फउजले * शत्रुघ्नजीको जसै
टङ्कार् खुब् धनुको गराइ रणका * बाजा बजाया तसै ३०
फेरी सब् रघुनाथका फउजले * क्रोधित् भई मन्महाँ
वर्षाया हतियार वीरमणिका * फौज्का उपरमा तहाँ
एकै पल्ट गएर सब् ति हतियार् * फौज्मा गिरेथ्यो जसै
हात्ती रथ् पइदल् सिपाहिहरु सब् * कत्तल् भया धेर् तसै ३१
आफ्ना लश्करको बिनाश बहुतै * देखेर क्रोधित् भई
छोड्या अस्त्र अनेक् चढाइ धनुमा * रुक्माङ्गदैले गई
रामको फौज् पनि फेर् ती वीरगइतहाँ * धेरै गिराया जसै
आया पुष्कलजी स लड्दछु भनी * तिन्का अगाडी तसै ३२

सामने पुष्कलले देखिकन फेर् * रुक्माङ्गदैले तहाँ
लाग्या शेखि गरेर भन्न इ कुरा * त्यो युद्ध-भूमी महाँ
हे पुष्कल्! सुन राजपुत्र तिमि हौ * राजपुत्रकै सङ्गमहाँ
लड्नू योग्य छ युद्ध खुब् गर तिमी * मेरा सँगैमा यहाँ ३३
एती बात् पहिले सुनाइकन फेर् * हातमा धनुर्बाण् लिया
चार्बाण् पुष्कलका उपर् उहि बखत् * ताकेर छोडी दिया
वीर् रुक्माङ्गदका ति सब् शरहरू * आफ्ना शरैले गरी
काट्या पुष्कलले पनी सहजमा * आकाशमै त्यो घरी ३४
फेरी पुष्कलले रिसाई बहुतै * दश् बाण छोडी तहाँ
घोडा सारथि चक्र रथक समेत् * मार्‍या उसै बीचमहाँ
फेर् अर्को रथमा चढेर रिसले * रुक्माङ्गदै वीर् पनि
आया पुष्कललाइ गैकन सहज् * माई म ऐल्हे भनी ३५
सामने पुष्कलका गएर उ बखत् * भन्दाभया फेर् तहाँ
हे पुष्कल्! तिमि धन्य छौ तिमिसरी * कवै छैन दोश्रो यहाँ
आयाँ लड्न म फेरि लौ तिमि पनी * खुब् धैर्यपूर्वक् रह्नु
यौटा अस्त्र चलाउँछु म अहिले * त्यो अस्त्रलाई सह्नु ३६
पैल्हे एति कुरा सुनाइकन फेर् * रुक्माङ्गदैले तहाँ
छोड्या भ्रामक अस्त्र पुष्कलजिको * ताकेर छाती महाँ
बज्रयो अस्त्र गई जसै हृदयमा * बज्रै समान् वेग् गरी
पुष्कल्को रथ चारकोस् हटिगयो * धक्का उसैको परी ३७
फेरी सारथिले बहुत् जतनले * त्यो रथ् सम्हाली तहाँ
ल्याया पुष्कललाइ त्यै बखतमा * रुक्माङ्गदै छन् जहाँ
सामनेमा गइ राजपुत्रकन खुब् * हेरेर क्रोधले गरी
लाग्या भन्न इ बात् ति पुष्कल तहाँ * हातमा धनुर्बाण् धरी ३८

हे राजपुत्र ! यहाँ पराक्रम सबै * तिम्ले गऱ्याको पनि
देख्तामा मँयिले बुझ्याँ तिमि अधिक् * हुला रह्याछौ भनी
यौटा अस्त्र चलाउँछु म अहिले * सैंचान् अगाडी दिई
तेसको चोट् तिमिले पनि सहु यहाँ * खुब् धैर्य मन्मा लिई ३९
एती बात् पहिले सुनाई धनुमा * एक् बाण् चढ़ाई लिया
त्यो बाण् फेरि तहाँ ति पुष्कलजिले * मन्त्रेर छोड़ी दिया
बीर् रुक्माङ्गदका गएर रथमा * त्यो बाण् गिरेथ्यो जसै
वायूकै सरि बेगले गगनमा * त्यो रथ् उडायो तसै ४०
बेगले त्यो रथ सूर्यका नगिचमा * उड्दै बराबर् गयो
ताहीं सूर्यजिका कठोर् किरणले * त्यो रथ् खरानी भयो
लागेथ्यो जब डढ्न त्यो रथ तहाँ * रुक्मांगदै बीर् पनि
फालहाल्या रथदेखि क्यै घरि रह्या * डढ्छु म ऐल्हे भनी ४१
आकाशदेखि कुदेर बेग्सित जसै * गीऱ्या जमीन्मा गई
मूर्छा पर्नगयो उसै बखतमा * पीडा शरीर्मा भई
बीर् रुक्मांगदलाइ मूर्छित भई * देख्या गिऱ्याका जसै
तिन्का फौजहरु जो थियातिपनि सब् * भाग्या डरैले तसै ४२
छोरो मूर्छित् भै गिऱ्यो भनि बहुत् * क्रोधित् भई मन्महाँ
आया वीरमणी म लड्दछु भनी * पुष्कल् रहन्थ्याँ जहाँ
सोही औसरमा कुदेर हनुमान् * साम्ने अगाडी गया
पुष्कल्को म सहाय गर्दछु भनी * तिन्लाइ रोक्दा भया ४३
लड्न्या मन्सुबले ति वीरमणिका * साम्ने अगाडी महाँ
आयाका हनुमानलाइ उ बखत् * पुष्कल्जी भन्छन् तहाँ
ऐल्हे हे हनुमान् ! इ वीरमणिका * सङ्मा न लड्छु भनी
आयौ व्यर्थ तिमी सहज्सँग यहाँ * जित्न्याछु भनी पनि ४४

हे वीर ! देव मनुष्य दानवहरू * सम्पूर्ण जम्मा भइ
आया लड्न भन्या पनी तिमि सहज * एक्लै अवश्यै गई
सक्छौ जित्न भन्या इ वीरमणि हुन * जोरी भन्या भैं गरी
आयौ लड्छु भनेर लौ किन तिमी * रणमा अगाड़ी सरी ४५
ई बात पुष्कलको सुनेर हनुमान * अत्यन्त खुशी भया
छोडी ती नृपलाइ लड्छु भनि फेर * अर्कै थलामा गया
भाई एक थिया ति वीरमणिका * त्यो युद्ध - भूमीमहाँ
तिन्कै साथ महाँ गएर हनुमान * खुब्लड्नलाग्यातहाँ ४६
फक्र्याथ्या हनुमान् जसै उहि बखत * अत्यन्त क्रोधित भई
हाँक्या पुष्कलले ति वीरमणिका * सामने अगाडी गई
देख्या पुष्कललाई वीरमणिले * आफ्ना अगाड़ी जसै
साह्रै शेखी गरेर बालक बुझी * क्यै भन्न लाग्या तसै ४७
हे पुष्कल ! तिमिलाइ बालक बहुत * देखेर खुब मन्महाँ
माया लाग्छ कसोरि लड्नु मयिंले * तिम्रा सँगैमा यहाँ
मेरो पुत्र अघी लडेर तिमिले * मूर्छा गरायौ भनी
आयाँथ्याँ रिसले तथापि अब ता * रीस् छैन केही पनि ४८
बालक् भै किन मर्नलाइ अहिले * आयौ रणस्थल् महाँ
फर्की जाउ तिमी यसै बखतमा * शत्रुघ्नजी छन् जहाँ
यै रीतका अरु बात् ति वीरमणिले * छेड्का सुनाया जसै
गम्भीर् वाणि गरेर पुष्कलजिले * उत्तर दिया फेर् तसै ४९
हे राजन् ! तिमिले भन्यौ मकन जो * बालक् रह्याछौ भनी
साँचै बालक छु म ता तिमि त छौ * बूढा अवश्यै पनि
मान्छन् क्षत्रीयमा पराक्रमि भया * हुन्छ भनी सब् यहाँ
बूढै हो भनी क्यै पराक्रमि न भै * को भन्छ संसारमहाँ ५०

तिम्रा पुत्र गिऱ्या जउन् तरहले * तिम्लाइ त्यै रीत् गरी
मूर्छा पारि गिराउन्याछु अहिले * थिर् भै रहू क्यै घरी
ई बात् पुष्कलको सुनेर बहुतै * बालस्व् बुझी मन्महाँ
हाँस्या वीरमणी ति पुष्कलजिको * ठट्टा गरी धेर् तहाँ ५१
हेलाँ धेर् गरी ति वीरमणिले * ठट्टा गऱ्याको जसै
देख्या पुष्कलले र क्रोधगरि बहुत् * नौ बाण् चलाया तसै
एकै बार् नउबाण् जसै हृदयमा * लाग्यो उ बेगूलो गई
लाग्यो बग्न रगत् ति वीरमणिका * घाऊ शरीरमा भई ५२
घायल् गऱ्या भनि ति वीरमणी रिसाया
छानेर तीन् शर लिईकन फेर् चलाया
पुष्कलजिको पनि गएर निधार माहाँ
लाग्यो ति शरहरु उसै घरि जल्दि ताहाँ ५३
लागेर तीन् शर ति पुष्कल् भनू रिसाई
एकै बखत् शर अशी धनुमा चढ़ाई
छोडेर अश्व रथ सारथि मारि ताहाँ
गर्ज्या ति वीरमणिका गई सामुमाहाँ ५४
फेर् अर्को रथमा चढ़ेर रिसले * अर्को उठाई धनू
लाखौं वाण्लिई फेर ति वीरमणिले * हान्या छिटो क्या भनूँ
सारा ती शर लागि फौजहरु तहाँ * पुष्कल् तरफ् जो थिया
धेरै वीरहरुलाइ तेस् बखतमा * कत्तल् गराई दिया ५५
आफ्ना लश्करको बिनाश बहुते * देखेर पुष्कल् पनि
लाग्या शरहरु छोड्न वीरमणिको * सब् फौज् गिराऊँ भनी
एकै बार् दुइ वीरका शरहरू * लागी अनेक् वीर् मरी
लाग्यो बग्न कुलो तहाँ रगतको * शोभा बहुते गरी ५६

आकाश औ रणभूमिमा सलह भैं * ढाक्ता ति शरले तँह
रात्रीकै सरि अन्धकार हुनगयो * सारा रणस्थल महाँ
हात्ती रथ पइदल सिपाहिहरु फेर * लागी ति शरले गरी
कत्तल भै जिमिमा गिरीकन सबै * ढाक्यो रणस्थल भरी५७
सारा वीर दुइ तर्फका उस बखत * व्याकुल बहुतै भया
टिक्नै मुश्किल भै रणस्थल महाँ * भागेर अन्तै गया
क्रोधित भैकन फेर ति बीरमणिले * वर्षा शरैको गरी
ढाक्या ठीक पिंजरा गराइकन रथ * पुष्कलजिको त्यै घरी५८
फेरी एकशय शर ति वीरमणिले * छोडी उसै बिचमहाँ
जल्दी पुष्कलको कवच पनि सहज * काटी गिराया तहाँ
एकै पल्ट तहाँ अनेक शरहरू * लागेर बेगले गई
क्यै काल पुष्कलजी गिऱ्यारथ उपर * व्याकुल बह्नुभई ५९
क्यैकाल मूर्छित भै उठेर पछि फेर * खुब धैर्य मनमा धरी
काट्या त्यो शर जाललाई सहजै * आफ्ना शरैले गरी
फेरी त्यो रणभूमिका बिचमहाँ * अत्यन्त क्रोधित भई
भन्छन् पुष्कलजी ति वीरमणिका * सामने अगाडी गई ६०
हे राजन् ! तिमिले सहजसँग यहाँ * ऐल्हे मलाई पनि
पार्दा यो शर जालमा बुझिलियौं * धन्यै रह्याछौ भनी
एति बात पहिले सुनाइकन फेर * तीन् बाण् करैमा धऱ्या
सामूने सब् जनका ति पुष्कलजिले * ठूलो प्रतिज्ञा गऱ्या ६१
क्रोधले पूर्ण भई उसै बखतमा * सब् वीरलाई पनि
भन्छन् पुष्कलजी सुनुन् सब यहाँ * मेरो प्रतिज्ञा भनी
मैले वीरमणीजिलाई सहजै * सामूने सबैका यहाँ
मूर्छा पारि गिराउन्याछु अहिले * यो युद्ध भूमीमहाँ ६२

मूर्छा पार्न सक्तीन क्यै गरिभन्या * साँचो कुरा गर्दछु
अग्नीमा अहिले प्रवेश् गरि यहाँ * हत्या गरी मर्दछु
एहीबात् पहिले सुनाइकन फेर् * एक् बाण् चलाया जसै
बीचमै त्यो शरलाई वीरमणिले * काटी खसाया तसै ६३
फेर् अर्को शर त्याग् गऱ्या उहि पनी * आफ्ना शरैले तहाँ
टुक्रा पारिदिया ति वीरमणिले * आकाशका बीच्महाँ
तीन् वाण्मा दुइ वाण् बिफल् जब भयो * पुष्कल् जिलाई पनि
चिन्ता पर्न गयो पुऱ्याउँ कसरी * मेरो प्रतिज्ञा भनी ६४
फेरी श्री रघुनाथका चरणको * भक्ती मनैमा धरी
तेश्रो बाण् धनुमा चढाइकन खुब् * मन्त्रेर धेर्यै गरी
छोड्या त्यो शर गै ति वीरमणिका * लाग्यो शरिरमा जसै
साह्रै चोट् परि बेदना हुनगई * मूर्छा पऱ्या ती तसै ६५
सोही औसरमा तहाँ ति हनुमान् * साह्रै हुलो क्रोध् गरी
लड्ध्या त्यो घरि वीरसिंहसित गै * साम्ने अगाडी सरी
देखी श्री हनुमानलाइ नगिचै * हातमा धनुर्वाण् लिया
वाण्को वर्षण धेर् गरेर बहुतै * व्याकुल् गराई दिया ६६
एकै पल्ट गई ति सब् शरहरू * लाग्या शरिरमा जसै
घाऊ धेर भई रगत् बहिगयो * सारा शरीरमा तसै
क्रोधित् भैकन् वीरसिंह नृपका * छातीविषे जोर् गरी
हान्या श्री हनुमानले मुठि जसै * लोट्या ति मूर्छापरी ६७
रुक्मांगद् पनि चोट खाई पहिले * मूर्छा भयाका थिया
व्यूँझी क्रोध गरेर फेर् उहि बखत् * हातमा धनुर्वाण् लिया
रुक्मांगद् र सुभांगदै ति दुइले * सोही बखत्मा तहाँ
फेरी श्री हनुमानलाई शरले * ढाक्या रणस्थल् महाँ ६८

देखी लड्न्या दुवै वीरकन तहिं हनुमान् वीर् पनी खुब् रिसाई
प्राण् लिन्छु ई दुवैको भनि नगीच दुवै वीरका जल्दि जाई
बेही आफ्ना पुछर्ले दुई रथ तिनको भूमिमा पट्कि दिया
रुक्माङ्गद् फेर् सुभाङ्गदकन पनि सहजै मूर्छितै पारिलिया ६९

राजा बीरमणितिरबाट गणहरूसमेत शिवजीको शत्रुघ्नहरूसित युद्ध।

जो फौज् वीरमणी तरफ् अरु तहाँ * बाँकी रह्याका थिया
पुष्कल्ले शर वृष्टि खुब्सित गरी * सबलाई मारी दिया
मेरा भक्त उपर् विपद् परिगयो * उद्धार् म गर्छु भनी
पट्टीदारि भएर वीरमणिका * आया सदाशिव् पनि १
देख्या श्री शिवलाइ शत्रुदलमा * शत्रुघ्नजीले जसै
आफैं लड्छु भनेर आइ शिवका * साम्ने भया फेर् तसै
साम्ने देख्नु भयो जसै शिवजिले * शत्रुघ्नलाई तहाँ
आफ्ना गणहरुलाइ उर्दि दिनुभो * लड्नू भनी रणमहाँ २
साहै क्रोध् गरि वीरभद्रकन फेर् * आज्ञा भयो यो पनि
पुष्कल्लाइ गएर जल्दि तिमिले * मारेर आऊ भनी
यो आज्ञा शिवको सुनेर खुशिभै * श्री वीरभद्रै गई
लाग्या लड्न तहाँ ति पुष्कलजिका * साम्ने अगाड़ी भई ३

श्री वीरभद्रकन देखि बहुत् रिसाया
पुष्कल् पनि रथ चढीकन जल्दि आया
पाँच् बाण छोड़िकन फेरि लगाइ ताहाँ
गर्ज्या ठुलो स्वर गरी रणभूमि माहाँ ४

श्री वीरभद्र पनि फेरि बहुत् रिसाया
पुष्कल् उपर् त्रिशुल एक ठुलो चलाया
देखी त्रिशुलकन अनेक् शर फेर् चलाया
काटेर पुष्कलजिले जिमिमा गिराया ५

काट्या पुष्कलले त्रिशुलकन जसै * फेर् वीरभद्रै पनि
आया क्रोध गरेर पुष्कलजिको * रथ् चूर्ण गर्छ भनी
पक्की बाह्नलिले उठाइकन रथ् * फ्याँक्या जमीनमा जसै
त्यो रथ् चूर्ण भयो र पुष्कल पनी * उत्र्या जमीनमा तसै ६
फेरी ती द्वइ वीरले उहि बखत् * रणमा अगाड़ी सरी
बाहू युद्ध गऱ्या परस्पर महाँ * साहै ठूलो क्रोध् गरी
घूँड़ाले मुठिले र बाहु द्वइले * हान्दा बराबर् तहाँ
हुन्थ्यो वज्र सरी अवाज् अति ठुलो * त्यो युद्धभूमी महाँ ७
चार्दिन् त्यो रणभूमिको विचमहाँ * तेस्तै हिसाबले गरी
भारी युद्ध गऱ्या परस्पर तहाँ * मान्र्या इरादा धरी
फेरी पाँच् दिनभो जसै उहि बखत् * अत्यन्त क्रोधित् भई
दिनभर् युद्ध गऱ्या ति वीर द्वइले * उफ्री गगनमा गई ८
साहै क्रोधित वीरभद्र हुनगै * पाँचौं दिनैमा तहाँ
हान्या वज्र समानको मुशलले * पुष्कलजिका शिरमहाँ
चोट् लागीकन त्यो कठोर् मुशलको * मूर्छित् भयाथ्या जसै
काट्या शिर् पनि झट् ति पुष्कलजिको * फेरी तिवीरले तसै ९
मारी पुष्कललाइ खुब् खुशिभई * फेर् वीरभद्रै पनि
गर्ज्या त्यो रणभूमिका बिचमहाँ * माऱ्यौं ठुलो वीर् भनी
पुष्कल् मर्न गया भनेर बह्नतै * शत्रुघ्नजी फेर् तहाँ
लाग्या गर्न विलाप् अनेक् तरहले * त्यो युद्धभूमी महाँ १०
सुर्ता पुष्कलको गरेर बह्नतै * व्याकुल् भयाका जसै
देख्ता शंकरले बुझाउनु भयो * शत्रुघ्नलाई तसै
हे शत्रुघ्न ! विचार् नराखिकन क्यै * जान्या पुरुष् भै यहाँ
सुर्ता यो किन गर्दछौ तिमि ठुलो * आएर संग्राम्महाँ ११

कालैरुद्र इ वीरभद्र बुझिल्यौ * क्रोधित् इनै वीर् भई
दक्षैको पनि यज्ञ नाश् गरिदिया * एक्लै सहज्मा गई
उस्तां वीर् सँगमा बराबर भई * पाँचदिन् लड़ी खुब् यहाँ
पुष्कल् मर्न गया भन्या किन तिमी * शोक् गर्दछौ मन्महाँ १२
इन्को शोक् रतिभर् नमान तिमिले * खुब् धैर्य मन्मा धरी
लड्नू योग्य छ यत्नपूर्वक यहाँ * के हुन्छ सुतां गरी
इ बात् शङ्करको सबै सुनि सक्या * शत्रुघ्नजीले जसै
क्रोधले शंकरका उपर् शर बहुत् * वर्षा गराया तसै १३
शंकरले पनि क्रोध् गरेर बहुतै * वर्षा शरैको गऱ्या
लड्दा यै रितले ति वीर ढुइले * आकाश् शरैले भऱ्या
आकाशमा बसि देवताहरु पनी * आश्चर्य भै मन्महाँ
ताडिफ् धेर गरेर एहि रितको * गर्थ्यो कुरा सब् तहाँ १४
यो संग्राम् बहुतै भयंकर भयो * हामी हरूले पनि
हेर्नु पर्दछ लौ कसोरि कति दिन् * लड्दा रह्याछन् भनी
एघारौं दिन बित्न गो ति ढुइले * संग्राम गर्दा जसै
ब्रह्मास्त्रै लिइ छोड्दिया शिव उपर् * शत्रुघ्नजीले तसै १५
फेरी श्री भगवान् सदाशिवजिले * ब्रह्मास्त्रको त्यो घरी
संहार् गर्नुभयो चढाइ धनुमा * एक ब्रह्मशिर् त्याग् गरी
धेरै बाण् अरु त्याग् गरी उहिबखत् * सब् मर्म मर्मै महाँ
मूर्छा शंकरले गराउनु भयो * शत्रुघ्नलाई तहाँ १६
श्री शत्रुघ्नजिलाई त्यो रणमहाँ * देख्या गिऱ्याको जसै
हाहाकार् गरि रामका सकल फौज् * भाग्या डरैले तसै
फेरी श्री हनुमान् रिसाईकन खुब् * दौडेर वेग्ले गरी
साम्ने शंकरका गया उहि वखत् * लड्न्या इरादा धरी १७

पौंची श्री हनुमानले शिवजिका * साम्ने भन्या यो पनि
हे शंकर ! रघुनाथको किन तिमी * काम् विघ्न गर्छौं भनी
ध्यान् गर्छन् रघुनाथकै शिव पनी * भन्थ्या सबै जन् यहाँ
राम्का लश्करको विनाश् किन गऱ्यौ * यो युद्ध भूमि महाँ १८
यस्को कारण क्यै भया सकल त्यो * मेरा अगाडी कहू
नाहीं शेखि छुटाइ दिन्छु अहिले * खुब् यत्नपूर्वक् रहू
ई बात् श्री हनुमानको सुनिसकी * भन्छन् सदाशिव् तहाँ
साँचा हुन् तिमिले भन्यौ जति कुरा * ऐल्हे मलाई यहाँ १९
के गर्नू तर भक्त वीरमणि हो * मेरो अवश्यै पनि
भक्तै मोथि विपद् परेर अहिले * रक्षा म गर्छु भनी
आयाको छु तथापि भक्ति रघुनाथ् * ज्यूकै सदा गर्दछु
भक्तै हो भनि आइ दर्शन दिया * उन्कै शरण् पर्दछु २०
यस्तो बात् शिवको सुनेर हनुमान् * वीरले उसै बिच्महाँ
हान्या पत्थर एक् उठाइ शिवको * रथ्लाइ ताकी तहाँ
लाग्यो पत्थर त्यो गएर रथमा * रथ् चूर्ण भैगो जसै
क्रोधले पूर्ण भई सदाशिव पनी * उठ्या जमीन्मा तसै २१
फेरी एक ठुलो सदाशिवजिले * शक्ती उठाई लिया
त्यै शक्ती हनुमानका हृदयमा * ताकेर छोडी दिया
त्यो शक्ती पनि फेर् छलेर हनुमान् * वीरले तुरुन्तै तहाँ
हान्या वृक्ष ठुलो उखेलि शिवका * ताकेर छातीमहाँ २२
त्यै बीच्मा शिवले मुसल् अति ठुलो * लीएर फेरी पनि
भन्नू भो हनुमानलाइ अब हेर् * माछ्छै तँलाई भनी
पैल्हे गति भनी मुसल्कन तहाँ * छोडी दिनूभो जसै
तेस्लाई पनि फेर् छल्या ति हनुमान् * वीरले सहज्मा तसै २३

बेगुले सोही मुसल् जहाँ गई गिऱ्यो * फोड़ेर पृथ्वी तहाँ
सोभैत्यो शिवको मुसल् उहि बखत् * पौंच्यो रसातल् महाँ
फेरी श्री हनुमानले पनि ठुलो * पर्वत् उठाई लिया
क्रोधले पूर्ण भई सदाशिव उपर् * ताकेर छोडी दिया २४
एही रितसित वृक्ष पर्वत शिला * वर्षा गराया जसै
सन्तोष् भै हनुमानलाइ शिवले * आज्ञा गऱ्या फेर् तसै
क्या बात् हे हनुमान् ! पराक्रमि महाँ * क्वै छैन तिम्रा सरी
जो माग्छौ वरदान् म दिन्छु अहिले * खूशी हुनाले गरी २५
यो आज्ञा शिवको सुनेर हनुमान् * वीर् भन्न लाग्या तहाँ
श्री रामचन्द्रजिको कृपा हुनगई * पूर्णैछु वरले यहाँ
माग्छ तै पनि वर् कृपा हजुरले * मेरा उपरमा गऱ्या
रक्षा गर्नुहवस् इ सब् पुरुषको * जो-जो समरमा मऱ्या २६
द्रोणाचल् गिरिमा गएर अहिले * ल्याएर औषध यहाँ
सबको प्राण बचाइ दिन्छु मयिंले * यो युद्धभूमी महाँ
औषध् ली जब तक् म फिर्दिन यहाँ * सबको जतनले गरी
रक्षा गर्न कचोल् गऱ्या हजुरले * जान्या थियाँ यो घरी २७

हनुमानजीले द्रोणाचलमा औषधी लिनजानु र देवताहरुसित युद्ध गर्नु ।

यो बिन्ती हनुमानको सुनि सकी * भन्छन् सदाशिव् पनि
रक्षा ई सबकों म गर्छु तिमि गै * ली आऊ औषध् भनी
यो आज्ञा शिवको सुनेर हनुमान् * द्रोणाचलमा गया
पौंची त्यो गिरिमा पुछर् जमिनमा * जोरले बजार्दा भया १
काँप्यो पर्वत त्यो सबै उहि बखत् * सोही दमकले जसै
रक्षक् जो गिरिका थिया ति पनि सब् * आएर घेऱ्या तसै
फेरी श्री हनुमानलाइ सब ती * रक्षकहरुले पनि
वर्षा खुब् हथियारको गरिलिया * माछौं सहजमा भनी २

फेरी श्री हनुमानले पनि तहाँ * लात्‌ले पुछर्‌ले गरी
हानी ती सब वीरलाइ सहजै * व्याकुल गऱ्या त्यै घरी
कोही मूर्छित भै गिऱ्या जमिनमा * कोही डरैले तहाँ
भाग्या प्राण बचाइ शीघ्र गतिले * श्रीइन्द्रजी छन् जहाँ ३
देखी सोधिलिया ति सबकन तहाँ * श्री इन्द्रजीले पनि
कुन् वीरले तिमिहेरुलाइ अहिले * घाऊ गरायो भनी
आज्ञा इन्द्रजिको सबै सुनिलिया * रक्तकहरुले जसै
हात् जोरीकन इन्द्रका हजुरमा * बिन्ती चढ़ाया तसै ४
हे नाथ् ! बानर एक् यसै बखतमा * द्रोणाचलैमा गयो
त्यसले जो रखवार् थिया हजुरका * सबलाइ मार्दो भयो
माऱ्यो क्वैकन कोहिलाइ रिसले * मूर्छा गराई दियो
आयौं हामि खबर् बताउन तहाँ * त्यो वीर् बसेकै थियो ५
यस्तो बात् रखवारको सुनी यहाँ * श्री इन्द्रजीले पनि
घौंतालाइ हुकुम् दिया तिमिहरू * सब् लड्न जाऊ भनी
आज्ञा इन्द्रजिको सुन्या सकल ती * घौंताहरुले जसै
जान्छौं लड्न भनेर द्रोणगिरिका * पौंच्या शिखर्‌मा तसै ६
फेरी श्री हनुमानका नगिचमा * घौंताहरू सब् गई
लाग्या घेर् हतियार् खसाउन तहाँ * अत्यन्त क्रोधित् भई
देख्याथ्या हनुमानले पनि तहाँ * घौंताहरू जो थिया
सबका साथ लडेर त्यै बखतमा * व्याकुल् गराई दिया ७
व्याकुल् भै डरले फिरेर ति सबै * घौंताहरू फेर् गई
बिन्ती इन्द्रजिका गऱ्या हजुरमा * दुःखित् बहुतै भई
हे नाथ् ! हामिहरू सबैकन जित्यो * त्यस् वानरैले तहाँ
तेस्को केहि उपाय लौ हजुरले * गर्नूहवस् झट् यहाँ ८

एती बिन्ति सुनेर इन्द्रजि पनी * चिन्तित् बहुतै भया
जल्दी सोहि घरी बृहस्पतिजिका * साम्ने अगाडी गया
पाऊमा शुक्रका परेर पहिले * बिन्ती गऱ्या यो पनि
कुन् हो बानर त्यो बताउनु हवस् * ऐल्हे मलाई भनी ९
बिन्ती इन्द्रजिको बृहस्पतिजिले * सूनी लियाथ्या जसै
साराहाल् हनुमान्को जति थियो * एकएक् सुनाया तसै
भक्तै हुन् रघुनाथका इ हनुमान् * कारण् कुनै एक् भई
आया औषधि खोज्नलाइ तिमिले * शान्तै गराऊ गई १०
यो आज्ञा शुक्रको सुनेर सुरराज् * अत्यन्त खूशी भया
शान्तै श्री हनुमानजी गरुँ भनी * द्रोणाचलैमा गया
साम्ने गै हनुमानलाइ पहिले * सोद्धाभया यो पनि
ऐल्हे के मनमा लिई तिमि यहाँ * आई रह्याछौ भनी ११
फेरी पर्वत यो उठाई अहिले * लैजान खोज्छौ कहाँ
त्यो बात् खोलिकह्यौ भन्या म पनिक्यै * मद्दत् दिन्याछु यहाँ
त्यस्तो इन्द्रजिको वचन्ति हनुमान् * वीर्ले सुन्याथ्या जसै
आयाँ कारण यो परेर अहिले * सब् बात् सुनाया तसै १२
औषध् चिन्ह कठिन् भयो र मयिंले * बोकेर पर्वत् पनि
आँट्याको छु लिएर जान अहिले * चिनन् सुषेणले भनी
खाली औषधि सोहि बक्सनु भया * अत्यन्त खूशी भई
फर्की श्री रघुनाथका फउजको * उद्धार् म गर्थ्यां गई १३
यो बिन्ती हनुमानको सुनिलिया * श्री इन्द्रजीले जसै
यो हो औषधि त्यो भनेर खुशिभै * औषध् चिन्हाया तसै
त्ये औषधलिई फेर फिरेर हनुमान् * आई रणस्थल् महाँ
छर्की औषधि त्यो खडा गरिदिया * सब् वीरलाई तहाँ १४

युद्ध भूमिमा रामचन्द्रको आगमन र राजा वीरमणीको आत्मसमर्पण ।

मूर्छा देखि उठेर फेर् सकल ती * राम्का फउज् त्यै घरी
लाग्या लड्न गएर शत्रुहरूका * साम्ने अगाडी सरी
पुष्कलजी गई वीरभद्रसित फेर् * भारी लड़ायीं गऱ्या
फेरी लड्न भनी सदाशिवजिका * शत्रुघ्न साम्नेसऱ्या १
शत्रुघ्नैकन देखि सम्मुख महाँ * शङ्कर्जिले फेर् तहाँ
दिव्यास्त्रैहरु धेर् प्रयोग् गरिलिया * त्यो युद्धभूमी महाँ
छुन्-छुन् अस्त्र चलाउँथ्या शिव तहाँ * शत्रुघ्नजीले पनि
सोही अस्त्र चलाउँथ्या उहि बखत् * संहार गर्ने भनी २
त्यै बिच्मा शिवले रिसाई शरको * वर्षा बहुते गऱ्या
ती सब् शरहरु लागि सैन्यहरु धेर् * शत्रुघ्नजीका मऱ्या
आफ्ना फौजहरुको विनाश बहुते * देखेर चिन्ता गरी
सम्झ्या श्री रघुनाथको पदकमल् * शत्रुघ्नले त्यै घरी ३
खुब् एकाग्र भई स्मरण् गरिलिया * शत्रुघ्नजीले जसै
पुष्पक्माथि चढ़ेर ताहिं रघुनाथ् * पाल्नुभयो झट् तसै
देखी श्री रघुनाथलाइ उ बखत् * अत्यन्त खुशी भई
पाऊमा परि दण्डवत् गरिलिया * शत्रुघ्नजीले गई ४
फेरी शंकरले पनी उहि घरी * संग्रामको त्याग् गऱ्या
साह्रै खुशी भएर गै नगिच्मा * राम्का चरणमा पऱ्या
हात् जोरीकन फेर् उसै वखतमा * बिन्ती गऱ्या यो पनि
हे नाथ् ! पर्छु शरण् सबै कसुरको * माफ् पाउँलाकी भनी ५
यो बिन्ती शिवको सुनेर खुशिभै * रामचन्द्रजीले पनि
आज्ञा गर्नुभयो कसूर हजुरको * क्यै छैन यसमा भनी
राजा वीरमणी ठुला हजुरका * भक्तै भनी जान्दछु
भक्तैलाइ सहाय जो दिनुभयो * योग्यै म त्यो ठान्दछु ६

हे शङ्करजी ! ममा र फेर् हजुरमा * कौनै कुराको पनि
केहि छैन फरक् म जान्दछु सबै * एकै स्वरूप् हो भनी
तस्मात् कारण भक्ति जो हजुरको * गर्छन् निरन्तर यहाँ
मेरै भक्त ति हुन् सदा म तिनिमा * राख्छु दया मन्महाँ ७
जो जन् केहि पनी ममा हजुरमा * मन्ले फरक् गर्दछन्
ती सब् दुर्जन् हुन् मर्‍या पछि नरक् * तेस्तै पुरुष् पर्दछन्
भन्या यै रितले अनेक् अरु तहाँ * रामचन्द्रजीले जसै
आज्ञा गर्नुभयो र शङ्कर पनी * राजी हुनूभो तसै ८
फेरी वीरमणी जहाँ उसघरी * मूर्छा पर्‍याका थिया
तिन्माथी करुणा गरेर शिवले * चैतन्य पारी दिया
मूर्छा देखी उठी ति वीरमणि गै * रामका चरणमा पर्‍या
आफ्नू राज्य पनि सबै उहिघरी * रामलाई अर्पण् गर्‍या ९
बिन्ती फेरि गर्‍या ति वीरमणिले * दोषी म हुँ ता पनि
तेस्को माफ् गरिबक्सियोस् रघुपते ! * आयो शरणमा भनी
बिन्ती एति सुनेर खुब् खुशि भई * रामचन्द्रजी फेर् तहाँ
अन्तर्ध्यान् हुनुभो उसै बखतमा * सबका अगाडी महाँ १०
अन्तर्ध्यान् रघुनाथ् जसै हुनुभयो * फेरी सदाशिव् पनि
पाल्नूभो सब गण् लिएर सँगमा * जान्छ म कैलाश् भनी
राजा वीरमणी पनी सँगमहाँ * शत्रुघ्नजीका गई
घोडा रक्षक भै चल्या पछि-पछी * अत्यन्त खुशी भई ११
घोडा श्री रघुनाथको पनि तहाँ * छोडी - दियाथ्यो जसै
सारा देश विदेश जंगल पहाड् * खुब् घुम्न लाग्यो तसै
अंगै बंग कलिंग आदि जति छन् * हुला - हुला देशहरू
घुम्थ्यो त्यो हय पक्रन्या जन कहीं * निस्केन दोश्रो अरू १२

धेरदिन् यै रितले मुलुक्-मुलुकमा * घुम्दै कुनै दिन् महाँ
घोडा कुण्डनपुर् विषे पनि पुग्यो * बस्थ्या सुरथ्जी जहाँ
भक्तै हुन् रघुनाथका सुरथजी * एकाग्र मन्मा धरी
पूजा श्री रघुनाथको ति निशिदिन् * गर्थ्या नियम् खुब् गरी १
कुन्दिन् दर्शन पाउँला भनि तहाँ * तिन्का मनैमा थियो
संयोगले रघुनाथको हय पनी * कुण्डन् नगरमा गयो
देख्याथ्या रघुनाथको हय तहाँ * रैतीहरूले जसै
बाँच्या फेर् हयका ललाट बिचको * त्यो पत्र सुन्को तसै २
तेस्को अर्थ बुझेर गैकन जहाँ * राजा सुरथ्जी थिया
घोडाको सब बात् उसै बखतमा * बिन्ती चढाई लिया
त्यो बिन्ती सब रैतिको सुनिसकी * भन्छन् सुरथ्जी पनि
मेरो भाग्य खुलेर त्यो हय यहाँ * आएछ ऐलेहे भनी ३
दर्शन् श्री रघुनाथको पनि सहज् * मिल्न्याछ चाँडो यहाँ
त्यो घोड़ाकन पक्कि ल्याउ सबले * मेरा अगाडी महाँ
आज्ञा एति तहाँ सुरथ् नृपतिको * सुनी सक्याथ्या जसै
त्यो घोड़ा रघुनाथको ति सबले * पक्रेर ल्याया तसै ४
फेरी मन्त्रिहरू उसै बखतमा * डाकी सुरथ्ले पनि
उर्दी जल्दि दिया तयार् गर सबै * मेरा फउजको भनी
आज्ञा एति सुन्या ति मन्त्रिहरूले * राजा सुरथ्को जसै
जो-जो सैन्य थिया तयार् गरिलिया * उर्दी बमोजिम् तसै ५
घोड़ालाइ नदेखि त्यै बखतमा * शत्रुघ्नजीले पनि
सोध्या सब् जनलाइ अश्व अहिले * कसले समात्यो भनी
आज्ञा एति सुनेर फौज् सकलले * हात् जोरि बिन्ती गऱ्या
हे नाथ् ! वीरहरू आइ यस् मुलुकका * त्यो अश्वलाई हऱ्या ६

बिन्ती एति सुनेर फौज् सकलको * शत्रुघ्नजीले पनि
सोध्या क्रोधगरि मन्त्रिका सँगमहाँ * कस्को मुलुक् हो भनी
यो प्रश्नै सुनि फेरि मन्त्रि सुमती * सङ्मा बस्याका थिया
तिनले यो पुरि हो सुरथ् नृपतिको * भन्या सुनाई दिया ७
फेरी बिन्ती गऱ्या उसै बखतमा * हे नाथ्! सुरथ् छन् जहाँ
यौटा दूत् अब गै खबर् बुझि सबै * फर्केर आवस् यहाँ
बिन्ती एति सुनी सक्या सुमतिको * शत्रुघ्नजीले जसै
डाकी अङ्गदलाइ त्यै बखतमा * आज्ञा गऱ्या फेर् तसै ८
हे अङ्गद्! तिमिले सुरथ् नृपतिको * साम्ने तुरुन्तै गई
जो-जो भन्दछु त्यो कुरा भन सबै * साहै चनाखो भई
श्रीरामचन्द्रजिको प्रभाव नबुझी * यो अश्व ऐल्हे हरी
राख्यौ कुन् मनले बताउ तिमिले * शेखी नहाकमा गरी ९
धर्मै क्षत्रियको लिएर अहिले * घोड़ा हऱ्यौ ता पनि
छोडी द्यौ रघुनाथलाई तिमिले * सम्झी बड़ा हुन् भनी
आज्ञा एति सुनेर दूत् भई तहाँ * अंगद् तुरुन्ते गया
फेरी सोहि घरी सुरथ् नृपतिका * घरमा ति दाखिल् भया १०
घरमा अंगदलाइ देखिकन ती * राजा सुरथले पनि
सोध्या सब् जनलाइ यो किन यहाँ * आएछ बानर् भनी
को हो के मनमा लिएर अहिले * आयो अकस्मात् यहाँ
सोधी त्यसकन त्यो कुरा कहु सबै * मेरा अगाडी महाँ ११
यसतो प्रश्न सुनी सुरथ् नृपतिको * भन्छन् ति अंगद् पनि
दूत् हुँ हे अधिराज्! म ता बुझ तिमी * शत्रुघ्नजीको भनी
फेरी भन्दछु हित् कुरो म अहिले * घोडा हऱ्यौ जो यहाँ
छोडी द्यौ किन गर्दछौ तिमि विरोध् * रामचन्द्रका सङ्महाँ १२

मार्‍या रावण कुम्भकर्ण सहजै * जसले समुद्रै तरी
उसको अश्व हरण गरेर बचुँला * भन्दौ कउन् रित गरी
छोड्दैनौ रघुनाथको हय भन्या * शत्रुघ्नजीले यहाँ
मार्न्याछन् तिमिलाइ निश्चय पनी * संग्राम भूमी महाँ १३

अंगदूजिको वचन एति सुनेर ताहाँ
उत्तर दिया सुरथले उहि बीच माहाँ
साँचो भन्यौ तर पनी हय यो हर्‍याको
कारण कहन्छु सुन बात मार्यिंले गर्‍याको १४

रामको दर्शन गर्नलाइ बहुतै * इच्छा हुनाले गरी
यो घोड़ा रघुनाथको बुझ तिमी * ल्यायौं जफतले हरी
दर्शन् श्री रघुनाथले जब दिनन् * उन्कै अगाड़ी महाँ
मेरो राज्य र अश्व यो म गरुँला * अर्पण् तुरुन्तै यहाँ १५

आवैनन् रघुनाथ् यहाँ जब तलक् * मैले रणैमा गर्‍ह
लड्न्याछ तिमिहेरका सँगमहाँ * शत्रू समान्को भर्‍ह
सूनी अंगदले ति बात् सुरथको * भन्दाभया फेर् पनि
कस्ता रित्सित लड्न मन्सुब गर्‍यौ * शत्रुघ्नका सङ् भनी १६

मार्‍या एक् शरले लवणूकन जऊन् * शत्रुघ्न एकले गर्‍ह
खोज्छौ लड्छु भनी यहाँ किन तिमी * सामन्ने उनैका भर्‍ह
फेरी पुत्र भरत्जिका बुझ तिमी * तिन्का सँगै छन् भनी
जस्ले युद्ध गरेर खुश् गरिदिया * श्री वीरभद्रै पनि १७

हे राजन् ! हनुमानलाइ बुझिल्यौ * जसले समुद्रै तर्‍या
लङ्का खाक गरेर राक्षस अनेक् * जसले विनाशै गर्‍या
द्रोणाचल् सहजै गएर जसले * ल्याया पिठैमा धरी
तेस्ता वीर हनुमानलाइ तिमिले * जित्छौ कउन् रित्ले गरी १८

घोड़ा दिल्ल फिरेर जाउ भन गै * शत्रुघ्नका सङ्गमहाँ
क्वै वीर् देखि म कस्तिछैन बलमा * शत्रुघ्नका सङ् गई
लड्न्याछ रणमा फउज् लिई यहाँ * आउन् तयारी भई १९
यसतो बात जसै सुन्या सुरथको * अङ्गदजि फर्की गया
शत्रुघ्नै सँग त्यो कुरा उहि घरी * पौंचेर भन्दा भया
अंगद् देखि खबर् सुनी सुरथको * शत्रुघ्नजीले पनि
फौज्भर् उर्दि दिया बजाउ रणका * बाजा सबैले भनी २०
आज्ञा एति सुन्या तहाँ फउजले * शत्रुघ्नजीको जसै
युद्धैको शुरुको सबै रकमको * बाजा बजाया तसै
त्यो बिच्मा रथमा चढ़ेर खुशि भै * लड्छ म ऐल्हे भनी
आफ्ना फौजहरू लिएर सँगमा * आया सुरथ्जी पनी २१
देख्या लश्कर त्यो सुरथ् नृपतिको * रामका फउजले जसै
साम्नेमा गइ द्वन्दयुद्ध रिसले * खुब् गर्न लाग्या तसै
जेठा पुत्र थिया सुरथ् नृपतिका * चम्पक् थियो नाम् पनि
तिन्का साथ गएर पुष्कल भिडया * गर्छ लडायीं भनी २२
मोहक् नाम हुन्या सुरथ् नृपतिको * सेनापति एक् थिया
तिन्का साथमहाँ कुशध्वज गई * साम्ने मुह्रा दिया
एही रित्सित सुग्रिवादि सब वीर् * क्रोधित् बह्नतै भई
लाग्या लड्न सुरथ् तरफ् जति थिया * वीरका सँगैमा गई २३
सोध्या चम्पकलाइ पुष्कलाजिले * सोही बखत्मा तहाँ
के नाम् हो भन राजपुत्र ! तिमिले * मेरा अगाडी यहाँ
धन्यैवीर् तिमि हौ सहज्सँग यहाँ * मेरा अगाडी पनि
आयौ यो रणभूमिका बिचमहाँ * गर्छ लड़ायीं भनी २४

भाँची सब् हतियारलाइ छिनमा * एक् वृक्ष हात्मा लिई
हान्या चम्पकलाइ फेरि हनुमान् * वीर्ले तुरुन्तै गई
चम्पकले पनि फेर् चढाइ धनुमा * धेर् बाण् चलाई लिया
हजारौं टुकुरा गरेर बिच मै * त्यो रुख् खसाई दिया३१
आफ्नू रुख् टुकुरा भई जब गिर्‍यो * पत्थर् ढुलो एक् धर्‍या
त्यो पत्थर् हनुमानले उहि बखत् * चम्पक् उपर् त्याग् गर्‍या
त्यो पत्थर् पनि फेर् ति चम्पकजिले * काटी दियाथ्या जसै
दौड़ी चम्पकको गएर धनु त्यो * खोसेर भाँच्या तसै ३२
फेरी श्री हनुमानले पयरमा * पक्रेर जोर्ले तहाँ
चम्पक्लाई बहुत् घुमाइ रिसले * पट्क्या जमीनै महाँ
जोर्ले श्री हनुमानले जमीनमा * पट्की दियाथ्या जसै
पीड़ा ज्यादि भएर मूर्छित भई * लोट्या ति चम्पक् तसै३३
चम्पक्का जतिफौज् थिया तिपनि सब् * संहार् तुरुन्तै गर्‍या
पुष्कल्लाई उठाई फेरि हनुमान् * वीर्ले रथैमा धर्‍या
छोरो मूर्छित भै गिर्‍योभनि खबर् * पाई सुरथ्जी पनि
आया फेर् रथमा चढेर हनुमान् * वीर्लाई माछ्छै भनी ३४

देखी सुरथ् नृपतिलाई बहुत् रिसाई
फेरी तहाँ ति हनुमानजि सामु जाई
हात्ले उसै बखत वृक्ष उखेलि लीया
माछ्छै सुरथ्कन भनेर चलाई दीया ३५

देखी श्री हनुमानलाइ नगिचै * राजा सुरथ्ले पनि
सोध्या क्या मनमा लिएर अहिले * दौड़ेर आयौ भनी
मेरो चम्पक पुत्र जो जमिनमा * ऐल्हे गिरायौ यहाँ
तेस्को फल् तिमिलाइ दिन्छु मयिंले * यो युद्धभूमी महाँ ३६

भक्तै हौ रघुनाथका तिमि भनी * खुब् जान्दछु त्यो पनि
रामकै भक्त म हुँ अवश्य बुझिल्यौ * साँचै भन्याँ यो भनी
एति बात् पहिले सुनाइकन फेर् * राजा सुरथले तहाँ
हान्या बाण् हनुमानलाइ बहुतै * ताकेर छाती महाँ ३७
धेरै बाण चलाइ देहभरमा * घाऊ गराया जसै
क्रोधित् भै हनुमानले पनि धनू * भाँच्या सुरथ्को तसै
फेरी त्यै घरिमा सुरथ् नृपतिले * अर्को उठाया धनू
भाँच्या त्यो पनि फेर् गएर हनुमान् * वीरले किटो क्या भनूँ ३८
यै रितले अरु जो धनुष् सुरथले * हातमा उठाई लिया
भाँची श्री हनुमानले ति पनि सब् * टुक्का गराई दिया
जो लिन्छन् धनु भाँचियो र रिसले * राजा सुरथ् पनि
हान्या शक्ति उठाई फेरि हनुमान् * वीरलाइ मार्ने भनी ३९
लाग्यो शक्ति गई जसै हृदयमा * मूर्छा तुरुन्तै भया
मूर्छा देखि उठेर फेरि हनुमान् * सामने सुरथ्का गया
सामने गैकन फेर् सुरथ् नृपतिका * रथलाई पक्री जसै
प्याँक्या श्री हनुमानले सहजमै * रथ् चूर्ण भैगो तसै ४०

चूर्ण गऱ्या रथ भनेर सुरथ् रिसाई
हातमा ठुलो परिघ एक लिई घुमाई
छोड्दा भया रिस गरीकन त्यो जसैता
व्याकुल् बहुत् हुनगया हनुमान् तसैता ४१

औसर् तहीं सुरथले पनि सोहि पाया
अर्को ठुलो रथ उपर् चढि लड्न आया
त्यो रथ् पनि ति हनुमान् गइ जल्दि फेरी
फाली दिया सुरथ्का मुखतर्फ हेरी ४२

एक् कम्प् पचास् सुरथका रथलाइ लाहाँ
फाल्या यसै स्कन्धले रणभूमि माहाँ
त्यो कर्म देखि हनुमान्कन वीर जान्या
मार्छ भनेर लिई पाशुपतास्त्र हान्या ४३
छोड्या पाशुपतास्त्र क्रोध् गरि तहाँ * राजा सुरथ्ले जसै
निस्क्या भूत पिशाच रुद्रगण सबै * त्यो अस्त्र देखी तसै
फेरी श्री हनुमानले पनि तहाँ * रामचन्द्रको ध्यान् गरी
पक्रीं पाशुपतास्त्रलाई सहजै * संहार् गऱ्या त्यै घरी ४४
क्रोधित् भैकन फेर् तहाँ सुरथले * ब्रह्मास्त्र छोड्या जसै
मुखबाई हनुमानले निलिदीया * त्यो अस्त्रलाई तसै
ब्रह्मास्त्रै पनि त्यो विफल् जब भयो * राजा सुरथ् छक् पऱ्या
अर्को केहि उपाय गर्न नसकी * रामचन्द्रकोध्यान्गऱ्या ४५
क्यैकाल् ध्यान् रघुनाथको गरि तहाँ * रामास्त्र फेरी लिया
बाँधछ यो हनुमानलाइ म भनी * मन्त्रेर छोडी दिया
रामास्त्रैसित जोर् चलेन हनुमान् * बन्धन् उसैमा पऱ्या
शत्रू बाँधि लियाँ भनी सुरथले * खुबूशंखकोनाद्गऱ्या ४६
बन्धनमा हनुमान् जसै परिगया * पुष्कल् अगाडी सरी
लाग्या लड्न सुरथ्जिका सँगमहाँ * बर्षा शरैको गरी
धेर् बाण् फेरि सुरथ्जिले पनि तहाँ * पुष्कल् उपर् त्याग् गऱ्या
काट्या ती शरलाइ पुष्कलजिले * साराजमीन्मा झऱ्या ४७
जो जो अस्त्र चलाउँथ्या गगनमा * सब् काट्न लाग्या जसै
फेरी एक् अमोघ बर्छि रिसले * छोड्या सुरथले तसै
लाग्यो बर्छि गएर त्यो हृदयमा * पुष्कलजी मूर्छा भया
क्रोधले पूर्ण भएर फेर् सुरथका * शत्रुघ्न सामने गया ४८

सामने भैकन फेर् सुरथ् नृपतिका * शत्रुघ्नजीले तहाँ
भन्नूभो हनुमानलाइ तिमिले * बाँध्यौ सहजमा यहाँ
मेरा फौजहरुको बिनाश् गरिदियौ * पुष्कलजिलाई पनि
मूर्छा पारिलियौ भनेर अहिले * आयौं म लड्नै भनी४९
यो शत्रुघ्नजिको बचन् सुनिसकी * मन्छन् सुरथजी तहाँ
बाँध्यौं श्री हनुमानलाइ मयिंले * रामका कृपाले यहाँ
संग्राममा थिरभै रह्यौ यदि भन्या * ऐल्हे मैं तिम्रो पनि
प्राणै नष्ट गराउन्याछु बुझिल्यौ * साँचो कुरा हो भनी ५०
यस्तो वाक्य सुरथजिको जब सुन्या * शत्रुघ्न क्रोधमा पऱ्या
माछ्र्छ यस्कन लौ भनेर सहजै * वर्षा शरैको गऱ्या
आग्नेयास्त्र चढाइ फेरि धनुमा * छोडी दियाथ्या जसै
ब्रह्मास्त्रैकन छोडि फेर् सुरथले * आगो निभाया तसै५१
क्रोधले पूर्ण भएर त्यै बखतमा * शत्रुघ्नजीले पनि
छोड्या मोहन अस्त्र फेर् सुरथको * संहार गर्नै भनी
आयो त्यो जब मोहनास्त्र रिसले * व्याकुल् सुरथ्जी भया
जो जो सैन्य थिया तहाँ सुरथका * मूर्छा ति सब् भै गया५२
रक्षा आज गरुन् सितापतिजिले * यो अस्त्र देखी भनी
एक बाण् जल्दि चलाइ अस्त्रकनत्यो * काट्या सुरथ्ले पनि
आफ्नू अस्त्र जसै विफल् हुनगयो * फेरी उसै बिचमहाँ
क्रोधित् भै शर् वृष्टि खुबसित गऱ्या * शत्रुघ्नजीले तहाँ ५३
जुन् बाणले लवणासुरैकन अघी * मार्‍या उसैले पनि
गऱ्या फेरि सुरथ्जिलाइ रिसले * मार्छु सहजमा भनी
बेगले तब् शर् फेर् गइ सुरथका * लाग्यो शरीरमा जसै
मूर्छा पर्न गई गिऱ्या रथ उपर् * राजा सुरथ्जी तसै ५४

मूर्छा देखि उठ्या जसै सुरथले * हातमा अमोघशरधर्‍या
श्री शत्रुघ्न उपर् रिसाईकन फेर् * त्यो शर् प्रहारै गर्‍या
त्यो बाण् बज्रन गै गयो हृदयमा * शत्रुघ्नजीको जसै
पीड़ा ज्यादि परेर मूर्छित भई * लोट्या जमीन्मा तसै ५५

शत्रुघ्नजी गिरिगया जब भूमि माहाँ
हा हा पर्‍यो सकल फौजहरुलाइ ताहाँ
हर्ष भई सुरथका जति सैन्य थीया
सबले उसै बखत शंख बजाइ लीया ५६

आफ्ना फौजहरुको बिनाश बहुते * देखेर क्रोधित् भई
जल्दी सुग्रिवजी पनी सुरथका * सामुने अगाडी गई
लाललाल् नेत्र गराइ फेर् उहि बखत् * भन्दाभया यो पनि
हे राजन्! स्थिर भै रहु तिमि यहाँ * आयाँ म लड्नै भनी ५७

पैल्हे एति भनेर पर्वत ठुलो * लीएर हातमा जसै
फ्याँक्या सुग्रिवले र त्यो गगनमै * काट्या सुरथले तसै
पर्वत् व्यर्थ भयो भनेर बहुते * सुग्रिवजिले क्रोध् गरी
हान्या फेरि सुरथजिलाइ मुठिले * छातीबिषे त्यै घरी ५८

वज्रयो मुठी अति कठोर् जब छातिमाहाँ
क्रोधित् भई सुरथले पनि जल्दि ताहाँ
रामास्त्र मन्त्र गरि फेरि चलाइ दीया
सुग्रीवलाई पनि बन्धन पारि लीया ५९

बाँधी ती सब वीरलाइ रथमा * राखी सुरथजी पनि
घरमा जल्दि फिर्‍या बहुत खुशिहुँदै * जित्भो लड़ायाँ भनी
पौंच्याथ्या सब बीरलाइ सँगमा * लीएर घरमा जसै
भन्छन् श्री हनुमानका सँगमहाँ * राजा सुरथजी तसै ६०

ऐल्हे हे हनुमान्! म भन्छु सुनिल्यौ * रामचन्द्रको ध्यान् गरी
डाकी लेऊ नहीं भन्या सकलको * भयो विपद्को घरी
यो बात् श्री हनुमानले सुनिलिया * राजा सुरथ्को जसै
साँचै हो भनि रामका चरणको * ध्यान् गर्न लाग्या तसै ६१
भक्तीपूर्वक ध्यान् गरेर पछि फेर् * भन्दा भया यो पनि
हे नाथ्! दुःख छुटाइ लक्ष्मनुहवस् * आई हजूरले भनी
यस्तै रितसितफेर् अनेक् स्तुति गऱ्या * रामचन्द्रजीको जसै
पुष्पक् माथि चढेर ताहि रघुनाथ् * पाल्नू भयो झट् तसै ६२
पाल्नू भैकन बीरहरू जति तहाँ * मूर्छा भयाका थिया
चैतन्य सबको गराइ पहिले * भन्धन् फुकाई दिया
खुशी भै रघुनाथका चरणमा * आई सुरथ्ले पनि
भक्तीपूर्वक दण्डवत् गरिलिया * मालिक् इनै हुन् भनी ६३
फेरी अश्व पनी उसै जगतमा * ल्याएर हाजिर् गऱ्या
माफ् पाऊँ रघुनाथ्! कसुर् सब भनी * पश्री चरणमा पऱ्या
यस्तो बिन्ती सुनी तहाँ सुरथको * भन्छन् सिताका पति
लड्न्या क्षत्रिय धर्म हो लडिलियौ * शीस् दोन मेरो रति ६४
आज्ञा यस्तरितको सबै सुनिलिया * राजा सुरथ्ले जसै
भक्तीपूर्वक फेर् पूजा गरिलिया * रामचन्द्रजीको तसै
तिन् दिन् सम्म बसी सुरथ् नृपतिको * घरमा जगन्नाथ् पनी
पुष्पक् माथि चढेर फर्कन् भयो * जान्छु अयोध्या भनी ६४
आफ्ना चक्रमा पुनलाइ धरि फेर् * सिंहासनैमा तहाँ
घोडा रक्षक भै सुरथ् पनि गयो * शत्रुघ्नका सङ् महाँ
फेरी श्री रघुनाथको चलिगयो * त्यो अश्व बेग्ले जसै
श्री शत्रुघ्न पनी फउज् लिइ चल्या * सेतुका पछाडी तसै ६६

अंगै बंग कलिंग देशहरु सबै * नाघेर शोभित भई
त्यो घोड़ा पनि फेरि भागिरथिका * पौंच्यो किनारमा गई
आश्रम बाल्मिकिको थियो नगिचमा * ताहीं सिताजी गई
बस्थिन् पुत्र हुबै लिएर सँगमा * ठीक योगिनि झैं गई १
कान्छा जानकिका कुमार लवजी * आई उसै बिच् महाँ
घोड़ा श्री रघुनाथको नजरले * देख्या अकस्मात् तहाँ
तेस् बेला ऋषिका कुमारहरु जो * सङ्गमा गयाका थिया
कसको अश्व रहेछ लौ बुझ भनी * सबैलाइ आज्ञा दिया २
तेसको माथबिषे सुवर्णदलमा * देखिन्छ अक्षर पनि
तेसको कारण बुझ्नु पर्छ किन हो * लेखी लियाको भनी
पैल्हे एति भनेर दौडिकन गै * त्यो अश्व चर्य्यो जहाँ
बाँची अक्षर सब् रिसाई लवजी * फेर् भन्न लाग्या तहाँ ३
साहै शोखि गरेर हेर सबले * लेखेछ अक्षर पनि
तेसको शोखि म तोडि दिन्छु सहजै * कुन् राम हो त्यो भनी
लड्ला क्षत्रियहो भन्या म सँग त्यो * रणमा अगाडी सरी
भन्दै त्यो हयलाइ पक्रि लवले * बाँधी लिया त्यो घरी ४
त्यो देखी ऋषिपुत्रहरु डरले * सब् भन्न लाग्या तहाँ
हे लव ! श्री रघुनाथको किन हर्‍यौ * घोडा तिमीले यहाँ
सारा ति ऋषिका कुमारहरुले * यो बात् भन्याथ्या जसै
लाल्लाल् नेत्र गरी रिसाइ लवले * उत्तर् दिया फेर् तसै ५
क्षत्रीका बलको प्रभाव् तिमिहरु * के जान्दछौ लौ यहाँ
बोल्छौ व्यर्थ यसोरि डर् यदि भया * जाऊ सबै घर् महाँ
एती बात् लवको सुनी ऋषिकुमार् * सम्पूर्ण चुप् भै रह्या
घोडा रक्षक् फेर् उस स्थलमहाँ * आएर दाखिल् भया ६

बाँध्याको हयलाइ देखि ति सबै * रक्षक् हरुले पनि
सोध्या बालखलाइ कुन् पुरुषले * यो अश्व बाँध्यो भनी
घोडा रक्षकले इ बात् जब तहाँ * आएर सोधी लिया
मैले अश्व धर्‍यौं भनेर लवले * उत्तर् तुरुन्तै दिया ७
मेरा दाज्यु सहाय छन् कुश भन्या * आधार उनको गरी
लड्न्याछु यमराजका सँग पनी * आया भन्या यो घरी
यस्तो बात् लवको सुन्या सकल ती * रक्षक् हरुले जसै
त्यो घोडाकन झट् फुकाउन भनी * दौडेर आया तसै ८

लाग्या फुकाउन गर्‍ई जब अश्व ताहाँ
क्रोधित् भई लवजिले उहि बीचमाहाँ
हातमा लिएर धनु बाण अनेक् चलाई
ढाकी दिया सकल रक्षकहरुलाई ९

एती कथा सुनि ति शेषजि देखि ताहाँ
वाल्मीकिनै ऋषिजिले उहि बीच माहाँ
बिन्ती गर्‍या किन तहाँ ति सिताजि जाई
बनमा रहिन् सकल भन्नुहवस् भलाई १०

सीताजीको पूर्व वृतान्त र धोबीको अपवादको कथा।

शेषजीले इ कुरा सुनी ति ऋषिको * भन्नू भयो खुशी भई
जुन् कारण पहिले परेर ति सिता * बस्थिन् बनैमा गई
रावण मारिसक्या पछी पशुपती * फर्की अयोध्या महाँ
राज्यै गर्नुभयो अयुत् बरष तक् * सङ्मा सिताको तहाँ १
सीता गर्भवती भइन् उहि बखत् * सैंका बित्यो पाँच् जसै
एक् दिन् श्री रघुनाथले खुशि भई * राखी नजिकमा तसै
प्रेमका बात गरेर धेर पहिले * सोधनु भयो यो पनि
हे सीते! तिमिलाइ क्या गरि लिन्या * इच्छा छ ऐल्हे भनी २

यो आज्ञा रघुनाथको सुनिसकी * भन्छन् सिताजी तहाँ
हे नाथ! सब सुखभोग गऱ्याँ हजुरको * केवल् कृपाले यहाँ
एकबार् फेर् बनमा गएर ऋषिका * पत्नीहरू छन् जति
सबूको दर्शन गर्नलाइ रघुनाथ ! * इच्छा छ मेरो अति १
बिन्ती जानकिको सुनेर खुशि भै * भन्छन् सिताका पति
जो भन्छयौ मं पुऱ्याउनेछ तिमिले * मनले चिताया जति
भोली गै बनमा फिरौलि भनि यो * रामका हुकुम् भो जसै
स्वामीको करुणा बुझेर ति सिता * खुशी भइन् खुब् तसै
दिन् दिन् श्री रघुनाथका चरहरू * गुप्तै हिसाबले गरी
घुस्थ्या हाल् सब बुझ्नलाई निशिमा * सारा अयोध्या भरी
दश्वै दिन् एक् धनिका पुगेर घरमा * देख्या उज्यालो पनि
एक् छिन् ताहिं खड़ा भया सब जना * यस्को बुझौंहाल् भनी५
तेस् घरमा अति सुन्दरी युवति एक् * आफ्ना पलङ्मा रही
प्रीतिपूर्वक स्वामिका सँग कुरा * गर्थिन् बहुत् खुश् भई
प्रेमले मोह भएर स्वामिकन फेर् * भन्दी भइन् यो पनि
सुन्दरमा रघुनाथकै सरि सुहार् * देख्छु हजुरको भनी ६
भार्याका इ कुरा सुनी पुरुषले * भन्दाभया फेर् तहाँ
क्यामा राम् सरिको मलाई तिमिले * ऐल्हे भन्याको यहाँ
सिंहैको मृगको जसो गरि फरक् * देखिन्छ तेस्तै गरी
श्री रामचन्द्रजिका अखिल् तिरमता * हुन्छ मृगैका सरी ७
जस्ले पाउ धरेर पत्थर पनी * मानिस् गराई लिया
जस्ले फेर् शिवको धनू सहजमा * टुक्रा गराई दिया
यस्ता श्री रघुनाथका चरणको * धूलै बराबर् पनि
हे प्यारी ! म तछैन जान तिमिले * साँचै इ भन्छन् भनी ८

यै बात त्यो घरमा सुनेर ति सबै * अर्का घरैमा गया
कीर्ति श्री रघुनाथको तहिं पनी * सम्पूर्ण सुन्दा भया
घरघरमा यहि रीतले चरहरू * घुम्दा नगर भर महाँ
सुन्थ्या यश रघुनाथकै सकलले * कीर्तन गर्‍याको तहाँ ९
फेरी यै रितले ति चरहरु सबै * एक धोबिका घर गया
तेसको हाल पनी बुझौं भनि तहाँ * एकछिन खडाभै रह्या
त्यो धोबी झगडा गरेर उ बखत * चुल्ठो करैले धरी
लात्ले स्त्रीकन हान्दथ्यो घरिघरी * साहै ठुलो क्रोध गरी १०
भन्थ्यो फेर अब बस्न हुन्न तर्यिले * मेरा घरैमा पनि
ठान्दी होस कि मलाइ यो पनि उनै * रामचन्द्र भैं हो भनी
जसले रावणले हरेर घरमा * राख्यो तथापी यहाँ
ल्यायो सोहि सिता भनेर मर्यिले * राख्छ तँलाइ कहाँ ११
तेसले यै रितले अनेक प्रभुजिको * निन्दा गर्‍याको जसै
सून्या चरहरुले र दिक भई बहुत * थुन्दाभया कान तसै
फेरी सोहि बखत ति चरहरु सबै * अर्का घरैमा गया
तेस घरमा पनि रामकै अति सुयश * सुनेर खूशी भया १२
प्रातःकाल भयो जसै उहि बखत * रामका हजुरमा पनि
आया ती सब चरहरू नगरको * हाल बिन्ति गर्नै भनी
श्री रामचन्द्रजिले ति चरकन तहाँ * देख्नू भएथ्यो जसै
के भन्छन हुनियाँ मलाइ कहु सब * भन्नू भयो फेर तसै १३
रामको एति हुकुम सुनी चरहरू * सब भन्न लाग्या तहाँ
हे नाथ ! कीर्ति ठुलो सदा हजुरको * सुन्छौं मुलुकमा यहाँ
दुर्भिक्षै रतिभर हुँदैन कहिल्यै * कौनै मुलुकमा पनि
सब भन्छन अधिरामका सरि कुनै * राजा भयाननू भनी १४

१ श्री रामजीकाई गुप्तचरले धोबीको कुरा सुनाएको ।

२ रामको आज्ञाले लक्ष्मणले सीताकाइ वनमा छोडेको

२ श्रीराम पंचायतन ।

४ वाल्मिकीले सीताको शरण लिएको ।

५ लवकुशको जन्म ।

इक्ष्वाकू कुलमा सगरहरु जऊन् * राजा प्रतापी थिया
ती भन्दा पनि रामले अति ठुलो * कीर्ति चलाई लिया
जसूता रित्तसित सूर्यका किरणले * ढाक्छन् उसै रीत गरी
ढाक्याको छ हजूरका सुयशले * भन्छन्तिनैलोक्भरी १५
मानिसको त कउन् कुरा रघुपते ! * द्यौताहरुले पनि
भन्छन् राम् सरिको कुनै अझतलक् * राजा भयानन् भनी
यौटा धोबि फगत् कुकर्मि बहुते * देख्यौं यसै पुर् महाँ
त्योनीचकोसुनिबक्सियोस्सकलबात् * भन्छौं सबैले यहाँ १६
हे नाथ् !यै निशिमा सबै नगर भर् * घुम्दै बराबर् गयौं
देखी धोबि कहाँ अघोर झगडा * ताहीं खड़ा भै रह्यौं
यौटी धोबिनिलाइ स्वामि उसको * लातले बराबर् तहाँ
हान्दै क्रोध् गरि भन्दथ्यो यहि कुरा * पक्का र चुल्ठो महाँ १७
निक्ली जा घर देखि झट् यहि घरी * इच्छा छ तेरो जहाँ
राम् झैं उल्लु भई म यस् घरमहाँ * राख्छु तँलाई कहाँ
जसूतै रावणले हरेर घरमा * एक् वर्ष राख्दा पनि
ल्यायो रावणलाइ मारि सँगमा * चोखी छ सीता भनी १८
त्यो द्रुवाच्य सुनेर हे रघुपते ! * जो जो गयाका थियौं
त्यो धोबीकन मारिद्यूँ तहिं भनी * सबले इरादा लियौं
फेरी सोही घरी मतो गरिलिंदा * आयो बिचार् यो पनि
रामलाइ नसुनाई मार्नु कसरी * हामीहरुले भनी १९
यो विन्ती रघुनाथले ति सबको * सुन्नू भएथ्यो जसै
सुस्केरा सुखले गरी जमिनमा * गिर्नु भयो झट् तसै
क्यै काल् मूर्छित भै उठेर पछि फेर् * दुःखित भई मन् महाँ
आज्ञा दूतहरुलाइ वक्सनु भयो * रामचन्द्रजीले तहाँ २०

भरतादि भाईहरुले बुझाउँदा पनि रामचन्द्रबाट सीता त्यागको आदेश।

हे दूत हो ! भरतादिका घर गई * रामको हुकुम भो भनी
डाकी ल्याउ यसै बखत तिमिहरू * सब भाइलाई पनि
यो आज्ञा रघुनाथको सुनि तहाँ * जो दूत नजिकमा थिया
ती सबले भरतादि भाइकन गै * डाकेर ल्याई दिया १
हाजिर भै रघुनाथको मुखकमल * देख्या अँध्यारो जसै
हात जोरिकन फेरि भाइहरूले * बिन्ती चढ़ाया तसै
हे नाथ ! हामिहरू सुहार हजुरको * देख्छौं अँध्यारो यहाँ
यसको कारण सब बताउनु हवस् * हाम्रा अगाड़ी महाँ २
बिन्ती एति सुनेर भाइहरूको * मनमा बहुत शोक गरी
आज्ञा श्री रघुनाथले गरिलिया * अश्रू नजरमा धरी
हे भाइहरु हो ! मलाइ अहिले * जुन कारणैले यहाँ
सुर्ता पर्न गयो कहन्छु सुनिल्यौ * एकाग्र भै मन महाँ ३
यो सूर्यकुलमा जउन् अभ तलक * राजा भयाका थिया
सबले राज्य गरी प्रजाहरु सबै * राजी गराई लिया
मैले त्यै कुलमा जनम् लिइ बहुत * दुर्नाम् चलाई लियौं
निर्मल यो रघुकुलविषे अति ठुलो * धब्बा लगाई दियाँ ४
जन्म्याको पनि साथ त्यै पुरुषले * जसले असल काम गरी
आफ्नू कीर्ति चलाउँछन् अति ठुलो * सम्पूर्ण पृथ्वी भरी
जसको क्यै अपकीर्ति यस पृथिविमा * गर्छन् सबै जन्महरू
बाँच्नू चाहिं म ठान्छु तेस् पुरुषले * मर्नै निको हो बरू ५
हे भाइहरु हो ! सिताकन हेरी * एक वर्ष लङ्का महाँ
राख्यो रावणले भनी सकलमा * जाहेरछ त्यो बात यहाँ
सोही कारणले यसै नगरको * एक धोबिले यो घरी
लायो दोष मलाई जानकि उपर * शङ्का बहुतै गरी ६

यो हुर्नाम छुटोस् भनेर कि तलौ * सीताजिको त्याग् गरौं
कीता क्यै अपघात् गरीकन यहाँ * आफैं म ऐल्हे मरौं
यस्को उत्तर् द्यौ भनेर रघुनाथ् * आँशू नजरमा धरी
लाग्या रोदन गर्न भाइहरुका * सामने बिलापै गरी ७
यस्तो बात सुनेर दुःखित भई * भाईहरुले तहाँ
बिन्ती पारिलिया उस बखतमा * रामका हजूरै महाँ
यौटा दुर्जनले बिचार् नगरि क्यै * हे नाथ् ! हजुरको यहाँ
निन्दा केहि गऱ्यो भनेर इ वचन् * भन्नू उचित् हो कहाँ ८
रावणका घरमा थिइन् तर पनी * अग्नी प्रवेशै गरी
आफ्नू शुद्ध शरीर प्रकाश् गरिलिइन् * सारा तिनै लोक् भरी
ब्रह्मा रुद्र महेन्द्र आदि-जति छन् * द्यौताहरुले पनि
सौंप्या चोखि भनी हजुरकन सिता * लैजाऊ सहसा भनी ९
गङ्गाजल् सरि निर्मलै हजुरको * कीर्ती तिनैलोक् भरी
गान् गर्छन् निशिदिन् प्रभो ! सकलले * भक्ती मनैमा धरी
यौटा दुर्जन धोबिको वचनले * त्याग्नु भ सीता भनी
आज्ञा हुन्छ कसोरि हे रघुपते ! * ऐल्हे हजुरले पनि १०
सूर्यैले सब लोक् प्रकाश् गरिदिंदा * देख्छन् सबै जन् अरू
देख्दैनन् तर त्यो प्रकाशकन यहाँ * लाटाकोसेरा हरू
तेस्मा सूर्यजिलाइ दोष् कसरि द्यूँ * तेस्तै हजुरको पनि
नाशहोला किन कीर्ति एक्अधमले * दुर्वाच्य बोल्यो भनी ११
जान्नू हुन्छ सबै कुरो हजुरले * हे नाथ् ! सिताका सरी
को छन् नारि पतिव्रता जगतमा * आज्ञा हवस् यो घरी
यस्तीछन् इ सिता भनेर सब बात् * जानी हजुरले यहाँ
त्याग् गर्नु म भनेर भन्नु पनि यो * योग्यै छ ऐल्हे कहाँ १२

यसतो बिन्ति सुनेर भाइहरुको * रामचन्द्रले फेर् पनि
आज्ञा भो सब जान्दछ जति भन्यौ * सोंचो कुरा हो भनी
के गर्नु अपकीर्तिको डर हुँदा * सीता म त्याग् गर्दछु
भन्यौ त्यागन हुँदैन जानकि भन्या * हत्या गरी मर्दछु १३
बज्रैघात सरि यो हुकुम् सुनि भरत् * शत्रुघ्न मूर्छा पऱ्या
लक्ष्मणले तहिं धैर्य राखिकन फेर् * हातजोरि बिन्ती गऱ्या
हे नाथ! कुन् अपकीर्ति भो हजुरको * सीता सती हुन् भनी
सब् भन्छन् अरु ता बुझाउँछु म गै * त्यै धोबिलाई पनि १४
हे नाथ! केहि विचार् नराखि अपवाद् * तेस्ले सिताको गऱ्यो
सोही कारणले हजुरकन ठुलो * सन्ताप् मनैमा पऱ्यो
कर्कश् कयै नगरी मधुर् वचनले * त्यो धोबिलाई पनि
समझाईकन पारिदिन्छु मयिंले * सीता सती हुन् भनी १५
जो जो जानकिको स्वभाव् छ उपनी * मैंले सबै जान्दछु
त्यागी बक्सनुभो भन्या ति अहिले * मर्निन् भनी छान्दछु
सोही कारणले प्रभो ! हजुरका * पाऊ विषे पर्दछु
सीतालाइ नत्यागि बक्सनुहवस् * बिन्ती म यै गर्दछु १६

बिन्ती यती जब ति लक्ष्मणले गऱ्याका
सूनी सकेर मनमा अति ताप् पऱ्याका
रामले हुकुम् गरिलिया तहिं भाइलाई
सिता न त्याग भनि व्यर्थ भन्यौ मलाई १७
लोकापवाद् यदि गऱ्या हुँदि केहि ऐल्हे
त्याग् गर्दिन्याछु यहि देह समेत मैले
दुर्नाम् भै जिउनु धिक् छ कि आज मर्छे
सल्लाह द्यौ कि त सिताकन त्याग गर्छे १८

हे भाई! तिमि मैं मलाइ अहिले * मेरा शरीरको पनि
प्रीती छैन अवश्य जान तिमिले * साँचै ई भन्छन् भनी
तेसूता छौ त पनी प्रजा सकलले * दुर्नाम् गऱ्या छिन् महाँ
त्याग्न्याछू म भन्या सिताकन कउन् * त्याग्नै कठिन्भो यहाँ १९
यो आज्ञा रघुनाथको जब सुन्या * लक्ष्मणजिले फेर् तहाँ
के गर्नू मयिंले उचित् छ भनी खुब् * चिन्ता गऱ्या मन्महाँ
सम्झ्या झट् अधिको कुरो उहिबखत् * श्री परशुराम्ले पनि
मातालाइ पिताजिका हुकुमले * मारी दियाथ्या भनी २०
मन्मा एति बिचार् गरेर पहिले * राम्का चरणमा पऱ्या
फेरी नम्र भएर लक्ष्मणजिले * हातजोरि बिन्ती गऱ्या
हे नाथ्! केहि अयोग्य काम् हजुरले * आज्ञा हवस् ता पनि
त्यो काम् गर्दछु नाघ्नु छैन गुरुको * आज्ञा कसैले भनी २१
पालन् गर्न त गर्दछू म अहिले * आज्ञा शिरोपर् धरी
मन्मा ताप् पछि फेर् हुन्याछ रघुनाथ्! * एसै कुराले गरी
यो बिन्ती पहिले गरेर बहुतै * दुःखित् भई मन् महाँ
भन्छन् भन्नू हवस् सिताकन लगी * छोडेर् आऊँ कहाँ २२
एती बिन्ती सुनेर लक्ष्मणजिको * रामचन्द्रजीले पनि
आज्ञा भो तिमिले मलाइ बहुतै * सन्तोष् गरायौ भनी
हे भाई! सुन जानकी पनि हिजो * मेरा सँगैमा यहाँ
भन्थिन् एहि कुरा मभन्छु अहिले * तिम्रा अगाडी महाँ २३
सोध्याथ्याँ मयिंले प्रसङ्ग वशले * सीताजिलाई पनि
हे सीते! तिमिलाइ क्या गरिलिन्या * इच्छा छ ऐलहे भनी
भन्थिन् सोहि बखत् हुकुम् दिनुभया * दर्शन् बनैमा गई
गर्थ्यौं फेर् ऋषिपत्निहेरू सबको * अत्यन्त खूशी भई २४

तस्मात् बाल्मिकिजी जऊन् बनमहाँ * वस्छन् उसै बनमहाँ
एही छल् गरि जानकीकन लगी * छोड़ेर आऊ तहाँ
भन्या एति हुकुम् सुनेर मनमा * दुःखित बह्नतै भया
जो आज्ञा दिनु हुन्छ गर्छु म भनी * उठेर लक्ष्मण गया २५
डाकी मन्त्रि सुमन्त्रलाइ उ बखत् * लक्ष्मणजिले फेर् पनि
उर्दी बक्सनु भो तयार गरि रथ् * ल्याऊ सबैरे भनी
त्यो रात् बित्न गया पछि अति सबेर् * घरमा सिताका गई
हात् जोरीकन बिन्ति फेर् गरिलिया * दुःखित बह्नतै भई २६
हे सीते ! ऋषिपत्नि हेरुकन गै * दर्शन् म गर्छू भनी
बिन्ती गर्नु भएछ राघवजिका * सङ्गमा हजुरले पनि
सोही कारणले म यस् बखतमा * रामका हुकुम्ले गरी
आयाको छु लिएर जान्छु रथमा * चढ्नु हवस् यै घरी २७
बिन्ती एती सुनेर खुब् खुशि भइन् * श्री जानकीजी पनि
पायाँ दर्शन गर्नलाई ऋषिका * पत्नीहरुको भनी
फेरी सब् ऋषिपत्निलाइ दिनका * खातिर् सिताले तहाँ
आभूषण् कपड़ा लिएर बह्नतै * चढ्दी भइन् रथ्महाँ २८

लक्ष्मणजीले सीताजीलाई वनमा लैजानु, सीताजी पूर्व वृत्तान्त र सुधासुधीनी श्राप परेको कथा।

शेषजीका मुख देखि यो सब कथा * सूनी लियाथ्या जसै
वात्स्यायन् ऋषिले अचम्भ हुनगै * बिन्ती चढ़ाया तसै
हे नाथ् ! चौधभुवन् पवित्र गरन्या * कीर्ति सिताको थियो
कुन् कारण् भई धोबिले यसरि त्यो * दुर्वाच्य बोली लियो १
तेस्को तत्व म सुन्न पाऊँ भनि यो * प्रश्नै गऱ्याथ्या जसै
सम्बोधन् गरि शेषले ति ऋषिका * साम्ने सुनाया तसै
ब्रह्मर्षे ! सुनिल्यौ विवाह नहुँदै * एकदिन् जनकपुर महाँ
खेलिथन् धेर् सँगिनी लिएर ति सिता * कोही बचैचा महाँ २

ताहीं एक् शुकले र फेर् सुधिनिले * अत्यन्त खुशी भई
गर्थ्या बात् रघुनाथको सकल त्यो * सुनिन् सिताले गर्भ
के भन्छन् अहिले इ पक्षि हुइले * सुन्छ सबै बात् भनी
क्यैकाल् सम्म खड़ा भईकन रहिन् * ताहीं सिताजी पनि ३
भन्थ्यो एही कुरा सुघा सुधिनिका * सङ्मा बराबर् तहाँ
होला याहि विवाह जानकिजिको * रामचन्द्रका सङ् महाँ
धन्यै भाग्य रहेछ जानकिजिको * पूज्यै जगत् भर् भई
गर्लिन् खुब् सुखभोग् अयुत् बरषतक् * रामका सँगैमा रही ४
प्रीतीपूर्वक यो कुरा सुधिनिका * सङ्मा सुघाले भन्यो
त्यो बोली गई सब् उसै बखतमा * कान्मा सिताका पर्‍यो
साहै खुशि भई सबै सँगिनिका * सङ्मा सिताले पनि
लागिन् भन्न जसोरि हुन्छ इ सुघा * पक्कैर ल्याऊ भनी ५
आज्ञा एति सुनेर जो सखिहरू * सङ्मा सिताका थिया
सबले यत्न गरेर सोहि घरिमा * पक्कैर ल्याई दिया
साहै डर् गरि फेर् सुघा सुधिनिले * जोरले कराया जसै
लागिन् भन्न सिता ति पक्षि हुइका * सामने अगाडी तसै ६
हे शुक् हो! रतिडर् नमानि मनमा * खुब धैर्य पूर्वक् रह्नु
रामको बात् अघि जो गर्‍यौ सकल फेर् * मेरा अगाडी कह्नु
कोहुन् राम् भन जानकी कउन हुन् * तिन्को बिबाहै यहाँ
होला निश्चय लौ भनेर कसरी * जानी लियौ मन्महाँ ७
यो बात जानकिको सुघासुधिनिले * सुनी सकी फेर् पनि
लाग्या भन्न तहाँ सबै सुन तिमी * बिस्तार् कहन्छौं भनी
बाल्मीकी ऋषिको जउन् बन महाँ * आश्रम् थियो गै तहाँ
बस्थ्यौं हामिहरू पनी अघि दुबै * खुशी भई मन् महाँ ८

रामायण ऋषिले जउन् वनमहाँ * गान् गर्‍यो खुशी भई
सुन्थ्यौं हासिहरू पनी सकल त्यो * तिनकै समीपमा रही
सोही राघवको चरित्र अहिले * सम्पूर्ण बिस्तार गरी
भन्छौं लौ सुन सुन्दरी! तिमि यहाँ * एकाग्र मनमा धरी ६
सूर्यैका कुलमा प्रतापी दशरथ * राजा अयोध्या महाँ
राज् गर्‍यो सब रैतिलाई बहुतै * राजा गराई तहाँ
तिनका तिन् महिषी थिया तर कुनै * रानी तरफमा पनि
सन्तान् कयै न हुँदा ति दुःखित थिया * नष्टै भयो कुल् भनी १०
धेरै काल पछि ऋष्यशृङ्ग ऋषिका * केवल् कृपाले गरी
चार् रूपले दशरथ्जिका सुत भई * पैदा भया श्री हरि
जेठा राम् हुनुभो ति चार् तनयमा * तिनकै स्वरूपको यहाँ
वर्णन् गर्दछु सुन्दरी ! सुन सबै * तिम्रा अगाडी महाँ ११

नयन् सुन्दर लामा कमलदलजस्ता जिति लिन्या
सुहाएले चन्द्रैझैं सकल जनको तेज् हरिदिन्या
मदन् भन्दा सुन्दर रघुपतिजिको रूपकन यहाँ
सखी ! वर्णन् धेरै कति गरुँ म तिम्रा सँग यहाँ १२

विश्वामित्रजिले तिनै रघुपती * लक्ष्मण् सहितका तहाँ
माग्नी श्री दशरथ्जिका सँगमहाँ * ली आउन्याछन् यहाँ
तोडी श्री शिवको धनू सहजमा * रामले सिताको पनि
गर्न्याछन् पछि फेर् विवाह बुझिल्यो * साँचो कुरा हो भनी १३
धन्यै जानकिको नसीब् बुझ तिमी * सब् दिन् सँगैमा रही
गर्न्याछिन् सुखभोग् अयुत् वरष तक् * रामकी पियारी भई
को हौ लौ तिमि के प्रयोजन हुँदा * रामको चरीत्रै यहाँ
सोध्यौ सुन्दरि ! त्यो बताउ अहिले * हाम्रा अगाडी महाँ १४

यस्तो प्रश्न सुनी ति पछि ढुइको * सीताजि खुशी भइन्
सीता जस्तन भन्दछौ उहि म हुँ * भन्या सुनाई दिइन्
फेर भन्छिन् जबतक् हवैन बुझिल्यौ * मेरो विवाहै पनि
त्यै दिन् तक् तिमिहेरुलाइ मयिंले * राख्छु सँगैमा भनी १५
यो बात् जानकिको ति पछि ढुइले * सुनी लियाथ्या जसै
काँपदै डर् गरि फेर् मधुर् वचनले * बिन्ती चढ़ाया तसै
हे सीते ! वनमा जनम्भरि रह्यौं * स्वच्छन्दले खुशा भई
बन्धनमा कसरी रहौं कठिनले * तिम्रा घरैमा गई १६
पत्नी गर्भवती छ कोहि रखको * खोजेर टोल्का महाँ
बच्चा पारि जतन् गरेर सहजै * हुर्काउन्याछौं तहाँ
छोडी यौ करुणा गरेर भनि यो * बिन्ती बहुत् गर्दछौं
छोड्दिन्नौ तिमिले भन्या यहि घरी * हामी हुवै मर्दछौं १७
यस्तो बिन्ती सुनी सुधाकन फगत् * छोडिन् सिताले जसै
छोडीनन् सुघिनी र त्यो शुक तहाँ * फेर् भन्न लाग्यो तसै
हे सीते ! रतिभर् दया नगरि क्यै * यो गर्भिणीको यहाँ
पाप्लिन्छयौं किन छोडियौ मआहिले * लैजान्छु साथै महाँ १८
फेरी त्यो सुघिनीपनी उहि बखत् * मन्मा ठुलो ताप् गरी
लागी भन्न सिताजिलाइ बहुतै * आँशु नजरमा धरी
ऐल्हे गर्भिणि छ कुनै दिनपछी * बच्चा हुन्याछन् जसै
तिम्रा साथ् रहँदा अवश्य बुझिल्यौ * मर्नन् ति बच्चा तसै १९
धेरै यै रितले सुघा सुघिनिले * दुःखित् भई मन् महाँ
सम्झाया तर छोडिनन् र सुघिनी * भन्छे रिसाई तहाँ
हे सीते ! जसरी बिछोड् गरिदियौ * हामीहरुको यहाँ
तेसरी राम् तिमिलाइ गर्भिणी हुँदा * त्यागुनन् अवश्यै तहाँ २०

एती बात् पहिले सुनाइकन फेर् * अत्यन्त सुर्ता गरी
सामने जानकिका उसै बखतमा * त्यो शुक्कि पत्नी मरी
वार्ता श्री रघुनाथको गरि तहाँ * छोडी दिई प्राण् जसै
आयो दिव्य विमान् चढेर गइ त्यो * बैकुण्ठधाम्मा तसै २१
आर्या मर्न गई भनेर सिसले * त्यो शुक् पनी फेर् तहाँ
सीतालाइ म दुख् दिखाउन सकूँ * भन्या लिई मन् महाँ
क्रोधले पूर्ण भएर वेगसित उड़ी * गङ्गा किनारमा गयो
फालूहाली जलमा डुबेर सहजै * त्यो पक्षी मर्दो भयो २२
त्यै कारण् भई धोबिका कुलविषे * जन्मी अयोध्या महाँ
तेसले जानकिलाइ तेस् बखतमा * दुर्वाच्य बोल्यो तहाँ
हे वात्स्यायनजी ! जसोरि वनमा * लक्ष्मण्जिले त्यो घरी
छोड्या जानकिलाई सो सुन तिमी * भन्छु म विस्तार् गरी २३

लक्ष्मणजीले सीतालाई वाल्मिकिजीका आश्रमनेर छोडेर फर्कनु।

सीताजी रथका उपर् जब चढ़िन् * लक्ष्मण्जिले फेर् अनि
आज्ञा सारथिलाइ बक्सनु भयो * चौंडो चला रथ् भनी
आज्ञा लक्ष्मणको जसै सुनिलिया * त्यो सारथीले तहाँ
हाँक्यो रथ्कन वायुभैं गति गरी * फेरी उसै बिच् महाँ ?
दक्षिण् नेत्र सिताजिको तहिं फुऱ्यो * सोही बखत्मा जसै
चिन्ता पर्न गयो र लक्ष्मण तरफ् * फर्केर सोधिन् तसै
हे लक्ष्मण् ! शुभकर्म गर्न मनमा * इच्छा हुँदा यो घरी
आयाथ्याँ तर फुर्छ दक्षिण नजर् * मेरो कुलक्षण् गरी २
जङ्गलका पशुपक्षिहेरु पनि फेर् * आएर रस्ता महाँ
दक्षिणतर्फ मलाइ पारि किन सब् * गर्छन् परीक्रम् यहाँ
मेरो चित्त बहुत् उदास् छ किन हो * देख्छु कुलक्षण् पनि
यसले ठान्छु म एक् विपत् अतिठुलो * क्यै पर्न आँट्यो भनी ३

हे लक्ष्मण! जति पर्छ आपद परोस् * मेरै कपालमा सबै
क्यै आपत् नपरोस् प्रजाहरु सहित * रामका उपरमा कर्छै
यो बात जानकिको सुनेर मनमा * लक्ष्मणजिले शोक गरी
क्यै उत्तर नदिई रह्या ति मुटुमा * गाँठो बह्नतै परी ४
यसतै तर्क वितर्क जानकि अनेक * गर्दै थिइन् फेर तहाँ
पौंच्यो रथ पनि त्यो उसै बखतमा * गङ्गाजिका तीर महाँ
गङ्गाका तिरमा जसै रथ पुग्यो * सीता र लक्ष्मण पनि
उत्र्या त्यो रथदेखि फेर जमिनमा * पार जानलाई भनी ५
जसमा दूध सरि फींज उठेर लहरी * शोभा बहुत गर्दछन्
जसमा स्नान गरी तिनै भुवनका * प्राणीहरू तर्दछन्
यसतो भागिरथी विषे अति असल * नाउ तलासै गरी
ताच्या जानकिलाइ दुःखित भई * लक्ष्मणजिले त्यै घरी ६
गंगा पार पुगि नाउदेखि जिमिमा * उत्र्या र फेरी तहाँ
सीतालाई लिएर लक्ष्मणजिले * पस्ता भया वन् महाँ
चल्दा जानकिका दुबै पयरमा * काँढाहरूले गरी
घोच्च्यो तैपनि हिंड्दथिन् वरिपरी * हेर्दै सबै वन् भरी ७
लागिन् देख्न फगत् खयर् बबुरका * वृक्षैहरू छन् जती
आगो लागि डढेर ती रुख पनी * काला भयाका अती
बाघ् भालू चितुवा र सिंहहरूले * हात्तीहरूले तहाँ
गर्ज्याकको सुनी फेर सिताकन बहुत * डर् पर्नगो मन्महाँ ८
फेरी केहि घरी थकित् भई सिता * ताहीं खड़ा भै रहिन्
लक्ष्मणको मुहुडा पनी अतिमलिन् * देखेर सोद्धी भइन्
हे लक्ष्मण! तिमिले मलाइ ऋषिका * आश्रमहरू छन् जहाँ
लैजान्छु म भनी अघोर बनमा * लैजान आँट्यो कहाँ ९

हिड्दा यो वनमा स्वयर् बहुरका * काँढाहरुले गरी
घोच्दा हिंड्न पनी कठिन् हुनगयो * पीडा पयरमा परी
आश्रम् कवै ऋषिको पनी नजरले * देखिन्न यो वन् महाँ
काँढैका रुख मात्र सब् वरिपरी * देख्छ म ऐल्हे यहाँ १०
हे लक्ष्मण! तिमिले पनी अति ठुलो * सन्ताप् गऱ्याभैं गरी
रुन्छौं धेर् किन हो बताउ ति कुरा * मेरा उपर् प्रेम् धरी
यो बात् जानकिको सुनेर बहुतै * सन्ताप् मनैमा परी
क्यै उत्तर् नदिएर लक्ष्मण तहाँ * रोया विलाप् खुब् गरी ११
उत्तर् क्यै नदिएर लक्ष्मणजिले * रोई रह्याको तहाँ
देख्दा जानकिलाइ झन् अति ठुलो * सन्ताप् बढ्यो मन्महाँ
मन्मा तर्क-बितर्क धेर् गरि तहाँ * जिद्दी गरी फेर् पनि
सोधिन् लक्ष्मणलाइ जल्दि तिमि यो * कारण् बताऊ भनी १२
साहै जिद्दी गरी कसम् दिइ दिई * सोधिन् सिताले जसै
लाग्या लक्ष्मण भन्न फेर् गहभरी * आँशू गराई तसै
हे सीते! कसरी भनूँ कठिनको * यो बात् मुखैले पनि
राम्ले त्याग्नु भयो हजुरकन यहाँ * यस्ता हिसाबले भनी १३
एक्ले रावणले लगेर घरमा * एक् वर्ष राख्दा महाँ
शङ्का केहि चरित्रमा हजुरको * सब् गर्न लाग्या यहाँ
सोही कारणले प्रजा सकलको * चित्तै बुझाऊँ भनी
त्यागी वक्सनुभो हजुरकन यहाँ * राम्चन्द्रजीले पनि १४
वज्रैको सरि चोट् हुन्या हृदयमा * त्यो बात् गऱ्याको जसै
लक्ष्मण् देखि सुनिन् र व्याकुल भई * काँपिन् सिताजी तसै
एकछिन् कम्पित भै जउन् तरहले * ठुला हुरीमा यहाँ
गिर्छन् वृक्षहरू उसै तरहले * लोटिन् सिताजी तहाँ १५

लक्ष्मणले पनि आफुलाइ उ बखत * धिक्कार् बहुते दिई
रूँदै जानकिका गई नजिकमा * हातमा पखयौंरा लिई
हाँक्या जोरगरि त्यो बतास शिरमा * लागेर धेर् बेर् लखक्
मूर्छा खुलन गयो र जानकिजिले * खोलिन्नयनका पलक १६
मूर्छा देखि उठेर लक्ष्मण तरफ् * फर्केर जोरले रुँदै
लागिन् भन्न सिता विलाप् गरिगरी * अत्यन्त व्याकुल हुँदै
हे लक्ष्मण! भन धोबिकै वचनले * निर्दोषि हो यो भनी
जानी जानि कसोरि त्यागि दिनुभो * रामले मलाई पनि १७
लक्ष्मणजीकन यो कुरा अघि भनी * फेरि उसै बिचमहाँ
सम्झी श्री रघुनाथलाइ मनले * भन्छिन् सिताजी तहाँ
भन्छिन् सुन् रघुनाथलाइ सबले * साहै दयालू भनी
मैमाथी कसरी कठोर हुनुभो * ऐल्हे उनै राम् पनि १८
ऐल्हे त्यागनु थियो भन्या हजुरले * हुलो परिश्रम् सही
नाहक् ल्याउनुभो मलाइ रघुनाथ्! * लङ्कापुरीमा गई
लङ्कैमा म भया ति राक्षसहरू * खान्थ्या कुनै दिन् महाँ
यो संकष्ट यसोरि भोग्नु मयिंले * पर्दैनथ्यो क्यै यहाँ १९
सुन् मेरा पतिले मलाइ लिनका * खातिर् समुद्रै तर्‍या
फेरी राक्षसकुल् बिनाश् गरि सबै * उद्धार् मलाई गर्‍या
त्यसता रामकन दोषकसोगरि दिऊँ * जो दुख् पर्‍यो ता पनि
ठान्छु पाप् अधिको थियो र विधिले * यो दुख् गरायो भनी २०
रूँदै यै रितको विलाप् अरु पनी * धेरै रकम्का गरिन्
व्याकुल् भैकन फेर् सिता उस बखत् * मूर्छा तुरुन्तै परिन्
यसतो जानकिको विलाप् नजरले * देखेर शोकमा परी
लक्ष्मणजी पनि फेर् उसै बखतमा * रोया विलाप् खुब् गरी २१

मूर्छा केहि घरी परेर पछि फेर् * चैतन्य आयो जसै
देखिन् लक्ष्मणलाइ जानकिजिले * रोई रह्याका तसै
फेरी धैर्य गरी उसै बखतमा * लक्ष्मण्जिलाई पनि
लागिन् भन्न फिरेर जाउ अहिले * रामका हजुरमा भनी २२
हे लक्ष्मण् ! तिमिले गई ऋषिहरू * सबका अगाडी महाँ
भन्नू श्री रघुनाथका हजुरमा * जो बात् म भन्छु यहाँ
हे नाथ् ! अग्निबिषे पसेर मरिंले * दोष् छैन इन्मा भनी
बिश्वास् पारिसक्याँ सदाशिव समेत् * ब्रह्मादिलाई पनि २३
बिश्वास् चौधभुवन् बिषे परिसक्यो * मेरा चरित्रै महाँ
बिश्वास् पर्त गएन ता गर्छ कसो * त्यो धोबिलाई यहाँ
सबका साक्षि हजुर् भन्या हजुरले * कुन् बात् न जान्नू थियो
दोषचूँ कसरी कन हे प्रभौ ! सकल् दुख् * मेरै नसीबले दियो २४
हे राम् ! हे करुणानिधान् ! हजुरको * दासी चरणाकी म हुँ
त्यागन्छु भो मुखले तथापि म सदा * दिलमा हजुरकै रहुँ
ईश्वरलाई म भन्छु हे रघुपते ! * दोश्रा जनम्मा पनि
दासी भैकन बस्न पाउँ म सदा * रामचन्द्रजीकै भनी २५
हे लक्ष्मण् ! तिमिले गएर अहिले * रास्री ममाथी दया
बिन्ती श्री रघुनाथका हजुरमा * मेरो सबै यो कह्या
फेरी सासुहरू सबैकन पनी * सेवा सुनाई दिनू
मनमा याद रहुँ निरन्तर भनी * बिन्ती चढ़ाई दिनू २६
एती बात् पहिले भनेर पछि फेर् * लक्ष्मणजिलाई तहाँ
भन्दिन् जानकिजी उसै बखतमा * दुःखित् भई मन् महाँ
खाली गर्भवती हुँदा बुझ तिमी * यो ज्यान् बचाऊँ भनी
इच्छा लाग्छ नहीं भन्या म अहिले * मर्थ्यां अवश्यै पनि २७

हे लक्ष्मण ! रघुनाथका हुकुमले * ल्याई मलाई यहाँ
छोड्दा दोष रति छैन फर्के तिमिता * चिन्ता नलीं मनमा
ईश्वरले तिमिलाइ सङ्गल गरुन् * तिम्रा सँगैमा पनि
भन्छ देवर हौ मलाई मनले * कैल्हे न बिर्स्या भनी २८
सीताका इ कुरा जसै सुनिलिया * दुःखित बह्नतै भई
बिन्ती लक्ष्मणले गऱ्या उहि बखत * सामने सिताका गई
हे सीते ! जति बात अहाउनु भयो * ऐल्हे मलाई यहाँ
त्यो सब बिन्ती चढाउन्याछु मयिंले * रामका हजूरै महाँ २९
आश्रम बाल्मिकिको छ ये वनमहाँ * तिनका शरणमा परी
क्यैकाल बस्नुहवस् हजुर पनि तहाँ * खुर्ता सबै त्याग गरी
एती बिन्ति गरी बुझाईकन फेर * बीदा हुनतै भया
मनमा दुःख गरी रुँदै उहि बखत * फर्केर लक्ष्मण गया ३०
फर्क्या लक्ष्मणजी बिदा भई जसै * फेरी सिताजी तहाँ
लागिन् लक्ष्मणलाइ हेर्न बहुतै * दुःखित भई मनमहाँ
भन्थिन् मनमनले सिता उहि बखत * देवर इ हुन् ता पनि
लाग्यो पुत्र बुझेर प्रेम इनमा * रामके समान् हुन् भनी ३१
राख्थ्या लक्ष्मणले पनी सकन प्रेम * माता समानको गरी
क्या आश्चर्य भयो मलाइ बनमा * छाड्दी गया यो घरी
आफ्नै प्राणसरि प्रेम मलाई गरन्या * रामचन्द्रजीले पनि
आज्ञा बक्सनुभो कसोरि बनमा * छोडेर आऊ भनी ३२
लक्ष्मणलाइ जहाँ तलक् नजरले * देख्थिन् सिताजी तहाँ
हुन्थिन् यै रितले बिलाप् गरि गरी * दुःखित भई मनमहाँ
गङ्गा पारि तरेर लक्ष्मण गया * चिन्है कठिन् भो जसै
भन् खुर्ता समसमा गरेर ति सिता * मूर्छा परिन् फेर् तसै ३३

आफ्नी पुत्नि बिचेल्महुँ जब गिरिन् * आएर पृथ्वी तहाँ
हंसैका सरि रूप धरी मधुर जल् * ल्याई पखेटा महाँ
त्यो जल् जानकिका सबै शरीरमा * छर्केर पंखा सरी
लागिन् हाँक्न सिताजिलाई परको * प्रीती मनैमा धरी ३४
साहैं शीतल वायु मन्द गतिले * लाग्यो शरीरमा जसै
मूर्छा खुल्न गयो र फेर् पनि सिता * खेद् गर्न लागिन् तसै
सन्चिन् हे रघुनाथ् ! बिना कसुरमा * कुन् धर्म हो यो भनी
त्यागी बक्सनुभो मलाई यसरी * ऐल्हे हजुरले पनि ३५

बाल्मिकिजी सीताजीकाई आश्रममा ल्याउनु कमपुत्र जन्मको कथा ।

यै रितका अतथेर् विलाप् गरिगरी * साहे ठुलो स्वर् गरी
लागिन् रून तहाँ सबै वरिपरी * हेरेर त्यो वन् भरी
रोएको वनमा अघोर् स्वर सुनी * को रून्छ ऐल्हे भनी
खोज्या बाल्मिकिले उसै बखतमा * सब् शिष्यलाई पनि ३
फेरी जल्दि उठेर बाल्मिकि ऋषी * हेर्दै सबै वन् महाँ
आया शिष्यहरू लिएर सँगमा * रून्यिन् सिताजी जहाँ
हा राम् ! हा करुणानिधान् ! रघुपते ! * यै बात् बराबर् कही
रून्या जानकिलाइ तेस् बखतमा * देख्या नजीकमा गई २
साम्ने बाल्मिकिलाइ देखिकन झट् * उठेर सीता तहाँ
हात् जोरीकन फेर् प्रणाम् गरि लिइन् * पत्रेर पृथ्वी महाँ
आशिर्वाद दिई सिताकन तहाँ * सोध्या ऋषीले पनि
को हौ यसरितले तिमी छिन यहाँ * रून्छयौ बलाऊ भनी ३
आफू माथि कृपा गरेर ऋषिले * प्रश्नै गर्न्याको जसै
सुनिन् जानकिले र गै नजिकमा * बिन्ती चढाइन् तसै
रामकी पत्नी म हुँ ऋषे ! रघुपती * जीले मलाई यहाँ
त्यागी बक्सनुभो र रून्छु अहिले * दुःखित भई मन् महाँ ४

१ श्रीरामले लव-कुश संग रामायण सुनेको ।

२ लवकुशले रामायण गान गरेको ।

३ रामचन्द्रले अश्वमेधको घोडा छोडेको ।

४ रामचन्द्रको अश्वमेधको घोडालाइ लव-कुशले समातेको ।

एती बिन्ती गरेर फेरि पनि सिता * शोक गर्न लागिन् जसै
त्यो शोक शान्त गराई बाल्मिकिजिले * आज्ञा गऱ्या फेरि तसै
हे सीते ! गुरु हुँ जनक नृपतिको * छोरी उनैकी भनी
देख्तामा तिमिलाइ लाग्छ बहुतै * माया मलाई पनि ५
सोही कारणले पिता सरि बुझी * मेरा कुटीमा गई
क्यै चिन्ता नगरी रहू अब उपर * छोरी समानूकी भई
यसूता रीतसितले बुझाइकन खुब * आऊ सँगैमा भनी
ल्याया बाल्मिकिले सिताकन तहाँ * आफ्ना कुटीमा पनि ६
आफ्ना आश्रममा सिताकन लगी * फेरी उसै बीच महाँ
डाकी बाल्मिकिले अहाउनु भयो * सब शिष्यलाई तहाँ
ऐल्हे जानकिका निमित्त अति बेस * एक पर्णशाला पनि
सबले यत्न गरेर यस स्थलमहाँ * चाँडो बनाऊ भनी ७
यो आज्ञा गुरुको सुनेर उ बखत * शिष्यैहरू जो थिया
सबले जानकिका निमित्त तहिं एक * आश्रम बनाई दिया
जल्दी सब ऋषि पल्टिलाइ पनि फेर * डाकी सिताको यहाँ
सेवा गर्नु भनेर बाल्मिकिजिले * आज्ञा दिनूभो तहाँ ८
रातदिन ध्यान रघुनाथका चरणको * मनले बराबर गरी
बाल्मीकी ऋषिलाइ जानिकन ठीक * आफ्नै पिताका सरी
सेवा बाल्मिकिको गरेर ति सिता * सोही कुटीमा रहिन्
जो जो दुख मनमा थियो उहि बखत * सम्पूर्ण भुल्दी भइन् ९
यै रितले ऋषिपत्निका सँग बसी * क्यै दिन बिताइन् जसै
फेरी जानकिका कुमार दुई भया * रामूकै समानूका तसै
खुशभै बाल्मिकिले उसै बखतमा * झट्ट जात कर्म गऱ्या
नाऊँ फेरि 'कुश' 'लव' भनेर ति दुवै * सीताकुमारको धऱ्या १०

शुक्लै पक्ष भएर चन्द्र जसरी * बढ्दछन् उसै चाललै
सीताका ति हुवै कुमारहरू बढ्या * फेरी कुनै कालले
संस्कार् सब् ब्रतबन्ध आदि ऋषिले * ताहीं हुवैको गरी
फेरी शास्त्र सबै पढाउनु भयो * प्रीती मनैमा धरी ११
सब् शास्त्रैहरूमा कुशल् जब भया * फेरी धनुर्वेद् पनि
साङ्गोपाङ्ग सबै पढाइ दिनुभो * ये मुख्य काम् हो भनी
रामायण् पनि फेर् हुवैकन तहाँ * सारा पढाई लिया
फेर् दिव्यास्त्रहरू पनी ति ऋषिले * हातमा हुवैका दिया १२
हातमा दिव्य धनू लिएर पिठमा * अक्षय्य ठोक्को धरी
लाग्या ति हुइ भाइ घुम्न बनको * शोभा बहुतै गरी
आफ्ना ती हुइ पुत्रलाइ निशिदिन् * लीएर बस्ता सहाँ
जो जो दुख् मनमा सिताकन थियो * त्यो सब् हराया तहाँ १३
यस्ता रितसित जानकीकन कुमार् * पैदा भयाथ्या भनी
वात्स्यायन् ऋषिलाइ सब् कहनु भो * खोलेर शोभूले पनि
फेरी भन्नुभयो ऋषे ! सुन तिमी * जस्ता हिसाबले गरी
रणमा गै लव कुश हुवै जन लड्या * भन्नूस बिस्तार् गरी १४

लवको युद्ध र शत्रुघ्नजीको विजय ।

घोडालाई फुकाउँछौं भनि तहाँ * जो जो गयाका थिया
बाणको वर्षण धेर् गरेर लवले * सबैलाई मारी दिया
फेरी त्यो समाचार् उसै बखतमा * कोही पुरुषले गई
श्री शत्रुघ्नजीका अघिल् तिर भन्यो * अत्यन्त दुःखित् भई १
फौजको नष्ट गराई अश्व अहिले * एक् बालकैले धर्‍यो
भन्या बिन्ति सुनी अचम्भ मनमा * शत्रुघ्नजीका पर्‍यो
क्यैकाल् सम्म विचार् गरेर पहिले * क्रोधित् भई फेर् झनि
सेनानायक कालजित्कन भन्या * लौ लड्न जाऊ भनी २

सेनानायकले हुकुम् सुनिलिया * शत्रुघ्नजीको जसै
धेरै सैन्य लिएर लड्न लवका * सामने गया झट् तसै
सामनेमा लवका गएर बह्रतै * कोमल् स्वरूपका तहाँ
देख्दामा लवलाइ तिन्कन दया * आयो उसै बिचमहाँ २
लाग्या भन्न ति कालजित् लवजिका * सहसा गई यो पनि
दाजास्मै तिमिले हरण् किन गऱ्यौ * यो अश्वलाई भनी
एेरी सुन्दर रामका सरि सुहार् * देख्छु नजरले पनि
माया लाग्छ कसोरि लड्नु मयिंले * तिम्रा सँगैमा भनी ४
तस्मात् कारण छोड्दियौ हय तिमी * कुन् साहसैले यहाँ
भन्छौ लड्नु भनेर बालक भई * शत्रुघ्नका सङ् महाँ
सान्दैनौ तिमिले भन्या गर्छु कसो * संग्रामसमा यो घरी
मान्यर्छ तिमिलाई निश्चय पनि * वर्षा शरैको गरी ५
सेनानायकका इ बात् सुनिलिया * सीताकुमारले जसै
सास्ने गै रति डर् नमानि मनमा * उत्तर् दिया फेर् तसै
हे सेनापति ! जो भन्यौ मकन यो * देखेर बालक् यहाँ
बालक् हुन् तर काल हो यहि भनी * जानीलिया मन् महाँ ६
मर्नैको तिमिलाई मन् यदि भया * मेरा अगाडी रहू
घोड़ा दिन्न म यो भनेर कि त गै * शत्रुघ्नलाई कहू
यस्तो बात् लवको सुनेर बह्रतै * क्रोधित् भई मन्महाँ
लाग्या तीं लवलाइ भन्न इ कुरा * फेर् कालजित्ले तहाँ ७
हे बालक् ! तिमिलौ जमीन् बिचमहाँ * रथ्मा म छु यो घरी
तिम्रा साथ् मयिंले कउन् तरहले * लड्नू अधर्मै गरी
शेखीका इ कुरा सबै सुनिलिया * सीताकुमारले जसै
साहै क्रोध् गरी कालजित्कन तहाँ * फेर् भन्नलाग्या तसै८

रथ्मा छु म भनी घमण्ड तिमिले * जो गर्दछौ त्यो यहाँ
तोडी यो रथ झट् गराइ बिरथी * झार्छु जमीनै महाँ
एती बात् पहिले सुनाइकन फेर् * सौ बाण् करैमा लिया
छोडी ती शर कालजित्कन बहुत् * व्याकुल् गराई दिया ९
बाणलाग्यो भनि खुब् रिसाइकन फेर् * सेनापतिले पनि
वर्षाया लवका उपर् शर अनेक् * मार्छु म ऐल्हे भनी
ती सब् शरहरुलाइ फेरि लवले * आकाशमा त्यो घरी
टुक्रा पारि दिया सहजसँग * तहाँ आफ्ना शरैले गरी १०
छोडी एकशय शर् उसै बखतमा * सेनापतीको तहाँ
तोड्या रथ्कन फेर् पनी ति लवले * त्यो युद्धभूमी महाँ
तोड्या रथ् लवले भनेर रिसले * फेर् कालजित् वीर् पनि
हात्तीका पिठमा चढ्या उहि बखत् * लड्छु म ऐल्हे भनी ११
देख्या हात्ती उपर् जसै लवजिले * दश् बाण छोडी दिया
फेरी त्यै घरि कालजित्कन तहाँ * घाऊ गराई लिया
चोट् खाई लवका कठोर शरको * फेर् कालजित्ले पनि
जान्या खुब् मनले बहुत बलवान् * बालक् रह्यालन् भनी १२
पैल्हे एति विचार् गरेर पछि फेर् * हातमा गदा एकलिया
क्रोधित्भै लवका उपर् उहिबखत् * ताकेर छोडी दिया
सेनानायकको गदा नजरले * देख्लीलियाथ्या जसै
काट्या फेर् पनि त्यो गदा गगनमै * सीताकुमारले तसै १३
फेरी झट् लवका उपर् अति ठुलो * सेनापतीले तहाँ
वक्षमा छोडि दिया र त्यो पनि सहज् * काट्या उसै बीच्महाँ
छोडी एकशर फेर् तहाँ लवजिले * सेनापतीको पनि
हात्ती मारिदिया लडोस् म सँग यो * उत्री जमीन्मा भनी १४

हात्ति मारि कुदेर फेर् नजिकमा * सेनापतिका गई
तान्या हातमहाँ खप्पाति लवले * अत्यन्त क्रोधित् भई
बाहुयुद्ध गरेर क्यै घरि तलक् * फेरी दुवै वीर् तहाँ
लाग्या शस्त्र लिएर लड्न रणमा * क्रोधित् भई मन्महाँ १५
सोही औसरमा खिंचेर तलवार् * साहै ठुलो वेग् गरी
आया फेर् तहिं कालजित् लवजिका * सामने अगाडी सरी
फेरी श्री लवले पनि उहि बखत् * एकबाण् चलाई लिया
तिन्को त्यो तरवारले सहित हात् * काटी खसाई दिया १६
त्यो हात् काटी दिया तथापि रिसले * बायाँ करैले पनि
आया एक गदा उठाइ लवको * संहार गर्छ भनी
त्यो हातलाइ पनी तहाँ लवजिले * काटी दियाथ्या जसै
मुख् बाई लवलाइ निल्दछु भनी * दौडेर आयो तसै १७
फेरी एक् तरवार् खिंचेर लवले * सेनापतीको तहाँ
कुण्डलले र किरीटले सहित शिर् * काट्या उसै बीचमहाँ
सेनानायक कालजित् तब मऱ्या * सारा फउज् त्यो घरी
आया लड्न भनी रिसाइ लवका * सामने अगाडी सरी १८
सोही औसरमा चढाइ धनुमा * सीताकुमारले पनि
बाणको वर्षण धेर् गऱ्या सकल फौज् * माछैं म ऐलेहे भनी
माछौं यसकन गै भनेर लवका * सामने जउन् पर्थ्या
ती सब् वीरहरु चोट खाइ शरको * कत्तल् भई गिर्थ्या १९
बाणलागी लवको रणस्थलमहाँ * धेर् सैन्य मर्नै गई
लाग्यो बग्न रगत् तहाँ उस बखत् * खोलै समानको भई
हात् पाउ शिर् सब् अलग् भइ कती * सोही नदीमा परी
लाग्या बग्न ति मत्स्य कूर्म सरिभै * शोभा बढ्दछै गरी २०

गोलाकार् धनुको गराइ लक्जी * चारै तरफ फौज् महाँ
छोड्थ्या बाणहरू ठुलो झरि हुँदा * पानी पऱ्या झैं तहाँ
हात्ती रथ् पइदल् जती लवजिका * साम्ने गयाका थिया
कोही बाँकि रहेन छिन्भरि महाँ * सबलाइ मारी दिया २१
यस् बेला शर् झिक्दछन् इ अहिले * छोड्छन् यसोरी भनी
संधान् गर्न सकेन तेस् बखतमा * कोही पुरुषले पनि
हाहाकार् परिगो जसै फउज भर् * पुष्कल्जि फेरी तहाँ
आया लड्न भनी रिसाइ लवका * साम्ने अगाडी महाँ २२
पैदल् श्री लवलाई पुष्कलजिले * देखी लियाथ्या जसै
युद्धको सब धर्म सम्झि मनले * भन्दा भया फेर् तसै
हे वीर्! कुन् रितले लडूँ म अहिले * तिम्रा सँगैमा यहाँ
पैदल् छौ तिमि ता म छु रथ उपर् * यो युद्धभूमी महाँ
तस्मात् कारण त्यो म दिन्छु रथ यो * तिम्रा निमित्तै पनि
लड्नू यै रथमा चढेर तिमिले * मेरा सँगैमा भनी
ई बात् पुष्कलको सुनेर लवले * भन्दा भया फेर् तहाँ
हे वीर्! कुन् रितले मलाइ तिमिले * यो बात् सुनायौ यहाँ २४
ब्राह्मण् हौन म दान् लिएर कसरी * तिम्रा रथैमा चढौं
फेर् तिम्रै रथमा चढेर कसरी * तिम्रा सँगैमा लडौं
तस्मात् कुन् रथमा चढेर बहुते * गर्छौं घमण्डै यहाँ
सोही रथ्कन चूर्ण गर्छु सहजै * मैंले यसै बीच्महाँ २५
एती बात् लवले सुनाइ धनुमा * सौ बाण् चढाई लिया
छोडी त्यै घरिमा ति पुष्कलजिको * रथ् चूर्ण पारी दिया
तोड्या रथ् भनि फेरि पुष्कलजिले * अत्यन्त क्रोधित् भई
लाग्या पैदल युद्ध गर्न लवका * साम्ने अगाडी गई २६

क्रोधले पूर्ण भई ति वीर हुइले * वर्षा शरैको गरी
ढाक्यो सूर्य किरण उसै बखतमा * सारा रणस्थल भरी
ताँदो खुब धनुको खिंचेर शर त्याग * गर्दा हुबैले तहाँ
बज्राघात सरिको अवाज हुनगयो * त्यो युद्धभूमी महाँ२७
लागी वज्रसमान् कठोर शर अनेक * धारा रगतका बही
लड्थ्या आपुसमा पलाँश फुलका * रङ्का हुबै वीर भई
सुन्दरमा वयमा पराक्रम महाँ * एकै समानका थिया
देख्दा ती हुइको लड़ायिं सबले * आश्चर्य मानिलिया२८
बाण लागेर कवच सबै शरिरको * टुकटुक भयो ता पनि
लड्थ्या झन् ति हुबै जनाहरु तहाँ * शत्रू हटाऊँ भनी
साक्षात विष्णु र इन्द्रहुन् कित इ हुन् * श्री चन्द्र सूर्यैहरू
भन्या तारिफ गर्दथ्या ति हुइको * संग्राम देखून्या अरू २९
धेरै बाणहरु लागि त्यो बखतमा * अत्यन्त व्याकुल भई
भन्छन् पुष्कलजी रिसाई लवका * सामने अगाड़ी गई
धन्यै वीर तिमि हौ जगत भरिमहाँ * कवै छैन तिम्रा सरी
बाण हान्छ मयिले रहू अब यहाँ * खुब धैर्य मनमा धरी ३०
यो बात पुष्कलले सुनाइ शरको * वर्षा गराई लिया
चौतर्फी पिंजरा गराइ लवको * रूपलाइ ढाकी दिया
सुनका पंख हुन्या ति पुष्कलजिका * सब शरहरू त्यो घरी
ढाकी सूर्य किरण सबै सलह भैं * उड्थ्यारणस्थल भरी ३१
देख्या आफु उपर बहूत शरको * वर्षा गऱ्याको जसै
आफ्ना शरहरु त्याग गरेर लवले * काटीदिया सब तसै
फेंरी एक शर झट चढ़ाइ धनुमा * पुष्कल जिलाई तहाँ
हान्या श्री लवले उसै बखतमा * क्रोधित भई मनमहाँ ३२

देखी त्यो शरलाइ पुष्कलजिले * एकबाण् करैमा लिया
छोडी त्यो शर त्यै बखत् गगनमा * काटी खसाई दिया
काट्या बाण् भनि झन् रिसाईकन फेर् * सीताकुमार्ले पनि
छोड्या एक् शर फेरि पुष्कलजिको * संहार गर्ने भनी ३३
लाग्यो बाण् गइ त्यो जसै हृदयमा * वज्रै समान् वेग् गरी
पीड़ा ज्यादि भएर पुष्कल गिऱ्या * मूर्छा तुरुन्तै परी
पुष्कल् मूर्छित् भै गिऱ्या जब तहाँ * दौडेर जल्दी गई
ल्याया श्री हनुमानले पिठ उपर् * राखेर दुःखित् भई ३४
मूर्छित् पुष्कललाइ देखिकन खुब् * शत्रुघ्नजी फेर् तहाँ
लाग्या गर्न विलाप् अनेक् तरहको * दुःखित् भई मन्महाँ
फेरी श्री हनुमानलाइ उ बखत् * आज्ञा गऱ्या यो पनि
त्यो बालकहरु गै यसै बखतमा * मारेर आऊ भनी ३५
आज्ञा एति सुनी उखेलि करमा * यौटा ठुलो रुख् धऱ्या
क्रोधित् भै हनुमान् गएर लवका * आफैं अगाडी सऱ्या
देख्या श्री हनुमानलाइ लवले * साम्ने अगाडी जसै
बाणको वर्षण धेर् गरेर बिचमै * त्यो वृक्ष काट्या तसै ३६
त्यो रुख् काटिदिया भनेर रिसले * अर्को ठुलो रुख् धरी
आया श्री लवलाइ मार्न हनुमान् * साह्रै ठुलो बेग् गरी
त्यो रुखलाइ पनी तुरुन्त लवले * काटी दियाथ्या जसै
क्रोधले पर्वत एक् उठाइ हनुमान् * दौड़ेर आया तसै ३७
लाखौं बाणहरू चढाई धनुमा * हानेर सोही घरी
काट्या त्यो गिरिलाइ फेर् लवजिले * टुक्रा हजारौं गरी
एही रित्सित वृक्ष पर्वत शिला * हातमा जउन् चीज्लिया
काटी सब् हनुमानलाइ लवले * व्याकुल् गराई दिया ३८

व्याकुल भैकन खुब रिसाई हनुमान् * दौडी नजिकमा गया
जोरले श्री लवलाइ फेर् पुछरले * बेहेर तान्दा भया
क्रोधले पूर्ण भएर फेरि लवले * सोही पुछरमा पनि
हान्या श्री हनुमानलाइ मुठिले * छोडोस् मलाई भनी ३९
वज्रैका सरि त्यो कठोर् लवजिको * मुड्की पुछरमा जसै
लाग्यो श्री हनुमानलाइ र तहाँ * छोड्या पुछर् त्यो तसै
बन्धन्देखि खुली रिसाइकन फेर् * हातमा धनुर्बाण् धरी
छोप्या श्री हनुमानलाइ लवले * वर्षा शरैको गरी ४०
वज्रैका सरि शरहरू सकल ती * आकाश देखी तहाँ
लाग्या गिर्न गएर सब् ति हनुमान् * वीरका शरीरै महाँ
अगुलभर् नबिराइ बाण् सकल ती * लाग्या शरीरमा जसै
पीडितभै हनुमानका मनमहाँ * चिन्ता पर्‍योखुब तसै ४१
साहै वीर् लवलाई जानि हनुमान् * शक्तीन लड्नै भनी
हारखाईकन मन्मनै यहि कुरा * भन्दा भया फेर् पनि
यो बालकसित लड्न मुश्किल भयो * कुन् जुक्ति ऐल्हे गरूँ
भागी जाऊँ भन्या पनी मकन सब् * धिक्कार दिन्याछन् अरू ४२
जो चीज् लड्न भनेर लिन्छु अहिले * त्यो चीज् उसैबीच् महाँ
मैले हान्न नपाइ काट्छ सहजै * यो बालकैले यहाँ
बाणको चोटपरि यो शरीर् पनि सबै * चाल्नू समानको भयो
मेरो बल् रति छैन यस् बखतमा * प्राणमात्र बाँकी रह्यो ४३
तस्मात् कारण् ज्यान् बचाउनु पर्‍यो * ऐल्हे छलेले गरी
लोट्छु यै रणभूमिका बिचमहाँ * मूर्छा पर्‍याकै सरी
मन्ले एति विचार् गरेर हनुमान् * मूर्छित भयाझैं तहाँ
लोट्या त्यो रणभूमिमा कपटले * फेरी उसै बीच् महाँ ४४

छलूले जमिन् बिच गिऱ्या भनि क्यै नजानि
मूर्छित भया इ हनुमान् भनि सत्य ठानी
तिम्लाइ छोडिकन फेर् अरु सैन्यलाई
कत्तल् गऱ्या लवजिले शर धेर् चलाई ४५
लाखौं ति अग्नि सरि बाण् जब गिर्न लाग्या
व्याकुल् भई सकल फौज् रण छोडि भाग्या
शत्रुघ्नलाइ पनि फेर् सब सैन्य जाई
संग्रामको सकल् हाल दिया सुनाई ४६
मूर्छा परेर हनुमान् रणमा गिऱ्याका
हुलाहुला अधिक वीरहरू मऱ्याका
शत्रुघ्नले जब इ बातकन सुन्न पाया
साह्रै रिसाइ रथमा चढि लड्न आया ५७
क्रोधले पूर्ण भई रणस्थल महाँ * शत्रुघ्न पौंच्या जसै
देख्या श्री लवलाइ सुन्दर बहुत् * रामकै समान्का तसै
यो बालक् रघुनाथका सरि भयो * कस्ता प्रकारले भनी
आश्चर्यै भई फेर् गएर लवका * सङ्मा सुध्याया पनि ४८
हे बालक् ! सुन रामचन्द्र सरिकै * तिम्लाई देख्दा महाँ
उस्तै रूप् कसरी भयो भनि बहुत् * आश्चर्य मान्छ यहाँ
कुन् वीरको तिमि पुत्रहौ किन यहाँ * आएर घोड़ा हऱ्यौ
मेरा यो सब सैन्यको पनि विनाश् * कुन् कारणैले गऱ्यौ४९
श्री रामचन्द्रजिको पराक्रम सबै * होला सुन्याको पनि
उनकै अश्व हरण् गरेर कसरी * भन्छौ बच्चूँला भनी
बालकहौ तिमिलाई माफ् गरिदियाँ * जो-जो गऱ्यौ सब् यहाँ
घोडा द्यौ किन रामका सँग विरोध् * गछौं अनाहक् महाँ ५०

एती प्रश्न तहाँ सुन्या लवजिले * शत्रुघ्नजीको जसै
लाल्लाल् नेत्र गरेर पूर्ण रिसले * उत्तर् दिया फेर् तसै
मेरो नाम र कुल् सुनेर तिमिले * के गर्दछौ यो घरी
आयौ लड्न भनी लड़ायिं गरिल्यौं * मेरा अगाड़ी सरी ५१
घोड़ा दिन्न उसै अवश्य बुझिल्यौ * मैले भनेको यहाँ
लैजाऊ तिमिले समर्थ छ भन्या * जीतेर युद्धै महाँ
पैल्हे एति कुरा सुनाइ लवले * क्रोधित् भई मन्महाँ
लाग्या बाण्हरु छोड्न फेर् उहि बखत् * शत्रुघ्नलाई तहाँ ५२
देख्या आफु उपर् बहुत् शरहरू * वर्षा गऱ्याको जसै
छोड्या बाण् बहुतै रिसाईकन फेर् * शत्रुघ्नजीले तसै
एकैबार् दुइ वीरले शर अनेक् * छोड्दा रणस्थल् भरी
ढाक्यो सूर्यकिरण् पनी ति शरले * सबैदिक् अँध्यारो गरी ५३
चारैतर्फ खचित् भई ति शरले * ढाकी दिनाले तहाँ
वायू चल्न समेत् छुट्यो उहिबखत् * सारा रणस्थल् महाँ
यो सग्राम् बहुतै भयङ्कर भयो * हेर्नौं तमाशा भनी
आया हेर्न बिमानमा बसि बसी * सब् देवतागण् पनि ५४
देवासुर् सरिको ति वीर दुइको * संग्राम देख्दा महाँ
आश्चर्य भइ देवताहरु पनी * सब्भन्न लाग्या तहाँ
रामको रावणको लडायिं हुनगो * लङ्कापुरीमा जउन्
यस्तो युद्ध भएन कोहि थलमा * वर्णन् गरौं फेर् कउन् ५५
तारिफ् यै रितले अनेक् गरि तहाँ * द्यौताहरूले पनि
फुलको वृष्टि गऱ्या ति वीर् दुइ उपर् * साहै ठुला हुन् भनी
सोही औसरमा रिसाइ बहुतै * शत्रुघ्नजीले तहाँ
काट्या बाण्हरु जो थिया लवजिका * त्यो युद्धभूमी महाँ ५६

यो मेरो शर जाललाई सहजै * काटी खसाया भनी
काट्या फेरि धनू तहाँ लवजिले * शत्रुघ्नजीको पनि
फेरी श्री लवले चढाई धनुमा * सौ बाण छोडी लिया
श्री शत्रुघ्नजिको उसै बखतमा * रथ् चूर्ण पारी दिया ५७
पाऱ्याथ्या विरथी जसै उहि बखत् * शत्रुघ्न क्रोधूमा पऱ्या
फेर् अर्को रथमा चढेर लवका * साम्ने अगाडी सऱ्या
देख्याथ्या रथका उपर् लवजिले * शत्रुघ्नलाई जसै
लाखौं बाणूहरु छोडि देहभरिमा * घाऊ गराया तसै ५८
श्री शत्रुघ्नजिले पनी शर अनेक् * छोडी उसै बीच्महाँ
फेरी श्री लवका शरीर भरिमा * घाऊ गराया तहाँ
घाऊ देखि रगत् बहेर अति लाल् * रङ्का हुनाले गरी
देखिन्थ्या लवजी रणस्थल महाँ * ठीक् बाल सूर्यै सरी ५९
क्रोधूले पूर्ण भएर फेरि लवंले * ताकेर छाती महाँ
हान्या एक् शरले उसै बखतमा * शत्रुघ्नलाई तहाँ
त्यो बाण् वज्र समानको हृदयमा * लागेर वेगूले गरी
पीड़ा धेर भई गिऱ्या रथ उपर् * शत्रुघ्न मूर्छा परी ६१
मूर्छा पारिदिया जसै लवजीले * शत्रुघ्नलाई तहाँ
हाहाकार् परिगो उसै बखतमा * सारा फउज् भर् महाँ
फेरी वीरमणी सुरथ् प्रभृतिका * राजाहरू जो थिया
एकैवार् लवलाइ गै वरिपरी * घेरा गराई लिया ६१
घेऱ्याथ्या जब आफुलाइ रणमा * राजा हजारौं गई
छोड्या फेर् लवले अनेक् शर तहाँ * अत्यन्त क्रोधित् भई
एकैवार् लवका उपर् सकल ती * राजाहरूले पनि
वर्षाया हतियार तेस् बखतमा * माझौं सहज्मा भनी ६१

सारा ती हतियारलाइ लवले * आकाशमै त्यो घरी
टुक्रा पारिलिया सहज्सँग तहाँ * आफ्ना शरैले गरी
एकैबार् धनुमा चढाइकन फेर् * छोडी अनेक् शर् तहाँ
दश्दश् बाण्लवले ति सब् नृपतिका * हान्या शरीरै महाँ ६३
वज्रैको सरि बाण् गएर सब ती * लाग्या शरीरमा जसै
जो-जो सामुमहाँ थिया नृपहरू * मूर्छा पऱ्या सब् तसै
मूर्छा खुल्न गयो उसै बखतमा * शत्रुघ्नजीको पनि
आया फेर् लवका अगाडी रिसले * गर्छ लडायीं भनी ६४
सामने श्री लवका गई त्यस बखत् * शत्रुघ्न भन्छन् तहाँ
हे वीर् बालक! धन्य छौ तिमि सरी * क्वै छैन संसार् महाँ
बालकको लिइ यो स्वरूप भगवान् * शङ्कर् अवश्यै पनि
आया भैं तिमिलाइ ठान्छु मयिंले * छल् गर्नलाई भनी ६५
शंकर् वा हरि हौ तिमी किन भन्या * यस्ता हिसाबले यहाँ
मूर्छा पारी गिराउन्या मकन वीर् * क्वै छैन संसार् महाँ
साक्षात् शंकरनै भया पनि सहज् * एक् बाण् प्रहारै गरी
मूर्छा पारि गिराउन्याछु मयिंले * सैचान् रहू यो घरी ६६
एती बात् पहिले सुनाइकन फेर् * जुन् बाण् प्रयोगै गरी
माऱ्याथ्या लवणासुरैकन अघी * त्यो बाण् करैमा धरी
क्रोधले पूर्ण भई चढाइ धनुमा * शत्रुघ्नजीले तहाँ
छोड्या श्री लवका उपर् उहिबखत् * ताकेर छातीमहाँ ६७
त्यो बाण् गै लवका जसै हृदयमा * लाग्यो बडो वेग् गरी
लोट्या पीडित भै रणस्थलविषे * मूर्छा तुरुन्तै परी
मूर्छित् भै लवजी रणस्थलमहाँ * देख्या गिऱ्याका जसै
जल्दी राखिलिया उठाइ रथमा * शत्रुघ्नजीले तसै ६८

साथी श्री लवका तहाँ ऋषिकुमार् * जो-जो गयाका थिया
दुःखित् भै ति सबै सिताजिकन गै * त्यो हाल् सुनाई दिया
आफ्नो पुत्र धरेर शत्रुहरुले * सङ्मा लग्याको जसै
सूनिन् जानकिले र तापगरि बिलाप् * खुब्गर्न लागिन् जसै ६५

सीताजीको शोक कुशजीको प्रतिज्ञा ।

भन्छिन् फेरि सिता रुँदै उहि बखत् * कुन् दुष्ट राजा यहाँ
मेरो बालक् पुत्रका सँग लड्यो * आई रणस्थल् महाँ
कस्तो निर्दयि त्यो रहेछ कसरी * यस्तो अधर्मै गरी
यौटा बालकलाइ वीर मिलि धेर् * पक्री लिया यो घरी १
बालक् भै नबुझेर आज तिमिले * हे पुत्र ! के काम् गऱ्यौ
घोड़ालाइ धरेर शत्रुहरुका * नाहक् वशैमा पऱ्यौ
लाखौं वीरहरुका अगाड़ी तिमिले * कस्तो कुबुद्धी लिई
युद्धै आज गऱ्यौ बिना बुझि उसै * एक्लै जमीन्मा रही २
त्यागनू भो रघुनाथले तर पनी * आजतक् म यो वन्महाँ
बस्त्याँ दुःख सबै भुलेर तिमि छौ * भन्या हिसाबले यहाँ
माता मेरि अनाथ छन् भनि दया * मन्मा नली क्यै पनि
छोडी आज मलाइ शत्रुहरुका * वशमा पऱ्यौ के भनी ३
यै रीतका अरु धेर् विलाप् गरिगरी * आँशू नजरमा धरी
लागिन् रून सिताजि दुःखित् भई * साह्रै ठुलो स्वर् गरी
सेवा बाल्मिकिको सबै गरिसकी * सोही बखत्मा तहाँ
आया श्री कुशजी पनि जननिका * साम्ने उसै बीच्महाँ ४
देख्या जानकिलाइ शोकगरि तहाँ * रोई रह्याकी जसै
हात् जोरिकन नम्र भै कुशजिले * बिन्ती चढाया तसै
हे मातर् ! म छँदै हजुरकन कउन् * सन्ताप् मनैमा परी
रूनू आज पऱ्यो बताउनु हवस् * यस्ता हिसाबलेगरी ५

भाईलाइ पनि म देख्तिन कहाँ * खेलन्या निमित्तै गया
डाकी ल्याऊँछु गै तुरुन्त अहिले * आज्ञा मलाई भया
यो बिन्ती कुशको सुनेर मनमा * सन्तोष बहुतै गरी
लागिन् भन्न सिता रुँदै उहि बखत * आँशू नयनमा धरी ६
हे कुश ! सब ऋषिपुत्रलाइ सँगमा * लीएर ऐल्हे यहाँ
तिम्रो भाइ गएर भागिरथिका * खेल्यो किनारा महाँ
यज्ञको तहिं एक ठुलो नृपतिको * आएछ घोड़ा जसै
पक्रेछन् लवले विचार नगरी * बालक हुनाले तसै ७
भारी युद्ध गरेर तेस् नृपतिका * लश्करहरू धेर् तहाँ
मार्‌याछन् पहिले अनेक लवजिले * एकलै रणस्थल महाँ
फेरी जो नृपती थियो उही पनी * आएर युद्धै गरी
एक चोटी लवका कठोर शरले * लोटेछ मूर्छा परी ८
मूर्छादेखि उठी लडेर बहुतै * जीतेर तेस्ले तहाँ
पक्री ती लवलाइ बाँधिकन फेर् * लीएर गो सङ् महाँ
भन्या बात् ऋषिपुत्रहेरु इ सबै * आएर भन्छन् यहाँ
सोही कारणले म रुन्छु अहिले * दुःखित् भई मन्‌महाँ ९
एती बात् पहिले सुनाइकन फेर् * आँशू नजरमा धरी
रुँदै श्री कुशलाइ जानकिजिले * आज्ञा गरिन् त्यो घरी
हे कुश ! गै तिमिले पराजय गरी * सब् शत्रुलाई तहाँ
आफ्नो भाइ छुटाइ ल्याउ अहिले * मेरा अगाडी महाँ १०
त्यो आज्ञा कुशले तहाँ जननिको * सुनी लियाथ्या जसै
लाल्‌लाल् नेत्र गरी रिसाइकन खुब् * बिन्ती चढ़ाया तसै
हे मातर् ! म शपथ् गरेर अहिले * गर्छु प्रतिज्ञा पनि
दुश्मनलाइ जितेर भाइकन ली * फिर्‌र्याछु चौंडै भनी ११

मनका शोक अब छाडि बक्सनुहवस् * सब् देवतागण् तहाँ
आया लड्न भन्या पनी म सहजै * जित्न्याछु युद्धै महाँ
भाईलाइ लिई मुहूर्त भरिमा * दर्शन् हुन्छको पनि
गन्यांछु यदि गर्नलाइ नसक्या * भन्नू कुपुत्रै भनी १२

यसरीतले पहिले तहाँ जननिका * सामने प्रतिज्ञा गऱ्या
जान्छु लड्न भनेर फेर् कुशाजिले * हातमा धनुबाण् धऱ्या
सीताजी पनि पुत्रको सब कुरा * सूनेर खूशी भइन्
आशीष् दीकन लड्न जाउ भनि फेर् * आज्ञा तुरुन्तै दिइन् १३

लवंकुशको युद्ध शत्रुघ्नको पराजय।

वीदा भै कुशाजी सितासँग तहाँ * दौडेर जल्दी गई
पौंच्या सोही घरी रणस्थलमहाँ * अत्यन्त क्रोधित् भई
बन्धनमा लवजी थिया तर पनी * कुशलाइ देख्या जसै
तोडी बन्धन त्यो कुदेर खुशि भै * उऱ्या जमीनमा तसै १

फेरी ती दुइ भाइ मैकन तहाँ * अत्यन्त क्रोधित् भई
लाग्या वर्षण गर्न शरहरु अनेक् * सोही बखतमा गई
आकाश् औ रणभूमिमा सलह भै * छोप्या ति बाणले जसै
हाहाकार् गरि सैन्य राघवजिका * सम्पूर्ण भाग्या तसै २

भाग्न्या व्याकुल भै ति फौजकन तहाँ * शत्रुघ्नजीले पनि
रोक्नूभो नडराउ गर्छ मर्यिलै * रक्षा सबैको भनी
फेरी जानकिका कुमारहरु दुबै * जाहाँ बस्याका थिया
ताहीं गै लवका समान् स्वरूपका * कुशलाई देखी लिया ३

एकै शक्कलका दुबै जन भया * कसता हिसाबले भनी
आश्चर्य भइ फेर् गएर कुशमा * ती सोधन लाग्या पनि
हे बीर्! ठीक् लवका समान् अनुहार् * देखेर तिम्रो यहाँ
भाई हौ उनकै सहोदर तिमी * भन्या बुझ्यौं मनमहाँ ४

कुन् वीरका तिमि पुत्र हौ किन यहाँ * बस्छौ यसोरी भनी
केही जान्दिन सब् बताउ तिमिले * त्यो बात् मलाई पनि
यो प्रश्नै कुशले जसै सुनिलिया * शत्रुघ्नजीको तहाँ
गम्भीर् बाणी गरेर उत्तर दिया * सबका अगाड़ी महाँ ५
हे बीर् ! जानकिका कुमार् दुइ जना * हामी कुशै लव् भनी
प्रख्यात् छौं सबमा पिता कउन् हुन् * जान्दीन मैले पनि
विद्याभ्यास गरेर बाल्मिकिजिका * बस्छौं सदा सङ् महाँ
आयौं लड्न भनेर यस् बखतमा * तिम्रा सँगैमा यहाँ ६
को हौ वीर अनेक् मिली किन यहाँ * यस्तो अधर्म गरी
मेरो बालक भाइलाइ तिमिले * पक्रीलियौ यो घरी
हे राजन्! तिमि वीर हौ यदि भन्या * आएर चाँडो यहाँ
मेरा सामु भई लडायिं गरिल्यौ * यो युद्धभूमी महाँ ७
यो बात् श्री कुशको सबै सुनिसकी * शत्रुघ्नजीले पनि
जान्या खुब् मनले इ पुत्र दुइ हून् * रामचन्द्रजीकै भनी
छोराका सँगमा कसो गरि लडौं * भन्या भई मन् महाँ
फेरी क्यै घरितक् विचार् गरिलिया * शत्रुघ्नजीले तहाँ ८
सोही औसरमा रिसाइ कुशले * हातमा धनुर्बाण् लिया
श्रीशत्रुघ्नजीलाइ शरहरु अनेक् * छोड्दै ढाकी दिया
समूझी क्षत्रिय धर्मलाई मनले * लड्नै उचित् हो भनी
काट्या फेर् कुशका ति शर् गगनमैं * शत्रुघ्नजीले पनि ९
बाणले केहि घरी लडेर पछि फेर् * दुश्मन् हटाऊँ भनी
लाग्या छोड्न ति वीर् दुवै जनतहाँ * दिव्यास्त्रहेरू पनि
पैल्हे श्री कुशले चढाइ धनुमा * अग्न्यास्त्र मन्त्रीलिया
श्री शत्रुघ्नजिका उपर् उहि बखत् * ताकेर छोडी दिया १०

अग्न्यास्त्रै कुशको नजर गरि तहाँ * शत्रुघ्नजीले पनि
छोड्या फेर् वरुणास्त्र सोहि घरिमा * शान्तै गराऊँ भनी
अग्न्यास्त्रै वरुणास्त्र त्याग् गरि तहाँ * शान्तै गऱ्याथ्या जसै
वायव्यास्त्र उठाइ फेरि कुशले * छोडीदिया झट् तसै
लाग्यो चल्न हुरी र फौजहरु तहाँ * सब् उड्न लागी गया
त्यो देखिकन पर्वतास्त्र लिइ फेर् * शत्रुघ्नले छोड् दिया
जो दिव्यास्त्र चलाउँथ्या कुशजिले * त्यो युद्धभूमी महाँ
तेस्को शान्ति गराउँथ्या उहिबखत् * शत्रुघ्नजीले तहाँ १२
आफ्ना अस्त्र सबै विफल् हुनगया * भन्या हिसाबले गरी
क्रोधित् भैकन फेर् भन्या कुशजिले * तीन् बाण हातमा धरी
हे वीर् ! लौ तिम्मिलाइ तीन् शर इनै * छोडेर मैले यहाँ
मूर्छा पारि गिराउन्याछु बुझिल्यौ * यो युद्धभूमी महाँ १३
मूर्छा क्यै गरि पार्नलाइ नसक्या * गर्छु प्रतिज्ञा पनि
अग्नी यो स्थलमा जलाइ अहिले * कूदेर मर्छु भनी
एती बात् कुशले भनेर धनुमा * एकबाण् चढ़ाई लिया
श्री शत्रुघ्नजिलाइ त्यै बखतमा * ताकेर छोडी दिया १४
देख्या बाण् कुशको भयङ्कर जसै * शत्रुघ्नजीले तहाँ
जल्दी तीन् शर त्याग् गरी गगनमै * काट्या उसै बीचमहाँ
दोश्रो शरकन भन् रिसाई कुशले * छेडी दियाथ्या जसै
काट्या त्यो पनि फेर् सहज् गगनमै * शत्रुघ्नजीले तसै १५
आफ्ना वाण् ति दुवै गगन् बिचमहाँ * काटी खसाया भनी
क्रोधले पूर्ण भई लिएर करमा * सीताकुमारले पनी
तेश्रो वाणकन फेर् चढाई धनुमा * सीताजिको ध्यान् गरी
श्री शत्रुघ्नजिलाई ताकि रिसले * छोडी दिया त्यो घरी १६


२ लव-कुश र रामको युद्ध ।
१ लव-कुशको रामका सैन्यका साथ युद्ध ।
३ सीताजीले मरेका सैन्यहरू दाँध्ने प्रार्थना गरेको ।
४ सीताजी सँग विदा भयेको ।

त्यो बाण वज्र समानको जब गई * लाग्यो बडो बेग् गरी
साह्रै पीडित भै गिऱ्या रथ उपर् * शत्रुघ्न मूर्छा परी
श्री शत्रुघ्नजिलाइ मूर्छित भई * देख्या गिऱ्याको जसै
हाहाकार परिगो फउज् जति थिया * सम्पूर्ण भाग्या तसै १७
सोही औंसरमा चढेर रथमा * राजा सुरथ्जी गई
वर्षाया कुशका उपर् शर अनेक् * अत्यन्त क्रोधित् भई
फेरी तीन् शर त्याग् गरेर कुशले * राजा सुरथ्को तहाँ
तीन् टुक्रा धनुको गराई सहजै * काट्या उसै बीचमहाँ १८
फेर् अर्को धनु झट् लिएर करमा * राजा सुरथ्ले पनि
बाणको वृष्टि बहुत गऱ्या कुशजिको * संहार् म गर्छु भनी
सारा ती शरहेरुलाइ कुशले * काटी बिचैमा तहाँ
फेरी एक् शर त्याग् गऱ्या सुरथका * ताकेर छाती महाँ १९
बज्रयो बाण् गई त्यो जसै हृदयमा * वज्रै समान् वेग् गरी
छाद्दै ताहिं रगत् गिऱ्या सुरथजी * मूर्छा तुरुन्तै परी
मूर्छा पारिदिया सुरथ्कन भनी * हातमा ठुलो रुख् लिई
आया श्री कुशका अगाडि हनुमान् * अत्यन्त क्रोधित् भई २०
देख्या श्री हनुमानलाइ कुशले * आफ्ना अगाडी जसै
हातको रुख् शर त्याग् गरेर बिचमै * काटी खसाया तसै
त्यो रुख् काटी दिया भनेर रिसले * अर्को ठुलो रुख् लिया
फेरि श्री हनुमानले कुश उपर् * ताकेर छोडी दिया २१
त्यो रुख् श्री कुशका गएर शिरमा * लाग्यो बडो बेग् गरी
घाऊ धेर् भई बह्यो रगतको * धारा सबै अङ् भरी
लाग्यो चोट् बहुतै तथापि कुशले * खुब् धैर्य मन्मा लिया
मार्छु यो हनुमानलाइ म भनी * ब्रह्मास्त्र छोडी दिया २२

साहै वेगसित त्यो जसै हृदयमा * ब्रह्मास्त्र लाग्यो गई
लोट्या श्री हनुमान् रणस्थलमहाँ * मूर्छा तुरुन्तै भई
मूर्छा श्री हनुमान् रणस्थल महाँ * पारेर फेरी पनि
बाणको वृष्टि गऱ्या तहाँ कुशजिले * सबफौज गिराऊँ भनी २३
लाग्या गिर्न ति बाणहरू सकल गै * फौजका उपरमा जसै
व्याकुल भै रणमा ठहर्न नसकी * सम्पूर्ण भाग्या तसै
सारा लश्करको विनाश बहुतै * देखेर बेग्ले गरी
आया पर्वत एक उठाई रिसले * सुग्रीव सोही घरी २४
फेरी श्री कुशलेे पनि शर अनेक * छोडेर पर्वत तहाँ
हजारौं टुकुरा गराइ सहजै * काट्या उसै बीच महाँ
पर्वत काटि दिया भनेर कुशको * संहार गर्ने भनी
आया वृक्ष ठुलो उखेलिकन झट्ट * सुग्रीव फेरी पनि २५
त्यो रुखलाइ पनी उसै बखतमा * काटी दियाथ्या जसै
फेरी श्री कुशलाई सुग्रिवजिले * हान्या पुछरले तसै
त्यो चोट सुग्रिवको कठोर पुछरको * लागेर वेग्ले गरी
व्याकुल केहि घरी भया कुश पनी * पीडा शरीरमा परी २६
फेरी धैर्य गरी उसै बखतमा * एक बारुणास्त्र लिया
क्रोधले सुग्रिवका उपर कुशजिले * ताकेर छोडी दिया
बेग्ले त्यो बरुणास्त्र झट्ट कुशजिका * मन्त्रै प्रभावले गई
बाँध्यो सुग्रिवलाई जोरसित तहाँ * सर्पै समान्को भई २७
कुशले सुग्रिवलाइ त्यो रणमहाँ * बाँधी लियाथ्या जसै
बाँकी फौजहरु जो थिया ति डरले * सम्पूर्ण भाग्या तसै
पुष्कल वीरमणी सुमद् सहितका * राजाहरू जो थिया
ती सबलाइ पनी लडेर लखले * मूर्छा गराई दिया २८

मूर्छा पारि सबै ति वीरकन फेर् * शत्रुघ्नजीको तहाँ
शिर् देखी सुनको किरीट् कुशाजिले * लीया उसै बीच् महाँ
सुन्दर् पुष्कलको किरीट् खुशि भई * फेरी लवैले पनि
ल्याया सोहि बखत् उतारिकन झट् * लैजान्छु मैले भनी २९
फेरी ती दुइ भाइ जानकिजिका * छोराहरुले तहाँ
सुग्रीव् श्री हनुमान वीर दुइका * बाँधेर खुब् अड्समहाँ
भन्छन् ई दुइ बानरैकन लिई * चाँडो घरैमा पनि
जाऔं लौ अब क्यै बिलम्ब नगरी * हासीहरुले भनी ३०
यो बात् आपुसमा गरेर लवकुश् * भाई दुवै तेस् घरी
फक्र्या ती दुइ वीर बानर सँगै * लीएर बन्धन् गरी
केही जोर् नचलेर बन्धनमहाँ * दुश्मन्हरुका परी
सुग्रिव् श्री हनुमान् पनि चलिगया * सामान्य बानर् सरी ३१
लाग्या सुग्रिवलाइ भन्न हनुमान् * सोही बखत्मा तहाँ
हे राजन् ! गर्नु कुन् उपाय अहिले * हासीहरुले यहाँ
आँट्या लौ लिइ जान जानकिजिका * साम्ने इनीले पनि
साहै शर्म भयो कसोरि मंयिले * देखाउँ यो मुख् भनी ३२

यो बात् सुनेर हनुमानजिलाई ताहाँ
सुग्रीवजिले पनि भन्या उहि बीचमाहाँ
साँचो भन्यौं जिउनु धिक् छ यसोरि ऐलहे
मर्नै असल् बरु थियो भनि ठान्छु मैले ३३

बाटो भर् अति खेद् गरेर मनमा * यसतै रकम्का अरू
गर्थ्या धेर कुरा ति आपुस महाँ * मुख्ये ति बानरहरू
खुशी भै लवकुश् पनी ति दुइ वीर् * बानर् लिई सङ्गमहाँ
जाँदामा कुटिमा पुग्या उहि बखत् * बस्थिन् सिताजी जहाँ ३४

सारा शत्रुहरू रणस्थल महाँ * जीतेर भेट्नै भनी
आयाका दुइ पुत्रहरु कुटिमा * देखी सिताजी पनि
आसन् देखी उठी उसै बखतमा * दौड़ेर क्यै दूर गई
प्रीतिपूर्वक अङ्कमाल् गरिलिइन् * अत्यन्त खूशी भई ३५
फेरी श्री हनुमान सुग्रीव दुवै * बीरलाई बन्धन् गरी
ल्यायाका दुइ पुत्रले कुटि महाँ * देखेर खुब् छक् परी
मन्दैहास्य गरी ति पुत्र दुइका * सङ्मा सिताले पनि
सोधिन् बानर ई दुवै किन यहाँ * पक्रेर ल्यायौ भनी ३६
ई बानरहरुले कउन् गरिलिया * त्यसतो कसुर् यो घरी
जल्दी त्यो सब लौ कहू तिमिहरू * सम्पूर्ण विस्तार् गरी
एती बात् पहिले सिध्याइकन फेर् * भन्छिन् सीताजी तहाँ
छोडीं द्यौ तिमिहेरुले ई दुइको * बन्धन् फुकाई यहाँ ३७
आज्ञा यसरितको तहाँ जननिको * सूनी सक्याथ्या जसै
क्यै हाँसीकन फेर् तहाँ लवजिले * बिन्ती चढाया तसै
हे मातर् ! सुनिबक्सियोस् हजुरले * गङ्गा किनारमा गई
खेल्थ्यौं खूशि भएर बालकहरू * सम्पूर्ण जम्बा भई ३८
घोडा सुन्दर एक् उसै बखतमा * आएर फेरी तहाँ
लाग्यो चर्न घुमी-घुमी वरिपरी * हाम्रा अगाडी महाँ
कसको अश्व रहेछ यो किन यहाँ * आएछ हेरौं भनी
हेर्दा त्यो हयलाइ पत्र सुनको * देख्यौं निधारमा पनि ३९
त्यो पत्रै हयका ललाट बिचको * देख्यौं सबैले जसै
यसमा के छ भनेर गै नजिकमा * सम्पूर्ण बाँच्यौं तसै
कोही राम भनी रह्याछ नृपती * यज्ञै म गर्छु भनी
साहै शेखि गरेर त्यो नृपतिले * छोड़ेछ घोड़ा पनि ४०

लेख्याको उस पत्रमा यहि थियो * श्री राम् अयोध्यापति
गर्छन् यज्ञ ति उहिं यो सब सुन्नुछ * त्यसैहरू छन् जति
उहीं मान्छन् यो भन्या सकल वीर् * रामको शरणमा पर्छन्
मान्दैनन् रघुनाथलाइ जसले * यो अश्वलाई धर्छन् ४१
शेखी त्यो नृपको बुझेर उ बखत् * अत्यन्त क्रोधित् भई
को हो राम् भनि अश्वलाइ पहिले * पर्‍यौं तुरन्तै गई
आया लड्न भनेर जो अघि सरी * सबलाई युद्धै महाँ
मूर्छा पारि सहज् ई बानरहरू * बाँधेर ल्यायौं यहाँ ४२
त्यो बिन्ती लवको सुनेर खुशिमै * भन्छन् सिताजी पनी
हे लव् ! यो हय यज्ञको किन हर्‍यौ * आफ्नै पिताको भनी
फेरी जो हुइ वीर बानरहरू * बाँधेर ल्यायौ यहाँ
जाहेर छन् हनुमान सुग्रिव भनी * सारा तिनैलोक महाँ ४३
मेरा खातिरमा इ वीर हुइले * रामको सहायै भई
राक्षसको कुलको विनाश गरिछिया * लङ्कापुरीमा गई
तस्मात् ई हुइलाई बन्धन पनी * नाहक् यसोरी गर्‍यौ
फेरी यज्ञ निमित्तको हय पनी * नाहक् पिताको हर्‍यौ ४४
छोडी द्यौ अहिले इ बानर हुबै * फेर् अश्वलाई पनि
ल्यायौ छन् थलदेखि त्यै थलमहाँ * छोड्र आऊ भनी
आज्ञा जानकिले जसै दिन्छु भयो * सोही बखत्मा गई
छोड्या श्री लवले सबैकन तहाँ * अत्यन्त खुशि भई ४५

सीताजीले ससैन्य शत्रुघ्नलाई चैतन्य गर्नु र निजलेघोड़ा लिई अयोध्या फर्कनु।

श्री शत्रुघ्नहरू पनी रण महाँ * मूर्छा पर्‍याका जसै
सूनिन् जानकिले र सूर्यतिर फेर् * फर्केर भन्छिन् तसै
रामकै दासि म सत्य हुँ यदि भन्या * शत्रुघ्नहेरू पनि
मूर्छादेखि उठुन् अवश्य भगवान् ! * एसै बखत्मा भनी

यसता रीतासित प्रार्थना गरिलिइन् * श्री जानकीले जसै
मूर्छा खुल्नगयो फउजहरु समेत * शत्रुघ्नजीको तसै
मूर्छा देखि उठेर त्यो बखतमा * शत्रुघ्नजीले तहाँ
देख्या यज्ञ निमित्तको हय पनी * आफ्ना अगाडीमहाँ २
शिरको आफ्नु किरीट् नदेखिकन फेर् * जो-जो अगाडी थिया
श्री शत्रुघ्नजिले अचम्भ हुनगै * सबलाइ सोधी लिया
हे वीर हो! सुनिलयौ बिचित्र रितको * आश्चर्य ऐल्हे भयो
कसले आइ किरीट् लिईकन यहाँ * हामीहरुको गयो ३
यज्ञैका प्रतिमूर्ति हुन् कि ति हुवै * घोड़ा छलैले हरी
छोड्या फेरी कृपा गरेर अहिले * हाम्रो परीक्षा गरी
ऐल्हे एति भनेर सबसित तहाँ * शत्रुघ्नजी फेर् पनि
भन्छन् मन्त्रि तरफ् फिरेर अब लौ * जाऊँ अयोध्या भनी ४
आज्ञा एति गरेर मन्त्रिकन फेर् * आफ्ना अगाडी महाँ
यज्ञैको हय त्यो लगाई खुशिभै * शत्रुघ्नजी फेर् तहाँ
चढ्नु भै रथका उपर् उहि बखत् * हिड्नू भएथ्यो जसै
पृथ्वी कम्प गराई वीरहरु सबै * लाग्या पछाडी तसै ५
फेरी शङ्ख मृदङ्ग आदि सब थोक् * बाजा बजाई तहाँ
गड्गा पारि तरेर फौजहरु सबै * लीएर साथै महाँ
चिन्तन् श्री रघुनाथका चरणको * गर्दै बराबर् गई
श्री शत्रुघ्नजी फेर् पुग्या सरयुका * तीरमा बहुत् खुश् भई ६
घोडालाई लिएर पुष्कल समेत् * शत्रुघ्न आया भनी
सूनी बक्सनुभो र खुब् खुशिभई * रामचन्द्रजीले पनि
लक्ष्मणलाई अहाइ बक्सनु भयो * लश्कर् लिई सङ् महाँ
हे भाई ! तिमी जाइ ल्याउ अहिले * शत्रुघ्नलाई यहाँ ७

आज्ञा राघवको जसै सुनिलिया * अत्यन्त खुशि भई
रथमा जल्दि चढ़ेर लक्ष्मण पनी * घेरै फउज सङ्ग लिई
बाजा सङ्गलका बजाई लिनका * खातिर बराबर गया
प्रीतीपूर्वक भाइलाइ सँगमा * लीएर फिर्दा भया ८
खुशी भैकन सैन्य सब सरयुका * पौंच्या किनारमा जसै
देख्या शोभित यज्ञ ताहिं रघुनाथ * जीले गर्न्याको तसै
प्रत्येक मण्डपका सबै वरिपरी * ब्राह्मण हजारौं रही
भक्ती पूर्वक वेद पाठ सबले * गर्थ्या बहुत खुश भई ९
झुल्थ्या चित्र बिचित्र यज्ञ भरि फेर * घेरै पताकाहरू
होमगर्थ्या सब कुण्डमा ऋषिहरू * नाना रकम्का अरू
यज्ञै रक्षण गर्नलाइ भनि फेर * हातमा धनुर्बाण लिई
राजाहेरू पनी अनेक वरिपरी * घुम्थ्या सुशोभित भई १०
काहीं भोजनका अनेक चिजहरू * राखेर पात्रै भरी
खान्थ्या ब्राह्मणहेरु आपुस महाँ * बार्ता खुशीका गरी
मेवाका जतिचीज थिया सकल ती * जान्दैनथ्या कवै पनि
सोध्या क्वैन चिन्हेर सब सँगइ चीज * के हुन बताऊ भनी ११
खाँदै पायसलाइ खुब खुशि भई * लीएर हातै महाँ
यो हो अमृत नै अवश्य बुझिलयौ * भन्या कुनैजन तहाँ
भन्थ्या फेरि शिखर्निलाइ करमा * लीएर ब्राह्मणहरू
राजादेखि सिवाय यो चिज तयार * को गर्न सक्ला अरू १२
यस्तै रीतसित पात्रमा जति रकम * थीया धेरैका तहाँ
ती सब चीजहरुलाइ देखिकन खुब * आश्चर्य भै मन महाँ
तारिफ यै रितले गरी सकल चीज * खाएर खुब पेट भरी
नाच्थ्या ब्राह्मणहेरु खुब खुशि भई * रामको प्रशंसा गरी १३

काहीं बन्दिहरू र कस्विहरू फेर * रामको चरित्रै तहाँ
गान्गथ्यो खुशिभै मधुर स्वर गरी * त्यो युद्धभूमी महाँ
उत्सव त्यसरितको नजर गरि तहाँ * शत्रुघ्न खूशी भया
पुष्कलको लाइ लिएर त्यै बखतमा * रामका हजुरमा गया १४
सामने श्री रघुनाथले नजर भो * शत्रुघ्नलाई जसै
खूशि भैकन अङ्कमाल गरुँ भनी * उठ्नू भयो झट तसै
भक्तीपूर्वक रामका चरणमा * दौड़ी नजीकमा गई
श्री शत्रुघ्न पनी पऱ्या उहि बखत * अत्यन्त खूशी भई १५
फेरी श्री रघुनाथले पनि तहाँ * अत्यन्त प्रेमले गरी
बाहु पक्रि उठाइ काख बिचमा * शत्रुघ्नलाई धरी
आलिङ्गन पहिले गरेर खुशि भै * हर्षाश्रुले फेर तहाँ
सेचन गर्नुभयो उसै बखतमा * शत्रुघ्नका शिरमहाँ १६
पुष्कलजी पनि रामका चरणमा * आई गिऱ्याथ्या जसै
तिनलाई पनि काखमा लिनुभयो * रामचन्द्रजीले तसै
श्री सुग्रीव हनुमान्हरू र अरू फेर * राजाहरु जो थिया
आलिङ्गन सबको गरी प्रभुजिले * सङ्गमा बसाई लिया १७

मन्त्री फेर सुमति उसै बखतमा * रामका हजुरमा गया
भक्ती पूर्वक दण्डवत अघि गरी * सामने खड़ा भै रह्या
मन्त्री तर्फ नजर गरेर बहुतै * खूशी भई मन महाँ
सोधी बक्सनुभो उसै बखतमा * रामचन्द्रजीले तहाँ १
हे मन्त्री ! भन अश्व यो घुमिघुमी * कुन्कुन् मुलुकमा गयो
कुन् बीर आइ कहाँ कउन् तरहले * यो अश्व हर्दो भयो
फेरी युद्ध भयो कउन् तरहले * कसका सँगैमा कहाँ ?
बिस्तार पूर्वक त्यो कुरा कहु सबै * मेरा अगाडी महाँ २

यो आज्ञा रघुनाथको सुमतिले * सूनी सक्याथ्या जस्तै
बाँधी अञ्जलि खूब नम्रित भई * बिन्ती चढ़ाया तसै
जाहेर सब छ जगत्पते ! हजुरमा * जो हुन्छ संसार भरी
सोध्नूभो गर्नु क्या बताउँछु सबै * आज्ञा शिरोपर धरी १
हे नाथ ! पूर्वतरफ् गयो हजूरको * घोडा छाउन्द देश महाँ
आया भेट्न भनी उसै बखतमा * राजाहरू सब् लहाँ
आफ्नू राज्य पनी चरण् कमलमा * सबले समर्पण् गऱ्या
दास् हुँ राघवको भनी चरणमा * शत्रुघ्नजीका पऱ्या २
घोड़ा फेर् अहिच्छत्रमा चलिगयो * राजा सुमद्जी पनि
आया रत्नहरू लिई उहि बखत् * भेट् गर्नलाई भनी
आफ्नू राज्य सबै समर्पण गरी * शत्रुघ्नलाई तहाँ
घोड़ा रक्षक भै चल्या पछि-पछी * लश्कर् लिई साथ् महाँ ३
घुम्दै त्यो हय फेर् सुबाहु नृपका * पौंच्यो मुलुकमा जस्तै
घोड़ा पक्रिलिया तिनै नृपतिका * छोरा दमनले तसै
ताहीं पुष्कलले दमनकन जित्या * भारी लडायीं गरी
आया लड्न भनी सुबाहु नृपती * फेरी अगाडी सरी ४
क्यै काल श्रीहनुमानका सँग लडी * मूर्छा पऱ्याथ्या जस्तै
मूर्छादेखि उठी पऱ्या शरणमा * शत्रुघ्नजीका तसै
आफ्नू राज्य सबै समर्पण गरी * फेरी सुबाहु पनी
घोड़ा रक्षक भै चल्या पछि-पछी * दास् हुँ म रामको भनी ७
घुम्दै त्यो हय फेर् मुलुक् मुलुकमा * रेवा किनारमा पुग्यो
साम्ने सब् जनका पसेर नदिमा * डुबेर गुप्तै भयो
शत्रुघ्नै पनि फेर् पस्या नदिबिषे * नारी तहाँ क्वै थिइन्
सौंपी त्यो हय मोहनास्त्र पनि फेर् * तिन्ले सिकाई दिइन् ८

घोड़ा फेरी घुमेर वीरमणिका * पुरमा बराबर गयो
त्यो हाल्दा कथा म भनूँ हजुर पनि तहाँ * पाल्नू भयाकै थियो
फेरी विद्युत्पाति राक्षस ठुलो * आएर घोड़ा हऱ्यो ९
कयै हाल्दा युद्ध गरेर त्यो असुर फेर् * शत्रुघ्न देखी सऱ्यो
फेरी अश्व हरण गऱ्या सुरथले * जो-जो भयाको तहाँ
जाहेरै छ हजूरलाइ किन फेर् * बिन्ती चढ़ाऊँ यहाँ
एही रीतसित सब् मुलुक् मुलुकमा * घुम्दै सुशोभित् भई
पौंच्यो वाल्मिकिको छ आश्रम जहाँ * घोड़ा हजुरको गई १०
आश्चर्य हुनगो तहाँ रघुपते ! * साक्षात् हजुरकै सरी
लवका बालक आइ अश्वकन फेर् * पक्या सहजुले गरी
घोड़ालाइ फुकाइ ल्याउन भनी * जो-जो अगाडी सऱ्या
एकलै युद्ध गरी सबैकन तहाँ * संहार् तिनैले गऱ्या ११
युद्धै गर्न भनेर तिन् सँग यहाँ * फेर् कालजीत् वीर् गया
कयै काल् खस्म हुन्छ ति वीर हुइले * संग्राम् गर्दा भया
फेरी क्रोधित भै अनेक् शरहरू * वर्षा तिनैले गरी
सेनानायक कालजीत्कन तहाँ * मार्दा भया त्यो घरी १२
पुष्कल् श्री हनुमान् समेत् अरु पनी * जो-जो ठुला वीर् थिया
तिन्ले युद्ध गरी सबैकन तहाँ * मूर्छा गराई दिया
हाहाकार् परिगो सबै फउजमा * कत्ति अनेक् वीर् भया
साहै क्रोध गरेर लड्दछु भनी * शत्रुघ्न आफैं गया १३
श्री शत्रुघ्नजिले ति वीरकन गई * मूर्छा गराया जसै
अर्का बालक एक् तिनैसरि तहाँ * फेर् लड्न आया तसै
कयै बेर् युद्ध गरी तिनै सँग तहाँ * शत्रुघ्न मूर्छा पऱ्या
सुग्रिव् श्री हनुमानलाइ पनि फेर् * बन्धन् तिनैले गऱ्या १४

फेरी श्री हनुमान सुग्रिव ढुवै * वीरलाइ छोडी तहाँ
छोड्या अश्व पनी कृपा गरि बहुत * ल्याई रणस्थल महाँ
बाण लागीकन फौजहरू हजुरका * जो-जो मर्‍याका थिया
सबैसाथी करुणा गरेर पछि फेर * तिनले बचाई दिया १५
घोड़ालाइ लिएर हामिहरु सब * फेरी उसै बीच महाँ
साहै खूशि भएर हे रघुपते ! * फर्केर आयौं यहाँ

वाल्मिकि बाट लवकुशको परिचय र लवकुश अयोध्या आउनु ।

त्यसतो बिन्ति गर्‍या तहाँ सुमतिले * रामका हजुरमा जसै
खुशभै बाल्मिकिलाइ राघवजिले * सोधी लिनूभो तसै १
ब्रह्मर्षे ! ति कउन् दुरुस्त अनुहार * मेरै भयाका तहाँ
आया लड्न भनेर बालकहरू * शत्रुघ्नका सङ्गमहाँ
मूर्छा पारिदिया लडेर सहजै * शत्रुघ्नलाइ भनी
सुन्दामा अहिले मलाइ बहुतै * आश्चर्य लाग्यो पनि २
आज्ञा बाल्मिकिले सबै सुनिलिया * रामचन्द्रजीको जसै
हात जोरेर तहाँ बहुत खुशि भई * बिन्ती चढ़ाया तसै
हे राम ! ती दुइपुत्र हुन् हजुरका * जस्ता हिसाबले गरी
तिनको जन्म भयो बताउँछु सबै * सुन्नू हवस् यो घरी ३
जुनदिन् हे रघुनाथ् सिताकन अघी * लक्ष्मणजिले वन् महाँ
मेरा आश्रमका लगेर नगिचै * छोडेर फर्क्या यहाँ
लागिन् रून विलाप् गरी गरि सिता * भार्या हजुरकी जसै
आफ्नै पुत्रि समान् बुझेर मयिंले * ल्याया कुटीमा तसै ४
देख्याँ गर्भवती सिताकन जसै * वेगले बसुन् ई भनी
तिनका निम्ति असलतयार गरिदियाँ * एक पर्णशाला पनि
फेरी सब ऋषिपत्निलाई मयिंले * डाकी उसै बीचमहाँ
गर्नू जानकिको ढहल् सकलले * भन्या अहायाँ तहाँ ५

क्यै दिनमा दुइ पुत्र जानकिजिले * पैदा गरीथिन् जसै
मैले नाम धर्‍याँ गएर कुश लव * भन्या दुबैको तसै
शुक्लै पक्ष भएर चन्द्र जसरी * बढ्छन् जउन् चालमहाँ
लाग्या बढ्न सिताजिका दुइ कुमार * दिनदिन् बराबर तहाँ ६
दश् वर्ष जब भै गयो ति दुइको * शास्त्रै विधानले गरी
त्यै कालमा व्रतबन्ध फेर् गरिदियाँ * प्रीती मनैमा धरी
चारै वेद् इतिहास् पुराणहरु सब् * फेरी धनुर्वेद् पनि
साङ्गोपाङ्ग दियाँ पढाई मयिंले * छोरा हजुरका भनी ७
रामायण् कविता गरेर पहिले * मैंले रच्याको थियाँ
फेरी ती दुइलाइ गान् गर भनी * सारा सिकाई दियाँ
वीणाका सुरमा मिलाइ ति दुबै * रामायणैका जसै
गान् गर्‍यो सब देवताहरू पनि * आएर सुन्थ्या तसै
हे नाथ् ! ती दुइले मधुर् स्वर गरी * गायन् गर्‍याको तहाँ
एकदिन् आइ जसै सुन्या बरुणले * खुशि भई मनमहाँ
क्यै दिन् साथ लगेर सुन्छु मयिंले * इन्को मधुर् गान् भनी
छोरा जानकिका दुबैकन लग्याँ * आफ्ना पुरीमा पनि ८
सुन्दा तृप्ति नमै चरित्र रघुनाथ् * सारा हजुरको तहाँ
धेरै दिन् ति दुबै कुमार् बरुणले * राख्ता भया सङ् महाँ
फर्क्यानन् किन ती भनेर म पनी * अत्यन्त दुःखित् भयाँ
खोज्दै ती दुइलाइ फेर् बरुणका * पुरमा म आफैं गयाँ १०
साहै खुशि भई तहाँ बरुणले * पूजा मलाई गरी
को हुन् बालक यी भनी मसँग फेर् * सोध्दाभया त्यो घरी
जो वृत्तान्त थियो सबै कहि दियाँ * फेरी वरुणले पनि
पूजा ती लव कुश् दुवैकन गर्‍या * छोरा हजुरका भनी ११

सुन्दर् मूर्ति र गुण् उमेर् ति ढुइको * देखी वरुणले तहाँ
लाग्या भन्न मलाई फेर् उहि बखत् * खुशी भई मन्महाँ
ब्रह्मर्षे ! रघुनाथका हजूरमा * जाई हजुरले पनि
बिन्ती गर्दिनु यो कुरा वरुणले * भन्या मलाई भनी १२
सीतालाइ पतिव्रता भनि सबै * भन्छन् तिनैलोक् महाँ
यौटा दुर्जन धोबिका वचनले * त्याग्नू उचित् हो कहाँ
सीता त्याग्नू भयो भन्या हजुरले * सबले अवश्यै पनि
दीनेछन् अपयश् रहेनछ विवेक् * रामचन्द्रलाई भनी १३
दिन्दिन् जानकिका चरणकमलको * जो जन् स्मरण् गर्दछन्
पाप्को नष्ट भई ति सब् जनहरू * संसार् सहज् तर्दछन्
ब्रह्मा रुद्र समेत् चराचर जगत् * सारा हजुरले यहाँ
सृष्टी गर्नुभयो सिताकन फगत् * लीएर साथै महाँ १४
माता जानकि हुन् पिता हजुर भै * प्राणी सबैको पनि
सीता माथि कुदृष्टि क्या हजुरले * गर्नू उचित् हो भनी
ब्रह्मर्षे ! मयिंले भन्याँ जति कुरा * मन्मा हजुरले लिनू
चाँडो गै रघुनाथका हजुरमा * सारा सुनाई दिनू १५
त्यो बिन्ती पहिले गरी वरुणले * मेरा सँगैमा तहाँ
तारिफ् धेर् कुश लव् दुवैकन गऱ्या * खुशी भई मन्महाँ
रामायण् गइ गान् जहाँ हजुरका * छोराहरू गर्दथ्या
एही सीतासित सब् सुरासुरहरू * आश्चर्य खुब् पर्दथ्या १६
तिन्को गान् सुनि लोकपालहरु पनि * सम्पूर्ण मोहित् थिया
वरदान् ती ढुइलाई फेर् खुशी भई * सारा ऋषीले दिया
जो देख्छन् ति दुवै कुमारकन तहाँ * यै बात् ति सबले पनि
भन्छन् राम्अघि एकथिया पृथिविमा * ऐलहे भया तिन् भनी १७

गान् गर्छन् अरु बातमा हजुरको * ऐल्हे तिनै लोक् महाँ
सीता त्यागिदिया अकीर्ति सबले * गान् गर्न लाग्या यहाँ
तस्मात् पुत्र सहित् सिताकन ग्रहण् * गर्नू भया यो घरी
गर्नन् कीर्ति ठुलो सबै हजुरको * सारा तिनैलोक् भरी १८
सर्वज्ञै रघुनाथ् थिया तर पनी * यसरी प्रकारले तहाँ
बिन्ती बाल्मिकिले बहुत् गरी लिया * रामूका हजुरै महाँ
बिन्ती एति सुनेर बाल्मिकिजिको * साहै प्रशंसा गरी
डाकी लक्ष्मणलाइ राघवजिले * आज्ञा गऱ्या त्योघरी १९
हे भाई ! सुन पुत्रले सहितकी * सीता रहन्विन् जहाँ
चाँडो गैकन जो कुरा हुन गयो * हामीहरूको यहाँ
विस्तारपूर्वक त्यो कुरा सब कही * तिनूका अगाडी महाँ
तिनूलाई रथमा चढाई तिमिले * लीएर आऊ यहाँ २०
लक्ष्मणले जब यो हुकुम् सुनिलिया * अत्यन्त खूशी भया
बीदा भै रथमा चढ़ी उहि वखत् * ऊठेर जल्दी गया
पौंच्या आश्रमका जसै नगीचमा * रथ्देखि भैमा झऱ्या
दौड़ी गैकन फेरि जानकिजिका * पश्री चरणमा पऱ्या २१
लक्ष्मणलाइ नजर् गरेर खुशिभै * फेरी सिताले पनि
सोधिन् यस् घरिमा यहाँ किन तिमी * आयौ बताऊ भनी
प्रीतिपूर्वक यो सुध्याई पहिले * लक्ष्मणजिलाइ तहाँ
फेरी जानकिले कुशल् सकलको * सोधिन् उसै बीचमहाँ २२
आज्ञा एति सुनेर लक्ष्मणजिले * सीताजिका सङ्गमहाँ
सब् बान्धवहरूको कुशल् अघि कही * बिन्ती गऱ्या फेर् तहाँ
जल्दी जानकिलाइ गैकन तिमी * लीएर आऊ भनी
आज्ञा राघवको हुँदा म अहिले * आयाँ हजूरमा पनि २३

आफ्ना प्राक्तन कर्मको सकल भोग * गर्छन् सबैले पनि
मन्ले एति विचार् गरेर सब थोक् * ऐल्हे हजुर्ले भनी
जो-जो दुःख पऱ्यो तथापि मनमा * चिन्ता नली क्यै यहाँ
चाँडो पाल्नुहवस् कुमारहरु दुवै * लीई अयोध्या महाँ २४
सुन्दर् वस्त्र अमूल्य भूषणहरू * पैहेर सब् अङ् भरी
छत्रै चामरले र दासिहरुले * शोभित् भई यो घरी
चाँडो चढ्नु भएर यो रथ उपर् * मेरा सँगैमा यहाँ
हे सीते ! अब जानुपर्छ खुशि भै * रामका हजूरै महाँ २५
यसरी लक्ष्मणले अनेक् तरहले * जाऊँ अयोध्या भनी
सम्झाए भरिसक् नमानिकन फेर् * भन्छिन् सिताजी पनि
आफ्नो अपयश भो भनेर पहिले * रामले मलाई यहाँ
त्यागी बक्सनुभो भन्या म कसरी * जाऊँ अयोध्यामहाँ २६
सामनेमा पतिका रहुन् कि त रहुन् * काहीं पछाडी पनि
केही दोष् दिनु योग्य छैन पतिको * पत्नीहरूले भनी
हे लक्ष्मण् ! रघुनाथलाइ मयिंले * दोष् दिन्न केही अरू
चिन्तन् श्री रघुनाथकै गरि सदा * बस्छु वनैमा बरू २७
श्री रामचन्द्रजिका कुमारहरु दुवै * सौंपन्छु मैले यहाँ
फर्की जाउ तिमी इनै दुइ कुमार् * लीएर साथै महाँ
मान्यै जन् जति छन् सबैकन पनी * मेरा तरफले गई
पाऊमा परि दण्डवत् कहि दिनू * अत्यन्त नम्रित् भई २८
एती वात् पहिले भनेर खुशि भै * फेरी उसै बीचमहाँ
सौंपिन् जानकिले कुमारहरु दुवै * लक्ष्मणजिलाई तहाँ
आज्ञा एति सुनी कुमारहरु दुवै * लीएर लक्ष्मण पनि
सीताका सँगमा बिदा भई फिऱ्या * जान्छ अयोध्या भनी २९

फेरी लक्ष्मणजी कुमारहरु हुवै * लीई अयोध्या गई
दर्शन् राघवको गरेर पहिले * अत्यन्त नम्रित् भई
सीताले जतिबात् भनिन् सकल त्यो * बिस्तार पूर्वक कह्या
जो आज्ञा दिन्नु हुन्छ गर्छु म भनी * साम्ने खडा भै रह्या २०

सीता नफर्केकोले रामको पश्चाताप लक्ष्मणले पुनः सीताजीलाई लिन जानु ।

उत्तर् जानकिको सुनेर बहुतै * सूर्ता मनैमा गरी
गिर्नू भो रघुनाथ् उसै वखतमा * मूर्छा तुरुन्तै परी
मूर्छा केहि घरी पऱ्या पछि जसै * चैतन्य आयो तहाँ
लक्ष्मणलाई अहाइ बक्सनु भयो * फेरी उसै बीचमहाँ १
हे भाई ! तिमिले यसै वखतमा * फर्केर फेरी पनि
भन्नू एति कुरा सितासँग गई * मैले भन्याको भनी
हे सीते ! पतिको टहल् सरि ठुलो * नारीहरूको यहाँ
अर्को धर्म कउन् बुझेर तिमिले * बस्छ भन्यौ वनमहाँ २
स्वामी निर्घृणिनै हवस् कि अथवा * दोषी हवस् ता पनि
मान्नै पर्दछ नारिहेरु सबले * ईश्वर् समान् हुन् भनी
राजी गर्न सक्या मलाई जति छन् * द्यौताहरू सब् यहाँ
हुन्छन् तुष्ट भन्या बसेर तिमिले * क्या हुन्छ जङ्गल् महाँ३
कस्तै तीर्थ र व्रत् किया गर तिमी * तिम्ले गऱ्याको जति
निष्फल् हुन्छ म देखि वाहिक अरू * क्यै छैन तिम्रो गति
आफैं सब् ऋषिपत्निलाइ गइ भेट् * गर्छु भनी गै तहाँ
हे सीते ! किन दोष् अनाहक महाँ * दिन्छयौ मलाई यहाँ ४
त्यसतै रीत्सितका अनेक् अरु कुरा * रामचन्द्रजीले जसै
आज्ञा गर्नुभयो र लक्ष्मण गया * सीताजिका पास् तसै

१ रामको अश्वलाइ सैन्यहरूले राज्यमा फर्काई ल्याएको ।

२ श्रीरामले लव-कुश द्वारा रामायण सुनेको ।

३ सीताजीले रामचन्द्रको दर्शन गरेको ।

४ धर्ती माताले सीताजीलाई काखमा लिएको ।

लवकुशको रामायण गान र पिता रामचन्द्रजी सीताजीको मिलन।

फेरी बाल्मिकिले बहुत् खुशिभई * सोही बखत्मा तहाँ
आज्ञा ती कुश लव् दुबैकन गऱ्या * राम्का अगाडी महाँ ५
वीणाका सुरमा मिलाइकन खुब् * हे पुत्र! ऐल्हे यहाँ
रामायण् तिमिहेरु गान् गर सबै * यो यज्ञभूमी महाँ
यों आज्ञा ऋषिको जसै सुनिलिया * अत्यन्त खूशी भई
रामायण् सब गान् गऱ्या ति दुइले * राम्का अगाडी गई ६
गान् गर्य्या ति दुबै विचित्र रितले * साहै मधुर् स्वर् गरी
ढाक्यो सोहि अवाजले उहि बखत् * सारा तिनैलोक् भरी
साहै सुन्दर गान् सुनी ति दुइको * मोहित् हुनाले तहाँ
आया सुन्न भनेर देवगण सब् * त्यो यज्ञभूमी महाँ ७
गान्को शब्द सुनेर मोहित भई * जो-जो सभामा थिया
हर्षाश्रू दुइ नेत्रदेखि सबले * मोचन् गराई दिया
आफ्ना ती दुइ पुत्रलाइ खुशि भै * राम्चन्द्रजीले पनि
एक्एक् लाख् सुनका असर्फि दिनुभो * खिल्लत् लिउन्ई भनी ८

खिल्लत् नली ति लव कुश् दुइ भाइ ताहाँ
ऊठेर बाल्मिकिजिका गइ सामुमाहाँ
बिन्ती गऱ्या नृपतिले धनं यो पठाई
खोज्छन् भुलाउन ऋषे! किन हामिलाई ९
क्षत्री भई जुन प्रतिग्रहं लिन्छ याहाँ
त्यो जन् मरेर पछि गिर्दछ नर्क माहाँ
कस्तो विचार् नृपतिले गरि दान दीया
हाम्रो यसोरि किन इज्जत आज लीया १०

बिन्ती एति सुनेर खुब् खुशि भई * बाबू इनै हुन् भनी सम्झाया लव कुश् दुबैकन तहाँ * फेरी ऋषीले पनि आज्ञा बाल्मिकिको सुनेर ति दुबै * दौड़ी नजीक्मा गई श्री रामचन्द्रजिका चरण् कमलमा * गिर्दा भया खुश् भई ११ फेरी श्री रघुनाथले पनि दुबै * छोराहरूको तहाँ आलिंगन् पहिले गरेर बहुतै * खूशी भई मन् महाँ आफ्ना ती दुइ पुत्रका शिरविषे * हर्षाश्रू मोचन् गरी सेचन् जल्दी गरेर काख दुइमा * राख्नू भयो त्यो घरी १२

सीताजीको अयोध्या फर्कनु र यज्ञमा राज हुनु ।

लक्ष्मणले पनि जानकीसित गई * फेरी उसै बीच्महाँ आज्ञा श्री रघुनाथको जति थियो * सारा सुनाया तहाँ पैल्है जान्न भनेर जानकिजिले * उत्तर् दिईथिन् जसै फेरी लक्ष्मणले दुभाईकन खुब् * राजी गराया तसै १ वीदा सब् ऋषिपत्निका सँगमहाँ * सोही वखत्मा भइन् खूशी भै रथमा चढेर ति सिता * फेरी अयोध्या गइन् पौंचीथिन् पुरिमा जसै उहि बखत् * राम्का हजुरमा गई भक्तीपूर्वक दण्डवत् गरिलिइन् * अत्यन्त खूशी भई २ सब् सासूहरुका गएर घरमा * फेरी सिताले तहाँ पाऊमा परि दण्डवत् गरिलिइन् * खूशी भई मन् महाँ प्रीतिपूर्वक सब् ति सासुहरुले * आशिष् दियाथ्या जसै फर्की श्री रघुनाथका हजुरमा * हाजिर् भइन् फेर् तसै ३ सुन्को एक् प्रतिमूर्ति जानकिजिको * यज्ञै निमित्तक् तहाँ राख्याको रघुनाथका सँग थियो * त्यो यज्ञभूमी महाँ

सोही औसरमा अगस्ति ऋषिले * त्यो मूर्ति फाली दिया
सीतालाइ लगेर राघवजिका * सङ्मा बसाई लिया ४
सीताजीकन साथमा लिइ तहाँ * बसनू भयाको जसै
देख्या श्री रघुनाथलाइ जतिले * खूशी भया सब् तसै
सोही औसरमा वसिष्ठसित गै * रामचन्द्रजीले पनि
सोध्नूभो अब के गरूँ हजुरले * आज्ञाहवस् त्यो भनी ५

रामचन्द्रजीबाट गुरु तथा महर्षिहरुको पूजन र दान यज्ञ अश्वको स्वर्ग गमन।

आज्ञा त्यसरितको बशिष्ठ ऋषिले * सूनी लियाथ्या जसै
हात् जोरी रघुनाथका हजूरमा * बिन्ती चढाया तसै
हे राम् ! सब् ऋषिहरुलाइ पहिले * यो यज्ञभूमी महाँ
पूजा गर्नूहवस् यसै बखतमा * चाँडो हजुरले यहाँ १
त्यो आज्ञा गुरुको सुनेर खुशि भै * रामचन्द्रजीले पनि
सब् भन्दा पहिले पुजा हजुरकै * गर्छु म ऐल्हे भनी
सुन्दर् वस्त्र अमूल्य भूषणहरू * धेरै समर्पण् गरी
पूजा गर्नुभयो वसिष्ठ ऋषिको * भक्ती मनैमा धरी २
जुन् रीतले गुरुको पुजा गरिलिया * सोही बमोजिम् तहाँ
पूजा फेरि अगस्तिको पनि गऱ्या * त्यो यज्ञभूमी महाँ
त्यसतै रितसित रामले अरु तहाँ * जो-जो ऋषिश्वर् थिया
पूजा ती सबको गरेर बहुतै * राजी गराई लिया ३
बाँकी ब्राह्मण जो थिया अरू-अरू * लाखूलाख् अशर्फी तहाँ
सबलाई रघुनाथले दिनुभयो * फेरी उसै बीच् महाँ
कङ्गाल् भिक्षुक जो थिया अरु तहाँ * सबलाई फेरी पनि
वस्त्राभूषण रामले दिनु भयो * राजी हउन् सब् भनी ४

सोही औसरमा अगस्ति ऋषिले * रामलाई खुशी भई
विन्ती पारिलिया प्रभो ! सरयुमा * राजाहरुले गई
घोड़ालाइ नुहाउनाकन यहाँ * सुनका घडामा भरी
ल्याउन् जल् अहिले हुकुम् दिनुहवस् * चाँडो हजुर् यो घरी ५
आज्ञा एति अगस्तिको सुनिलिया * रामचन्द्रजीले जसै
चौषट्टी नृपलाई डाकि नजिकै * आज्ञा गऱ्या फेर् तसै
फेरी ती सब भूपति सरयुका * तीरमा तुरुन्तै गया
सुन्दर् जल् सुनका घड़ा भरि-भरी * तीरर हाजिर् भया ६
त्यै जल् मन्त्र पढी अगस्ति ऋषिले * फेरी उसै बीच् महाँ
घोडालाइ नुहाइ वेद विधिले * शुद्धै गराया तहाँ
फेरी त्यो हयका गई नजिकमा * रामचन्द्रजीले पनि
भक्तीपूर्वक प्रार्थना गरि लिया * नष्टै हवस् पाप् भनी ७
त्यो घोड़ाकन प्रार्थना यसरी धेर् * देख्या गऱ्याको जसै
सारा ती ऋषिहरु आपुसमहाँ * फेर् भन्न लाग्या तसै
जस्का चिन्तनले तिनै भुवनका * प्राणीहरू तर्दछन्
आश्चर्य सुनिल्यौं उनै रघुपती * के प्रार्थना गर्दछन् ८
केही मन्त्र पढी अगस्ति ऋषिले * एक् खड्ग त्यो बीच्महाँ
हातमा राघवका दिया खुशिभई * त्यो अश्व मार्ने तहाँ
रामले त्यो हय मार्नको मन गरी * खड्गै उठाया जसै
दिव्यै रूप् धरि अश्व त्यो गगनमा * उडेर गैगो तसै ९
छोडी त्यो हयको स्वरूप हरि भै * चार् बाहुको रूप् भई
बस्न्या दिव्य बिमानका उपरमा * आकाश बीच्मा गई
साहै सुन्दर त्यो पुरुषकन तहाँ * देखी लियाथ्या जसै

जो-जो यज्ञ विषे थिया ति सबले * आश्चर्य मान्या तसै १०
आफूले सब जान्ध्दया तर तहाँ * जानुन् सबैले भनी
सोध्या श्री रघुनाथले सब कुरा * तेस्का सँगैमा पनि
को हौ सुन्दर हे पुरुष ! अघि तिमी * कुन् कारणैले यहाँ
घोड़ा भै रहनू पऱ्यो भन सबै * मेरा अगाडी महाँ ११
आफ्नू हाल सबै सुध्याउनु भयो * रामचन्द्रजीले जसै
हात् जोरीकन फेर् तिनै पुरुषले * बिन्ती चढ़ाया तसै
हे नाथ् ! ब्राह्मण हूँ निरन्तर अघी * गङ्गा किनारमा मई
बस्थ्याँ सब् जनलाइ ठग्न मनले * मानू ऋषीश्वर् भई १२
धेरै शिष्यहरू लिएर सँगमा * मेरा अगाडी महाँ
दुर्वाशा ऋषि फेर् उसै बखतमा * आया अकस्मात् तहाँ
देख्या योगि समान् भएर छलले * मैंले बस्याको जसै
क्रोधले पूर्ण भई शराप् ति ऋषिले * दीया सताई तसै १३
हे नीच् ! दम्भ गरेर योगि सरि भै * सबलाइ छलछ भनी
बस्न्या देखि शराप् म दिन्छु तँभएस् * घोड़ा अवश्यै पनि
त्यस्तो श्राप् ऋषिले जसै दिनु भयो * घोड़ा समान् रूप् धऱ्याँ
ऐल्हे स्पर्श हजूरले गरिदिंदा * त्यो श्रापदेखी तऱ्याँ १४
एती बिन्ति गरेर फेरि ति पुरुष् * बींदा हुनुन्तै भया
तीन् बार् श्री प्रभुको प्रदक्षिण गरी * बैकुण्ठ धाम्मा गया
दिव्यै रूप् भइ अश्व त्यो जब गयो * दुःखित् भई मन्महाँ
सोध्या फेरि वशिष्ठजीसित गई * रामचन्द्रजीले तहाँ १५
हे सर्वज्ञ ऋषे ! कउन् बलि यहाँ * ऐल्हे तयारी गरी
मेरो यज्ञ समाप्त हुन्छ उ सबै * आज्ञा हवस् यो घरी

फेरी कुन् चिजको हवन् गरिलिया * यो यज्ञकुण्डै महाँ तृप्तै भैकन भाग् ग्रहण् गरिलिनन् * द्यौताहरूले यहाँ १६

रामाश्वमेधको समाप्ती र रामप्रताप वर्णन ।

आज्ञा त्यसरितको वशिष्ठ ऋषिले * सूनी लियाथ्या जसै हात् जोरी रघुनाथका हजुरमा * बिन्ती चढ़ाया तसै हे राम् ! जल्दि कपूर् मगाउनु हवस् * गर्छु हवन् यो घरी सब द्यौता हवि त्यो ग्रहण् गरिलिनन् * मेरा वचन्ले गरी १ बिन्ती एति सुनी वशिष्ठ ऋषिको * रामचन्द्रजीले पनि लाखौं भारि कपूर् मगाइ दिनुभो * होम् गर्नलाई भनी आवाहन् गरि देवता सकलको * सोही बखत्मा तहाँ लाग्या होमन कपूर् वशिष्ठ ऋषिले * सब् यज्ञकुण्डै महाँ २ द्यौताहरू पनी उसै बखत्मा * सम्पूर्ण जम्मा भई आफ्नू भाग् हवि खानलाई खुशिले * त्यो यज्ञमा सब् गई यज्ञैका स्थलमा बसेर हवि त्यो * खाएर तृप्तै भया कीर्तन् श्री रघुनाथको गरि सबै * फर्केर स्वर्ग गया ३ द्यौतालाइ खुशी गराइ पहिले * ब्राह्मणहरू जो थिया दान्ले ती सबलाइ राघवजिले * राजी गराई लिया होम्गर्न्या ऋषिगण् थिया जती * त्यो यज्ञभूमी महाँ एकएक् दान् ति सबै जनाकन दिया * रामचन्द्रजीले तहाँ ४ दान्ले पूर्ण भएर सब् ति ऋषिले * रामका हजुरमा गई उच्चारण् जय शब्दको गरिलिया * अत्यन्त खुशी भई एही रीतसितले समाप्त हुनगो * त्यो यज्ञको काम् जसै पूर्णाहूती गरी वशिष्ठ ऋषिले * बिन्ती चढ़ाया तसै ५

हे राम्! यज्ञविषे क्रिया हजुरको * सारा समाप्तै भयो
सीताजीकन साथमा लिइ फगत् * स्नान् गर्न बाँकी रह्यो
त्यो बिन्ती गुरुको सुनेर अवभृथ् * स्नान गर्नलाई भनी
सीतालाइ लिएर फेर् सरयुमा * पाल्नूभयो राम्पनि ६
पाल्नूभो रघुनाथ् सिताकन लिई * स्नान् गर्नलाई जसै
राजाहेरु पनी बहुत् खुशि भई * लाग्या पछाडी तसै
साहै खूशि भएर फेर् उहि बखत् * सब् पौरवासी पनि
लाग्या श्री रघुनाथका पछि-पछी * हेर्दौं तमाशा भनी ७
बाजा मंगलका बजाइकन फेर् * बन्दी हजारौं गई
कीर्तन श्री रघुनाथको उहि बखत् * गर्दा भया खुश् भई
लाखौं कस्विहरू गई वरिपरी * नाच्देर रस्ता भरी
गान् गर्थ्या रघुनाथको सकल यश् * साहै मधुर् स्वर् गरी ८
त्यै रीतले सरयू पुगेर रघुनाथ् * अत्यन्त खूशी भई
सीतालाइ सँगै लिएर जलमा * बस्नु भयो फेर् गई
ब्राह्मणहेरु गएर खुब् खुशि भई * वेद्का ऋचाले गरी
मन्त्री जल् रघुनाथका शिरमहाँ * सेचन् गऱ्या त्यो घरी ९
सीतालाइ लिएर फेरि रघुनाथ् * उठ्या किनारमा जसै
घौंतालेपनि पुष्पवृष्टि खुशि भै * सब् गर्नलाग्या तसै
केयूर हार किरीट कौस्तुभ मणी * पैहेर जल्दी तहाँ
सीतालाइ सँगै लिई रघुपती * पस्नू भयो पुरमहाँ १०
एही रीतसित रामले अति ठुलो * यज्ञै समाप्तै गरी
आफ्नी कीर्ति चलाइ बक्सनु भयो * सारा तिनैलोक् भरी
सीतालाइ सँगै लिएर रघुनाथ् * जीले अयोध्या महाँ

यै रीतले गरिबक्सियो खुशि भई * तीन् अश्वमेधै तहाँ ११
वात्स्यायन् ऋषिका अगाडी सब यो * रामको चरित्रै कही
आज्ञा शेषजिले गऱ्या उहि बखत् * अत्यन्त खुशी भई
हे वात्स्यायनजी ! जसोरि पहिले * रामाश्वमेध् भो यहाँ
विस्तार् पूर्वकले सबै कहि सक्यौं * तिम्रा अगाडी महाँ १२

असली पुरानु भाषाको सैयकडौं वर्षदेखी चली आएको स्वर्गीय सुब्बा होमनाथ उपाध्याय कृत

रामायण रामाश्वमेध काण्ड समाप्त



पुस्तक पाइने ठेगाना —

सुब्बा होमनाथ केदारनाथ, हितैषी कम्पनी,

पो० बा० नं० १०८१, रामकटोरा, वाराणसी—१

॥ श्रीइष्टदेवताभ्यो नमः ॥


सुब्बा होमनाथात्मज पं० केदारनाथजी र रामजी उपाध्याय कृत क्षेपक समेतको



रामायण-उप-संहार काण्ड

शिव पार्वती सम्वाद र काकभुशुण्डीको रामचरित्र वर्णन ।

रामको निर्मल यो चरित्र मतिले * भेटे तलक् हो जति
मैले आज यथार्थ वर्णन गऱ्या * तिमीलाई हे पार्वती !
पैले काकभुशुण्डिका सँगमहाँ * श्री राम् चरित्रै यही
पक्षीराज गरुड्जिले सुनिलिया * खुब् भक्ती पूर्वक् गई १
वाहन् ती हरिका र पार्षद समेत् * त्यसकै प्रभावले भया
यसको वर्णन गर्न वेद्हरु समेत् * ज्यादै असक्तै थिया
यसतो वाणि सुनेर शङ्करजिको * हर्षित् भई खुब् तहाँ
भन्छन् पार्वति ! केहि शंसय भई * श्री शम्भुका साथ् महाँ २
बार्ता जुन् प्रभु यो यहाँ गरुड़को * औ काग्भुशुण्डिजिको
भन्नूभो अहिले मलाइ यसमा * सन्देह यौटा भयो
पक्षी भैकन के गरेर तिनमा * यत्रो महत् ज्ञान् रह्यो
जुन् वैराग्य र ज्ञान् मनुष्यहरुमा * मिल्नैकठिन्खुब् थियो३



१ महादेवजीले पार्वतीलाई काकभुशुण्डीको कथा सुनाएको ।

२ काकभुशुण्डीसँग गरुडले राम चरित्र सुनेको ।

३ काकभुशुण्डीले बालक रामसँग खेलेको ।

४ काकभुशुण्डीले रामको मुखमा संसार देखेको ।

फेरी काकभुशुण्डि औ गरुड़को * सम्पर्क भो के गरी
यस्को कारण जुन छ प्रष्ट गरि सब * भन्नू हवस् यसघरी
बिन्ती त्यो सुनि गौरिको शिवजिले * भन्नू भयो यो तहाँ
हे गौरी ! जसरी पुगी गरूडले * यो प्रश्न गर्दा महाँ ४
पैल्हे काकभुशुण्डिले पनि तहाँ * उत्तर दियाथ्या जुन
त्यो सारा तिमिलाइ भन्दछु यहाँ * एकाग्र मनले सुन
पैले दक्ष प्रजेशका घर महाँ * जन्मै तिमीले लियौ
तिनकै यज्ञ महाँ भएर अपमान् * हाम्फालि मर्दी भयौ ५
तेस् बेला म दुखी भई जहिं-तहीं * तिम्रो बियोगमा घुम्याँ
पागल् झैं भइ नील-पर्वत विषे * घुम्दै कुनै दिन् पुग्याँ
त्यसको चार शिखर् थिया चहुँ तरफ् * सुन्दर् र ऊँचा अती
थियो रत्नजडित् तलाउ तहिं एक् * शोभित् भनूँ धेर् कती ६
सोही पर्वतमा बस्याँ म अति नै * आनन्द पाई लिई
पक्षी काकभुशुण्डिको पनि थियो * आश्रम् अनौठो तहीं
त्यो पर्वत् प्रलयै महाँ पनि कसै * सक्तैनथ्यो नाश् हुन
त्यसमा काकभुशुण्डिले हरि भजन् * गर्थ्यो जउन् रीत सुन ७
गर्थ्यो पीप्पल वृक्ष मुन्तिर बसी * पैला प्रहर् ध्यान् उनी
जप् गर्थ्यो मुख पाखरी मनि बसी * दोश्रा प्रहरमा तिनी
गर्थ्यो पूजन ती प्रहर् तृतियमा * आँपका बसी फेदिमा
भन्थ्या राम कथा प्रसन्न मनले * चौथा प्रहरमा सदा ८
सुन्थ्या काकभुशुण्डिको हरि कथा * धेर् पाँख जम्मा भई
हँसैहेरू तलाउमा घुमि-घुमी * सुन्थ्या कथा त्यो गई
देखी त्यो रमिता असाध्य मनमा * आनन्द लाग्दा महाँ

हाँसकै रूप धरी मैं पनी अलिक दिन् * बस्तो भयाथ्याँ तहाँ ९
हे गौरी ! म ति काकभुशुण्डि गृहमा * यस्ता हिसाबले पुगी
पाई त्यो सतसङ्ग शोक कम भै * कैलाश फक्र्यो पक्षी
ताहीं जुन्रित तेस्पछी गरुडजी * पुग्दाभया त्यो सब
हे गौरी ! सुन मन् लगाइकन त्यै * तिम्लाइ भन्छु अब १०
लङ्कामा जब युद्धको निहुँगरी * लीला प्रभूको भयो
नाग्पाशले प्रभुलाइ इन्द्रजितले * बन्धन् गराई लियो
त्यो नाग्पाशकन तोड्न नारदजिले * भेज्दा गरुड्जी कन
आई श्री रघुनाथको सकल पाश् * तोड्या गरुड्ले पुनः ११
सम्झी बन्धन सत्य त्यो प्रभुजिले * दुःखित् भई मन्महाँ
चिन्ता औ भ्रमले कुतूहलि भया * साहै गरुड्जी तहाँ
आतुर् भैकन शोच्तथ्या गरुडजी * त्रैलोक्य नाथ् रामकन
साधारण् जन झैं गरी यसघरी * बन्धन् भयो यो किन? १२
भ्रमले तिन्कन मोहमा लगिदिया * त्यसबाट माया महाँ
तस्मात् यो सब तत्त्व जान्न ति गया * देवर्षि नारद् कहाँ
नारदले तब यो भन्या सुन गरुड् ! * रामको छ माया जुन
वर्णन् गर्न यथार्थ आज म समेत् * केही पनि शक्तिन १३
तस्मात् जाउ र प्रश्न यै गर तिमी * ब्रह्माजिका लड् महाँ
तिम्रो भ्रम् कन दूर गर्न विधिनै * सक्लान् अवश्यै तहाँ
यस्तो बात सुनेर नारदजिको * तत्काल् गरुड्जी गया
ब्रह्माका सँगमा पुगेर उहि बात् * तिन्ले सुध्याई लिया १४
त्यस्तो बिन्ति सुनेर ती गरुडको * ब्रह्माजि भन्छन् तहाँ
श्री रामको महिमा सिवाय शिवले * जान्दैन कोही यहाँ

तस्मात् गैकन शम्भुलाई सब यो * सन्देह आफ्नो भन
होला संशय दूर श्री शिवजिको * केवल् कृपा भैकन १५
ब्रह्माको सुनि बात यो गरूडजी * अत्यन्त बेग्ले गरी
साह्रै व्याकुल भैं भएर म-कहाँ * आया तिनी त्यै घरी
त्यस् बेला उस् कुबेरको घर तरफ् * जानै हिंडेको थियाँ
देखी लिङ्गकन व्यग्र तेस् किसिमले * आश्चर्य भै रोकियाँ १६
तिन्ले संशय आफ्नु त्यस् बखतमा * मन्को सुनाया जब
पैल्हे सांत्वन दी गरुड्जिकन फेर् * मैले भन्या यो तब
ऐल्हे आई मलाइ हे गरुड्जी ! * भेट्यौं र बाटा महाँ
यस्तो गूढ कुरा बताउँ कसरी * मैले तुरुन्तै यहाँ १७
तस्मात् जाउ गरुड् म भेज्छु अहिले * तिम्लाइ त्यस् ठाम्महाँ
नित्यै हुन्छ गुणानुवाद हरिको * श्रद्धा सहित्ले जहाँ
सुन्दाखा हरिको कथा छ मनमा * सन्देह ऐल्हे जती
त्यो सब् नाश भएर राम पदमा * लाग्न्याछ तिम्रो मती १८
उत्तर् तर्फ छ नील-पर्वत ठुलो * अत्यन्त नै सुन्दर
बस्छन् काकभुशुण्डि सोही गिरिमा * राम्को गरी आदर
भक्तै हुन् प्रभु रामका तिनि ठुला * फेर् बुद्धिमान् छन् अति
भन्छन् रामकथा निरन्तर तहाँ * राम्मा लगाई मति १९
तिन्को त्यो हरिगान पंक्षिहरूसब् * आएर सुन्छन् तहाँ
तस्मात् जाउ गरूड् ! तिमी पनिछिटै * त्यै नील-पर्वत महाँ
पाई त्यो सतसङ्ग कीर्तन सुनी * श्री राम्को शास्वत
शङ्का दूर हुने छ निश्चय पनी * तिम्रो सबै यो बुझ २०
यस् रित्ले गरी खुब् गरुड्कन तहाँ * मैले बुझायाँ अनी

हर्षित् भैकन फेर् प्रणाम् गरि हिंड्या * उत्तर् दिशामा उनी केही दिन्पछि ती पुग्या गरूडजी * त्यो नील-पर्वत् महाँ देखी त्यो गिरिको छटा विमल भो * अन्तस्करण् फेर् तहाँ २१ जल्दी स्नान गरेर गैकन बस्या * बट् वृक्षका मन्तिर देख्या त्यो तहिं काग्भुशुण्डिहरूजी * सत्सङ्गको उत्सव देखी तिन्कन काग्भुशुण्डिजि पनी * अत्यन्त हर्षित् भया पर्वत्का सब पक्षिले सहित भै * स्वागत्गरुड्को गऱ्या २२ फेरी काकभुशुण्डिले खुशि भई * भन्दाभया यो तहाँ दर्शन् पाई हजुरको गरूडजी ! * छौं हामि हर्षित् यहाँ आज्ञाहोस् पहिले गरूँ हजुरको * सेवा कउन् यो घरी कुन् काम् आइ पऱ्यो आउनुभयो * यो कष्ट ठूलो गरी २३ यस्तो बात सुनेर ती गरुडजी * अत्यन्त हर्षित् भया गर्दै आदर काग्भुशुण्डिकन फेर् * यो बात भन्दा भया ऐल्हे काक्भुशुण्डि ! कार्य भई जुन् * दौड़ेर आयाँ यहाँ त्यो सब् दर्शन पाई यो हजुरको * पूर्यो गरायौं लियाँ २४ मन्को भ्रम् सब दूर्भयो हजुरको * जान्याँ ठूलो गौरव केवल् राम्-चरित्र मात्र अहिले * सुन्ने छ इच्छा अब यस्तो बात सुनेर ती गरुडको * ती काग्भुशुण्डिजिको मन्मा प्रेम उमङ्ग भक्ति उठि खुब् * उत्साह बढ्दो भयो २५ हे गौरी ! अघि रामको जुन कथा * मैले तिमीमा कह्याँ सोही राम कथा समग्र क्रमले * तिन्ले सुनाई दिया उत्साहा उसले बढ्यो भ्रम छुटी * सारा गरुड्को जब लाग्या काकभुशुण्डिका सँग महाँ * यो बात भन्नै तब २६

नागपाशले रघुनाथलाई रणमा * बन्धन् गरेथ्यो गई
सोही कारण रामका प्रति अलिक् * शङ्का उठेको भई
आयाँथ्याँ करुणा भएर हरिको * दर्शन् हजुरको भयो
रामायण् सुन भन्नुभो उहि सुनी * शंका सबै त्यो गयो २७
यसतो बात सुनेर ती गरुडको * हर्षित् भई मन्महाँ
भन्छन् काकभुशुण्डि गद्गद भई * हर्षाश्रु पोखी तहाँ २८

पारौं कृतार्थ भनि आज यहाँ मलाई
यै मोहको निहुँ गरेर हजूर लाई
रामले पठाउनु भयो अति हर्ष लाग्यो
दर्शन् हुँदा हजुरको सब मोह भाग्यो २९
यो मोहले जगतमा सबलाइ ग्रास
गर्दोछ हे गरुड्जी ! बुझनोस् तसर्थ
तस्मात राघवजिको शुभ यो चरित्र
सुन्नोस् तपायिं प्रतिदिन् भई खुब् पवित्र ३०
यसले कदापि मनमा रहँदैन मोह
मिलनेछ ज्ञान पनि भै प्रभुको सहाय
लीलामहाँ ति प्रभुको जसरी मँ पैले
यसतो भयाँ उ पनि भन्छु यथार्थ ऐले ३१

काकभुशुण्डि र गरुड़ सम्वाद काकभुशुण्डिको तीन जन्मको कथा ।

त्रेतामा रघुनाथको जब भयो * औतार् पृथ्वी महाँ
हेर्छु बाल-लीला भनेर म पनी * एक् दिन् अयोध्या गयाँ
दर्शन् ती शिशु रामको हुन गई * अत्यन्त हर्षित् भयाँ
खेलदै सङ्सङ्मा उसै वखतमा * कंही म टाढा गयाँ १

लाग्नूभो रघुनाथ् खलाकन तहाँ * लीला शिशूको गरी
आयाथ्याँ नजिकै फुल्याउँछु म भनी * हाँस्नू भयो फेर् हरी
लीला यस् रितको तहाँ प्रभुजिको * देखी लियाथ्याँ जब
ढाकीयो मन मोहले ग्रसित भै * सोही घरीमा तब २
कौतुक् भै म उड्याँ गगन् तरफमा * राम्लाई छोई तहाँ
लाग्नु भो पछि राम देखिकन त्यो * झन्झन् म माथी उड्याँ
जान्थ्याँ माथि जतीजती म उतिनै * देख्थ्याँ प्रभूकोगति
तेस्ता रीत्सितले उड्याँ गगनमा * हजार कोशौं जति ३
उड्दै फेरि म ब्रह्मलोक् तक पुग्याँ * खुब् वेगले तै पनि
केवल् अंगुल दूईको फरकमा * राम्लाई देख्याँ अनी
आँखा चिम्लि अडेर एकछिन् पछी * आँखा उघारी लिएँ
आफ्नुलाइ त फेरी त्यस् बखतमा * देख्याँ अयोध्ये विषे ४
सारै छक्क परी बस्याँ जब म ता * फेरी प्रभूले तहाँ
हाँस्नूभो मुखबाई तेस् बखतमा * पस्तो भयाँ मुख् महाँ
पर्वत् बृक्ष नदी समुद्र पृथिवी * गन्धर्व औ किन्नर
द्योता दानव् सिद्ध चारण सबै * देख्याँ तहीं सुन्दर ५

यौ हो प्रपञ्च प्रभुको भनि छक्क पर्‍यौं
आश्चर्य भो मनमहाँ र विचार गर्‍यौं
देख्दीनथ्याँ जगतमा जुन वस्तु मैले
देख्याँ ति सब् प्रभुजिका मुखमा क्रमैले ६
जान्थ्याँ जतातिर उतै प्रभुलाइ देख्थ्याँ
एक् एक् गरेर सब यो मन भित्र लेख्थ्याँ
एक् कल्प सम्म प्रभुकै मुखमा बसेर

निक्ल्यौं म बाहिर दया प्रभुको भएर ७
निस्की फेर् म पछारियौं गरुडजी ! * पृथ्वी उपरमा जब
माया खुब् गरि रामले छुनु भयो * मेरा शिरैमा तब
सारा मोह र दुख् छुटी त्यसघरी * चैतन्य आयो अनी
लाग्यौं गर्न अनेक् स्तुती प्रभुजिको * मालिक्जगत्का भनी८
मेरो त्यो स्तुति देखि खुस् अति भई * श्री राम् प्रभूले तब
चौंडैनै वर माँग बाबु ! तिमिले * भन्नू भयो यो जब
सुन्दा त्यो शिशु रामको बचनले * अत्यन्त हर्षित भयौं
वर् मागूँ भनि झट् उठेर म पनी * सम्मुख् प्रभूका गयौं ९
हे राम् ! यो म उपर् दया हजुरको * देखेर मागछ वर
केवल् भक्ति र ध्यानमा हजुरको * मेरो रहोस् मन् स्थिर
मेरो बिन्ति सुनेर राम प्रभुले * भन्नू भयो यो तहाँ
सारै नै मन पर्दछन् मकन ता * सज्जन् जतीछन् यहाँ१०
तस्मात् ई भय त्रास आश सब चीज् * त्यागी निरन्तर् अब
मैलाई भज काललेतिमिकनै * गर्दैन बाधा तब
वर्दान् यस्रितको सुनेर प्रभुको * अत्यन्त हर्षित् भयौं
आश्रम्मा पछि ती सितापतिजिको * आज्ञा लिई फर्कियौं११
फेरी काकभुशुण्डिको यति वचन् * सुन्दा भयाथ्या जब
राम्का भक्त स्वयं हुँदा गरुडजी * गद्गद् भया खुब् तब
फेरी काकभुशुण्डिमा गरुडले * भन्दा भया यो तहाँ
हुन् कारण भइ ? कागको जुनि महाँ * पैदा हुनुभो यहाँ १२
उत्कण्ठा मनमा छ यस् विषयमा * जान्ने मलाई अब
यस्को जुन् छ रहस्य विस्तृत गरी * हे काक ! भन्नोस् सब

यस्तो प्रश्न गरूड्जिको जब सुन्या * ती काकभुशुण्डीजिले
लाग्या भन्न यथार्थ बात जुन हो * अत्यन्त नै प्रेमले १३
पैल्हो कल्पविषे म शूद्र कुलमा * जन्म्याँ अयोध्या महाँ
तेस् बेला कलियुग् हुँदा युगनुसार् * पाप् मात्र गर्थ्या तहाँ
धर्मैको लिइ आड नास्तिक बनी * धन् मान् ठूलो हो भनी
धन् हर्थ्याँ अरूको कपट् गरि प्रकट् * सज्जन् सरीको बनी १४
त्यै बेला शिव-भक्त कोही द्विजको * धन्मा म लुब्धै भयाँ
तिन्लाई गुरु मानि सँग्-सँग मता * उज्जैन् पुरीमा गयाँ
तिन्को एक थियो शिवालय तहीं * पूजा गरेस् लौ भनी
मानी पुत्र समान आफ्नु घरमा * तिन्ले दिया बास् पनि १५
धेरै दिन् हुनगो तथापि उनका * धन् हात् नपर्दा महाँ
गर्थ्या चोर्न विचार त्यो मनमनै * आया गुरूजी तहाँ
आएका गुरू थाह केहि नभई * सत्कार् नगर्दा महाँ
मेरो त्यो कपटी-चरण् बुझि भए * क्रोधित् सदाशिव् तहाँ १६
देवल्का बिचबाट सोही घरिमा * आकाशवाणी सुन्याँ
सर्पै होस् तँ तुरुन्त शब्द सुनि त्यो * तत्काल् म सर्पै बन्याँ
देखी त्यो घटना दयालु गुरूले * अत्यन्त कातर् बनी
गर्नूभो शिवको अनेक् स्तुति जनम् * मेरो छुटोस् त्यो भनी १७
मेरा ती गुरूको स्तवन् सुनि तहाँ * खुशी सदाशिव भया
होला यो जन मुक्त सर्प जुनिले * चाँडै भनी वर् दिया
सोही कारणले म सर्प जुनि त्यो * छोड़ी तुरुन्तै पुनः
बिंध्याचल् गिरिमा जनम् लिन पुग्याँ * ब्राह्मण् कुमार् भैकन १८
फेरी तेस् जुनिमा पनी कपट ली * लोमस् ऋषीथ्यैं गई

उपसंहार २

१ पूर्वजन्ममा काकभुशुण्डीले गुरुका साथ कपट गर्दा शिव-जीले सर्प हुने श्राप दिएको ।

२ पूर्वजन्ममा काकभुशुण्डी सर्प भएको ।

३ तत्व नबुझ्दा काकभुशुण्डी ब्राह्मण कुमारलाई लोमस ऋषिले श्राप दिएको ।

४ कागको रूप भएमा काकभुशुण्डीले एक्काइस कल्प सम्म राम नामको आराधना गरेको ।

ब्रह्मोपासन सिक्दछु भनि बस्यौं * विद्यार्थि तिन्को भई
खाली खानु र खेल्नु बाहिक रुची * मेरी नदेखी कन्न
कागको योनि भएस् भनेर ऋषिले * श्रापी दिएथे पुनः १९
यस्तो श्राप सुनेर लोमशाजिको * अत्यन्त दुःखित् भयाँ
हे ब्रह्मर्षि ! क्षमा म पाउँ भनि फेर् * तिन्का शरणमा गयाँ
रामको मंत्र दिनु भयो खुशि भई * जपनु निरन्तर् भनी
कागको रूप भएर यस् गिरीमहाँ * आई बस्याथ्यौं अनी २०
सत्ताइस् जति कल्प मंत्र जपि त्यै * याहीं बस्याको म छु
मेरो पूर्वकथा थियो जति भने * छाड्दीन मैंले कछु
त्यो वृतान्त ति कागभुशुण्डि जनिको * सुन्दा भयाथ्या जब
हे गौरी ! अति खुस् भई गरुड़ले * भन्दा भया यो तब २१

काकभुशुण्डी गरुड़ सम्वाद र सात प्रश्नको उत्तर ।

सारा राम चरित्र फेर् हजुरको * कल्पान्तका ई कथा
पायाँ सुन्न यथार्थले र छुटिगो * संदेह मेरो सफा
ऐले फेरि हजूरका सँगमहाँ * सात् प्रश्न गर्छु यहाँ
त्यसको उत्तर सुन्नलाइ अब फेर् * इच्छा रह्यो मनमहाँ १
यस्तो बात सुनेर तीं गरुडको * अत्यन्त हर्षित् भई
उत्तर् काकभुशुण्डिले जति दिए * भन्छु म एक् एक् उही
कुन्हो दुःख ? दरिद्रि हो, सुखचाहि कुन् ? * सत्संग नै हो सुख
के हो सज्जनको स्वभाव ? जसको * मनमा दया नित्य छ २
कुन् हो वैदिक धर्म ? पालन गर्नु * नित्यै अहिंसाकन
कुन् हो पाप ठुलो ? कसैकन पनी * निन्दा नगर्नू पुनः
कुन् हो मानस रोग प्राणिहरुको ? * अज्ञान नै रोग हो

सर्वश्रेष्ठ दयालु फेरि कुन हो ? * अज्ञान नाश् गर्छ जो ३
सारै गुप्त रहस्य यो हजुरमा * मैंले सुनायाँ सब
सम्झी यै मनमा भजन् प्रभुजिको * गर्नोस् निरन्तर् अब
यस्तो बात ति काग्भुशुण्डि मुखले * सुनेर खुशी भई
हात् जोरीकन भन्दछन् गरुडजी * फेरी अगाडी गई ४
ऐलहे काकभुशुण्डि ! जो महत् ज्ञान् * पायाँ हजुर बाट यो
सम्झी त्यै गरुँला म चिन्तन फगत् * श्री रामका पाउको
बिन्ती यो गरि काग्भुशुण्डि सँगमा * फेरी गरुड्जी तहाँ
पाउमा परि दण्डवत् गरि गया * बैकुण्ठधामै महाँ ५
हे गौरी ! कलिमा सितापति प्रभू * राम्चन्द्रका नाम् सरी
अर्को केही उपाय छैन जगमा * पाप् नाश्नमा यस्घरी
सत्य हो ! तर यो कथा शठ तथा * मूर्खै हरूमा पनि
भन्नू हुन्न् कदापि राख्नु मनमा * गुप्त छ यो खुब् भनी ६
जस्ले रामचरित्र पढ्दछ सदा * श्री राममै मन् धरी
सारा पाप बिनष्ट भै पछि उही * जानेछ संसार् तरी
यस्तो मर्जि सुनेर शङ्करजिको * अत्यन्त हर्षित् भई
बिन्ती फेरी गरिन् ति पार्वतिजिले * सामूने पतीका गई ७
हे नाथ् ! राघवको चरित्र महिमा * सूनेर त्यो यस् घरी
शङ्का दूर भयो प्रसन्न म भयाँ * रामूका कृपाले गरी
फेरी क्रम्सित याज्ञवल्क्य ऋषिले * रामायणै यो गई
भारद्वाजजिमा प्रयाग तटमा * भन्नू भयो खुश् भई ८

इति श्री सुब्बा होमनाथात्मज तनयेन स्वर्गीय पं० रामजी उपाध्याय कृत रामायण उपसंहार काण्ड समाप्त।

नेपाली साहित्य गगनमा आफ्ना अमर लेखनीले सूर्य झैं प्रसिद्ध

सुब्बा होमनाथ केदारनाथ र रामजी उपाध्याय का

ग्रन्थ रत्नहरु पढनोस्

सुब्बा होमनाथ केदारनाथजीको महाभारत, रामायण रामाश्वमेध र श्री कृष्ण चरित्रको तपाइका बाबु बराजु राजा भाई भारदार; बुढा पुरानाले शुद्ध राम्रो र पूर्ण सम्झी पढ्ने पढाउने गरेको कुरा सारा नेपाली भाईलाई थाहा भएको कुरो हो। सुब्बा होमनाथ केदारनाथजीको महाभारत रामायण श्रीकृष्णचरित्र प्रचलित भएको सैयकडौं वर्ष भयो। सुब्बा होमनाथ केदारनाथजीका कलमले लेखिएको श्लोकहरू विवाह र उत्सवहरूमा पनि नेपाली भाईहरूले श्लोकहाल्ने गरेको कुरा तपाईंहरू सबैलाई थाहा छदैछ।

"सुब्बा होमनाथ केदारनाथजी" का पुस्तक ग्रन्थहरूले नेपालका महाराजाधिराज र भाई भारदारले तारीफ गरीलिने र पढने गरेका छन्। त्यस कुराको विचार गरी हालैमा बनाएका बेपारीहरूको किताब पढ्नु छुहार छोडी काँच लिने गंगाजीको स्नान छोडी पोखरीमा गई अहाल खेल्ने झैं ठहर्ने छ।

अट्ठारह पर्व सम्पूर्ण महाभारत ढकनीको दाम	३००)
श्रीमद्भागवत् कृष्णचरित्र १२ स्कन्ध ढकनीको दाम	१५०)
रामायण आठकाण्ड ढकनीको दाम	१५०)
देवीभागवत १२ स्कन्ध ढ० ८०)	नेपाल दिग्दर्शन अर्थात् इतिहास ७५)
श्रीमद्भागवत् गीता पंचरत्न गीता समेत नेपाली भाषाश्लोक सजिल्द	७०)
चण्डि सप्तसती नेपाली भाषा श्लोक समेत ढकनी सजिल्दको दाम	६०)
निर्णयसिन्धु मूल तथा नेपाली भा० टी० श्लोक समेत सजिल्द	२५०)
अमरकोष मूल भा० टी० नेपाली भाषा श्लोक समेत सजिल्द	६०)
नवीन शेखरभाष्य विविध विषय सम्पूर्ण भएको सजिल्द	६०)

सबै माल असली महाकाली तैल, असली पुस्तकहरू पाइने ठेगाना—

सुब्बा होमनाथ केदारनाथ, हितैषी कम्पनी,

पो० बा० नं० १०८१, रामकटोरा, वाराणसी।